महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना

परिदृश्य (Vision)

कानूनी शासनको सुनिश्चितता

परिलक्ष्य (Mission)

वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यवसायीक संस्थाको रुपमा स्थापित हुनु ।

मूल्य (Values)

कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाई, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध, निरन्तर सिकाई र सुधार ।

लक्ष्यहरू (Goals)

लक्ष्य १ : अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने ।
लक्ष्य २ : मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने ।
लक्ष्य ३ : संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने ।
लक्ष्य ४ : सरकारी वकिल सेवालाई व्यावसायिक बनाउने ।
लक्ष्य ५ : संस्थागत सुदृढीकरण गर्ने ।

महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं
नेपाल

नजिर संग्रह

२०८३

महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं

नजिर संग्रह

(सरकारी वकीलहरुको आन्तरिक प्रयोजनका लागि)

प्रकाशक
महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं

सम्पादन समिति

संयोजक	नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली
सदस्य	सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
सदस्य	उपन्यायाधिवक्ता श्री शान्ति न्यौपाने
सदस्य	उपन्यायाधिवक्ता श्री सुशिला ज्ञवाली
सदस्य	उपन्यायाधिवक्ता श्री पोषराज खनाल
सदस्य	उपरजिष्ट्रार श्री शिव वाग्ले
सदस्य	लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ
सदस्य सचिव	सहायक न्यायाधिवक्ता श्री उमंग निरौला
सम्पादन सहायक	कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल
प्रकाशित मिति : २०८३, जेठ
प्रकाशन संख्या : १००० (एक हजार प्रति)

यो नजिर संग्रह सरकारी वकीलको कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले सहयोगी सामग्रीको रूपमा आन्तरिक प्रयोजनका लागि तयार पारिएको हो । मुद्दामा उद्धरण गर्दा नेपाल कानून पत्रिका वा सर्वोच्च अदालतको बुलेटिन वा फैसलाको आधिकारिक प्रतिबाट उद्धरण गर्नु हुन सादर अनुरोध छ ।

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मन्तव्य

फौजदारी न्याय प्रशासनको केन्द्रीय स्तम्भको रूपमा रहेको सरकारी वकीलको पद कानूनी राज्य र नागरिकको अधिकार बिचको सेतुको भूमिका निर्वाह गर्ने अत्यन्त संवेदनशील एवं जिम्मेवारीपूर्ण पद हो। दोषीलाई दण्ड दिलाउनु, पीडितको क्षतिपूर्ति सहतिको न्याय सुनिश्चित गर्नु र अदालतमा राज्यको कानूनी प्रतिनिधित्व गर्न सरकारी वकील सक्षम र दक्ष हुनु आवश्यक छ।

यसका लागि सरकारी वकीलको अध्ययन र अनुसन्धान गर्ने क्षमता र श्रोत सामाग्रीको पर्याप्तता उत्तिकै महत्वपूर्ण हुन्छ। कानूनको व्याख्या र प्रयोगको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू सरकारी वकीलका लागि महत्वपुर्ण कानूनी स्रोत हो। महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलको क्षमता र व्यावसायिकता विकासका लागि अध्ययन र अनुसन्धानमूलक सामाग्रीहरू प्रकाशन गर्दै आएको छ। सोही कार्यको निरन्तरता अनुरुप फौजदारी कसूर सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको संकलन गरी विषयगत वर्गीकरण सहित यो नजिर संग्रह तयार गरिएको छ।

सर्वोच्च अदालतबाट फौजदारी कानूनका सम्बन्धमा थुप्रै न्यायिक व्याख्याहरू भएका छन्। साथै फौजदारी कानून सम्बन्धी धेरै सिद्धान्तहरू विकास भएका छन्। सरकारी वकीलहरू ती सिद्धान्त र व्याख्याहरू प्रति परिचित हुनुपर्ने हुन्छ । नजिर संग्रहको यस अंकमा विशेषतः फौजदारी कानून सम्बन्धी विवादमा आकर्षित हुने प्रकृतिका अपहरण शरिरबन्धक, कर्तव्य ज्यान, कुटपिट/अङ्गभङ्ग, चोरी/डाँका, जबरजस्ती करणी, ठगी, लिखत सम्बन्धी कसूर, नागरिकता, सवारी ज्यान, बहुविवाह, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध, अनुसन्धान अभियोजन, प्रमाण, राष्ट्रिय निकुञ्ज, वन पैदावार, थुनछेक आदेश/धरौट/निवेदन, मुद्दा फिर्ता, सजाय निर्धारण र कार्यविधि सम्बन्धी तथा यी विषयसँग अन्तरसम्बन्धित अन्य विषयमा सर्वोच्च अदालतले हालसम्म गरेका व्याख्या र प्रतिपादन गरेका प्रतिनिधि सिद्धान्तहरू समावेश गरिएको छ। यो संग्रह कानूनका विद्यार्थी, कानून व्यवसायी, अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायकर्ता तथा फौजदारी न्याय प्रणालीसँग आबद्ध सबैका लागि एक महत्वपूर्ण सन्दर्भ सामग्री हुने कुरामा म विश्वस्त छु।

अन्तमा, यस नजिर संग्रहको तयारीमा अथक परिश्रम गर्नुभएका संयोजन समूहका सदस्यहरू तथा यो संग्रहको तयारी कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा योगदान पुर्याउनु हुने सबैमा धन्यवाद दिन चाहान्छु।

जेष्ठ, २०८३

(डा. नारायण दत्त कडेल)
महान्यायाधिवक्ता

विषय सूची

१. अपहरण शरिरबन्धक १
२. कर्तव्य ज्यान ६
३. कुटपिट/अङ्गभङ्ग ८५
४. गर्भ संरक्षण सम्बन्धी ९०
५. चोरी/डाँका ९४
६. जबरजस्ती करणी १०२
७. ठगी १७६
८. लिखत सम्बन्धी कसूर (किर्ते) १८८
९. नागरिकता १९३
१०. बहुविवाह २१३
११. मानव बेचबिखन तथा ओसारपसार २२१
१२. लागू औषध २४६
१३. सवारी ज्यान, सवारी अङ्गभङ्ग र क्षतिपूर्ति २६४
१४. संगठित अपराध २७६
१५. राष्ट्रिय निकुञ्ज २७९
१६. वन पैदावार २८६
१७. अनुसन्धान अभियोजन २९३
१८. थुनछेक आदेश/धरौट/निवेदन ३१८
१९. सजाय निर्धारण ३३१
२०. कार्यविधि सम्बन्धी ३४८

अपहरण शरिरबन्धक

१. नेपाल सरकार वि. मुरारी भुजेल (ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८१)
२. राम बहादुर थारु वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३१)
३. पन्नालाल सहनी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १०, नि.नं. ९८८९)
४. सोनु हलवाई वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२८)
५. कोशिला देवी महतो वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५९)
६. नेपाल सरकार वि. राजु मगर (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५३६)
७. सन्देश गर्वुजा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १, नि.नं. १०६३६)
८. प्रल्हाद महत वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२०)
९. राजन पासवान वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२२)
१०. गणेशबहादुर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३६)
११. रामेश्वर मरवैता यादवसमेत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८४०)
१२. सन्तोष कुमार पंडित वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६७)
१३. विनोद कुमार यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत (०७८-WF-००२९)

१. नेपाल सरकार वि. मुरारी भुजेल (ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८१)

- अपराध गर्ने कार्यमा दुईजना संलग्न रहेको भन्ने तथ्य नै पुष्टि हुन नसकेको स्थितिमा अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ७ नम्बर बमोजिम उक्त महल बमोजिम हुने सजायमा थप दुई वर्ष कैदको दाबी लिएको हकमा त्रुटिपूर्ण भई मिलेको नदेखिने ।

२. रामबहादुर थारु वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३१)

- कुनै पनि सर्तमा व्यक्तिको स्वतन्त्रता कुण्ठित बनाई अपहरण गरी बन्धक बनाउने कार्यलाई स्वभाविक भनी अर्थ गर्न सकिँदैन । व्यक्तिहरू बीच एकआपसमा लेनदेन गरिएको रकम असुल गर्नको लागि कानूनले विभिन्न उपाय निर्धारण गरेको नै छ । पीडितलाई अपहरण गरी शरीर बन्धक बनाउनुको सट्टा कानून बमोजिमका निर्धारित उपायहरूको अवलम्बन गर्नुपर्ने ।
- पुनरावेदक प्रतिवादीहरूले आफूले लिनुपर्ने भनिएको रकम उठाउनका लागि पीडित जाहेरवालालाई बन्धक बनाएको देखिँदा अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको २ नं. विपरीतको कसूर गरेको देखिन आउने ।

३. पन्नालाल सहनी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १०, नि.नं. ९८८९)

- अपहरण तथा शरीरबन्धक लिने अपराध संगठित तवरले हुने गरकोले त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ । यस्ता प्रकृतिको अपराधमा विभिन्न व्यक्तिहरूको विभिन्न भूमिका हुन सक्ने र मुख्य वारदात घटाउने स्थलमा वास्तविकरूपमा वारदातमा संलग्न व्यक्तिहरू भन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुने । तर यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिहरूको भूमिका गौण वा सहायक नहुने । निजहरूको भूमिका वारदातस्थलमा देखिने व्यक्तिहरूको जत्तिकै वा अझै महत्वपूर्ण हुने ।
- अपहरण सम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको र त्यस प्रकृतिको अपराधमा संलग्न व्यक्तिहरूको पृथक पृथक भूमिका रहने हुँदा वारदातस्थलबाट पक्राउ नपर्दैमा कसूरमा संलग्न रहेको छैन भनी निष्कर्षमा पुग्न नमिल्ने ।
- अपहरित नाबालकलाई उद्धार गर्ने क्रममा भएको गोली हानाहानबाट दुईजनाको मृत्यु भई नाबालकको उद्धार गरी ल्याइएको तथ्य प्रहरी कर्मचारीहरूको बकपत्रबाट समर्थित भई रहेकोमा जाहेरवाला र पीडितको बकपत्र नहुँदैमा कसूर नै स्थापित नभएको भन्न नमिल्ने ।

४. सोनु हलवाई वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२८)

- मृतकलाई मिति २०६७।५।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगञ्ज स्थित निजको घरबाट व्यापार गर्ने बहानामा नेपालको सीमा कटाई भारतको रूपैडिया हुँदै लखनउ लगी हत्या गरेबाट अपहरण तथा शरीरबन्धक लिनेको महलको १ नं. को कसूर नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपाल बाहिर लैजाने कार्य गरेमा नेपालभित्रै कसूर गरेसरह मानी सजाय गर्न मिल्नेसमेत देखिने ।
- प्रतिवादीबाट अपहरण गर्ने, सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसूर भएको भनी अभियोग पत्र पेश भएको छ सो एउटै कारोबार (Single transaction) को शृङ्खला हुँदा यहाँ भारतमा लाश फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै

अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्तसमेत अनुकूल हुने नदेखिने ।

५. कोशिला देवी महतो वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५९)

- सामान्यतया अनुसन्धान अधिकारी समक्ष गरेको साबिती बयानको आधारमा मात्र कसूर ठहर गर्न पर्याप्त प्रमाण होइन । तर अनुसन्धान अधिकारी समक्षको बयान कुनै दबाब प्रभावविना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा आरोपित कसूरसँग स्वाभाविक सामाञ्जस्यता हुने गरी बयान गरी सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भई राखेको छ भने अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्न पर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने ।
- कसूरजन्य कार्यमा कसूरदारको सहभागिताको संख्याले थप सजाय हुने र पीडित नाबालक वा महिला विरूद्ध कसूर गरेकोमा हुने थप सजायको कानूनी व्यवस्थाले अलग अलग आपराधिक दायित्व रहने भएर नै अलगअलग थप सजायको कानूनी व्यवस्था गरिएको हो । उक्त ७ र ९ नं. मा उल्लिखित अलगअलग प्रकृति र तत्वहरू विद्यमान भएको अवस्थामा कुनै एउटा कानूनी व्यवस्थाले गर्नुपर्ने थप सजाय मात्र गरिने हो भने अलग अलग थप सजाय हुने कानूनी व्यवस्थाको कुनै प्रयोजन नै रहन नजाने ।

६. नेपाल सरकार वि. राजु मगर (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५३६)

- प्रहरीले सवारी साधन नियन्त्रणमा लिई हतियारसहित अपहरणको कार्य सम्पन्न गर्न उद्वत रहेका खतरनाक प्रतिवादीहरुलाई तत्काल neutralize गरी अपहरणको कार्य सम्पन्न हुन नसकेको अवस्थामा अपराधपूर्ण भई अपहरण भई सकेको मान्न नमिल्ने ।
- अपहरण तथा शरीर बन्धक लिने कार्यको उद्योग हुनमा अभियुक्तको त्यस्तो कार्य गर्ने मनसाय यथेष्ठ रुपमा प्रमाणित हुनु पर्दछ । अपहरण गर्ने कार्यको तयारी पूरा भएको हुनु पर्दछ । अपहरण तथा शरीर बन्धक लिन त्यस्तो तयारी प्रदर्शन भई पीडितलाई नियन्त्रण वा कब्जामा लिने प्रयत्न भएको वा नियन्त्रण वा कब्जामा लिई उक्त कार्य पूरा गर्ने क्रममा कुनै extraneous factor को हस्तक्षेप भएको वा अभियुक्त त्यस्तो कार्य गर्न dangerous proximity to the end or success को नजिक पुगी असफल भएको हुनु पर्ने ।
- उद्योग सम्बन्धी अपराधमा सजायको उद्देश्य अपराधीलाई मात्र दुरुत्साहन गर्नु भएकाले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ५ नं. को कसूर गरी नसकेको र मुलुकी अपराध संहिता २०७४ को दफा ३४(१) को कसूर गर्ने मनसायसहित पीडितलाई नियन्त्रण वा कब्जामा लिई extraneous factor को रुपमा तत्कालै प्रहरीले हस्तक्षेप गरी पीडितलाई छुटाई अपहरणको कार्य पूर्ण हुन नसकेको अवस्थामा कसूरदारहरु dangerous proximity the end or success को अवस्थामा मात्र पुगेको तर कसूर गरी नसकेको अवस्था मान्नु पर्ने ।

७. सन्देश गर्वुजा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १, नि.नं. १०६३६)

- बल प्रयोग गरी डर, त्रास देखाई वा हतियार देखाई कुनै यातायातको साधनमा वा कुनै ठाउँमा नियन्त्रणमा लिई राखेको वा थुनेको तथ्य प्रमाणित नभएसम्म शरीर बन्धकको कसूरको वारदात स्थापित भएको मान्न नमिल्ने ।

८. प्रल्हाद महत वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२०)

- घटना घटेको देख्ने चश्मदिद व्यक्ति कोही नभएको अवस्थामा पनि अन्य परिस्थितिजन्य प्रमाणहरू (Circumstantial Evidences) बाट अभियोग दाबी पुष्टि हुन नसक्ने होइन । फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्त्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन सक्तैन । तर कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा अपराध र अपराधीको बारेमा खोजबिन नहुने भन्ने हुँदैन । प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी अपराध र अपराधीको बारेमा न्यायिक निरूपण हुन आवश्यक हुने ।
- कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसूर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने ।

९. राजन पासवान वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२२)

- अपहरण गर्ने तथा शरीर बन्धक लिने कसूरको मुद्दामा पीडित स्वयं प्रत्यक्षदर्शी प्रमाणको कोटीमा रहन्छ । अपराध हुँदा देखेर, अनुभव गरेर, जानेर आफूउपर के कसरी कसले कसूर गर्ने कार्य गरेका थिए, को को व्यक्तिले के कस्तो भूमिका निभाएका थिए, वारदातस्थलदेखि अपहरणमुक्त हुँदाको अवस्थासम्मको बारेमा चित्रण गरी बेहोरा उजागर गरिदिने दायित्व स्वयं पीडित व्यक्तिको नै हुने ।

१०. गणेशबहादुर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३६)

- जवरजस्ती करणीको कसूरमा ठहर भएको सजाय (ठुलो खतको सजाय) मा अपहरण तथा शरीर बन्धक लिने तर्फको सजाय गाभिने हो वा थप हुने हो भन्ने सन्दर्भमा रहेका कानूनी प्रावधानतर्फ दृष्टिगत गर्दा मुलुकी ऐन, अपहरण गर्नेको तथा शरीर बन्धक लिनेको महलको ८ नं. मा "कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई निज उपर प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महल बमोजिम हुने सजायको अतिरिक्त सो कानून बमोजिम हुने सजाय समेत गर्नुपर्छ" भन्ने प्रावधान रहेको देखिन्छ । उल्लिखित प्रावधानको अन्तिम वाक्यांश यस महल बमोजिम हुने सजायको अतिरिक्त सो कानून बमोजिम हुने सजाय समेत गर्नु पर्छ भनी उल्लेख भएको वाक्यांशबाट अन्य कसूर बापत हुने ठहर भएको ठुलो खतको सजायमा अपहरणको कसूर बापत भएको कैद सजाय खापिने होइन दवै खतमा भएको सजाय जोडेर (थप गरेर) कूल सजाय आसुल गर्नु पर्दछ भन्ने नै स्वभाविक रुपमा अर्थ बोध हुन्छ ।
- पूर्ववर्ती ऐन तथा हाल प्रचलित अपराध संहिता समेत दुवै कानूनले अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा भएको कैद सजाय अर्को ऐन बमोजिम हुने ठहरिएको सजायमा खापिने वा समानान्तर रुपमा कैद कट्टा हने प्रकारको सजाय नभएर दुवै खतमा भएको सजाय जोडेर वा थप गरेर असुल गर्नुपर्ने प्रकृतिको सजाय हो भन्ने देखिन्छ । अर्को शब्दमा भन्नु पर्दा जवरजस्ती करणीको कसूरमा हुने ठहर भएको सजायमा अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा भएको सजाय जोड्दा वा थप गर्दा आउने योगफल अनुसारको कूल सजाय असुल गर्नु पर्ने हुन्छ । यसलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ४३ मा उल्लेख भएको एकीकृत कसूर बापत थप सजाय हुने प्रावधान वा फौजदारी कसूर (सजाय

निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम विभिन्न कसूर बापत भएको सजायको कार्यान्वयन सम्बन्धी प्रावधानको अपवाद अवस्थाको रुपमा लिन सकिन्छ । ऐनले गप सजाय हुने छुट्टै व्यवस्था नगरेको कुरामा भने कैद सजाय असूलीका सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम नै सजाय असूल गरिनु पर्ने हुन्छ । कानूनको सामाजस्यतापूर्ण व्याख्या (Harmonions Interprétation) को सिद्धान्त अनुसार पनि निष्कर्षमा पुग्न सकिन्छ । स्वयम् विधायिकाले ऐन तथा संहितामा नै स्पष्ट र किटानी रुपमा सजाय थप हुने भनी उल्लेख गरेको अवस्थामा अन्यथा तर्क वितर्क गरेर कसूरदारलाई कानून प्रतिकूल हुने गरी सुविधा दिनु उचित हुँदैन ।

११. रामेश्वर मरवैता यादव समेत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८४०)

- केवल घरबाट फिरौती बापत लिएको रूपैयाँको नम्बर मिलेको आधारमा मात्र अपहरण गर्ने र शरीर बन्धकको कसूरमा संलग्नता रहेको थियो भनी मान्न नसकिने ।

१२. सन्तोष कुमार पंडित वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६७)

- कसूरको अवस्थालाई जरियाको सिद्धान्त (Doctrine of Causation) को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त (Doctrine of causation) आकर्षित हुनेतर्फ विचार गर्न सकिने । किनभने Doctrine of Causation को सिद्धान्त "a man can only be held liable for the consequences of his actions" भन्ने मान्यतामा आधारित हुन्छ । जरियाको सिद्धान्त (Doctrine of Causation) स्थापित हुन मुख्य गरी Factual Causation र Legal Causation बिचको सम्बन्ध स्थापित हुनुपर्ने । अभियुक्तले गरेको कसूरजन्य कार्यको chain of causation भङ्ग भएको देखिन्छ भने पछिल्लो कसूर बापतको दायित्व अभियुक्तले बेहोर्नु नपर्ने ।

१३. विनोद कुमार यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत (०७८-WF-००२९)

- मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-४ मा रहेको कसुरको गम्भीरता बढाउने र घटाउने अवस्था फौजदारी कसूरमा सजाय निर्धारण गर्दा मिसिलबाट उजागर भएका तथ्यका रोहमा विचार गर्नुपर्ने पूर्वावस्था हुने। कुनै फौजदारी कसुरमा निश्चित अवधिको कैद वा जरिवानाको अंक किटान नभई कसुर ठहर भएका कसुरदारलाई यतिसम्म सजाय गर्न सकिने भनी स्वविवेकीय सजाय निर्धारण गर्दा न्यायकर्ताले उक्त पूर्वावस्थालाई मनन गर्नुपर्ने।
- मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ (ब) को कसूरको गम्भीरता बढाउने अवस्था र मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ बमोजिम थप सजाय गर्नुपर्ने व्यवस्था कसूर तथा सजायको प्रकृति र परिणामका दृष्टिले नितान्त फरक व्यवस्था हुने। संहिताको दफा ३८ को अवस्था न्यायकर्ताले सजाय निर्धारण गर्दा मिसिल संलग्न घटनाक्रम र वारदात को परिस्थितिबाट देखिएको समग्र तथ्य एवं कसूरको गम्भीरता र दोषको मात्रा लगायतको सन्दर्भमा विचार गर्नुपर्ने विषय हो भने थप सजाय हुनुपर्ने विषय बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कानूनी व्यवस्था हुने। थप सजाय गर्नुपर्ने व्यवस्थाले २ण न्यायकर्तालाई त्यस्तो सजाय नगर्ने छनोटको अवसर दिएको नदेखिंदा यो स्वेच्छिक विषय पनि नहुने। परिणामका दृष्टिले था सजाय हुनुपर्ने अवस्था आफैंमा एक नयाँ प्रकृतिको कसूरका रुपमा रहेको देखिंदा यदि कानूनमा थप सजाय गर्नुपर्ने स्प व्यवस्था छैन भने न्यायकर्ताले कसूरको गम्भीरताका आधारमा थप सजाय गर्न नसक्ने।

कर्तव्य ज्यान

१. ज्यान मार्ने उद्योग

१. सुर्दशन अर्याल वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२९)
२. ब्राहिम मियाँ समेत वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ३ नि.नं. ८१११)
३. नेपाल सरकार वि. दीपक लाय मगरसमेत (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१५०)
४. कुशेश्वर गुर्मैंता वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक १२, नि.नं. ८२८५)
५. नेपाल सरकांर वि. राजेन्द्रसिंह सिख (ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९९)
६. नेपाल सरकार वि. राजीनन सहनीसमेत (ने.का.प. २०६८, अंक १२, नि. नं. ८७३४)
७. नेपाल सरकार वि. अशोक सितिखुसमेत (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६१)
८. नेपाल सरकार वि. सीता चौलागाई (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८२५)
९. नेपाल सरकार वि. वीरबहादुर सार्की (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६५)
१०. रविन थापा समेत वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०८१)
११. नेपाल सरकार वि. चन्द्रनाथ (ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८६)
१२. नेपाल सरकार वि. ऐजुव खाँ मियाँसमेत (ने.का.प २०७४, अंक ६, नि. नं. ९८३०)
१३. नेपाल सरकार वि. गणेश राई (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९०६)
१४. नेपाल सरकार वि. बबिन भन्ने बिक्रम गुरुङ (ने.का.प. २०७५, अंक २, नि.नं. ९९६०)
१५. नेपाल सरकार वि. शैलेश कोइराला (ने.का.प. २०७५, अंक २, नि.नं.९९६१)
१६. नेपाल सरकार वि. सञ्जु श्रेष्ठ समेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३६)
१७. जीवन वि.क वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७३१)
१८. नेपाल सरकार वि. इन्द्रबहादुर कटुवालसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०२१)

२. सरेको मनसाय/पीडितको पहिचान गर्नमा भूल

१. श्री ५ को सरकार वि. हर्षबहादुर आङदम्वे समेत (ने.का.प. २०४१, अंक ४, नि.नं. १९६०)
२. नरवहादुर रेउले वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ११, नि.नं. ७४६६)
३. नेपाल सरकार वि. ज्ञानबहादुर भट्टराई (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६६)
४. नेपाल सरकार वि. यामबहादुर कामी समेत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३७)
५. हर्कबहादुर विश्वकर्मा वि. नेपाल सरकार (ने.का.प. २०७६ अंक ६, नि.नं. १०२८९)

३. जरियाको सिद्धान्त

१. वीरमान लुङ्गेली (मगर) वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ६, नि.नं. ८८५३)
२. उपेन्द्र शाक्य वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक २, नि.नं. ८९५५)
३. नेपाल सरकार वि. नेत्रबहादुर मगरसमेत (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२७)
४. बलराम खड्का वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७६)
५. सन्तोषकुमार पण्डित वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६७)

४. आवेशप्रेरित हत्या

१. जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१६७)
२. नेपाल सरकार वि. टेकबहादुर साँवा (लिम्बू) (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२५८)
३. श्री ५ को सरकार वि. अजीज मुसलमान (ने.का.प. २०६७ अंक ४ नि.नं. ८३५४)
४. नेपाल सरकार वि. विकास महत समेत (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४१५)
५. अम्बरबहादुर पुन मगर वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ४, नि. नं. ८९८८)
६. नेपाल सरकार वि. ईश्वर लिम्बू (ने.का.प. २०७०, अंक ४, नि.नं. ९००५)
७. नेपाल सरकार वि. कमल कामी समेत (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२६)
८. पुष्पबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ७ नि.नं. ९०३६)
९. नेपाल सरकार वि. सुकराम श्रेष्ठसमेत (ने.का.प. २०७० अंक ८, नि.नं. ९०४५)
१०. नेपाल सरकार वि. सेती विश्वकर्मा समेत (ने.का.प. २०७०, अंक १२, नि.नं. ९०९४)
११. चक्रबहादुर डाँगी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ६, नि.नं. ९१८८)
१२. इरमान तामाङ्ग वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ९, नि.नं. ९५५०)
१३. नेपाल सरकार वि. चन्द्रमान तामाङ डिम्डोङ (ने.का.प. २०७१, अंक ११, नि.नं. ९२९३)
१४. आनसिंह ठगुन्ना वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक ७, नि.नं. १००५८)
१५. निमतेम्बा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१३९
१६. रवि खनाल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ७, नि.नं. १०५४३)
१७. सुरज मण्डल वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५४६)
१८. नेपाल सरकार वि. कविराम कुँवर (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५५३)
१९. टेकराज श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०/११, नि.नं. १०५९२)
२०. नेपाल सरकार वि. बद्रीप्रसाद तिमल्सिना (ने.का.प. २०७९, अंक ५, नि.नं. १०८७१)
२१. नेपाल सरकार वि. जीतबहादुर थापा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६३)
२२. विदुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६०)

५. भवितव्य

१. नेपाल सरकार वि. केशबहादुर बुढाथोकी (ने.का.प. २०६७, अंक ८, नि.नं. ८४३५)
२. कमला बि.क. वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०२)
३. नेपाल सरकार वि. ईश्वर लिम्बू (ने.का.प. २०७०, अंक ४, नि.नं. ९००५)
४. नेपाल सरकार वि. केदार माझी (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६३)
५. भरत वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२३०)
६. विकास खड्का समेत वि. नेपाल सरकार (ने.का.प २०७३, अंक ७ नि.नं. ९६४०)
७. प्रेम ढकाल कामी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ८, नि. नं. ९६५९)
८. विरेन राई वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक ६, नि.नं. १००३८)
९. नेपाल सरकार वि. दिपक खत्री (ने.का.प. २०७५ अंक १०, नि.नं. १०१२१)
१०. अंकित ढकाल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४८)
११. मित्रलाल कामी वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०/११, नि.नं. १०५९१)

१२. नेपाल सरकार वि. परिवर्तित नाम ०६ जि.प्र.का. CMA (ने.का.प. २०७८, अंक २/३, नि.नं. १०६४९)
१३. नेपाल सरकार वि. विनोद कुँवर थारू (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९१७)

६. कर्तव्य ज्यान

१. नेपाल सरकार वि. हरिश्चन्द्र कर्माचार्य (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७८०)
२. नेपाल सरकार वि. कृष्णबहादुर लामा (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२२)
३. जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१६७)
४. नेपाल सरकार वि. जोककुमारी कार्की (ने.का.प. २०६६, अंक ९, नि.नं. ८२२३)
५. चाल्स गुरूमुख शोभराज वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ५, नि.नं. ८३७८)
६. नेपाल सरकार वि. विकास महत समेत (ने.का.प २०६७ अंक ७, नि.नं. ८४१५)
७. नेपाल सरकार वि. दलबहादुर चोख्याल (ने.का.प २०६८, अंक २, नि.नं. ८५५३)
८. इन्द्रप्रसाद खनाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५९)
९. आदित्य मुखिया वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १० नि. नं. ८७०५)
१०. पूर्णबहादुर तिम्सिना वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ५, नि.नं ८८३६)
११. बमबहादुर बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ६ नि.नं. ९०२२)
१२. नेपाल सरकार वि. परमेश्वर यादवसमेत (ने.का.प. २०७१, अंक ४, नि.नं. ९१४८)
१३. सुवास अधिकारी वि. नेपाल सरकार (ने. का. प. २०७१, अंक ३ नि नं ९१३८)
१४. चित्रबहादुर दनुवार वि. नेपाल सरकार (ने.का.प. २०७१ अंक ६, निं.नं. ९१९१)
१५. प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार (ने.का.प. २०७१ अंक ७, निं.नं. ९२१२)
१६. नेपाल सरकार वि. रामईश्वर राय यादव (ने.का.प. २०७१, अंक ९ नि नं ९२४३)
१७. नेपाल सरकार वि. राधिका श्रेष्ठ (ने.का.प., २०७१, अंक ९, नि. नं. ९२४२)
१८. लालहिरा कामी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४९)
१९. मनोजकुमार जोशी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३१३)
२०. नेपाल सरकार वि. सीता लामिछाने (ने.का.प २०७३, अंक ६, नि.नं. ९६१८)
२१. विकास खड्का वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६४०)
२२. नेपाल सरकार वि. रामकुमार राई (ने.का.प., २०७३, अंक १२, नि.नं. ९७३०)
२३. नेपाल सरकार वि. शैलेन्द्र श्रेष्ठ (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४७)
२४. गोवर्धन सार्की वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४८)
२५. सिकीलाल यादव वि. नेपाल सरकार (ने.का.प. २०७४ अंक २, नि.नं. ९७६१)
२६. हरिबहादुर विश्वकर्मा वि. नेपाल सरकार (ने.का.प. २०७४ अंक ४, नि.नं. ९७९१)
२७. नेपाल सरकार वि. देव सुनारसमेत (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९१८)
२८. देवीप्रसाद पराजुली वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १०००८)
२९. नेपाल सरकार वि. ध्रुवबहादुर सुनार (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७६)
३०. रामकली चौधरी वि. नेपाल सरकार (ने.का.प.. २०७६, अंक २, नि.नं. १०१८७)
३१. नेपाल सरकार वि. बिरमाने कामी भन्ने वीरमान वि.क. (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५४)
३२. नेपाल सरकार वि. रामलाल मुखिया (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५२)

३३. तेजबहादुर रोकाया वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९३)
३४. दिलबहादुर लामा मोक्तान वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१३)
३५. नेपाल सरकार वि. दाछिकी शेर्पा (ने.का.प. २०७७, अंक ९, नि.नं. १०५७६)
३६. दिलीप बस्याल वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १, नि.नं. १०६२३)
३७. कृष्ण कान्दु वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६५८)
३८. नेपाल सरकार वि. परिवर्तित नाम थर ४४ कुश्मा (९) (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६५)
३९. विरबल बुढा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४/५, नि.नं. १०६६६)
४०. अर्जुनकुमार ऋषिदेव वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०८)
४१. केशु गिरी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२८)
४२. नेपाल सरकार वि. बासु चौधरीसमेत (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७३६)
४३. नेपाल सरकार वि. परिवर्तित नाम ३१(०७४—०७५—ज) (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६३)
४४. लालबहादुर भुजेल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१०)
४५. रूम भन्ने सन्तोष तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१६)
४६. खड्गबहादुर लिम्बू वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१७)
४७. दिपेस राई वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१८)
४८. नेपाल सरकार वि. मिठे सार्कीसमेत (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२१)
४९. हरिप्रसाद चौंलागाईं वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२५)
५०. राजकुमार चौलागाई वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३४)
५१. नेपाल सरकार वि. नेमप्रसाद आचार्यसमेत (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३७)
५२. नेपाल सरकार वि. कृष्ण भन्ने प्रमिश न्यौपाने (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८४८)
५३. नेपाल सरकार वि. विनोदकुमार परियार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८६४)
५४. प्रल्हाद महत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ५, नि.नं. १०८७०)
५५. वीरबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९०९)
५६. नेपाल सरकार वि. कान्छी भन्ने रूकमाया राईसमेत (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४२)
५७. जिलाजित केवट वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४३)
५८. नेपाल सरकार वि. अनिल श्रेष्ठसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१३)
५९. मोहन कुमार सहनी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक २, नि.नं. ११०४०)
६०. नेपाल सरकार वि. मदन प्रसाद यादव (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६२)
६१. पुष्कर गौतम वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ६, नि.नं. १११०३)
६२. नेपाल सरकार वि. रञ्जनप्रसाद कोइरालासमेत (ने.का.प. २०८०, अंक ७, नि.नं. १११२१)
६३. संजित कुमार थापा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४६)
६४. रमेश सिंह कुँवर वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ८, नि.नं. १११५३)
६५. रुद्रबहादुर आले वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६१)
६६. भक्तबहादुर राई वि नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६२)
६७. नेपाल सरकार वि. जितबहादुर थापा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६३)

६८. नेपाल सरकार वि. अशोक शर्मा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६७)
६९. निशान के.सी.समेत (ने.का.प. २०८०, अंक १०, नि.नं. १११७५)
७०. सहिदुल राईन वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०, नि.नं. १११८१)
७१. नरेन्द्रनाथ योगी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०, नि.नं. १११९०)
७२. रमेश वि.क. वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ११, नि.नं. १११९५)
७३. जिवद्ध साह वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ११, नि.नं. ११२०२)
७४. नेपाल सरकार वि. रामकुमार जिमीसमेत (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२०७)
७५. टेकबहादुर तामाङ (गोपे) वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२२१)
७६. रविन्द्र भट्टराई वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२५६)
७७. नेपाल सरकार वि. संजय कुमार गुप्ता (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८०)
७८. असिम राई वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ७, नि.नं. ११३२०)
७९. गगनबहादुर पुनसमेत वि. नेपाल सरकार (ने.का.प. २०८२, अंक २, नि.नं. ११३९८)

७. आत्महत्या

१. जीतेन्द्र त्रिपाठी वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ११, नि.नं. ८७२३)
२. बमबहादुर बस्नेतसमेत वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ६, नि.नं. ९०२२)
३. लक्ष्मीप्रकाश सक्सेना वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ४, नि. नं. ९५८६)
४. नेपाल सरकार वि. तारानाथ न्यौपाने समेत (ने.का.प. २०७५ अंक ११, नि.नं. १०१४३)
५. नेपाल सरकार वि. मोहन घले गुरुङ (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१८)
६. खगेन्द्र नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७७)

८. प्रतिरक्षा

१. ख कुमारी वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ४, नि.नं. ८१३५)
२. गोविन्द भन्ने गजेन्द्रकुमार चन्द वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ४ नि.नं. ९००२)
३. नेपाल सरकार वि. मानबहादुर महत (ने.का.प. २०७० अंक ५ नि.नं. ९०१५)
४. जग्गे भन्ने जगतबहादुर भण्डारी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक २, नि.नं. ९५४८)
५. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९८)
६. नेपाल सरकार वि. मनोज राई भन्ने यामबहादुर राई (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७७६)
७. देवेन्द्र पुडासैनी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४४)
८. अनिलकुमार चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक १२, नि.नं. १०१४७)
९. नेपाल सरकार वि. राजु बोगटी (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५१)
१०. नेपाल सरकार वि. मंगलबहादुर तामाङ (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३६८)
११. पूर्णबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५४९)
१२. नेपाल सरकार वि. कुमारी थारु (ने.का.प. २०७७, अंक ९, नि.नं. १०५८२)
१३. अभिषेक कोइराला वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१४)
१४. शिला पुन बुढामगर वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१४)
१५. ताराकुमार खड्का वि. पुनरावेदन अदालत पाटनसमेत (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७३०)

१६. लक्ष्मी पौडेल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५३)
१७. नेपाल सरकार वि. आइ सोरी राई (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९३१)
१८. प्रविण गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९३)
१९. विष्णुमाया मल्ल वि. नेपाल सरकार (मुद्दा नं. ०७८-CR-०१४८)

९. बयान/प्रमाण

१. विनय मानन्धर वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक २, नि.नं. ८३११)
२. नेपाल सरकार वि. डविन गुरूङ समेत (ने.का.प. २०६७ अंक ३ नि.नं. ८३३०)
३. पदमबहादुर जुगजाली मगर वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक २, नि.नं. ८५६८)
४. नेपाल सरकार वि. मनकुमारी नेपाली (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२६)
५. नन्दादेवी जोशी वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०)
६. नेपाल सरकार वि. यज्ञबहादुर थापा समेत (ने.का.प. २०६९, अंक २, नि.नं. ८७६४)
७. रञ्जित राईसमेत वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ५ नि.नं. ९०१२)
८. कुमान गुरूङसमेत वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२१)
९. नेपाल सरकार वि. पदमबहादुर गुरूङ (ने.का.प. २०७५, अंक ६, नि.नं. १००३७)
१०. मदन नारायण श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५१)
११. किरण वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५७)
१२. नेपाल सरकार वि. शिवपुजन यादव अहिर (ने.का.प. २०७५, अंक ९, नि.नं. १००८८)
१३. नेपाल सरकार वि. कमल घर्ती मगरसमेत (ने.का.प. २०७५, अंक ९, नि.नं. १००९७)
१४. दिवश ढकाल वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१४६)
१५. नेपाल सरकार वि. विषुकुमार याख्खा राईसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४६)
१६. पारस चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६७)
१७. रमेश मण्डल गनगाईसमेत वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३०२)
१८. नेपाल सरकार वि. मंगलबहादुर तामाङ्ग (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३६८)

१०. विविध

१. श्री ५ को सरकार वि. कलावती सुवेदी (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६८)
२. नेपाल सरकार वि. चाल्स गुरूमुख शोभराज (ने.का.प. २०७४ अंक ४, नि.नं. ९७९६)
३. तिर्थ महर्जन वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १, नि.नं. ९९२८)
४. शेरबहादुर गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक २, नि.नं. ९९४४)
५. सोनु हलवाई वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२८)
६. नेपाल सरकार वि. श्रीमती लिला इजम लिम्बू (ने.का.प. २०७५, अंक ६, नि.नं. १००४०)
७. नेपाल सरकार वि. विष्णु काप्रीसमेत (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१४४)
८. नेपाल सरकार वि. जगदिशप्रसाद भगतसमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८७)

१. ज्यान मार्ने उद्योग

१. सुर्दशन अर्याल वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२९)

- सामान्य अवस्थामा पूर्व रिसइविको कारणबाट भएको हत्यालाई Cold Blood Murder भन्नुपर्ने ।
- सजायबाट कमी, छुट वा पूर्ण उन्मुक्तिका लागि लिइएको जिकिर निश्चित र आधारभूत प्रमाणबाट स्थापित गर्नुपर्ने।
- काम गर्दाको समयमा मानसिक रुपमा असन्तुलित भई गरेको र कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा थियो भन्ने कुरा प्रमाणित गर्ने भार सो कुराको जिकिर गर्ने पक्षमा नै रहने ।
- सजायवाट उन्मुक्ति पाउनको लागि घटना हुनुभन्दा अघिको अभियुक्तको मानसिक अवस्था, पूर्व आचरण र व्यवहार, असामान्य क्रियाकलाप, रोगवारे निदान र उपचार गराएको भए सोको तथ्यपूर्ण आधार र प्रमाण तथा घटना पश्चात् निजको व्यवहार र आचरण, तत्सम्बन्धमा मानसिक रोग विशेषज्ञले निजको मानसिक अवस्थावारे पर्याप्त जाँच र अनुसन्धान गरी दिएका तथ्यपूर्ण एवं वैज्ञानिक कारणसहितको प्रतिवेदन समेतलाई विचार गर्नुपर्ने ।
- वारदात हुनुभन्दा अघिबाट नै रोगको उपचार गराइरहेको कुनै स्वीकृत डाक्टरवाट अस्पतालको प्रेस्क्रिप्शन पेश गरेको भए वारदातपछि डाक्टरले गरीदिएको रोगको सम्पुष्टि (Substantiate) हुनसक्ने । तर सो नभई वारदातको निकैपछि भएको जाँच प्रतिवेदनबाट वारदात हुँदाको समयमा पनि निज मानसिक असन्तुलनको अवस्थामा थिए भनी भन्न नमिल्ने र त्यस्तो कुरा प्रमाणित गर्न सो प्रतिवेदनलाई आधार लिन नमिल्ने ।

२. ब्राहिम मियाँ समेत वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ३ नि.नं. ८१११)

- ज्यान मार्ने मनसाय (mens rea) रहेको नदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योग अन्तर्गतको कसूर मान्ने अवस्था रहेको भन्न नसकिने ।
- पीडितको एउटा आँखाको हेर्ने शक्ति नष्ट भई अंगभंग भएकोले सोही महलको ६ नं. बमोजिम दण्ड सजाय हुनुपर्ने।

३. नेपाल सरकार वि. दीपक लाय मगरसमेत (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१५०)

- एउटै वारदातलाई केही प्रतिवादीको हकमा व्यक्तिवादी मुद्दामा परिणत गर्ने र केही प्रतिवादीको हकमा सरकार वादी मुद्दा कायम गर्न नसकिने ।
- मनसाय भनेको कुरो कार्यले पनि प्रमाणित गर्ने कुरा हो । प्रतिवादीहरूको हुलको संख्या, हातमा लिएको खुकुरी जस्तो धारिलो हतियार, घाउको संख्या, बरामद भएको हतियार र त्यस्तो धारिलो हतियारले प्रहार गर्नु नै प्रतिवादीको मनसाय प्रमाणित हुनु हो ।

४. कुशेश्वर गुर्मैंता समेत वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक १२, नि.नं. ८२८५)

- वारदातमा प्रयोग भएका हतियार बन्दुक प्रतिवादीहरूबाट वरामद हुन नसक्नुबाट वारदात नै घटित भएको होइन भन्ने निष्कर्ष निकाल्न नमिल्ने ।
- सामान्यतः ज्यान मार्ने उद्योगको वारदातमा तेस्रो पक्षीय अवरोधको सिद्धान्त Doctrine of third party intervention को विचार गर्नुपर्ने ।

- ज्यान मार्ने उद्योग गर्नु भनेको कसैको ज्यान मार्ने प्रयास गर्नु हो । टाढैबाट बम वा बन्दुकको गोली प्रहारबाट पनि कसैको ज्यान मार्ने प्रयास वा उद्योग गर्न सकिन्छ । त्यस्तो प्रहार संवेदनशील ठाउँमा र प्रहारकर्ताले ताकेको निशानामा लागेमा ज्यान मर्न सक्दछ । तर निशानामा वा मर्मस्थानमा नलागेमा ज्यान मर्दैन । यस्तोमा कुनै तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नहुने ।
- फायर गर्नु नै ज्यान मार्ने प्रयास गर्नु हो । यसमा Third party intervention को सिद्धान्त ज्यान मार्ने उद्योगका अरु वारदात जस्तै गरी लागू हुन सक्दैन । अवरोधको पुष्टि नभएबाट ज्यान मार्ने उद्योगको वारदात घटित भएको होइन भनी भन्न मिल्ने ।

५. नेपाल सरकांर वि. राजेन्द्रसिंह सिख (ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९९)

- आपराधिक कार्य भैसकेको तर पूर्णता नपाएको अवस्था भएमा मात्र त्यो उद्योग हुने हो । यदि त्यस्तो कार्यले पूर्णता पाएको अवस्था भएमा सो कार्यले पूर्ण अपराध नै स्थापित हुन जाने हुन्छ, यस्तो अवस्थालाई उद्योग मात्र मान्न नमिल्ने ।

६. नेपाल सरकार वि. राजीनन सहनीसमेत (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७३४)

- कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक अवस्थाका कसूर हुन् । कुटपिटको वारदातमा सामान्य घाइते बनाउनेसम्मको मनसाय भए पनि ज्यानै लिने गरी प्रहार गर्ने इच्छानिहित रहेको हुँदैन र त्यस्तो परिणामको अपेक्षा पनि गरिएको हुँदैन, जुन ज्यान मार्ने उद्योगमा अन्तर्निहित रहने ।
- सामान्य कुटपिटको वारदातमा सामान्य हतियारको प्रयोग गरी पीडितलाई शारीरिक चोट पुऱ्याई घाइतेसम्म पार्ने उद्देश्यले सो क्रिया गरिएको हुन्छ भने ज्यान मार्ने उद्योगमा पीडितको ज्यानै लिने उद्देश्यले हतियारको प्रयोग गरिएको हुन्छ । यसरी कुटपिट र ज्यान मार्ने उद्योगको वारदातमा उल्लिखित कुराहरूको अलावा नियत र मनसाय तत्व प्रमुख रूपमा विचारणीय हुने ।
- ज्यान मार्ने उद्योगमा ज्यान मार्ने मनसाय थियो वा थिएन भन्ने कुरा पीडित उपरको प्रहारको पद्धति र हतियार प्रयोग गरिएको भए सो हतियारको प्रकृति र त्यसको प्रयोगको अवस्थाबाट पहिचान गर्न सकिने ।
- वारदातमा धार नभएको र धार भएको हतियार तथा गोली फायर हुने हतियारको प्रयोग र पद्धतिको अवस्था समान हुँदैन । धार नभएको वा भएको हतियार कुन हदसम्म कहाँ प्रहार गर्ने भन्ने प्रहारकर्ताले अनुभव गर्न सक्छ । पीडितलाई सामान्य घाउ चोट पार्ने वा प्रहार घातक बनाउने भन्ने कुरा प्रहारकर्ताको इच्छामा निर्भर गर्दछ । प्रहार घातक र ज्यान मार्न सक्ने किसिमको छ भने त्यस अवस्थामा ज्यान मार्ने उद्योगको कसूर हुन वारदातको अवस्था र प्रकृति अनुसार तेस्रो पक्षको उपस्थिति आवश्यक हुन सक्ने अवस्था पनि रहन जान्छ । तर गोली फायर गर्ने हतियारको प्रयोगको अवस्था भने अन्य हतियार प्रयोगको अवस्था जस्तो हुदैन । गोली प्रहार गर्दा प्रहारकर्ताले चाहेको हदसम्म गोलीको असरलाई सीमित गर्न नसक्ने ।
- कुनै मानिसलाई ताकेर गोली प्रहार गरिएको छ भने त्यो निश्चित रूपले सो मानिसको ज्यानै मार्नका लागि प्रहार गरिएको भनी स्वाभाविक निष्कर्षमा पुग्न सकिने ।
- बन्दुकको गोली प्रहार सामान्य शारीरिक क्षतिको लागि वा कुटपिटबाट पर्न सक्ने जस्तो चोट पुऱ्याउनका लागि हुँदैन । ज्यान मार्ने नै नियतले गोली प्रहार गरिएको भए पनि निशाना गलत भएमा वा पीडितको तत्कालको छलछाम वा आफूलाई बचाउन शरीरलाई गतिशील तुल्याएर होस् वा हान्ने मानिसको निशाना छल्न अन्य उपाय गरेर होस, प्रहारकर्ताको प्रहार सही ठाउँमा लाग्न नसकी पीडित मर्न नसकेको हुन्छ वा

घाइते भए पनि तत्काल प्राप्त उपचारको कारण मर्न नपाएको हुन सक्छ । यी कुराहरू कुटपिट र ज्यान मार्ने उद्योगको कसूर कायम गर्ने सन्दर्भमा न्यायिक विश्लेषण र प्रमाण मूल्याङ्कनको विषय हुने ।

- बन्दुकबाट गोली फायर गर्न लागेको पीडकलाई सो फायर गर्न रोक्न नसक्ने अवस्थामा सो गोलीलाई छल्नु बाहेक त्यसबाट बच्न अन्य हस्तक्षेपको विकल्प रहन सक्ने अवस्था नरहने हुँदा ताकेर गोली फायर गरेको अवस्थामा मृत्यु नभएकै कारण मार्ने मनसाय राखेको थिएन भन्नु न्यायसंगत र तर्कपूर्ण नहुने ।

७. नेपाल सरकार वि. अशोक सितिखुसमेत (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६१)

- ज्यान सम्बन्धी अपराधहरूमा कर्तव्य ज्यान र यसको उद्योगको बीचमा अपराध स्थापित गर्ने तत्वहरूको रूपमा रहेको कार्य (Actus Reus) र वैध प्रतिरक्षाको अभाव (Absence of Valid Defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन । केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ । कुनै अपराधको सन्दर्भमा सो अपराध गर्ने उद्योगको प्रश्न मनसायपूर्वक गरिएको आपराधिक कार्यमा मात्र सान्दर्भिक हुन आउने ।
- मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारिसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य नगरेको हुनाले यो चरणसम्म अपराधको उद्योगको प्रश्न नउठ्ने ।
- अपराध गर्न चाहने व्यक्तिले मनसाय अनुसारको तयारी पूरा गरी मनसायलाई कार्यरूप दिन सारवान रूपमा (Substantially) कुनै आपराधिक कार्य गरेको तर कुनै कारणले निजको कार्यबाट निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रूपमा लिन सकिन्छ । यस्तो अपूर्ण कार्यलाई छुट्टै अपराधको रूपमा परिभाषित गरी कानूनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानूनमा उल्लेखित आपराधिक दायित्व बहन गर्नुपर्ने ।
- ज्यान मार्ने उद्योगको अपराधमा कर्तव्य ज्यानको अपराधको लागि आवश्यक पर्ने आपराधिक कार्य, आपराधिक मनसाय र वैध प्रतिरक्षाको अभाव समेतका सबै तत्वहरू विद्यमान हुनुपर्दछ । तर, परिणामका दृष्टिले पीडितको मृत्यु भएको हुन भने नहुने ।
- ज्यान मार्ने मनसाय राखेर पीडित माथि कुनै किसिमको प्रहार वा अन्य कुनै प्रकारको आपराधिक कार्य गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नुपर्ने ।
- ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन । तेस्रो पक्षले हस्तक्षेप गरेको हुन पनि सक्दछ र नगरेको पनि हुन सक्दछ । कारण जेसुकै भए पनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्वहरूको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने ।
- वारदातस्थलमा हातहतियार सहितका समूहमा प्रवेश गरेको अवस्थामा निजहरूले मार्ने मनसायले नै पीडित माथि हतियार प्रहार गरेको भए बाँच्न सक्ने अवस्था देखिन आउँदैन । यसबाट प्रतिवादीहरूमा जाहेरवालालाई मार्नेसम्मको मनसाय (Intention) थियो भन्ने स्थापित हुन नआउने ।

८. नेपाल सरकार वि. सीता चौलागाई (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८२५)

- ज्यान मार्ने उद्योग मुद्दामा पीडितलाई पर्न गएको चोट र त्यसको असरलाई मात्र ज्यान मार्ने उद्योग गरेको

हो होइन भनी ठहर गर्ने निर्णायक प्रमाण मानिँदैन, ज्यान मर्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरा महत्वपूर्ण हुन्छ । तथापि घाउको अवस्थाले सांघातिकताको वस्तुगत रूपमा मूल्याङ्कन गर्ने आधार हुने हुँदा त्यस्तो प्रमाणलाई अदालतले महत्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

९. नेपाल सरकार वि. वीरबहादुर सार्की (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६५)

- ज्यान सम्बन्धी अपराधहरूमध्ये कर्तव्य ज्यान (Murder) र यसको उद्योग (Attempt to Murder) को बीचमा अपराधका तत्वहरूको रूपमा रहेका आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens reus) को संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन । दुबै प्रकृतिका अपराधमा सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गरेको हुन्छ । तर ज्यान मार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षा अनुसार पीडितको मृत्यु भएको हुँदैन । ज्यान सम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्वको विद्यमानता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुन्छ । ज्यान मार्ने मनसाय रहेको अवस्थामा ज्यान मार्न नपाएको स्पष्ट कारण र अवस्था देखिनुपर्ने ।

१०. रविन थापा समेत वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०८१)

- प्रतिवादीहरूले जाहेरवालालाई फायर गर्दाका साथसाथै गुहारगुहार भनी जाहेरवाला कराएको कारणले तुरून्त गाउँलेहरूको उपस्थिति भई एकैछिनमा धेरै जमात अगाडि आई प्रतिवादीहरूलाई लखेट्दै लगेको कारणबाट पनि अन्य फायर हुन नसकेको अवस्था देखिँदा हारगुहार गर्दा साथै गाउँलेहरूको भीड तुरून्त अगाडि आउनु नै तेस्रो तत्वको उपस्थिति भएको देखिने ।
- पेस्तोल जस्तो जोखिमी हतियारले पूर्ण मनसायपूर्वक जानीजानी जाहेरवाला माथि पेस्तोल प्रहार गरी घाइते पारी ज्यान मर्नेसम्मको काम गरेको तर कुनै तरहले ज्यान मर्न नपाएको हुँदा यी प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसूर गरेको ठहर्ने ।

११. नेपाल सरकार वि. चन्द्र नाथ (ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८६)

- प्रतिवादीको पीडितलाई मार्ने नै मनसाय रहेको भए घर कोठामा बन्दुक, बासुलो, छिनो जस्ता जोखिमी हतियार रहेका प्रतिवादीले ती हतियारको प्रयोग नगरी हँसियाको प्रयोग गर्ने, नाक टोक्ने जस्ता कार्य मात्र गरेकोबाट ज्यान मार्ने उद्देश्यले तयारीको साथ बसेको भन्न सकिने अवस्था नदेखिने ।
- ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि प्रतिवादीले पीडितलाई मार्ने मानसाय राखी सोही बमोजिमको कार्य गरेको प्रमाणित हुनुपर्छ र त्यस्तो कार्यको परिणाम स्वरूप पीडितको कुनै कारणवश ज्यानसम्म बच्न गएको अवस्था स्पष्टरूपमा स्थापित हुनुपर्छ । ज्यान बचेको कारण तेस्रो पक्षको उपस्थिति हुनु नहुनुले अपराध घट्दाको परिस्थिति अनुरूप केही निष्कर्षमा पुग्न सजिलो हुन्छ, तर त्यही एउटा कारणबाट मात्र ज्यान मार्ने मानसाय थियो कि थिएन भनी भन्न सकिने अवस्था हुन्छ नै भन्न मिल्दैन । तेस्रो पक्षको उपस्थिति भन्दा पनि ज्यान मार्ने मनसाय हुनु ज्यान मार्ने उद्योगको अपराधमा आवश्यक तत्वको रूपमा रहने ।
- प्रतिवादीले बन्दुक वा बासुलो लिई जाहेरवाला पीडितसमेतको घरमा वा निजहरू रहने ठाउँमा गएको देखिँदैन पीडितसहितका व्यक्ति प्रतिवादीको घरमा नगएको अवस्थामा वारदात हुने अवस्था आउने थिएन ।

पीडितसमेतका व्यक्ति आफ्नो घरमा आउलान् र आफूसँग भएका हतियार प्रहार गरूला भनी पूर्व तयारीका साथ यी प्रतिवादी बसेका र निजहरू आउने बित्तिकै मार्ने मानसाय राखी हतियार प्रहार गरेको भनी मान्न तर्कसङ्गत हुने नदेखिने ।

१२. नेपाल सरकार वि. ऐजुव खाँ मियाँ (ने.का.प २०७४, अंक ६, नि.नं. ९८३०)

- आपराधिक कार्य (Actus reus) लाई हामी परम्परागत रूपमा बुझ्न अभ्यस्त छौं । जबकी उद्योगको अपराध हुनको लागि हातहतियार नै प्रयोग हुन वा शारीरिक आक्रमण हुन अनिवार्य हुँदैन । तर यस्ता विवाद हामी समक्ष आउँदा हाम्रो प्रथम दृष्टि के कस्तो हतियार प्रयोग भएको छ भन्नेस त्यस्तै गरी शरीरको के कुन भागमा चोट परेको छ भन्दा पनि चोट कति गम्भीर छ भन्नेतर्फ जान्छ । हतियार पनि महत्वपूर्ण होला, चोटको गाम्भीर्य पनि सान्दर्भिक होला तर घटनाक्रमको समग्रताको सन्दर्भमा के मनसाय राखी गर्न खोजिएको हो, के गरी सकिएको छ, के हुन बाकी छ, र सो कार्य इच्छित परिणामको के कति नजिक छ भन्ने कुरालाई पनि उत्तिकै महत्वका साथ हेरिनु पर्ने।
- वस्तुतः मनसाय तत्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय होस त्यसैले यो सँधै मुखरित अवस्थामा नहुन पनि सक्छ । कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्वको खोजी गरिनुपर्छ । अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएनस कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गरिनुपर्छ । अर्थात् प्रतिवादीले कसूर गर्ने मनसाय राखेको भन्ने स्पष्टरूपमा भन्न नसकिए पनि सम्भावित परिणामबारे जानकारी राखेको थियो वा सामान्य समझको व्यक्तिले यस्तो परिणामबारे जानकारी वा ज्ञान राख्दछ भन्न सकिने अवस्था थियो भने कसूरदारले मनसाय राखेको रहेछ भन्ने मान्नु पर्ने ।
- वस्तुतः उद्योगको कसूरमा आपराधिक कार्य (Actus reus) हुनको लागि "मर्नेसम्मको काम गरेको" हुनुपर्छ तर सो कार्य जे पनि हुन सक्छ, यसको सूची अनन्त बन्न सक्छ । त्यसैले उद्योगको कसूरमा के कार्य गर्योर भन्नेभन्दा पनि के कस्तो परिस्थितिमा के कति गम्भीर कार्य गऱ्यो र सो कार्य पूर्ण अपराधको कति नजिक छ भन्ने हेरिनु पर्ने।

१३. नेपाल सरकार वि. गणेश राई (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९०६)

- ज्यान मार्ने उद्योगको कसूर कायम हुनका लागि मार्ने नियतले प्रहार गरेको र उक्त प्रहारबाट मर्नेसम्मको कार्य भएको देखिने हुनुपर्दछ । यस आधारमा हेर्दा ज्यान मार्ने उद्योग मुद्दा ज्यान मर्नु अगाडिको अपूर्ण अपराधको सम्बन्धमा आकर्षित हुने । उद्योगको कार्य त्यस्तो अवस्था हो जुन कुनै तत्व वा वस्तुले बीचमा हस्तक्षेप वा बाधा खडा नगरेको भए त्यहाँ पूर्ण अपराध हुने निश्चित थियो । उद्योग अपराधको त्यस्तो चरण हो जहाँ मनसाय, सोअनुसारको तयारी र अपराधको लागि साधन र स्रोतको परिचालन गरिएको अवस्थामा समेत सोचे अनुसारको काम वा परिणाम निस्कीसकेको हुँदैन । उद्देश्यमूलक ढंगबाट गरिएको आपराधिक कार्यको निश्चित श्रृंखला जसमा अवरोधको अवस्थाको कारण ज्यान मर्न नपाएको अवस्था नै आपराधिक उद्योगको रूपमा रहने ।

१४. नेपाल सरकार वि. बबिन भन्ने बिक्रम गुरुङ (ने.का.प. २०७५, अंक २, नि.नं. ९९६०)

- प्रतिवादीले ताकेर गोली प्रहार गरी पीडित मर्न नपाएको अवस्था देखिनु नै मुलुकी ऐन ज्यान सम्बन्धी महलको १५ नं. को ज्यान मार्ने कसूर गरेको स्थापित हुने ।

१५. नेपाल सरकार वि. शैलेश कोइराला (ने.का.प. २०७५, अंक २, नि.नं. ९९६१)

- वारदातको समयमा तेस्रो पक्षको उपस्थितिको कारणले पीडितको ज्यान मर्न नपाएको भन्ने प्रत्यक्ष प्रमाणबाट टड्कारै रूपमा देखिन र पुष्टि हुन सकेको अवस्थामा ज्यान मार्ने उद्योगको कसूर पुष्टि हुने योभन्दा उत्तम र विशिष्ट श्रेणीको आधार हुन नसक्ने ।
- वारदातको प्रकृति एवं पृष्ठभूमि, व्यक्तिहरूको संलग्नता, पूर्व रिसइवी एवं इविलाग र मनसायको विद्यमानता, पूर्व तयारी एवं योजना र सोच, प्रयोग भएको साधन एवं हतियार, पीडितलाई चोट लागेको शरीरको भाग, चोटको प्रकृति र संख्या, पीडितको तत्काल मर्ने बाँच्ने दोसाँधको अवस्था, पीडितले तत्काल प्राप्त गरेको उद्धार र उपचारको व्यवस्था आदिले पनि तत्काल तेस्रो पक्षको उपस्थिति भए नभएको अवस्थालाई गौण र तेस्रो पक्षको उपस्थितिको तुलनामा पीडितलाई लागेको गम्भीर प्रकृतिको चोटलाई नै गम्भीर मानी प्राथमिकता दिई सोलाई नै उद्योगको कसूरलाई पुष्टि गर्ने पर्याप्त आधारको रूपमा लिन सकिने ।
- ज्यान मार्ने उद्योगको वारदात व्यक्तिहरूको समूहबाट आक्रमण भएको अवस्थामा चोट छाड्ने लगायत सो कार्यमा प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने हिसाबले सहयोग गर्ने वा चोट छाड्ने क्रियामा संलग्न हुनेलाई पनि मुख्य कसूरदार सरह एउटै श्रेणीमा राखेको हुँदा ज्यान मार्ने उद्योगको वारदातको जुनसुकै अवस्थाको जुनसुकै प्रकृतिको क्रियामा संलग्न हुनेलाई पनि मुख्य कसूरदारसँग छुट्याएर हेर्न मिल्ने अवस्था देखिँदैन । मुख्य अभियुक्तको कार्य ज्यान मार्ने उद्योगको कसूरको दायराभित्र परेपछि सो सरहका कार्यमा प्रत्यक्ष, क्रियात्मक एवं सहभागितात्मक रूपमा अन्य अभियुक्तहरू पनि संलग्न रहेको प्रमाणबाट पुष्टि हुन गएमा तिनीहरू पनि सोही प्रमाणको आधारमा सोही कसूरको दायराभित्र नै पर्न आउने ।

१६. नेपाल सरकार वि. सञ्जु श्रेष्ठ समेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३६)

- प्रतिवादीले ज्यान मार्ने मनसाय राखेर पीडित माथि कुनै किसिमले प्रहार गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नु पर्ने हुन्छ । ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन । तेस्रो पक्षले हस्तक्षेप गरेको पनि हुन सक्दछ वा नगरेको पनि हुन सक्दछ । कारण जेसुकै भए पनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्वहरूको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने ।

१७. जीवन वि.क वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७३१) ज्या.मा.उ.

- मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १५ नं. को व्यवस्थाले ज्यान मार्ने मनसायले जुनसुकै कार्य गरेको भनी ऐनमा उल्लेख भएबाट नै गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने देखीबाहेक अन्य रीतसँग पनि मानिस मार्ने कार्य हुन सक्दछ भन्ने विधायिकी मनसाय रहेको देखिन्छ । ऐनमा भएको "... मार्नको लागि अरू जुनसुकै कुराको उद्योग गरी" भन्ने बेहोरा उल्लेख भएबाट नै यसको दायरा फराकिलो रहेको स्पष्ट छ । तसर्थ, एसिड प्रहार भन्ने शब्द ऐनमा नपरेकै कारणबाट यसलाई ज्यान मार्ने उद्योगको

कसूरअन्तर्गत पर्दैन भन्नु न्याय र कानूनसम्मत नदेखिने ।

- ज्यान मार्ने उद्योगको कसूर हुनको लागि ज्यान मार्ने मनसायले गोली चलाएको वा बम हानेको वा घातक हतियारले काटेको वा मार्नका लागि अरू जुनसुकै कार्य गरेको भनी स्पष्ट उल्लेख भएबाट अब एसिड प्रहार सम्बन्धमा ज्यान सम्बन्धी १५ नं.मा कहींकतै उल्लेख नगरिएको हुँदा एसिड प्रहारको कार्य ज्यान मार्ने उद्योगको कसूरअन्तर्गत पर्दैन भनी मान्न नमिल्ने ।
- एसिड आक्रमणका कारण पीडितमाथि पर्ने जीवनपर्यन्तको गम्भीर शारीरिक र मानसिक क्षतिलाई हेर्दा यसलाई अक्षम्य, असभ्य र हृदयविहीन व्यक्तिले घटाउने अपराध मान्नुपर्दछ । समयमा उपचार नपाएमा ज्यानै जान सक्ने एसिड आक्रमणको घटनाबाट बाँचेका व्यक्तिहरू बाँकी जीवन लज्जा, अपहेलना र भेदभावपूर्ण व्यवहारको बिच बाँचेका छैनन् भनी भन्न नसकिने हुँदा एउटा व्यक्तिको समग्र भविष्यलाई नराम्रोसँग असर पारी असामान्य चरम पीडाको अवस्थामा पुऱ्याउने एसिड आक्रमणका कसूरदारलाई क्रुरताकै रूपमा मान्नुपर्दछ । सामान्य जीवन बाँचेको व्यक्तिलाई आफैंले चिन्न नसक्ने अवस्थामा पुऱ्याई उसको हत्या गर्ने वा आत्मसम्मान र मनोबल नै खस्किने गरी कुत्सित मनसायका साथ घटाइने एसिड आक्रमणका घटनाले मूलतः भर्खरै नयाँ भविष्यको मार्गमा अघि बढिरहेका कैयौं युवतीहरूको जीवन क्षत विक्षत बनाएको पाइन्छ । तसर्थ, दोषी व्यक्ति कानूनले तोकेको उच्चतम सजायको भागी हुन योग्य मानिनुपर्ने ।
- योजनाबद्ध रूपमा पूर्वतयारीका साथ मनसायप्रेरित आपराधिक कार्यको प्रकृतिअनुसार तत्काल प्रभावकारी उपचार उपलब्ध नभएको भए पीडितको ज्यान जाने अवस्था सिर्जना हुन्छ भने त्यहाँ ज्यान मार्ने उद्योग कसूर कायम गर्न तेस्रो बाहिरी अप्रत्यासित हस्तक्षेपको कारणले ज्यान मर्न नपाएको भनी दाबी लिने अवस्था नदेखिने ।

१८. नेपाल सरकार वि. इन्द्रबहादुर कटुवालसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०२१)

- घटना विवरण तथा वस्तुस्थिति मुचुल्का, वादीका साक्षी, पीडितले गरेको बयान तथा बकपत्र एवं सह-अभियुक्तमध्येका व्यक्तिहरूले अनुसन्धानको क्रममा गरेको बयानले प्रतिवादी वारदात मितिमा सो स्थलमा रही वारदातमा संलग्न रहेको भन्ने तथ्य पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले अन्य ठोस प्रमाण पेस गरी अन्यत्र रहेको पुष्टि गर्न नसकेको अवस्थामा एक जना साक्षीले गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीले लिएको अन्यत्र स्थल रहेको (alibi) को जिकिर विश्वसनीय नदेखिने ।
- प्रतिवादीले ज्यान मार्ने मनसाय राखी पीडितको टाउको जस्तो अंगमा खुकुरी प्रहार गरेकोमा पीडितको घाउ घातक भनी घा जाँच केस फाराममा उल्लेख नभएको हुनाले मात्र प्रतिवादीको उक्त कार्य ज्यान मार्ने उद्योगजन्य थिएन भन्न नमिल्ने । ज्यान मार्ने उद्योगको कसूरमा मनसाय प्रमुख तत्त्वको रूपमा रहने हुनाले पीडितको घाउको प्रकृति वा परिणामले मात्र निर्णायक भूमिका नराख्ने ।

२. सरेको मनसाय/पीडितको पहिचान गर्नमा भूल

१. श्री ५ को सरकार वि. हर्षबहादुर आङदम्वे समेत (ने.का.प. २०४१, अंक ४, नि.नं. १९६०)

- यसमा भक्तबहादुरलाई मारौं भन्दा भीमबहादुर मर्न गएको हो भनी पुनरावेदक प्रतिवादी भानुभक्त खरेल, भवानीशमशेर राई, हर्षबहादुर र यामबहादुर प्रहरीमा साक्षित भएको, ती प्रतिवादीहरूले गरेको साक्षिती

कागजलाई घाँटी थिच्दा निस्सासिएर स्वास कृया बन्द भई पेटमा चोट लागी कलेजो र फियोबाट प्रशस्त मात्रामा रगत बगी रक्त संचार बन्द भई मृत्यु हुन गएको हो भन्ने पोष्टमार्टम रिपोर्ट तथा वादी मंगलमाया राई, मर्नेको स्वास्नी रामप्यारी, नोकर रत्नबहादुरको बयानले समर्थन गरेकोले निजहरूलाई ज्यान सम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी पूर्वाञ्चल क्षेत्रीय अदालतले गरेको ईन्साफ सदर ठहर्छ । तर भ्रममा परी भक्तबहादुरलाई मार्नुका सट्टा भीमबहादुर मर्न गएको र प्रतिवादीहरू र भीमबहादुरको बीचमा रिसइवीको सबूत पनि पेश दाखिल हुन नसकेकोले अ.बं.१८८ नं. बमोजिम राय लगाई सजाय घटाइएको छ । १० वर्षको कैदको सजायको लगत कायम गरी जन्मकैदको लगत कट्टी गरी दिनु ।

२. नरबहादुर रेउले वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ११, नि.नं. ७४६६)

- लक्षित व्यक्ति उपर कार्य गर्दा जुन अपराध हुन सक्थ्यो, उक्त कार्य अर्को अनिच्छित व्यक्ति उपर भएमा पनि सोही अपराध मानिने ।
- एउटा मानिसलाई मार्ने नियतले गरेको प्रहार अर्को अनिच्छित मानिसलाई लागेर मृत्यु हुन पुगेको अबस्थामा कर्ताको आपराधिक मनसाय समाप्त भएको मानिने नभई सरेको (Transferred) मानिने हुँदा मनसाय प्रेरित हत्याको फौजदारी दायित्व सिर्जना हुने ।

३. नेपाल सरकार वि. ज्ञानबहादुर भट्टराई (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६६)

- एउटा अपराध गर्ने उद्देश्यले गरिएको आपराधिक कार्यबाट अर्को आपराधिक कार्य हुन गएमा पछिल्लो आपराधिक कार्य नै मनसाय नभएको भन्ने आधारमा प्रतिवादीले कसूरबाट उन्मुक्ती पाउन सक्दैन, सरेको मनसाय (Transferred malice) को सिद्धान्त अन्तर्गत कसूरदार कायम हुने ।

४. नेपाल सरकार वि. यामबहादुर कामी (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३७)

- प्रतिवादीले मृतकलाई लक्ष्य गरी मुड्ग्रो प्रहार गरेको नभए पनि मृतकका छोरा राजिनलाई ठीक पार्ने मनसाय लिई कम्मरमा छुरी बाँधी हातमा मुड्ग्रो लिई गएको र राजिनलाई हान्ने मनसायले मुड्ग्रो प्रहार गरेकोमा मृतकलाई लाग्न गएको भन्ने निज प्रतिवादीको बयानबाटै खुल्न आएबाट प्रतिवादी दलबहादुरले राजिन वि.क.लाई मार्ने मनसाय लिई वारदातस्थलमा गएकोमा राजिनलाई प्रहार गरेको मुड्ग्रोले बीचमा छुट्याउन आएका आसबहादुरलाई लागेर मृत्यु हुन गएकोसम्म देखिन्छ । राजिन र दलबहादुरको बिचमा आसबहादुर नआएका भए सो मुड्ग्रोको प्रहारबाट राजिनको मृत्यु हुने अवस्था देखिएकाले त्यहाँ प्रतिवादीको आपराधिक मनसाय थिएन भन्न सकिने अवस्था पनि नदेखिने । एउटालाई लक्षित गरी प्रहार गर्दा अर्को व्यक्तिलाई लाग्न गई मृत्यु हुन्छ भने त्यस्तो अवस्थामा मनसाय तत्वको अभाव रहेको भनी व्याख्या गर्न मिल्दैन । त्यस्तोलाई सरेको मनसायबाट भएको आपराधिक कार्य मान्नु पर्ने ।

५. हर्कबहादुर विश्वकर्मा वि. नेपाल सरकार (ने.का.प. २०७६ अंक ६, नि.नं. १०२८९)

- जहाँ अभियुक्तले एउटा कार्यको लागि जाँनी बुझीकन कार्य गरेको हुन्छ तर विषयवस्तु अर्को परेको हुन्छ भने यस्तोलाई दुर्भावना सरेको वा दायित्व स्थानान्तरण (Transferred malice) भएको मान्नुपर्छ । यदि कुनै व्यक्तिले मनसायपूर्वक कुनै अपराध गर्न खोज्दछ र उसको असक्षमताको कारण अर्को व्यक्ति परि सो अपराधको परिणाम निस्कन पुग्दछ भने यस्तो अवस्थामा सरेको मनसाय तथा दायित्व (Doctrine of transferred malice) को सिद्धान्त लागू भई सो व्यक्तिले कानूनले तोके बमोजिमको दायित्व बहन गर्नुपर्ने ।

३. जरियाको सिद्धान्त

१. वीरमान लुङ्गेली (मगर) वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ६, नि.नं. ८८५३)

- फौजदारी अपराधमा जरियाको सिद्धान्त (Doctrine of Causation) अनुसार फौजदारी दायित्व बहन गराउनका लागि फौजदारी कानूनले निषेध गरेको परिणाम कसको कार्यबाट उत्पन्न भएको हो भन्ने कुरा महत्वपूर्ण हुने ।
- कार्य र परिणामको अवधि लामो अन्तरालयुक्त भएको अवस्थामा तेस्रो पक्षको कुनै कार्य वा मृतकको अनपेक्षित व्यवहार वा अन्य कुनै कारणले निषेधित परिणाम ल्याउनमा योगदान गरेको अवस्थामा त्यस्तो परिणामको लागि पहिलो जिम्मेवार मानिएको प्रतिवादीको फौजदारी दायित्व निर्धारण गर्नु न्याय निरूपण गर्ने निकायको अत्यन्त महत्वपूर्ण र जटिल दायित्व बन्न पुग्ने ।
- टाउकाको हड्डी फुटेको र सोही चोटबाट थला परी मृत्यु भएको प्रमाणित भई रहेको अवस्थामा मुलुकी ऐन ज्यान सम्बन्धी महलको ८ नम्बर आकर्षित हुने ।
- दाउराको चीरपटको प्रहारलाई सावधानीपूर्वक भएको प्रहार मान्न नमिल्ने ।
- चित्तमा लाग्ने भन्ने कुरा मनोगत हुन सक्दैन । सर्वप्रथम आधार र कारणको विश्लेषणबाट नै अ.वं. १८८ नं. को प्रयोग हुने वा नहुने निष्कर्ष निकाल्नु पर्दछ ।

२. उपेन्द्र शाक्य वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक २, नि.नं. ८९५५)

- कुरूप अनुहारको छाला मिलाउनका लागि गरिएको अपरेशनसित सम्बन्धित एनेस्थेसिया समेतको औषधिहरूका कारण मृत्यु भएको अवस्थामा त्यसलाई एक महिना अगाडि एसिड फालेको वारदातसँग जोडी सोही जरियाबाट मृत्यु भएको भन्ने निष्कर्षमा पुग्न नसकिने । कुरूपतालाई ठीक पार्ने उद्देश्यले गरे गराएको अपरेशनको क्रममा भएको मृत्युको सम्बन्ध मृत्यु हुनु भन्दा एक महिना अगावै एसीड फालिएको घटनासँग जोडेर दोषी र मृत्युको कारक बनाउनु औचित्यपूर्ण, तर्कसंगत, कानूनसम्मत र न्यायपूर्ण नहुने ।
- एसिडको प्रभाव वा कारणबाट मृत्यु भएको नभई अपरेशनको क्रममा प्रयोग भएको "विभिन्न औषधिको Side Effect वा Toxic Effect तथा भेन्टिलेटरले स्वास नलीमा सुजन भएको कारण समेतबाट मृत्यु भएको" भन्ने विशेषज्ञ चिकित्सकहरूको प्रतिवेदन र अदालतमा भएको बकपत्र समेतबाट देखिएको अवस्थामा ज्यान सम्बन्धीको १४ नं. अनुसार सजाय गर्न नमिल्ने ।
- साधारण लाठी, ढुङ्गा, लात मुक्काको प्रहार नगरी एसिड अनुहारमा फालेको र निज उपचार गरी निको भई डिस्चार्ज भैसकेपछि अनुहारको जलेको भाग पूर्व रूपमा ल्याउने प्रयास स्वरूप अपरेशन गर्दा ऐनले तोकेको समयावधि २१ दिनपछि मृत्यु भएकाले ज्यान सम्बन्धीको १४ नं. अनुसार कुटपिटको घटनाबाट थला परेको नभएमा वा ऐनले तोकेको २१ दिनपछि मरेको अवस्थामा ज्यान सम्बन्धी महल अन्तर्गत ज्यान मारेको भनी सजाय गर्न कानून अनुकूल नहुने ।
- कुरूप अनुहारको छाला मिलाउनका लागि गरिएको अपरेशनसँग सम्बन्धित एनेस्थेसिया समेतको औषधिहरूका कारण मृत्यु भएको अवस्थामा त्यसलाई एक महिना अगाडि एसिड फालेको वारदातसँगै जोडी सोही जरियाबाट मृत्यु भएको भन्ने निष्कर्षमा पुग्न नसकिने ।

३. नेपाल सरकार वि. नेत्रबहादुर मगर (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२७)

- छुरा जस्तो जोखिम हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको वारदातलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ५ नं. ले भवितव्य ठहरिने प्रकृतिको मान्ने अवस्था नदेखिने ।
- मृत्युको कारणमा त्यही वारदातमा कलेजोसम्म काटिएको समेतबाट रगतमा संक्रमण भएको तथ्य लाश जाँच परीक्षण प्रतिवेदनबाट देखिँदा वारदात मितिबाट २१ दिनभित्र घाइते परलोक नभएकोले मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ९ नं. बाट ज्यान मुद्दा चल्न सक्दैन भन्ने प्रतिवादीको भनाई रहेको देखिन्छ । उक्त ऐनको ९ नं. आकृष्ट हुन ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्ने बाहेकको अवस्था हुनुपर्ने हुन्छ । वारदातमा धारिलो हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको देखिँदा ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्ने अवस्था भएन भन्न मिलेन । तसर्थ मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ९ नं. बमोजिम २१ दिनभित्र वा बाहिर घाइते परलोक भएको भनी हेर्नुपर्ने स्थिति नरहने ।
- ज्यान सम्बन्धीको महलको ८ नं. ले यति दिनभित्रै परलोक हुनुपर्ने किटान नगरी घाइते थला परी जतिसुकै पछि मरे पनि ज्यानमाराको बात लाग्ने कानूनी व्यवस्था गरेकोमा कलेजो काटिएको निको नभई त्यसैको संक्रमणको कारणबाट घाइते परलोक भएको अवस्थामा ज्यान सम्बन्धीको महलको ८ नं. को प्रावधानले समेट्दैन भन्न नमिल्ने।
- हुलमुलमा हानाहान हुँदा दुई प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको छुरा भाटा इत्यादिले प्रहार गरेको र घाइतेको ज्यान गएको अवस्थामा वारदातको प्रकृतिले ज्यान सम्बन्धीको महलको १३(३) नं. को अवस्था रहेको देखिने ।

४. बलराम खड्का वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७६)

- भवितव्य नठहर्ने कुरामा कसैले कसैलाई कुनै तरहले कुनै अंग भाँच्ने, छिनाल्ने गरी कुटपिट गरेकोमा त्यो थला परी निको नभई मरे कुटपिट गर्ने व्यक्तिलाई ज्यानमाराको बात लाग्छ । यस्तो अवस्थामा जतिसुकै समयपछि मरे पनि बात लाग्छ । यसमा सो चोट पीरले थला परी निको नभएको हुनुपर्छ । पहिलेको चोटपीडा एकपटक निको भइसकेको अवस्थामा भने बात लाग्दैन । बात लाग्न चोटपीडाको अनवरतता (Continuation) कायम भइरहेको हुनुपर्छ । टुट्नु (Break) हुँदैन । प्रतिवादीको कुटपिटकै कारण पीडित थला परी सोही चोटपिरका कारणबाट पीडितको मृत्यु भएको देखिएको अवस्थामा प्रतिवादीलाई ज्यान सम्बन्धीको बात लाग्ने नै देखिने ।
- पहिले अपराधले पूर्णता नपाई उद्योगसम्म देखिएको स्थितिमा मुद्दा चल्दाचल्दैको अवस्थामा परिस्थितिमा परिवर्तन भई अपराधले पूर्णता प्राप्त गरेमा पूर्ण अपराधमा मुद्दा चलाउन र सजाय गर्न फौजदारी न्याय सिद्धान्तले रोकेको नदेखिने ।

५. सन्तोषकुमार पण्डित वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६७)

- कसूरको अवस्थालाई जरियाको सिद्धान्त (Doctrine of Causation) को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त (Doctrine of causation) आकर्षित हुनेतर्फ विचार गर्न सकिने । किनभने Doctrine of Causation को सिद्धान्त "a man can only be held liable for the consequences of his actions" भन्ने मान्यतामा आधारित हुन्छ । जरियाको सिद्धान्त (Doctrine of Causation) स्थापित हुन मुख्य गरी Factual

Causation र Legal Causation बिचको सम्बन्ध स्थापित हुनुपर्ने । अभियुक्तले गरेको कसूरजन्य कार्यको chain of causation भङ्ग भएको देखिन्छ भने पछिल्लो कसूरबापतको दायित्व अभियुक्तले बेहोर्नु नपर्ने ।

४. आवेशप्रेरित हत्या

१. जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१६७)

- फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नु पर्ने खास उद्देश्य (Motive) भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए पनि सबै परिस्थितिमा सबै मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था पनि रहँदैन । तथापि प्रतिवादीमा आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निस्कन्छ भन्ने ज्ञान भई त्यो परिणामको पूर्वानुमान लगाएको साथै त्यो परिणाम निस्कियोस् भन्ने इच्छा राखेको हुन्छ । तर कानूनले आत्मरक्षा वा प्रतिरक्षाको परिस्थितिको व्यवस्था गरेको छ, जसलाई वैध प्रतिरक्षाको उपस्थिति (Presence of Valid Defense) मानिन्छ, त्यो अवस्थामा केही गर्दा जुल्मीको मृत्यु भएमा त्यो मनसायप्रेरित हत्याको अपवाद स्वरूप देखा पर्ने ।
- आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफूले आफैलाई नियन्त्रण गर्न नसकी उत्तेजित भई आप्mनो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । तथापि प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने ।
- पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आप्mनो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रूपमा (Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।
- आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसाबमा आंकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन प्रतिवादीले आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self–Induce Provocation) गरेको भन्ने हुन नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling-off Blood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

२. नेपाल सरकार वि. टेकबहादुर साँवा (लिम्बू) (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२५८)

- मृतकको कार्यले प्रतिवादीले आत्मनियन्त्रण गुमाउने परिस्थितिको अवस्था थियो कि थिएन भन्ने कुरा गणितीय हिसाबमा मापन गर्न नसकिए पनि यस्तो कुरा कुनै घटनाको प्रकृति र परिस्थितिद्वारा निर्धारण गरिने कुरा हो । यसमा स्वाभाविक मानवीय भावना र संवेदनशीलता जस्ता कुराहरू पनि विचारणीय हुन्छन् । प्रतिवादीकै क्रियाकलापको कारण अथवा प्रतिवादीले नै पहिला मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सिर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तात्कालीन आवेशको संज्ञा दिन नमिल्ने ।
- आफ्नो इच्छित कार्यबाट उत्पन्न भएको परिणामलाई अनिच्छाको वा वेहोशीको अवस्थामा गरिएको कार्यको रूपमा हेर्न मिल्दैन । सचेत अवस्थामा आफूले गरेको कुनै कार्यले खराव परिणाम निकाल्न सक्छ भन्ने जान्दाजान्दै पनि सो कार्यमा तल्लीन भई खराव परिणाम उत्पन्न भएमा त्यसको जवाफदेहीता पनि निजले

नै बहन गर्नुपर्ने ।

- आफ्नो स्वेच्छाले मादक पदार्थ सेवन गरेको र सो सेवनसमेतको असरबाट थप उत्तेजित भई मृतकलाई अन्धाधुन्ध कुटपिट गरेको कार्यबाट मृत्यु भएको हुँदा त्यस्तो अपराधलाई मनसायप्रेरित हत्याकै कोटीमा राखेर हेर्नुपर्ने ।
- सामान्य समझबुझको व्यक्तिले नशा हुने मादक पदार्थसमेत सेवन गरी वा नगरी गरेको कसूरको लागि ऐन बमोजिम हुने सजायको भागी पनि सोही व्यक्ति बन्नुपर्ने ।
- मादक पदार्थको सेवनबाट अपराधको प्रकृतिमा अन्तर नआउने र सजायमा छुटको आधार बन्न नसक्ने ।

३. श्री ५ को सरकार वि. अजीज मुसलमान (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५४)

- कुनै कागज मृत्युकालीन घोषणा हो वा होइन निक्यौल गर्न घोषणाकर्तालाई आफू मृत्युको सन्निकट रहेको आभास भएकै हुनुपर्ने मानेको छ । सिद्धान्ततः आफू पक्कै मर्ने अवस्थामा पुगेको आभास घोषणाकर्तालाई भएको सम्बन्धित कागजबाट देखिएको छ भन्ने स्थापित भएपछि मात्र त्यसका अन्तरवस्तुमा प्रवेश गर्न मिल्ने ।
- मृतकको कथन मृत्युकालीन घोषणा हुनका लागि घोषणाकर्ता कति समयभित्र मर्न पर्छ भन्ने सीमारेखा तोकिएको हुँदैन । तर सो कथन र मृतकको मृत्युका बीच मृत्युका अन्य कारण र अवस्था विद्यमान हुन भन्न नहुने ।
- प्रमाण ऐनको दफा ११ को सीमामा परेन भन्दैमा कुनै लिखित अभिव्यक्ति प्रमाणशुन्य हुँदैन । प्रमाण ऐनका अन्य कुनै व्यवस्था अन्तर्गत त्यो प्रमाण हुन सक्दछ भने त्यसको न्यायिक मूल्याङ्कन हुन सक्ने ।
- आफू उपर घटेको घटनाका सम्बन्धमा सविस्तार व्यक्त गरी गरिदिएको कागजलाई अन्य स्वतन्त्र प्रमाणबाट खण्डित भएको अवस्था नहुँदा प्रमाण ऐनको दफा १० बमोजिम प्रमाणको रूपमा ग्राह्य हुने ।
- मुख्य रूपमा आफुले गरेको कार्यले पीडित मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्ने तर्फ कर्ता सचेत रहेको अवस्थामा दुर्भाग्यवस मानिसको मृत्यु भएमा त्यो भवितव्य हुने कानूनी मनसाय देखिन्छ । त्यसैले भवितव्य हत्यालाई सांयोगिक घटनाको रूपमा ग्रहण गरिन्छ । यसमा फौजदारी अपराधमा हुने आपराधिक तत्वमध्येको महत्वपूर्ण तत्व "मनासय"को अभाव रहेको हुन्छ । संयोगवस मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसायप्रेरित हत्याको रूपमा हेर्रिदैन । आफुले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान पनि यसका कर्तामा हुनु हुँदैन । ज्यान लिनेसम्मको रिसइवी पनि हुनु नहुने ।
- आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफुले आफैलाई नियन्त्रण गर्न नसकी तत्काल उत्पन्न कुनै कारणबाट उत्तेजित भई आफ्नो कार्यबाट हुने परिणामको ख्यालै नगरी पीडित उपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । यसमा प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात मृतकबाटै हुनु पर्दछ । यो उत्तेजना योजनाबद्ध वा पहिलेदेखि नै विद्यमान रहेको नभई तत्काल नै मृतकको व्यवहारका कारणले जन्मेको हुनुपर्ने ।
- पीडितको कारणबाट उत्पन्न हुन आवेशको अवस्था त्यो हदसम्म हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस समेत सामान्य मानवीय कमजोरीका कारणबाट उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको हुनुपर्छ । आत्मनियन्त्रण गुमाउने

अवस्था थियो थिएन घटनाको परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने ।

४. नेपाल सरकार वि. विकास महत (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४१५)

- आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसावले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतकबीचको सम्बन्ध र व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिने ।
- आवेशको उत्तेजना मृतकको क्रियाकलापबाट अचानक उत्पन्न भई त्यसको प्रभावले अभियुक्तले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको अवस्था हुनुपर्ने ।
- मृतकको असह्य क्रिया उपर अभियुक्तले तत्कालै भावावेशको अवस्थामा प्रतिक्रियात्मक रूपमा मृतक उपर आक्रमण गरेको छैन र मृतक उपर आक्रमण गर्न मद्दतगार बोलाउने वा उपयुक्त र अनुकूल वातावरणको खोजी गरी मृतक उपर आक्रमण गरेको अवस्था छ भने त्यस अवस्थालाई आवेशको अवस्था समाप्त भएको मानिने हुँदा त्यस्तो हत्यालाई आवेशप्रेरित हत्याको संज्ञा नदिई मनसायप्रेरित हत्या नै मानिने ।
- फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नुपर्ने खास कारण भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए तापनि सबै परिस्थिति र अवस्थामा मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था नरहने ।
- अवस्था र परिस्थिति अनुरूप अभियुक्तमा तत्काल मृतक उपर ज्यान लिनुपर्ने मनसाय तत्व जागृत भएको हुनसक्छ । वारदातमा प्रत्यक्ष प्रमाण भएको अवस्थामा मार्नु पर्ने खास कारणको खोजी गर्नु उपयुक्त नमानिने ।
- हरेक मनसायप्रेरित हत्यामा घातक वा जोखिमी हतियारको प्रयोग निर्णायक तत्व हुन सक्दैन । साधारण लाठा, ढुङ्गा वा लात, मुक्काको निर्घात प्रयोग मृत्युवरण गराउनमा पर्याप्त हुनसक्छ । त्यसैले आवेशप्रेरित हत्यामा कानूनले निर्धारण गरेका सबै तत्वहरू एक आपसमा गाँसिएर रहेको अवस्था हुनु अनिवार्य हुने ।
- मृतकले प्रतिवादीहरूलाई असह्य उत्तेजित पार्ने कुनै पनि क्रिया वा व्यवहार गरेको भन्ने नदेखिएको अवस्थामा मृतकलाई समूहगत रूपमा कुटपिट गरेको र उपचारको लागि लगेको अवस्थामा सोही कुटपिटको जरियाबाट मृतकको मृत्यु भएको अवस्थामा प्रतिवादीहरूको कार्य आवेशप्रेरित हत्याको रूपमा स्थापित नभई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. अनुरूप मनसायप्रेरित हत्याकै कोटीमा पर्ने ।

५. अम्बरबहादुर पुन मगर वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ४, नि. नं. ८९८८)

- कुनै अमुक घटना वा व्यवहार कुनै व्यक्तिका लागि तत्कालै गम्भीर प्रकृतिको रिस उठ्ने विषय बन्न सक्दछ भने कसैका लागि सामान्य वा कसैकसैलाई रिसै नउठ्ने पनि हुन सक्दछ । त्यसैले के कस्तो आचरण वा व्यवहारबाट के कस्तो प्रकृतिको के कति मात्रामा रिस उठ्छ वा उठ्दैन भन्ने कुराको स्वीकार्य मापदण्ड बनाउन सजिलो हुँदैन । तर तत्काल उठेको रिसबाट आवेशमा आई गरिने आचरण, व्यवहार वा क्रियाकलापको न्यूनतम् स्वीकार्य मापदण्ड भने हुन सक्ने ।
- घाँटी न्याकी पटक—पटक टेबुलमा टाउको ठोक्काइएको कारणबाट बेहोस भई भुइँमा लडेकी महिलालाई निजकै (चुन्नी) सलले घाँटी कसेर मारिएको क्रिया मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं. ले परिकल्पना गरेको तत्काल उठेको रिस थाम्न नसकी गरेको कार्य तथा सामान्य लाठा, ढुङ्गा वा लात

मुक्काले हानेको अवस्था नभई घाँटीमा सलले कसी मारेको क्रियालाई यस अन्तर्गत समावेश गर्न नमिल्ने ।

- पटक—पटक टाउको ठोक्काई पहिले नै बेहोस भई लडेको व्यक्तिको पुनः घाँटी कसी मार्नेसम्मको कार्य गरिन्छ भने त्यस्तोमा मानिस मार्ने मनसाय थियो थिएन भनी खोजी गरिरहनु पर्दैन । सो कार्य स्वयं नै मनसाय पुष्टि हुने पर्याप्त र वस्तुनिष्ठ आधार हो । यस्ता कतिपय क्रूर र अमानवीय हत्याका वारदातमा आपराधिक कार्यबाट नै मनसाय निःसृत हुने हुँदा मनसाय तत्वको निरपेक्ष खोजी गर्न आवश्यक नहुने ।

६. नेपाल सरकार वि. ईश्वर लिम्बू (ने.का.प. २०७०, अंक ४, नि.नं. ९००५)

- मुलकी ऐनको ज्यान सम्बन्धी महलको १४ नं. को व्यवस्थामा मान्छेको उपस्थिति पनि भएको, घटना वारदात मान्छे—मान्छे बीच भएको तर उक्त मान्छेले मान्छेलाई ज्यान मार्नेसम्मको कुनै मनसाय पनि नभएको, ज्यान लिनुपर्नेसम्मको पूर्व रिसइबी पनि नभएको, लुकी चोरीकन पनि नहानेको, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लातमुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दस वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी अवस्था भएकाले सोही ऐन बमोजिम मानिस—मानिसबीच वारदात हुन गएको तर उसै मौकामा उठेको रिस थाम्न नसकी लात मुक्काले हानेको अवस्थाबाट मृतकको मृत्यु हुन गएकाले सोही ऐनको १४ नं. आकर्षित हुने ।

७. नेपाल सरकार वि. कमल कामी (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२६)

- पहिला सामान्य विवाद भए पनि सोही विवादलाई जरिया बनाई समयको अन्तराल पछि योजनाका साथ बाटोमा लुकीछिपी बसी आक्रमण गरिएको छ । विवाद भएको ठाउँबाट आफ्नो घर गई रिसइबी साध्ने मनस्थितिका साथ आई घटना घटाएको स्थिति हुँदा तत्कालको आवेगमा घटना हुन पुगेको भन्ने देखिँदैन । विवाद भएको तात्कालीक समयमा घटना भएको छैन । विवाद सिर्जना भएको समय र ७ वारदातको समयको अन्तराल लामो भएको अवस्थामा क्षणिक क्षति हुने वा आत्मनियन्त्रण गुम्न जाने स्थिति हुँदैन । आत्मनियन्त्रण गुमेको समयमा नै घटनाले पूर्णता पाई सकेको अवस्थामा केही विचार नै गर्न पाएको नहुने ।
- ज्यान सम्बन्धी महलको १४ नं. मा "उसै मौकामा उठेको रिस थाम्न नसकेको" भन्ने शब्दावलीले समयको तत्वलाई इङ्गित गर्दछ । बिहान १० बजे उठेको रिसको परिणति अपरान्ह चार बजे हुने क्रियालाई ज्यान सम्बन्धीको १४ नं. ले सम्बोधन गरेको मान्न नमिल्ने ।
- समयको अन्तरालमा रिस शिथिल हुने, अपराध गर्न नहुने कुरामा सचेतता बढ्ने स्थिति हुन्छ । रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने, कुनै योजना बनाउन नभ्याउने स्थिति महसुस गरी यस्तो अवस्थामा हुने ज्यान सम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुँलियतपूर्ण व्यवस्था गरेकाले ज्यान सम्बन्धी १४ नं. को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसूर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने ।
- पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई त्यसको आवेशले क्षणिक रूपमा (Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।
- आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसाबमा आँकलन गर्न नसकिए पनि यो

कुनै घटना, परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self– induce Provocation) गरेको भन्न नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling of Blood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

८. पुष्पबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ७, नि.नं. ९०३६)

- उत्तेजनामा आई चोटमाथि चोट छाडिएको प्रमाणबाट पुष्टि भएको वारदातलाई ज्यान सम्बन्धी महलको ५ नं. मा वर्णित अन्तरवस्तुको अभावमा भवितव्यको वारदात भन्न नमिल्ने ।
- घटित वारदातको प्रकृति, "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा" मुलुकी ऐन, ज्यान सम्बन्धीको १४ नं. ले वर्णित गरेको अपराधको प्रकृतिभित्र पर्न आउने ।
- एक पक्षले अर्को पक्षको कुनै खास व्यक्तिलाई मार्ने गरी पूर्व रिसइवीका साथ योजना नबनाएको वारदातलाई ज्यान सम्बन्धीको १३ नं. द्वारा परिभाषित गरिएको नियतवश वा मनसायपूर्वक गरिएको हत्याको संज्ञा दिन मिल्ने नभई ज्यान सम्बन्धीको १४ नं. अन्तर्गतको वारदात स्पष्ट हुने ।
- एक पक्षले अर्को पक्षलाई मार्ने गरी पूर्व रिसइवीका साथ योजना बनाएको र सोहीअनुरूप कार्य नगरेको, मार्नु पर्नेसम्मको मनसायको पूर्णतया अभाव रहेको र पूर्व योजना र तयारी बमोजिम घटना घटेको नभै दुई पक्षबीच तत्काल मृतकको घर जाने बिषयमा कुरा नमिलेको कारणबाट उठेको द्विपक्षीय विवादले कुटपिटको घटना भएकाले पूर्व रिसइवीको अभावमा आरोपित ज्यान सम्बन्धीको १३ (३) नं. को कसूरदार मान्नु कानून र न्यायसङ्गत हुन नसक्ने ।

९. नेपाल सरकार वि. सुकराम श्रेष्ठसमेत (ने.का.प. २०७०, अंक ८, नि.नं. ९०४५)

- उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुँदा लामो समयसम्म रहँदैन । रिस उठने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई यसले समेट्दैन । एकै क्षणमा एक वा बढी मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठन सक्छ वा सक्दैन भन्ने कुरा आवेश उत्पन्न गर्ने कारणमा निर्भर गर्ने गर्दछ । कुनै व्यक्ति विशेषलाई उसको आत्मसम्मानमा चोट पुग्ने वा गम्भीर सम्वेदनशील विषय लिई बेइज्जत गर्ने कार्य गरेमा त्यही व्यक्ति विशेषलाई क्षणिक आवेश वा तत्काल थाम्न नसक्ने रिस उठन सक्छ र अरू छेउछाउमा रहने सुन्नेलाई रिस उठे पनि थाम्न नसक्ने रिस भने उठेको नै हुन्छ भन्न नसकिने ।

१०. नेपाल सरकार वि. सेती विश्वकर्मा (ने.का.प. २०७०, अंक १२, नि.नं. ९०९४)

- प्रतिवादीलाई कुटपिट गरिरहेकोमा मृतकलाई सम्झाउन खोज्दा मृतकले नै प्रतिवादीलाई कुटपिटगरी सिंगल सिंगल खेल्ने हो भनी च्यालेञ्ज गरेको हुँदा रिस थाम्न नसकी सोही वारदातस्थलमै भएको लाठाले हानेको र सोही चोटले मृतकको मृत्यु भएको तथ्य मिसिल प्रमाणबाट पुष्टि भएकोले प्रस्तुत वारदात मनसायप्रेरित नदेखिई आवेशप्रेरित हत्या देखिने ।

११. चक्रबहादुर डाँगी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ६, नि.नं. ९१८८)

- प्रतिवादीको कार्य निरन्तर नभई पहिले हातले घाँटी थिचेको पछि हँसिया झिकेर तार काटेको त्यसपछि मात्र मृतकको घाँटीमा बेरी कसेको देखिएको वारदात मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १४ नं. बमोजिम निर्धारित तत्कालको आवेश प्रेरित हत्याको वर्गमा पर्न नसक्ने ।
- वारदात हुँदा प्रतिवादी पूर्व रिसइबी लिई अथवा पूर्व मनसाय लिई मृतकको घरमा गएको अवस्था नदेखिएको, मृतकले नै बोलाएर यी प्रतिवादी मृतकको घरमा गएको देखिएको, निजले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई सहयोग गरेको देखिएको, घटनाको वस्तुस्थिति, घटना घट्दाको समग्र परिस्थिति तथा वारदात हुँदा प्रतिवादीको उमेरसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने ।

१२. ईरमान तामाङ्ग वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२५०)

- मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन । आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडित उपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त गर्ने ।
- भवितव्य हत्यामा प्रतिवादीले मानिस उपर ताकेर प्रहार गरेको नभई सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवश वा भवितव्यवश मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ । त्यस्तो अवस्थामा मात्र ज्यान सम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सो अन्तर्गतको सुविधा प्राप्त गर्ने ।

१३. नेपाल सरकार वि. चन्द्रमान तामाङ डिम्डोङ (ने.का.प. २०७१, अंक ११, नि.नं. ९२९३)

- कुटपिट गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको जोसुकैले सहजै अनुमान गर्न सक्नेमा सो स्वाभाविक मानवीय सुझबुझ चेतनालाई ख्याल नगरी रिसको आवेगमा कुटपिट गरेकालाई १३(३) वा ५ नं को कसूरको संज्ञा दिन नमिल्ने । श्रीमतीले मट्टितेल खन्याएको प्रत्यक्ष देखेको विषम परिस्थितिमा आगो लाग्न नदिने उपाय अपनाउनु पर्नेमा सहजै आगो लाग्न सक्ने किसिमबाट मृतक नजिक गई लाइटर बालिएको छ । सामान्य समझ भएका प्रतिवादीलाई त्यसरी लाइटर बाल्दा मानिस मर्न सक्छ भन्ने अनभिज्ञता थियो भनी कल्पना गर्न नसकिने ।
- कुनै नियत नै नभएको कर्पोरेसनहरूबाट भएको जनक्षतिमा त ज्यान कसूर ठहर गर्न सकिने गरी corporate manslaughter ले समेत मान्यता पाएको विश्व समुदायको फौजदारी कानून र स्वयम् यस अदालतबाट क्रमबद्ध रूपमा ज्यान मुद्दाहरूमा भएका व्याख्याहरू र संविधानको धारा १०० मा उल्लिखित न्यायका मान्य सिद्धान्तबाट समेत वारदातलाई भवितव्यको संज्ञा दिन नसकिने । मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १४ नं. भनेको आंशिक प्रतिरक्षाको जिकिर हो । यो प्रतिरक्षा प्रतिवादीले नउठाएसम्म अदालतले यसमा प्रवेश गर्न नमिल्ने हुँदा जिकिर प्रतिवादीबाट त्यसको प्रमाण सहित आउनुपर्ने ।

१४. आनसिंह ठगुन्ना वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५८)

- आवेशप्रेरित हत्याको कुरामा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ । मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसूरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक हुन्छ । मृतकले गरेको कार्यबाट आवेशमा आउने अवस्था थियो वा थिएन भन्ने कुरा Reasonable person standard बाट परीक्षण गरिनु पर्दछ । केवल मृतकको व्यवहार वा कार्यका कारणबाट आवेशमा आएर ज्यान लिएको हुँ भनी प्रतिवादीले गरेको जिकिरलाई नै आवेशप्रेरित हत्या भनी मान्ने निर्णायक आधारको रूपमा ग्रहण गर्न नसकिने ।

१५. निमतेम्बा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१३९)

- ज्यान सम्बन्धी मुद्दाहरूमा आवेशको अवस्थालाई अपराधको गाम्भीर्य घटाउने परिस्थितिको रूपमा लिइने हुँदा यस्तो हत्यालाई मनसायप्रेरित हत्याको वर्गमा राखेर हेरिएको पाइँदैन । यस्तो हत्यामा प्रतिवादीमा पीडित उपर आक्रमण गर्ने उत्तेजना भने तत्काल जागृत भएको हुन्छ । आवेशको उत्तेजनामा गरिने कार्यमा कर्ताले त्यसबाट उत्पन्न हुने परिणामको ख्याल नगर्ने र त्यस सम्बन्धमा कुनै सोच विचारसमेत नगर्ने हुँदा आवेशको अवस्थालाई तत्कालीन भावावेश र उत्तेजनाको रूपमा लिनुपर्ने हुन्छ । यस्तो आवेश वा त्यस्तो उत्तेजना मृतकको क्रियाकलापबाट वा निजसँग अन्योन्याश्रित क्रियाकलापबाट प्रतिवादीको मानसिकतामा तत्काल सिर्जित गराउने ।

१६. रवि खनाल वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५४३)

- आवेश प्रेरित हत्या हुनको लागि अभियुक्तमा ज्यान मार्ने रिसइबी, मनसाय र ज्यान जान सक्छ भन्ने ज्ञान (knowledge) समेत रहे भएको देखिनु हुदैन । अर्थात् रिसइबी, मनसाय वा मर्न सक्ने ज्ञानपूर्वक गरिएको हत्यालाई आवेश प्रेरित हत्याको परिभाषाभित्र पर्ने गरी व्याख्या गर्न नमिल्ने ।
- नियन्त्रण गुमाउन सक्ने गरी (loss of control) उत्तेजित बनाउने अवस्था नदेखिएको र स्पष्ट नियत र योजनाका साथ अपराधिक क्रियाकलाप गरी सोको परिणामसमेत विचार गरी गरिने कुनै पनि अपराधिक कार्य आवेशप्रेरित र भवितव्य मान्न नसकिने ।

१७. सुरज मण्डल वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५४६)

- आवेश प्रेरित कार्य र त्यसको प्रतिक्रिया (reaction) को बिचमा यदि आवेश शान्त हुने समय (cooling off period) हुन्छ भने उक्त समय, मनसाय तत्त्वको सिर्जना (creation of intention) हुन प्रर्याप्त हुने भएकोले त्यस्तो कार्यलाई आवेश प्रेरित भन्न नमिल्ने ।

१८. नेपाल सरकार वि. कविराम कुँवर (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५५३)

- आवेश प्रेरित हत्यामा प्रतिवादीमा पीडितउपर आक्रमण गर्ने उत्तेजना तथा रिस तत्काल नै जागृत भएको हुन्छ । तत्कालको रिस थाम्न नसकी उत्पन्न आवेश वा उत्तेजनामा गरिने कार्यबाट सम्भावित परिणामको ख्याल नगर्ने र त्यस सम्बन्धमा सोचविचारसमेत नगर्ने हुँदा तत्कालको अवस्थालाई तत्कालीन आवेश वा उत्तेजनाको रूपमा लिनुपर्ने हुन्छ । यस्तो आवेश वा उत्तेजना मृतकको क्रियाकलापबाट वा निजसँग अन्योन्याश्रित क्रियाकलापबाट प्रतिवादीको मानसिकतामा तत्काल सिर्जित गराएको हुने ।

१९. टेकराज श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०/११, नि.नं. १०५९२)

- कर्ता आवेश प्रेरित छ र निजले कसैउपर प्रहार गरेको चोट स्वाभाविक वा निर्दोष वा अन्जानमा नभई गैरकानूनी वा अनुचित रहेको र त्यो कार्यबाट कुनै मानिसको मृत्युसम्म हुन पुग्दछ भने त्यस्तो कार्यलाई भवितव्य मानी कम सजाय गर्न कानूनले अनुमति नदिने ।

२०. नेपाल सरकार वि. बद्रीप्रसाद तिमल्सिना (ने.का.प. २०७९, अंक ५, नि.नं. १०८७१)

- आवेशप्रेरित हत्या (homicide by provocation) ठहर्नका लागि मृतकका कार्यले अभियुक्त आकस्मिकरूपमा उत्तेजित हुनुपर्दछ र रिस थाम्न नसकी अभियुक्तले केही गर्दा मानिस मरेको हुनुपर्ने । मृतकले उठाएको उत्तेजनाको मात्रा र अभियुक्तले व्यक्त गरेको प्रतिक्रिया विचारणीय हुने, अर्थात् आवेश उठाउने कार्य र प्रतिक्रियाबिच समानुपातिक सम्बन्ध हुनुपर्ने (retaliation must be proportionate to the provocation) । अर्को पक्षबाट सामान्य उत्तेजना भएकोमा अभियुक्त रिसाई अति उग्र प्रतिक्रिया जनाएमा पनि कानूनले त्यस्तो कार्यलाई छुट नदिने । पीडित पक्षबाट भएको अति सामान्य उत्तेजक कार्यबाट पनि यदि कोही संयम गुम्ने (loss of control) किसिमबाट उत्तेजित भएको दावा लिन्छ भने कानूनले उक्त दावा स्वीकार गर्न नसक्ने ।
- मार्ने नै मनसाय नभए पनि मानिस मर्न सक्छ भनी जानीजानी ठुलो खतरा भएको कुनै काम गर्दा मानिसको ज्यान गएमा मनसाय प्रेरित हत्या (intentional homicide) को आपराधिक मनसाय (mens rea of murder) पूरा भएको मानिने ।

२१. नेपाल सरकार वि. जीतबहादुर थापा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६३)

- आवेशप्रेरित हत्याको वारदात कायम हुनको लागि ज्यान मार्ने मनसाय हुन नहुने । मृतक र प्रतिवादीबिच ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने पनि देखिन नहुने । त्यसका अतिरिक्त वारदातमा जोखिमी हतियारको प्रयोग भएको हुन नहुने । प्रतिवादीले ज्यान मार्ने षड्यन्त्र गरेको, सोबमोजिमको योजना बनाएको, योजनाबमोजिम तयारी गरी मार्नेसम्मको कार्य भएको भन्ने कहींकतैबाट देखिन नहुने । प्रतिवादीले तत्काल आवेशमा आई आत्मसंयम गुमाई कार्य हुन पुगेको हुनुपर्ने ।

२२. विदुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६०)

- जहाँ बदलाको भाव उत्पन्न हुन्छ त्यहाँ आवेशको स्थान नरहने । आवेशमा आई होस गुमाएको मानिसले चुल्ठोमा समाई अनुहार आफूतर्फ फर्काई निधारजस्तो संवेदनशील अंग यकिन गरी पटकपटक प्रहार गर्ने अवस्था नहुने । भुइँमा लडेपछि पनि घाँटीमा च्याप्ने, चिउँडोमा टोक्नेलगायतका आक्रमण प्रतिवादीले मृतकउपर गरेको पुष्टि भएको अवस्थाले प्रतिवादीमा आवेशको स्थिति समाप्त भई उद्देश्यमूलक आक्रमणमा संलग्न भएको मान्नुपर्ने । भौतिक प्रहारपछि प्रतिवादीले मृतकलाई जबरजस्ती करणीसमेत गरेको प्रमाणित भएको अवस्थामा यस्तो वारदातलाई आवेश प्रेरित हत्याको कसूर मान्न नमिल्ने । जबरजस्ती करणीको निमित्त गरिने निर्मम हिंसाको स्वरूप नै मान्नुपर्ने।

५. भवितव्य

१. नेपाल सरकार वि. केशबहादुर बुढाथोकी (ने.का.प. २०६७, अंक ८, नि.नं. ८४३५)

- मैले कानून थाहा नभएर अपराध गरेको हुँ भनेर कसैले फौजदारी दायित्वबाट छुटको दाबी गर्न नसक्ने ।
- तथ्यको अज्ञानता वा भूल (Mistake of Fact) को प्रश्न छ त्यो क्षम्य मानिन्छ । तथ्यको अज्ञानता सबै कानूनमा क्षम्य मानिन्न, केवल फौजदारी कानूनमा मात्र क्षम्य मानिन्छ । तथ्यको अज्ञानताको कारणले फौजदारी दायित्वबाट मुक्ति पाउन जुन तथ्यको भूलले गर्दा नघट्नु पर्ने कार्य घटित भएको छ त्यस्तो तथ्यको ज्ञान भएको भए सो व्यक्तिले त्यस्तो कार्य गर्ने थिएन भन्ने कुरा प्रमाणित हुनुपर्छ र तथ्यको भूल उचित र कारणसम्मत् हुनुपर्ने ।
- मृतकलाई मार्नुपर्ने मनसाय, रिसइवी र पूर्व योजना नदेखिएको, शिकार खेल्न जंगलमा गएको अवस्थामा तथ्यको भूलको कारणले जनावरलाई भनी हानेको गोली मृतकलाई लाग्न गई ज्यान गएको परिस्थिति समेतको मूल्याङ्कन गर्दा ज्यान सम्बन्धी महलको ६(२) नं. बमोजिम एक वर्ष कैद हुने ।

२. कमला बि.क. वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०२)

- भवितव्यको वारदात हुँदा कर्तव्य गर्ने व्यक्तिले गम्भीर परिणामको सम्भावना देखेको हुँदैन । कुनै मनसाय, इविलाग नभएको र पूर्व परिणामको सम्भावना नरहेको स्थितिमा भए गरेको कार्यबाट नदेखिएको वा नसोचिएको तर कानूनले निषेध गरेको कुनै परिणाम आउँछ भने त्यस स्थितिमा भवितव्यको घटना हुन जाने ।
- पीडितले औषधि गरेनन् वा ठूलो अस्पताल र विदेशमा गै उपचार गर्नुपर्ने, नगरेको कारण मृत्य भयो भन्ने आधारमा पीडितलाई नै दोष दिई अभियुक्तलाई छुट दिने हो भने पीडित पक्षलाई अझ बढी अन्याय हुन जान्छ । आफूले गरेको अपराधमा पीडितले नै औषधि उपचार नगरेको भन्ने आधारमा अभियुक्तले छुट पाउन नसक्ने ।
- कुटपिटको वारदातलाई क्रम भङ्ग गर्ने प्रकृतिको मृतक उपर अर्को घटना घटेको पुष्टि नभएको स्थितिमा, अर्को कारणले मृतकको मृत्यु भएको भन्न नमिल्ने ।

३. नेपाल सरकार वि. ईश्वर लिम्बू (ने.का.प. २०७०, अंक ४, नि.नं. ९००५)

- मुलकी ऐनको ज्यान सम्बन्धी महलको ५ नं. अनुसार घटनामा फौजदारी अपराध हुने आपराधिक तत्वमध्येको महत्वपूर्ण तत्व मनसायको अभाव रहने हुन्छ । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान यसमा हुँदैन । कुनै एउटा कामको निमित्त सावधानीसँग सतर्कतापूर्वक गरिरहेको अवस्थामा अचानक केही ब्यहोराले अरूलाई लाग्न गएकोमा भवितव्य हुन्छ ।
- भवितव्यबाट सो घटना घट्न गएको हो भन्ने पक्षले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन । उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने कुराको प्रमाणित गर्नुपर्दछ । सो घटनामा मानिस छ भन्ने कसूरदारलाई थाहासम्म पनि भएको हुनु हुँदैन । अरू नै कुनै केही चीज वस्तुउपर प्रहार गर्दा अचानक मानिस उपर पर्न गै मानिसको मृत्यु भएको हुनुपर्ने ।

४. नेपाल सरकार वि. केदार माझी (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६३)

- अ.वं. १८८ नं. को व्यवस्था अनुसार सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि भवितव्य हो कि भन्नेसम्मको शङ्काको अवस्था विद्यमान हुनुपर्ने र अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐन बमोजिम सजाय दिँदा चर्को पर्ने भई घटी सजाय हुनुपर्ने देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको राय व्यक्त गर्नुपर्ने ।
- भवितव्य हो कि भन्नेसम्मको शङ्काको अवस्था विद्यमान भएको मुद्दामा मात्र घटी सजाय गर्नुपर्ने कारणसहितको राय व्यक्त गर्नुपर्ने ।
- मुद्दाको वारदातमा प्रतिवादीद्वारा मृतकका टाउकामा प्रहार गरी मृतक भूईंमा ढलेपछि पनि पुनः पेटमा प्रहार गरी मृतकको मृत्यु भएको देखिएको र त्यसमा विवाद भएको अवस्था नदेखिएको हुँदा टाउकोमा भएको प्रहारले मृतक भूईंमा ढलेपछि पनि पुनः निज मृतकको पेटमा भएको प्रहारले प्रतिवादीको मृतकलाई मार्नेसम्मको मनसाय नभएको भनी पुष्टि गर्नसक्ने अवस्था नभएकाले त्यसलाई भवितव्य भनी भन्न सकिने अवस्था नदेखिने ।
- अ.वं. १८८ नं. बमोजिम सजाय चर्को पर्ने भई कम सजायको राय व्यक्त गर्दा सो रायको पनि मनासिव आधार हुनुपर्ने भई अभिव्यक्त रायको पुष्ट्याइँ (Justification) हुनुपर्ने ।

५. भरत वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२३०)

- छुराले मृतकलाई कुनै संवेदनशील अङ्ग जस्तो टाउको, घाँटी, छाती, पेट कोखामा लागेको नभई हातमा लागेको अवस्था छ । अत्याधिक रगत बग्नुको कारणबाट मृत्यु भएको देखिन्छ । यसो हेर्दा भवितव्य परेको होकि भन्ने जस्तो देखिए पनि छुरा जस्तो धारिलो हतियार चलाउँदा मानिसलाई लागी मर्न सक्छ जस्तो देखिने हुँदा ज्यान सम्बन्धीको महलको ५ नं. यहाँ लाग्न नसक्ने ।
- परिस्थितिवश मृतककै कार्यकारण विवादका क्रममा चोट लागी वारदात घट्न गएको अवस्था विचार गर्दा प्रतिवादीलाई ऐन बमोजिम सजाय दिँदा चर्को हुने चित्तले देखिँदा प्रतिवादी भरत वि.क. लाई निजले गरेको कसूरको प्रकृति अनुसार आवेशप्रेरित भन्दा कम भवितव्य भन्दा केही बढी कैद वर्ष पाँच हुन मनासिव देखिने ।

६. विकास खड्का वि. नेपाल सरकार (ने.का.प २०७३, अंक ७ नि.नं. ९६४०)

- हाम्रो कानून प्रणालीमा कसूर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालत समक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ट मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ । कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसूरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसूरदार ठहरिन सक्छ । केही गरी निरपराध व्यक्ति अदालतबाट कसूरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिदैन । त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसूर गरेको भन्नेमा थोरै मात्र पनि शंका देखिएमा कसैलाई पनि कसूरदार ठहराउन नमिल्ने ।
- प्रतिवादीहरूमा मार्ने मनसाय थियो थिएन ? यदि थियो भने के कुन हदसम्म थियो ? भनी हेर्नु सान्दर्भिक हुन आउँछ । कुनै पनि कसूरका सम्बन्धमा मनसाय तत्वलाई छुट्टै मापन गर्ने कुनै यान्त्रिक विधि छैन । यसलाई आपराधिक कार्य गर्दा गरेका गतिविधि, तत्कालीन परिस्थिति, घटनाको पृष्ठभूमि, कसूरदारको

संलग्नता, पीडितलाई पुग्न गएको चोट आदि जस्ता विषय सापेक्ष रही हेर्नुपर्ने ।

- मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यसबाट भवितव्य हुनलाई ज्यान मार्ने कुनै मनसाय रहेको हुनु हुँदैन र आफूले गरेको कामबाट मानिस मर्ला भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन । यस्तो अप्रत्यासित अवस्थामा केही गर्दा घटना घटेको वा मानिस मरेको भएमा मात्र भवितव्य भएको मानिन्छ । यसलाई आकस्मिक घटना वा दुर्घटनाका रूपमा लिइन्छ । त्यसैले भवितव्य हो भन्नलाई वारदात घटाउने मनसाय नभएको, गर्न खोजेको कार्य र त्यसमा प्रयोग भएका साधन वैध रहेको, यस्तो गर्दा वारदातको यस्तो परिणाम आउला भनी नदेखिएको, कार्य गर्न प्रसस्त सावधानी अपनाएको जस्ता कुरा पुष्टि हुन सक्नुपर्ने ।
- कर्तव्य ज्यान हुन मार्ने मनसाय धेरै अघिदेखि रहेको देखिनु पर्ने भन्ने आवश्यक हुँदैन, घटनाको तत्काल अघि पनि कुनै कारणले इवी तथा मनसाय सृजना भएको हुन सक्छ । त्यस्तै यसमा भएको मासु किनी दिनु भन्नु, नकिनी दिँदा झगडा गर्नु, झगडाकै क्रममा कुटपिट गर्नु र घचेट्नु, घचेटेपछि पनि कुटपिट गर्नु र यसरी गरेका कुटपिटका कारण मृत्यु भई मृत्युका कारकहरूको शृङ्खलाबद्धता रहेको छ । यदि ज्यान मार्ने मनसाय नभएको भए यो शृंखलाबद्धताको कतै न कतै क्रमभङ्गता देखिनु पर्ने थियो । यस वारदातमा भएका यस्ता गतिविधि तथा कामलाई कुनै वैध तथा उचित काम र सावधानीपूर्वक गरेको कामका रूपमा पनि लिन सकिँदैन । यस्ता खाले कार्यमा मृत्युको परिणामको पूर्व जानकारी (Forsightness of Consequence) हुने अवस्थाहरू नरहेको मान्न पनि नसकिने ।

७. प्रेम ढकाल कामी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ८, नि.नं. ९६५९)

- भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ । यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी प्रयास सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ । उल्लिखित यी अवस्थाहरू एक अर्काको विकल्पको रूपमा रहेको नभई यी सबै अवस्थाहरूको संयोजन रहे भएको हुनुपर्दछ । यीमध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न नसकिने ।

८. विरेन राई वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक ६, नि.नं. १००३८)

- भवितव्य ठहर्न, ज्यान लिने इविलाग वा मनसाय नभएको मात्र होइन प्रतिवादीले गरेको कार्यबाट पीडित मर्ला जस्तो पनि देखिनु हुँदैन । अर्थात् गरेको कुनै कार्यबाट मर्ला जस्तो देखिन्छ, अर्थात् गरेको कार्य र निस्केको परिणामबीच तादात्म्यता देखिन्छ र सोको जानकारी (Knowledge) भई कार्य गरेको छ भने त्यसलाई भवितव्य मान्न मिल्दैन । भवितव्य हो वा होइन भन्नेमा कारण र परिणामको के कस्तो सम्बन्ध छ सो हेरिनु पर्ने ।

९. नेपाल सरकार वि. दिपक खत्री (ने.का.प. २०७५ अंक १०, नि.नं. १०१२१)

- फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea)

हुनै पर्दछ । आपराधिक कार्यमा आपराधिक मनसाय (Mens rea) को कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुरा सजाय निर्धारणमा महत्वपूर्ण हुन्छ । मानसिक तत्वको स्वरूपको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व बहन गराउने गरिन्छ । अनिच्छित तथा अन्जानमा भएको कामको लागि गम्भीर कसूर मानी दण्डित गरिनु न्याय र कानूनका मान्य सिद्धान्तको विपरित हुने । मानसिक शक्तिको प्रयोग गरेर गरेको कामको लागि कर्ता जिम्मेवार हुन्छ तर अन्जानमा वा अनिच्छित रूपमा गरिएको कामको लागि कर्तालाई कम जिम्मेवार तुल्याउने कानूनी व्यवस्था मुलुकी ऐनको ज्यान सम्बन्धी महलको ५ र ६ नं. मा रहेको छ । कर्ताको नियन्त्रण भन्दा बाहिरको परिस्थितिमा आकस्मिक रूपमा घटना घट्न गएको अवस्थामा भवितव्य हुने ।

- आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्वको अभाव रहन्छ । आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसाबले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतक बीचको सम्बन्ध र व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिन्छ । आवेशको उत्तेजना मृतकको क्रियाकलापबाट अचानक उत्पन्न भई त्यसको प्रभावले अभियुक्तले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको अवस्था हुनुपर्ने ।
- आवेशप्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडित उपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त हुन सक्ने ।
- भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ । यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी पर्याप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ । भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभई सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवश वा भवितव्यवश मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ । त्यस्तो अवस्थामा ज्यान सम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सोअन्तर्गतको सुविधा प्राप्त गर्न सक्ने ।

१०. अंकित ढकाल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४८)

- अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यान सम्बन्धीको ५, ६ नं. मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ । प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको अनिच्छित कार्यबाट भएको कसूरलाई गम्भीर कसूर मानी ठूलो दण्ड गरिनु न्यायसम्मत नहुने ।

११. मित्रलाल कामी वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०/११, नि.नं. १०५९१)

- भवितव्यबाट घटना घट्न गएको हो भन्ने जिकिर लिनेले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन, काम गर्दा उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने प्रमाणित गर्नुपर्ने ।

१२. नेपाल सरकार वि. परिवर्तित नाम ०६ जि.प्र.का. CMA (ने.का.प. २०७८, अंक २/३, नि.नं. १०६४९)

- वारदातमा मनसाय, योजना तयारी, पूर्वरिसइवी र कार्यको परिणामको पूर्वानुमान नभएको अवस्थामा कसैले कुनै कार्य सावधानीपूर्वक गर्दा र सो कार्यको प्रकृति, अवस्था र परिणाम थाहा हुन नसक्ने अवस्थामा भवितव्यको वारदात र कसूर हुने । भवितव्यको निर्धारण वारदातको पृष्ठभूमि, कार्यको प्रकृति, अवस्था, परिस्थिति, मृतक र प्रतिवादीबिचको पूर्वसम्बन्ध, रिसइवी, योजना तयारी, मनसाय इत्यादिको आधारबाट हुने ।

१३. नेपाल सरकार वि. विनोद कुँवर थारू (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९१७)

- भवितव्यमा कर्ताको कार्य सामान्यतः कानूनद्वारा वर्जित नगरेको र निज कर्ताको कार्यबाट कुनै व्यक्तिको हत्या नै हुन पुग्छ भन्नेसमेत आशंका नहुने । मृतकको कारणबाट प्रतिवादीले आत्मसंयम गुमाई तत्कालै अगाडिबाट मृतकलाई प्रहार भई मृत्यु हुन पुगेको र त्यस अवस्थामा कुनै जोखिमी हतियारसमेत प्रयोग नभएको देखिएको हुँदा निज प्रतिवादीको कार्य भवितव्य नभई आवेशप्रेरित हत्या भएको भनी मान्नुपर्ने ।

६. कर्तव्य ज्यान

१. नेपाल सरकार वि. हरिश्चन्द्र कर्माचार्य (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७८०)

- प्रतिवादीले आफ्नी श्रीमतीलाई सलले घाँटीमा कसी भुईमा लडाएकोमा श्रीमतीको उपचार गर्न नलागी सो कुरा कसैलाई नबताई कोठाको ढोका बन्द गरी घरबाट वाहिर निस्किएको र करिब एक घण्टा पछि मात्र कोठामा आएको भनी प्रतिवादी स्वयंले अधिकार प्राप्त अधिकारी समक्ष व्यक्त गरेको हुँदा प्रतिवादीले आवेशप्रेरित भएर होश नपुर्याई कार्य गर्दा मृतकको मृत्यु भएको भन्ने नदेखिने ।
- श्रीमतीले घाँटीमा लगाएको सलले निजको घाँटी कसेर अठ्याउँदा मानिसको मृत्यु हुन सक्छ भनेर एउटा सामान्य विवेक भएको व्यक्तिले पनि बुझ्ने कुरा हुने ।
- आफुसँगै आफ्नै घरको कोठामा साथ रहेको श्रीमतीसँग विवाद झगडा गरी सलले श्रीमतीको घाँटी कसी अठयाउनु र घटनाको जानकारी छिमेकी समेत कसैलाई नदिई ढोका थुनेर घर बाहिर निस्कनु जस्ता कार्यबाट प्रतिवादीले मृतकलाई मार्न चाहेको स्पष्ट हुने ।
- श्रीमतीसँग झगडा हुँदा आफ्नी २० महिनाकी छोरीलाई केही चोटपटक लाग्न सक्छ कि भन्ने चिन्ता गरी छोरीलाई विछ्यौनामा राखु र श्रीमतीलाई सलले घाँटी कस्नुबाट प्रतिवादीले आवेगमा आएर मृतकको हत्या गरेको भन्न नमिल्ने ।
- प्रस्तुत वारदातलाई शुरु र पुनरावेदन अदालतले भवितव्य ठहर गरी ज्यान सम्वन्धी महलको ६(२) नं. बमोजिम प्रतिवादीलाई सजाय ठहर गरेको त्रुटिपूर्ण देखिँदा उल्टी भै ज्यान सम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

२. नेपाल सरकार वि. कृष्णबहादुर लामा (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२२)

- ज्यान सम्बन्धीको १३ नं. अन्तर्गतको अपराधमा ज्यान मार्ने मनसाय निहित हुन्छ । जोखिमी हतियारले प्रहार गरेकोमा मनसाय नभए पनि वा तत्काल आवेशमा प्रहार गरेको कारण ज्यान मर्न पुगेको भएपनि उक्त १३ नं. आकर्षित हुने ।

- साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादि बाहेक अन्य तरिकाले ज्यान मारेकोमा त्यस्तो आपराधिक कृत्यका सम्बन्धमा ज्यान सम्बन्धीको महलको १४ नं. आकर्षित हुन नसक्ने ।
- मार्ने मनसाय भन्ने कुरा अघिदेखिको हुनुपर्छ भन्ने होइन । जुनसुकै बखत पनि मार्ने उद्देश्यले कुनै कार्य गरिन्छ भने त्यो कर्तव्य गरी मारेको हत्याकै बर्गमा पर्न जाने ।
- कुटपिट पश्चात् अर्को कृत्य अर्थात जीउदै बालुवामा पुरेको र सोही कारण निसास्सिएर मृत्यु हुन पुगेको यस्तो निर्दयी र पासविक घट्नालाई ज्यान सम्बन्धीको १४ नं. ले समेट्ने स्थिति नदेखिने ।
- आफैले गरेको पुनरावेदनबाट न्याय प्राप्त गर्नु अघि नै पुनरावेदनको नतिजालाई निरर्थक वा प्रभावित गर्ने हिसाबले सरकारको अर्को अंगले कैद मिन्हा गर्दा सरकारले गरेको आफ्नै पुनरावेदनको औचित्यमा प्रश्न खडा हुने ।
- कैद मिन्हा नै दिने लक्ष्य हो भने भएको सजायमा पुनरावेदन गर्नुको प्रयोजन नदेखिँदा सरकारको तर्फबाट एउटा निकायले पुनरावेदन गरेको अवस्थामा सरकार मातहतको अर्को निकायले सो पुनरावेदन विचाराधीन रहेकै अवस्थामा थुनुवालाई मुक्त गरिदिने कार्यले अदालतबाट भएको फैसला र यसको कार्यान्वयनमा समेत प्रत्यक्ष असर पर्ने ।

३. जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१६७)

- आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्ने तर्फ कर्ता सचेत भै सो कार्यतर्फ लक्षित रहेको अवस्थामा दुर्भाग्यवश मानिसको मृत्यु भएमा त्यो भवितब्य हुने कानूनी मनसाय देखिँदा भवितव्य हत्यालाई सांयोगिक घटनाको रुपमा लिइन्छ । संगोगवश मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसाय प्रेरित हत्याको रुपमा हेरिदैन र मनसाय तत्वको अभावको कारण यस्तो वारदातलाई अपराधिक गाम्भीर्यता घटाउने परिस्थितिको रुपमा लिइन्छ । मनसाय तत्वको अभावका साथै भवितव्यको घटनामा आवेशपूर्ण परिस्थितिलाई पनि वर्जित गरिन्छ । आवेशपूर्ण स्थितिमा पीडित (मृतक) उपर कर्ता आक्रमक अवस्थामा रहन्छ, जुन भवितव्यमा नहुने ।
- फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नु पर्ने खास उद्देश्य (Motive) भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए पनि सबै परिस्थितिमा सबै मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था पनि रहदैन् । तथापि प्रतिवादीमा आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निस्कन्छ भन्ने ज्ञान भई त्यो परिणामको पूर्वानुमान लगाएको साथै त्यो परिणाम निस्कियोस् भन्ने इच्छा राखेको हुन्छ । तर कानूनले आत्मरक्षा वा प्रतिरक्षाको परिस्थितिको व्यवस्था गरेको छ, जसलाई वैध प्रतिरक्षाको उपस्थिति Presence of valid defense मानिन्छ, त्यो अवस्थामा केही गर्दा जुल्मीको मृत्यु भएमा त्यो मनसायप्रेरित हत्याको अपवाद स्वरुप देखा पर्ने ।
- मारौ भन्ने मनसायसहित प्रतिवादीले मृतकलाई कुटपिट गरेको पुष्टि हुने प्रमाण मिसिलमा मौजुद नदेखिएको अवस्थामा प्रतिवादीले मृतकलाई ज्यान मारौं भन्ने मनसायले नै कुटपिट गरेको र मृतकको मृत्यु भएको ठहराउनु न्यायसंगत नहुने ।
- आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफूले आँफैलाई नियन्त्रण गर्न नसकी उत्तेजित भै आफ्नो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडित उपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । तथापि प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने ।

- पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रुपमा (Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।
- आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसावमा आंकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय सम्वेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन प्रतिवादीले आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self–induce Provocation) गरेको भन्ने हुन नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling Off Blood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

४. नेपाल सरकार वि. जोककुमारी कार्की (ने.का.प. २०६६, अंक ९, नि.नं. ८२२३)

- बञ्चरोले मान्छेको टाउकोमा प्रहार गर्दा मान्छे मर्न सक्छ भन्ने कुराको ज्ञान यी प्रतिवादीलाई थिएन भनी अनुमान गर्न सक्ने अवस्था नदेखिने ।
- रिसको झोकमा मरोस् भनेर नै दाउराले प्रतिकार गरिसके पछि पनि बञ्चरो ल्याई मृतक उपर प्रहार गरेको कुरा सहजै अनुमान गर्न सकिने ।
- नियत सफा थियो, मार्ने मनसाय थिएन, केवल प्रतिकार गर्दा दुर्घटना हुन पुगेको थियो भने वञ्चरोले प्रहार गर्दा भुइँमा ढलेपछि छिमेकीहरूसँग हार गुहार मागी जीवित छन् कि भनी उपचार गर्नतर्फ लाग्नु पर्ने, दुर्घटनाको कारण समाजमा उजागर गर्नुपर्ने र आफैले प्रहरीलाई खवर गर्नुपर्नेमा वारदातको १० दिनपछि दवाएको लाश कुकुरले वाहिर निकालेको अवस्थामा फेला पारी जाहेरी गरेको अवस्थामा ज्यान सम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुने ।

५. चाल्स गुरूमुख शोभराज वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ५, नि.नं. ८३७८)

- मृतकको हत्या कुनै व्यक्तिको कर्तव्यबाट भएकोले कसूरजन्य कार्य गर्ने अपराधीलाई प्रचलित कानून बमोजिम सजाय गर्नुपर्ने हुँदा अप्रत्यक्ष प्रमाणको आधारमा पनि कसूरदार देखिएको व्यक्तिलाई सजाय गर्नु अदालतको कर्तव्य हुने ।
- अपराध र अपराधीको शिकार भएका पीडित व्यक्तिप्रति न्याय परोस् भन्ने कुरा पनि न्यायाधीशले त्यति नै सुनिश्चित गर्नु पर्दछ । अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुवैलाई सन्तुलित रूपमा न्याय प्रदान गर्नु नै न्यायप्रणालीको आधारभूत लक्ष्य हुन्छ । कुनै एकप्रति मात्र लक्षित गरी गरिएको निर्णयले न्यायको आकार ग्रहण गर्न नसक्ने ।
- अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र संगठित रूपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने ।
- कानून अनुरूप प्रमाणको रूपमा पेश गरिएका कुराहरूको मुद्दामा सम्बद्धता छ वा छैन भन्ने विषय अदालतले निर्धारण गर्नसक्ने ।
- संगठित अपराध लगायत अन्तर्राष्ट्रियस्तरका अपराधीहरूको सूचना आदानप्रदान गरी सदस्य राष्ट्रहरू बीच

सहयोग आदानप्रदान गर्नको लागि स्थापना भएको इन्टरपोल प्रहरीहरूको अन्तर्राष्ट्रिय संगठन भई संयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई मान्यता दिइएको हुँदा अपराध अनुसन्धानका सम्बन्धमा यस निकायले दिएको तथ्याङ्कहरूलाई सहजै अन्यथा भन्न सकिने अवस्था नरहने ।

- कुनै अभियोग लागेको अभियुक्तले कसूरसम्बन्धी कुरामा साविती भएको वा इन्कार गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्दैन बरु सो साविती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउन पर्ने ।
- कुनै प्रमाण विनाको इन्कारी बयान अर्थहीन र प्रयोजनहीन हुन्छ र यस्तोमा संकलित अप्रत्यक्ष प्रमाणलाई पनि निजका विरुद्ध अदालतले प्रमाणमा ग्रहण गर्नुपर्ने ।
- कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थल (Alibi) को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्त उपर नै रहन्छ । यस्तो अन्य स्थल Alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिका विरुद्ध नै प्रमाण लाग्न जाने ।
- कुनै काम, घटना वा अपराधका सम्बन्धमा अभियुक्तको काम वा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापबाट तथ्यहरूको कडी एक आपसमा श्रृंखलाबद्ध रूपमा जोडिँदा आपराधिक कार्य सम्पादन भएको स्वाभाविक निष्कर्ष निस्कने भएमा र सो कार्य र व्यवहारबाट अभियुक्तले अपराध गरेको स्थापित भएको देखिएमा यस्तो तथ्यहरूको मालाकार कडीलाई परिस्थितिजन्य प्रमाणको रूपमा परिभाषित गरिन्छ । यसको लागि तथ्यका प्रत्येक कडी एक आपसमा आवद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नुपर्ने ।

६. नेपाल सरकार वि. विकास महत समेत (ने.का.प २०६७ अंक ७, नि. नं. ८४१५)

- आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसावले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतकबीचको सम्बन्ध र व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिने ।
- आवेशको उत्तेजना मृतकको क्रियाकलापबाट अचानक उत्पन्न भई त्यसको प्रभावले अभियुक्तले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको अवस्था हुनुपर्ने ।
- मृतकको असह्य क्रिया उपर अभियुक्तले तत्कालै भावावेशको अवस्थामा प्रतिक्रियात्मक रूपमा मृतक उपर आक्रमण गरेको छैन र मृतक उपर आक्रमण गर्न मद्दतगार बोलाउने वा उपयुक्त र अनुकूल वातावरणको खोजी गरी मृतक उपर आक्रमण गरेको अवस्था छ भने त्यस अवस्थालाई आवेशको अवस्था समाप्त भएको मानिने हुँदा त्यस्तो हत्यालाई आवेशप्रेरित हत्याको संज्ञा नदिई मनसायप्रेरित हत्या नै मानिने ।
- फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नुपर्ने खास कारण भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए तापनि सबै परिस्थिति र अवस्थामा मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था नरहने ।
- मृतकले प्रतिवादीहरूलाई असह्य उत्तेजित पार्ने कुनै पनि क्रिया वा व्यवहार गरेको भन्ने नदेखिएको अवस्थामा मृतकलाई समूहगत रूपमा कुटपिट गरेको र उपचारको लागि लगेको अवस्थामा सोही

कुटपिटको जरियाबाट मृतकको मृत्यु भएको अवस्थामा प्रतिवादीहरूको कार्य आवेशप्रेरित हत्याको रूपमा स्थापित नभई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. अनुरूप मनसायप्रेरित हत्याकै कोटीमा पर्ने ।

७. नेपाल सरकार वि. दलबहादुर चोख्याल (ने.का.प २०६८, अंक २, नि. नं. ८५५३)

- लामो समयान्तर पछिको अभिव्यक्ति पुनः व्यक्त गर्दा सामान्य विविधता हुँदैमा निजको वास्तविक उल्लेखन विरोधाभाषपूर्ण रहेको भनी तर्क गरी अपभ्रंस व्याख्यान गर्नु न्यायोचित नहुने ।
- आमाको पक्षमा लागी बाबुलाई सजाय गराउनु पर्दछ भन्ने कलुषित भावनाको प्रार्दुभाव भई कुनै एक पक्षप्रति दुराषययुक्त भावना राखी वास्तविक तथ्य अपभ्रंस पारी उजागर गर्नुपर्ने कुनै कारण र आधार नदेखिएको स्थितिमा उसको बकपत्र वास्तविक खुल्ला किताव जस्तो हो जसलाई सत्यता र यथार्थताको ऐना झै स्पष्टदर्शी मान्नुपर्ने ।
- पहिला कुटपिट गरी त्यसपछि आमाको शरीरमा मट्टितेल खन्याई आगो लगाई दिएको भनी अधिकार प्राप्त अधिकारी समक्ष लेखाई अदालतमा आई सो कुरा पुष्टि हुने गरी बकपत्र गरिदिएको कथन अन्यथा प्रभावित नभएसम्म काल्पनिक र मिथ्या भनी अनुमान गर्न मिल्ने नदेखिँदा प्रस्तुत वारदात भवितव्य हो भन्न नसकिने ।
- अत्यन्त सहज र स्वाभाविक रूपले बाबु आमाबीच वादविवाद भएको र बाबुले आमालाई मट्टितेल खन्याई आगो लगाएको कुरा आफूले खाट मुनि बसेर देखेको भनी अदालतमा आई बकपत्र गरेको र अदालतको बकपत्रमा प्रतिवादीको कानून व्यवसायीबाट भएको जिरहमा समेत आफूले देखेको कुरालाई सहज र सरल ढंगले प्रस्तुत गरेको देखिएको हुँदा प्रमाण ऐन, २०३१ को दफा ३८ अनुसार अदालतबाट सोधिएको प्रश्न बुझ्न सक्ने र युक्तियुक्त जवाफ दिन सक्ने व्यक्तिले अदालत समक्ष व्यक्त गरेको सो कुरा पहिला मौकामा व्यक्त गरेको मूलभूत कुरासँग मेल खाएको देखिँदा उक्त बकपत्र अदालतले प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्न नमिल्ने ।
- कुनै पनि प्रकारको ज्यान सम्बन्धी अपराध सिद्ध गर्नु पूर्व रिसइवी, मनसाय नै स्पष्ट देखिनु पर्ने भन्ने अकाट्य मान्यता रहे पनि सदासर्वदा सोही मापदण्ड नै हरेक घटना वारदातमा अकाट्य मापदण्डभित्र पर्दछ भनी आश्वस्त र विश्वस्त भई सधै एउटै निष्कर्ष विन्दुमा पुग्नु कदाचित् सर्वमान्य नहुने ।
- घटनाको अवस्था तथा तत्काल विद्यामान परिस्थितिलाई पुनर्मूल्याङ्कन गरी परिस्थितिजन्य प्रमाणको अस्तित्वलाई नकार्न उचित हुन आउँदैन । तसर्थ परिस्थितिजन्य प्रमाणको भूमिका तथा अस्तित्वलाई विश्लेषण र विवेचना गर्नु पनि त्यतिकै सान्दर्भिक देखिने ।
- होस नपुऱ्याई वा हेलचेक्र्याइँपूर्वक कुनै काम गरेको अवस्थामा वारदात घटित हुन गएको अवस्था नभै रक्सीको विषयमा विवाद उठी रक्सीको नसामा रहेका प्रतिवादीले कुटपिट गरी शरीरमा मट्टितेल खन्याई आगो लगाई दिएको अवस्था देखिएको र सोही आगोबाट शरीरको विभिन्न भाग जली मृत्यु भएको भन्ने शंकारहित रूपमा पुष्ट्याइँ भएको अवस्थामा ज्यान सम्बन्धी महलको ६ नं. को देहाय २ अनुसारको सजाय गर्नुलाई न्यायोचित मान्न नमिल्ने ।

८. इन्द्रप्रसाद खनाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५९)

- अपराधको लागि चाहिने मनसाय तत्वको रूपमा लापरवाही (Recklessness) स्थापित गर्न घटना घटाएको

समयमा निषेध गरिएको परिणाम अर्थात् मानिस मर्न सक्छ भन्ने कुराको जानकारी भएको हुनुपर्ने हुन्छ । त्यस्तो परिणामको पूर्वज्ञान भएको तर त्यस्तो परिणामको अपेक्षा गरेको थिएन भन्ने तथ्य स्थापित हुनुपर्ने ।

- कतिपय अवस्थामा पूर्ण सचेत रही, होशियारीका साथ कुनै काम गर्दा पनि निषेधित परिणाम आउन सक्दछ । यस्तो अवस्थालाई रोक्न नसकिने दुर्घटना (Unavoidable Accident) को रूपमा लिई त्यस्तो कार्य गर्ने व्यक्तिमा आपराधिक मनसाय तत्वको पूर्ण अभावको कारणले त्यस्तो व्यक्तिलाई दोषी (Blameworthy) को रूपमा लिन नसकिने ।
- सापेक्षिक अपराध (Relative Crime) मा आपराधिकता (Blameworthiness) को निर्धारण अपराधका सन्दर्भमा प्रतिवादीमा रहेको मनसाय तत्व (Mens rea) ले गर्ने गर्दछ । त्यस्तो अपराधका विभिन्न तहहरू हुने भएकोले कुनै खास वारदातका प्रतिवादीले कुन आधारमा कुन हदसम्म आपराधिक दायित्व बहन गर्नुपर्ने हो भन्ने निक्र्यौल गर्न वारदात घटाउन निजमा विद्यमान मनसाय तत्वलाई पहिचान र त्यसको स्तर (Degree) को निर्धारण गर्नु अनिवार्य हुने ।

९. आदित्य मुखिया वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १० नि. नं. ८७०५)

- प्रतिवादीहरू समूहगत रूपमा रहेको र सबै प्रतिवादीहरू वारदातमा संलग्न भएको अवस्थामा कुन प्रतिवादीले के भन्यो भन्नेतर्फ कसैले चासो दिएको र कसैले नदिएको वा कसले कुन प्रतिवादीबाट के भनेको सुन्यो वा सुनेन भन्ने कुरा कर्तव्य ज्यान मुद्दाको कसूर निर्धारणमा प्रासंगिक हुन आउँदैन । वारदातमा संलग्न भएका प्रतिवादीहरूको क्रियामा फरक नपारी बकपत्र गर्ने अभियोजन पक्षका साक्षीहरूको भनाईलाई कसूर निर्धारणको सम्बन्धमा कुरा बाझिएको भन्न नमिल्ने ।
- एउटै समूहमा सँगै हिँडेको अवस्थामा कसै उपर आक्रमण गर्नु पूर्व रिसइवी वा अन्य खास कारण नभए पनि साथीभाइको आग्रह तथा समूहगत मेलको कारण तत्काल मनसाय तत्वको सिर्जना हुनसक्ने ।
- समूहगत रूपमा हिँडेको अवस्थामा कुनै एक सदस्यको आग्रह वा उक्साहटलाई स्वीकार गरी कानूनले बर्जित गरेको कार्यमा संलग्न हुनुबाटै मनसाय तत्वको सिर्जना हुन्छ । यस्तो अवस्थामा घटना घटेको प्रत्यक्षदर्शी व्यक्तिले देखेको अथवा प्रत्यक्ष प्रमाण भएको अवस्थामा कसूर स्थापित गर्नको लागि मृतकलाई मार्नुपर्ने खास कारण वा मार्न उत्प्रेरित गर्ने तत्व थियो वा थिएन भनी खोजी गरिरहनु आवश्यक नहुने ।
- सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने अपराधको सन्दर्भमा फौजदारी न्याय प्रशासनमा तजविजी अधिकारको प्रयोग मार्फत् प्रतिवादीहरूले अपराध गरेको अवस्था र परिस्थितिलाई विचार गरी कसूर निर्धारणपछि सजाय गर्दा न्यायिक सन्तुलन कायम राख्ने तजविजी अवधारणा हुन् । सजाय निर्धारणमा अ.वं. १८८ नं. को व्यवस्थाले न्यायकर्तालाई सजाय कम गर्न तजविजी अधिकार दिएको कानूनी व्यवस्थालाई प्रयोग गरी सजाय घटाउन अधिकार स्वरूप जिकिर लिन सक्ने नदेखिनुको साथै अभियोजन पक्षबाट पनि यो कानूनी व्यवस्थाको प्रयोग गरी सजाय घटाउन हुँदैन भनी दाबी गर्न नसक्ने ।
- अपराध र सजायमा सन्तुलन राख्नुपर्ने कानूनले उल्लेख गरेको अवस्थाको विद्यमानता छ र न्यायिक आधार मौजुद रहन्छ भने दण्ड निर्धारणमा न्यायकर्तालेविवेकसंगत रूपमा यो कानूनी व्यवस्थाको प्रयोग गर्नसक्ने ।
- सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय हुने अपराधको प्रकृति, अपराध गर्दा अभियुक्तले अपनाएको कार्यशैली, अभियुक्तको मानसिक स्थिति, अपराध गर्नु पछाडिको कारक तत्व जस्ता कुराहरू सबै अवस्था र

परिस्थितिमा समान हुन नसक्ने भएकाले यस कानूनी व्यवस्थाको प्रयोग गर्दा न्यायकर्ताले विचार गर्नुपर्ने ।

- सबै अवस्था र प्रकृतिका ज्यान मुद्दाहरूमा अ.वं. १८८ नं. को प्रयोग गरी सजाय घटाउन सकिने अवस्था हुँदैन । सजाय घटाउन सकिने अवस्थाको विद्यमानता भएमा पनि उस्तै प्रकृतिका मुद्दाहरूमा अपराधको गाम्भीर्यता घटाउने परिस्थितिहरूको विद्यमानताको अवस्था पृथक हुनसक्छ । एउटै ज्यान मुद्दामा अ.वं १८८ नं. को प्रयोगद्वारा कम सजाय निर्धारण गर्दा पनि धेरै प्रतिवादीहरू भएमा उनीहरूको अपराध गर्दाको क्रियाकलाप र अपराधमा सहभागिताको आधारमा सजायको निर्धारण गर्नु न्यायसंगत हुने ।
- मृतकलाई नियन्त्रणमा लिई हात खुट्टा समाई छुरी प्रहार गर्न सहज वातावरण बनाई दिएको भन्ने देखिएको अवस्थामा मृत्युवरण गराउने गरी छुरी प्रहार गर्ने र छुरी प्रहार नगर्ने प्रतिवादीहरूलाई समान रूपमा सजाय घटाउनु न्यायसंगत नहुने ।

१०. पूर्णबहादुर तिम्सिना वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ५, नि.नं ८८३६)

- पीडितको पहिले देखिकै विभिन्न कार्य वा अभिव्यक्तिले प्रतिवादीलाई आवेश वा उत्तेजनामा ल्याउने पृष्ठभूमि तयार गरेको हुन सक्ने भए पनि पीडितले तत्काल उत्तेजना सिर्जना गर्ने हदसम्मको कुनै कार्य गरेको हुनुपर्दछ, जसको प्रतिक्रिया स्वरूप प्रतिवादीले आफूलाई नियन्त्रण गर्न नसकेको होस् । यसबाट पीडितको कार्य (Provocative Action) विगतदेखि हुँदै आएको (Cumilative) भए पनि सोको अन्तिम कडी तत्काल भएको हुनुपर्ने ।
- प्रतिवादीलाई उत्तेजनामा ल्याउने कार्य पीडित बाहेकका अन्य व्यक्तिको आचरण, कार्य वा अभिव्यक्तिको आधारमा भएको हुन नहुने ।
- सामान्यतः पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्दछ अर्थात् प्रतिवादी त्यस्तो आवेशमा आउने गरी निजलाई नै लक्षित गरी पीडितले कुनै कार्य गरेको हुनुपर्ने ।
- विशेष परिस्थितिमा स्वीकार गर्न सकिने अपवादको आधारमा पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्ने भन्ने सामान्य नियमको अनुचित विस्तार गर्नु मनासिब नहुने ।
- उत्तेजनामा ल्याउने गरी भएको पीडितको कार्य प्रतिवादीले आफ्नो मानसिक नियन्त्रण गुमाउने स्थिति उत्पन्न गर्न सक्ने गरी उत्तेजक हुनु पर्दछ । पीडितको सामान्य कार्य वा भनाइको प्रतिक्रिया स्वरूप प्रतिवादी आफैं अत्याधिक उत्तेजनामा आएमा उसलाई प्रतिरक्षा प्राप्त हुन नसक्ने ।
- प्रतिवादीकै परिवेश वा समान अवस्था र हैसियतको अन्य सामान्य समझ भएको व्यक्ति उक्त अवस्थामा प्रतिवादी सरह उत्तेजित हुन्थ्यो भन्ने कुरा वस्तुगत रूपमा स्थापित गर्न सकिने हुनुपर्दछ । यसबाट पीडितको उत्तेजक कार्य र प्रतिवादीको उत्तेजनाको बीचमा अनुपातिक सम्बन्ध (Proportional Relationship) स्थापित भएको देखिनु पर्ने ।
- कानून बमोजिम गरेको कार्यको प्रतिक्रिया स्वरूप प्रतिवादी आफै अत्याधिक उत्तेजना वा आवेशमा आई पीडितलाई हानि पुऱ्याउँछ वा निजको ज्यान जाने कुनै कार्य गर्दछ भने त्यस्तो प्रतिवादीलाई अत्याधिक आवेशको प्रतिरक्षा प्राप्त हुन नसक्ने ।
- अरूको कानूनी हकको सम्मान गर्नुपर्ने कर्तव्य सबैले पूरा गर्नुपर्ने स्वाभाविक कानूनी अपेक्षा हुने भएकाले आफूलाई चित्त नबुझ्ने कार्य गरेको भन्ने आधारमा मात्र कानूनी कार्यको प्रतिक्रिया स्वरूप भएको अत्याधिक आवेशलाई प्रतिरक्षाको आधार मान्न नसकिने ।

- उत्तेजक कार्य र यसको प्रतिक्रियात्मक कार्यको बीचमा अन्तराल भएमा सो अन्तरालले प्रतिवादीमा आएको आवेश शान्त गराउने (Cooling-off) वा मनसाय तत्वको सिर्जना गर्ने (Creation of Intention) समय प्रदान गर्ने हुनाले यस्तो अन्तराल पछि पनि प्रतिवादीले पीडित माथि आक्रमण गरेमा उसको यस्तो आक्रमक कार्यलाई आवेश पे्ररित कार्यको रूपमा लिन नसकिने ।
- पीडितको उत्तेजक कार्यको तत्काल प्रतिक्रिया स्वरूप प्रतिवादीले आफैं उपरको नियन्त्रण पूर्णरूपमा गुमाई कुनै कार्य गर्दा पीडितको ज्यान मर्न गएको अवस्थामा प्रतिवादीले आवेशको जिकिर लिन सक्ने र आंशिक प्रतिरक्षाको सुविधा पाउन सक्ने ।
- मृतकले आफ्नो कानूनी अधिकारको प्रयोग गरी करणीको लागि सहमति नदिनु नै यी प्रतिवादीले आफू उपरको नियन्त्रण पूर्णतः गुमाउने गरी आवेशमा आउन सक्ने अवस्थाको सिर्जना गर्ने आधार बन्न नसक्ने ।
- कर्तव्य ज्यानको अपराध कायम हुनको लागि सबै अवस्थामा पूर्व रिसइबी, पूर्वमनसाय वा पूर्वयोजना आवश्यक पर्दछ भन्ने हुँदैन । आपराधिक कार्य विभिन्न कडीहरू (Segments) को रूपमा रहेको अवस्थामा कुनै कडीमा आपराधिक मनसायको उपस्थिति भएमा अपराध कायम हुनको लागि सो आपराधिक मनसाय पर्याप्त हुने ।
- मार्ने मनसाय कति समय भित्र बन्नु पर्दछ भनेर कुनै पनि सीमामा बाँध्न सकिने कुरा होइन । यो मानसिक अवस्था धेरै पहिलेदेखि रहेको होस् वा तत्काल उत्पन्न भएको होस् यसले आपराधिक कार्यलाई मनसायपूर्वक गरिएको स्थापित गराई सम्पन्न अपराधको प्रकृतिलाई कुनै प्रभाव पार्न नसक्ने ।

११. बमबहादुर बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ६ नि.नं. ९०२२)

- अपराधका सम्बन्धमा खडा भएका मुचुल्काहरूमा प्रामाणिक शक्ति हुन्छ । तिनमा व्यक्त तथ्यले अपराधको वस्तुस्थिति बताउँछन । व्यक्तिले झुठ्ठो बोल्न सक्दछ तर वस्तुस्थितियुक्त तथ्यले कहिल्यै झुठ्ठो बोल्दैन ।
- फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन् । यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन । तथ्यका प्रत्येक गवाह प्रमाण हुन् । मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन् । यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ । अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने ।
- जीवनप्रति जीजिविषा राख्ने युवतीले सहजै आत्महत्या गर्ने निर्णय लिन कुनै अपरिहार्य कारण हुनैपर्छ । आत्महत्या गर्न मानिसले तत्काल पनि निर्णय लिन सक्दछ । आत्महत्या गर्न एक्कासी मन परिवर्तन भई अठोट गरिन पनि सक्दछ । तर यसका पछाडि भरपर्दो कारण भने हुनै पर्ने ।
- आत्महत्या गर्ने व्यक्तिले आफ्नो निर्णय विनाव्यवधान कार्यान्वयन होस् र त्यसमा आफूलाई सफलता मिलोस् भन्ने ध्येय राखेको हुन्छ । यसकारण उसले आफ्नो निर्णय कार्यान्वयन गर्न भरपर्दो र सुरक्षित स्थानको चयन गर्ने ।
- दुई विपरित खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ । अधिकार प्राप्त अधिकारी समक्षको साबिती र अदालत समक्षको इन्कारीमध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुनै कथन अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै

अदालतले निष्कर्ष निकाल्ने आधार हो । अधिकार प्राप्त अधिकारी समक्ष व्यक्त गरेका कुरा प्रमाण शुन्य हुने होइनन् । न त प्रतिवादीहरूको अदालत समक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो । अदालत समक्ष इन्कारी गर्दा अधिकार प्राप्त अधिकारी समक्ष के कुनै कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने ।

- प्रमाण ऐन, २०३१ को दफा ९(२) ले व्यवस्था गरेका भय, त्रास, प्रलोभनसमेतका अवस्था देखिएमा अभियुक्तको अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण नलाग्ने हुन्छ । अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष कुनै कुरा व्यक्त गर्दाको अवस्थाको सचेतता, यातना, धम्की र प्रलोभन दिएको थिएन भन्ने प्रत्याभूति प्रमाणित गर्नुपर्दछ तर, यी अवस्थाको जिकिर र आधार भने मिसिलबाट देखिनुपर्ने ।
- मुद्दाको एक पक्ष सरकारको प्रतिनिधि अनुसन्धान अधिकारीले आफ्नो विपक्षलाई कब्जामा राखी व्यक्त गराइएका अभिव्यक्तिलाई अदालतले सहजै विश्वास गरी प्रमाणको रूपमा ग्रहण गर्न नहुने भन्ने नै प्रमाण ऐन, २०३१ को दफा ९(२) को आशय भएकाले उक्त दफाको परिपालनकै सन्दर्भमा म्याद थपका लागि अदालतमा पेश गरिँदा अभियुक्तलाई सशरीर न्यायाधीश समक्ष उपस्थित गराउनु पर्ने, त्यस बेलासम्म खडा भएका लिखतमा अदालतले छाप लगाई दिने र अभियुक्तसँग सोधपुछ गर्दा आवश्यकता महसुस गरिएमा तत्कालै घाँ जाँच वा स्वास्थ्य परीक्षण गराउन अस्पताल पठाइने कार्यविधि सुनिश्चित छ । अदालत बाहेक अन्यत्र अभियुक्तले व्यक्त गरेका कुरा प्रमाणमा ग्रहण गर्दा सतर्कता अपनाउनु पर्ने ।
- अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र अधिकार प्राप्त अधिकारी समक्षको आफ्नो कथन इच्छा विरूद्धको हो भनी लिएको जिकिरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाणशुन्य हुन्छ भन्न नसकिने।
- निःसन्देह फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रमाणको भार वादीमा रहने कुरा हो । प्रतिवादीहरूलाई आफू विरूद्धको कारवाहीमा चुपचाप बस्ने हक अवश्य छ । तर, चूपनबसी आफ्नो सफाइमा तथ्य व्यक्त गर्ने व्यक्तिका दायित्व पनि सोही प्रमाण ऐनको दफा २७(१) द्वारा अभिनिश्चित छन् । अधिकार प्राप्त अधिकारी समक्षको कथनलाई इन्कार गरिएको अवस्थामा त्यसका आधार र कारण पनि व्यक्त गर्नु पर्दैन भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को मनसाय होइन ।
- साक्षीको योग्यता अदालतबाट निजलाई सोधिएको प्रश्न बुझ्न सक्ने र सोको युक्तियुक्त जवाफ दिन सक्ने हुनुपर्दछ । यस कानूनी व्यवस्थाको प्रयोजनार्थ आफुबाट के कुरा जान्न खोजिएको हो सो बुझ्न सक्ने हुनुको साथै निजले सो सोधिएको प्रश्नलाई समुचित ढङ्गले सम्बोधन गरेको छ भन्ने न्यायाधीशलाई लागेमा त्यस्तो साक्षीको बकपत्रलाई प्रमाणमा लिन हुन्छ । योग्य साक्षी हुन कुनै उमेरको छेकबार प्रमाण ऐन, २०३१ को दफा ३८ ले लगाएको छैन । कम उमेरका नाबालिगसमेत निजलाई गरिएको प्रश्नले के मागेको छ बुझ्नसक्ने हुनु र त्यस प्रश्नको जिज्ञासालाई समुचित रूपमा समाधान गर्नसक्ने क्षमता हुनु नै योग्य साक्षी हुन पर्याप्त हुने ।
- उत्तर सकारात्मक वा नकारात्मक जे जस्तो होस् त्यसले प्रश्नका माध्यमबाट अदालतले जान्न चाहेको तथ्य नाबालिग समेतबाट सहज रूपमा प्रकट हुनु नै त्यस उत्तरको युक्तियुक्तताको परिचय हो । कुनै नाबालिकाको कथन प्रमाणमा लिने वा नलिने भन्ने सन्दर्भमा यकिन गर्नु पर्दा निजलाई सोधिएका सम्पूर्ण प्रश्नहरू र तिनको उत्तरको अध्ययन गरिनु पर्ने ।
- कुनै पनि प्रमाणले पुष्टि नगर्ने विशेषज्ञको राय विचारयोग्य हुँदैन । विशेषज्ञको राय अदालतको सन्तुष्टिका

लागि हो । मिसिल संलग्न प्रत्यक्षदर्शीको कथन, लाशका फोटोहरू, घटनास्थल मुचुल्का तथा स्वयम् प्रतिवादीहरूको कथनसमेतका प्रमाणले सीधै इन्कार गर्ने भीषेरा परीक्षण प्रतिवेदनबाट अदालत भ्रमित हुनुपर्ने अवस्था नहुने ।

- आत्महत्या गर्नकै लागि विषादि सेवन गर्ने व्यक्तिले झुण्डिनु पर्ने आवश्यकता नपर्ने ।
- कुनै पनि कुराको परीक्षण गर्न एक ठाउँबाट अर्को ठाउँमा पठाइँदा सो परीक्षण गर्न के कसरी पठाइयो, परीक्षण विधि के कस्तो रह्यो र लाशका भीषेरा नमुनासमेत सुरक्षित राख्न तथा यो नमुना परिवर्तन नहुने व्यवस्था गर्न के कस्ता प्रक्रिया अपनाइयो भन्नेसमेतका आधार खुलाइएको देखिनु पर्ने ।
- कुनै पनि राय निरापद हुन सक्दैन । विना आधारको राय अदालतको विचारवस्तु बन्दैन । प्रस्तुत विवादमा मृतकको भीषेरा परीक्षणका विषयमा यस्ता कुनै कुरा खुलाइएको नपाइँदा विशेषज्ञ भनिएको व्यक्तिको फगत रायमा न्यायकर्ता रूमलिन आवश्यक नहुने ।
- मृतकको शरीरमा हात हाल्ने व्यक्तिलाई ज्यान सम्बन्धीको १७ नं. आकर्षित नहुने ।
- घर परिवारसमेतका सबैजना मिली जेठानीलाई दिएको यातना एवं कुटपिटसमेतको कर्तुत आफ्नै आँखाले देखे भोगेकी बुहारीले घर परिवारको डर, सामाजिक परिवेश र पतिको आदेशसमेतका कारणले कुनै प्रतिक्रिया नजनाउनुलाई मतसल्लाहमा पसेको भनी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने ।
- हत्या गर्ने मतसल्लाहमा पस्नु र प्रतिक्रिया नजनाउनु विल्कुल अलग कार्य हुन् । मार्ने योजनामा सहमति जनाउनु वा सो योजनाको पूर्वजानकारी राख्नु मतसल्लाहमा पसेको मान्ने आधार हुन सक्दछन् । तर, आफू बाहेक अरूले गरेको मतसल्लाह अनुसारको कार्यको दर्शक हुनु नै आरोपित कसूर गरेको प्रमाण हुन नसक्ने ।

१२. सुवास अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ३, नि.नं ९१३८)

- मृतकको मृत्यु अमुक कसैको चोटबाट भएको भन्न सकिने अवस्था नभए पनि कुनै खास व्यक्ति वा चोटकै कारणले नै मरेको देखाउन पर्छ भन्न पनि मौजुदा अवस्थामा सम्भव नहुने । एकभन्दा बढी व्यक्तिको र एकभन्दा धेरै कारणले मारिने अवस्था रहने ।
- वारदातको अवस्थासम्म पुऱ्याउने कुरामा प्रतिवादीहरूको सहभागिता देखिएको र सोलगायतका कारणले वारदात घट्न गएको हुँदा निजहरूलाई दायित्वविहीन मान्न नसकिने । अन्यथा कसूरको कार्य गर्नलाई भीडको संलग्नता निम्त्याउने र त्यसैको आडमा आपराधिक दायित्वविहीन हुने कुराको तर्जुमा गर्ने अवस्था आउँछ । त्यसो गर्नु भनेको प्रकारान्तरमा दण्डहीनता सिर्जना गर्ने हुने ।
- सुरूदेखिको सबै श्रृङ्खलामा प्रतिवादीहरूको सरोकार र संलग्नता भएपछि अन्तिम अवस्थाको भीडको समेत संलग्नताले प्रतिवादीहरूले आफ्नो असंलग्नता र निर्दोषिताको जिकिर लिन सक्ने अवस्था रहेन ।

१३. नेपाल सरकार वि. परमेश्वर यादव (ने.का.प. २०७१, अंक ४, नि.नं. ९१४८)

- प्रतिवादीले प्लास्टिकको डोरीले घाँटीमा बेरी सास अवरूद्ध हुने गरी घाँटी कस्छ भने त्यो मार्नलाई नै प्रयोग गरिने कार्य हो । मार्नलाई गरिएका कार्य रिस झोकमा गरिएका कार्य होइन र मर्छ भने जानीजानी वा सो नियतले डोरी खोजी मृतकको घाँटी कसी सोही परिणामबाटै मृत्यु भएकोमा मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १४ नं. आकर्षित हुन नसक्ने ।

१४. चित्रबहादुर दनुवार वि. नेपाल सरकार (ने.का.प. २०७१ अंक ६, नि.नं. ९१९१)

- मृतकको शरीरको नाजुक भागमा जोखिमी हतियार खुकुरीले पटकपटक प्रहार गर्दा मानिस मर्ने कुरा एकदम निश्चित कुरा भएकाले यस्तो परिणाम हुने कार्यको जानकारी हुँदाहुँदै सो गर्नु मनसायभित्रै पर्ने कुरा भएको र गम्भीर घाउचोट serious injury पार्ने मनसायका साथ भएको प्रहारबाट मानिस मरेमा सो कसूर manslaughter वा culpable homicide नभई murder हुने हुँदा मृतकको ज्यान लिने मनसाय नरहेको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।
- मृतकले खुकुरी समाउनु भन्दा पहिल्यै प्रतिवादीले सो खुकुरी खोसी सकेपछि पनि मृतकबाट प्रतिवादीको ज्यानमा तत्काल खतरा रहेको कुरा मान्न सकिँदैन । त्यस अवस्थामा यी प्रतिवादीले हारगुहार गरेर वा भाग्ने उम्कने काम गरेर वा प्रहरिसँग सुरक्षा लिएर आफूलाई बचाउनुपर्ने पहिलो काम कुरा गर्नुपर्ने तर सो हुन्जेल ज्यान जाने प्रबल सम्भावना देखिएमा आत्मरक्षाको लागि नभई नहुने अत्यन्त कम बल प्रयोग गर्नुपर्नेमा बडो क्रूरतापूर्वक मृतकलाई बोल्न चटपटाउन नदिई खुकुरीको अनगिन्ति प्रहार गरी मारेको वारदात आत्मरक्षाभित्र पर्ने नदेखिने ।
- आफू समक्ष आएकी मृतकलाई पूरा होसहवासमा रहेका प्रतिवादीले विनाकारण अथवा अत्यन्त मामुली कुरामा क्रूरतापूर्वक खुकुरीले अनगिन्ति हानी मारेको प्रस्तुत वारदात मुलुकी ऐन, अ.वं. १८८ नं. को परिधिभित्र पर्ने नदेखिने ।
- प्रतिवादी चित्रबहादुर दनुवारलाई अभियोगदाबी अनुसार ज्यान सम्बन्धीको महलको १ र १३ (१) नं. को कसूरमा सोही १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू रामबहादुर दनुवार र लक्ष्मी दनुवारलाई ज्यान सम्बन्धीको महलको ४ नं. अनुसार ६ महिना कैद सजाय हुने ठहऱ्याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।
- परिवर्तित फौजदारी न्यायको पृष्ठभूमिमा प्रतिवादीलाई सर्वस्वको सजाय गर्दा प्रतिवादीमा आश्रित व्यक्तिहरूका अतिरिक्त पीडितले समेत कुनै राहत नपाउने र त्यसबाट निजहरूको पनि बिचल्ली हुने अवस्थाप्रति कानूनले आँखा चिम्लन मिल्दैन । विश्वका कतिपय मुलुकमा पीडितको ज्यान लिने प्रतिवादीबाट उसमा आश्रितले क्षतिपूर्ति पाउने व्यवस्था रहेको परिप्रेक्ष्यमा बिल्कुल बेग्लै कालखण्डमा निर्माण भएको मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ नं. को सर्वस्व पनि गर्ने व्यवस्थालाई हामीले यथावत रूपमा पालन गर्नु उचित हुँदैन । कानूनको प्रत्येक कमी र दोषको अदालतले निराकरण गर्नु भन्दा यसमा विधायिकाले ध्यान दिनु शक्ति पृथकीकरणको सिद्धान्त अनुकूल हुन्छ । तसर्थ सर्वस्व सम्बन्धी वर्तमान विधिशास्त्र र कानूनहरूको अध्ययन गरी मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ नं. को सर्वस्व गर्नुपर्ने व्यवस्थाको उपयुक्तताको बारेमा विचार गरी परिमार्जन तथा परिशीलन गर्नका लागि नेपाल सरकार कानून तथा न्याय मन्त्रालय एवं नेपाल कानून आयोगसमेतलाई जानकारी गराई निजहरूको ध्यानाकर्षण गराई दिने ।

१५. प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार (ने.का.प. २०७१ अंक ७, नि.नं. ९२१२)

- मृतक बोल्न नसक्ने पाँच वर्षीय अपाङ्ग तथा अबोध बालक रहेका र निजले प्रतिवादीलाई केही गरे बिराएको देखिँदैन । यस्तो अबोध तथा सबैको मायाका आकांक्षी बालकप्रति प्रतिवादीलाई रिस उठ्नु भनेको प्रतिवादीको निर्दयी स्वभावको द्योतक हो । समाजमा यस प्रकारका अनुत्तरदायी, क्रुरूर तथा हिंस्रक

व्यक्तिहरूलाई धर्मको जामा पहिराउनु उचित हुँदैन । यस्ता व्यक्ति धर्मका नाममा कलङ्क हुन् । यस्ता व्यक्ति समाजको शान्ति सुरक्षाका लागि अत्यन्त खतरनाक हुने हुँदा निजहरूलाई कडा दण्डद्वारा निरूत्साही गर्न तथा यस्ता खाले अरू निर्दयी अपराधीहरूमा त्रासको सन्देश जानका लागि फौजदारी न्यायले प्रभावकारी भूमिका खेल्नु जरूरी छ । प्रस्तुत वारदात भनेको जघन्य वारदातभित्रै पर्ने देखिन्छ । आङै सिरिङ्ग हुने यस किसिमको कसूर गर्ने कसूरदारलाई रियायत दिनका लागि मुलुकी ऐन, अ.वं. १८८ नं. को निर्माण भएको होइन । बालक मरिसेकपछि पनि अब मऱ्यो ठीक भयो भन्ने सोचाइ राख्ने प्रतिवादीलाई कम सजाय हुनुपर्छ भन्ने विद्वान् अधिवक्ताहरूको बहससँग सहमत हुन नसक्ने ।

- मृतक अबोध बालकसँग पुनरावेदक प्रतिवादीलाई विनाकारण रिस उठेको र विभत्स किसमले हत्या गरेको प्रस्तुत वारदातमा ज्यान सम्बन्धीको महलको १४ नं. आकर्षित हुने अवस्था नरहने ।

१६. नेपाल सरकार वि. राधिका श्रेष्ठ (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४२)

- प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्या बीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्वको अभाव रहन्छ । BATTERED WOMEN SYNDROME (BWS) को दाबी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने ।
- धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडीत, घरेलु हिंसाको सिकार भएकी महिला, जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लान्छना, दुव्र्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन् । निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एक मात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने ।
- सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडीत भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी पुगेको, निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ (१) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालतको राय मनासिव देखिने ।
- अदालतले अ.वं. १८८ नं. को प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ । तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला प्रताडीत हुँदा पीडित भएकी हुन्छे । निज महिलाले गर्ने अपराध पीडाको उपज हुन आउँछ । अतः अ.वं.१८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिने ।

१७. नेपाल सरकार वि. रामईश्वर राय यादव (ने.का.प. २०७१, अंक ९ नि. नं. ९२४३)

- अनुसन्धान तहकिकातको सिलसिलामा कागज गराइएका व्यक्तिहरू जबसम्म अदालतमा आई आफूले बोलेका कुराहरू खम्बिर हुने गरी बकपत्र गर्दैनन् उक्त प्रमाणहरूलाई ग्राह्य भन्न नसकिने ।

- कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ । सो कार्यको परिणामको पूर्व जानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ । कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्ने ।

१८. लालहिरा कामी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४९)

- प्रतिवादीहरूले गुट बनाई संयुक्त रूपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा कमन लमा प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपिट गर्ने मनसाय भई सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपिट गरेमा सबै प्रतिवादी समान रूपमा सहभागी भएको मानिने र समान सजायका भागीदार हुने अवस्था रहने ।
- पश्चिमा फौजदारी कानून र मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ नं. को फरक भनेको, १३ नं. आकर्षित हुनको लागि प्रतिवादीले मर्ने मानिसको जीउमा हात हालेको कुरा प्रमाणित हुनैपर्ने देखिन्छ । जुन कुरालाई कमन लले अनिवार्य मानेको छैन । जीउमा हात हालेको प्रमाणित भएको अवस्थामा प्रतिवादीले एक मुक्का हान्यो वा धेरैपटक हान्यो, खुकुरी वा बन्दुक जस्तो साङ्घातिक हतियारले हान्यो वा सामान्य लौरो, छडी आदिले कुट्यो भन्ने कुरालाई पश्चिमा कानून झैं उक्त १३ नं. ले महत्वहीन कुरा मानेको देखिने ।
- प्रतिवादीले मृतकलाई कुटपिट गरी सिकिस्त बनाएको र मृतकको मृत्युको परिणामको बीचमा अरू कुनै स्वतन्त्र घटना घटेको र सो कारण प्रभावकारी वा निर्णायक रूपमा मृतकको मृत्युको कारण भएको भन्ने कुनै पनि कुरा भए घटेको देखिँदैन । यी प्रतिवादीको सो फल्ट (fault) सँग मृतकको मृत्युको सम्बन्ध connection स्थापित हुने।
- नारी आफ्नो गरिमा, स्वतन्त्रता र इज्जतको कुरामा लान्छित हुन चाहँदैनन् । यो उनीहरूको शारीरिक स्वायत्तता (autonomy) भित्र पर्ने कुरा हो । यी कुराहरूमा उनीहरू अत्यन्त संवेदनशील हुन्छन् । पुनरावेदिका आफैंले मृतकसँग वारदातको कारण झिकेकी वा निहुँ खोजेकी छैनन् । वारदातले यो रूप र परिणाम लिने कुरा पुनरावेदिकाको पूर्वजानकारीमा छैन । पुनरावेदिकाको गोप्य कुरा प्रकाशमा आउनुको अर्थ निजको पारिवारिक जीवनमा सङ्कटको ग्रहण लाग्नु हो । यी कारण लगायत पुनरावेदिकाको नाबालक छोरी रहेकी र पुनरावेदिकाले अदालतमा समेत साँचो कुरा गरेर न्याय सम्पादनमा सहयोग गरेकी समेतको अवस्थाले गर्दा पुनरावेदिका थप सहानुभूतिको पात्र हुने ।

१९. मनोजकुमार जोशी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३१३)

- सँगै बसी रक्सी खाएका मृतक र प्रतिवादी मात्रै रातको समयमा सँगै साथै हिँड्नु र साथै हिँडेकामध्ये एकजना सर्वाङ्ग नाङ्गै भई रगताम्मे अवस्थामा राजमार्गमा रहेको कल्भर्टमा घाइते अवस्थामा भेटिनु तथा अर्को अर्थात पुनरावेदक प्रतिवादी घरमा गई सुत्नु जस्ता कार्यकारणसमेतबाट पुनरावेदक प्रतिवादीकै कार्यबाट मृतकको मृत्यु हुन पुगेको तथ्यमा शङ्का गर्ने ठाउँ नरहने ।

२०. नेपाल सरकार वि. सीता लामिछाने (ने.का.प २०७३, अंक ६, नि.नं. ९६१८)

- कुनै शिशु जिउँदो जन्मेको हो वा मृत जन्मेको हो भन्ने कुराको सर्वोत्तम प्रमाण तत्सम्बन्धमा विशेषज्ञता

प्राप्त गर्ने चिकित्सकहरूको भनाई नै हुन्छ । चिकित्सकहरूको रायमा लापरवाही वा बेहिसाब देखिएमा, गम्भीरताको अभाव रहेमा वा अयोग्य चिकित्सकबाट राय व्यक्त भएमा बाहेक चिकित्सकहरूको रायलाई प्रमाणमा लिनु उपयुक्त हुन्छ । चिकित्सकको राय मिसिलका अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा त्यस्तो राय झन् विवादरहित हुन पुग्ने।

- नवजात शिशुको उचित स्याहारसम्भार नगरेर प्रतिवादी आमाले बच्चा जन्मेको कोही कसैले थाहा पाउलान् कि भनी बच्चालाई कपडामा बेरी लुकाएको त्यसपछि नवजात शिशुलाई रगत आदि फोहोरसरह फाल्नुपर्ने वस्तु ठानी फालेको कार्य र नवजात शिशुलाई घाँटी थिची मार्ने कार्य दुवैको परिणाम नवजात शिशुको मृत्यु हुने कुरामा सन्देह रहन्न । भवितव्यमा बदनियत हुँदैन, सबै कुरा शुद्ध मनसायले गर्दा गर्दै पनि सोच्दै नसोचिने अप्रत्याशित परिणाम उत्पन्न भई मानिसको मृत्यु हुन पुग्छ । भवितव्यको सम्बन्ध अपराधसँग हुँदैन । कार्य निर्दोष हुन्छ । परिणाम अपराध हुन्छ । तर प्रतिवादीको कार्य नै अपराधपूर्ण छ । Homicide by omission पनि homicide नै हो । मुख्य कुरा कर्ताले वारदात गर्दा शिशु मार्ने मनसाय राखेको थियो वा थिएन भन्ने कुरा नै हेर्नुपर्छ । कर्ताको मनसायको परीक्षण कर्ताको कार्यबाट हुन्छ र यसको आधार भनेको सामान्य सुझबुझ भएको मानिसले त्यस किसिमले नवजात शिशुलाई व्यवहार गर्दा नवजात शिशुको मृत्यु हुन्छ अथवा हुँदैन भन्ने नै हुन जाने ।

२१. विकास खड्का वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६४०)

- हाम्रो कानून प्रणालीमा कसूर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालत समक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ट मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ । कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसूरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसूरदार ठहरिन सक्छ । केही गरी निरपराध व्यक्ति अदालतबाट कसूरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन । त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसूर गरेको भन्नेमा थोरैमात्र पनि शंका देखिएमा कसैलाई पनि कसूरदार ठहराउन नमिल्ने ।
- प्रतिवादीहरूमा मार्ने मनसाय थियो थिएन ? यदि थियो भने के कुन हदसम्म थियो ? भनी हेर्नु सान्दर्भिक हुन आउँछ । कुनै पनि कसूरका सम्बन्धमा मनसाय तत्वलाई छुट्टै मापन गर्ने कुनै यान्त्रिक विधि छैन । यसलाई आपराधिक कार्य गर्दा गरेका गतिविधि, तत्कालीन परिस्थिति, घटनाको पृष्ठभूमि, कसूरदारको संलग्नता, पीडितलाई पुग्न गएको चोट आदि जस्ता विषय सापेक्ष रही हेर्नुपर्ने ।
- मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यसबाट भवितव्य हुनलाई ज्यान मार्ने कुनै मनसाय रहेको हुनु हुँदैन र आफूले गरेको कामबाट मानिस मर्ला भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन । यस्तो अप्रत्यासित अवस्थामा केही गर्दा घटना घटेको वा मानिस मरेको भएमा मात्र भवितव्य भएको मानिन्छ । यसलाई आकस्मिक घटना वा दुर्घटनाका रूपमा लिइन्छ । त्यसैले भवितव्य हो भन्नलाई वारदात घटाउने मनसाय नभएको, गर्न खोजेको कार्य र त्यसमा प्रयोग भएका साधन वैध रहेको, यस्तो गर्दा वारदातको यस्तो परिणाम आउला भनी नदेखिएको, कार्य गर्न प्रसस्त सावधानी अपनाएको जस्ता कुरा पुष्टि हुन सक्नुपर्ने ।

- कर्तव्य ज्यान हुन मार्ने मनसाय धेरै अघिदेखि रहेको देखिनु पर्ने भन्ने आवश्यक हुँदैन, घटनाको तत्काल अघि पनि कुनै कारणले इवी तथा मनसाय सृजना भएको हुन सक्छ । त्यस्तै यसमा भएको मासु किनी दिनु भन्नु, नकिनी दिँदा झगडा गर्नु, झगडाकै क्रममा कुटपिट गर्नु र घचेट्नु, घचेटेपछि पनि कुटपिट गर्नु र यसरी गरेका कुटपिटका कारण मृत्यु भई मृत्युका कारकहरूको शृङ्खलाबद्धता रहेको छ । यदि ज्यान मार्ने मनसाय नभएको भए यो शृङ्खलाबद्धताको कतै न कतै क्रमभङ्गता देखिनु पर्ने थियो । यस वारदातमा भएका यस्ता गतिविधि तथा कामलाई कुनै वैध तथा उचित काम र सावधानीपूर्वक गरेको कामका रूपमा पनि लिन सकिँदैन । यस्ता खाले कार्यमा मृत्युको परिणामको पूर्व जानकारी (Forsightness of Consequence) हुने अवस्थाहरू नरहेको मान्न पनि नसकिने ।

२२. नेपाल सरकार वि. रामकुमार राई (ने.का.प. २०७३, अंक १२, नि.नं. ९७३०)

- वस्तुतः जोखिमी हतियार खुकुरी प्रहार गरी हत्या गरेको कुरा प्रतिवादी स्वयम्ले मौका तथा अदालतमा स्वीकार गरेको, सो तथ्यलाई मिसिल संलग्न प्रत्यक्षदर्शी अनिषा राईको बकपत्र शव परीक्षणसमेतबाट पुष्टि भई रहेको र नाबालकले केही भनेको भन्ने आधारमा सामान्य सहनशीलता (normal degree of tolerance) नअपनाई नाबालक उपर जोखिमी हतियारले संवेदनशील अंगमा निर्ममतापूर्वक पटक पटक प्रहार गरेको कार्य मनसायपूर्वक देखिन आएकोले रिस उठी थाम्न नसकी मारेको भन्ने प्रतिवादीको प्रतिरक्षाको आधार बन्न नसक्ने ।

२३. नेपाल सरकार वि. शैलेन्द्र श्रेष्ठ (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४७)

- प्रतिवादीले पूर्व योजना र तयारीका साथ प्रस्तुत वारदात घटित गराएको नदेखिएतापनि एउटा साधारण समज र मिजास भएको मानिसले खुकुरी जस्तो जोखिमी हतियारले जथाभावी प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सहजै बुझ्न सकिने विषय हो ।

२४. गोवर्धन सार्की वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४८)

- दाउरा जस्तो कडा वस्तुले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मृत्यु हुन सक्छ भन्ने कुरा जो सुकै सामान्य सुझबुझ भएको मानिसको जानकारीमा रहने नै देखिन्छ । प्रतिवादी पनि त्यस्तो जानकारी राख्न नसक्ने तथा सोको पूर्वानुमान गर्न नसक्ने अवस्थामा रहे भएको थिए भनी भन्न सकिने देखिँदैन । यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको पूर्व रिसइवी रही सो अनुसारको तयारी तथा योजना बनाएको नदेखिए पनि यस्तो परिणामको पूर्व जानकारी रहन सक्ने प्रशस्त अवस्था रहेको स्थितिमा गरेको कार्यलाई मनसाय नभएको मान्न सकिँदैन । यस्तो परिणामको पूर्व जानकारी भएको प्रमाणित हुने अवस्थाले नै तत्काल मात्र भए पनि यी प्रतिवादीमा मार्नेसम्मको मनसाय तत्वको सिर्जना भएको स्वतः प्रमाणित हुन जाने ।
- वारदात सांयोगिक रूपमा वा होस पुऱ्याई कुनै अरू कार्य गर्दा अकस्मात लाग्न गई भएको भए के काम सावधानीपूर्वक गर्दा कसरी अर्कोलाई लाग्न गएको हो भन्ने स्पष्ट देखिनुपर्ने हुन्छ । त्यस्तो कुनै अवस्था नदेखिई मृतकलाई रिसको आवेशमा टाउकैमा दुई चोटी हिर्काएको देखिएबाट भवितव्य ज्यानको कसूर मान्न सकिँदैन । त्यस्तै कुनै पनि कसूरजन्य कार्य प्रमाणित हुन सो कार्यको उद्देश्य के रहेको थियो भन्दा पनि कुनै कार्यको परिणाम के भयो अर्थात् कार्यबाट कसूरजन्य कार्य हुन गयो वा गएन भन्ने महत्वपूर्ण हुन जाने ।

२५. सिकीलाल यादव वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६१)

- मृतकको टाउकोमा सबैभन्दा ठूलो चोट परेकोले सो चोट मृत्युको मुख्य कारण देखिए तापनि यी प्रतिवादीहरूले छोडेका अन्य चोटहरू मृतकको शरीरमा देखिएको र सो चोटहरूको मृत्यु हुने घटनामा सहायक नहुने भन्ने देखिँदैन । अर्थात् कुटपिट गर्दा परेका सामूहिक मध्ये मुख्य चोट र सहायक चोटको एकीकृत परिणाम वा सहसम्बन्धात्मक प्रभाव (cumulative effect) का कारण मृतकको मृत्यु भएको देखिने ।
- मृतकको शरीरमा रहेका धेरै घाउहरू मध्ये टाउको तथा अन्य शरीरमा भएका घाउहरू के कुन कसूरदारले हानेको भनी यकिन भएको छ र घाउहरू ठूला साना भएकोमा ठूलो र गम्भिर प्रकृतिका घाउहरू जसले मृतकको मरण कार्यलाई leading गरिरहेको छ साथै यो घाउको चोटले मानिस मरेको भनी विशेषज्ञद्वारा पुष्टि भएको र सो तथ्यलाई मिसिल संलग्न अन्य तथ्य एवं प्रमाणबाट अन्यथा देखिँदैन भने त्यस किसिमका leading injury को चोट छाड्ने अभियुक्त मुख्य अभियुक्त हो भनी छुट्टाउन कठिनाई नहुने । त्यस्तै चोट प्रहारमध्ये जुन leading injury को कारणले मर्ने कुरामा मुख्य भूमिका रहे पनि अन्य सामान्य घाउचोटहरू पनि मर्ने कारणमा सहसम्बन्धात्मक प्रभाव (correlated effect) रहने हुँदा त्यस्ता सामान्य घाउचोटहरू पनि मर्ने कारणमा सहायक तत्व हुँदैन भनी अनुमान गर्न नमिल्ने।

२६. हरिबहादुर विश्वकर्मा वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ४, नि. नं. ९७९१)

- पुनरावेदक प्रतिवादीहरूसमेत मिली बोक्सीको आरोपमा चरम र निर्मम यातना दिएका छन् । ह्यामर, काँटी, लाठी, कैंची जस्ता हतियार तथा लाठी, लात, मुक्काको प्रयोग गरी यातना दिने कार्य भएको छ । सिस्नु लगाइएको छ, कपाल खौरिएको छ, मानव मलमूत्र खुवाइएको एवं शरीरभरी दलिएको छ । मानवलाई दिने निकृष्ठ र पशुवत यातना यो भन्दा अरू के हुन सक्छ ? सामान्य मानिसको समझ (reasonable person test) बाट हेर्दा यस्तो चरम यातना दिँदा यातना पाउनेले सहन सक्दैन, उसको मृत्यु हुन सक्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । रातैभरी एउटी महिलालाई सबै मिली कुटपिट यातना दिने कार्य गर्दा ज्यान सम्बन्धीको ५ नं. मा उल्लेख भए जस्तो आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्था प्रस्तुत वारदातमा देखिन नआएको हुँदा भवितव्य कसूर कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।
- कुनै पनि मानिस माथि बोक्सीको आरोप लगाउने कार्य कानूनले निषिद्ध गरेको छ भने सो प्रकृतिको आरोप लगाई मानिसको कपाल काट्ने, मानव मलमूत्र खुवाउने, कुटपिट गर्ने, यातना, प्रताडित गर्ने जस्ता कार्य अमानवीयसमेत भएकोमा दुईमत हुन सक्दैन । मानव समाजमा अन्धविश्वासको रूपमा रहेको बोक्सा बोक्सी जस्तो मान्यता निर्मूल गर्न कानून बनाएर मात्र प्रयास हुँदैन । यस्तो क्रियाकलाप विरूद्ध कडा दण्ड नीतिसमेत अपनाउन आवश्यक रहेकोले सोही अनुरूप कठोर सजाय पनि गर्न आवश्यक हुने ।

२७. नेपाल सरकार वि. देव सुनार (ने.का.प., २०७४, अंक १२, नि. नं. ९९१८)

- मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं. मा उल्लेख भएको "बचन दिने" कार्यको अर्थ सामान्य र सतही रूपमा ग्रहण गरिनु हुँदैन । इच्छित आपराधिक परिणाम प्राप्तिका लागि कर्ताको रूपमा आदेश दिने कार्य भएको अवस्था देखिनु पर्दछ । यसमा मनसाय तत्व र आदेशात्मक रूपमा बचन दिएको कार्यको विद्यमानता देखिनु पर्दछ । विषय र सन्दर्भ अनुसार बचन दिएको कुराको मूल्याङ्कन गरिनु पर्ने ।

- अ.वं. १८८ नं. बमोजिम राय व्यक्त गर्ने र सदर गर्ने कुरा विवादका पक्षले हक अधिकारको रूपमा प्रश्न उठाउने पुनरावेदनको विषय होइन । यो केवल विवादित तथ्य, घटनाक्रम, कसूर हुँदाको अवस्था, परिस्थिति, कसूरदारको मनसाय, भवितव्य हो कि भनी सन्देह गर्नुपर्ने अवस्था, कसूरदारले न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोग लगायतका विविध सामाजिक सन्दर्भहरूलाई मूल्याङ्कन गरी निरूपण गरिने अदालतको स्वविवेकाधिकारको विषय हो । त्यसैले अ.वं. १८८ नं. अनुसार राय व्यक्त गरिएको कुरालाई पुनरावेदनको विषयको रूपमा हेर्न नमिल्ने ।

२८. देवीप्रसाद पराजुली वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १०००८)

- ज्यान सम्बन्धीको १३(४) नं. अनुसारको "ज्यान मार्नमा बचन दिने" भन्ने शब्दको निरपेक्ष अर्थ नगरी समय सापेक्ष अर्थ गर्नुपर्ने हुन्छ । 'मार' भनी भनेकोलाई सबै सन्दर्भ परिस्थितिमा कानून अनुसार सजाय गर्दा व्यावहारिक नहुने र यसो गर्दा अन्यायसमेत पर्न जान्छ । त्यसैले 'मार् हान्' भनी भनेको कुरा साँच्चिकै मार्ने मनसायसहित भनेको हो, होइन ? यसरी मार् भनी बचन दिएकोले मात्र मारेको हो, होइन ? भन्ने जस्ता कुरा यसमा विचारणीय हुन आउने।
- ज्यान मार्ने मनसायले नै मार् भनेको र मार् भनेका कारणले मात्र मारेको भन्ने निःसन्देह पुष्टि नभएको यस्तो अवस्थामा यी प्रतिवादीले नेपाल सरकारको पुनरावेदन जिकिर अनुसार ज्यान सम्बन्धी महलको १३(४) नं. को कसूरमा सहभागिता रहेको हो भनी भन्न नसकिने ।

२९. नेपाल सरकार वि. ध्रुवबहादुर सुनार (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७६)

- प्रतिवादीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहरे पनि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (क) मा कुनै कसूरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसूर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

३०. रामकली चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१८७)

- सामान्य समझले बच्चा जिउँदो रहन सक्ने अवस्था नै नदेखिएको अवस्थामा लाश नभेटिएको भन्ने कारणले मात्र अभियोग दाबीको कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने नदेखिने ।

३१. नेपाल सरकार वि. वीरमान वि.क. (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५४)

- लाश बरामद नभए पनि वारदातको प्रकृति र संकलित सबुद प्रमाणका आधारमा ज्यान मारेको पुष्टि भए कानून बमोजिम सजाय हुने ।

३२. नेपाल सरकार वि. रामलाल मुखिया (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५२)

- एकजना भन्दा बढी पनि मुख्य अभियुक्त हुन सक्ने अवस्था पनि रहन्छ भने मुख्य अभियुक्तको तुलनामा अन्य अभियुक्तको आपराधिक कार्यको गाम्भीर्य कम हुन सक्ने देखिन्छ । कुनै कर्तव्य ज्यानको अपराधमा

एकजनाभन्दा बढी व्यक्तिको संलग्नता रहेको त्यस्तो आपराधिक कार्यमा कुन व्यक्तिले के कस्तो भूमिका खेलेको छ, निजले खेलेको भूमिकाको गाम्भीर्यसमेतलाई विचार गर्नुपर्ने ।

३३. तेजबहादुर रोकाया वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९३)

- प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी उपरको अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको र सोबमोजिम अभियोग दाबी बमोजिमको ठोस एवं निश्चयात्मक प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेश हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शंकाको भरमा प्रतिवादीहरूलाई कसूरदार करार गर्न नमिल्ने ।
- शंका र अनुमानको आधारमा मात्र प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न फौजदारी न्यायको सिद्धान्तले नमिल्ने ।

३४. दिलबहादुर लामा मोक्तान वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१३)

- अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको क्रममा भएको बयानलाई प्रमाणमा लिन मिल्ने देखिन्छ । अनुसन्धानको क्रममा भएको बयान निरपेक्ष रूपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनी अर्थ गर्न नमिल्ने।
- समूहमा रही वारदातस्थलसम्म पुगेको भन्ने आधारमा मात्र सबैलाई मुख्य अपराधीसरह व्यवहार गर्नु उचित हुँदैन । समूहमा रहने हरेक प्रतिवादीको अपराधमा संलग्नता तथा निभाएको भूमिका पुष्टि भई सोही आधारमा मात्र कसूर कायम गरिनु पर्ने ।

३५. नेपाल सरकार वि. दाछिकी शेर्पा (ने.का.प. २०७७, अंक ९, नि.नं. १०५७६)

- अपराध हुनलाई अभियुक्तले मृतकलाई मार्ने मनसाय राखेको र मर्नेसम्मको कार्य गरेको स्थापित हुनुपर्छ । मनसाय अन्तर्गत मृतक मर्न सक्ने परिणामको पूर्वानुमान र अनुमान गरे अनुसार नै मरोस भन्ने परिणामको इच्छा अभियुक्तले राखेको थियो भन्ने कुरा निर्विवाद तथ्यबाट पुष्टि हुनुपर्ने ।

३६. दिलीप बस्याल वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १, नि.नं. १०६२३)

- मतलबमा पस्नु भनेको यसको सोझो अर्थ ज्यान मार्ने साझा योजना (Common plan) मा संलग्न रहेको भन्ने नै हो । साझा योजना बनेको छैन, योजना बनेको भए पनि आरोपित व्यक्ति त्यस्तो योजना बनाउनमा संलग्न छैन वा जानकार छैन भने निजको हकमा १७ नं. आकर्षित हुँदैन । ज्यान सम्बन्धीको १७ नं. को उपर्युक्त व्यवस्थालाई परम्परागत फौजदारी कानूनको भाषामा व्याख्या गर्दा मतलबमा पस्ने त्यस्तो व्यक्तिले वारदात स्थलमा उपस्थित भई वारदात घटाउन प्रत्यक्ष सहयोग गरेको अवस्थामा निज मुख्यतः दोस्रो तहको मुख्य कसूरदार (Principal in the second degree, or accessory at the fact) र सो नं. को अन्त्यमा "लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई" भन्ने शब्दावली प्रयोग भएबाट त्यस्तो अवस्थामा आरोपित व्यक्ति मतियार (aider, abettor, accessory before/after fact) समेत हुन सक्ने देखिन्छ । अर्को शब्दमा ज्यान सम्बन्धीको १७ नं. मा उल्लिखित "मतलबी" शब्दले दोस्रो तहको मुख्य कसूरदार र मतियार दुवैलाई समेट्ने देखिन्छ । यो "मतलबी" वारदात घटाउने मतलबमा पस्छ, त्यसबारे प्रत्यक्ष जानकारी राख्छ वा सहमति जनाउँछ, घटना घटोस् भनी चाहना राखी निज साझा योजनामा कुनै न कुनै रूपमा सहभागी भएको हुने ।

- जसरी मुख्य कसूरदारको हकमा मनसाय (Mens rea) पत्तालगाउने सन्दर्भमा उसको कार्य (Actus reus) हेरिन्छ, मतियारको हकमा पनि सोही माध्यम प्रयोग गरिन्छ र गरिनुपर्छ । अर्थात् उसले गरेको कार्यको अध्ययनबाट नै उसमा रहेको मनसाय तत्त्व सबैभन्दा भरपर्दो रूपमा पत्ता लगाउन सकिन्छ । आरोपित व्यक्तिले आपराधिक कार्य गर्न जे माध्यम प्रयोग गरेको भए पनि त्यस्तो कार्यले नै उसमा रहेको मनसाय तत्त्वलाई स्पष्ट र प्रकट रूपमा देखाएको हुन्छ भन्ने कुरालाई न्यायको रोहमा ध्यानपूर्वक विचार गरिनुपर्ने ।

३७. कृष्ण कान्दु वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६५८)

- कुनै पनि प्रतिवादीले अनुसन्धान तहकिकातको अवस्थामा अधिकारप्राप्त अधिकारीबाट स्वेच्छाविरूद्ध बयान गराइएको अवस्थामा त्यसको विरूद्ध अदालतमा निवेदन दिई स्वेच्छाविरूद्धको बयान हो भनी प्रमाणित गराउन सक्नुपर्ने ।

३८. नेपाल सरकार वि. परिवर्तित नाम थर ४४ कुश्मा (९) (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६५)

- कुनै पनि बालबालिकाको अधिकारको परिप्रेक्ष्यमा किशोर अवस्थामा रहेका कानूनले बालबालिका हुन् भनी निर्धारित गरेको उमेर समूहभित्र देखिएका वा सामान्यतया २० वर्षको उमेरसम्मका किशोर किशोरीहरूबिच हुने असुरक्षित यौन सम्बन्धसँग सम्बन्धित कसूरजन्य कार्यमा कानून कार्यान्वयन गर्दा उदार दृष्टिकोण अपनाउनु उपयुक्त देखिने ।
- किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धजन्य कार्यबाट सिर्जित कसूरहरूमा बालबालिका वा किशोर किशोरीको अधिकारसमेतलाई मध्यनजर गर्नुपर्ने हुँदा तथा असुरक्षित यौनजन्य कार्यबाट सिर्जित कसूरजन्य कार्यलाई उदार रूपमा नहेरी युवा अवस्थामा नै अधिक कैदमा राखिँदा त्यस्ता नाबालक वा किशोर किशोरीहरूको सामाजिक पुनर्स्थापनामा समस्या देखिन सक्ने ।
- असुरक्षित यौन सम्बन्धका कारण जुनसुकै उमेर समूहका महिलाबाट जन्मिने नाबालकलाई वा कानूनले निर्धारण गरेको बालबालिकाको उमेर समूह वा बिस वर्षभन्दा कम उमेर समूहका महिलाबाट त्यस्तो असुरक्षित यौन सम्बन्धका कारण जन्मने नाबालकको तत्काल गरिने जातक हत्या (Infanticide) का सम्बन्धमा महिलालाई हेर्ने परिवर्तित संवैधानिक, कानूनी तथा सामाजिक दृष्टिकोणमा आएको परिवर्तन, उनीहरू रहेको सामाजिक परिस्थिति तथा त्यस्तो कार्यमा संलग्न महिलाहरू क्रूर तथा अपराधी नभई सम्बन्धित पुरूष गैरजिम्मेवार भएको र लोकलज्जाका कारण त्यस्तो कार्य गर्न बाध्यात्मक अवस्था सिर्जना भई अविवाहित वा विवाहित अवस्थामा पनि बच्चा जन्मनासाथ लुकाउने, छोड्ने वा मारिदिनुपर्ने अवस्था सिर्जना भएको हुन सक्ने।
- जातक हत्याको अभियोगमा परेका महिलाहरूले गरेको ज्यान सम्बन्धी कार्य कसूरको रूपमा मानिने भए तापनि यथासम्भव मानवीय दृष्टिकोणबाट हेरिनुपर्ने र कम उमेर समूहका महिला भए उनीहरूको विकासशील अवस्थालाई मध्यनजर गरिनुपर्ने ।
- न्यायिक दृष्टिकोणले अदालतहरूले यस प्रकृतिको कसूरमा उल्लिखित आधार र कारणसहित सम्बन्धित महिलाको आत्मसम्मान, समानताको हक र समाजमा महिलाको परिवर्तित पहिचानसमेतलाई मध्यनजर गरी यस प्रकृतिको कसूरमा न्यूनतम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने ।
- असुरक्षित यौन सम्बन्ध हुन गई गर्भ रहन गएको र सामाजिक लान्छनाबाट बच्न जातकको हत्या गरेको अवस्था तथा परिस्थितिलाई समेत विचार गरी निर्णय गर्नु उपयुक्त देखिने ।

- सामाजिक तिरस्कार तथा लोकलज्जाबाट बच्न आपराधिक कार्यको परिणामका सम्बन्धमा कुनै सोच विचारै नगरी शिशु जन्मनासाथ शिशुलाई जन्म दिने आमाले हत्या गरेको तथा प्रारम्भदेखि नै कसूर स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएकोले ऐनअनुसार सजाय गर्दा चर्को पर्न जाने अवस्था र परिस्थितिलाई समेत विचार गरी निजलाई २ वर्ष कैद गर्दा पनि कानूनको मकसद पूरा हुने ।

३९. विरबल बुढा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४/५, नि.नं. १०६६६)

- मनसाय पहिलेदेखि नै योजनाबद्ध रूपले हुनुपर्छ भन्ने नभई वारदातकै समयमा पनि मनसाय विकसित हुन सक्ने । बञ्चरो जस्तो धारिलो हतियारले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मृत्यु हुन सक्छ भन्ने कुरा सामान्य सुझबुझ भएको मानिसको जानकारीमा रहने नै देखिने ।

४०. अर्जुनकुमार ऋषिदेव वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०८)

- मौकामा घटना विवरण कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भई प्रतिवादीले घटना घटाएको होइन भनी बकपत्र गरेको देखिए पनि भौतिक एवम् वैज्ञानिक प्रमाणबाट स्थापित तथ्यलाई मौखिक प्रमाणले खण्डन गर्न सक्ने अवस्था नरहने ।
- वारदात तथ्य र परिस्थितिले कहिल्यै झुट बोल्दैन तर साक्षी वा मौखिक प्रमाण जहिले पनि मानवीय संवेदनाबाट प्रभावित हुने र अनपेक्षित प्रभाव पर्न सक्ने सम्भावना रहने हुनाले मौखिक प्रमाण ग्रहण गर्दा मिसिलका अन्य प्रमाणबाट समर्थित भए नभएको सतर्कतापूर्वक हेरिनुपर्ने ।

४१. केशु गिरी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२८)

- घटनास्थल वरपर उपस्थित भई घटनास्थलमा जान इन्कार गर्नु र कसैलाई कर्तव्य गरी मार्नु दुई फरक कुरा हुन् । कसैको रगताम्य रूपमा हत्या भएको वारदातस्थलमा जान डराउनु र जाँदा आफूलाई नै आरोप आइलाग्छ कि भनेर सोच्नु स्वाभाविक मानवीय भावना हो । प्रतिवादी वारदातस्थलको वरपर उपस्थित रहेको र निजले वारदातस्थलमा जान इन्कारी गरेको तथ्य मात्र निजलाई कसूरदार ठहऱ्याउनका लागि पर्याप्त नहुने ।

४२. नेपाल सरकार वि. बासु चौधरीसमेत (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७३६)

- अनुमानको आधारमा टुक्रिएका र खण्डित भएका घटना र वारदातका तथ्य र प्रमाणहरूलाई फौजदारी कानून एवं न्यायको प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जबरजस्ती रूपमा प्रमाणहरू जोडेर कसैलाई पनि सजाय गर्न सक्तैन । घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम्ले वा निजका परिवारले कसूरदार यकिन गरी अदालतमा आफ्नो भनाइ लेखाउन नसकेको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसूरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने ।

४३. नेपाल सरकार वि. परिवर्तित नाम ३१(०७४—०७५—ज) (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६३)

- केवल आक्रमणकारीले जबरजस्ती करणी गर्न सक्छ होला भन्ने कोरा आशंका (Mere Speculation) का आधारमा निजी रक्षाको हक क्रियान्वित हुन नसक्ने । आफूउपर आक्रमण हुन सक्छ भन्ने मनासिब

माफिकको विश्वास गर्नुपर्ने कारण (Reusonable belief) देखिनुपर्ने ।

- आक्रमणकारीले पीडितलाई करणी गर्ने धम्की दिएको अवस्थामा धम्की अनुरूपको कुनै कार्य वा सोको लागि जोरजुलुम गरेको अवस्थामा प्रतिकार गर्दा वारदात घटित भएको हो भन्ने वारदात परिस्थितिबाट पुष्टि हुन आवश्यक हुने । जुलुमीले जबरजस्ती करणी गर्ने वा इज्जत लुटिदिने भनी धम्की दिएकै आधारमा मात्र निजको ज्यान मारेको अवस्थामा निजी रक्षाको जिकिरका लागि आवश्यक पूर्वावस्थाको विद्यमानता हुन नसक्ने।
- सामान्य प्रतिरोधबाट बच्न सकिने अवस्थामा अत्यधिक बल (Excessive force) प्रयोग गरी ज्यानै लिनेसम्मको काम भएको अवस्थामा निजी रक्षाको जिकिर स्थापित हुन नसक्ने । निजी रक्षाको जिकिर लिने प्रतिवादीले ज्यान बचाउने अन्य कुनै उपाय नदेखी अन्तिम उपाय (The last recort) का रूपमा केही गर्दा जुलुमीको ज्यान मरेको अवस्था हुनुपर्ने । पीडितबाट आक्रमणकारीउपर गरिने प्रतिरोध समानुपातिक (Proportionality resistance) भएको हुनुपर्ने ।
- आक्रमणकारी उपर बदला लिने (Retaliation) मनसायले गरिएको प्रत्याक्रमणलाई निजी रक्षाको जिकिर भनी मान्न नमिल्ने । आक्रमणकारीको कार्यबाट तत्काल उठेको रिस थाम्न नसकी उसै बखत गरेको प्रत्याक्रमणमा आक्रमणकारीलाई केही भएको अवस्थामा मात्र निजी रक्षाको जिकिर ग्राह्य हुने ।

४४. लालबहादुर भुजेल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१०)

- मृत्युकालीन घोषणा मानिसले आफू मर्नुअघि होस छँदै व्यक्त गरेको कथन (statement) हो । यस्तो कथन (statement) लिपिबद्ध हुन पनि सक्छ र नहुन पनि सक्छ तर निजले भनेको बेहोरा सुन्ने व्यक्तिले अदालतमा साक्षीका रूपमा उपस्थित भएमा प्रमाणका रूपमा लिन मिल्ने हुन्छ । यो hearsay is not an evidence भन्ने प्रमाण कानूनको अपवादको रूपमा महत्त्वपूर्ण प्रमाणमा ग्रहण गर्नुपर्ने आधार भनेको roman maxim "Nemo moriturus praesumitur mentire" हो जसको अर्थ a man will not meet his maker with a lie in his mouth हो, यसै कारणले नै मृत्युकालीन घोषणालाई प्रमाणका रूपमा लिइनुपर्छ भन्ने विधायिकाको मनसाय देखिने ।
- कुनै पनि घटनाको प्रत्यक्षदर्शी भनेको नै पीडित व्यक्ति स्वयम् हुने हुनाले निजले व्यक्त गरेको कुरालाई सुन्ने, लेख्ने व्यक्तिले अदालतसमक्ष आई बकपत्र गरेमा र उक्त मृत्युकालीन घोषणा अरू प्रमाणहरूले समर्थन (corroborate) गरेमा उक्त कथन (statement) लाई निर्णायक प्रमाणका रूपमा लिइनुपर्ने ।
- Inciter to be liable as perpetrator को व्यवस्था हाम्रो कानूनी व्यवस्थासमेतले अङ्गीकार गरेको अवस्थामा ज्यान सम्बन्धी अपराधमा मुख्य भई वचन दिने व्यक्तिलाई पनि perpetrator को सरह सजाय गरिनुपर्ने हुँदा जन्मकैदको सजाय गरेको देखिन्छ । घटनामा आफैं संलग्न नभए पनि मार्न आदेश वा मार्न सहमति दिने व्यक्तिलाई मृतकको मृत्यु हुँदैछ भन्ने foresightness of consequence हुने हुँदा मृतक मरे पनि मरोस् भन्ने desire of consequence अभियुक्तले राख्ने हुँदा वचन दिने व्यक्तिलाई पनि first offender कै रूपमा हेरिनुपर्ने हुन्छ र निजलाई सजाय गर्दा पनि first offender को दर्जामा राखी सजाय गरिनुपर्ने ।
- जाहेरीमा नाम उल्लेख हुनु र कसूरदार ठहर हुनु फरक कुरा हुने ।

४५. रूम भन्ने सन्तोष तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१६)

- अनुसन्धानमा सङ्कलित प्रमाणहरू न्यायिक परीक्षणका क्रममा समर्थित तथा सत्य साबित हुन सक्नुपर्दछ ।

त्यस्तै सङ्कलित प्रमाणहरू परस्पर विरोधाभाषपूर्ण नभई एकबाट अर्को समर्थन हुन सक्ने हुनुपर्ने हुन्छ । यदि अनुसन्धानमा सङ्कलित प्रमाणहरू न्यायिक परीक्षणका क्रममा समर्थित हुन आएनन् र परस्पर विरोधाभाषपूर्ण देखिए भने त्यस्ता प्रमाणको आधारमा कसैलाई अभियोग दाबीको कसूर गरेको रहेछ भनी दोषी ठहर गर्नु न्यायोचित नहुने ।

- वादी पक्षले प्रतिवादीले अभियोग दाबीअनुसारको कसूर गरेको कुरा अदालत सामु सर्वोत्तम प्रमाण पेस गरी पुष्ट्याईं गर्न सक्नुपर्दछ । वादीले पेस गरेका प्रमाणहरू परस्पर समर्थित, प्रत्यक्ष तथा द्विविधारहित भएमा मात्र सर्वोत्तम प्रमाण मानिन्छन र त्यस्ता प्रमाणहरूलाई मात्र अभियोग दाबी ठहर गर्न आधारका रूपमा लिन सकिने ।

४६. खड्गबहादुर लिम्बू वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१७)

- आपराधिक दायित्वको समाप्ति पश्चात् कसूरदार विरूद्धको फौजदारी मुद्दाको कारबाही प्रक्रिया जे जुन अवस्थामा छ, सोही अवस्थामा अन्त्य भएको मानिने । जसअनुसार मुद्दा अनुसन्धानको चरणमा भए निज विरूद्ध अभियोजन नै नगरिने, अभियोजन भइसकेको भए मुद्दा खारेज गरिने र अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा निजको कार्यान्वयन हुन बाँकी कैद वा जरिवाना स्वतः मिनाहा भएको मानिने । यद्यपि फौजदारी मुद्दाको जरियाबाट सिर्जित बिगो र क्षतिपूर्ति जस्ता देवानी प्रकृतिका दायित्व भने प्रतिवादीको मृत्युसँगै समाप्ति हुन नसक्ने । त्यस्तो दायित्व निजको हकवालामा हस्तान्तरित हुने ।

४७. दिपेस राई वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १, नि.नं. १०८१८)

- आफूले गरेको कसूर स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिए तापनि अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेबाट न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था नभई घटना घटाए पश्चात् तत्काल फरार भई विदेश गई लुकीछिपी बसेको र केही वर्षपछि नेपाल आएको अवस्थामा पक्राउ परी आफू मुद्दाको प्रतिवादी नभई अर्कै व्यक्ति हुँ भनी अदालतमा बयान गर्दा निजले आरोपित कसूरबाट बच्ने प्रयास गरेको अवस्थामा साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. को अवस्था विद्यमान रहेको मान्न नसकिने ।

४८. नेपाल सरकार वि. मिठे सार्कीसमेत (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२१)

- अस्पतालमा उपचार गरिरहेको बिरामीको कागज गर्दा सो स्थानमा मौजुद रहेका नर्स, चिकित्सक आदि व्यक्तिको रोहबरमा नभएको कागजको बेहोरा शङ्कास्पद देखिने ।
- अनुसन्धानकर्ताले पेस गरेको मृत्युकालीन घोषणा भनिएको शङ्कास्पद कागजलाई मात्र भर गर्न सकिने देखिन नआउने ।

४९. हरिप्रसाद चौलागाईं वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२५)

- परिस्थितिजन्य प्रमाणलाई ग्रहण गरी कसूरदार ठहर गर्नुपर्दा प्रमाण कानूनका केही मूलभूत मान्यताहरूलाई आत्मसात् गर्नुपर्ने ।
- प्रतिवादीको निर्दोषिता प्रमाणित हुन सक्ने वैकल्पिक निष्कर्षको सम्भावना छ भने त्यस्तो अवस्थामा केवल परिस्थितिजन्य प्रमाणलाई मात्र आधार बनाएर कसूरदार ठहऱ्याउन परिस्थितिजन्य प्रमाणको ग्राह्यताको सिद्धान्तविपरीत हुने ।

५०. राजकुमार चौलागाई वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३४)

- घटनामा प्रयोग हुन पुगेको हतियार जोखिमी थियो वा थिएन भन्ने कुराका आधारमा मात्रै कसूरको निर्धारण गर्न नमिल्ने । सो हतियारबाट कसरी दुष्परिणाम पैदा हुन पुग्यो, वा कार्यको परिणामप्रति कर्ताको कुनै स्वाभाविक सचेतना थियो वा थिएन भन्ने पक्ष पनि महत्त्वपूर्ण र विचारणीय हुने ।

५१. नेपाल सरकार वि. नेमप्रसाद आचार्यसमेत (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३७)

- चिकित्सकले शव परीक्षण गर्दा देखिएको शारीरिक अवस्थाको विवरणलाई विशेषज्ञको हैसियतले बकपत्र गर्दा उल्लेख गरेको विषयसम्म प्रमाणमा लिन सकिने । मृतकको मृत्यु कर्तव्यबाट भएको हो होइन भन्ने प्रश्नको निरूपण प्रमाणको मूल्याङ्कनबाट हुने विषय भएकाले कर्तव्यबाट मृत्यु भएको (homicidal) हो वा होइन भन्ने प्रश्न विशेषज्ञले राय दिने विषय नदेखिने ।
- बकपत्रको बेहोरा प्रत्यक्षदर्शीबाट जानकारी पाएर लेखाएको नभई अनुमान एवं विश्वासका आधारमा मात्र लेखाएको देखिएमा र बकपत्रको बेहोरा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेमा त्यस्तो बकपत्रलाई प्रतिवादीहरूउपरको अभियोग ठहर गर्ने अकाट्य प्रमाणको रूपमा लिन नमिल्ने ।

५२.नेपाल सरकार वि. कृष्ण भन्ने प्रमिश न्यौपाने (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८४८)

- घटना घटेको अवस्था र परिस्थिति मृतक तथा प्रतिवादीबिच पूर्वरिसइवीको अवस्था, वारदातको प्रकृति, प्रतिवादीको पूर्वआपराधिक चरित्र, अपराध घटाउने पूर्वतयारी, कसूरदारको उमेर तथा शारीरिक र पारिवारिक अवस्था सबै वा केही तत्त्वहरूको विद्यमानताको समग्र परिस्थितिलाई हेरी साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग गर्नुपर्ने ।

५३. नेपाल सरकार वि. विनोदकुमार परियार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८६४)

- मनसायको अभावमा पूर्ण अपराध हुन सक्दैन । मनसायको मापन कसरी गर्ने भन्ने सम्बन्धमा घटना घटाउँदा अभियुक्तले कस्तो सोचबाट प्रेरित भई घटना घटाएको देखिन्छ, घटना घटाउँदा मृतकउपर अभियुक्तले गरेको कार्य र देखाएको आचरण कस्तो छ, मृतकलाई मार्नेमा के कस्तो चिज वस्तु प्रयोग भएका छन् र मृतकलाई के कुन ठाउँमा प्रहार गरिएका छन् यी र यस्ता कुराहरूकै आधारमा मनसायको मापन गर्दा न्यायसङ्गत हुने ।

५४. प्रल्हाद महत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ५, नि.नं. १०८७०)

- घटेको देख्ने चश्मदिद व्यक्ति कोही नभएको अवस्थामा अन्य परिस्थितिजन्य प्रमाणहरू बाट अभियोग दावी पुष्टि हुन सक्ने । फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्त्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन नसक्ने भए तापनि कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा कसूर र कसूरदारको बारेमा खोजबिन नहुने भन्ने हुँदैन ।
- कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा दोषी पत्ता लगाउनुपर्ने अवस्थामा परिस्थितिजन्य प्रमाणको सहारा लिनुपर्ने ।

५५. वीरबहादुर बुढाथोकी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९०९)

- कसूरदार ठहर गर्नको लागि परिवारका केही सदस्य वारदातमा संलग्न रहेबाट परिवारका सबै सदस्य

संलग्न रहेको अनुमान गर्नु न्यायसङ्गत नहुने । कसूरदार ठहर गर्न कसूरजन्य कार्य गरेकै हुनुपर्ने ।

५६. नेपाल सरकार वि. कान्छी भन्ने रूकमाया राईसमेत (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४२)

- प्रतिवादीहरू फरार रहनुको अर्थ निजहरू विरूद्धको अभियोग स्वतः प्रमाणित हुने भन्ने होइन । कुनै पनि कसूर प्रमाणको आधारमा स्थापित हुने वा नहुने न्यायिक मान्यता हो । प्रतिवादी फरार रहँदैमा प्रमाणको भार वादीबाट प्रतिवादीमा स्वतः सर्छ र कसूरदार नै हुन्छ भनी मान्न नमिल्ने । प्रतिवादी फरार रहेकै आधारमा कसूरदार ठहऱ्याउने हो भने न्यायको मान्य सिद्धान्तसमेत पराजित हुन जाने ।

५७. जिलाजित केवट वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४३)

- प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजलाई शारीरिक तथा मानसिक यातना दिएको मिसिल संलग्न प्रमाणबाट नदेखिएको हुँदा अदालतको इन्कारी बयानलाई मात्र कसूरबाट उन्मुक्ति दिने आधार मान्न नसकिने । कसूरबाट उन्मुक्ति लिने उद्देश्यले अन्य व्यक्तिको संलग्नता हुनुपर्छ भनी गरेको कथनलाई न्यायको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

५८. नेपाल सरकार वि. अनिल श्रेष्ठसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१३)

- प्रमाण पेस गर्ने जिम्मेवारी भएको पक्षले उचित कार्यविधि (due process) पुऱ्याएर पेस गरेको प्रमाण मात्र अदालतले स्वीकार गर्नुपर्ने । कानूनले नदिएको अधिकारको प्रयोग गरी, प्रक्रिया पूरा नगरी गराएको कागजलाई आधार मानी निजका विरूद्ध प्रमाणमा लिई कसूरदार ठहर गर्नु न्यायसम्मत नहुने ।
- ठोस प्रमाणहरू पेस हुन नसकेको अवस्थामा केवल प्रहरीमा दुवै नाम गरेको व्यक्ति एउटै व्यक्ति हो भनी गराएको एक मात्र कागजको आधार कारणबाट मात्र व्यक्तिको परिचय परिवर्तन हुन सक्ने अवस्था नदेखिने ।
- वारदातमा संलग्न रहेको व्यक्तिको सम्बन्धमा पर्याप्त अनुसन्धान नगरी, निजको पहिचान नै यकिन नगरी कुनै वस्तुगत आधारविना नै कुनै पनि व्यक्तिउपर फौजदारी कसूर गरेको आरोपमा सजाय दिलाउनु कानून र न्यायको मान्य सिद्धान्तको विपरीत हुने ।

५९. मोहन कुमार सहनी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक २, नि.नं. ११०४०)

- आरोपित व्यक्तिले गरेको बयानमा खुलाएका घटनाका श्रृङ्खला तत् मुद्दासँगको सान्निध्यता, बयान बेहोरा पत्यारलायक छन्, छैनन भन्ने वस्तुगत अवस्था (Objective Test) समेतका समग्र अवस्थाको मूल्याङ्कन र विश्लेषण गरी आरोपित व्यक्तिले गरेको अनुसन्धान अधिकारी वा अदालतसमक्ष गरेको बयानको सच्चाइ पत्ता लगाएको हुन्छ । आरोपित व्यक्तिले अदालतमा इन्कार रही बयान गरेको वा अदालतमा पनि साबित रहेको भन्ने मात्रको आधारमा अदालत निष्कर्षमा पुग्न नसक्ने । साबिती होस वा इन्कारी बयान होस अन्य तथ्यहरूले समर्थन र सम्पुष्टि आवश्यकीय सर्त रहने ।

६०. नेपाल सरकार वि. मदन प्रसाद यादव (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६२)

- जाहेरी दरखास्तमा उल्लिखित विवरण प्रतिकूल हुने गरी जाहेरवालाले बयान गरेको अवस्थामा किटानी जाहेरीको आधारमा प्रतिवादीहरूले कुटपिट गरेको कारण मृतकको मृत्यु भएको भनी यकिन गर्न नसक्ने । केवल किटानी जाहेरी र शव परीक्षण प्रतिवदेनमा मृतकको मृत्यु टाउकोमा लागेको गम्भीर चोटका कारण

भएको भनी उल्लेख भएको भन्ने आधारमा मात्र कोही व्यक्तिलाई दोषी ठहर गर्न नमिल्ने ।

- कुनै वारदातमा एक जनाभन्दा बढी सामूहिक रूपमा संलग्न रहेको अवस्थामा हरेक व्यक्तिको कसूरजन्य कार्य हेरिनुपर्दछ । घटनास्थलमा उपस्थित हुनु र घटनामा संलग्न हुनु फरक कुराहरू हुन् । घटना घटेको समयमा वारदातस्थलमा उपस्थित हुँदैमा ती व्यक्तिहरू नै वारदात घटाउन संलग्न रहेका हुन् भन्न नमिल्ने ।

६१. पुष्कर गौतम वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ६, नि.नं. १११०३)

- सहप्रतिवादी कसूरदार ठहर भएकै कारण अन्य प्रतिवादी पनि कसूरदार रहेको भनी अनुमान गर्न नमिल्ने । एक जनाभन्दा बढी अभियुक्तको संलग्नता रहेको आपराधिक कार्यमा गोश्वारा रूपमा सबै अभियुक्तलाई कसूरदार ठहर हुने वा सफाइ प्रदान हुने भन्ने नहुने । कुन अभियुक्तले के कस्तो भूमिका खेलेको छ, प्रत्येक अभियुक्तले खेलेको भूमिकाको गाम्भीर्यसमेतलाई विचार गरी निजको कसूर यकिन गरी सजाय निर्धारण गर्ने वा बेकसूर देखिए सफाइ प्रदान गरिनुपर्ने । सबै अभियुक्तहरू समान रूपले कसूरदार हुने वा सबै अभियुक्तले सफाइ पाउने भन्न तर्कसङ्गत नहुने ।
- प्रमाण पुऱ्याउने भार अभियोक्तामा रहने, निर्दोषिताको अनुमान अभियुक्तको पक्षमा जाने तथा शंकाको सुविधा अभियुक्तले पाउने जस्ता फौजदारी न्यायका सर्वमान्य सिद्धान्तबमोजिम शंका जतिसुकै बलियो भए पनि त्यसले निर्णायक प्रमाणको स्थान लिन नसक्ने हुँदा प्रतिवादीले कसूर गरे होलान् भन्ने शंकात्मक अवस्थाको आधारमा प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने ।

६२. नेपाल सरकार वि. रञ्जनप्रसाद कोइरालासमेत (ने.का.प. २०८०, अंक ७, नि.नं. १११२१)

- कर्तव्य ज्यानको कसूर गर्दाका समग्र तौरतरिका, वारदातमा प्रतिवादीको भूमिका, प्रतिवादीको कानूनी हैसियत एवं जिम्मेवारी, प्रमाण नष्ट गर्न गरिएका हरप्रयत्न एवं क्रियाकलापसमेतका आधार कारणबाट वारदात भवितव्य जस्तो देखिने नभई सुनियोजित जघन्य अपराध भएको देखिन आएकोले मुलुकी ऐन अ.बं. १८८ तथा प्रचलित फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १७क को अवस्थाको रहेको नदेखिँदा निज प्रतिवादीलाई घटी सजाय गर्नुपर्ने स्थिति अवस्था नदेखिने ।
- मुलुकी ऐन, अ.बं. १८८ नं. वा फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. को प्रयोग र प्रयुक्तता सम्बन्धमा भएको कानूनी व्यवस्था एवं यस अदालतका अभ्यासको रोहसमेतबाट प्रस्तुत मुद्दामा प्रतिवादीको पदीय हैसियत एवं दायित्व, निजले गरेको आपराधिक कार्यको समग्र परिस्थितिबाट निजउपर उदारभाव (linency) देखाउनुपर्ने अवस्था विद्यमान देखिँदैन । एवं प्रकारले अपवादात्मक (exception) व्यवस्थाको रूपमा आकर्षित हुने अ.बं. १८८ नं. बमोजिमको घटी सजाय निज प्रतिवादीलाई दिने हो भने फौजदारी मुद्दामा हुने निरूत्साहन (deterrent) दण्ड सिद्धान्त नै पराजित भई विधायिकाले ठुलो भरोसा र विश्वास गरी न्यायाधीशलाई प्रदान गरेको स्वविवेकीय अधिकार (discretionary power) को दुरूपयोग हुने प्रस्ट अवस्था देखिने ।
- व्यक्तिको जीवन बाँच्न पाउने अधिकार (right to life) नै राज्यले सुरक्षाको जिम्मेवारी दिएको जिम्मेवार प्रहरी अधिकृतबाट दर्दनाक रूपमा समाप्त गरेको खास परिस्थितिसमेतका रोहमा नेपालको संविधानको धारा २१ ले अपराध पीडितलाई प्रदान गरेको मौलिक हक पीडित न्याय केन्द्रित (victim centered justice) भई सार्वजनिक स्वार्थ (public interest) को परिपूर्तितर्फ पनि विशेषरूपले हृदयंगम गरिनुपर्ने ।

६३. संजित कुमार थापा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४६)

- निर्दयतापूर्वक कसैले कसैलाई हारगुहार र भाग्न उम्कनसमेत नपाउने गरी पूर्णरूपमा आफ्नो नियन्त्रणमा लिई जोखिमी हतियारले हानी, घोची, रोपी, करेन्ट लगाई, तेजाव खन्याई, आगो लगाई, विष खुवाई, मृतकलाई मानसिक पीडा पुग्ने काल्पनिक झुठा कुरा सुनाइ वा अरू कुनै तरिकाबाट मृतकलाई शारीरिक वा मानसिक रूपमा पीडा पुऱ्याई कुनै व्यक्तिलाई मार्नुअघि वा पछि शरीरका विभिन्न अङ्ग वा भागहरू छुट्याई टुक्रा पारी पासविक ढङ्गले उल्लिखित कुनै वा सबै कार्य गरी निर्ममतापूर्वक ज्यान मारेमा "क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको" भनी मान्नुपर्ने ।
- कसूरदारले कसैको हत्या गरिसकेपछि गरिने हिंस्रक प्रकृतिको कसूरजन्य कार्यले पनि त्यस्तो कसूर क्रूर अमानवीय हो वा होइन भन्ने कुरा निर्धारण हुने । कसैको मृत्यु क्रूर यातनाबाट वा निर्ममतापूर्वक भएको हो, होइन भनी छुट्याउन मृतकको शरीरमा लागेको घाउचोटको संख्याको आधारमा मात्र नभई कसूर गर्ने व्यक्तिले हिंसात्मक रूपमा र क्रूरतापूर्वक ज्यान मार्ने मनसाय राखी सोअनुसारको क्रियाकलाप गरेको छ वा छैन भन्ने कुरा हेर्नुपर्ने ।
- कुनै कसूरदारले चरम क्रूरता वा निर्ममतापूर्वक हत्या गर्ने योजना बनाएको थियो वा थिएन भन्ने कुरा कसूरको परिणाम र कसूरदारको उत्तेजक अवस्थालाई सुषुप्त रहेको वा प्रकट भएको अवस्थामा थियो भन्ने कुरालाई ध्यान दिई निर्क्यौल गर्नुपर्ने ।
- मृतकको शरीरमा लागेको घाउचोटको संख्याको आधारमा मात्र क्रूर हत्या हो भनी भन्न सकिने अवस्था नहुने । सामान्यतयाः मृतकको नजिकका नाता सम्बन्धका आमा वा श्रीमती लगायतको आँखाअगाडि छुराजस्तो धारिलो हतियार प्रहार गरेर वा अन्य कुनै तरिकाबाट एकै चोटमा प्रहार गरी हत्या गरिएको छ भने पनि त्यस्तो हत्यालाई क्रूरता वा निर्ममतापूर्वक गरिएको हत्या भनी मान्न सकिने । यथार्थमा कसूरदारको क्रूरता वा निर्ममतापूर्वक कसूर गर्ने मनसायको उपल्लो हद देखिने गरी गरिएको हत्यालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४१(क) को अवस्था र सजाय हुने परिस्थितिको रूपमा हेरिनुपर्ने ।
- क्रूरतापूर्ण ढङ्गले हत्या गर्ने उद्देश्य राखी समाजले कुनै पनि रूपमा स्वीकार गर्न नसक्ने गरी मानिसलाई भाग्न उम्कन नदिई घरमा आगो लगाई जिउँदै जलाउने, नियन्त्रणमा लिई अमानवीय तरिकाले यातना दिई हत्या गर्ने, शरीरका अङ्गहरू काटी, छिनाली, पीडा दिई हत्या गर्ने, मनसायपूर्वक एकभन्दा बढी व्यक्तिहरूको विभत्स हत्या गर्ने वा निर्दोष बालक, महिला, वृद्ध वा कुनै त्यस्तै अवस्थामा रहेको व्यक्तिलाई निर्ममतापूर्वक गरिएको हत्या जस्ता कार्यलाई क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको भनी मान्नुपर्ने ।

६४. रमेश सिंह कुँवर वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ८, नि.नं. १११५३)

- कसूरका सम्बन्धमा व्यक्तिले कसूर गरेको देखिन्छ वा देखिँदैन भन्ने न्यायिक निष्कर्षमा पुग्नुपर्दा प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयान मात्र निर्णायक आधार बन्न नसक्ने । कुनै कसूरको अभियोग लागेको व्यक्ति आफूलाई लागेको अभियोगका सम्बन्धमा इन्कार रहनु सामान्य मानवीय स्वभावभित्रै पर्ने । कसैले आफूलाई लागेको आरोप हत्तपत्त स्वीकारी नहाल्ने । कसैले आफू विरूद्ध लागेको आरोप स्वीकार गरेन भने होइन, स्वीकार गऱ्यो भने यो पक्ष विचारणीय हुने ।
- सामान्य ज्ञानको विषयभित्र पर्ने कुनै कार्यको परिणामस्वरूप सोको नतिजाका रूपमा कुनै घटना घट्छ भने त्यो निजले चाहेरै गरिएको मानिन्छ र सो घटना घटाउने निजको चाहना मनसाय तत्त्व हुन्छ ।

कहिलेकाहीं चाहना एउटा तर परिणाम अर्कै हुन पनि सक्दछ । यस्तो हो भने मात्र त्यो कार्य मनसाययुक्त नभई भवितव्यजन्य कार्य हुने ।

६५. रुद्रबहादुर आले वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६१)

- प्रतिवादीको अनुसन्धान अधिकारी समक्षको साबिती बयान घटनाका अन्य प्रमाणबाट समर्थित रहेको अवस्था छ भने अदालतसमक्षको निजको इन्कारी बयान अन्य वस्तुनिष्ठ आधार प्रमाणबाट स्थापित हुन नसकेको स्थितिमा त्यस्तो इन्कारी बयान मात्र निजको निर्दोषिता पुष्टि हुने आधार बन्न नसक्ने ।
- घटनाका अन्य आधार, कारण र प्रमाणको शृङ्खलाबद्ध कडीहरूबाट घटना समर्थित भइरहेको, प्रतिवादी कसूरदार देखिएको अन्य तथ्यगत अवस्थाबाट सम्पुष्टि भइरहेको अवस्थामा जाहेरवाला र मौकाका व्यक्तिले गरेको प्रतिकूल बकपत्र (hostile) लाई प्रमाण ग्राह्य गर्न मनासिब नहुने । प्रतिकूल बकपत्र (hostile statement) मुद्दाको समग्र अवस्था, प्रतिकूल बकपत्रको ग्राह्यता वा अग्राह्यताको विश्वसनीयता, अन्य वस्तुगत प्रमाणहरूको तार्किक सादृश्यतासमेतका समग्रताका आधारमा निर्धारण हुनुपर्ने ।

६६. भक्तबहादुर राई वि नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६२)

- आफूले गरेको कार्यको परिणामको जानकारी हुन सक्ने अवस्थामा आफूमा मार्ने मनसाय नरहेको भनी भन्न नमिल्ने । त्यस्तै कुनै कसूर हुन मनसाय तत्त्वको विद्यमानता पहिलेदेखि नै हुनुपर्छ भन्ने नहुने । घटनाक्रमको जुनसुकै अवस्थामा पनि मनसाय सिर्जना हुन सक्ने । आफूले गरेको कार्यको परिणाम जानकारी हुने अवस्था नै मनसाय तत्त्व विद्यमान रहेको देखिने आधार हुने ।

६७. नेपाल सरकार वि. जितबहादुर थापा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६३)

- आवेशप्रेरित हत्याको वारदात कायम हुनको लागि ज्यान मार्ने मनसाय हुन नहुने । मृतक र प्रतिवादीबिच ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने पनि देखिन नहुने । त्यसका अतिरिक्त वारदातमा जोखिमी हतियारको प्रयोग भएको हुन नहुने । प्रतिवादीले ज्यान मार्ने षड्यन्त्र गरेको, सोबमोजिमको योजना बनाएको, योजनाबमोजिम तयारी गरी मार्नेसम्मको कार्य भएको भन्ने कहींकतैबाट देखिन नहुने । प्रतिवादीले तत्काल आवेशमा आई आत्मसंयम गुमाई कार्य हुन पुगेको हुनुपर्ने ।

६८. नेपाल सरकार वि. अशोक शर्मा (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६७)

- कुनै पनि स्वतन्त्र प्रमाण वा परिस्थितिजन्य प्रमाणहरूबाट व्यक्ति कसूरदार हुन् भनी प्रमाणित गर्न नसकेको अवस्थामा plea of alibi को विषयमा प्रश्न उठ्ने नदेखिने । कुनै पनि स्वतन्त्र प्रमाण वा परिस्थितिजन्य प्रमाणहरूबाट व्यक्ति कसूरदार हुन् भनी देखिन आएमा मात्र plea of alibi को विषयमा प्रश्न उठ्ने देखिने ।

६९. निशान के.सी.समेत (ने.का.प. २०८०, अंक १०, नि.नं. १११७५)

- तत्काल सङ्कलन गरिएका वस्तुस्थितिको चित्रण गरिएको घटनास्थल मुचुल्का, बरामदी मुचुल्कामा उल्लिखित बेहोराले अपराधमा देखिएका (crime scene) तथ्यहरू (facts) को उजागर गरिदिएको हुन्छ । अन्यथा प्रमाणित नभएसम्म त्यस्ता तथ्यहरूको विश्लेषणबाट अपराधमा रहेको अपराधीहरूको संलग्नताको बारेमा नजिक पुऱ्याउने कार्य गरेको हुन्छ । साथै एकजना मात्र संलग्न रहेको देखिने तथ्य र धेरै व्यक्ति संलग्न भएको देखिने तथ्य जस्तै तत्काल सङ्कलन गरिएका प्रमाणहरूबाट परख गर्न सकिने । मृतकको पोस्टमार्टम

रिपोर्ट परीक्षण पनि महत्त्वपूर्ण प्रमाण हुने । वैज्ञानिक विधिबाट मृतकको शरीरको यौनाङ्गमा देखिएका घाउ चोटहरू तत्काल खुलाइएको हुन्छ । सो प्रमाणले पनि कसूरदारहरूको संख्या वा संलग्नतालाई परख गर्न मद्दत पुग्ने ।

- अनुसन्धानको क्रममा तत्काल सङ्कलन गरिएका प्रमाणहरूले अपराध र अपराधीको बारेमा बोलिरहेको हुन्छ । परिस्थितिजन्य प्रमाणले कसूरदारको नजिक पुऱ्याउने कार्य गर्दछ । कतिपय वारदातमा प्रत्यक्ष प्रमाण नरहेको हुन सक्दछ तर सङ्कलन गरिएका मिसिल संलग्न रहेको परिस्थितिजन्य प्रमाणहरूको सूक्ष्म विश्लेषणबाट कसूरदार पहिल्याउनुपर्ने ।
- प्रतिवादीहरूको संलग्नता पुष्टि गर्ने परिस्थितिजन्य प्रमाण मालाकार कडीका रूपमा रहेको देखिएको अवस्थामा प्रत्यक्ष प्रमाणको अभाव रहेको भन्ने आधारमा मात्र अपराध र अपराधीले गरेको कसूरबारे खोजबिन नहुने र कसूरदार ठहर गर्न नमिल्ने भन्न नहुने ।
- कसूरदारले सकभर आफ्नो अपराध समाजबाट लुकाउन खोज्ने प्रवृत्ति रहने हुँदा सबै वारदात घटनामा प्रत्यक्षदर्शी वा प्रत्यक्ष प्रमाण हुन्छ नै भन्ने हुँदैन । तर प्रत्यक्ष प्रमाण नभएको स्थितिमा पनि मिसिलबाट देखिएका तथ्यले के बोलिरहेका छन् र ती तथ्यहरू वारदातको परिस्थिति र परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित भएको अवस्था छ, छैन हेरी विवादको निरूपण गरिनु आवश्यक हुने ।

७०. सहिदुल राईन वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०, नि.नं. १११८१)

- परिस्थितिजन्य प्रमाणहरूका साथै चस्मदिद व्यक्तिले गरेको बकपत्रसमेतबाट आरोपितले कसूर गरेको पुष्टि भएको देखिँदा लास decomposed भई मृत्युको कारण नखुलेको अवस्थामा विशेषज्ञ डाक्टरले बकपत्र नगरेकै कारण प्रतिवादी निर्दोष रहेको भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

७१. नरेन्द्रनाथ योगी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०, नि.नं. १११९०)

- कसूर स्थापित हुन प्रतिवादी घटना स्थलमा उपस्थित रही कुनै अर्को प्रतिवादीले ज्यान मार्ने कार्य गरेको अवस्थामा सो कार्यमा सहप्रतिवादीलाई सहयोग गरेको तथ्य शंकारहित तवरमा स्थापित हुनुपर्ने । वारदातस्थलमा उपस्थित रहनु नै कसूर कायम हुने र सजायको भागीदार हुने आधार नबन्ने । वारदात घटाउन पूर्वयोजनाअनुसार घटनास्थलमा उपस्थित भएको छ, छैन, वारदातस्थलमा गरेको आपराधिक कार्यको आधार स्थापित हुन्छ, हुँदैन भन्ने महत्त्वपूर्ण पक्ष हुने । मृतकलाई उपचारको लागि सहयोग नगरेका कारणले मात्र आपराधिक दायित्व सिर्जना नहुने ।

७२. रमेश वि.क. वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ११, नि.नं. १११९५)

- आवेश प्रेरित हत्यामा पीडितको कारणबाट पनि प्रतिवादीले आफूले आफैंलाई नियन्त्रण गर्न नसकी तत्काल उत्पन्न कुनै कारणबाट उत्तेजित भई आफ्नो कार्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा सोही आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । यसमा प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने । यो उत्तेजना योजनाबद्ध वा पहिलेदेखि नै विद्यमान रहेको नभई तत्काल नै मृतकको व्यवहारका कारणले जन्मेको हुनुपर्ने र आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन घटनाको परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने ।

७३. जिवद्ध साह वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ११, नि.नं. ११२०२)

- फौजदारी मुद्दामा आरोपित कसूरमा साबित हुनु र तथ्यको स्वीकारोक्ति हुनु फरक अवस्था हुन् । तथ्यको स्वीकारोक्तिको अर्थ आरोपित कसूरमा साबिती रहेको भनी भन्न नमिल्ने । तथापि प्रतिवादीले स्वीकार गरेको तथ्यलाई सो तथ्यबाट आरोपित कसूरमा निजको संलग्नताको यकिन गर्न सकिने तहसम्म पुग्न सकिने अवस्था छ, छैन भनी सावधानीसाथ हेरिनुपर्ने ।
- प्रतिवादीहरूबिच चिनजान र फोन सम्पर्क स्थापित हुनु मात्र पनि कसूर प्रमाणितका पर्याप्त आधार हुन नसक्ने । तर उक्त चिनजान र फोन सम्पर्कले प्रतिवादीहरूको मौकामा आरोपित कसूरमा साबित रही गरेको बयानमा उल्लिखित तथ्य स्थापित हुने । फरक फरक समय र लामो समयको अन्तरालमा भएको प्रतिवादीहरूको मौकाको साबिती बयानमा गरिएको वारदातको विस्तृत र सिलसिलेवार विवरणमा तथ्यगत तादम्यता देखिनुबाट समेत प्रतिवादीहरूको मौकाको बयान समर्थित हुने ।
- वारदातको प्रत्यक्षदर्शी वा चश्मदिद गवाहको अभाव रहेको र प्रतिवादीहरू अदालतको बयानमा कसूरमा इन्कार रहेको देखिए तापनि वारदातका सम्बन्धमा मौकाको घटना विवरण कागज गर्ने मृतकका छोराछोरी र छिमेकी तथा ड्युटीमा रहेका प्रहरी कर्मचारीको भनाइ एवम् मिसिल संलग्न कल डिटेल्ससमेतबाट खुल्न आएको कसूर गर्दाको परिस्थितिजन्य तथ्य एकआपसमा मालाकार कडीको रूपमा देखिएकोमा सो तथ्यलाई परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

७४. नेपाल सरकार वि. रामकुमार जिमीसमेत (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२०७)

- कतिपय अवस्थामा मुख्य अभियुक्त लामो समयदेखि फरार रही पक्राउ नपरे तापनि अन्य मतियार प्रतिवादीहरू तत्काल पक्राउ परेका हुन्छन् । मौकामा पक्राउ परेका कसूरदारले गरेको कसूरको मात्रा र कसूरको गम्भीरतासमेतका आधारमा त्यस्ता कसूरदारलाई सजाय निर्धारण गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तअनुकूल हुने । यस्तोमा एउटा कसूरदारले जुन हदसम्म कसूर गरेको हुन्छ सोभन्दा बढी हुने गरी कसूरमा सजाय गर्नु न्यायोचित नहुने ।

७५. टेकबहादुर तामाङ (गोपे) वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२२१)

- कुनै एक व्यक्तिलाई अन्य प्रतिवादीहरूसँग यसलाई मार्नुपर्छ भनी मिटिङ बसी अन्य व्यक्तिहरूसमेतको संलग्नतामा मृतक आउने बाटो ढुकी मृतकलाई आएपछि मार्नुपर्छ भन्ने पूर्वयोजना र मनसायसहित मृतकलाई खुकुरीजस्तो धारिलो हतियारले एकपटक मात्र नभई पटकपटक प्रहार गरेको र मृतकको मृत्यु भयो भन्ने कुराको यकिन गरेर मात्र मृतकलाई घटनास्थलमा छोडी गएको परिवेशबाट प्रतिवादीको आपराधिक मनसाय आपराधिक कार्यमा परिणत भएको स्पष्ट देखिने । आफूले गरेको कार्यप्रति कुनै पनि पश्चाताप र हिनताबोध महसुस नगर्ने प्रतिवादीले केवल अदालत सामु अपराध गरेको तथ्यमा साबिती रही गरेको बयानका आधारमा मात्र निजलाई कानूनबमोजिमको सजायमा छुट दिनुपर्छ भन्नु युक्तिसङ्गत नहुने । अपराध घटाई घटनाको बारेमा स्वीकार गरी अदालतलाई मैले सहयोग गरें भनेको आधारमा मात्र अदालतले अपराधकर्तालाई सजायमा छुट दिँदै जाने हो भने एकातर्फ त्यस्ता अपराधकर्तालाई पुनः समाजमा गएर अर्को अपराध गर्नलाई प्रेरित गरेसरह हुन्छ भने अर्कोतर्फ अपराधबाट पीडामा परेका व्यक्तिहरूको न्याय प्राप्ति र आत्मसन्तुष्टिमा पुग्न सक्ने चोटको नजरअन्दाजसमेत गर्न नसकिने । यसबाट समाजमा पर्नसक्ने असरलाई समेत कम आँकलन गर्न नमिल्ने ।

७६. रविन्द्र भट्टराई वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२५६)

- मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ नं.अन्तर्गतको कसूरदार यकिन पहिचान भएपछि मात्र ऐ.१७ नं.अन्तर्गत मतियारको भूमिकाबारे न्याय निरूपण हुने । वारदात परिदृश्यमा अस्तित्वमा रहेको यकिन नै नभएको व्यक्तिलाई मुख्य भूमिकामा रहेको मानी वारदातमा उपस्थित अन्य सबै प्रतिवादीहरूलाई ज्यान सम्बन्धीको महलको १७ नं. बमोजिमको कसूर र सजाय ठहर गरेको फैसला ज्यान सम्बन्धीको महलको कानूनी व्यवस्था अनुकूल र फौजदारी न्यायका दृष्टिले सङ्गतिपूर्ण नदेखिने ।

७७. नेपाल सरकार वि. संजय कुमार गुप्ता (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८०)

- वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल आरोपित कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले गरेको इन्कारी बयान पुष्टि हुन आफैं त्यस्तो इन्कारी बयानले प्रमाणको स्थान ग्रहण गर्न नसक्ने । इन्कारी बयान प्रमाण ग्राह्य हुन कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित भएको हुनुपर्ने ।
- प्रतिवादीहरू मौकाको बयानमा आरोपित कसूरमा साबित रहेका र अदालतसमक्ष भएको बयानमा इन्कारी रहेको अवस्थामा अदालतले प्रतिवादीले अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम सचेत अवस्थामा स्वेच्छाले व्यक्त गरेको हो वा होइन भनी अदालतले हेर्नुका साथै मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले मौकाको साबिती वा अदालतको इन्कारी कुन बयानलाई समर्थित गर्छ भन्ने तथ्यलाई समेत विचार गर्नुपर्ने । प्रतिवादीहरूको भनाइ वा कथन झुठ्ठा पनि हुन सक्छ तर दशी प्रमाण एवं वारदातबाट देखिएको वस्तुस्थिति यथार्थपरक हुने ।

७८. असिम राई वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ७, नि.नं. ११३२०)

- प्रतिवादीले अदालतमा बयान गर्दा कसूरमा इन्कार रहेको र जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिकूल बकपत्र गरेको भन्ने मात्र आधारमा कुनै प्रतिवादीले कसूरबाट सफाइ पाउँछ भन्न नमिल्ने । कुनै मुद्दामा के के प्रमाण छन् भन्ने हेर्नुपर्दा प्रतिवादीको बयान र जाहेरवालाको बकपत्र पनि प्रमाणको श्रृङ्खलाभित्र पर्ने कुरा हुन सक्ला तर प्रतिवादीको अदालतमा इन्कारी बयान भएको र जाहेरवालाले प्रतिकूल बकपत्र गरेको भन्ने कुरालाई यान्त्रिक रूपमा हेरी यी प्रमाणहरू प्रतिवादीको पक्षमा रहेको भन्ने आधारमा मात्र सफाइ पाउन नसक्ने । कुनै प्रतिवादीलाई लागेको अभियोग माग दाबीबमोजिमको कसूर निजले गरेको देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा विचार गर्नुपर्दा कुनै खास प्रमाण विशेषलाई मात्र आधार मान्ने टुक्रे दृष्टिकोणलाई न्यायको रोहमा स्वीकार्य मान्न नसकिने । मिसिल संलग्न समग्र प्रमाणहरूको मूल्याङ्कनबाट निष्कर्षमा पुग्ने मान्यता नै न्याय सम्पादनको मान्यता हुने ।
- सामान्यतयाः कुनै कसूरको अभियोग लागेको व्यक्ति कसूरमा इन्कार रहनुलाई अस्वाभाविक मान्न नसकिने । आफूले कसूर स्वीकार गर्दा बेहोर्नुपर्ने फौजदारी दायित्वबाट उन्मुक्तिका लागि इन्कार रहनु स्वाभाविकै हुने । तर यही स्वाभाविकताका बिचमा पनि कुनै व्यक्ति निजलाई लगाइएको अभियोगमा साबित हुन्छ भने त्यो पक्ष विचारणीय हुन्छ र अन्यथा प्रमाणित नभएसम्म यस्तो साबितीलाई मूल्यवान् प्रमाणको रूपमा लिनुपर्ने । किनभने यहाँनिर साँचो नभई आफैंउपर फौजदारी दायित्व आइपर्ने गरी कोही पनि साबित हुँदैन भन्ने मान्यता राख्ने गरिने । यसैले साबितीलाई प्रमाणमा लिने व्यवस्था गरिनुको पछाडि पनि साबित भयो भन्ने तथ्य महत्त्वपूर्ण नभएर त्यस्तो साबिती साँचो हुन्छ भन्ने तथ्य महत्त्वपूर्ण रहने ।

७९. गगनबहादुर पुनसमेत वि. नेपाल सरकार (ने.का.प. २०८२, अंक २, नि.नं. ११३९८)

- फौजदारी मुद्दामा अभियुक्तउपरको कसूर स्थापित हुनका लागि तीन महत्त्वपूर्ण पूर्वावस्था स्थापित भएको हुनुपर्ने । सर्वप्रथम आपराधिक कार्य वा वारदात (corpus delicti) स्थापित हुनु आवश्यक हुने । वारदातको अस्तित्व (existence of incidence) स्थापित हुन नसकेमा कसूरदारमा संलग्नताको प्रश्न उठ्न नसक्ने। कर्तव्य ज्यान मुद्दामा केवल लास फेला पर्नु मात्र वारदात स्थापित हुनका लागि पर्याप्त हुन नसक्ने । वारदात स्थापित हुनका लागि मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित हुनुपर्ने । मृतकको मृत्यु कर्तव्यबाट भएको हो भन्ने तथ्य स्थापित हुन नसकेमा कसूरदारउपर कसूर स्थापित हुने पूर्वावस्था नै नरहने र अभियुक्तउपरको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहने भएकाले वादी पक्षले नै वारदातको अस्तित्व स्थापित गराउन सक्नुपर्ने ।
- अभियुक्तउपरको आरोपित कसूर प्रमाणित गर्ने भारअन्तर्गत दोस्रो पूर्वावस्था कसूरदारको पहिचान (identification of accused) गर्नु रहेको हुने । वारदात वा आपराधिक कार्य स्थापित हुनु र अभियुक्तउपरको कसूर पुष्टि हुनु दुई फरक अवस्था हुने। वारदात स्थापित भएको पुष्टि भए तापनि वारदातमा आरोपित व्यक्तिको संलग्नता पुष्टि नभएमा अभियुक्तउपरको अभियोग स्थापित हुन नसक्ने। अभियुक्तको पहिचान शङ्कारहित तरिकाले पुष्टि हुनुपर्ने।
- अभियुक्तउपरको आरोपित कसूर प्रमाणित गर्ने भारअन्तर्गत अन्तिम वा तेस्रो पूर्वावस्था कसूरदारको वारदातमा संलग्नताको तह वा स्तर (involvement of accused) को पहिचान गर्नु रहेको हुने। प्रतिवादीहरूको आरोपित कसूरमा संलग्नता भएको पुष्टिभएकै अवस्थामा पनि सबै प्रतिवादीहरूको समान स्तरको संलग्नता नरहेको हुन सक्ने । अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा संलग्नताको स्तर, कसूरको गम्भीरता र दोषको मात्राअनुसार समानुपातिक रूपमा गर्नुपर्ने। कसूरदारको व्यक्तिपिच्छेको संलग्नताको स्तर यकिन नगरी गोश्वारारूपमा सजाय ठहर गर्नु फौजदारी दायित्वको वैयक्तिकताको सिद्धान्त (principle of individualized criminal liability) को विपरीत हुन जाने । कसूरमा संलग्न जति सबैलाई एकैरूपमा हदैसम्मको चर्को सजाय हुनुपर्ने भन्ने फौजदारी न्यायको सिद्धान्तअनुकूल हुन नसक्ने ।
- अभियुक्तउपरको कसूर प्रमाणित हुनसक्ने वा नसक्ने प्रश्नको निक्र्यौल वारदातको अस्तित्व, कसूरदारको पहिचान र संलग्नताको स्तर (existence of incidence, identification accused र involvement accused) का आधारमा गरिने ।

७. आत्महत्या

१. जीतेन्द्र त्रिपाठी वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ११, नि.नं. ८७२३)

- ज्यान मार्ने उद्योगको अपराधका लागि पनिज्यान मार्ने सरहकै सबै तत्व विद्यमान देखिनु पर्दछ । केवल तेस्रो पक्षको हस्तक्षेप लगायतका कुनै कारणले ज्यान भने मर्न नपाएको अवस्थामा सो अपराध उद्योग मात्र हुने ।
- अरूलाई मार्ने मात्र मनसाय राख्ने व्यक्तिले आफूलाई पनि सोही स्थानमा सोही रूपमा मार्ने प्रयास गर्दैन । अपराध गर्नेले सो उद्देश्य पूरा पनि होस् र आफू कानूनका आँखा छल्न सफल पनि हुन सकियोस् भन्ने सोचाइ राख्दछ भन्ने अपराध मनोविज्ञानको सामान्य सिद्धान्त हो भन्ने कुरा बिर्सेर न्याय गर्न नसकिने ।

- आफू समेत मर्ने मनसाय र आफू बाहेक अरुलाई मार्ने मनसायमा आधारभूत अन्तर हुन्छ । चोटको गाम्भीर्यता नै मार्ने मनसायको द्योतक हुन नसक्ने ।
- आत्महत्या वा आत्महत्याको प्रयासका सम्बन्धमा आत्महत्या घोषणापत्रको विशेष प्रामाणिक महत्व हुन्छ । आत्महत्या घोषणा पत्रलाई प्रमाणमा लिनु पूर्व सो उद्घोषकर्ताले नै लेखेको, निजले आफूखुशी लेखेको र त्यसमा कसैको कुनै षडयन्त्र नभएको कुरा भने यकिन हुनुपर्ने ।
- पत्रमा अपराध छल्न षडयन्त्र भएको शंका गर्ने ठाउँ नहुनु, मर्नुपर्ने नैराश्यता प्रकट हुनु, नैराश्यका घोषणापत्रमा दर्शाइएका कारण झुठा हुन् भन्ने नदेखिनु, सम्बन्धित व्यक्तिले नै सो घोषणापत्र लेखेकोमा विवाद नहुनु र सम्बन्धित व्यक्तिले स्वेच्छाले लेखेको होइन कि भन्ने शंका गर्नुपर्ने ठाँउ नभएमा त्यो पत्रलाई आत्महत्या घोषणाका रूपमा ग्रहण गर्नुपर्ने ।
- शरीरमा रहेको घाउहरूको प्रकृतिले मात्र मार्ने मनसाय रहेको प्रमाणित हुँदैन । सामूहिक आत्महत्याको प्रयास भन्ने प्रमाणित हुने अवस्थालाई ज्यान सम्बन्धी महलको १५ नं. को कसूर भनी सजाय गर्न न्यायोचित नहुने ।

२. बमबहादुर बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२२)

- जीवनप्रति जीजिविषा राख्ने युवतीले सहजै आत्महत्या गर्ने निर्णय लिन कुनै अपरिहार्य कारण हुनैपर्छ । आत्महत्या गर्न मानिसले तत्काल पनि निर्णय लिन सक्दछ । आत्महत्या गर्न एक्कासी मन परिवर्तन भई अठोट गरिन पनि सक्दछ । तर यसका पछाडि भरपर्दो कारण भने हुनै पर्ने ।
- आत्महत्या गर्ने व्यक्तिले आफ्नो निर्णय विना व्यवधान कार्यान्वयन होस् र त्यसमा आफूलाई सफलता मिलोस् भन्ने ध्येय राखेको हुन्छ । यसकारण उसले आफ्नो निर्णय कार्यान्वयन गर्न भरपर्दो र सुरक्षित स्थानको चयन गर्ने ।
- आत्महत्या गर्नकै लागि विषादी सेवन गर्ने व्यक्तिले झुण्डिनु पर्ने आवश्यकता नपर्ने ।

३. लक्ष्मीप्रकाश सक्सेना वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ४, नि. नं. ९५८६)

- प्रतिवादीहरूले कर्तव्य गरी झुन्डिएर मरेको देखाउन उक्त कार्य गरेको अवस्था हुँदो हो त प्रतिवादीका शरीरमा शव परीक्षण गर्ने चिकित्सकहरूले भने जस्तो चोटपटक र संघर्षका चिन्हरू देखिनु पर्ने हुन्छ । आफूमाथि प्रहार भएको अवस्थामा र आफ्नो मृत्यु अवस्यम्भावी छ भन्ने अवस्थामा बाँच्नका लागि मानिसले सक्दो संघर्ष गर्दछ । त्यस्तो संघर्ष भएको देखिएको चोटपटक लगायतको कुनै कुरा शव परीक्षण प्रतिवेदनबाट देखिन आउँदैन । पुनरावेदन अदालतको फैसलाबाट मृतक निदाएको अवस्थामा कर्तव्य गरी मारेको हुन सक्दछ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यस्तो हुन सक्छ भन्ने अनुमान गर्ने काम अदालतको होइन । अदालतले वस्तुनिष्ठ तबरले भएका प्रमाणहरू केलाई निष्कर्षमा पुग्नुपर्ने हुन जाने ।
- मृतकको Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त Suicide Note मृतकले लेखेको कुरामा पनि विवाद देखिँदैन । Suicide Note भनेकै आत्महत्या गर्ने संकल्प भएका मानिसले लेख्दछन् । बुबा मलाई माफ गरिबक्सेला ... जुन हजुरको प्रयास असफल भयो ..... दिनसम्म यिनीहरूको बचनहरू सुनेर बस्ने..... भन्ने मृतकको आफ्नो बुबासँगै निराशा व्यक्त गर्दै पत्र लेखेको देखिन्छ । Suicide Note लाई एक प्रकारको मृत्युकालीन घोषणाको रूपमा पनि लिनुपर्ने हुन्छ । आफ्नो निराशापूर्ण जीवनलाई उल्लेख गर्दै Suicide Note मा लेखिएको अभिव्यक्तिसमेतको विश्लेषणबाट

प्रतिवादीहरूसँगको व्यवहारबाट दिक्क लागेर मृत्युलाई आफैंले रोजेको भन्ने स्पष्ट देखिने ।

४. नेपाल सरकार वि. तारानाथ न्यौपाने (ने.का.प. २०७५ अंक ११, नि.नं. १०१४३)

- मृतकको पोष्टमार्टम रिपोर्ट हेर्दा, एउटा मात्र चोट भई Sharp margins and tailing भनी घाउको प्रकृतिमा उल्लेख गरेको छ । यस प्रकृतिको घटनामा Dead body tells the tale अर्थात् मृत शरीर आफैंले कथा भन्छ भन्नेसमेत अवधारणा रहेको छ । सबै प्रकृतिको Cut injury हत्याको अकाट्य प्रमाण होइन । आत्महत्या गर्दाको मानसिक अवस्था फरक फरक हुने हुँदा त्यसमा एकरूपता खोज्न न्यायोचित हुँदैन । हत्यामा Foresightedness of consequence तथा Desire of consequence हुनु पनि आवश्यक हुने ।

५. नेपाल सरकार वि. मोहन घले गुरुङ (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१८)

- मृतकको शव परीक्षण गर्ने डाक्टरले कुनै आधार कारण नखुलाई मृत्युको कारण Opinion on Cause of Death Hanging भनी उल्लेख गरेको शव परीक्षण प्रतिवेदनलाई मात्र आधार मानी मृतकले झुन्डिएर आत्महत्या गरेको भनी निर्ष्कषमा पुग्न नसकिने । विशेषज्ञको राय, आधार र कारण अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएमा मात्र त्यस्तो रायलाई प्रमाणमा लिन मिल्ने ।

६. खगेन्द्र नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७७)

- संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) मा दुवै पक्षले मर्नेसम्मको सबै काम गरेका हुन्छन र यदि कोही कसैको जीवन बच्दछ भने पनि तेस्रो पक्षको हस्तक्षेप वा नयाँ परिस्थितिको सिर्जना भएका कारणले मात्र त्यो सम्भव भएको हुन्छ । सामान्य व्यक्तिका आँखाबाट हेर्दा संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) र आत्महत्याको दुरूत्साहन उस्तै उस्तै जस्तो देखिने भए पनि अपराधको प्रकृति, वारदातका अन्तरवस्तुका साथै पीडित मृतकको मानसिक अवस्था आदिमा फरक रहने हुँदा यस्ता प्रकृतिका घटनाहरूको अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकृतले चनाखो भएर प्रमाणहरूको सङ्कलन र विश्लेषण गर्नुपर्ने ।
- आत्महत्या जस्तो विषयमा अपरिपक्व बालबालिका वा नाबालकसँग कुनै किसिमको छलफल गर्नु, योजना बनाउनु वा आत्महत्या गर्न सहयोग गर्नु आफैंमा कसूरजन्य कार्य हुने । बालबालिकासँग गरिएको कुनै कारोबार, सम्झौता वा करारसमेत बदर हुने कानूनी व्यवस्था रहेकोमा आत्महत्या जस्तो गम्भीर विषयमा नाबालकसँग आत्महत्याको छलफल गर्नु नै अस्वीकार्य हुने । पीडित नाबालक भएमा बाँचेकै कारणले संयुक्त रूपमा मिलेर गरिने आत्महत्या भनी कुनै प्रकारको उन्मुक्ति वा सुविधा नपाउने ।
- संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को कसूर मुलुकी अपराध संहितामा परिभाषित भई सजाय निर्धारण गरेको नदेखिएको हुँदा फौजदारी कानूनमा यस्तो कसूरको परिभाषा र सजायको रिक्तता पूरा गर्ने कार्य कार्यपालिका र व्यवस्थापिकाको देखिँदा सो सम्बन्धमा कानून मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।

८. प्रतिरक्षा

१. ख कुमारी वि. नेपाल सरकार (ने.का.प., २०६६, अंक ४, नि.नं. ८१३५)

- कानून बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको लागि उद्योग गर्न नहुने

भन्ने व्यवस्था भएबाट आपसी सहमतिमा विष सेवन गरी मुत्यु हुन गएमा आपराधिक दायित्वबाट कसैलाई उन्मुक्ति दिन कानूनतः नमिल्ने ।

- मर्नुअघि होस छँदै मृतकले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा र कुनै घटनाका सम्बन्धमा सो घटनाबाट पीडित मानिसले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० र ११ अनुसार प्रमाणमा लिन मिल्ने ।
- उमेर नपुगेका बालबालिकाको पूर्ण रूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिस सरह आपराधिक मस्तिष्क (Mens Rea) को विकास समेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिस सरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वता उपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best Interest) का लागि आवश्यकता अनुसार उन्मुक्ति, छुट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनुपर्ने ।

२. गोविन्द भन्ने गजेन्द्रकुमार चन्द वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ४, नि.नं. ९००२)

- कुनै पनि हत्या औचित्यपूर्ण प्रतिरक्षाको सिद्धान्त अन्तर्गत परी प्रतिवादीले सजायबाट छुट पाउन सो हत्यामा बल अन्तिम विकल्प (Last resort) को रूपमा प्रयोग भएको हुनुपर्दछ । कुनै व्यक्तिले ज्यान लिने मनसायले कुनै पनि माध्यमबाट जोरजुलूम गरेको कारण निजको नियन्त्रण वा पञ्जाबाट उम्कन नसक्ने अवस्था सिर्जना भएको वा निजको नियन्त्रणबाट भाग्ने, उम्कने, गुहार मागी सहयोग प्राप्त गर्नसक्ने वा प्रहरीलाई खबर गर्न सक्ने अवस्था नभएबाट त्यस्तो जुल्मीका विरूद्ध केही गर्दा निजको मृत्यु भएको प्रमाणबाट देखिनु औचित्यपूर्ण प्रतिरक्षाको पहिलो आवश्यकता हो । यस्तो कार्य तत्काल नै हुनु पर्दछ । धेरै समयपछि आफूलाई मृतकबाट ज्यानको खतरा थियो भन्ने प्रतिरक्षाको आधार बन्न नसक्ने ।
- औचित्यपूर्ण प्रतिरक्षा मानी सजायमा छुट दिनका लागि न्यायकर्ताले हेर्नुपर्ने महत्वपूर्ण पक्ष वारदातमा न्यूनतम् शक्तिको प्रयोग, तत्काल जोखिमको अवस्था परिवर्तित नभएको, समानुपातिक शक्तिको प्रयोग भएको तथा आक्रमणकारीले जोखिमी हतियारको प्रयोग गरेको छैन भने प्रतिरक्षाकर्ताले पनि जोखिमी हतियार प्रयोग गरेको हुन नहुने तथा मृतकले जस्तो शक्तिको प्रयोग प्रतिवादीले पनि गरेको हुनुपर्ने ।
- कुनै व्यक्तिले आफुमाथि हातहतियारसहित वा रहित कुनै पनि माध्यमबाट जोरजुलूम गरेको कारण निजको नियन्त्रण वा पञ्जाबाट उम्कन नसक्ने, गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्तो पञ्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउन नसक्ने अन्तिम अवस्था सिर्जना भएबाट त्यस्ता जुल्मीका विरूद्ध मनासिव माफिकको उचित बल प्रयोग गर्न नपाइने होइन । तर, त्यस्तो बल वा शक्ति मनासिव किसिमबाट अर्थात् औचित्य पुष्टि हुने किसिमबाट प्रयोग भएको हुनुपर्ने ।
- घातक हतियार दुवै पक्षसँग नभएता पनि शारीरिक बल मृतकको तुलनामा प्रतिवादीमा ज्यादा रहेको भन्ने तथ्य एकपटक नभई मृतकलाई पटक—पटक भुइँमा पछार्नु, मुक्काले हान्नु र नाजुक अवस्था बन्दै गएपछि शरीरमाथि चढी घाँटी थिच्नु, दबाउनु जस्ता कार्यहरू भएको कुरा वारदात आफैंले बोलेका तथ्य हुन र यी तथ्य प्रतिवादीको प्रतिरक्षाको सारथी बन्न नसक्ने ।
- आफ्नै अगाडि प्रतिवादीले मृतकलाई मारेको भनी मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले प्रतिकार नगरेको भए निजको ज्यान जोखिममा थियो भन्ने देखिन आउँदैन । प्रतिवादीको शरीरमा संघर्षका कुनै पनि चिन्ह नहुनु, तर आक्रमणकारी भनिएको व्यक्तिको मृत्यु हुन पुगेबाट

बल समान रूपमा प्रयोग भएको थियो भन्न नमिल्ने ।

३. नेपाल सरकार वि. मानबहादुर महत (ने.का.प. २०७०, अंक ५, नि.नं.९०१५)

- आफूले आफ्नै आमा माथि गरेको जघन्य कर्तुतको सविस्तार उल्लेख गरेको हुँदा घटना हुँदाका अवस्था निजको मानसिक अवस्था सामान्य रहेको भनी सहज अनुमान गर्न सकिने ।
- वारदात हुनुभन्दा पहिलेको अवस्था वा घटनापछिका अवस्था नभई वारदात हुँदाको अवस्था दण्ड सजायको १ नं. प्रयोग हुने वा नहुने भन्ने कुराको निर्धारक हुन्छ । वारदातको अवस्थामा मानसिक सन्तुलन गुमेको थियो थिएन भन्ने मूल कुरा भएकाले यस किसिमका सजायमा छुटको दाबी भएका मुद्दामा हेरिनु पर्ने घटना नै नबुझ्ने अवस्थामा मानसिक स्थिति रहेको भन्ने चित्रित हुन सकेको अवस्था छैन । सजायबाट उन्मुक्ति पाउने उद्देश्यले जिकिर लिएको हो वा वास्तविक रूपमा नै मानसिक रोगी हो भन्ने तथ्यको उजागर घटनाक्रममा प्रतिवादीले खेलेको कार्यको भूमिकामा निर्भर हुने ।
- अदालतमा आई बकपत्र गर्ने प्रतिवादीकी श्रीमतीले समेत घटना अघि परिवारसँग अन्य कुनै प्रकारको झैझगडा हुँदैनथ्यो, परिवार राम्रोसँग नै बसेका थियौं भनी बकपत्र गरेको अवस्था भएको तथा प्रतिवादीले जाँच गराएको प्रेसक्रिप्सनमा Mental illness psychosis को विरामी रहेको भन्ने उल्लेख भएता पनि उक्त जाँच घटना भएको सात महिनापछाडि भएको अवस्था हुँदा घटना भएको अवस्थाको प्रतिवादीको मानसिक अवस्थालाई उक्त परीक्षण प्रतिवेदनले चित्रित गर्न नसक्ने ।
- आफ्नै अगाडि प्रतिवादीले मृतकलाई मारेको भनी मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले प्रतिकार नगरेको भए निजको ज्यान जोखिममा थियो भन्ने देखिन आउँदैन । प्रतिवादीको शरीरमा संघर्षका कुनै पनि चिन्ह नहुनु, तर आक्रमणकारी भनिएको व्यक्तिको मृत्यु हुन पुगेबाट बल समानरूपमा प्रयोग भएको थियो भन्न नमिल्ने ।

४. जगतबहादुर भण्डारी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक २, नि.नं. ९५४८)

- प्रतिवादीले एकातिर आत्मरक्षाको जिकिर लिएको देखिन्छ भने अर्कोतिर अ.वं. १८८ नं. बमोजिम घटी सजाय पाउनु पर्ने जिकिर पनि लिएको देखिन्छ । आत्मरक्षाको जिकिर पुगेको खण्डमा प्रतिवादीले अभियोगदाबीबाट सफाइ पाउने अवस्था रहन्छ । अ.वं. १८८ नं. को राय भनेको ज्यान सम्बन्धीको महलको १३ नं. को कसूरदार ठहरिएकालाई कसूर गर्दाको परिस्थितिको विचार गरेर घटी सजाय गर्ने कानून हो । अ.वं. १८८ नं. को माग गर्नु भनेको आफूबाट उक्त १३ नं. को कसूर भएको हो भन्ने प्रतिवादीको स्वीकारोक्ति हो ।

५. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९८)

- वारदातमा उपस्थित हुनेहरूका विरूद्ध लाग्ने नभई उपस्थित प्रतिवादीले मूल प्रतिवादी (Principle defendant) सँग मत सल्लाहमा पसेको हुनुपर्ने र त्यस्तो उपस्थितिबाट मूल प्रतिवादी वारदात गर्नका लागि हौसिएको देखिनु आवश्यक हुन्छ । दुईजना व्यक्ति कुस्ती खेल्दा खेल्दै भुइँमा रहेको खुकुरी तानातान गरेको देखी, डराई आफ्नो पनि ज्यान जाला भनी सुरक्षित स्थलतर्फ भाग्ने कार्य स्वयम्मा कसूरजन्य कार्य मान्न नमिल्ने ।
- मृतकको हातबाट खुकुरी खोसीसकेपछि मृतकले प्रतिवादीलाई मार्न सक्ने कुरा सम्भव नै नहुने अवस्थामा

मृतकलाई खुकुरीले प्रहार गर्नुको कारण आत्मरक्षा हो भनी दाबी गर्नुको औचित्य नरहने ।

- आत्मरक्षाको लागि चाहिने भन्दा बढी बल प्रयोग हुनु हुँदैन । प्रतिवादीबाट भएको बल प्रहारको मात्राले निजको नियत वा मनसाय के कस्तो छ भन्ने इङ्गित गर्दछ । मृतक बलहीन रहेको स्थितिमा समेत प्रतिवादीले टाउको अनुहार, घाँटी जस्ता संवेदनशील अङ्गमा खुकुरी प्रहार गरी मृतकलाई नियतवश मारेको प्रमाणित हुँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

६. नेपाल सरकार वि. यामबहादुर राई (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७७६)

- कुनै विशेष परिस्थितिमा गरिएको कार्यबाट ज्यान मरेकोमा बात नलाग्ने गरी कानूनमा उल्लेख गरिएका उन्मुक्तिका आधारहरू पूर्वयोजना बमोजिम आपराधिक मानसाय राखी गरिएको कार्यमा समेत लागू हुने र त्यस्ता आधारहरूको साहारा लिन पाउने भन्ने हुँदैन । सो परिस्थिति प्रमाणबाट पुष्टि हुनुपर्ने ।

७. देवेन्द्र पुडासैनी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४४)

- फौजदारी दायित्वको वर्गीकरण अन्तर्गत मनसाय सापेक्ष दायित्व (Mens Rea relative Liability) एक हो । जसमा आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) दुवैको समायोजनमा हुने अपराधहरू मनसाय सापेक्ष दायित्व हुन् । तर निरपेक्ष दायित्व (Strict Liability) यसको अपवाद हो । आपराधिक मनसाय विना गरेको कार्य अपराध हुँदैन (Act alone does not amount to guilt, it must be accompanied by mens rea) भन्ने फौजदारी दायित्वको सर्वमान्य सिद्धान्तसमेत रहेको पाइन्छ । मानसिक विचलन भएको अथवा मानसिक रूपमा अस्वस्थ भएको व्यक्तिले गरेको आपराधिक कार्यमा आपराधिक दायित्वबाट उन्मुक्तिको प्रतिरक्षाको आधार बन्दछ । यसको कारण उसले गरेको कार्य या त उसले आफूले गरिरहेको छु भन्ने जानकारी राख्दैन या त आफूले गरेको कार्य गलत हो भन्ने जानकारी राख्दैन । यसैकारण स्वतन्त्र इच्छा (Free will) र स्वायत्त (Autonomy) सोचबाट निजले काम गरेको हुँदैन भन्ने मान्यता सर्वत्र स्वीकार्य विषय बनेको पाइने ।
- विवेक प्रयोग गर्न सक्ने, आफूले गरेको कार्यको जिम्मेवारी बहन गर्न सक्ने व्यक्तिले पूर्वयोजना बनाई स्वतन्त्र इच्छाबाट, स्वायत्त किसिमको स्वेच्छापूर्वक गरेको आपराधिक कार्यमा मात्र दायित्ववान बनाउन सकिने ।

८. अनिलकुमार चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक १२, नि.नं. १०१४७)

- आत्मरक्षाको जिकिर निरपेक्ष रूपमा प्राप्त हुने सुविधा वा उन्मुक्तिको विषय होइन । आफ्नो जीउ ज्यानमा उत्पन्न भएको खतराबाट उम्किन हरसम्भव प्रयास गर्दा पनि सम्भव नभई आफ्नो जिउज्यान नै नरहने स्थितिको सृजना भएमा त्यसबाट बच्ने उद्देश्यले उचित बल (reasonable force) प्रयोग गर्नेसम्मको छुट कानूनले प्रदान गरेको पाइने।
- आफ्नो जीउ ज्यान नै जाने अवस्था नभई खतरा टरिसकेको अवस्थामा उल्टै आफ्नै जीवनरक्षार्थ भाग्न लागेको मृतकलाई साङ्घातिक रूपमा पछाडिबाट पटकपटक धारिलो हतियार प्रहार गरेको कार्यलाई आत्मरक्षाको संज्ञा दिन नमिल्ने र मृतक उपरको यत्रोविघ्नको नृशंस प्रहारलाई आत्मरक्षाको सिद्धान्तले स्वीकृतिसमेत नदिने ।

९. नेपाल सरकार वि. राजु बोगटी (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५१)

- आत्मरक्षाको अधिकार भन्नाले कसैले आफूमाथि गैरकानूनी रूपले आक्रमण गरेको अवस्थामा उक्त गैरकानूनी आक्रमणबाट आफू बच्न नसक्ने वा भाग्न उम्कन नसक्ने अवस्थामा विकल्प विहीन अवस्था भरइ आफ्नो ज्यान बचाउनको लागि प्रतिक्रियात्मक बल प्रयोग गर्न पाउने शक्तिलारइ बुझाउने ।
- आत्मरक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरू कसैको जिउ ज्यान वा सम्पत्तिलारइ कुनै गैरकानूनी क्षतिबाट बचाउन सकिँदैन भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा मात्र प्रयोग हुने ।

१०. नेपाल सरकार वि. मंगलबहादुर तामाङ (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३६८)

- विषालु र नशालु पदार्थ सेवन गरेको २४ घण्टाभन्दा बढी अवधि व्यतित भएपश्चात् Viscera निकालेर परीक्षणको लागि पठाएको भिसेरामा नशालु र विषालु पदार्थ नपाइएको भनी दिएको प्रतिवेदनलाई निर्णायक प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीले अदालतमा गरेको बयानमा स्वीकार गरेको तथ्यलाई अन्यथा गरी निष्कर्षमा पुग्नु प्रमाण कानूनको सिद्धान्तअनुकूल नहुने ।

११. पूर्णबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५४९)

- वारदातपूर्व नै गम्भीर मानसिक रोगी भएको अवस्थाको परिकल्पना अदालतले गर्ने हो भने सोसम्बन्धी उपचारमा उसको निरन्तरता हुनुपर्ने पनि अदालतले अनुमान गर्नुपर्ने हुन्छ । २०६० सालमा भएको उपचार र २०७० सालमा भएको घटनाबिचमा कुनै पनि औषधी उपचार गरेको उल्लेख छैन । यसबाट पनि अदालतले अपराध गर्दाको अवस्थामा प्रतिवादीको मानसिक स्थिति ठीक थिएन भनी अनुमान गर्न सकिने अवस्था नरहने ।

१२. नेपाल सरकार वि. कुमारी थारु (ने.का.प. २०७७, अंक ९, नि.नं. १०५८२)

- आत्मरक्षाको जिकिर निरपेक्ष रूपमा प्राप्त हुने उन्मुक्तिको विषय होइन । आफ्नो जिउ ज्यानमा उत्पन्न भएको खतराबाट छुटकारा पाउन हरसम्भव प्रयास गर्दा पनि उम्कन सम्भव नभई जिउ ज्यान नरहने अवस्था भएमा बच्ने उम्कने उद्देश्यबाट मनासिब बल (reasonable force) प्रयोग गर्ने छुटसम्म कानूनले दिएको हुन्छ । आफ्नो जिउ ज्यान नरहने अवस्था भएको र सो खतराबाट उम्कन गरेको कुनै कार्यबाट घटना घट्न गएकोमा मात्र आत्मरक्षाको सुविधा वाञ्छित हुने ।

१३. अभिषेक कोइराला वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१४)

- आफूले गरेको काम थाहा नपाउने मानसिक अस्वस्थतामा रहेको दाबी गर्नेले सोको पुष्टि आफैंले गर्नुपर्ने हुन्छ र सो हुनसकेमा मात्र मानसिक अस्वस्थताको दाबी (defense of insanity) स्वीकार्य हुने ।
- मानसिक रोगको विशेषज्ञबाट वैज्ञानिक विधि प्रक्रियाको आधारमा घटना घटेको समयमा प्रतिवादी आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मानसिक रूपमा अस्वस्थ रहेको पुष्टि गरेको हुनुपर्दछ । डाक्टरको त्यस्तो रायलाई घटना घटाउनु अघिपछि र घटना घटाएको समयको प्रतिवादीको व्यवहार गतिविधिले समेत थप पुष्टि गरेमा मात्र कानूनन: defense of insanity लाई स्वीकार्य मान्नुपर्ने ।
- मानसिक रोगी भए पनि अभियुक्त / प्रतिवादी होसमा रहेको वा भएको घटनाको बारेमा बताउन सक्ने वा होसपूर्वक बयान दिनसक्ने वा आफूले घटाएको घटना गलत भनेर बुझ्न सक्ने अवस्थामा रहेको वा घटना

घटाई त्यसको परिणाम थाहा पाई सोबाट बच्ने होसपूर्वकको प्रयास गरेको स्थितिमा यस्तो अवस्थालाई कानूनको प्रयोजनका लागि मानसिक अस्वस्थता नमानिने र अपराधबाट उन्मुक्ति दिन नसकिने ।

१४. शिला पुन बुढामगर वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१४)

- आत्मरक्षाको अधिकार भन्नाले कसैले आफूमाथि गैरकानूनी रूपले आक्रमण गरेको अवस्थामा उक्त गैरकानूनी आक्रमणबाट आफू बच्न नसक्ने वा भाग्न उम्कन नसक्ने अवस्थामा विकल्पविहीन अवस्था भई आफ्नो ज्यान बचाउनको लागि प्रतिक्रियात्मक बल प्रयोग गर्न पाउने शक्तिलाई बुझाउँछ । मृतकले ज्यानै लिन सक्ने स्थितिको सिर्जना रहेभएको भन्ने तथ्य स्थापित नभएको अवस्थामा आफ्नो ज्यानको रक्षाका लागि मृतकलाई धारिलो हतियार खुकुरी, फलामको हथौडाले टाउको अनुहार जस्ता शरीरको संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको सत्यतथ्य आत्मरक्षाको अधिकारभित्र नपर्ने ।

१५. ताराकुमार खड्का वि. पुनरावेदन अदालत पाटनसमेत (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७३०)

- मानसिक अवस्था ठिक नभएका मानिसले परिणामको जानकारी राख्न नसक्ने र बुझेको म्यादको प्रयोजन नै अनुभूति गर्न नसक्ने तथा यो-यसको नामको यो प्रयोजनको म्याद यो-यसरी जानकारी दिनुपर्ने भन्नेसमेत थाहा पाउने अवस्था नरहेको मानिसले सम्बन्धित व्यक्तिलाई जानकारी दिन सक्ने अवस्था नरहने ।
- प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत सुनुवाइको मौका प्राप्त गर्न सफाइ पेस गर्ने मौकासमेत नपाउँदा सम्बन्धित पक्षलाई प्रतिकूल असर पर्न जाने भएबाट कानूनबमोजिम म्यादको जानकारी सम्बन्धित व्यक्तिले पाउने वा सोको सूचना प्राप्त गरेको अवस्थामा मात्र कानूनी प्रक्रिया पूरा गरेको मान्नुपर्ने हुन्छ । त्यस्तो प्रक्रिया नै पूरा नगरी म्याद बुझ्ने व्यक्तिको स्वस्थ्य अवस्था ठिक नभएको तथा मानसिक रूपमा असन्तुलन भएको व्यक्तिले बुझेको म्यादलाई कानूनबमोजिम तामेल भएको भन्न मिल्ने अवस्था नदेखिने ।

१६. लक्ष्मी पौडेल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५३)

- वारदातस्थलबाट भाग्न सक्ने पर्याप्त समय र परिस्थिति हुँदाहुँदै भागेर आफ्नो ज्यान जोगाउने प्रयास गरेको नदेखिँदा आत्मरक्षाको लागि मृतकमाथिको प्रहार नै एक मात्र अन्तिम विकल्प थियो भन्न नमिल्ने ।

१७. नेपाल सरकार वि. आइ सोरी राई (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९३१)

- मानसिक अवस्था बिग्रेको कारण निजले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्था हो वा होइन भन्ने प्रश्न चिकित्सकीय दृष्टिले निदान गरिएको (diagnosed) पागलपनका अतिरिक्त निजको व्यक्तिगत विवरण (case history), निजको आचरण तथा निजले गरेको कार्यसँग सम्बन्धित अन्य तथ्य र परिस्थितिको विश्लेषणबाट निर्धारण गर्नुपर्ने ।
- कानूनी दृष्टिमा पागलपनको निर्धारण घटना घटेको समयमा कर्ताको मानसिक अस्वस्थताको स्तर तथा निजले गरिरहेको कार्यको प्रकृति र परिणाम वा असरबारेको अनभिज्ञता वा सोको जानकारी राख्न सक्ने क्षमताका आधारबाट गरिनुपर्ने हुँदा स्वास्थ्यसम्बन्धी प्रतिवेदन वा विशेषज्ञको राय सो सम्बन्धमा निर्णायक नभई निर्णयमा पुग्नका लागि महत्त्वपूर्ण प्रमाणसम्म हुने । चिकित्सकीय दृष्टिमा मानसिक असन्तुलन वा पागलपनको प्रकृति र गम्भीरता फरकफरक हुने भएकाले चिकित्सकीय दृष्टिले पागलपन ठहरिएको सबै अवस्था (case) कानूनी दृष्टिमा पागलपन मानिनुपर्छ भन्ने कुनै जरूरी ठानिँदैन । तथापि कानूनी दृष्टिमा मगज बिग्रेको स्थापित हुन प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनबाट उक्त तथ्य पुष्टि भएकै हुनुपर्ने ।

- कसूरदारमा मानसिक अस्वस्थताको अन्य प्रमाण भएको तर कसूर कायम नहुन वा सजायबाट उन्मुक्ति पाउन आवश्यक पूर्वावस्था विद्यमान नभएको अवस्थामा भने अभियुक्तमा दोषको मात्रा (culpability) मा कमी भएको (diminished capacity) मानी न्यून सजाय गर्नु फौजदारी न्यायको मान्यताअनुकूल हुने ।
- कसूरदारले मानसिक अवस्था बिग्रेको आधारमा कसूरबाट सफाइ पाउनुपर्ने जिकिर लिँदा वारदात मितिभन्दा अघिदेखि नै प्रतिवादीको मानसिक अवस्था बिग्रेको थियो भन्ने तथ्य मिसिलबाट स्थापित हुनुपर्ने । वारदातपूर्व नै प्रतिवादीको मानसिक अवस्था बिग्रेको थियो भन्ने तथ्यगत प्रमाण मिसिलबाट देखिएको र त्यस्तो मानसिक असन्तुलनको अवस्था वारदात हुँदा र प्रतिवादीको स्वास्थ्य जाँच हुँदाका अवस्थासम्म निरन्तर कायम रहेमा (continuity of evidence) मात्र पागलपनका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त गर्ने चिकित्सकीय आधार सिर्जना हुने । सोको प्राथमिक प्रमाण प्रतिवादीको मानसिक अवस्थाको चिकित्सकीय जाँच प्रतिवेदन नै हो । तथापि मिसिल तथ्यबाट प्रतिवादीको मानसिक अवस्था वारदातपूर्व नै बिग्रिएको थियो भन्ने देखिन आएको स्थितिमा स्वास्थ्य जाँच प्रतिवेदन नभएकै आधारमा मिसिलबाट देखिएको मानसिक अस्वस्थताको यथार्थलाई इन्कार गर्नु न्यायोचित नहुने ।

१८. प्रविण गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९३)

- कुनै व्यक्तिलाई मगज बिग्रेको वा बौलाएको व्यक्ति भन्नका लागि सम्बन्धित विशेषज्ञले निज व्यक्तिको मानसिक स्वास्थ्य परीक्षण गरी मगज बिग्रेको वा बौलाएको व्यक्ति भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट दिएको हुनुपर्ने । मानसिक रोगको बिरामी भई सोको औषधी सेवन गर्ने व्यक्तिलाई सो आधारमा मात्र आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको व्यक्ति हो भनी भन्न नमिल्ने ।

१९. विष्णुमाया मल्ल वि. नेपाल सरकार (मुद्दा नं. ०७८-CR-०१४८)

- प्रतिवादीले निजी रक्षाको जिकिर लिन्छ भने उक्त वारदातमा रहने मुख्य चार तत्वहरुमा प्रतिवादी उपर तत्काल खतरा (immediate threat), प्रतिवादी माथि नै हानी हुन सक्ने डर उत्पन्न हुने पर्याप्त कारण (reasonable fear of harm), प्रतिवादीले आफ्नो जिउँ धनको रक्षाको निम्ति अनुपातिक प्रतिक्रिया लिएको हुनुपर्ने (proportional response) र आफ्नो जिउँ धनको सुरक्षाको लागि अन्य विधि उपलब्ध नभएको अवस्था (no other recourse) हुनुपर्ने।

९. बयान/प्रमाण

१. विनय मानन्धर वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक २, नि.नं. ८३११)

- विशेषज्ञको राय प्रतिवेदन यो यति करणबाट शंकास्पद वा विरोधाभाषयुक्त छ भनी इजलाश समक्ष प्रष्टयाउनु पर्ने सम्बन्धित पक्षको दायित्व हुने हुँदा यस्तो दायित्वलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने ।
- विशेषज्ञले दिएको प्रतिवेदन शंकास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिक झैं स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शंका उपशंका उठाउनु समेत न्यायोचित नहुने ।
- विना आधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित

हुने अवस्था उत्पन्न हुन जाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ । अपराधलाई प्रमाणित गर्ने कडीको रूपमा रहने अनुसन्धानको क्रममा संकलित प्रमाणका रूपमा अभिन्न अङ्ग मानिने प्रतिवेदनलाई अस्वीकार गर्न अदालतलाई त्यति नै स्पष्ट आधार र कारणको आवश्यकता पर्दछ । यसमा वस्तुनिष्ठ व्याख्यान गरी अस्वीकार गर्नुपर्ने वैज्ञानिक आधार समेतको स्पष्ट उल्लेखन गरी विमति राखी खण्डन गर्न सक्नु पर्दछ र यो खण्डन चिकित्सा विधिशास्त्र (Medical Jurisprudence) का सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्ने ।

- मृतकको लाश र त्यसमा विशेषज्ञले गर्ने अध्ययनले मृत्युको कारणका बारेमा धारणा बनाउन अदालतलाई सहयोग गर्दछ । यस अर्थमा विशेषज्ञको रायले पनि बलियो प्रमाणको स्थान ग्रहण गर्न सक्दछ भन्ने सन्दर्भ नै चिकित्सकीय प्रमाण (Medico-Evidence) को मूल मर्म हुने ।
- वास्तविक मृत्युको कारण पत्ता लगाउने ज्ञाता विशेषज्ञ हुँदा सो रायमाथिको निर्भरता नै न्यायको लक्ष्य प्राप्तिको लागि सबैभन्दा बढी सहायक हुन्छ भन्नेमा विमति राख्न नहुने ।
- कुनै नारीको मृत्युको प्रश्न सन्मुख आएकोमा पुरूष संलग्न घरायसी हिंसाकै कारण भएको हो भनी पूर्वानुमान गरी आवेशात्मक भावनामा बगेर न्यायको बलिवेदीमा कसैलाई चढाई दाबी ठहऱ्याउनु न्यायोचित नहुने ।
- विश्वासिलो अकाट्य प्रमाणको अभावमा अनुमान, आशंका र संभावना जस्ता मनोगत प्रमाणलाई मात्र आधार बनाई कर्तव्यबाटै मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु न्यायोचित नहुने ।

२. नेपाल सरकार वि. डविन गुरूङ समेत (ने.का.प. २०६७, अंक ३, नि.नं. ८३३०)

- कुनै एउटा तथ्यमा सावित भए पनि त्यसबाट निज उपरको सम्पूर्ण अभियोगको पुष्टि नहुने ।
- समग्र परिस्थिति र घटनाक्रमलाई सुक्ष्म रूपमा विश्लेषण नगरी केवल सावितीकै आधारमा मात्र कसैउपर कसूर कायम गरी सजाय गर्नु न्यायसंगत नहुने ।
- विरोधाभाषपूर्ण र अस्पष्ट बयानलाई अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा सावितीं बयानको रूपमा ग्रहण गरी निज उपर कसूर कायम गर्ने अकाट्य र एकमात्र प्रमाणको रूपमा ग्रहण गर्न नसकिने ।
- वारदात हुँदाका वखत चश्मदित गवाहको रूपमा रहेका व्यक्तिले मौकामा र अदालतमा उपस्थित भई बकपत्र गर्दा आफूले प्रत्यक्ष रूपमा घटना देखी घटनाको यथार्थ व्यहोरा खुलाई रहेको स्थितिमा अदालतले त्यस्ता चश्मदित व्यक्तिको मौकाको कागज र अदालत समक्ष गरेको बकपत्रको व्यहोराको सत्यता उपर शंका गर्न नपर्ने ।
- फौजदारी मुद्दामा चश्मदित व्यक्तिहरूको भनाई कसूर कायम गर्ने एउटा निर्णायक प्रमाण भएकाले यस्तो व्यक्तिको भनाई वारदातको प्रकृति र अन्य प्रमाणबाट समर्थित भएको छ भने अदालतले त्यस्तो प्रत्यक्ष साक्षीको कथनलाई अनदेखा गरी न्यायिक निष्कर्ष निकाल्नु न्यायसंगत नहुने ।
- हत्याको कसूर प्रमाणित भए पनि पूर्व रिसइवीको स्थिति, वारदातको प्रकृति, पूर्व आपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरूप, कसूरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमि लगायतका कुराहरू विचार गरी कसूर र सजाय बीचको समानुपातिकता (Proportionality of Punishment) स्थापित गर्नु नै न्यायपूर्ण हुने ।

३. पदमबहादुर जुगजाली मगर वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक २, नि.नं. ८५६८)

- मृतकको शरीरमा तथा वारदातस्थलमा कुनै पनि संघर्षका चिन्ह छैनन् । कुनै हतियार वा लाठा ढुङ्गाको प्रयोग भएको देखिएको छैन । समान उमेरका दुई पक्षबीच संघर्ष हुँदा जसको मृत्यु हुन पुगेको छ त्यसको

शरीरमा तथा वारदातस्थलमा कुनै न कुनै संघर्षका चिन्ह देखिनु पर्ने ।

- हातमा लगाएका चुरा फुटेको छैन । खुट्टामा लगाएका चप्पल पनि लगाइएको अवस्थामा जस्ताको त्यस्तै छन् । वारदातस्थलको वरिपरि दोस्रो व्यक्तिको पद चिन्हसमेत छैन भने मृत्युको कारणमा घाँटी थिचिई श्वासप्रश्वास रोकिएको (asphyxia due to Strangulation) भन्ने उल्लेख छ । तर, मृत शरीर नै सडी गली सकेको र लाश जाँच मुचुल्काले यस तथ्यलाई समर्थन नगरेको अवस्थामा सडे गलेको लाशको भिसेरा परीक्षण समेत गर्नुपर्नेमा सो कार्य पूरा नगरी व्यक्त गरेको विशेषज्ञको रायसमेतलाई न्यायको प्रयोजनको लागि भर पर्न नसकिने ।
- अनुमान, आशंका र संभावना अनिश्चित तत्व भएकाले यस्ता अनिश्चित तत्वले ज्यान मारेको पुष्टि गर्ने प्रमाणको स्थान ग्रहण गर्न नसक्ने ।
- प्रतिवादीको प्रहरी हिरासतमा नै रहँदा घाँटी रेटिएको भई घाँउ छ । यसलाई प्रहरी कागजमा आफूले नै ल्याएको दाह्री काट्ने ब्लेडले अपराधबाट बच्न आफैले काटेको भन्ने भनाई कागजमा राखिएको छ । अचानक पक्राउ परेको थुनुवाले दाह्री काट्ने पत्ति पनि साथै ल्याउनु र आफैंले घाँटी काट्नु भनिएको तथ्य पनि शंकाको घेरामा पर्न आउँछ । यस्तो अवस्थाको कतैबाट पुष्टि नहुने अनुसन्धान अधिकारी समक्षको भनिएको साविती लाई आधार लिएर ज्यान जस्तो कसूरमा सजाय गर्न नमिल्ने ।
- अन्य प्रत्यक्ष वस्तुगत प्रमाणको सर्वथा अभाव रहेको स्थितिमा केवल मौखिक प्रमाणको आधारमा अपराधी घोषित गर्न अदालतले अत्यन्त संयमता अपनाउनु पर्दछ । मौखिक प्रमाण दिने व्यक्ति स्वयम्ले देखेको, सुनेको र अनुभव गरेको कुरा भरपर्दो देखिएमा मौखिक प्रमाणले पनि उत्तम प्रमाणको रूप ग्रहण गर्न सक्दछ । तर शंकाको भरमा गरिएको अभिव्यक्तिलाई न्यायको रोहमा विश्वास गरिहाल्न नमिल्ने ।

४. नेपाल सरकार वि. मनकुमारी नेपाली (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२६)

- अभियोगमा कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्यभन्दा बाहिर गएर मौखिक कथनका भरमा कसैलाई दोषी किटान गर्न नमिल्ने ।
- कसैले कसैलाई हत्या गरेको भनिएको अवस्थामा हत्या भएको भनिएका व्यक्तिको शव नै सबैभन्दा ठूलो प्रमाणका रूपमा रहन्छ । शव फेला परेको अवस्थामा मृत्यु अघि (Post Mortem) र मृत्यु पछि (Ante mortem) का घाउ चोटहरू र अवस्था समेतको परीक्षण गर्न सकिने र त्यसले मृतकको मृत्युको कारणका बारेमा यथार्थ जानकारी प्राप्त हुने अवस्था रहन्छ । शव फेला पर्न नसकेको अवस्थामा हत्याको अभियोग लागेका व्यक्तिले के कसरी र कहिले हत्या गरेको हो भन्ने तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षले वहन गर्नुपर्ने ।
- कुनै व्यक्ति विशेषको अप्रमाणित कथनलाई नै सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिमै सीमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित नहुने अवस्थाको सिर्जना हुन जाने ।
- सुनी थाहा पाएको भन्ने जस्ता अत्यन्त कमजोर प्रमाणलाई आधार बनाएर अन्य प्रमाणको खोजी नगर्ने हो भने अनुसन्धानको कुनै अर्थ रहँदैन र त्यसले अपराध र अपराधीका बारेमा सत्य तथ्यको खुलाशा गर्न पनि नसकिने ।
- कसैलाई दोषी ठहऱ्याउन बयान लगायतका मौखिक प्रमाण बाहेकका अन्य स्वतन्त्र प्रमाणहरूको श्रृंखला जोडिनु पर्दछ र प्रमाणहरूको मालाकार कडीबाट त्यस्तो बयान व्यहोरा समर्थित नहुँदासम्म साविती बयानले

कुनै प्रामाणिक महत्व राख्दैन भन्ने कुरालाई अनुसन्धान र अभियोजन पक्षले बुझ्नु जरुरी हुने ।

- कुनै व्यक्ति हराएकै आधारमा निजको हत्या भएको निष्कर्ष निकाल्दा भोलि त्यो व्यक्ति जीवितै समाजमा फर्केर आयो भने समस्त न्याय नै कलंकित हुन पुग्दछ । नौ जना अपराधी छुटे पनि एकजना निरपराधी पनि सजायको भागी नहोस् तथा शंकाको लाभ अभियुक्तले पाउँछ भन्ने मान्यताको अनुयायी कानूनी प्रणालीमा शवको प्रत्यक्षीकरण विना कर्तव्य ज्यानको अभियोगमा कसैलाई सजाय गर्दा अत्यन्त सतर्कता अपनाउन पर्ने ।
- पानीमा बगाइएको र आगोले डढाइएको जस्ता विषम परिस्थितिमा लाश फेला नपर्न पनि सक्दछन् । लाशको अवशेष समेत लोप गराउने अभियुक्तको भगीरथ प्रयत्न पनि हुन सक्दछ । तर यस्ता क्रियाकलाप भएको वादीले पुष्टि गर्न सक्नुपर्ने ।
- साबितीमा अभिव्यक्त तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन त आवश्यक छ नै, ती स्वाभाविक र मानव आचरण अनुकूल पनि देखिनु पर्ने ।

५. नन्दादेवी जोशी वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०)

- कानूनद्वारा आफ्नो विरुद्ध साक्षी हुन वा बयान दिन बाध्य पार्न नमिल्ने गरी संरक्षण वा सुविधा प्रदान गरेको अवस्थामा आफ्नो विरुद्ध प्रमाण लाग्ने गरी सहजरूपमा तथ्यका बारेमा मौन रहने नैसर्गिक वैयक्तिक स्वतन्त्रताभित्र पर्दछ । तसर्थ सोलाई आरोप पुष्ट्याइँको कडी मान्न नमिल्ने ।
- प्रत्यक्षदर्शीको रूपमा नरहेका अन्य व्यक्तिहरूले गरेको कागज र बकपत्रको वैधता वा मान्यता हुँदै हुँदैन भनी अर्थ गरिन नहुने ।
- जाहेरी घटनाका विषयमा दिइने सूचनाको एक माध्यम हो । यसले प्रमाण संकलनमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, स्वयंले सार्थकता प्राप्त गर्दैन । यो आफैमा अकाट्य र स्वतन्त्र प्रमाण नहुने ।
- जाहेरी दरखास्त स्वयंमा सुनी सुनाई (hearsay) कथनमा आधारित रहेको तथा समयको लामो अन्तराल पश्चात् दर्ता भएको हुँदा त्यो घटनाको सत्यता वा वास्तविकतामा आधारित नभई कसैलाई फसाउने उद्देश्यबाट सुनियोजित तवरबाट अभिप्रेरित भैदिएको भनी शंका गर्ने पर्याप्त ठाउँ देखिने ।
- अनुसन्धान र अभियोजन पक्ष आफ्नो जिम्मेवारी निर्वाह नगरी भएको त्रुटिको अदालतले सुक्ष्म रूपमा केलाएर न्याय प्रदान गर्नु नै वास्तविक न्याय हुने ।
- अदालतले न्यायकर्ताको भूमिका निर्वाह गर्दा गहनतम जिम्मेवारीबाट विचलन हुनु हुँदैन । न्यायकर्ताको एक मात्र उद्देश्य कुनै व्यक्ति विशेष अन्यायमा नपरून, दोषिले उन्मुक्ति नपाऊन, निर्दोष व्यक्तिको सुखमय जीवन अनाहकमा कारागारको घेरावन्दिमा बन्धनकारी रूपमा विताउन नपरोस् भन्ने धारणाले अभिप्रेरित हुनु पर्दछ । वस्तुनिष्ठ आधारको धरातल भन्दा माथि उठेर कोरा कल्पनाका मनचिन्ते विचारलाई अकाट्य प्रमाणको रूप प्रदान गरी ज्यान जस्तो जघन्य अपराधको दोषी ठहऱ्याउने परिपाटिलाई प्रोत्साहन गर्ने हो भने न्यायिक मार्ग विखण्डन हुन गै फितलो अनुसन्धानको बलीवेदीमा न्यायको बलिदान हुने ।
- वस्तुनिष्ठ प्रमाण नहुँदा नहुँदै प्रचार, हल्ला वा दवावमा अभिष्ठ तथा लोकप्रियतालाई माध्यम बनाई अनुसन्धान प्रारम्भ गर्ने र अभियोजन लगाउने परम्परालाई प्रोत्साहन दिई स्वतः अंगीकार गर्ने पात्र अदालत हुन नसक्ने ।

६. नेपाल सरकार वि. यज्ञबहादुर थापा (ने.का.प. २०६९, अंक २, नि.नं. ८७६४)

- जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्वपूर्ण सूचना संकलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्नसक्ने ।
- जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैंमा स्वतन्त्र प्रमाण हुन सक्दैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्दछ । त्यसैले जाहेरी दर्खास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरुद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व सो जाहेरी दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुने ।
- जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको व्यहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्व ग्रहण गर्न नसक्ने ।
- लाश जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट कसैको मृत्यु कर्तव्यबाटै भएको देखिए तापनि त्यस्ता प्रमाणहरूले कुनै अमुक व्यक्ति नै कसूरदार हो भन्ने कुरा निर्धारण गर्न सक्दैनन् । अनुसन्धानको क्रममा संकलन भएका अन्य प्रमाणहरूले सिलसिलेवार रूपमा आरोपित व्यक्ति उपरको कसूरलाई स्थापित गरेको अवस्थामा मात्रै शव परीक्षण प्रतिवेदन तथा लाश जाँच मुचुल्काले त्यस्तो आरोपित व्यक्ति उपर कसूर कायम गर्ने प्रमाणको स्थान ग्रहण गर्ने ।
- लाश जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलाई मात्रै पनि आरोपित व्यक्तिका विरुद्ध स्वयंमा अकाट्य प्रमाण मान्न नसकिने ।
- न्याय निरोपण गर्ने निकायबाट परीक्षण गरिएका प्रमाणहरूबाट वारदातमा प्रतिवादीहरूको संलग्नता पुष्टि नभएको स्थितिमा आफूले परीक्षण नगरेको प्रमाणको आधारमा मात्रै कसैलाई दोषी करार गर्नु फौजदारी न्याय व्यवस्थाको प्रतिकूल हुन जाने ।
- कुनै पनि फौजदारी कसूरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवं मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरे बमोजिम मात्र न्याय निरोपण गर्नुपर्ने भन्ने नै हुन्छ । तर अदालत स्वयंले कुनै प्रमाणको सिर्जना गरी कुनै कसूर स्थापित गर्ने वा कसै उपरको अभियोग पुष्टि गर्न नहुने ।
- संकलित भएका प्रमाणहरूबाट कसै उपरको अभियोग पुष्टि हुने अर्थात त्यस्तो अभियोग शंकारहित देखिँदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी विना आधार कसैलाई दोषी करार गर्न नसक्ने ।
- अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको सावितीे बयान अन्य प्रमाणहरूबाट स्वतन्त्र रूपमा समर्थित नभएसम्म अदालतले त्यस्तो सावितीे बयान मात्रैलाई आधार मानी कसूर कायम गर्नु न्यायसंगत हुन नसक्ने ।
- प्रमाणहरूले परस्पर पोलापोल गरिएका बयान पुष्टि हुन् र त्यसको प्रामाणिकता स्थापित हुन नसकेको स्थितिमा सो पोल मात्रै निजहरू उपरको आरोप पुष्टि हुने निरपेक्ष प्रमाण हुन नसक्ने ।

७. रञ्जित राईसमेत वि. नेपाल सरकार (ने.का.प. २०७० अंक ५ नि.नं. ९०१२)

- घटनामा उपस्थित थिएनौं अन्यत्र रहेका थियौं भनी जिकिर लिएतापनि अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोरालाई अदालतमा बयान गर्दा उल्लेख गरी बयान गरेबाट अधिकार प्राप्त अधिकारी समक्षको बयान अन्य सम्बद्ध प्रमाणहरूबाट पुष्टि गरिरहेकोमा अधिकार प्राप्त अधिकारी समक्षको बयान व्यहोरा अन्यथा प्रमाणित गर्न सकेको नदेखिएको अवस्थामा व्यहोरा पूर्ण रूपमा झुठ्ठा हो भन्ने कुरा विश्वसनीय नदेखिने ।
- ठोस आधार प्रमाणको अभावमा अदालतमा इन्कारी बयान गरेकै आधारमा वारदात घटाएको वेलामा घटनास्थलमा मौजूद नरही अन्यत्र थिएँ भनी लिएको जिकिर प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई स्वेच्छाले गरेको बयान होइन रहेछ भन्नु तर्कसङ्गत नहुने ।
- वारदात घटाई सकेपछि विवाहमा सामेल हुन गएको देखिएको र विवाह हुने दुलहीले प्रतिवादीहरूलाई देखेको भने पनि प्रतिवादीहरू एकैस्थानमा वसिरहनु पर्ने नभई आफूखुशी विवाहस्थल छोडी हिड्न सक्ने अवस्था भई केही समय कतै गई फर्की आउन सक्ने बाटोको दँरी रहेको देखिँदा विवाहमा पटकपटक देखभेट हुने हुँदा यति नै समयमा उपस्थित भएको भनी समय यकिन गर्न सक्ने स्थिति नहुने ।
- साक्षीले गरेको बकपत्रमा प्रतिवादीसँग भेट भएको छैन भनी लेखाई दिएको अवस्थासमेतका प्रमाणहरूबाट वारदात मिति समयमा प्रतिवादीहरू दुलहीको विवाहमै रहे बसेका रहेछन्, घटनास्थलमा थिएनौं भन्ने जिकिर समर्थन हुन नसक्ने ।
- बयान कागज मुताबिकको ठाउँमा दर्जा पुगेको प्रहरिसमेत भई प्रतिवादीहरू समेत एवं खानतलाशी गर्दा स्थानीय भलादमीहरू समेतको रोहबरमा बरामद भएको खुकुरी अपराधसँग सम्बन्धित देखिएकोले सम्बद्ध प्रमाण प्रमाण गाह्य नहुने भन्न नमिल्ने ।
- मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा प्रहरीबाट गैरकानूनी बल प्रयोग गरी स्वेच्छा विरूद्धको बयान प्रमाणित हुन आएमा त्यस्तो बयान प्रमाण ग्राह्य हुँदैन तर, त्यस्तो बयान स्वेच्छा विरूद्ध भएको भनी सरकार वादी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(३) को व्यवस्था बमोजिम अदालतमा निवेदन दिई स्वेच्छा विरूद्धको बयान हो भनी प्रमाणित गराउन नसकेको स्थितिमा अधिकार प्राप्त अधिकारी समक्ष भएको बयानलाई स्वेच्छा विपरितको बयान भन्न मिल्दैन । त्यस्तो बयान प्रमाणमा लिन मिल्ने ।

८. कुमान गुरूङसमेत वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२१)

- फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन सक्दैन । तर कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा अपराध र अपराधीको बारेमा खोजबिन नहुने भन्ने हुँदैन । प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी अपराध र अपराधीको बारेमा न्यायिक निरूपण हुन आवश्यक हुने ।
- कुनै घटनामा परिस्थितिजन्य प्रमाणले नै घटनाक्रम उजागर गरी घटनाको पुष्टि गरिरहेको छ भने प्रत्यक्ष प्रमाण प्रस्तुत हुन नसकेकै कारण निर्दोषिताको आधार बन्न नसक्ने ।
- अ.वं. १८८ नं. को व्यवस्थाले मूल रूपमा निर्णयकर्ताले इन्साफको रोहमा घटित घटना भवितव्य हो कि भन्न हुनेसम्मको शंकाको स्थितिको विद्यमानता हुनुपर्ने वा कसूरदारले अपराध गरेको अवस्था तथा

परिस्थितिलाई विचार गर्दा कसूरदारलाई तोकिएको सजाय गर्दा चर्को पर्न जाने भन्ने कुराको महसुस भएको अवस्था विद्यमान हुनुपर्ने देखिन्छ । निर्णयकर्ताले यी दुई वाक्यांशलाई ध्यान दिई यी दुई वाक्यांशलाई समर्थन गर्ने आधार प्रमाण मिसिलमा भएको कुरा र ती आधार प्रमाणका आधारमा आफूले सजाय घटाउन राय प्रस्ताव गरिएको भन्ने कुरा सो रायबाट नै स्पष्ट रूपमा देखाउन सक्नु पर्ने ।

- पुनरावलोकनको रोहमा विचाराधीन मुद्दाका सन्दर्भमा अ.वं. १८८ नं. बमोजिम व्यक्त भएको राय कायम गर्ने वा नगर्ने भन्ने कुरा सम्बन्धित इजलासको स्वविवेकभित्र पर्ने विषयवस्तु हो । कसूरदारले कसूर गर्दाको अवस्था परिस्थिति लगायतका यावत् पक्षहरूलाई मनन गरी त्यस्तो राय कायम राख्ने वा नराख्ने निर्णय गर्न सम्बन्धित इजलाश स्वतन्त्र रहन्छ तर अ.वं. १८८ नं. को राय कायम हुन पर्ने वा नपर्ने भन्ने जिकिर लिई पुनरावलोकनको निवेदन मार्फत चुनौती दिने हक मुद्दाका पक्षहरूलाई हुन नसक्ने ।

९. नेपाल सरकार वि. पदमबहादुर गुरूङ (ने.का.प. २०७५, अंक ६, नि.नं. १००३७)

- जाहेरीलाई अभियोग प्रमाणित गर्ने एक महत्वपूर्ण प्रमाण मानिन्छ तर जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा अन्य संकलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । जाहेरी दरखास्त स्वयंमा निश्चयात्मक (Conclusive) प्रमाण होइन । अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व जाहेरी दरखास्तको न्यायिक परीक्षण आवश्यक हुने ।
- प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति पनि विद्यमान हुनुपर्दछ । अन्यथा जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्व ग्रहण गर्न सक्ने नदेखिने ।
- सहअभियुक्तको पोल आफैंमा सारभूत प्रमाण होइन, यो न्याय निक्र्यौल गर्न एउटा थप आधार मात्र हो । यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन । सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कवुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसूर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने ।

१०. मदन नारायण श्रेष्ठ वि. जाहेरीले नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५१)

- कुनै पनि व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु फौजदारी कानूनको मान्य सिद्धान्त विपरित तथा न्यायको बर्खिलाप हुन जान्छ । अनुसन्धानको क्रममा अख्तियार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरी रहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने।
- सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई प्रमाणको मूल्याङ्कनको रोहमा गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने अवस्थामा जाहेरी र बुझिएको व्यक्तिले गरिदिएको सनाखत कागजलाई विश्वास गरी व्यक्त गरिदिएको रायको आधारमा मात्र प्रतिवादीलाई आरोपित कसूर

गरेको ठहऱ्याउन नमिल्ने ।

११. किरण वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५७)

- कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारी समक्षको बयानमा आरोपित कसूर स्वीकार गरी अदालत समक्षको बयानमा असत्य वा झुठ्ठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठ्ठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ । अपराधीले सदा कसैले देखे गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने ।
- कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाण भन्दा यो बढी विश्वासयोग्य मानिने ।

१२. नेपाल सरकार वि. शिवपुजन यादव अहिरसमेत (ने.का.प. २०७५, अंक ९, नि.नं. १००८८)

- फौजदारी मुद्दामा अभियुक्त उपर लगाएको अभियोग शंकारहित तवरबाट पुष्टि गर्न आवश्यक प्रमाणको संकलन एवं प्रस्तुतीकरण गर्ने जिम्मेवारी वादी पक्षमा निहित रहेको हुन्छ । अनुमान र शंकाको भरमा कर्तव्य ज्यान जस्तो कसूर अपराधमा कसैलाई दोषी ठहऱ्याउन मिल्दैन । अनुसन्धान तहकिकातबाट यही व्यक्ति अपराधी हो भनी पहिचान भई निज विरूद्ध संकलित सबुद प्रमाणहरूलाई अदालत समक्ष प्रस्तुत गरी अदालतबाट त्यस्ता प्रमाणहरू परीक्षण भए पश्चात् शंकारहित तवरले कसूर पुष्टि हुने अवस्थामा मात्र त्यस्तो व्यक्तिलाई कसूरदार घोषित गरी सजाय गर्न मिल्ने ।

१३. नेपाल सरकार वि. कमल घर्ती मगर (ने.का.प. २०७५, अंक ९, नि.नं. १००९७)

- फौजदारी कसूरमा अभियुक्तहरू उपरको कसूर वादीले निःसन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्ट रूपमा व्यवस्था गरेको पाइन्छ । कसूर शङ्कारहित तवरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेश गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसूर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनु पर्ने ।
- संकलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एक आपसमा बाझिएमा र आफैंमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुन जाने ।

१४. दिवश ढकाल वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१४६)

- शव परीक्षण गर्दा "घाँटीको भित्री भागको जाँच गर्न टाउको खोली गिदी बाहिर निकाल्ने र छाती खोली सबै अङ्ग बाहिर निकाल्नै पर्ने मुख्य पूर्वशर्त हुन् ।" यसरी गर्नुको कारण घाँटीको भित्री नरम तन्तु तथा हड्डी वा कुरकुरे हड्डीमा भएका चोट जिउँदै भएका हुन् वा होइनन् भनी निक्र्यौल गर्न सकिने ।

१५. नेपाल सरकार वि. विष्णु याख्खा (राई) भन्ने विषुकुमार याख्खा राईसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४६)

- टुक्रिएका र खण्डित भएका घटना र वारदातका तथ्य र प्रमाणहरूलाई अनुमानको आधारमा फौजदारी कानून एवं न्यायको प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जबरजस्ती रूपमा प्रमाणहरू जोडेर कसैलाई पनि सजाय गर्न नसक्ने ।
- घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसूरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन र अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसूरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने ।

१६. पारस चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६७)

- प्रत्यक्षदर्शी नभए पनि अन्य प्रमाणबाट कसूरदार देखिएमा प्रतिवादीहरूलाई उन्मुक्ति दिन नमिल्ने ।

१७. रमेश मण्डल गनगाईसमेत वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३०२)

- वारदातको लाश जाँच प्रकृति मुचुल्का हेर्दा मृतकको नाक तथा कानबाट रगत निस्केको भन्ने देखिएको र शव परीक्षण प्रतिवेदनबाट मृतकको घाँटीमा रगत जमेको भन्ने देखिएबाट मृतकको लाशमा hanging को कुनै पनि लक्षण नदेखिएको हुँदा मृतकको मृत्यु hanging को कारणले नभई strangulation कै कारणबाट भएको हो भनी मान्नु पर्ने ।
- परिस्थितिजन्य प्रमाणको लागि तथ्यका प्रत्येक कडी एकआपसमा आबद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नु पर्ने ।

१८. नेपाल सरकार वि. मंगलबहादुर तामाङ्ग (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३६८)

- विषालु र नशालु पदार्थ सेवन गरेको २४ घण्टा भन्दा बढी अवधि व्यतित भए पश्चात् Viscera निकालेर परीक्षणको लागि पठाइएको भिसेरामा नशालु र विषालु पदार्थ नपाइएको भनी दिएको प्रतिवेदनलाई निर्णायक प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीले अदालतमा गरेको बयानमा स्वीकार गरेको तथ्यलाई अन्यथा गरी निष्कर्षमा पुग्नु प्रमाण कानूनको सिद्धान्त अनुकूल नहुने ।

१०. विविध

१. श्री ५ को सरकार वि. कलावती सुवेदी (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६८)

- फौजदारी मुद्दाका वादीले पहिलो कुरा अपराधै भयो भएन सो कुरा अपराध भएको भन्ने संकारहित तवरबाट प्रमाणित भएपछि कसै उपर अभियोग लगाई मुद्दा चलाइन्छ भने त्यसरी मुद्दा चलाइएको व्यक्ति उपर शंकारहित तवरबाट अभियोग प्रमाणित गर्नु पर्ने ।
- शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear Say Evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने ।
- वारदात प्रतिवादीहरूको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितीजन्य वा कुनै अन्य प्रमाण

पनि नभएको अवस्थामा मुद्दा नै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरूलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सँजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमति हुन नसकिने ।

- फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्बन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण सुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्नेतर्फ ध्यान दिनुपर्ने ।
- पुनरावेदन गरी मुद्दा लम्ब्याउने भन्दा कहाँ, के, किन र कस्तो त्रुटिले गर्दा राज्यले मुद्दा हार्न गयो भन्नेतर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमूल्य समय खेर नजाने ।
- सजायको माग गरी पुनरावेदन दाबी लिएका यी प्रतिवादीहरूलाई अभियोगमा सजाय गर्न तथ्य प्रमाणको अभाव देखिएको र सफाई दिने गरी भएको पुनरावेदन फैसलालाई यस अदालतबाट फौ.पु.नं. ३०७९ को कर्तव्य ज्यान मुद्दामा मिति २०६०।२।१९ मा सदर ठहरी फैसला समेत भैसकेको देखिँदा यी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

२. नेपाल सरकार वि. चाल्स गुरूमुख शोभराज (ने.का.प. २०७४ अंक ४, नि.नं. ९७९६)

- कर्तव्यवाला पत्ता लागेको अवस्थामा २० वर्षपछि पनि मुद्दा चल्ने ज्यान सम्बन्धी महलको २० नं. को व्यवस्थाले नै स्पष्ट रूपमा बोली राखेकै छ । यस्तो अवस्थामा कर्तव्य भएको २० वर्षपछि मुद्दा चल्न नसक्ने भन्ने जिकिर ज्यान सम्बन्धी महलको २० नं. को मनसाय प्रतिकूल भई सो जिकिरसँग सहमत हुन नसकिने ।

३. तिर्थ महर्जन वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १, नि.नं.९९२८)

- एउटा अपराधमा अदालतबाट सजाय पाई भुक्तान गरिरहेका यी प्रतिवादीहरूले कैदी भएकै अवस्थामा योजनाबद्ध ढंगले अर्को अपराध गरेको हुँदा यस्तो अवस्थामा कानूनले तोकेको अधिकतम सजाय गर्नु नै उत्तम हुन्छ । आफूले गरेको पहिलै गरिसकेको आपराधिक कार्यको सम्बन्धमा अदालतबाट सजाय पाइसकेपछि यी प्रतिवादीहरूले पश्चाताप गरी सुधारोन्मुख हुनुपर्नेमा कैदी जीवन व्यतित गरिरहेकै अवस्थामा अर्को अपराध गरेको देखिँदा प्रतिवादीहरू छुटी कारागार बाहिर जाँदा समाजको लागिसमेत खतरा हुनसक्ने भएकोले यस्ता व्यक्तिहरूलाई सजाय गर्दा अदालतले प्रतिवादीहरूले गरेको अपराधको प्रकृति, त्यसबाट समाजमा पर्ने असरसमेतलाई मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने ।

४. शेरबहादुर गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक २, नि.नं. ९९४४)

- साधकको रोहबाट संयुक्त इजलासबाट भएको फैसला बदर नभएसम्म पुनरावेदनहरूको सुनुवाइ गर्न नमिल्ने र साधकको रोहमा भएको फैसलालाई समान तहको संयुक्त इजलासबाट बदर गर्न नमिल्ने, तसर्थ यस विषयमा पूर्ण इजलासबाट नै सुनुवाइ हुन उपयुक्त हुने भनी व्यक्त भएको राय मनासिव देखिने ।
- साधकको रोहबाट संयुक्त इजलासबाट फैसला भइसकेको र वादी प्रतिवादी दुवै पक्षबाट परेको पुनरावेदन बाँकी नै रहेको अवस्थामा पुनः सोही विषयमा प्रमाणको मूल्याङ्कन गरी फैसला गर्नुपर्ने हुँदा साधकको रोहमा संयुक्त इजलासले गरेको फैसला कायम रहन सक्ने अवस्था नहुँदा बदर हुने । कसैलाई मारी तत्कालै

झुण्ड्याएकोमा रातो दाग हुने अर्थात् Ligature mark देखिनु स्वभाविक हुने ।

- कुनै पनि पुरूषले आफ्नी श्रीमतीले परपुरूषसँगको संसर्गबाट सन्तान जन्मेको आरोप लगाउँछ र त्यही निहुँमा झगडा गर्दछ भने निजको रिस एवं आक्रोस सामान्य छैन भन्ने स्वभाविक अनुमान रहन्छ । यस्तो अवस्थामा श्रीमतीको घरभित्रै अस्वाभाविक रूपमा मृत्यु हुन्छ । निजबाहेक घरमा साबालक अन्य कोही छैन भने निज नै शंकाको स्वभाविक केन्द्र बन्ने हुँदा श्रीमतीको मृत्यु स्वभाविक हो भनी पुष्टि गर्ने दायित्व निजमा नै रहने ।
- घटनापूर्व लामो समयदेखि लोग्नेस्वास्नी बीच बेमेल र झगडाको स्थिति रहेको छ । गाउँलेहरू जुटेका र झगडा मिलाएका छन् । वारदातकै दिन साँझमा पनि झगडा भएको छ । सुत्नु अघि झगडा भएको थियो भनी प्रतिवादीले अदालतमा नै स्वीकार गर्छ, सोही रात श्रीमती मर्छिन् र शव परीक्षण प्रतिवेदनमा चोट देखिन्छन् । घटनास्थलमा पहिलो पटक पुग्ने छोरीलाई प्रतिवादीले आमा बुबाको झगडा भएको कसैलाई नभन्नु पनि भन्छ भने अब घाँटीमै पासो लगाएको प्रत्यक्षदर्शी छैन भन्ने आधारमा परिस्थितिजन्य प्रमाणहरूलाई अस्वीकार गर्न नमिल्ने ।

५. सोनु हलवाई वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२८)

- मृतकलाई मिति २०६७ ।५ ।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगञ्ज स्थित निजको घरबाट व्यापार गर्ने बहानामा नेपालको सीमा कटाई भारतको रूपैडिया हुँदै लखनउ लगी हत्या गरेबाट अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसूर नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपालबाहिर लैजाने कार्य गरेमा नेपालभित्रै कसूर गरेसरह मानी सजाय गर्न मिल्नेसमेत देखिने ।
- प्रतिवादीबाट अपहरण गर्ने, सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसूर भएको भनी अभियोग पत्र पेश भएको छ सो एउटै कारोबार (Single transaction) को शृङ्खला हुँदा यहाँ भारतमा लाश फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्तसमेत अनुकूल हुने नदेखिने ।

६. नेपाल सरकार वि. श्रीमती लिला इजम लिम्बू (ने.का.प. २०७५, अंक ६, नि.नं. १००४०)

- भारतको इलाकाभित्र वारदात घटी उपचारकै क्रममा भारतमा नै मृत्यु भएको र नेपालमा ल्याई सतगतसम्म गरेको अवस्थामा नेपालमा मुद्दा चलाउने प्रयोजनका लागि भनी तयार भएका अनुसन्धानका कागज वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएसम्म सोलाई प्रमाणमा लिई क्षेत्राधिकार ग्रहण गर्न न्यायोचित पनि नहुने ।
- नेपाल बाहिर भएको वारदातलाई नेपालभित्र भएको भन्ने कृत्रिम वारदात र सो आधारमा कृत्रिम नै कागजातहरू खडा गरी मुद्दा चलाएकै आधारमा मात्र त्यस्तो मुद्दाले नेपालभित्रको अदालतको अधिकारक्षेत्र ग्रहण गर्न सक्दैन । फौजदारी मुद्दामा नेपालको अदालतको अधिकारक्षेत्र सृजना हुनको लागि वारदात नेपालभित्र नै भएको तथा निर्विवाद एवं शंकारहित तबरबाट वस्तुनिष्ठ आधारमा नै पुष्टि हुन जरूरी छ, यस सम्बन्धमा रत्तिभर कुनै पनि विवाद हुन र सो देखिन नहुने ।

७. नेपाल सरकार वि. विष्णु काप्रीसमेत (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१४४)

- जो जसको क्रियाबाट भए पनि व्यक्तिको ज्यान गएको अवस्थामा अनुसन्धान फितलो र कमजोर भएकै

कारण कसूरदारले उन्मुक्ति पाउने, पीडितले न्याय नपाउने तथा निर्दोषले सजायको भागी हुनुपर्ने कुनै पनि विषय कानूनी राज्यमा स्वीकार्य हुन सक्दैन । यसतर्फ न्यायका सरोकारवाला सबै सचेत भई अपराधको सूचना, अनुसन्धान, अभियोजन र सुनुवाइ तथा सुनुवाइ पश्चात्का कार्यान्वयन पक्ष सबै तहमा कानून र कानूनका मान्य सिद्धान्तहरूको उचित प्रयोग र व्यवस्थापन गर्नु आवश्यक पर्ने ।

- हिरासतमा रहेका व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण हुने गरी यातना दिन, कुटपिट गर्न, अमानवीय व्यवहार गर्न नहुने र मानवोचित व्यवहार गर्नुपर्ने लगायतका फौजदारी कसूरको अनुसन्धान सम्बन्धी कानूनी एवं सैद्धान्तिक मान्यतालाई आत्मसात गर्न नसकेको, त्यस अनुरूप प्रहरी कर्मचारीलाई तालिम दिन नसकेको, निर्देशन र नियन्त्रण सम्बन्धी व्यवस्थापकीय पक्ष उत्तरदायी हुन नसकी अझै पनि पुरातन विधि र प्रक्रियाबाटै कसूरको अनुसन्धान गर्ने पद्धति रहेको आभास हुने ।
- ठगीको आरोप लागेका सानु सुनारलाई निजको व्यक्तिगत अधिकार, स्वास्थ्य स्थिति र अवस्थाको ख्यालै नगरी हिरासतमा गरिएका व्यवहारसमेतबाटै निज मृत्युको मुखसम्म पुगेको यथार्थ अवस्था देखिएकोले दोषीले सजाय, निर्दोषले सफाइ तथा पीडितले न्याय पाउने सुनिश्चितता हुने गरी अनुसन्धान, प्रमाण सङ्कलन, अभियोजन र अभियोजनलाई समर्थन गर्ने प्रमाण जुटाउनको लागि आधुनिक अनुसन्धान पद्धतिको प्रयोग कानून र तथ्यको विश्लेषण एवं मानव अधिकारको संरक्षण गर्न सक्ने अपराध अनुसन्धान सम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति रहने छुट्टै प्रहरी समूह गठन गर्नेतर्फ सम्बन्धित अनुसन्धान निकाय र अभियोजन पक्षको ध्यानाकर्षण गराउने ।
- पीडितको मृत्यु भई सकेको अवस्थामा निजको हकवालालाई पर्न गएको मानसिक कष्ट र क्षतिसमेतलाई न्यायको रोहमा एउटा विशिष्ट अवस्थामा न्यायको मान्य सिद्धान्त र अन्तरनिहित अधिकार अन्तर्गत पनि अदालतले पीडितलाई उचित क्षतिपूर्ति भराई दिन उपयुक्त आदेश गर्न सक्ने ।
- हिरासतमा रहेका व्यक्तिको मृत्यु भएको र फितलो तथा कमजोर अनुसन्धानको कारण कसूरदारले उन्मुक्ति पाएकै आधारमा पीडितले क्षतिपूर्तिसहितको पूर्ण न्याय पाउने हकबाट वञ्चित हुनु न्यायोचित मान्न सकिँदैन । पीडितलाई न्यायको अनुभूति गराउन राज्यले केही जिम्मेवारी लिनै पर्ने हुन्छ । प्रतिवादीले सजाय भोग्ने विषय पिडकको अनिवार्य दायित्व हो भने पीडितले क्षतिपूर्ति पाउने विषय पीडितलाई न्यायको अनुभूति गराउने परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकबाट भराउन नसकिने अवस्थामा त्यसको दायित्व राज्यले लिनुपर्ने कुरा लोक कल्याणकारी राज्य तथा नागरिकप्रति उत्तरदायी सरकारको दायित्व पनि हो । यसबाट नागरिकले राज्य हाम्रो अभिभावक हो भन्ने महसुस गर्न सक्ने ।
- पीडितको मृत्यु भइसकेको अवस्थामा निजमा आश्रित निजका परिवारले राज्यका तर्फबाट केही न केही राहत अनुभूति गर्न पाउनु पर्छ । प्रस्तुत मुद्दामा कमजोर अनुसन्धान भएको भन्ने कुरा राष्ट्रिय मानव अधिकार आयोग र स्वयं प्रहरी संगठनबाट गठित समितिका प्रतिवेदनबाटै प्रस्ट देखिन्छ । यस अवस्था र परिवेशमा हिरासतमै रहेका व्यक्तिको मृत्यु भएकोमा पीडितका आश्रितप्रति संरक्षकत्वको भूमिकाबाट राज्य पन्छिन वा विमुख रहन मिल्ने देखिँदैन । तसर्थ मृतकको नजिकको हकवालालाई बैंक खाता खोल्न लगाई सो खाता मार्फत पीडित राहत कोष वा त्यस्तै प्रकारको सरकारी कोषबाट राहत स्वरूप सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उचित क्षतिपूर्ति उपलब्ध गराउनु भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा निर्देशात्मक आदेशसमेत जारी हुने ।

८. नेपाल सरकार वि. जगदिशप्रसाद भगतसमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८७)

- सैद्धान्तिक अवधारणातर्फ दृष्टिगत गर्दा गुप्त, सूक्ष्म र समन्वयात्मक ढङ्गले गरिने कार्य आपराधिक षड्यन्त्र हुने । षड्यन्त्रमा तयारीलगायतका विभिन्न चरण रहने र षड्यन्त्रमा संलग्न पक्षको हरेक चरणमा गरिने भूमिका किटान गरिएको हुने । अर्थात् षड्यन्त्रकारीका बिचमा भूमिकाको बाँडफाँट हुन्छ जुन भूमिकालाई समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिने ।
- षड्यन्त्रको अपराधमा संलग्न व्यक्तिको वारदातमा क्रियाशीलता वा सक्रियता स्पष्ट हुनुपर्ने । यसमा लक्षित अपराध घटाउन तयारी गर्ने, संलग्न व्यक्तिहरूका बिचमा भूमिका वा जिम्मेवारीको बाँडफाँट गर्ने, अपराध घटाउन हतियारलगायतका आवश्यक सामग्री जुटाउने तथा घटना घटाउन दिन किटान गर्ने जस्ता सुनियोजित एवम् योजनावद्ध तवरले कार्य गरिने । वारदात षड्यन्त्रपूर्वक घटाइएको हो भने वारदातमा संलग्न सबै व्यक्तिको सक्रिय भूमिका षड्यन्त्रमा कुनै न कुनै रूपमा दर्सिएको हुनुपर्छ तथा सोही आधारमा आरोपित गरिएको हुनुपर्ने ।

कुटपिट/अङ्गभङ्ग

१. कृष्णमाया लिम्बूसमेत वि. रत्नमाया लिम्बूनी (ने.का.प.२०४९, अंक ४, नि.नं. ४५२१)
२. महादेव यादवसमेत वि. बुदियादेवी सुडीसमेत (ने.का.प.२०५५, अंक ६, नि.नं. ६५५६)
३. कोमी महतो कोइरी वि. बच्चेलाल महतोसमेत (ने.का.प.२०५६, अंक १०, नि.नं. ६८०५)
४. ललन राउत यादवसमेत वि. मोवलवी मिया धोवी (ने.का.प.२०६४, अंक १, नि.नं. ७८०७)
५. नेपाल सरकार वि. बिपीन महरासमेत (ने.का.प.२०६७, अंक ५, नि.नं. ८३७४)
६. नेपाल सरकार वि. गणेशराम खर्बुजा (ने.का.प. २०६७, अंक ६, नि.नं. ८३८७)
७. नेपाल सरकार वि. राजीनन सहनीसमेत (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७३४)
८. राजाराम खत्री वि. नेपाल सरकार कारागार कार्यालय चौतारासमेत (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९३)
९. नेपाल सरकार वि. सुरेन्द्रकुमार कविरथसमेत (ने.का.प. २०७१, अंक २, नि.नं. ९१२५)
१०. नेपाल सरकार वि. बहादुरसिंह तामाङ (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९१३)
११. वृजदेव सिंह दनुवार वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५५५)
१२. अब्बास मिया अन्सारी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१९)
१३. भरत महतो कोइरी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७०)

१. कृष्णमाया लिम्बूसमेत वि. रत्नमाया लिम्बूनी (ने.का.प.२०४९, अंक ४, नि.नं. ४५२१)

- कुटपिटको वारदातमा केवल पीडित पक्षको स्थिति अवस्थालाई मात्र गौण विषय मानी निर्णय आधार मान्नु न्यायसंगत नहुन सक्तछ । कुटपिटको वारदातमा चोट प्रहारको स्थिति अवस्था, चोटको गम्भिरता, घटना स्थलको प्रकृति समेतलाई मध्यनजर राखी त्यसपछि मात्र निर्णयमा पुग्नु पर्ने; घा जाँच प्रतिवेदनकै आधारमा कुटपिटको दावी पुग्ने भनी ठहर गर्दा न्याय नपर्न सक्तछ ।

२. महादेव यादवसमेत वि. बुदियावी सुडीसमेत (ने.का.प.२०५५, अंक ६, नि.नं. ६५५६)

- कुटपिटको २ नं. को व्यवस्था हेर्दा हात खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारी दिएमा अंगभंग हुने देखिन्छ । हात भाँचिएको भनेको उपरोक्त व्यक्तिहरुको र केवल देविया देवि सुडिनको हकमा मात्र पहिले जस्ता काम नलाग्ने भन्ने लेखिएको सम्मको कारणले कुटपिटको महलको २ नं. को उक्त शब्दावली भित्रको भाँची फोरी फूकाली वेकम्मा पारी दिएको भन्ने अर्थ गर्न मिल्ने देखिएन । वारदातको वर्णित अवस्थालाई विचार गर्दा प्रस्तुत मुद्दामा एक्सरे रिपोर्ट र डाक्टरको राय अनुसार अंगभंगको खत भए गरेको पनि नदेखिएको र वादीहरुको घाउखत र हात भाँचिएको समेत निको भैसकी हाल काम नलाग्ने समेत देखिएको नहुँदा कुटपिटको महलको ७ नं. बमोजिम बचत दिने प्रतिवादी इलियास मियाँलाई रु २०००।— जरिवाना र ६ महिना कैद हुने ।

३. कोमी महतो कोइरी वि. बच्चेलाल महतोसमेत (ने.का.प.२०५६, अंक १०, नि.नं. ६८०५)

- सिराहा अस्पतालको मिति २०४५।३।२८ को रायमा खुट्टा हाल काम नलाग्ने भन्ने शव्द उल्लेख भएकोबाट सधैं भरी काम नलाग्ने भन्ने नभइ पछि काम लाग्ने पनि हुन सक्ने देखिएको र यी पुनरावेदक वादी पुनरावेदन अदालतमा इजलासमा अगाडि आफ्नै खुट्टाले हिडिरहेको भन्ने देखिंदा यी वादी वच्चेलालको खुट्टा अद्यापी काम नलाग्ने छ भन्ने अर्थ गर्न नमिल्ने हुंदा डोमी महतो कोइरीको हकमा कुटपिटका ६ नं. अनुसार कैद वर्ष ४ गर्ने गरी शुरुले गरेको फैसलालाई कैद वर्ष २ (दुई) कायम गर्ने गरी सो हदसम्म केही उल्टी गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिंदा सदर हुने ।

४. ललन राउत यादवसमेत वि. मोवलवी मिया धोवी (ने.का.प.२०६४, अंक १, नि.नं. ७८०७)

- अनेक दावी गरिएकोमा सो मध्येका एक वा केही दावी अनुसार कसूर वा कसूरदार नठहरेमा त्यसैको कारणले अरु दावी पनि नपुग्ने वा नठहर्ने हुन सक्दैन । प्रत्येक दावी वा कसूर प्रमाणबाट प्रमाणित हुनु पर्ने हुनाले कुटपिट तर्फको दावी प्रमाणित भई रहेको अवस्थामा लुटपिट तर्फ वादीले पुनरावेदन नगरेकै कारण कुटपिटको कसूर पनि अप्रमाणित वा अस्तित्वहीन हुन नसक्ने ।
- आरोपित दावीहरू मध्ये जतिमा प्रतिवादीहरू विरूद्ध प्रमाण पुग्दछ त्यतिमा अदालतले कसूरदारलाई सजाँय गर्ने ।

५. नेपाल सरकार वि. बिपीन महरासमेत (ने.का.प.२०६७, अंक ५, नि.नं. ८३७४)

- राज्यले कानून बमोजिम सजाय नै गर्नुपर्दा पनि कैद वा जरीवानासम्म मात्र गर्न सक्छ । सजायस्वरुप कुटपिट वा यातना दिन नसक्ने ।
- कुटपिट एक फौजदारी अपराध भएकाले कुटपिटको अपराधमा कुटिने व्यक्तिको शरीरमा यातना पीडा घाउ आदि भई क्षति पुग्दछ । कसैको अनतिक्रम्य शरीरमा कसैले कुटपिट गरी क्षति पुऱ्याउँछ भने

त्यसरी क्षति पुऱ्याउने व्यक्तिलाई सजाय गर्नुका साथै कुटपिटको कारण कुटिने व्यक्तिको शरीरमा पुगेको क्षतिबापत क्षतिपूर्ति Compensation समेत पाउनु पर्ने ।

- क्षतिपूर्ति भराउने कार्य सजाय नभई यो कार्य Civil Liability अन्तर्गत पर्ने कार्य हो । त्यसैले प्रतिवादी दोषी ठहर भएपछि क्षतिपूर्ति भराउने सम्बन्धमा न्यायको रोहमा यस अदालतले पनि विगो रकम यकीन गर्न सक्छ । पीडितले उपचार गर्दा फलफूल र खाना खर्च समेतमा खर्च गरेको भनी विल भरपाइ समेत पेश गरेमध्ये औषधि उपचारबापत र कुरुवा खर्चबापत खर्च गरेको प्रमाणित भएको रकम ब्त ऋयकत घा खर्चबापत भराई दिनुपर्ने ।

६. नेपाल सरकार वि. गणेशराम खर्बुजासमेत (ने.का.प. २०६७, अंक ६, नि.नं. ८३८७)

- कुनै पीडितलाई लागेको घाउ चोटको पीडाको मूल्याङ्कन घाउ चोट लागेकै समयमा देखिएको चोटको प्रकृति र अवस्थाबाट नै गर्नुपर्ने ।
- अस्पतालका अभिलेखलाई अमान्य घोषित गर्नु कुटपिटको २० नं. को मनसाय होइन । कानूनको व्याख्या र प्रयोग समयसापेक्ष रूपमा गरिनु पर्दछ । समयको परिवर्तन, विज्ञान र प्रविधिको विकास, सामाजिक रूपान्तरणलाई पनि कानूनले ठाउँ दिएसम्म लचिलो रूपमा व्याख्या गर्दै आत्मसात् गर्दै जानु पर्ने ।
- ढिलो जाहेरी पर्दा जाहेरवालाले असत्य तथ्यहरू समावेश गर्ने वा कसैसँग रिसइवी साध्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन । तर, घटना र वारदातलाई स्वतन्त्र प्रमाणहरूले पुष्टि गरिरहेका छन् तथा सार्वजनिक निकायका अभिलेखले समर्थन गरिरहेका छन् भने जाहेरीको ९ दिनको ढिलाई नै प्रतिवादीले सफाइ पाउने आधार बन्न नसक्ने ।
- कानूनको प्रयोग गर्दा पीडित तथा पीडितका परिवारको तत्कालको मानसिक पीडा पनि न्यायकर्ताले महसूस गर्न सक्नु पर्ने ।

७. नेपाल सरकार वि. राजीनन सहनीसमेत (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७३४)

(ज्यान सम्बन्धी शीर्षकमा छ)

८. राजाराम खत्री वि. नेपाल सरकार कारागार कार्यालय चौतारासमेत (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९३)

- कुनै एउटा कानूनी व्यवस्थाअन्तर्गत दायर भएको एक प्रकृतिको मुद्दामा अर्को प्रकृतिको कसूर नै कायम नगरी केवल अनुसूचीभित्र परेको आधारमा मात्र अर्को प्रकृतिको कानूनी व्यवस्था लागू गर्न नमिल्ने ।
- कुनै एउटा अमुक अभियोग लगाई दायर भएको मुद्दामा दावी कायम हुन नसक्ने भएपछि बिना कुनै स्पष्ट आधार र कारण बिना उक्त मुद्दालाई अनुसूचीअन्तर्गत पर्ने अर्को अमुक मुद्दामा परिणत गरी स्वतन्त्र रूपमा त्यससम्बन्धी कसूर तथा अभियोग नै कायम नगरी सोको स्वतन्त्र प्रमाणको मूल्याङ्कनसमेत नगरी अर्को प्रकृतिको कसूर कायम गरी सजाय गर्दै जाने हो भने फरक—फरक अभियोग र कसूरमा सजाय गर्न पृथक—पृथक कानूनी व्यवस्था गर्नुको कुनै औचित्य र सार्थकता नरहने ।
- ज्यान मार्ने उद्योग र कुटपिट अङ्गभङ्गका वारदात अपराधहरू नितान्त फरक—फरक प्रकृतिका हुन् । यस्तो अवस्थामा उल्लिखित दुवै मुद्दाहरू एउटै अनुसूचीभित्र परेको भएता पनि ती दुवै स्वतन्त्र रूपमा अलग—अलग अपराध भएकोले ती अपराधहरूमा कसूर वा सजाय गर्नुपर्दा अलग—अलग र स्वतन्त्र रूपमा

नै कसूर वारदात कायम गरी सजाय गर्नुपर्ने ।

- फरक—फरक अपराध हुने अवस्थामा अभियोग लगाउनु पर्दा वा एउटा अभियोगबाट अर्को अभियोग कायम गर्नुपर्दा कानूनी व्यवस्थाअनुसार त्यस्तो अपराधको स्वतन्त्र रूपमा प्रमाणको मूल्याङ्कन गरी अलग कसूर कायम गरी मुद्दाको निष्कर्षमा पुगी न्याय निरूपण गर्नुपर्ने ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ को गलत व्याख्या र अर्थ गरी ज्यान सम्बन्धी महलको एउटा कानूनी व्यवस्था अन्तर्गत दायर भएको ज्यान मार्ने उद्योगको मुद्दालाई कुटपिट अङ्गभङ्गमा परिणत गरी कुटपिटको महलको अर्को कानूनी व्यवस्थाअन्तर्गत कसूर नै स्थापित नगरी सजाय गर्ने गरेको फैसलालाई कानून र न्यायसम्मत् मान्न नमिल्ने ।

९. नेपाल सरकार वि. सुरेन्द्रकुमार कविरथसमेत (ने.का.प. २०७१, अंक २, नि.नं. ९१२५)

- वारदातका समयमा परेको चोटको असरले गर्दा त्यो अङ्गले तत्कालीन अवस्थामा पहिलाको जस्तो काम गर्न नसक्नु एउटा पाटो हो भने उपचारपश्चात् त्यो अङ्गले पहिलाको जस्तै काम गर्न सक्नु अर्को पाटो हो । कुनै अङ्ग कुटपिटबाट भाँच्चिएको वा फुक्लेकोमा उपचारपश्चात् पनि कुनै सुधार नभई त्यो अङ्ग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिन्छ । तर उपचारपश्चात् पहिलाको जस्तै त्यो अङ्गले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने ।

१०. नेपाल सरकार वि. बहादुरसिंह तामाङ (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९१३)

- कुटपिटबाट परेको घा चोटको सम्बन्धमा शरीरमा तत्कालै वा लामो समयमावधिसम्म वा जीवन भरी पर्ने शारीरिक मानसिक पीडालाई समेत अंगभंगको खतमा विचार गर्नुपर्ने हुन्छ । औषधि उपचारबाट कुटपिटको खत निको हुनसक्ने र निको भएको कारणले अंगभंगको खत नठहर्ने भन्ने होइन । निको भई काम लाग्नसक्ने अवस्था भएपनि अंगभंगको खत ठहर्न सक्ने देखिन्छ । वस्तुतः कुटपिटबाट व्यक्तिको शरीर अंगमा परेको घा चोटबाट तत्काल सो व्यक्तिलाई परेको शारीरिक मानसिक पीडालाई मध्यनजर राखी कुटपिटको कसूर सम्बन्धमा निष्कर्षमा पुग्नु पर्ने हुन्छ । निको भई काम लाग्ने भयो भन्दैमा अंगभंगको खत ठहर्दैन भनी व्याख्या गरिनु मुलुकी ऐन कुटपिटको महलको २ नं को कानूनी व्यवस्थाले मिल्ने नदेखिने ।

११. वृजदेव सिंह दनुवार वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५५५)

- वारदातका समयमा परेको चोटको असरले गर्दा अङ्गले तत्कालीन अवस्थामा पहिलाको जस्तो काम गर्न नसक्नु एउटा पाटो हो भने उपचारपश्चात् त्यो अङ्गले काम गर्न सक्नु अर्को पाटो हो । कुनै अङ्ग कुटपिटबाट भाँच्चिएको वा फुक्लेकोमा उपचारपश्चात् पनि कुनै सुधार नभई त्यो अङ्ग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिने । कुटपिटको २ नं. मा उल्लिखित आँखाको हेर्ने शक्तिहीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइदिएमा भन्ने भाषाबाट कुनै पनि तरहबाट दृष्टिविहीन बनाइदिएमा अङ्गभङ्ग ठहर्ने व्यवस्था गरेको छ । तर उपचारपश्चात् त्यो अङ्गले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा दृष्टिविहीन भएको भनी अर्थ गर्न नमिल्ने ।

१२. अब्बास मिया अन्सारी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१९)

- मुलुकी ऐन, कुटपिटको महलको २ र ६ नं. को व्याख्या गर्दा अविच्छिन्न यकिन गर्न सकिने तथ्य र

प्रमाणको आधारमा मात्र दोषी ठहर गर्न मिल्ने देखिने । भाँचिएको हातखुट्टा वा अन्य अङ्ग उपचार गरी काम लाग्न सक्ने अवस्थामा आउने भएमा अङ्गभङ्गमा सजाय गर्न नमिल्ने र यस्तोमा मुलुकी ऐन, कुटपिटको महलको ६ नं.बमोजिम सजाय हुने ।

१३. भरत महतो कोइरी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७०)

- ज्यान मार्ने उद्देश्यले साङ्घातिक प्रहार गरेको र कुटपिट गरेको कसूर फरक हुने । एउटै वारदातमा पनि विविध घटनाको कसूर हुन सक्ने हुँदा सोही बमोजिम कसूर अनुसारको अनुसन्धान र अभियोजन गरिनुपर्ने । कुनै पनि कसूरलाई कसूरदारले गरेको कार्यको सिर्जित परिणामबाट हेरिनुपर्ने र न्यायिक निरूपण गर्नुपर्ने ।

गर्भ संरक्षण सम्बन्धी

१. मानवहादुर वि. श्री ५ को सरकार (ने.का.प. २०६०, अंक ३, नि.नं. ७२१०
२. सपना प्रधान मल्लसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६२, अंक १, नि.नं. ७४७८)
३. नेपाल सरकार वि. लालमाया गुरुङ (ने.का.प. २०६३, अंक ४, नि.नं. ७६८३)
४. लक्ष्मीदेवी धिक्तसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६७, अंक ९ , नि.नं. ८४६४)
५. रामकली चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१८७)
६. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६२०)
७. नेपाल सरकार वि. दुर्गाबहादुर वि.क. (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०८२)

१. मानवहादुर वि. श्री ५ को सरकार (ने.का.प. २०६०, अंक ३, नि.नं. ७२१०)

- लाश जाँच प्रतिवेदनमा मृत्युको कारण सेप्टिक एवोर्सनले गर्दा सेप्टिसिमियामा गई शकले भएको हो भन्ने उल्लेख गरेको पाइन्छ । पोष्टमार्टम गर्ने चिकित्सकको अदालत समक्ष भएको बकपत्रमा गर्भपतनकै कारण सेप्टिसिमियामा शक भएको भन्ने उल्लेख भएको नदेखिँदा मृतकको मृत्य पूर्व गर्भपतन गराइएको भन्ने तथ्य पुष्टि हुन सक्ने देखिएन।

२. सपना प्रधान मल्लसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६२, अंक १, नि.नं. ७४७८)

- एउटै कसूरमा कसूर गर्ने र गराउन दुरुत्साहन गर्नेलाई फरकफरक सजायको व्यवस्था कुनैपनि आधारमा औचित्यपूर्ण र विवेकसम्मत नदेखिने ।
- ज्यानसम्वन्धीको २८ नं. विशुद्ध गर्भवती महिलालाई सजायं गर्ने व्यवस्था हो भने २८क र ३२ नं. महिला वा पुरुष जोकोहीलाई पनि लागू हुने सजायँको व्यवस्था हो । त्यसैले यसलाई लैङ्गिक दृष्टिले भेदभावपूर्ण भन्न मिल्ने अवस्था छैन तर त्यही गर्भपतनको अपराधमा गर्भवती महिलालाई बढी सजायं र सो कार्य गर्न दुरुत्साहन गर्ने अन्य पुरुष वा महिलालाई कम सजायं हुने व्यवस्था भेदभावपूर्ण देखिने ।
- अपराधको गम्भिरता अनुसार गर्भवती महिला बाहेकका अन्य कसूरदारलाई तोकिएको सजायँ कम नै देखिन्छ । त्यसलाई गर्भवती महिलालाई हुने सजायँ सरह नै कायम गर्न उपयुक्त र विवेकसम्मत देखिने ।
- २८ नं. मा भएको सजायंसम्बन्धी व्यवस्था सापेक्षितरुपमा उपयुक्त नै हुँदा सो व्यबस्थासंग सामाञ्जस्य हुने गरी २८क र ३२ नं.को कानूनी व्यबस्थालाई आवश्यक संशोधन गर्नु वा गर्भपतन सम्बन्धी अपराधमा सजायँसम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्नु भनी विपक्षी मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

३. नेपाल सरकार वि. लालमाया गुरुङ (ने.का.प. २०६३, अंक ४, नि.नं. ७६८३)

- बच्चा जन्माउने आमाले जीउँदो बच्चालाई कर्तव्य गरी मारेको भनी सजाय गर्न सो कुरा पुष्टि हुने ठोस सबुद आवश्यक पर्ने ।
- जीउँदो जन्मेको बच्चा मार्ने मनसाय भए प्रतिवादीले तत्कालै कर्तव्यजन्य कुनै कार्य गरी मार्न कुनै कुराले वाधा पुऱ्याएको देखिँदैन । बच्चा मरेको जन्मेको कारण खोल्सीमा छाडी हिडेको भन्ने प्रतिवादीको भनाई निश्चयात्मक प्रमाणबाट खण्डन नभएसम्म त्यसरी छाडी हिडेको कारणबाट शिशु मरेको भनी अनुमान गरी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने ।

४. लक्ष्मीदेवी धिक्तसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६७, अंक ९ , नि.नं. ८४६४)

- भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भ भित्रै मात्र हुन्छ । त्यसैले भ्रुणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरुद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने ।
- लोग्नेको बाबु हुने अधिकारको दावी बेला बखतमा नहुने होइन, त्यसो भए स्वास्नीको आमा हुने हकको सम्बोधन पनि हुनुपर्ने हुन्छ । लोग्नेलाई बाबु हुने रहर पूरा गर्न पत्नीले सबै अनिच्छा र शारीरिक जोखीम वा प्रतिकूलताको अतिरिक्त बाध्य हुनुपर्छ भनी मानेको खण्डमा पत्नीले आफ्नो शरीरमाथिकै नियन्त्रण

गुमाउँछ, जसको परिणामस्वरुप प्रत्यक्ष एवं परोक्ष रुपमा निरन्तर अधिनस्थता कबूल गर्नुपर्ने हुन्छ । जसरी पत्नीले अनिच्छुक पतिलाई बाबु बन्न कर गर्न र शारीरिक क्रिया गर्न बाध्य गर्न सक्तैन, त्यसैगरी पुरुषले पनि महिलालाई बाध्य गर्न नसक्ने ।

- प्रजनन् स्वास्थ्य एवं प्रजनन् अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने ।
- प्रजनन्को अधिकार भनेको प्रजनन् गर्नै पर्ने बाध्यताको रुपमा बुझ्न मिल्दैन, प्रजनन् गर्न पाउने अधिकारअन्तर्गत प्रजनन् गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ । जसरी कुनै काम गर्न पाउने अधिकारअन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन् अधिकारलाई हेर्नुपर्ने ।
- गर्भपतन सेवाको बैधता वा त्यसको उपलव्धताको सान्दर्भिकता त्यो सेवा जरुरी भएको मानिसको लागि पहुँचयोग्य (Accessible) तथा शुल्क तिर्न सक्ने गरी सुलभ (Affordable) भए मात्रै सार्थक हुने ।
- कानूनले प्रदान गरेका हकहरू जनताको हितका प्रश्नहरू पनि हुन, कानूनले कुनै लाभ वा हितको सिर्जना गरेको छ भने सोको समान वितरण गर्ने अर्थात् समान उपभोग गर्ने स्थिति पनि जरुरी हुन्छ । कानूनको समान संरक्षणको हकदार हुनु भनेको कानूनको लाभहरूमा सबैको समान पहुँच र सर्वसुलभताको पनि हक हो, सो कुरामा न्यायिक उत्तरदायित्व इन्कार गर्न नमिल्ने ।
- गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भै जीवनकै हकका रुपमा हेर्नुपर्ने र हाम्रो देशको संविधानले सामाजिक न्यायको हक समेतलाई मान्यता दिएको साथै राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रुपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने।
- संविधान र प्रचलित कानूनले जन्मनु पूर्व नै भ्रुणको हकमा जीवन लगायतको हकको मान्यता विकास नगरेको अवस्थामा गर्भपतनसम्बन्धी विषयलाई ज्यान सम्बन्धी महलको अंग बनाउनुको औचित्य नदेखिने ।
- कठोर फौजदारी कानूनको अंगको रुपमा रहेको ज्यान सम्बन्धी महलको अभिन्न अंगको रुपमा नयाँ अधिकारको रुपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रुपमा छुट्टै कानून बनाई व्यवस्थित गर्नु जरुरी देखिन आउने ।
- गर्भपतन सम्बन्धी समस्यालाई केवल गर्भको भ्रुणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयको रुपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन् वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागि समेत कानूनी उपचारको राम्रो प्रावधान हुन जरुरी देखिन्छ । कानूनी उपचारको बारेमा विचार गर्दा कसूरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति, पीडितको स्वास्थ्य सहुलियत सम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नुपर्ने ।
- गर्भपतन सम्बन्धी अधिकारले राज्य पक्ष वा सेवा प्रदायक पक्षसँग निश्चित दायित्वको अपेक्षा गर्ने हुनाले यसलाई राज्यको स्वविवेक वा स्वेच्छिक रुपमा मात्रै हेर्न नमिल्ने ।

५. रामकली चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१८७)

- सामान्य समझले बच्चा जिउँदो रहन सक्ने अवस्था नै नदेखिएको अवस्थामा लाश नभेटिएको भन्ने कारणले मात्र अभियोग दावीको कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने नदेखिने ।

६. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६२०)

- पीडितले जन्माएको नवजात बच्चाको बाबु प्रतिवादी होइनन् भनी DNA परीक्षणले देखाएको कारणले आरोपित जबरजस्ती करणीको कसूर निज प्रतिवादीबाट हुनै सक्दैन भनी अर्थ गर्न नमिल्ने ।
- जबरजस्ती करणीको कसूर र पीडितले धारण गरेको गर्भसम्बन्धी विषय छुट्टाछुट्टै विषय भएकोले पीडितले धारण गरेको गर्भ प्रतिवादीको नदेखिएको भनी DNA परीक्षणबाट देखिएको आधारमा मात्र जबरजस्ती करणीको वारदात नै भएको रहेनछ भनी अर्थ गर्न पनि नमिल्ने ।

७. नेपाल सरकार वि. दुर्गाबहादुर वि.क. (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०८२)

- किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धजन्य कार्यबाट सिर्जित कसूरहरूमा बालबालिका वा किशोर किशोरीको अधिकारसमेतलाई मध्यनजर गर्नुपर्ने । असुरक्षित यौनजन्य कार्यबाट सिर्जित कसूरजन्य कार्यलाई उदार रूपमा नहेरी युवा अवस्थामा नै अधिक कैदमा राखिँदा त्यस्ता नाबालक वा किशोर किशोरीहरूको सामाजिक पुनर्स्थापनामा समस्या हुनसक्ने । किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धबाट सिर्जित गर्भधारणलाई अवैध, अनैतिक भन्नुभन्दा पनि असुरक्षित र असावधानीपूर्वक गरिएको यौन सम्बन्धको रूपमा हेरिनुपर्ने ।
- भ्रूणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भभित्रै मात्र हुन्छ । त्यसैले भ्रूणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरूद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने भन्ने सिद्धान्त लक्ष्मीदेवी धिक्त कैप् मुद्दामा स्थापित भैसकेको अवस्थामा कतिपय अवस्थाका कसूरहरूलाई गैर अपराधीकरण वा न्यून सजाय गर्नेसम्बन्धी; The March 8 Principles को पनि Principle १४ ले "No one may be held criminally liable on the basis that their conduct is alleged to be harmful to their own pregnancy" भन्ने व्यवस्थालाई गम्भीरतापूर्वक हेरी जातक हत्यालाई कसूरजन्य कार्यको रूपमा सजाय गर्दा भ्रूणको निरन्तरताको अन्तर्गत नहेरी महिला स्वतन्त्रता, सामाजिक परिवेश र प्रजनन हकको सन्तुलनता समेतलाई हेरी न्यूनतम सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने।

चोरी/डाँका

१. लालजिरावत कुर्मी वि. चन्द्रेश्वर (ने.का.प. २०१६, अंक ८, नि.नं. ५३)
२. हिरा पासी वि. श्री ५ को सरकार (ने.का.प. २०२८, अंक १, नि.नं. ६१२)
३. श्री ५ को सरकार वि. वादे वन्जारासमेत (ने.का.प. २०५४, अंक ४, नि.नं. ६३६३)
४. सिंहवहादुर तमाङ वि. श्री ५ को सरकार (ने.का.प. २०६०, अंक ५, नि.नं. ७२३३)
५. नेपाल सरकार वि. रामरूप सरदारसमेत (ने.का.प. २०६६, अंक ३, नि.नं.८०९३)
६. उमेशकुमार सिँह वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ७, नि.नं. ८१९२)
७. नेपाल सरकार वि. पुष्पराज राईसमेत (ने.का.प. २०६७, अंक २, नि.नं.८३१४)
८. राजदेव हजरा दुसाध वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४२१)
९. बिनोदबहादुर वलीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०८५)
१०. बलिराम कोहार वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४३९)
११. नेपाल सरकार वि. गणेशबहादुर कार्कीसमेत (ने.का.प. २०७३, अंक ३, नि.नं. ९५५२)
१२. संजय घर्तीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७८०)
१३. विमलकुमार यादव वि. नेपाल सरकार (ने.का.प २०७५, अंक १२, नि.नं १०१४९)
१४. नेपाल सरकार वि. हिरालाल तामाङसमेत (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९२)
१५. नेपाल सरकार वि. राजु गुरुङ समेत (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५१)
१६. नेपाल सरकार वि. किरण डाँगीसमेत (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७८८)
१७. नेपाल सरकार वि. रामसुदिष्ट रायसमेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०८९७)
१८. नेपाल सरकार वि. सुजन खत्री (ने.का.प. २०७९, अंक ७, नि.नं. १०८९९)
१९. सनउल्लाह मियाँ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८८)
२०. नेपाल सरकार वि. अमित दारुकासमेत (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३६)
२१. रविन चौगुठी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२५३)
२२. नेपाल सरकार वि. जगदिश प्रसाद भगतसमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८७)
२३. नेपाल सरकारसमेत वि. दिपेन्द्र कुमार राजवंशीसमेत (मुद्दा ०७९-CR-१४४७)

१. लालजिरावत कुर्मी वि. चन्द्रेश्वर (ने.का.प. २०१६, अंक ८, नि.नं. ५३)

- अदालती बन्दाबवस्तको २१८ नं. भरी भराउ गर्नुपर्ने मुद्दामा हकवालाको नाउँमा म्याद दिनुपर्ने । मर्ने लालजिरावत कुर्मी डाका ठहरेमा निजको अंशबाट वादीले पाउने बिगो भरी भराउ हुनु गर्नुपर्ने भएको र अ.बं.२१८ ले भरी भराउ गर्नुपर्ने मुद्दामा हकदारका नाउँमा म्याद दिनु भन्ने प्रष्ट लेखिएको अ.बं.२१८ नं. का ऐनबमोजिम हकवालाका नाउँमा म्याद दिनुपर्ने देखिँदा म्याद दिने गरेको सर्वोच्च अदालत डिभिजन बेञ्चको ०१५।१२।२ को श्री माननीय न्यायाधीश मुक्तिकान्तजीको राय मनासिव ।
- दण्डसजायको २९ नं. बिगो भराई दशौंद वा जिताउरी लिनु पर्ने मानिस असुल उपर नहुँदै मरेमा हकवालाबाट लिनु लेखिए देखि बाहेक अरुमा मरेका मानिसको खत माफ हुन्छ । प्रस्तुत डाका मुद्दा हुँदा म्याद दिनु नपर्ने हो कि भन्ने शंका उठ्न सक्तछ । तर उक्त लेखिए मुताविक भरी भराउ गर्नुपर्ने दण्डसजायको २९ नं. ले बिगो भराई दशौंद वा जितावरी लिनु पर्ने मानिस असुलउपर नहुँदै मऱ्यो भने पनि उस्का हकवालाले बिगो भोग गर्ने हुनाले ऐनबमोजिम बिगो भोग गर्ने हकवालाबाट बुझी लिनु । लेखिए देखि बाहेक अरु दण्ड विशौंध पान फुल जितावरी कैद जो भएको हो, उ मरेपछि मरेका मानिसको खत माफ हुन्छ भने उल्लेख भईरहेकै ।

२. हिरा पासी वि. श्री ५ को सरकार (ने.का.प. २०२८, अंक १, नि.नं. ६१२)

- कुनै अभियुक्तले अन्य व्यक्तिउपर समेत पोल गरी गरेको साविति बयान अन्य कुनै स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित नभएमा–निज पोलिएको व्यक्ति विरूद्ध प्रमाण लगाउन न्यायोचित नहुने ।
- मुद्दाको कुनै पक्षले अर्को पक्षलाई आफ्नो हिरासतमा राखी गराएको कागजलाई कुनै अवस्थामा पनि स्वतन्त्र र विश्वसनीय प्रमाण मान्न नसकिने ।

३. श्री ५ को सरकार वि. वादे वन्जारासमेत (ने.का.प. २०५४, अंक ४, नि.नं. ६३६३)

- अधिकार प्राप्त अधिकारी समक्ष सावित हुनेहरुले अदालतमा वयान गर्दा इन्कार भएका छन र निजहरुले वयानमा जिकिर लिए मुताविक धाउ जाँच फारामबाट निजहरुका शरीरमा धाउ चोट परेको देखिने भएबाट निजहरुको सो साविती स्वेच्छाले भएको रहेछ भनी मान्न नमिल्ने ।
- दशि बरामद भएका १ जना प्रतिवादीको सम्बन्धमा कसूरदार ठहर भएको भएबाट डांका वारदात कायम भएको स्थिति देखिन्छ, तथापी वारदातमा को को र कतिजना थिए भन्ने सम्बन्धमा प्रत्येक प्रतिवादीका सम्बन्धमा निश्चित सबुद प्रमाण हुन आवश्यक देखिन्छ । केबल प्रहरी प्रतिवेदनमा प्रतिवादी बनाइएकै आधारबाट मात्र यी सवै वारदातमा थिए भन्न मिल्ने स्थिति नदेखिंने ।
- प्रत्येक प्रतिवादीका सम्बन्धमा तथ्ययुक्त र निश्चित प्रमाण वेगर निजहरुलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

४. सिंहवहादुर तमाङ वि. श्री ५ को सरकार (ने.का.प. २०६०, अंक ५, नि.नं. ७२३३)

- चोरी भएको भनिएको जाहेरी दरखास्तमा उल्लेखित गरगहना र ३८ समेतका मालवस्तु यी प्रतिवादीबाट वरामद भएको नदेखिंदा प्रतिवादी वा ६ वरामद भएको भनिएको नगद र सुनको तिलहरी चोरी भएको दशी भन्ने प्रमाणित हुन नसकेकेको अवस्थामा यी प्रतिवादीले चोरीको सामान बांडी लिएको कुरा स्वतन्त्र प्रमाण वा पुष्टी हुन नसक्ने ।
- चोरी भएको नगद तथा सामान बांडी खाएको भन्ने अपराध कायम गर्न बांडी खाएको भनिएको सामान

कसले चोरी गरेको भन्ने कुरा स्थापित भएको हुनु पर्नेमा प्रस्तुत मुद्धामा जाहेरवालाको धनमाल कसले चोरी गरेको भन्ने कुरा नै स्थापित हुन नसकेको अवस्थामा चोरी ल्याएको माल यी पुनरावेदकले बांडी खाएको भन्ने कसूर कायम गर्न मिल्ने अवस्था नहुने ।

५. नेपाल सरकार वि. रामरूप सरदारसमेत (ने.का.प. २०६६, अंक ३, नि.नं. ८०९३)

- घटना भएको तथ्य पुष्टि हुँदैमा अभियुक्तको कसूर प्रमाणित नहुने ।
- घटना घटेकेको कुरामा विवाद नहुँदा नहुँदै पनि सो घटना घटकेको तत्कालपछि दिइएको जाहेरी दरखास्त र मौकैमा कागज गर्ने व्यक्तिको भनाईमा अपराध गर्ने व्यक्ति स्पष्ट नभएको अवस्थामा घटना घटेको लामो अबधि व्यतीत भैसैसकेपछि परेको जाहेरी र मौकामा कागज गर्ने व्यक्तिको बकपत्रमा व्यक्ति किटान गरिएको भन्ने मात्र आधारमा कसैलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।
- मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनुपर्छ, अस्पष्ट र अनिश्चयात्मक कथन कसूरदार ठहऱ्याउने आधार बन्न नसक्ने।
- फौजदारी मुद्दामा शंकास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न नमिल्ने ।

६. उमेशकुमार सिँह वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ७, नि.नं. ८१९२)

- जीरह गर्दा सामान्य कुरामा केही फरक व्यहोरा उल्लेख भएको भन्ने आधारबाट मात्रै वारदातमा संलग्नता रहेनछ भन्न नमिल्ने ।
- एकै ठाउँका व्यक्तिले प्रतिवादीलाई स्पष्ट पहिचान गरी जाहेरवालाको सुनको सिक्री छिनाई भागेको भनी खुलाई दिएको मौकाको कागज र अदालतको बकपत्रको व्यहोरालाई छिद्रान्वेषण गरी सामान्य कुरामा लेखाइको एकुरूपता भएन भन्दैमा प्रतिवादीको निर्दोषिता स्थापित हुन नसक्ने ।
- वारदातको संलग्नतालाई किटानी गरी जाहेरी दिइसकेपछि अनुसन्धान पक्ष अर्थात् सम्बन्धित प्रहरी कार्यालयले आफ्नो कानूनी कर्तव्य अन्तर्गत मौकामा अनुसन्धान गर्नुपर्नेमा नगरी ढिलो अनुसन्धान गरेको देखिँदैमा प्रचलित कानून बमोजिम भएको अनुसन्धानबाट संकलित प्रमाणहरूको प्रामाणिक मूल्य स्वतः घट्ने होइन । त्यस्ता प्रमाणहरूले वारदातलाई सिलसिलेबार रूपमा पुष्टि गर्दछन् भने ती प्रमाणहरूको प्रामाणिक महत्वमा कुनै शंका गर्न नमिल्ने ।
- वारदातको मिति भन्दा ढिलो गरी मौकाको कागज गराइएको भन्दैमा त्यस्तो कागजको महत्वलाई नकार्न नसकिने।

७. नेपाल सरकार वि. पुष्पराज राईसमेत (ने.का.प. २०६७, अंक २, नि.नं. ८३१४)

- कुनै अपराधको वारदातको पटक कायम गर्नु पर्दा उक्त वारदातले कार्यरूप प्राप्त गरेको अवस्थालाई मात्र विचार गरेर हुँदैन । सो वारदातले कार्यरूप लिनु भन्दा अगाडि बनाइएको योजना र अपराधसँग सम्बन्धित अन्य तथ्यहरू समेतलाई विचार गर्नुपर्ने ।
- चोरीको अपराधको पटक गणना गर्दा एकै चोटी योजना बनाई एउटै मितिमा एकै समयको अन्तरालमा एउटै अपराधीहरूको समूहबाट भएको वारदातलाई पटक—पटक अपराध गरेको भन्न सो कानूनको मनसाय हुन नसक्ने।

८. राजदेव हजरा दुसाध वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४२१)

- अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको र वलपूर्वक बयान गराएको भन्नेसमेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाणयोग्य हुने ।
- मानिस अपहरण गरी विदेशमा लगी रकम लिई बिक्री गरेको कार्य तत्कालीन अवस्थामा प्रचलनमा रहेको कानून जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले निषेध गरेको आपराधिक कार्य मान्नुपर्ने ।
- मानिस बेच्ने जस्तो जघन्य अपराध गरेको पुष्टि भएको र त्यस्तो अपराध रोक्न एवं अपराधीलाई सजाय गर्न वनेको विशेष ऐन कार्यान्वयनमा रहेकै अवस्थामा उक्त कानून नै आकर्षित हुने ।

९. बिनोदबहादुर वलीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०८५)

- हातहतियार प्रयोग भएको तथ्य मौकामा हतियारसहित प्रतिवादी पक्राउ परेको कुराबाट पुष्टि भएकै छ । तापनि प्रतिवादीको वारदातमा संलग्नताको शङ्कारहित पुष्टि हुन नसकेको अवस्था र दुई जना भनिएका प्रतिवादीहरू कसूरदार हुन् वा होइनन् भन्ने कुरा निजहरू फरार रहेकोबाट तत्काल यकीन हुन नसक्ने ।
- चार जनाभन्दा बढीको संख्या स्थापित हुन नसकेको स्थितिमा वारदातलाई डाँकाको वारदात हो भनी मान्न सकिने अवस्था रहेन, वारदातमा हातहतियारको प्रयोग भई जबरजस्ती रकम लिएको अवस्था स्थापित भएको हुँदा चोरीको महलको ४ नं. बमोजिम जबरजस्ती चोरी गरेको अवस्था देखिने ।

१०. बलिराम कोहार वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४३९)

- मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. ले एकै मुद्दाका हार्ने झगडिया मध्ये कसैको पुनरावेदन परी इन्साफ जाँचिदा सजाय उल्टीन जाने भयो भने पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ जाँचि दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा वारदात नै डाँकाबाट रहजनी भई केही उल्टी भएको र सजाय पनि कम हुने अवस्था रहेको हुँदा पुनरावेदन नगर्ने स्कुल मियाँको हकमा पुनरावेदन नगरेकै कारणले मात्र पुनरावेदन अदालतको फैसला सदर गर्ने मिलेन ।

११. नेपाल सरकार वि. गणेशबहादुर कार्कीसमेत (ने.का.प. २०७३, अंक ३, नि.नं. ९५५२)

- बरामद भएको मोटरसाइकलको तत्कालीन किनबेचको मूल्य रू. ५५,०००।— भएको भन्ने मिति २०६०।५।१० को मुचुल्काबाट देखिएकोमा रू.३०,००० ।— मा खरिद गरी प्रतिवादीले मोटरसाइकलको तत्कालीन मूल्यको ४५ प्रतिशतभन्दा कम मूल्यमा खरिद गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ७क को उक्त व्यवस्थाबमोजिम प्रतिवादीले चोरीको सामान भएको भन्ने जानीजानी खरिद गरेको देखिन आउने ।
- चोरीको महलको २३ नं. को कानूनी व्यवस्था अनुसार कुनै वस्तु खरिद गर्दा १५ प्रतिशतसम्म नाफा राखिएको अवस्थामा लिखत नगरी लिएको भए पनि र १५ प्रतिशतभन्दा बढी नाफा राखिएको अवस्थामा पनि लिखत गरी लिएमा चोरीको वस्तु भन्ने नजानी लिएको अवस्थामा चोरीको कसूर गरेको बात नलाग्ने भन्ने उल्लेख छ । प्रस्तुत मुद्दामा चोरी भएको मोटरसाइकलको मूल्य रू.५५,०००।— कायम भएकोमा यी प्रतिवादीले १५ प्रतिशतभन्दा बढी नाफा गरी रू.३०,०००।— मा खरिद गरेको तर मोटरसाइकल खरिद बिक्री गरेको कानून बमोजिम कुनै लिखत नभएको अवस्थामा सो माल चोरीको हो भन्ने जानीजानी खरिद गरेको मान्नु पर्ने ।
- सबै प्रतिवादीहरू उपर चोरीको १ र १२ नं. कै मागदाबी लिइएको, तर सङ्कलित सबुद प्रमाणबाट प्रतिवादी

गणेशबहादुर कार्कीले चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको माल जानीजानी खरिद गर्ने कार्यमा संलग्न भएको देखिएको अवस्थामा चोरीको माल भन्ने जानीजानी खरिद गरेतर्फ अभियोग दाबी नै नभएको भन्ने आधारमा प्रतिवादीले उन्मुक्ति पाउने भन्न मिल्दैन । उल्लिखित अवस्थामा चोरीको २३ नं. र २४ नं. आकर्षित हुने भई सोही कानूनी व्यवस्था बमोजिम सजाय गर्न मिल्ने ।

१२. संजय घर्तीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७८०)

- सुरू अदालतको फैसला उपर चित्त बुझाई पुनरावेदन अदालतमा पुनरावेदन नगरी बस्ने पक्षले अर्को विपक्षले पुनरावेदन गरेकोमा सोउपर पहिला पुनरावेदन नगर्ने पक्षलाई पछि सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था नभएको अवस्थामा सुरू जिल्ला अदालतको फैसला उपर पहिलो तहको पुनरावेदन अदालतमा पुनरावेदन नगर्नेलाई अन्तिम तहको सर्वोच्च अदालतमा पुनरावेदन दिन मिल्ने अवस्था नहुने ।

१३. विमलकुमार यादव वि. नेपाल सरकार (ने.का.प २०७५, अंक १२, नि.नं १०१४९)

- प्रमाणको भार शंकारहित तवरले दावी पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादीले कसूर गरेको कुरा बस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा सहप्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बायानमै आधारमा कसूरदार ठहऱ्याउनु न्यायोचित नहुने ।

१४. नेपाल सरकार वि. हिरालाल तामाङसमेत (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९२)

- एकै जाहेरवालाको घर र पसलमा एउटै मिति र केही समयको अन्तरालमा एउटै योजनाअनुसार एकै प्रतिवादीहरूको समूहबाट वारदात भएको र सो सम्बन्धमा एउटै जाहेरी परी सोही आधारमा अनुसन्धानसमेत भई प्रस्तुत मुद्दा दायर भएको देखिनाले प्रस्तुत मुद्दामा मुलुकी ऐन चोरीको महलको ११ नं. बमोजिम प्रतिवादीहरूको त्यस्तो कार्यलाई पटके अपराध कायम गर्न नमिल्ने ।

१५. नेपाल सरकार वि. राजु गुरुङ समेत (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५१)

- बैंक डकैती जस्तो सङ्गठित अपराध गर्न दुई तीन व्यक्तिको मात्र मनसाय वा कार्यले सम्भव नहुने हुनाले यस्तो अपराध गर्नको निम्ति तीन जनाभन्दा बढी व्यक्तिको संलग्नता रही ती व्यक्तिहरूबिच कार्य विभाजन गरी सम्पन्न गर्ने हेतु राखिन्छ । बैंक डकैती जस्तो सङ्गठित अपराधमा सबै प्रतिवादीहरू उत्तिकै मात्रामा संलग्न रहने हुँदा सजाय निर्धारण गर्दा पनि निजहरूलाई निजहरूका साथबाट बरामद भएको रकमको आधारमा जरिवाना गर्नु विधायिकी मनसायविपरीत हुन जाने ।

१६. नेपाल सरकार वि. किरण डाँगीसमेत (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७८८)

- सामान्यतया मुचुल्काहरू गर्दाको बखत साक्षी तथा रोहबरमा बस्ने व्यक्तिहरू सोही वडाको बासिन्दा वा जनप्रतिनिधि रहेको हुनुपर्छ, यसो गरेमा उक्त कागजले प्रमाणको गुणता बढाउने हुँदा मुचुल्काहरू तयार गर्दा यस्ता कुरालाई ध्यानमा राख्नुपर्ने ।
- विभिन्न वडामा रहेका प्रतिवादीहरूको घरमा गई भएका खानतलासी मुचुल्काहरूमा एकै व्यक्ति मात्र रोहबरमा रहनुले त्यस्तो खानतलासी मुचुल्का शंकारहित नदेखिने ।

१७. नेपाल सरकार वि. रामसुदिष्ट रायसमेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०८९७)

- कुनै वस्तुको मूल्य कुनै चरणमा नखुलेको अवस्थामा सोको चलन चल्तीको बजार मूल्यलाई आधार

लिनुलाई स्वाभाविक मान्न सकिएला तर कुनै चरणको मूल्य स्पष्ट खुलेको अवस्थामा सो चरण पार गरी अर्को चरणमा प्रवेश नभएसम्म सो चरणको खुलेको मूल्यलाई नमानी बजार मूल्य यति रहेको वा रहन सक्ने भनी त्यसलाई आधार मानी बिगो कायम गर्नु उपयुक्त नहुने ।

१८. नेपाल सरकार वि. सुजन खत्री (ने.का.प. २०७९, अंक ७, नि.नं. १०८९९)

- दुई जना प्रतिवादीहरू मिली संयुक्तरूपमा गरेको चोरीको कसूरमा जो जससँग जे बरामद भएको छ त्यतिको मात्र बिगो कायम गरी सोबमोजिम जरिवाना गर्न नमिल्ने । दुई जना मिली वारदात गरेको पुष्टि भएपश्चात् दुई जनासँगबाट बरामद भएका वस्तुहरूमा दुवै जनाको दायित्व कायम गरी सजाय निर्धारण गर्नुपर्ने ।

१९. सनउल्लाह मियाँ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८८)

- आफूउपरको कसूर इन्कार गर्ने तर अर्को प्रतिवादीलाई भने दोषारोपण गरी पोल गरेकै आधारमा अन्य स्वतन्त्र प्रमाणको अभावमा कसैलाई पनि कसूरदार ठहर गर्नु न्यायोचित नहुने ।
- प्रतिवादीको साथबाट नगद बरामद नभएको र अन्य स्वतन्त्र प्रमाणबाट निजउपरको कसूर पुष्टि नभइरहेको अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र ठोस प्रमाणबाट पुष्टि नभएको सहप्रतिवादीको पोलको भरमा मात्र दोषी ठहर गर्न नमिल्ने ।

२०. नेपाल सरकार वि. अमित दारुकासमेत (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३६)

- ऐनमा जनही जरिवाना हुने भन्ने व्यवस्था नभएको अवस्थामा ठहरेको बिगोअनुसार धेरैजना प्रतिवादीहरू भएकोमा सो बिगो दामासाही भई सो दामासाहीले हुने हदसम्मको रकम बराबर जनही जरिवाना गर्नुपर्ने विधायिकी मनसाय हुने । भन्सार ऐन, २०६४ को दफा ५७ मा बिगोबमोजिम जनही भन्ने शब्दावली छैन । बिगोबमोजिम जरिवाना हुने भन्ने रहेको छ । कसूर ठहरेको दशीको बिगोअनुसार जरिवाना हुने भन्नुको अर्थ सो बिगोको हदसम्म मात्र कसूरदार वा कसूरदारहरूबाट राज्यले लिने वा लिन पाउने भन्ने हो । धेरैजना प्रतिवादीहरू रहेकोमा बिगोबमोजिम सबैबाट लिने भन्ने होइन । त्यसो गर्दा तीनजना कसूरदार ठरहेको देखिएको प्रस्तुत मुद्दाको वारदातको प्रकृति र अवस्थामा तीनजनाबाटै सोबमोजिम रकम जरिवानाका रूपमा असुल गर्दा बिगोभन्दा तीन गुणा बढी रकम जरिवाना असुल हुने अवस्था आउने भई त्यसबाट राज्य पक्षलाई अन्यायिक समृद्धि हुने ।

२१. रविन चौगुठी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२५३)

- घुमुवा वा सुराकी प्रहरी तथा यस्तै प्रकृतिको कार्य गर्ने अन्य कानून कार्यान्वयन गर्ने व्यक्तिलाई आपराधिक गतिविधिका सम्बन्धमा सूचना सङ्कलन गर्न खटाइन सक्दछ, त्यस्तो आपराधिक कार्य गर्ने व्यक्ति वा समूहमा प्रवेश गरी सूचना सङ्कलन गर्दा निजको सुरक्षा र गोपनीयता कायम गर्न निजले कतिपय अवस्थामा कसूरजन्य कार्यमा संलग्न हुनुपर्ने अवस्था आउन सक्छ । तर त्यस्तो कार्यका लागि निजलाई अधिकार प्रदान (औथोरिजेद्) गरिएको हुनुपर्ने । निजले गरेको प्रत्येक कसूरजन्य कार्यको अनुसन्धान हुन सक्ने र असमानुपातिक वा बदनियतसहित कार्य गरेको देखिएमा फौजदारी न्याय प्रणालीको सामना गर्नुपर्ने ।
- घुमुवा वा सुराकी प्रहरी वा कानून कार्यान्वयन गर्ने निकायको व्यक्तिले सम्बन्धित अपराधको सुराकी गर्दा दोक्तृने ओफ औथोरिजेद कृमिनलिती अन्तर्गत केही हदसम्म कसूरजन्य कार्यमा संलग्न हुन सक्ने । यद्यपि घुमुवा वा सुराकी प्रहरी खटाउन सक्ने कानूनी प्रबन्धको व्यवस्था गर्नुपर्ने । त्यस्तै त्यस्तो कानूनी

प्रबन्धअनुसार खटाइएको सम्बन्धित व्यक्तिलाई त्यस्तो कार्यमा संलग्न गराएको सम्बन्धमा आन्तरिक प्रकृतिको लिखित अधिकार प्रदान (औथोरिजेद्) गरेको हुनुपर्ने ।

- विद्यमान प्रहरीसम्बन्धी कानूनी व्यवस्था र अन्य कुनै कानूनी व्यवस्थामा घुमुवा वा सुराकी प्रहरीको परिभाषा गरिएको र त्यससम्बन्धी कानूनी व्यवस्था गरेको नदेखिने । अपराध अनुसन्धान र त्यसको वस्तुगत अवस्था बुझ्न घुमुवा वा सुराकीको रूपमा परिचालन गर्नुपर्ने प्रहरी कर्मचारीहरू कानूनले परिकल्पना गरेको परिधिभित्र रही परिभाषित रूपमा त्यस्तो कार्यमा संलग्न देखिनुपर्ने ।

२२. नेपाल सरकार वि. जगदिश प्रसाद भगतसमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८७)

- सैद्धान्तिक अवधारणातर्फ दृष्टिगत गर्दा गुप्त, सूक्ष्म र समन्वयात्मक ढङ्गले गरिने कार्य आपराधिक षड्यन्त्र हुने । षड्यन्त्रमा तयारीलगायतका विभिन्न चरण रहने र षड्यन्त्रमा संलग्न पक्षको हरेक चरणमा गरिने भूमिका किटान गरिएको हुने । अर्थात् षड्यन्त्रकारीका बिचमा भूमिकाको बाँडफाँट हुन्छ जुन भूमिकालाई समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिने । षड्यन्त्रको अपराधमा संलग्न व्यक्तिको वारदातमा क्रियाशीलता वा सक्रियता स्पष्ट हुनुपर्ने । यसमा लक्षित अपराध घटाउन तयारी गर्ने, संलग्न व्यक्तिहरूका बिचमा भूमिका वा जिम्मेवारीको बाँडफाँट गर्ने, अपराध घटाउन हतियारलगायतका आवश्यक सामग्री जुटाउने तथा घटना घटाउन दिन किटान गर्ने जस्ता सुनियोजित एवम् योजनाबद्ध तवरले कार्य गरिने । वारदात षड्यन्त्रपूर्वक घटाइएको हो भने वारदातमा संलग्न सबै व्यक्तिको सक्रिय भूमिका षड्यन्त्रमा कुनै न कुनै रूपमा दर्सिएको हुनुपर्छ तथा सोही आधारमा आरोपित गरिएको हुनुपर्ने ।

२३. नेपाल सरकारसमेत वि. दिपेन्द्र कुमार राजवंशीसमेत (मुद्दा ०७९-CR-१४४७)

- मुलुकी अपराध संहिता, २४४ मा डाँकाका लागि जुन तत्वहरु उल्लेख गरिएको छ, ती तत्वहरुलाई मसिनोसँग केलाएर डाँकाको कसूरका सम्बन्धमा निष्कर्षमा पुग्नु युक्तियुक्त हुन्छ। सो दफाको उपदफा (२) को खण्ड (क) देखि (ग) सम्म उल्लेख गरिएको अवस्थाहरु आफैमा स्पष्ट छन। चोरीको कसुर गर्दाका वखत केही खास परिस्थितिमा सो चोरीको कसुर डाँकाको कसुर हुन पुग्छ र यसको लागि सो चोरीको कसुरमा कति जना व्यक्तिहरु संलग्न थिए भन्ने सङ्ख्याको प्रश्नको कुनै स्थान रहदैन। सो खण्ड क देखि ग सम्मका अवस्था रहेमा एक जना व्यक्तिवाट पनि डाँकाको कसुर हुने हुन्छ।
- जहाँससम्म खण्ड (घ) को प्रावधान छ, शाब्दिक रुपमा वा सतही रुपमा वा झलक्क हेर्दा तीन जना वा सो भन्दा बढि व्यक्तिले चोरीको कसुर गरेमा सो कसुर स्वतः डाँकाको कसुर हुने होकी भन्ने देखिन वा अर्थ लाग्न सक्छ। डाँकाको कसुर हुनको लागि आवश्यक पर्ने अवस्थाहरुलाई खण्ड (क) देखि (ग) सम्म उल्लेख गरिसकेपछि छुटै खण्ड (घ) राखिएको कारणले पनि त्यस्तो अर्थ गर्नको लागि बल पुग्न सक्छ। तर सो सो खण्डमा तीन जना वा तीन जना भन्दा बढीको जमात भइ चोरी गरेमा भन्ने वाक्यॉश प्रयोग हुँदा प्रयुक्त जमात भई भन्ने शव्दहरुलाई पनि उत्तिकै महत्व दिएर वा ख्याल गरेर वा वोध गरेर मात्र सो खण्डको अर्थ गरिनु पर्छ। किनकी शाव्दिक रुपमा हेर्दा तीन जना वा तीन जना भन्दा बढी भई चोरी गरेमा भन्ने वाक्यांश प्रयोग गर्दा पनि स्वभाविक अर्थ निस्कन सक्थ्यो र जमात भई भन्ने शव्दहरु प्रयोग गर्न आवश्यक हुने थिएन। बिधायिकाले जमात भइ भन्ने शब्द राख्नुको निश्चित प्रयोजन वा कारण रहन्छ। सामान्य अर्थमा जमात भइ भनेको हुल भइ वा हुल वाधेर वा जत्थाको स्वरुपमा भन्ने बुझिन्छ र यस्तो जमातमा जमातको चरित्र हुनु वा देखिनु पर्छ। जमातको त्यस्तो चरित्र हुनका लागि कुनै न कुनै

रुपमा हुलहुज्यत वा जबरजस्ती वा बल प्रयोग भएको वा सो को धम्कीको तत्व वा अवस्था देखिनु पर्छ। यस आलोकबाट हेर्दा यदी तीन जना वा सो भन्दा बढी व्यक्तिहरुले चोरी गर्ने क्रममा वा चोरी गर्दाका अवस्थामा वारदातस्थलमा रहेका मालधनी वा अन्य कुनै व्यक्तिलाई सो चोरी गर्ने तीन जना वा सो भन्दा बढीको जमातबाट हुलहुज्यत वा बल वा जबरजस्ती जस्ता जमातको चरित्र देखाई चोरी गरेमा डाँकाको कसुर हुने गरी बिधायिकाले व्यवस्था गरेको सहजै बोध गर्न सकिन्छ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ उपदफा (२) को खण्ड (घ) मा रहेको तीन जना वा तीन जना भन्दा बढीको जमात भइ चोरी गरेमा भन्ने वाक्यॉशलाई एकाङ्की (Issolation) रुपमा नहेरी खण्ड (क) देखि (ग) सम्मको अवस्था, सादृश्यता र समग्रता तथा ती कानूनी व्यवस्थासंग सुसंगत र सामाञ्जस्यता (Harmonised) हुने गरी सो खण्ड (घ) लाई हेरी व्याख्या वा प्रयोग गर्नु वान्छनीय हुन्छ। बस्तुतः डाँकाको कसुर गम्भीर कसुर भएकोले खण्ड (घ) बमोजिमको डॉकाको कसूर हुनका लागि तीन वा तीनभन्दा बढी व्यक्तिको वारदातमा संलग्नता मात्र पर्याप्त हुँदैन। यस खण्ड बमोजिम डाकाको कसुर हुनको लागि सो संख्याको अतिरिक्त त्यस्तो संख्याको जमातबाट न्यूनतम (Minimal) रुपमा भएपनि वारदातका अवस्थामा शक्ति प्रयोग गरिएको वा त्यसको डर त्रास धम्की दिएको वा हुल हुज्जत गरी जवरजस्ती चोरी गरिएको वा सम्पतिको हरण गरिएको अवस्थाको विद्यमानता हुनु आवश्यक हुन्छ ।

जबरजस्ती करणी

१. जबरजस्ती करणी उद्योग

१. डिल्लीप्रसाद भण्डारी वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ८, नि.नं. ७४२५)
२. श्री ५ को सरकार वि. कमल कुमार ओली (ने.का.प. २०६२, अंक ७, नि.नं. ७५७०)
३. नेपाल सरकार वि. तपसी कुर्मी (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६२)
४. चन्दन कामती वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२७)
५. रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६५)
६. विजय सुन्दास वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८५६)
७. नेपाल सरकार वि. कुमारप्रसाद (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१२७)
८. प्रदिप भट्टराई वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८०)
९. दावा साङ्वो शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५८)
१०. नेपाल सरकार वि. हरिप्रसाद सापकोटा (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४९)

२. बयान/बकपत्र

१. श्री ५ को सरकार वि. श्याम माझी (ने.का.प. २०६१, अंक ७, नि.नं. ७४११)
२. जनक त्रिपाठीसमेत वि. श्री ५ को सरकार (ने.का.प. २०६२, अंक ३, नि.नं. ७५०७)
३. श्री ५ को सरकार वि. नेपाल सरकार (ने.का.प. २०६२, अंक ११, नि.नं. ७६२६)
४. गोकर्ण खनाल वि. स्पन्दना के.सी. (ने.का.प. २०६५, अंक ११, नि.नं. ८०४२)
५. नेपाल सरकार वि. वीरबहादुर टमटा (ने.का.प. २०६६, अंक ४, नि.नं. ८१२७)
६. नेपाल सरकार वि. सरोज हिङमाङसमेत (ने.का.प. २०६७, अंक ९, नि.नं. ८४६९)
७. नेपाल सरकार वि. चन्द्रबहादुर तिवारी (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७८)
८. महेश पटेल कुर्मी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १, नि.नं. ९१०७)
९. धनराज खड्का वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९३)
१०. मानबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४३१)
११. कुमार गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८१२)
१२. नेपाल सरकार वि. वासुदेव सावद (ने.का.प. २०७४, अंक ९, नि.नं. ९८७९)
१३. लक्ष्मण गौतम वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९१०)
१४. नेपाल सरकार वि. कर्णबहादुर साउद (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१३२)
१५. नेपाल सरकार वि. सुवास भरसमेत (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४६४)
१६. नेपाल सरकार वि. विरेन्द्रकुमार तामाङ (ने.का.प. २०७७, अंक ८ नि.नं. १०५६४)
१७. संगम सार्की वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६०६)
१८. रूपलाल बम्जन वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६०८)

३. जबरजस्ती करणी

१. विष्णु अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक २, नि.नं. ७६५२)
२. ठगा चौधरी वि. खिल कुमारी नेपाल (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६६४)
३. राजु वस्नेत वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६६६)
४. भीमबहादुर पोखरेल वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक ४, नि.नं. ७६८२)
५. विश्वकुमार दास वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ७, नि.नं. ७७२८)
६. हजरत मियाँ वि. श्री ५ को सरकार (ने.का.प. २०६४, अंक ८, नि.नं. ७८६९)
७. रणबहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प. २०६४, अंक ११, नि.नं. ७९००)
८. अर्जुन बहादुर पाण्डे वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक १, नि.नं. ७९२३)
९. सुकवहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६८)
१०. बाबु पौडेल क्षेत्री वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ३, नि.नं. ८०९९)
११. नेपाल सरकार वि. टेकबहादुर क्षेत्री (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१४२)
१२. नेपाल सरकार वि. नारायणबहादुर राउत (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९)
१३. नेपाल सरकार वि. मुवारक मिर मुसलमान (ने.का.प. २०६७, अंक ९, नि.नं. ८४६६)
१४. नेपाल सरकार वि. नारायण पौडेल खत्रीसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५६४)
१५. नेपाल सरकार वि. राजेन्द्रसिँह सिख (ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९९)
१६. नेपाल सरकार वि. शंकर विश्वकर्मा (ने.का.प. २०६९, अंक ६, नि.नं. ८८४४)
१७. नेपाल सरकार वि. बीरबहादुर सार्की (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६५)
१८. बद्री खत्री वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ६, नि.नं. ९१८६)
१९. बीरबहादुर मगर वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२०)
२०. नेपाल सरकार वि. यादव प्रसाद घिमिरे (ने.का.प. २०७२, अंक १, नि.नं. ९३३५)
२१. लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४६)
२२. दीपक चन्दसमेत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४७२)
२३. नेपाल सरकार वि. टसी वि.क.समेत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५१९)
२४. अमरबहादुर बोगटी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ६, नि.नं. ९६२३)
२५. लाक्पा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८४)
२६. जनक श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १०, नि.नं. ९६९६)
२७. सियाराम रानासमेत वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७८४)
२८. सुमन पहरी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ४, नि.नं. ९८०१)
२९. सुब्बा गाउँ तीन (नाम परिवर्तित) वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८११)
३०. ईश्वर ऋषिदेव वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ६, नि.नं. ९८२६)
३१. देवेन्द्र गिरी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८५४)
३२. नेपाल सरकार वि. खेमनारायण चौधरी (ने.का.प. २०७५, अंक २, नि.नं. ९९५६)
३३. नेपाल सरकार वि. प्रकाश रावल (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९८१)
३४. दिपक रावल वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १०००७)

३५. नेपाल सरकार वि. सोहरत खाँ पठान (ने.का.प. २०७५, अंक ७, नि.नं. १००४९)
३६. तिर्थलाल राना वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००६२)
३७. होमराज थापा वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १०, नि.नं. १०११९)
३८. सन्दीप नेपाली वि. नेपाल सरकरा (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१४८)
३९. सुरेन्द्र वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१५२)
४०. नेपाल सरकार वि. अशोक श्रेष्ठ (ने.का.प. २०७६, अंक १, नि.नं. १०१६५)
४१. नेपाल सरकार वि. गोपाल राना (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७२)
४२. नेपाल सरकार वि. अब्दुल कलाम मुसलमानसमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७३)
४३. नेपाल सरकार वि. खेम खड्कासमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१८४)
४४. नेपाल सरकार वि. अर्जुन कोइराला (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६४)
४५. नेपाल सरकार वि. प्रेमबहादुर पराजुली (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२७१)
४६. हरेन्द्रनारायण देव वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२७९)
४७. नेपाल सरकार वि. प्रदिप भुजेल (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८४)
४८. नेपाल सरकार वि. सुनिलकुमार ऋषिदेव सदा (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२९१)
४९. नेपाल सरकार वि. दिपक वि.क. (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२९२)
५०. नविन कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०३००)
५१. नेपाल सरकार वि. गोविन्द खड्का (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३१०)
५२. मानकुमार थामी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३२)
५३. नेपाल सरकार वि. धर्मबहादुर मल्लसमेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३४३)
५४. नेपाल सरकार वि. कृष्णबहादुर बोगटी (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५३)
५५. अमर पासी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५७)
५६. नेपाल सरकार वि. शिवलाल महतो (ने.का.प. २०७६, अंक १०, नि. नं. १०३७५)
५७. मदन परियार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ११, नि.नं. १०३९०)
५८. देवलाल श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक १२, नि. नं. १०४००)
५९. नेपाल सरकार वि. सागर भट्टसमेत (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४०८)
६०. प्रकाश थापा वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १, नि. नं. १०४१६)
६१. नेपाल सरकार वि. दिपक गुरूङसमेत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४४३)
६२. नेपाल सरकार वि. गणेश नेपाली (ने.का.प. २०७७, अंक ५, नि. नं. १०५०१)
६३. नेपाल सरकार वि. जयप्रसाद पोखरेल (ने.का.प. २०७७, अंक ५, नि.नं. १०५०६)
६४. उपेन्द्र पासवान वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक २, नि.नं. १०६४३)
६५. चन्द्रबहादुर गाहा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६०)
६६. नेपाल सरकार वि. दुर्गाप्रसाद खत्री चौलागाईं (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८१)
६७. दुर्गादत्त भट्ट वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८२)
६८. नेपाल सरकार वि. कालुमान लामासमेत (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९३)
६९. गोविन्द राजवंशी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि. नं. १०७०७)

७०. नेपाल सरकार वि. महेन्द्र कार्की (ने.का.प. २०७८, अंक ७, नि. नं. १०७११)
७१. सि.आइ.वी. १४२ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ९, नि. नं. १०७३४)
७२. अरुण राम वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५५)
७३. तुलसी चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६४)
७४. Kenneth Joseph Coombs वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७२)
७५. अमित कुमाल वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७४)
७६. मंगले भन्ने थानबहादुर मल्ल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८१९)
७७. राम गुलाम साह तेली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२२)
७८. नेपाल सरकार वि. रविकुमार गुप्ता (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८४२)
७९. हिरालाल भण्डारी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि. नं. १०८५०)
८०. नेपाल सरकार वि. आदर्शप्रकाश शाही (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५१)
८१. नेपाल सरकार वि. जगतबहादुर वाइबा (ने.का.प. २०७९, अंक ४, नि. नं. १०८६०)
८२. शम्भु स्याङतान वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८८६)
८३. नेपाल सरकार वि. सचिन योगीसमेत (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९५)
८४. रेशमबहादुर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९००)
८५. नेपाल सरकार वि. परिवर्तित नाम धादिङ २४ (१२२) समेत (ने.का.प. २०७९ अंक ७, नि. नं. १०९०७)
८६. महेन्द्र श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९२९)
८७. सोम छिरिङ शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११००८)
८८. सन्तोषकुमार यादव वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१५)
८९. घनश्याम कार्की वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१९)
९०. नेपाल सरकार वि. कृष्णबहादुर भण्डारी (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३५)
९१. नेपाल सरकार वि. सन्तोष कुमार साह सुडी (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६०)
९२. नेपाल सरकार वि. कृष्णबहादुर राई (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६६)
९३. नेपाल सरकार वि. नविन चर्माकार (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९६)
९४. सरोज वि.सी. वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ६, नि.नं. १११०१)
९५. नेपाल सरकार वि. रमेश लामासमेत (ने.का.प. २०८० अंक ७, नि.नं. १११३४)
९६. नेपाल सरकार वि. परिवर्तित नाम संकेत नं. ५२(१८८) (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४०)
९७. दिपेस पाण्डे वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६५)
९८. विनोद रिमाल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६६)
९९. नेपाल सरकार वि. टमस सोनी (ने.का.प. २०८१, अंक १, नि.नं. ११२३९)
१००. धनबहादुर अर्गेजा वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४७)
१०१. विदुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६०)
१०२. नेपाल सरकार वि. परिवर्तित नाम २६क (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८२)
१०३. विनोद थापासमेत वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ६, नि.नं. ११२९६)

१०४. कृष्ण चमार वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ६, नि.नं. ११२९८)
१०५. रामेश्वर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३२५)
१०६. चेतन लावती वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ९, नि.नं. ११३४८)
१०७. नेपाल सरकार वि. सोमनाथ ढुंगाना (मुद्दा नं. ०७५-CR-०१३२)
१०८. राजु परियार वि. नेपाल सरकार (मुद्दा नं. ०७६-CR-०१३२)

४. जवरजस्ती करणी/हाडनाता

१. श्रीराम त्रिपाठी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ६, नि.नं. ९६१९)
२. मुकुन्दे लिम्बू वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ९, नि.नं. ९८७२)
३. नेपाल सरकार वि. केशव गिरी (ने.का.प. २०७७, अंक ८ नि.नं. १०५६५)
४. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६२०)
५. चाकुपाट (ग) वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १ नि.नं. १०६३१)
६. विर्खध्वज श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७३८)
७. नेपाल सरकार वि. परिवर्तित नाम ७१(९) (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५३)
८. नेपाल सरकार वि. छविलाल वि.क. (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६१)
९. नेपाल सरकार वि. रूकुम पश्चिम ५४श(१) (ने.का.प. २०८०, अंक ७, नि.नं. १११३३)
१०. पूर्णबहादुर वि.क. वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४९)
११. नेपाल सरकार वि. मोहम्मद अली मनिहार (ने.का.प. २०८१, अंक ९, नि.नं. ११३५०)

५. जाहेरी दरखास्त

१. वमवहादुर कठायत वि. श्री ५ को सरकार (ने.का.प. २०६२, अंक १०, नि.नं.७६११)
२. रामहरि लामिछाने वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १०, नि.नं. ८६९५)
३. डिल्ली स्वाँरसमेत वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९६९)
४. नेपाल सरकार वि. चन्द्रबहादुर गुरुङ (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५४)
५. नेपाल सरकार वि. हिमराज खड्का (ने.का.प. २०७७, अंक ६, नि. नं. १०५२०)

६. अप्राकृतिक मैथुन

१. नेपाल सरकार वि. राजेश क्षेत्री (ने.का.प. २०६५, अंक ६, नि.नं. ७९८३)
२. त्रिरत्न चित्रकार वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१४८)
३. मोल्हुसेन हेन्ड्रिक ओटो वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ७, नि.नं. ८८६०)
४. बमवहादुर खत्री वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १००१९)
५. नेपाल सरकार वि. परिवर्तित नाम सीतामणी (ने.का.प. २०७५, अंक ८, नि.नं. १००८३)
६. नेपाल सरकार वि. जसिराम नेपाली (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२५९)
७. नेपाल सरकार वि. सन्तोष कुशवाह (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३५)
८. नेपाल सरकार वि. उपेन्द्र मुखिया विन (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०१)

७. क्षतिपूर्ति

१. नेपाल सरकार वि. पवनकुमार यादवसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९४)
२. नेपाल सरकार वि. परिवर्तित नाम दीपक सदा (ने.का.प. २०७३, अंक ४, नि.नं. ९५८०)
३. नेपाल सरकार वि. राजु सरदार (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६३३)
४. नेपाल सरकार वि. तेजबहादुर थारु (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४६)
५. नेपाल सरकार वि. जसवन्त सिंह (ने.का.प. २०७५, अंक ५, नि.नं. १००१३)
६. नेपाल सरकार वि. गुलाव मिया (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३६१)
७. विकास विश्वकर्मा वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५३२)
८. नेपाल सरकार वि. राजन वि.क. (मुद्दा नं. ०७७-CR-१०५७)

८. अन्य

१. जीवन रिजाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ९, नि.नं. ८६९१)
२. नेपाल सरकार वि. लोकबहादुर विश्वा (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०७५)
३. नेपाल सरकार वि. साबुद्दिन मियाँ (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९९)
४. नेपाल सरकार वि. ध्यानबहादुर खड्का (ने.का.प. २०७२, अंक १२, नि.नं. ९५०६)
५. नेपाल सरकार वि. प्रेम चौधरीसमेत (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८६३)
६. मदन नारायण श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५१)
७. नेपाल सरकार वि. शंकर वि.क. (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७०)
८. नेपाल सरकार वि. साहेव महतोसमेत (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२०)
९. नेपाल सरकार वि. दलबहादुर तामाङ (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९४)
१०. ओशिन नगरकोटी वि. ललितपुर जिल्ला अदालतसमेत (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८६६)

१. जबरजस्ती करणी उद्योग

१. डिल्लीप्रसाद भण्डारी वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ८, नि.नं. ७४२५)

- पीडितको कट्टुमा लागेको रगतको National forensic science laboratory बाट रसायनिक परीक्षण समेत भई मिति २०५१।१।२९ मा दिएको प्रतिवेदनको रायमा पनि शुक्रकिट (Spermatozoa) पत्ता नलागेको भन्ने उल्लेख गरिएको समेत आधार प्रमाणवाट प्रस्तुत वारदातमा जबरजस्ती करणीको क्रिया सम्पन्न भएको नदेखिने ।
- वारदात निर्विवाद रुपमा पुष्टि भएको तथा पीडितको Labia majora/ Labia Minora मा निल डाम रहेको भन्ने जनकपुर अन्चल अस्पतालको मिति २०४८।११।१३ को प्रतिवेदनबाट देखिँदा प्रतिवादीले मुलुकी ऐन जबरजस्ती करणीको ५ नं. बमोजिमको जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिने ।

२. श्री ५ को सरकार वि. कमलकुमार ओली (ने.का.प.२०६२, अंक ७, नि.नं. ७५७०)

- जबरजस्ती करणी गर्न लिङ्ग पसाउने बित्तिकै पीडितले हो हल्ला गरेको कारणवाट प्रतिवादीले लगातार करणी गर्न नसकेको अवस्थामा तत्काल विर्य स्खलन नभएको पनि हुन सक्ने स्थिति देखिएकोले योनिमा विर्य नदेखिएको र hymen नच्यातिएको हुन सक्ने अवस्था पनि स्वभाविक हुँदा सो बमोजिम चिकित्सकको प्रतिवेदनकै आधारमा प्रतिवादी वेकसूरदार हुन भनी मान्न नमिल्ने ।
- घरमा धेरै मानिसहरू भेला जम्मा भएको अवस्थामा प्रतिवादीले वादीको योनीमा लिङ्ग प्रवेश गराउने वित्तिकै पीडित रुन कराउन थालेकोले हो हल्ला भएको भन्ने मिसिलवाट देखिन आएकोले जबरजस्ती करणीको वारदात भैसकेको मान्न मिल्ने अवस्था पनि देखिन नआउने ।
- पीडितलाई करणी गर्नकालागि सम्पूर्ण परिस्थितिहरू पार गरिसकेको तर जबरजस्ती करणीको कार्य सम्पन्न भैसकेको अवस्था नदेखिएको अवस्थामा प्रतिवादीलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी भै जबरजस्ती करणीको उद्योग हुने ।

३. नेपाल सरकार वि. तपसी कुर्मी (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६२)

(पीडितको बकपत्रमा लिङ्गको प्रवेश भन्ने उल्लेख भएपनि मेडिकल जाँचमा वीर्य vaginal swab मा नभेटिएकाले ज.क.उद्योग ठहर)

- पीडितले बकपत्र गर्दा लिंग पसाएको भनी बकपत्र गरेपनि Laboratory Examination मा Sparmatazoa नदेखिएको, करणी भएको यकिन हुने अन्य ठोस सवुद रहेको नदेखिएको Labia Majora मा घर्षणसम्म भएको तथा विशेषज्ञको परिक्षण प्रतिवेदनको निष्कर्षमा "जबरजस्ती करणी गर्न खोजिएको" भन्ने उल्लेख भएको अवस्थामा जबरजस्ती करणीको वारदात नदेखिई सो को उद्योगसम्म भएको देखिन आउने ।
- प्रतिवादीले लिएको अन्यत्र रहेको जिकिर (Plea of alibi) लाई कुनै विश्वसनीय र वस्तुगत आधार प्रमाणबाट खम्वीर गराउन नसकेकोमा प्रमाणको रुपमा लिन नमिल्ने ।
- १४ वर्षीय बालिका आफ्नै सामाजिक मान प्रतिष्ठामा आँच आउने गरी यी प्रतिवादीलाई जबरजस्ती करणीको आरोप लगाउनु पछाडि कुनै भरपर्दो कारण रहेको तथ्य समेत प्रतिवादीले खुलाउन सकेको अवस्था छैन । यसबाट जबरजस्ती करणीको उद्योगको वारदातमा यिनै प्रतिवादीको संलग्नता रहेको पुष्टि हुन आउने ।

४. चन्दन कामती वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२७)

- जबरजस्ती करणीको उद्योगमा जबरजस्ती करणीको महलमा व्यवस्था भए अनुसार सोह्र वर्ष नाघेकी केटी वा स्वास्नी मानिसलाई जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणीको प्रयास भएको हुन्छ । यसमा सङ्घर्षका चिह्न वा लक्षण देखिन पनि सक्दछ, नदेखिन पनि सक्दछ । तर यसको विपरीत आसय करणीमा सङ्घर्षका चिह्नहरू वा लक्षणहरू देखिँदैन । यसमा स्त्री जातिको कुनै पनि अङ्गमा करणीको आसयले स्पर्श मात्र नभई समातेको सम्म हुनुपर्ने देखिन्छ । आसय करणीमा करणी गर्ने मनसाय हुन्छ तर जबरजस्ती करणीको उद्योगमा जबरजस्ती करणी गर्ने मनसाय हुन्छ । तसर्थ यी दुबैमा करणीको आसय त हुन्छ तर जबरजस्ती गरेको लक्षण जबरजस्ती करणीको उद्योगमा मात्र हुन सक्ने ।

५. रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६५)

- विधायिकाले सजायको न्यूनतम र अधिकतम हद तोकेकोमा न्यायकर्ताले कसूर गर्दाको समय परिस्थिति, सोबाट पीडितलाई पर्न गएको क्षति तथा सामाजिक प्रभाव, पीडितको शारीरिक मानसिक अवस्था, कसूरदारको उमेर तथा अवस्था, कसूरको मात्रा तथा गाम्भिर्यता जस्ता कुरालाई मनन गरी आफ्नो विवेकले उचित देखेको सजाय तोक्न सक्ने नै देखिन्छ । यदि यसो गर्न नसक्ने हो भने कानूनले यसरी न्यूनतम र अधिकतम सजायको सिमा तोक्नुको कुनै औचित्य रहँदैन । केही गरी यस्तो स्वविवेकीय अधिकारको प्रयोग उचित आधार कारणबिना न्यायिक मनको प्रयोग नगरी दुरूपयोग भएको देखिएमा पुनरावेदनको रोहमा हेर्न सक्ने नै हुन्छ । सुरूले स्वविवेकाधिकार प्रयोग गरेको पुनरावेदनको रोहमा समेत सदर भई सोउपर पुनरावेदन नै लाग्न नसक्ने अवस्थामा भने मुद्दा दोहऱ्याई हेर्दा सोलाई हेरी अन्यथा भन्न सकिने नदेखिने ।
- उद्योग कसूरको एक अपूर्ण क्रिया भए पनि यसलाई पनि कानूनले अपराधिकीकरण गरेको अवस्थामा यो अन्य पूर्ण अपराध जस्तै अस्तित्वको अपराध नै हुने हुन्छ । कस्तो मानव क्रियालाई अपराधीकरण गर्ने र त्यस्तो क्रिया भएको के कस्तो अवस्थामा के कति सजाय गर्ने भनी निर्धारण गर्ने अधिकार केवल विधायिकालाई मात्र हुन्छ । अपराधीकरण गरी सो अपराधका लागि स्पष्ट रूपमा तोकेको सजाय मात्र उक्त अपराधका लागि कसूरदारले बेहोर्नुपर्ने आपराधिक दायित्व हुन जान्छ । कुनै अपराधको लागि यो सजाय भनी विधायिकाले नतोकेको अवस्थामा न्यायकर्ताले मनोगत अर्थ गरी कसूरदारलाई मर्का पर्ने गरी सो कसूरसँग सम्बन्ध राखे अर्को कसूरको सजायसमेत थप हुने भन्ने नमिल्ने ।
- जबरजस्ती करणीको र जबरजस्ती करणीको उद्योगको कसूर दुई पृथकपृथक कसूर भई दण्ड सजायको पनि पृथकपृथक व्यवस्था भएको पाइन्छ । जबरजस्ती करणीको महलको ३(क) नं. को कानूनी व्यवस्थामा उल्लेख भएको थप सजाय केवल जबरजस्ती करणी गर्नेलाई मात्र हुने भनी स्पष्टरूपमा उल्लेख भएकोबाट र जबरजस्ती करणीको उद्योगलाई सजायको व्यवस्था गरेको ऐ. ५ नं. मा र अन्य कानूनी व्यवस्थामा समेत उद्योग गर्नेलाई यो यस्तो अवस्थामा थप सजाय गर्ने भनी कुनै सर्तात्मक प्रबन्ध (Conditional provision) राखेको नपाइएबाट जबरजस्ती करणीको उद्योगको मात्र कसूरमा सो ३(क) नं. अनुसार अपाङ्गसमेतलाई जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजायसमेत थप गरी कैद सजाय गर्न मिल्ने नदेखिने ।

६. विजय सुन्दास वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८५६)

- जबरजस्ती करणी जस्तो अपराधमा न्यायको रोहबाट न्यायको लागि संवेदनशील हुनुपर्ने हो तर पनि अति

संवेदनशील भई एकतर्फी रूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नु पर्ने।

- पीडितको बकपत्र कसूरमा मुख्य कडी भए पनि सो बकपत्रको पुष्ट्याईं शंकारहित रूपबाट नभएमा बकपत्रलाई यान्त्रिक रूपबाट प्रमाणको रूपमा ग्रहण गरी सजाय गर्नु विवेकयुक्त मान्न नसकिने ।
- प्रतिवादीले मौकामा गरेको बयानमा जबरजस्ती करणीको उद्योगमा साबितै रहेको देखिएकोमा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसूरमा साबिति गराएको देखिन्छ जबकि ततिम्बा बयान गराउँदा अगाडि स्पष्ट नभएका कुरामा मात्र सोधी प्रष्ट गराउनुपर्दछ भन्ने कानूनी व्यवस्था भएकोमा प्रतिवादीलाई अघि नै स्पष्टसँग उल्लेख गरेको कसूरसँग असम्बन्धित कसूरमा साबित गराएको देखिन्छ जुन कुरा कानून र न्यायसम्मत हुन आउँदैन । तसर्थ उपर्युक्त विवेचनाबाट प्रतिवादीले जबरजस्ती करणी गरेको नभई जबरजस्ती करणीको उद्योगसम्म गरेको तथ्य समर्थित भएको देखिने ।

७. नेपाल सरकार वि. कुमारप्रसाद (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१२७)

- बाल न्याय प्रणालीमा परम्परागत फौजदारी न्याय प्रणालीभन्दा फरक र विशिष्ट प्रकारका सिद्धान्तहरू छन् । बाल न्यायका आधारभूत मान्यताहरूलाई नजरअन्दाज गरेर फौजदारी न्यायका सामान्य मान्यताहरूकै मापदण्डअनुसार हेर्ने गरियो भने बाल न्यायका उद्देश्य, मान्यता र हासिल गर्न खोजिएका अभिष्ट पूरा हुन सक्दैनन् । सजाय स्थगनको सन्दर्भमा समेत यो कुरा विचारणीय बन्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाँघेपछि अन्य कुनै कसूर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिले ठहर भएको कैद सजाय (स्थगित भई एक वर्षको अवधि नाँघेपछि कसूर गरेको अवस्थामा) कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन । त्यस प्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने देखिने ।
- कैद स्थगित भई एक वर्षको अवधि नाँघिसकेको देखिँदा निज प्रतिवादीको अहिले उमेर पुगेको (अहिले बालिग भएको) कारणबाट सो सजाय असुल गर्नुपर्छ भन्नु बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १२ तथा दफा ५० को उपदफा (२) समेतको प्रतिकूल हुन जान्छ । त्यसैले स्थगित गरिएको सजाय अब असुल (कार्यान्वयन) गर्ने सम्बन्धमा कुनै बेहोरा उल्लेख नगरी भएको पुनरावेदन अदालतको फैसला कानून एवम् बाल न्यायका मान्यताअनुकूल नै देखिन आउने ।

८. प्रदिप भट्टराई वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८०)

- "जबरजस्ती करणीको कसूर" जबरजस्ती करणी, जबरजस्ती करणीको उद्योग, र आशय करणी (यौन दुर्व्यवहार) तीन प्रकारका कसूरजन्य कार्यमध्ये सबैभन्दा गम्भीर कार्य अथवा कसूरले पूर्णता प्राप्त गरेको कार्य हो । "जबरजस्ती करणीको उद्योग" सम्बन्धी कसूरमा पीडकले इच्छा गरेको करणी सम्बन्धी कसूरजन्य कार्यले पूर्णतासम्म प्राप्त नगरेको, कसूरले पूर्णता प्राप्त गर्नुभन्दा अगाडिका कसूरजन्य चरणहरू पूरा गरिसकेको अवस्था रहन्छ । "यौन दुर्व्यवहार सम्बन्धी कसूरमा" यौनजन्य हिंसा भएको, तर जबरजस्ती करणीको कसूर वा सोसम्बन्धी उद्योगको तहको कसूर भइनसकेको अवस्था रहने ।

९. दावा साङ्वो शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५८) ज.क.उ.

- अन्य कसूरको Afterthought statement र यौनजन्य हिंसामा हुने Afterthought statement लाई एउटै

दृष्टिकोणबाट हेर्न नमिल्ने । जबरजस्ती करणीमा पीडितमाथि नै लाञ्छना लाग्ने र सामाजिक लाञ्छनाको डरले तत्कालै उजुरी गर्न नसक्ने अवस्थाहरू रहने भएकोले यस्तो अवस्थामा पीडितले गरेको उजुरीलाई निजले प्रतिवादीलाई फसाउने, सताउने नियत राखी दुराशययुक्त भावना एवं सोच विचार गरी उजुरी गरेको भनी अर्थ गर्नु न्यायसङ्गत एवं विवेकपूर्ण हुन नसक्ने । घटनाको क्रमबद्धताको वर्णन गर्दै थप स्पष्टतासहित पीडितले हदम्यादभित्रै दर्ता गरेको जाहेरीलाई Afterthought statement भन्नु कानूनसङ्गत नहुने ।

१०. नेपाल सरकार वि. हरिप्रसाद सापकोटा (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४९)

- जबरजस्ती करणी उद्योगको वारदात स्थापित हुनका लागि पीडितलाई जबरजस्ती करणी गर्न लाग्दा पीडित स्वयं वा तेस्रो पक्षको हस्तक्षेप वा अन्य कुनै कारणले करणी गर्ने कार्य पूरा नभएको तर मनसाय तथा तयारीका साथ करणी गर्न प्रयत्नशील रहेको अवस्था हुनुपर्ने ।

२. बयान/बकपत्र

१. श्री ५ को सरकार वि. श्याम माझी (ने.का.प. २०६१, अंक ७, नि.नं. ७४११)

- फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने तथ्यगत सवुदहरुको आधारमा निर्णय गर्ने कुरा हो, अपराधीलाई बचाई दिने नियतले स्वयम् पीडित लगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिंदा कसैले सफाइ दिने बयान दिदैमा अभियुक्त निरअपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरुद्ध बयान दिदैमा अपराधी ठहरीनै पर्ने भन्न सकिन्न । व्यक्तिको बयानलाई सवुदैको रुपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न नसकिने ।
- ... पीडितले अदालतमा आई प्रतिवादीहरुलाई निर्दोष भनी बकपत्र दिँदैमा ऐनको व्यवस्था निष्क्रिय हुने गरी गर्ने निर्णय न्यायसंगत नठहर्ने ।

२. जनक त्रिपाठीसमेत वि. श्री ५ को सरकार (ने.का.प. २०६२, अंक ३, नि.नं. ७५०७)

- अनुसन्धान अधिकारीबाट हुने कानून अनूरुपको अनुसन्धानबाट संकलित यथार्थपरक र वस्तुनिष्ठ प्रमाणहरु नै कसूर ठहर गर्न मद्दत पुग्ने पहिलो खुट्किलो हो । त्यो खुट्किलो नै कमजोर, आधारविहीन र कानूनअनुरुप भएको छैन र जाहेरवाला र स्वयं पीडित पनि अनुसन्धानको क्रममा प्रहरीमा बयान गर्दा एकै व्यहोरा उल्लेख नगरी अदालतमा बकपत्र गर्दा फरक फरक बयान गरी आफू उपर अपराध नै नभएको भन्ने बकपत्र गर्दछन् भने अन्य प्रमाणको अभावमा अनुमान र शंकाको भरमा कसूर कायम गरी पीडित व्यक्तिलाई समेत न्याय प्रदान गर्न सरल र सुगम हुन नसक्ने ।
- घटनाको विश्वसनियता पुष्टि हुने आधार र पीडितले आफूले बच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसूर प्रमाणित हुने हुन्छ । यी सवै कुराको अभावमा जाहेरी पीडक वा निजको आमा वा नजिकको नातेदारको परेको भन्ने आधारमा मात्र कसैलाई कसूरदार प्रमाणित गर्नु न्याय र कानूनको मान्य सिद्धान्तभित्र नपर्ने ।
- जबरजस्ती करणी अपराधमा मूल चश्मदिद गवाह अर्थात प्रत्यक्ष प्रमाण साधारणतया प्राप्त हुन सक्दैन । खास गरी करणीसम्बन्धी अपराधमा करणी गरिएकी पीडित नै प्रमुख प्रमाण हो । प्रमाण ऐनले जबरजस्ती करणीवाट पीडित व्यक्तिलाई नै प्रमुख प्रमाण मानेको छ । सो ऐनको दफा १०(१)(ख) मा कुनै काम

घटना वा अवस्थावाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिइने प्रमाण मानेको छ । तर यस मुद्दामा पीडितले प्रहरीमा बयान गर्दा आफू उपर प्रतिवादीहरुले जबरजस्ती करणी गरिएको भनेको तर अदालतमा बकपत्र गर्दा त्यस्को ठीक विपरीत बकपत्र गरेको देखिन्छ । पीडितले अदालत समक्ष गरेको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने अवस्था नदेखिने ।

- फौजदारी अपराधमा साक्षीहरुलाई डर, धाक, धम्की दिएर वा कुनै आर्थिक प्रलोभनमा पारेर प्रतिवादी वा अभियुक्तहरुले Hostile बनाउँछन् र यस्तोमा साक्षीला Winning away गरेको भनिन्छ । अन्य प्रमाण भएमा साक्षीलाई Winning away गर्दैमा अपराध कायम नहुने वा प्रतिवादी अभियुक्तलाई सफाई प्राप्त हुने होइन । त्यस्तोमा झुठ्ठा बकपत्र (Perjury) गरेमा साक्षी वा पीडित स्वयंलाई पनि सजाय हुन सक्ने ।
- मुद्दाको जाहेरी दरखास्त देखिको व्यहोरा सच्चिएको पाइएको, उपयुक्त समयमा पीडित भनिएकी व्यक्तिको शारीरिक परीक्षण नभएको, आरोपित व्यक्तिहरु प्रकाउ परी प्रहरी कार्यालयमा वुझाएको देखिन आएकोमा सो कुरा लुकाउने प्रयास गरी पछि पक्राउ परेको भनी प्रतिवदेन पेश गरेको, तत्काल आरोपित व्यक्तिहरुको अनिवार्य रुपमा गराउनु पर्ने शारीरिक परीक्षण नगराई घटनाको वास्तकिता लुकाउने प्रयास गरेको र जाहेरवाली र पीडित भनिएकी व्यक्तिको परीक्षण उपयुक्त तरिकाबाट नगरी अनुसन्धान प्रकृयालाई प्रभावित पुऱ्याई घटनाको यथार्थता माथि नै प्रतिकूल प्रभाव पर्न गएको अनुसन्धानबाट संकलित कागजबाट देखिन आएकोले अनुसन्धान अधिकृत प्रहरी नायव निरीक्षक दिलीप गुरुङले कानून अनुरुप तोकिएको जिम्मेवारी पूरा गरेको नदेखिदा निजलाई सचेत गराई सो को जानकारी यस अदालतलाई गराउने ।

३. श्री ५ को सरकार वि. स्वस्ती वराल (ने.का.प. २०६२, अंक ११, नि.नं. ७६२६)

- जुन बखत योनी परीक्षण गरिएको हो, त्यसबेला नै पीडितको योनीमा दाद, चिलाउने, कन्याउने इत्यादि रहे भएको भन्ने उल्लेख नगरी बकपत्रमा आएर उक्त कुरा उल्लेख गरेको देखिएवाट योनी परीक्षण प्रतिवेदन पेश गर्ने हेल्थ असिस्टेण्टको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणयोग्य मान्न नमिल्ने ।
- घटनास्थलमा भेटिएका काँचका चुरा, रौ, घटनास्थल मडारिएको भन्ने तत्काल मौकाको कागज तथा सोलाई समर्थन गरी गरेको पीडित लगायतका मौकाका व्यक्तिको बकपत्र तथा स्वयं आफूले दिएको मौकाको परीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरालाई निष्प्रभावी बनाउन वा वास्तविक अपराधीलाई छुट्न सक्ने सम्मको अवस्था सिर्जना हुने र पहिले आफूले दिएको परीक्षण प्रतिवेदन विरुद्धको बकपत्रले प्रमाणको स्थान ग्रहण नगर्ने ।
- अनुसन्धानको कमजोरी पक्षका वावजुद पीडितको योनीको स्थिति, अपराध गर्नेको वारदातस्थलमा उपस्थिति, अपराध गर्नेको पहिचान, निजका विरुद्ध सर्जमिनका मानिसहरूको वकाई, मौकाको किटानी जाहेरी, पीडितको प्रहरी तथा अदालतमा भएको किटानी बकपत्र जस्ता मुद्दामा निर्णयका लागि महत्वपूर्ण तथ्यहरू (Material Facts) को अनुसन्धान कार्यबाट संकलन भएका प्रमाणहरूको समष्टि मूल्याकनले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा सिद्ध गरी रहेकाले पुनरावेदक पक्षका कानून व्यवसायीको वहस जिकिर मान्य हुन नसक्ने ।
- एक दुई ठाँउमा व्यक्त कुरा अर्को ठाउँमा हुवहु एकै हुनुपर्छ भन्न मिल्दैन, नत त्यस्तो हुन नै सक्छ । एउटा मानिसले एकपटक वोलेको उही कुरा एकछिन पछि हुवहु भन्न सक्दैन जबसम्म लेखेर वा घोकेर

यस्तो गर्ने प्रयास गरिदैन । अतः ... विरोधाभाष नभएपछि साना मसिना कुरा वा व्यहोरा फरक पर्दैमा तथ्यमा विरोधाभाष रहेको भन्न नमिल्ने ।

- वारदात समयमा वारदात स्थलमा नभएको भनी प्रतिवादीले लिएको जिकिर पुष्टि नभएको, प्रतिवादी उपरको किटानी जाहेरी, पीडितको बयान तथा बकपत्र, मौकाका व्यक्तिहरूको बकपत्र र पीडितको स्वास्थ्य परीक्षणको सार समेतका प्रमाणबाट जबरजस्ती करणी गरेको देखिने ।
- साधारण हेल्थपोष्ट कटारीका तत्कालीन नि.प्रमुख इशरायल राइनले पीडितको योनी मौकामा जाँच गर्दा वरिपरी दाद तथा चिलाउने रोग भएको भनी उल्लेख नगरेकोमा प्रतिवादीको बचावटको लागि मात्र पीडितको योनी वाहिर दाद आदि घाउ भै पीडितको योनी सुनिएको, रातो भएको तथा साधारण च्यातिएको भनी बकेको देखिन आउँछ । नि.प्रमुखको मौकाको राय र अदालतसमक्ष भएको बकपत्रको अध्ययनबाट पीडितको योनी तथा शारीरिक परीक्षण गर्ने इलाका हेल्थपोष्टका तत्कालीन नि. प्रमुख इशरायल राईन स्वास्थ्य सेवा जस्तो संवेदनशिल निकायमा काम गर्ने व्यक्ति भएकोले निजजे आफ्नो पदिय दायित्वप्रति संवेदनशील भै कर्तव्य पालना गर्नुपर्नेमा सो नगरी लापरवाही तवरले कार्य गरेको देखिदा निजलाई विभागीय कारवाही गरी यस अदालतलाई जानकारी दिन स्वास्थ्य सेवा विभागमा फैसलाको प्रतिलिपि पठाई दिने ।
  नोटः (पीडित वर्ष १३ की टंकीकुमारी खड्का, जिल्ला र पुनरावेदन अदालतले सफाई दिएकोमा सर्वोच्च अदालतबाट सजाय भएको)

४. गोकर्ण खनाल वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक ११, नि.नं. ८०४२)

- पीडितलाई गाडीमा साथै लिई जाँदाका अवस्थामा पक्राउ परेको तथ्यलाई स्वीकार गरी बयान गरेको र साथमा लिई जानुपर्ने कारण दिन नसकेको अवस्थामा मौकामा अधिकारप्राप्त अधिकारीका समक्ष वारदातको क्रमबद्ध रुपमा उल्लेख गरी आरोपित कसूरमा सावित रही बयान गरेको अवस्थामा यसलाई स्वेच्छाको होइन भनी निजले जिकिर लिएको भए पनि अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित गराउन सकेको नहुँदा सो सावितो बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) (क) ले निजका विरुद्ध प्रमाण ग्राह्य हुने ।
- आफ्ना कुराहरु प्रष्टसंग राख्न सक्ने, हिडडुल गर्न सक्ने, घर छोडेर हिडेकी भनिएकी यी पीडित अशक्त नै भएको अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले Abnormal Behaviour लेखिदिएकै भरमा निजलाई अशक्त भनी मान्न नसकिने ।
- एक नाबालिक केटीले जबरजस्ती करणीको वारदात पश्चात् Abnormal Behaviour गर्नु स्वाभाविक नै हुन आउँछ । तर जबरजस्ती करणीको वारदात पूर्व निजको स्थिति अशक्त थियो भन्ने कुरा वस्तुपरक प्रमाणबाट पुष्टि हुनुपर्ने ।

५. नेपाल सरकार वि. वीरबहादुर टमटा (ने.का.प. २०६६, अंक ४, नि.नं. ८१२७)

- अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान पीडितको मौकाको कागज, जाहेरी दर्खास्त, चिकित्सकहरूको प्रतिवेदन, घटनास्थल मुचुल्काजस्ता मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भइरहेको र ती प्रमाणहरू अन्यथा हुन् भनी प्रतिवादीले खण्डन हुने गरी पुष्टि गर्न नसकेको समेतको आधार प्रमाणबाट प्रतिवादीले १४ वर्ष मुनिको पीडित बालिकालाई करणी गरेको ठहर्ने ।
- करणी गरेको तथ्य शंकारहित तवरबाट पुष्टि नभएको भनी फौजदारी न्यायको शंकाको सुविधा प्रतिवादीले पाउँछ भन्ने सिद्धान्तको गलत व्याख्या एवं प्रयोग गरी आरोपित कसूरबाट सफाइ दिन नमिल्ने ।
  (पीडितको उमेर वर्ष ८)

६. नेपाल सरकार वि. सरोज हिङमाङसमेत (ने.का.प. २०६७, अंक ९, नि.नं. ८४६९)

(इन्कारी बयान मात्र निर्दोषिताको आधार बन्न नसक्ने)

- जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षणलाई मान्नुपर्ने ।
- प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गर्नु मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्ने ।
- पीडितको मौकाको कागज, सनाखत कागज र बकपत्र, जाहेरवाला र मौकामा बुझिएका व्यक्तिको भनाई, पीडिताको शारीरिक परीक्षण अनुसन्धान अधिकारीसमक्ष कसूरमा एकआपसमा पोल गरी गरेको सावितीबयान लगायतका सम्बद्ध प्रमाणहरूबाट सामूहिक जबरजस्ती करणीको वारदात स्थापित भएको र सोमा प्रतिवादीहरूको संलग्नतालाई पुष्टि गरिरहेको अवस्थामा सो प्रमाणलाई बाहेक गरी प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई मात्र निर्दोषिताको आधार बनाई वास्तविक अपराधीलाई अभियोग दावीबाट सफाई दिदै जाने हो भने समाजमा दण्डहीनताको स्थिति सिर्जना हुनजाने ।

७. नेपाल सरकार वि. चन्द्रबहादुर तिवारी (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७८)

- जाहेरवालीको किटानी जाहेरी र पीडिताले मौकामा गरेको कागज तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज तथा चिकित्सकीय प्रतिवेदनको प्रतिकूल हुने गरी जबरजस्ती करणीको वारदात नै भएको होइन भनी निष्कर्षमा पुग्नु न्यायोचित् नहुने ।
- प्रतिवादीको अदालतको इन्कारी बयानको विरुद्धमा प्रमाण यथेष्ट मौजूद रहेको अवस्थामा अदालतको इन्कारी बयान मात्र निर्दोषिता सावित हुने एकमात्र आधार हुन नसक्ने ।
- जबरजस्ती करणीको वारदातको पहिलो कडी भनेको स्वयं पीडित हो र यी पीडितालाई प्रत्यक्ष र जीवित प्रमाण मान्नुपर्ने हुन्छ भने पीडितको शारीरिक परीक्षण अर्को कडी मान्नु पर्ने ।
- अदालतमा इन्कारी हुनुलाई मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन । अपराधीले सदैव पीडितको घरायसी आर्थिक अवस्थाको फाइदा उठाई प्रभावमा पार्न सक्ने र पीडितको सामाजिक अवस्था कमजोर भएको फाइदा लिन सो अवस्था मूल्याङ्कन गरी त्यसको मूल्य तिर्न उत्सुक रहिरहने हुँदा जाहेरी ढिला परेको रहेछ भन्दैमा भैरहेको अपराधलाई खण्डित गर्न खोज्ने प्रतिवादीका गलत मार्गहरूलाई अदालतले केलाउने प्रयास गर्नुपर्ने ।
- म्याद तामेल हुँदा वेपत्ते भई नेपालको राष्ट्रिय पत्रिकामा म्याद तामेलको सूचना जारी हुँदा समेत अदालतसमक्ष उपस्थित भई आफ्नो निर्दोषिता पुष्टि गर्न नसकेको र न्यायिक प्रक्रियामा सहयोग पुर्याएको समेत नदेखिँदा निजको अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतको ज्यकतष्भि बकपत्रलाई मात्र आधार लिएर अभियोग दावीबाट सफाइ दिँदै जाने हो भने समाजमा अपराधले प्रश्रय पाउने र दण्डहीनताको स्थिति सिर्जना हुन जाने ।
- पीडितको अदालतसमक्षको इन्कारी बकपत्रलाई स्वयं प्रतिवादीकै अदालतको बयान पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न अरु प्रमाणले खण्डन गरी सकेको अवस्था हुँदा वारदात घटनाप्रति अनभिज्ञता प्रकट गरी भएको बकपत्रलाई विश्वासनीय प्रमाणको रुपमा ग्रहण गर्नु न्योयोचित नहुने ।

८. महेश पटेल कुर्मी वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १, नि.नं. ९१०७)

- अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा साक्षी सरह बकपत्र नगरेसम्म त्यस्तो प्रमाणलाई

प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम ठोस र विश्वसनीय प्रमाण मान्न नमिल्ने ।

- विशेषज्ञले प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम साक्षी सरह अदालतमा उपस्थित भई बकपत्र नगरेको र त्यस्तो बकपत्रलाई अर्को पक्षले जिरह गर्ने मौका नपाएकोमा त्यस्तो विशेषज्ञको रायलाई प्रमाणमा लिन उक्त कानूनी व्यवस्था बमोजिम मिल्ने नहुने ।
- जाहेरवाला वा पीडितले अनुसन्धानको क्रममा व्यक्त गरेको कथनलाई निजहरू साक्षी सरह अदालतमा उपस्थित भई बकपत्र नगरेको अवस्थामा त्यस्तो कथनलाई पनि दफा १८ बमोजिम प्रमाणमा लिन नमिल्ने ।
- वादीबाट अनुसन्धान तहकीकातको क्रममा तयार भएको लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्तिहरू, जाहेरवाला, पीडित, पीडितको शारीरिक परीक्षण गर्ने मेडिकल अधिकृत, वस्तुस्थिति मुचुल्कासमेतका व्यक्तिहरू अदालतमा साक्षी सरह उपस्थित भई बकपत्र गर्न नआएको र साक्षी सरह बकपत्र गरेको नदेखिएकोले अनुसन्धान तहकीकातका क्रममा घटनाका सम्बन्धमा निजहरूले व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १८, २५ एवं २३(७) बमोजिम अकाट्य, निश्चयात्मक र विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

९. धनराज खड्का वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९३)

- मौकामा गरेको साबिती बयानलाई अन्य प्रमाणबाट समर्थित भएको तथ्यगत अवस्था मिसिल संलग्न प्रमाणहरूबाट स्पष्टरूपमा पुष्टि भएको अवस्थामा अदालतको इन्कारी बयानबाटमात्र प्रतिवादी बेकसूर रहेको मान्न नहुने ।
- घटनाबाट पीडितले र सो घटना प्रत्यक्ष देख्ने प्रत्यक्षदर्शीले मौकामा घटना भएको तत्कालैपछि यिनै प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने उल्लेख गरी कागज गरिदिएको अवस्थामा अदालतमा उपस्थित भई बकपत्र गर्दा बनावटी कुरा उल्लेख गरी वास्तविक तथ्यलाई लुकाउने र कसूरदारलाई सजायबाट उन्मुक्ति दिलाउने प्रयत्न गरिन्छ भने त्यस्तो बनावटी कुरालाई सत्य एवम् साँचो मानी कसूरदारलाई उन्मुक्ति प्रदान गर्न नमिल्ने ।
- सङ्कलित सबूद एवम् प्रमाणहरूबाट जबरजस्ती करणीको वारदात स्थापित भई प्रमाणको शृङ्खलाबद्ध कडीहरूबाट प्रतिवादी कसूरदार देखिएको अवस्थामा मौकामा कागज गर्ने व्यक्तिहरूले आफ्नो पूर्व भनाइ प्रतिकूल हुने गरी अदालतमा गरेको बकपत्र प्रतिवादीलाई उन्मुक्ति दिने आधार हुन नसक्ने ।

१०. मानबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४३१)

- आफैंले करणी गरेको भनी अदालतमा स्वतन्त्र रूपमा साबित भएकालाई डाक्टरले करणी पुष्टि गरे वा नगरेको भन्ने कुरा स्पष्ट नगर्नुको कुनै अर्थसमेत रहँदैन । यस्तो अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

११. कुमार गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८१२)

- समयको अन्तरालपछि अदालतमा भएको बकपत्रमा पीडित र जाहेरवालाले प्रतिवादीलाई फाइदा पुग्ने गरी वा सजायबाट उन्मुक्ति दिने कुनै लोभ लालच वा प्रभाव वा दबाबसमेतमा परी वा माफी दिने सोच

बनाई आफ्नै मौकाको भनाईलाई खण्डन गरेपनि पीडितको स्वास्थ्य परीक्षणले वारदात स्थापित भइरहेको अवस्थामा पीडितको मौकाको भनाईलाई प्रमाणमा लिन मिल्ने ।

- फौजदारी मुद्दामा अभियुक्तबाट आरोपित कसूर भएको हो होइन भन्ने तथ्यगत सबुदहरूको आधारमा निष्कर्षमा पुगी निर्णय गर्नुपर्ने हुन्छ । हाम्रो समाजमा सामाजिक र पारिवारिक स्थितिको कारणले प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिने नियतले स्वयम् पीडितलगायत कसैले अदालतमा आई मौकाको बयान विपरीत इन्कारी बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ता त्यसतर्फ सजग हुनुपर्दछ । मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी प्रतिवादीले कसूर गरेको हो होइन भनी निष्कर्षमा पुग्नु पर्ने ।
- निरपराध ठहर हुने गरी कसैले प्रतिवादीका हकमा बयान दिएको आधारबाट मात्र प्रतिवादीलाई उन्मुक्ति दिन नमिल्ने ।
- पीडितले मौकामा बयान गर्दा करणी गरेको भन्ने प्रतिवादीउपर पोल गर्दै साबिती बयान गर्ने र अदालतसमक्ष होइन भनी इन्कारी बयान गरेकै आधारमा कसूर ठहर हुने र नहुने भन्नु भन्दा पहिले फरक फरक अभिव्यक्तिका बयानमा उल्लिखित अन्तरनिहित वस्तुस्थितिलाई विश्लेषण गर्दै निष्कर्षमा पुग्नु पर्ने ।
- प्रस्तुत मुद्दा गम्भीर प्रकृतिको भएको र यस्ता मुद्दामा प्रतिवादीले साक्षीहरूलाई आश, त्रास वा प्रलोभनमा पारी अनुसन्धानका क्रममा मौकामा दिएको बयानमा अन्यत्र मोड्न ज्यकतष्भि बनाउन खोज्दछन् । ज्यकतष्भि भएकै आधारमा प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिन नमिल्ने ।
- मिसिल संलग्न रहेका प्राप्त प्रमाणहरूबाट प्रतिवादीले कसूर गरेको स्थापित हुन आएको स्थितिमा पीडित जाहेरवालाले प्रतिवादीले कसूर गरेको होइन भनी बकपत्र गरी दिँदैमा मिसिलबाट स्थापित तथ्यलाई अन्यथा गर्न नमिल्ने ।
- अपराध हुँदाको परिस्थिति, समय र पक्षको भनाई र मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी कसूर भएको हो वा होइन भनी यकिन गरी कसूर गर्ने प्रतिवादीलाई सजाय दिनु न्यायको मान्य सिद्धान्त हुने ।
- आफ्नै श्रीमतीले पतिउपर र आफ्नै छोरीले बाबुउपर आफूहरूको भविष्यमाथि प्रश्न उठ्ने गरी अनाहकमा मौकामा उजुर गरे होलान् भनी अनुमान गर्न मिल्दैन । अदालतसमक्ष बकपत्र गर्दा इन्कारी बयान गरेकै आधारमा अन्य प्रमाण नहेरी कसूरबाट उन्मुक्ति दिनु न्यायसङ्गत पनि नहुने ।
- जबरजस्ती करणी अपराधमा चश्मदिद् गवाह पीडितनै हुन्छन् । पीडितले मौकामा ब्यक्त गरेको कुरा नै सत्य हुन्छ किनकी त्यसबेला आफूलाई परेको पीडा मानसपटलबाट हटेको नहुने ।

१२. नेपाल सरकार वि. वासुदेव सावद (ने.का.प. २०७४, अंक ९, नि.नं. ९८७९)

- वारदातको दिन आफूलाई सो वारदातमा नभई अन्य ठाउँमा छु भनी देखाउने व्यक्तिले त्यस ठाउँमा भएको सबुत गुजार्नु पर्ने ।
- जबरजस्ती करणीको कसूर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्व हुनु अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसूर स्थापित हुने ।
- पीडितले अदालतमा समेत आई आफूउपर घटेको घटनाको सम्बन्धमा सविस्तार वर्णन गरी मौकामा दिएको जाहेरीलाई समर्थित हुने गरी बकपत्र गरिदिएको तथा पीडितको शरीरको विभिन्न भागहरूमा निलडामहरू भएको भन्ने पीडितको तत्काल भएको शारीरिक परीक्षण रिर्पोटमा उल्लेख भएबाट करणी गर्ने कार्यमा

पीडितको मन्जुरी नभएको पुष्टि हुन्छ । जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने ।

१३. लक्ष्मण गौतम वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १२, नि.नं. ९९१०)

- वारदातको देखि जान्ने मात्र होइन, भोगीजान्नेर साक्षी पीडित स्वयंले अदालतमा उपस्थित भई बकपत्र गरेको र सो बकपत्रले जाहेरी दरखास्तमा उल्लिखित व्यहोरालाई समर्थन गरेकोले त्यसले प्रमाणिक मूल्य पाउने कुरालाई नकार्न नमिल्ने ।

१४. नेपाल सरकार वि. कर्णबहादुर साउद (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१३२)

- कुनै व्यक्तिले आफू कुनै अपराधबाट पीडित भएको भनी जाहेरी दिन्छ र सोको आधारमा राज्यका जिम्मेवार निकायहरूबाट अनुसन्धान र अभियोजन भई सक्षम अदालत समक्ष मुद्दासमेत दायर भइसकेको अवस्थामा अदालतमा जाहेरी दिने व्यक्ति वा पीडितले प्रतिकूल बकपत्र गर्छ भने सोको आधारमा मात्र उक्त अपराध घटेको थिएन भनी निष्कर्षमा पुग्न नमिल्ने ।
- घटना घटेको समय व्यतित हुँदै जाँदा प्रतिवादी उपरको आक्रोश विस्तारै मत्थर हुँदै जाने, प्रतिवादी र पीडितहरू एउटै समाजमा बस्नुपर्ने, आर्थिक तथा सामाजिक कारण तथा कतिपय अवस्थामा पीडितलाई पर्याप्त मात्रामा सुरक्षा प्रदानसमेत गर्न नसक्दा पीडितले अदालतमा प्रतिकूल बकपत्र गर्न सक्छ तर पीडितले प्रतिकूल बकपत्र गऱ्यो भन्दैमा अपराधीलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिन नमिल्ने ।

१५. नेपाल सरकार वि. सुवास भरसमेत (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४६४)

- जबरजस्ती करणीको मुद्दामा पीडितको बकपत्रलाई महत्वपूर्ण कडीको रूपमा लिइने भए तापनि त्यसलाई मात्र एकाङ्गी तथा यान्त्रिक किसिमले मूल्याङ्कन गर्दा न्यायको अभीष्ट पूरा गर्ने कार्यमा विचलन आउन सक्ने ।
- जबरजस्ती करणी कसूरमा प्रमाणको मूल्याङ्कन गर्दा पीडितको बकपत्रलाई प्रमाणको पहिलो र प्रमुख कडी मान्नु पर्छ । तर जाहेरी दरखास्त र पीडितको भनाइलाई पीडितको शारीरिक स्वास्थ्य जाँच प्रतिवेदन तथा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्नु पर्ने हुन्छ । यस्तो प्रकृतिको अपराधमा न्यायको रोहमा विचार गर्दा न्याय मर्न जाने सम्भावनालाई समेत मध्यनजर गरी अत्यन्त विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु पर्ने ।
- पीडितको बकपत्रलाई शंकारहित रूपमा शारीरिक स्वास्थ्य परीक्षण, घटना प्रकृति मुचुल्का लगायतका स्वतन्त्र प्रमाण कसूर पुष्टि हुन नसकेको देखिँदा पीडितको जाहेरी दरखास्त, मौकाको कागज र बकपत्रलाई मात्र एकतर्फी यान्त्रिक तवरले प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्न नहुने ।

१६. नेपाल सरकार वि. विरेन्द्रकुमार तामाङ (ने.का.प. २०७७, अंक ८, नि.नं. १०५६४)

- जाहेरवाली तथा पीडितको एकआपसमा बाझिरहेको बकपत्रमा उल्लिखित कथनहरूले जाहेरी बेहोरा तथा अभियोग दाबीलाई खण्डित गरिरहेको देखिन्छ । जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी अभियोगमा पीडित तथा जाहेरवालीको यस्तो परस्पर विरोधी कथनलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

१७. संगम सार्की वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६०६)

- जबरजस्ती करणी मुद्दामा वारदातको सम्बन्धमा पीडितको मौकाको बयान, किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण, घटनास्थल मुचुल्का, प्रतिवादीको अनुसन्धान अधिकारी समक्ष भएको साबिती बयान तथा घटना सम्बन्धमा अन्य व्यक्तिले गरिदिएको कागजबाट जबरजस्ती करणी पुष्टि भइरहेको अवस्थामा पछि अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी प्रतिवादी, जाहेरवाला तथा स्वयं पीडितसमेतले बयान बकपत्र गर्दैमा जबरजस्ती करणी भएको होइन भनी निष्कर्षमा पुग्न नसकिने ।
- अन्य प्रमाणबाट कसूर पुष्टि भइरहेको अवस्थामा जाहेरवाला, पीडित तथा अन्य व्यक्तिले अनुसन्धानको क्रममा आफूले भनेको भनाइ विपरीत हुने गरी अदालतमा गरेको बयान बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिनु न्यायोचित नहुने ।

१८. रूपलाल बम्जन वि. नेपाल सरकार, (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६०८)

- जबरजस्ती करणी जस्तो जघन्य आपराधिक कार्यबाट पीडित नाबालिकामा पर्न गएको शारीरिक र मानसिक प्रभावका कारण अदालतमा बकपत्र गर्दा पीडितले व्यक्त गर्ने वारदातको तथ्यहरूको सामान्य भिन्नताकै कारण पीडितले व्यक्त गरेका अन्य मौलिक तथ्यका कुराको प्रामाणिक मूल्य समाप्त नहुने । पीडितले व्यक्त गरेका विवादरहित कुराबाट प्रतिवादीको कसूर पुष्टि हुन आएमा त्यस्ता प्रमाणहरू निर्णायक प्रमाणको रूपमा ग्राह्य मानिने ।

३. जबरजस्ती करणी

१. विष्णु अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक २, नि.नं. ७६५२)

- ८ वर्षकी नबालिका पार्वतीलाई आफ्नो लिङ्ग खेलाउन लगाई खाटमा सुताई बलपूर्वक निजको योनीमा लिङ्ग पुऱ्याई वीर्य स्खलन गराएको कार्य जबरजस्ती करणीको कसूर नहुने भन्न नमिल्ने ।
- जबरजस्ती करणीको कसूर खासगरी महिलाको शरीर र इज्जतमाथि यौनेच्छा पूरा गर्ने उद्देश्यबाट गरिने आक्रमणको रुपमा लिनुपर्ने ।
- अवोध अवस्थाकी बालिकालाई आफ्नो लिङ्ग चलाउन लगाउने र निजको योनीद्वारसम्म लिङ्ग पुऱ्याई वीर्य स्खलन गराइ आफ्नो यौन सन्तुष्टि लिने कार्यलाई केवल करणीको उद्योग मात्र हो भनी व्याख्या गर्नु जबरजस्ती करणी सम्बन्धी कानूनी व्यवस्थाको भावना अनुकूल नहुने ।
- योनीमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसूर हुदैन भनी सबै अवस्थामा व्याख्या गर्ने हो भने शारीरिक रुपमा कमजोर महिला माथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आउन सक्ने ।

२. ठगा चौधरी वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६६४)

- विवाहित २(दुई) छोरीहरुकी आमा २७ वर्षकी ... अवस्थाकी स्वास्नी मानिसलाई परपुरुषले जबरजस्ती करणी गर्दछ भने सो अवस्थामा सामान्यतयाः दुई बीच संघर्ष एवं शरीरका वाहिरी भागमा चोटपटक र संघर्षका चिन्ह हुनुपर्ने ।
- आरोपित कसूरमा नै साविती (confession) हुनु र सम्वद्ध तथ्यलाईसम्म स्वीकार गर्नु (Admission) पृथक कुरा हुने । तथ्यको स्वीकारोक्तीलाई नै साविती सरह निजको विरुद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

३. राजु बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६६६)

- ... सबै जबरजस्ती करणीको कसूरमा पीडित महिलाको योनीमा वीर्य फेला पर्नुपर्छ भनी मान्न नमिल्ने ।
- जबरजस्ती करणीको महलको ४ नं. मा "जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहापाई छल गरी सँग लागी जाने समाउने र सो काममा मद्दत दिनेलाई तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने उल्लेख भएवाट सो नं. को प्रयोजनका लागि जबरजस्ती करणी गर्नु नपर्ने र वारदातस्थलमा गई मुख्य अभियुक्तलाई मद्दत गर्नु नै पर्याप्त हुने ।
- अदालतले निर्णय गर्दा प्राप्त प्रमाणहरूको तर्कसंगत मूल्यांकनवाट अभियोग प्रमाणित हुने अवस्था छ छैन भनी निचोडमा पुग्नुपर्ने हुन्छ । अभियोग दावी नै नालिएको विषयमा वोल्न नमिल्ने ।

४. भीमबहादुर पोखरेल वि. लेखबहादुर थापा (ने.का.प. २०६३, अंक ४, नि.नं. ७६८२)

(फरक व्याख्याः कन्याजाली नच्यातिएको, वीर्य स्खलित नभएको, लिङ्ग र योनी बीच सामान्य घर्षण पनि ज.क को कसूरभित्र पर्ने) (पीडितको उमेर ६ बर्ष)

- मुलुकी ऐन जबरजस्ती करणीको १ नं. अनुसार जबरजस्ती करणीको वारदात कायम हुनका लागि योनिभित्र लिङ्ग पूर्ण प्रवेश गरेको हुनुपर्ने वा योनिभित्रै बिर्य स्खलन भएको हुनुपर्ने वा पीडितको योनीको कन्याजाली च्यातिएको हुनुपर्ने भन्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग र योनी बीच सामान्य घर्षण पर्याप्त देखिने ।
- स्वास्थ्य केन्द्र वरहथवा सर्लाहीले बच्चाको योनिद्धार (Vaginal nifice) एकदमै साँगुरो हुने र बयस्क पुरुषको लिङ्गको मोटाई बढी हुने भएको र करणी गर्ने प्रयासमा योनी भित्र लिङ्ग छिराउने प्रयास गर्दा लिङ्ग नछिरेको तर योनीको बाहिरी भाग र मुत्रनलीको बाहिरी भागमा घर्षण गर्दा निलडामहरु देखिएको भन्ने व्यहोरा उल्लेख भएको अवस्थामा पीडितको योनीको कन्याजाली नच्यातिनु स्वभाविक हुन आउने ।
- घटनासँग सम्बद्ध अन्य तथ्यहरुबाट जबरजस्ती करणीको अपराधिक कार्य गरेको कुरा पुष्टि हुन आएको अवस्थामा योनिभित्र लिङ्गको पूर्ण प्रवेश नभएको कन्याजाली नच्यातिएको, विर्य स्खलित नभएको भन्ने आधारमा अभियुक्तलाई आरोपित कसूरबाट मुक्त गर्न नमिल्ने ।

५. विश्वकुमार दास वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ७, नि.नं. ७७२८)

- एक अबोध नाबालिकालाई ललाईफकाई आफ्नो सुरक्षित स्थानमा लगी जबरजस्ती करणी जस्तो जघन्य अपराधिक कार्य गरेको स्थितिमा पीडितले तत्काल प्रतिकार गर्न सक्ने अवस्था नहुने ।
- मौकाको शारीरिक परिक्षणबाट पीडितको हाईमन हल्का च्यातिएको (torn) भन्ने उल्लेख भएको स्थिति हुँदा योनीमा लिङ्ग प्रवेश गर्दा हाईमन पूर्णरुपमा फाटेकै हुनुपर्ने भन्ने तर्क गर्नु मनासिव र स्वास्थ्य विधिशास्त्र अनुकूल नहुने ।
- जबरजस्ती करणी हुनलाई बीर्य योनीभित्र स्खलन भएकै वा योनी बाहिर देखिएकै हुनुपर्ने अनिवार्यता नरहँदा प्रतिवादीले लिएको जिकिर तथ्यसंगत तथा कानूनसंगत नदेखिने ।

६. हजरत मिया वि. श्री ५ को सरकार (ने.का.प. २०६४, अंक ४, नि.नं. ७८६९)

- जबरजस्ती करणी जस्तो संगिन फौजदारी अपराधमा पीडित, पीडितको साक्षी जाहेरवालाका सम्बन्धमा अदालतले परिस्थितिलाई गम्भीर रुपमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । जाहेरवाला, पीडित, पीडितको साक्षी उपरको डर, धाक, जिउ ज्यानको खतरासम्मको कारणबाट जाहेरी समयमा नपरेको, शारीरिक जाँच हुन

नसकेको वा साक्षी उपर अनुचित प्रभावमा पर्न सक्ने सम्मको अवस्था रहे नरहेको सो कुराको मूल्याङ्कन हुनु पर्ने ।

- डर, धाक, जीउ ज्यानको खतराको कारण जाहेरी समयमा नपर्न पनि सक्छ । डर धाकको प्रभाव न्यूनीकरण वा सुरक्षाको अनुभूति पश्चात अपराधको जानकारी वा जाहेरी पर्नुलाई अवस्थाको बाध्यताको रुपमा लिनु पर्दछ । यस्तो अवस्थाको विद्यमानतामा शारीरिक परीक्षण हुन नसक्नु स्वभाविक नै हुन्छ । जीउ ज्यानको खतराको कारणले समयमा जाहेरी नपरेको वा शारीरिक परीक्षण हुन नसकेको अवस्थाबाट न्यायीक कार्यमा जटिलता आउन सक्ने । पीडित वा साक्षीहरूको संरक्षण सम्बन्धी कानून वा कार्यक्रमको अभावमा यस्ता परिस्थितिको पुनरावृत्ति भइरहन सक्छ । तथापि अन्य प्रमाणको आधारमा अपराधको छिनोफानो र न्याय प्रदान गर्ने कार्य सम्पन्न हुनु पर्ने ।

७. रणबहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प. २०६४, अंक ११, नि.नं. ७९००)

- पीडित ६ वर्षको नाबालिका जसलाई करणी भन्ने कुरा र पुनरावेदकले आफूलाई के गर्न लागेको भन्ने कुरा नै थाहा हुन सक्ने अवस्था हुँदैन, त्यस्तो नाबालिकले सोह्र वर्ष नाघेको बालिगले जस्तो आफ्नो इच्छा विपरीत हुने करणीमा आफ्नो सतीत्व (chastity) नष्ट गर्न लाग्यो भनी बचाउको लागि हरसम्भव प्रयत्न गर्ने र विरोध गर्ने जस्तो आत्मरक्षाको प्रयत्न गर्ने प्रश्न नै नआउने ।
- अबोध बालिकाले आफूमाथि भएको जबरजस्ती करणी जस्तो नृशंस एवं पासविक अपराधको जस्ताको तस्तै स्वाभाविक रुपमा अभिव्यक्त गरेको भनाईलाई अदालतले अन्यथा अर्थ गरी छिद्रान्वेषण गर्नुपर्ने कुनै आवश्यकता नदेखिने ।
- एक निर्दोष बालिकाले आफूमाथि जबरजस्ती करणी नगरेको भए प्रतिवादीलाई किटान गरी देखाउनु पर्ने कुनै कारण वा परिस्थिति पनि छैन । साथै बालिका उपर आजीवन सामाजिक दाग लाग्ने जबरजस्ती करणी जस्तो जघन्य अपराधमा अवोध बालिकालाई पीडित देखाई स्वयम् पीडित बालिकाको आमाले नै प्रतिवादी उपर जाहेरी दिनुपर्ने अरू कुनै कारण नदेखिने ।
- दश वर्ष नै नपुगेको बालिकाले कसैप्रति रिसइवी लिने वा कसैलाई फसाउने भावनाले गलत र झुठ्ठा कुराको पोल गर्ने भन्ने कुरा ६ वर्षको नाबालिकमा विचार गर्ने सम्मको शक्ति पनि विकास भई नसकेको हुनाले सम्भव हुँदैन । तसर्थ पीडित बालिकाको बकपत्र प्रमाण ऐन, २०३१ को दफा ३८ भित्रको भई दफा १०(१)(ख) बमोजिमको स्वीकार योग्यप्रमाण (Admissible Evidence) मानिने ।
- प्रचलित कानूनले बाहेक गरेको अवस्थामा बाहेक पीडित अदालत समक्ष उपस्थित भई बकपत्र गरेपछि त्यस्तो प्रमाणलाई अदालतले प्रमाणमा लिनुपर्ने ।
- जिरह गरी सो जिरहबाट झुठ्ठा बकेको भन्ने तथ्य खुली सो कुरा अन्य प्रमाणबाट समेत प्रमाणित भएमा वा साक्षीलाई यातना दिईएको वा Tutored witness भएमा आदि अवस्थामा वाहेक अन्य अवस्थामा पीडित व्यक्तिको गवाही महत्वपूर्ण प्रमाण हुने ।
- पीडित बालिकाको शारीरिक परीक्षण प्रतिवेदन, पीडितको मौकाको कागज, पीडित बालिकाले यी प्रतिवादीलाई चिनेर गरिदिएको सनाखत कागज र अदालतमा आई गरिदिएको बकपत्र लगायतका अकाट्य प्रमाणहरूबाटै यी प्रतिवादीको कसूर प्रमाणित भइरहेको हुँदा मौकामा कागज गर्ने विमल चौधरीले अदालतमा आई बकपत्र गर्न नसकेको भन्ने आधारमा सफाई पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जीकिर मनासिव नदेखिने ।

- जबरजस्ती करणीको महलको १ नं.मा "कन्या विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा सोह्र बर्ष मुनिकीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरेपनि र सोह्र बर्ष नाघेकीको राजीखुसी बिना बेम्मन्जुरीले जुनसुकै तरहसँग भएपनि जोर जुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको समेत जबरजस्ती करणी ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिँदा पीडित अवोध बालिका यौनजन्य क्रियाकलापको सामान्य जानकारी पनि राख्न नसक्ने र शारीरिक विकास समेत हुन नसकेकी अवोध बालिका उपर प्रतिवादीबाट जबरजस्ती करणी जस्तो समाज र मानवताकै विरुद्धको नृशंस अपराध भएको छ । महिला विरुद्ध हुने जबरजस्ती करणीको अपराध त्यसमा पनि ६ वर्षकी नाबालिक उपर भएको अपराधमा सजाय गर्न यस अदालतले lenient हुनुपर्ने कुनै कारण नभएकाले कानूनले तोकेको हदैसम्मको सजाय गर्दा पीडितलाई न्याय प्राप्त हुन जाने ।

८. अर्जुनबहादुर पाण्डे वि. श्री ५ को सरकार (ने.का.प. २०६५, अंक १, नि.नं. ७९२३)

(पुरुष जनेन्द्रीय पूर्णरुपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली च्यातिएको वा फाटेकै हुनुपर्ने वा पुरुष बीर्य योनीमा स्खलन भएको हुनैपर्ने अनिवार्यता नहुने) (पीडक वर्ष २३ को र पीडित वर्ष ७)

- घटनाका सम्बन्धमा घटनावाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा तथा घटना भएको थाहा पाउने व्यक्तिले घटनाको तत्काल पछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) र (ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने ।
- जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो । निजले अनुसन्धान अधिकारी तथा अदालत समक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क)(ख) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रुपमा लिनुपर्ने ।
- प्रतिवादीले आफ्नो लिङ्ग पीडितको योनीमा दुई तीन पटकभित्र बाहिर गराई निजको योनीबाट रगत आएको हुँदा लिङ्ग बाहिर निकाली बाहिर जमीनमा बीर्य स्खलन गरेको भनी बयान गरेको र सो बयानलाई अदालतमा समेत इन्कार नगरेको हुँदा प्रस्तुत वारदातमा पीडितको योनीमा प्रतिवादीको बीर्य वा दाग नभेटिनुलाई स्वाभाविक र यथार्थपरक नै मान्नु पर्ने ।
- प्रतिवादीको लिङ्गको पूर्ण प्रवेश (Complete penetration) र बीर्य योनीमा स्खलन (Emission of semen) नभएको अवस्थामा यसैलाई आधार बनाएर यसैको अभावमा प्रतिवादीले पीडित उपर करणी नगरेको र करणीको उद्योग मात्र गरेको भनी ठहर गर्नु न्यायसंगत नदेखिने ।
- जबरजस्ती करणी हुनको निम्ति स्त्रीको योनीभित्र पुरुष जनेन्द्रीय पूर्णरुपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली (Hymen) च्यातिएको वा फाटेकै हुनुपर्ने वा पुरुष बीर्य योनीमा स्खलन भई योनीको वरिपरि बीर्य वा सोको दाग लागेकै हुनुपर्ने अनिवार्यता समेत नरहेको अवस्थामा वीर्य स्खलन सहित वा रहित योनीको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि कानूनी प्रयोजनको निम्ति जबरजस्ती करणीको कसूर हुन पर्याप्त हुने ।

९. सुकवहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६८)

(बालिकाको Hymen सँग लिङ्ग पुऱ्याएको...जबरजस्ती करणी हुने- पीडितको उमेर ३ वर्ष ६ महिना)

- उमेर नपुगेकी अवोध बालिका उपर प्रतिवादीवाट भएको यौन सम्वन्धी आक्रमण (Sexual Assault) निर्दयी र लज्जित प्रकारको कार्य मनसायपूर्वक (Mens rea) र पूर्ण अपराधजन्य मनसायवाट बालिका

उपर गरिएको कार्य अशिष्ट आक्रमण (Indecent Assault) मुलुकी ऐन जबरजस्ती करणीको महलको १ बमोजिम sexual offence भित्र पर्ने।

- प्रतिवादीको मानसिक असन्तुलन भए रहेको अवस्था समेत नदेखिएको, अदालत समक्ष निजले डर त्रास र कुटपिट गरी सावित रहेको भनी जिकीर लिएतापनि सो कुराको पुष्टि गर्न नसकेको, आफ्नो sexual desire लाई पूरा गर्न बालिकाको Hymen सँग लिङ्ग पुऱ्याएको वा योनीको वरिपरि घर्षण गरेको भन्ने देखिएको, बालिकाको कट्टु र प्रतिवादीको शारीरिक परीक्षणवाट वीर्य स्खलन भएको देखिएको अवस्थामा जबरजस्ती करणीको १ नं. अनुसार जबरर्जस्ती करणीको वारदात कायम हुन पर्याप्त हुने ।

१०. बाबु पौडेल क्षेत्री वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ३, नि.नं. ८०९९)

- प्रतिवादीको लिङ्गमा घाउ चोट नभएको कुरालाई प्रतिवादीको निर्दोषिताको प्रमाण मान्न नसकिने ।
- सवल पुरुषको उत्तेजित लिङ्गको सामान्य घर्षण वा प्रवेशबाटै बालिकाको यौनाङ्ग च्यातिनु कुनै अस्वाभाविक घटना होइन र यस्तो अवस्थामा यस अदालतले एक अवोध बालिकामाथि भएको जबरजस्ती करणी जस्तो नृशंश एवं निर्मम अपराधमा प्रतिवादीको लिङ्गको घाउ खतका चिन्हहरूको विद्यमानता रहे नरहेको भन्ने आधारलाई कुनै सहानुभूति दर्शाइ रहनु नपर्ने ।
- योनीमा औंला घुसाएको भनेपनि औंला घुसाएको भनेकै आधारमा जबरजस्ती करणीको आरोपबाट निजलाई कम सजाय हुने अवस्था नदेखिने ।
- मानव सभ्यता उपर नै कलङ्क लगाउने गरी एक अवोध नाबालिका उपर जबरजस्ती करणी जस्तो जुन अमानवीय एवम निर्लज्ज अपराध भएको छ त्यसको गम्भीरता समेतलाई हेरी प्रतिवादी उपर सजायको निर्धारण गर्नु नै उचित हुने ।

११. नेपाल सरकार वि. टेकबहादुर क्षेत्री (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१४२)

- करणी गर्ने इच्छा वा मनसायले पूर्णता प्राप्त गरेको क्रियालाई अपराधले पूर्णता पाएको अवस्था अर्थात् Commission of the Crime का रुपमा लिनु पर्ने ।
- जबरजस्ती करणीका लागि सम्पूर्ण प्रयास गरेको, त्यसमा कहीं कतैबाट हस्तक्षेप समेत नभएको तर बालिकाको उमेर अत्यन्त कम भएकै कारणले मात्र योनीभित्र लिङ्ग प्रवेश नगरेको अवस्थालाई अपराधको गम्भीरता घटाउने आधार बनाउन नमिल्ने ।
- बालिकाको उमेर अत्यन्त कम भएकै कारणले गर्दा बालिकाको योनीभित्र निजको लिङ्ग प्रवेश नगरेकै आधारमा निजको क्रियालाई जबरजस्ती करणीको उद्योगका रुपमा मात्र सीमित गराउन नमिल्ने ।

१२. नेपाल सरकार वि. नारायणबहादुर राउत (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९)

(पीडित अदालतमा hostile भएतापनि अन्य प्रमाणको आधारमा ज.क ठहर)

- जबरजस्ती करणी मुद्दामा करणी स्थापित गर्ने विषयमा पीडित तथा अन्य व्यक्तिको भनाइ महत्वपूर्ण रहदाँरहँदै पनि अकाट्य भने हुदैन । जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरूले व्यक्त गरेको कुरालाई पीडित तथा पीडकको शारीरिक परीक्षण लगायतका अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा प्रमाणमा लिनुपर्ने ।
- पहिला अनुसन्धान अधिकारी समक्ष जबरजस्ती करणी भएको हो भनी कागज गरिदिएको र सो कुरा

प्रतिवादीको बयान लगायतका अन्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा पछि अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी पीडित तथा अन्य व्यक्तिले बकपत्र गरेको आधारमा मात्र प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय प्रतिवेदन (Medical Report) को प्रतिकूल हुनेगरी जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न नसकिने ।

- अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारी समक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने ।

१३. नेपाल सरकार वि. मुवारक मिर मुसलमान (ने.का.प. २०६७, अंक ९, नि.नं. ८४६६)

(सात वर्षीया नाबालिकाको योनीमा लिङ्ग आँशिक वा पूर्ण जे जस्तो भए पनि जबरजस्ती करणी हुने)

- जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराधजस्तो होइन । सामान्यतयाः अन्य अपराधमा पीडकले गर्ने आपराधिक कार्य (Criminal Act) बाट एक वा अर्को प्रकार र परिमाणको प्रतिफल (Return) प्राप्त हुन्छ । त्यो प्रतिफल आर्थिक लाभ होस, इबी साधन होस अथवा मनोवैज्ञानिक सन्तुष्टि (Psychological Satisfaction) नै किन नहोस् एक वा अर्को प्रकारको प्रतिफलका लागि मानिसले अपराध गर्दछ । त्यसैले अपराधबाट हुने लाभ वा प्रतिफलको आधारमा अन्य अपराधहरूको स्वरुप र गम्भीरता निर्धारण हुन्छ । जबरजस्ती करणीको अपराध भिन्न प्रकृतिको विशेष र गम्भीर अपराध हो । यसको स्वरुप र गम्भीरताको मापन दुई प्रकारले हुन्छ । पहिलो मापदण्ड हो पीडितलाई हुने क्षति र दोस्रो हो पीडकलाई प्राप्त हुने प्रतिफल ।
- जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवम् सामाजिक प्रतिष्ठा, मान—मर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ । त्यसैले पीडितको क्षतिको आधारलाई जबरजस्ती करणीको अपराध प्रमाणित गर्ने सन्दर्भमा पहिलो मापकको रुपमा अदालतले ग्रहण गर्नुपर्ने ।
- एउटी सात वर्षीया नाबालिकासँगको घृणित आपराधिक कार्यको सन्दर्भमा अरु कार्यहरू गरी सकेको अवस्थामा पीडितको योनीमा पीडकको लिङ्ग प्रबेश आंशिक वा पूर्ण जे जस्तो अवस्थाको भएपनि जबरजस्ती करणीको कसूर प्रमाणित हुन त्यति नै पर्याप्त हुन्छ । उद्योग भनेको जबरजस्ती करणीको प्रयास गर्नुसम्म हो । जबरजस्ती करणी गर्ने कामको प्रारम्भ गरी सकेपछि उद्योगको अवस्था रहँदैन । त्यो काम जुन चरणसम्म गरेको भएपनि कामको उद्योग नभै कामै गरेको ठहरिने ।

१४. नेपाल सरकार वि. नारायण पौडेल खत्रीसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५६४)

(Marriage after Rape ले ज.क. को कसूरलाई legalize नगर्ने)

- अपराधको सूचना दर्ता गर्ने कुरा समाजमा रहेको चेतनाको स्तर, आर्थिक, सामाजिक, र साँस्कृतिक भेदभावबाट ग्रसित अवस्था, भौगोलिक स्थिति, परिवारको इज्जत र प्रतिष्ठा, सामाजिक दृष्टिकोण, पृष्ठभूमि, कुसंस्कार, द्विविधाजनक मनोविज्ञान र अपराधको प्रकृति जस्ता विभिन्न कारक तत्वहरूले निर्धारण गर्ने

कुरालाई पनि सहजरुपमा मनन् गर्नुपर्ने ।

- सामाजिक परिवेश, पारिवारिक अवस्था, पीडितको चेतनास्तर, भौगोलिक विकटता, डरत्रास, द्विविधाजनक मनोविज्ञान जस्ता कारण छेकबार हुन सक्ने सम्भाव्यतालाई मनन् गरी घटना घटेको ३५ दिनभित्र नालेस दिनसक्ने प्रावधान गर्नुको पछाडि उपरोक्त अवस्था समेतको मनन् गरी व्यवस्थित गरिएको हुनु पर्दछ । उल्लिखित विभिन्न कारक तत्वहरूले जाहेरी दिन केही दिन वा समय ढिलो हुन सक्ने कुरालाई नजरअन्दाज गर्न कदापि मिल्दैन । तसर्थ जवर्जस्ती करणीको वारदात घटेको विषयमा जाहेरी दिने ३५ दिनको समय दिने गरी भएको प्रस्तुत कानूनी व्यवस्थाले पनि विविध कारण हुन सक्ने यथार्थतालाई आत्मसात गरेको पाइन्छ । यस कारण मौकामा तत्काल जाहेरी नदिनुलाई मात्र आधार मानी अपराधबाट उन्मुक्ति दिनु पर्दछ भनी सोच्न कानूनसंगत नहुने ।
- अघि प्रष्ट नभएका कुरालाई प्रष्ट पार्ने प्रयोजनका लागी मात्र उपयोग गर्न नसकिने ततिम्बा बकपत्रलाई मौकामा दिएको जाहेरी व्यहोरा समर्थन गरी गरेको बकपत्रको कथन पूर्णरुपले प्रतिस्थापन हुने गरी नयाँ कथन स्थापित गर्ने गरेको कार्यलाई कानूनी मान्यता प्रदान गर्न सकिने अवस्था नआउने ।
- प्रचलित कानूनी व्यवस्थाले निर्देश गरेको कार्यविधिगत प्रकृया अवलम्बन नगरी गराइएको एवं अघि स्पष्ट भइसकेको तथ्यभन्दा विपरीत हुने गरी गराएको ततिम्बा बकपत्रले कानूनी मान्यता पाउने आधार नदेखिने ।
- अदालतले अघि स्पष्ट नभएको अवस्थामा नबुझी नहुने भएमा, अघि स्पष्ट नभएका कुरामा मात्र बुझ्न ततिम्बा बयान गराउन सक्ने प्रमाण ऐनको स्पष्ट व्यवस्थालाई आत्मगत रुपमालिई जहिलेसुकै र स्थापित भइसकेको सम्पूर्ण तथ्यको विपरीत हुने गरी साक्षी बुझ्ने काय कानूनसंगत मान्न नमिल्ने ।
- जबरजस्ती करणी मुद्दामा पीडितको भनाई नै सर्वाधिक महत्वको रहन जाने कुरामा विमत्ति हुन नसक्ने ।
- पहिले घटेको वारदातका सम्बन्धमा अनुसन्धान तहकीकात भई अदालतमा मुद्दा दर्ता भए पश्चातको मिति राखीविवाह दर्ता प्रमाण पत्र बनाई पेश गरेको कार्यलाई प्रमाणमा ग्रहण गरी कसूरबाट उन्मुक्ति दिन नसकिने ।
- बलात्कारपछि भएको विवाहका आधारमा अपराधबाट अपराधीलाई उन्मुक्ति दिने हो भने निश्चित रुपमा दण्डहीनताले प्रधानता पाई समाजमा राज्यप्रति नकारात्मक प्रभाव पर्ने ।
- वैवाहिक सम्बन्ध स्थापित भएकै कारणले मात्र आपराधिक दायित्वबाट प्रतिवादीले उन्मुक्ति पाउने भनी निष्कर्षमा पुग्नु प्रचलित न्यायिक मूल्य मान्यता र कानूनप्रतिकूल हुने ।
- लोग्ने स्वास्नीबीच पनि जबरजस्ती करणी भएमा अपराध हुने व्यवस्थालाई स्वीकार गरिसकेको अवस्थामा जबरजस्ती करणी भए पश्चात विवाह गरी प्रतिवादी र जाहेरवालाबीच लोग्ने स्वास्नीको सम्बन्ध (Marriage after Rape) स्थापित हुँदैमा जबरजस्ती करणीको अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने भनी निष्कर्षमा पुग्नु कानूनसंगत नहुने ।

१५. नेपाल सरकार वि. राजेन्द्रसिँह सिख (ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९९)

(स्वास्थ्य परीक्षणमा करणीको लक्षण नदेखिए पनि अन्य प्रमाणका आधारमा ज.क.ठहर)

- जबरजस्ती करणीको वारदात स्थापित हुन योनीको जाली च्यातिनै पर्ने पूर्वशर्त रहेको हुँदैन । कन्याजाली च्यातिएको अवस्थाले अपराध स्थापित गर्न थप पुष्टि गर्नेसम्म हो । करणी भएको यकीनसाथ भन्न नसकिने

भन्ने शारीरिक परीक्षण प्रतिवेदनले उल्लेख गरेको देखिए पनि सो परीक्षण घटना घटेको १० दिनपछि भएको अवस्थामा सो प्रतिवेदनलाई मात्र निर्णयाधारको रूपमा ग्रहण गर्न नसकिने ।

- जाहेरी, जाहेरवालाको भनाई, पीडितको भनाई, बुझिएका मानिसहरूको भनाई समेत अन्य प्रमाणहरूले आपराधिक कार्यलाई स्थापित गरिरहेको अवस्थामा मनासिब समयभित्र नभएको परीक्षण प्रतिवेदनको राय अन्य प्रमाणहरूभन्दा भिन्न भएको अवस्थामा करणीको लक्षण नदेखिएको भन्ने परीक्षण प्रतिवेदन निर्णायक प्रमाणको रूपमा रहन नसक्ने।
- जबरजस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यको दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन । केवल अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको स्थितिलाई उद्योगको रूपमा चित्रित गरिएको छ । मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य गरेको हुँदैन । तसर्थ, यो चरणसम्म अपराधको उद्योगको प्रश्न उठ्दैन । तर त्यस्तो अपराध गर्न चाहने व्यक्तिले तयारीको चरणलाई पार गरी आपराधिक कार्य गरेको देखिएमा त्यो कार्य उद्योगसम्म मात्र सीमित रहेको मान्न नमिल्ने ।
- केवल पूर्ण अपराधको लागि परिभाषित आपराधिक कार्य स्थापित हुन नसकेमा त्यस्तो कार्यलाई मात्र सो अपराधको उद्योगको रूपमा ग्रहण गर्नुपर्ने ।
- आपराधिक कार्य भइसकेको तर पूर्णता नपाएको अवस्था भएमा मात्र त्यो उद्योग हुने हो । यदि त्यस्तो कार्यले पूर्णता पाएको अवस्था भएमा सो कार्यले पूर्ण अपराध नै स्थापित हुन जाने हुन्छ, यस्तो अवस्थालाई उद्योग मात्र मान्न नमिल्ने ।
- एकान्त घर कोठामा लगी करणी गरेको तथ्य स्थापित भइरहेको अवस्थामा सो कार्यलाई उद्योग मात्र भएको भनी मान्न नमिल्ने । पीडितको योनीबाट रगत बग्नु, निजको कपडामा लाग्नु तथा यस कुराको पुष्टि सो अवस्थाका प्रत्यक्षदर्शीबाट हुनुबाट अपराधले पूर्णता पाएको स्वीकार गर्नुपर्ने ।
  (नोटः जिल्ला र पुनरावेदन अदालतले उद्योग ठहऱ्याएकोमा सर्वोच्चबाट पूर्ण अपराध ठहरेको)

१६. नेपाल सरकार वि. शंकर विश्वकर्मा (ने.का.प. २०६९, अंक ६, नि.नं. ८८४४)

- नाबालिका १६ वर्ष भन्दा मुनिको स्वास्नी मानिसलाई सहमतिले नै करणी गरे पनि मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसूरभित्र पर्ने हुँदा सहमतिमा करणी भएको जबरजस्ती करणी हुँदैन भन्ने जिकीर स्वीकार्य नदेखिने ।

१७. नेपाल सरकार वि. बीरबहादुर सार्की (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६५)

- जबरजस्ती करणीको कसूर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्वशर्तको रूपमा लिन मिल्दैन । Hymen is intact भएको अवस्थामा पनि जबरजस्ती करणीको कसूर स्थापित हुन सक्ने ।
- घटनाबाट पीडित व्यक्तिले घटनाको सम्बन्धमा अदालतमा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्ने ।

१८. बद्री खत्री वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ६, नि.नं. ९१८६)

- नाबालिका बच्चीको योनीमा आफ्नो लिङ्ग रगडेर योनीमै वीर्य स्खलन गरी यौन आनन्द लिएको अवस्थामा सानो बच्चाको अविकसित योनीमा वयस्क मानिसको उत्तेजित लिङ्ग पूरा प्रवेश हुन नसकेको कारणले मात्रै उद्योग ठहऱ्याउनेतर्फ नतिजामा पुग्दा विधायिकाले जबरजस्ती करणीको महलले पीडकलाई जुन सजायको व्यवस्था गरेको हो त्यसको औचित्य समाप्त हुन जाने ।
- नाबालक र कम उमेरका बालिकाउपर हुने सबै करणीका वारदातमा उद्योग ठहऱ्याउनुपर्छ भन्ने कानूनले व्यवस्था गरेको मान्न नमिल्ने ।
- लिङ्ग नपसेकै कारणले मात्र सबै मुद्दामा उद्योगसम्म मात्रको कसूर ठहऱ्याउँदा विधायिकाले परिकल्पना गरेको ऐनको उद्देश्य र मक्सद मर्न जाने ।

१९. बीरबहादुर मगर वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२०)

- जबरजस्ती करणीमा वीर्य स्खलन हुनु स्वभाविक हुन्छ तर वीर्य स्खलन हुनैपर्छ भन्ने अनिवार्यता भने हुँदैन । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरणको (ग) मा "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ" भन्ने स्पष्ट कानूनी प्रावधान रहेको देखिन्छ । तसर्थ, जबरजस्ती करणीको विवादमा वीर्य स्खलन पनि एउटा प्रमाण हो तर वीर्य स्खलन नहुँदैमा जबरजस्ती करणी नहुने भनी यसलाई अनिवार्य तत्वको रूपमा कानूनले राखेको नभई योनीमा लिङ्ग केही भागमात्र प्रवेश गरे पनि जबरजस्ती करणीको वारदात हुन पर्याप्त हुने । पीडित बालिकाको Post Fourchette मा Redness देखिनुले योनीमा लिङ्ग रगडेको र केही मात्रा मै भए पनि प्रवेश गरेको मान्नुपर्ने नै हुन्छ । यसप्रकार, पुनरावेदक प्रतिवादीले अनुसन्धानको सिलसिलामा आरोपित कसूरमा साबित रही गरेको कागजलाई पीडित बालिकाको Post Fourchette मा Redness देखिनु र पीडितले यी प्रतिवादीलाई किटानी पोल गर्नुबाट सम्पुष्टि (Corroboration) भई रहेको यस अवस्थामा प्रतिवादिले पीडितलाई जबरजस्ती करणी गरेको नै देखिने ।

२०. नेपाल सरकार वि. यादवप्रसाद घिमिरे (ने.का.प. २०७२, अंक १, नि.नं. ९३३५)

(जागिरको प्रलोभन देखाएर दिइएको सहमति सहमति नहुने)

- एउटा वयस्क र स्वस्थ महिला अथवा पुरूषलाई उहीसरहको महिला अथवा पुरूष एक्लैले निजको इच्छाविरूद्ध जबरजस्ती करणी गर्न सक्तैन । पीडितले रोई कराई सङ्घर्ष आदि गरेर प्रतिरोध गर्नुपर्छ । पीडित तथा प्रतिवादीको शरीरमा प्रतिरोधको चिन्ह देखिनुपर्छ भनी पीडितको शरीर र उमेर मात्र हेर्ने दृष्टिकोणलाई मान्यता दिँदैन । पीडितको मानसिक अवस्था र परिवेश पनि हेर्नु आवश्यक हुने ।
- प्रतिवादीले जाहेरवालीलाई जागिरको प्रलोभन देखाई त्यसको लागि तयारी गर्नुछ भनी एउटै कोठामा रात बिताउन बाध्य पारेको एवम् प्रतिवादीसँग विवाह गर्न नमान्दा विवाह गर्नका लागि बाध्य पार्ने हेतुले जबरजस्ती करणी गरेको भन्ने जाहेरवालीको कथन सो घटनाको लगत्तैपछि निजबाट एसएमएस भएका तत्कालको प्रतिक्रियाहरूबाट समेत प्रमाणित भएको देखिने ।
- अभियुक्तको कागज गराउने अधिकारीको सामथ्र्य र प्रभावको बारेमा उल्लेख भएको व्यहोराबाट प्रतिवादीले भयरहित, दबाबरहित, प्रलोभन, आश्वासन, झुक्यानरहित वातावरणमा व्यक्त गरेको कुनै कुरा बिनासर्त प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने देखिने ।

- प्रतिवादीको स्वास्थ्य परीक्षण गर्दा प्रतिवादी भाग्न उम्कन नसकोस् र प्रतिवादीले चिकित्सकलाई आफ्नो पक्षमा प्रतिवेदन दिनको लागि प्रभावित गर्न नसकोस् भन्नका लागि सुरक्षा प्रयोजन हेतु जुनसुकै प्रतिवादी अस्पताल, अदालत जस्तो अन्यत्र ठाउँमा जानुपर्ने भएमा निजका साथमा २/४ जना प्रहरी रहने कुरा स्वाभाविक हुन्छ । तर त्यस किसिमले सामान्य प्रहरीको उपस्थितिबाटै प्रतिवादीको इच्छाशक्ति नियन्त्रित भएको थियो भन्न मिल्दैन । जनसाधारणको सामान्यतया पहुँच नहुने प्रहरी कार्यालयमा हुने प्रतिवादीको बयान र अस्पताल जस्तो सबैको पहुँच हुने सार्वजनिक स्थलमा हुने काम कारवाहीलाई एउटै श्रेणीमा राख्नद नमिल्ने ।
- पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन । सोच्दै नसोचेको घटना घट्दा सबैले एकै हिसाबले सुझबुझका साथ यस्तै प्रतिक्रिया व्यक्त गर्नुपर्छ भन्न मिल्दैन । पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदाततमा भएको त्यो हदसम्मको प्रतिक्रिया स्वाभाविक हुने ।
- पीडितले स्वतन्त्रतापूर्वक नै विरोध नगरेकी कुनै जिकिर प्रतिवादीबाट आउन सकेको छैन । यस्तो अवस्थामा करणी भएको ठहर्नासाथ सो करणी स्वतः जबरजस्ती करणी भएको देखिन्छ । सहमतिका लागि माथि उल्लिखित साँघुरा दायरा र चिकित्सकको किटानी बकपत्रसमेतको प्रमाणले प्रतिवादीविरूद्धको अभियोगदावी ठोस र शङ्कारहित प्रमाणबाटै पुगेको छ ।

२१. लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४६)

(१४ वर्ष उमेरको नाबालिकासँग विवाह गरी करणी गरेकोमा Statutory Rape)

- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम कसूर हुनको लागि कुनै पनि व्यक्तिको बेचविखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन । सो उद्देश्यको लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुऱ्यान बाँकी रहेको अवस्थामा समेत सो कसूर भएको मानिने।
- मुलुकी ऐन, विहावरीको २ नं. मा "विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन" भनी गरेको व्यवस्थाले संरक्षकको मन्जुरी भएमा महिला र पुरूष दुबैको उमेर १८ र संरक्षकको मन्जुरी नभए २० वर्ष उमेर नपुगी विवाह गर्न गराउन नहुने व्यवस्थाअनुसार विवाह हुँदा न त पीडितको संरक्षकको मन्जुरी थियो भन्ने प्रतिवादीहरूको जिकिर छ नत पीडितको उमेर २० वर्ष पुगिसकेको थियो भन्ने जिकिर लिन र सो पुष्टि हुने प्रमाण प्रस्तुत गर्न नै सकेको पाइन्छ । ... वारदातको समयमा पीडितको उमेर १४ वर्षमात्र रही वैध विवाहको लागि चाहिने उमेर पूरा भएको नदेखिँदा पीडित र प्रतिवादीको बीच भएको उक्त विवाह वैध विवाह नभई बालविवाह भएको तथ्य पुष्टि हुन आउने ।
- मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था हुँदा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले

जबरजस्ती करणी गरेको मान्नु पर्ने।

- पीडितको उमेर वारदातको बखत १६ वर्षभन्दा कम रहेको अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको वा पीडितले करणीको लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
- पीडितको उमेर १४ वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबरजस्ती करणी भएको मानिने ।
- पीडित स्वयम्ले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन् र त्यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो बयानको व्यहोरा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने ।
- पीडित मौकामा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर घटनाको बारेमा बयान मात्र दिइन् वा त्यस्तो घटनासँग सम्बन्धित कसूरको अनुसन्धान प्रक्रिया अगाडि बढाउन निजले नै जाहेरी वा उजुरी दिएकी हुन् होइनन् भनी खोजिनीति गरिरहनु पर्ने र पीडित स्वयम्को उजुरी नभई पीडित बालिकाका माता–पिता वा संरक्षकले उजुरी वा जाहेरी दरखास्त दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित बयानको प्रमाणिकता शून्य हुने वा त्यस्तो बयान प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी न्यायको रोहमा साँघुरो अर्थ गर्न नमिल्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचबिखन तथा ओसारपसार अपराधको उजुरी पीडित वा अरू कसले दियो भन्ने कुराभन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो वा भएन भन्ने कुरा महत्वपूर्ण हुने ।
- पीडित बालिका आफैंले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको बयान व्यहोरालाई पीडितले अदालतमा पुनः उपस्थित भई बकपत्र नगरेको भनी उक्त मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न नमिल्ने ।
- अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुर्यादउनु वा पुनस्थापना गर्न सक्नु पर्छ । तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने ।
- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ का पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने तथा बाबुआमा, कानूनी संरक्षक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिका माथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुव्र्यवहार, शोषण, यौन दुव्र्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ । नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने नदेखिने ।
- अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकारसमेतबाट सो सम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी देखिने ।

- अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा राख्नुपर्ने हुन्छ । तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रस्ट हुन आउने ।
- पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रुरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने ।
- पीडकको आर्थिक हैसियत वा क्षमताले त्यस्तो क्षतिपूर्तिमा निर्णायक स्थान प्राप्त गर्ने वा निर्णयको आधार बन्ने अवस्था सिर्जना गरिनु नहुने । अन्यथा पीडक पहिचान हुन नसकेको, फरार रहेको, आर्थिक अवस्था कमजोर रहेको वा कम उमेरको रहेको भन्ने जस्ता तर्कहरू अगाडि ल्याएर पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित वा सङ्कुचित हुन जाने ।
- यस्तो अवस्था सिर्जना हुन गएमा पीडित बाँच्न पाउने हकबाट नै वञ्चित भई पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन नसकी पीडितको बाँच्न पाउने मौलिक हक र आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तर्राष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्याससमेतको आधारमा हामीकहाँसमेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा मान्नुपर्ने हुन्छ । यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो । यस हकलाई व्यवहारिक, वास्तविक र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व र राज्यको कर्तव्य हुने ।
- पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने ।
- पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस् अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनस्थापन राज्यले नै गर्नुपर्ने ।
- महिला हिंसा, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार जस्ता मुद्दामा पीडितले भोगेको पीडा स्वरूप पाउने क्षति नागरिकको अभिभावक र संरक्षक भएको हैसियतले राज्य स्वयम्ले तत्काल उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्ने ।
- क्षतिपूर्ति बापतको रकम राज्यले पीडकबाट असुल उपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था लागू गर्न सक्ने।
- पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले पीडितलाई थप पीडा दिन नमिल्ने ।
- पीडितले प्रतिवादीहरूबाट भराइ पाउने ठहर भएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगोसरह असुलउपर गर्नु, गराउनु एवम् अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति रकम

एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउन र सो रकम पीडकबाट असुल उपर गर्ने गराउने व्यवस्था मिलाउन यथाशीघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

२२. दीपक चन्दसमेत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४७२)

- जबरजस्ती करणीको वारदातको समयमा पीडितले दिने सहमति स्वेच्छिक हो वा डर त्रास र करकापमा पारी दिएको हो सोसमेत विचार गर्नुपर्ने देखिँदा प्रस्तुत वारदातमा खुकुरी प्रयोगको सन्दर्भ स्थापित भैसकेको अवस्थामा पीडितले करणीको लागि सहमति नै दिएको भएपनि सो सहमतिलाई स्वतन्त्र सहमति मान्न नसकिने ।
- आफूउपर खुकुरी प्रयोग हुन सक्ने सम्भावित जोखिमबाट बच्न यदि पीडितले सहमति नै दिएको भएपनि त्यसलाई करणीको लागि सहमति दिएको भनी मान्न सकिएन । कानूनअनुसार पनि उक्त सहमतिले वैधानिकता पाउन सक्ने नदेखिने ।
- हाम्रो सामाजिक मूल्य मान्यता हिन्दू सभ्यता र संस्कारबाट विकसित भएको अवस्थामा महिलाको सवाल सामाजिक रूपमा अत्यन्त संवेदनशील रहेको मानिन्छ । सामाजिक लोकलाजका कारण गोप्य रूपमा कुनै महिला तथा पुरूषले यौनसम्बन्ध कायम गर्ने गरे तापनि सङ्कुचित यौन विचारधारा रहेको हाम्रो समाजमा खुलम खुल्लारूपमा जाहेरवालीले आफ्नो सामाजिक प्रतिष्ठाको समेत विचार नै नगरी सार्वजनिक स्थलमा चार—चार जना पुरूषलाई एकै पटक करणी गर्न स्वेच्छिक मन्जुरी दिएकी होलिन् भनी मान्न नसकिने ।
- पश्चिमा सभ्यता र संस्कारको जस्तो यौन खुलापनको मान्यता अवलम्बन नगरिएको सामाजिक पृष्ठभूमिमा ग्रामीण परिवेशमा हुर्केकी जाहेरवालीले आफ्नो स्वेच्छिक मन्जुरीले एकभन्दा बढी पुरूषलाई एकै समयमा करणीको लागि सहमति दिएकी होलिन् भनी अनुमान गर्नु सामान्य रूपमा प्रयोग गरिने विवेकभन्दा बाहिरको देखिने ।
- विवेकसम्मत रूपमा समेत अनुमान नै गर्न नसकिने तथ्य समावेश भएको प्रस्तुत वारदातमा पुनरावेदकले जिकिर गरेजस्तो करणी सहमतिमा भएको नपाइने हुँदा सहमतिबिना गरिएको करणीलाई जबरजस्ती करणी नै मान्नुपर्ने ।
- करणी गर्दाको बखत एकजनाभन्दा बढीको सामूहिक संलग्नता रहेको तथ्य निर्विवाद रूपमा स्थापित भएको र करणी स्वेच्छिक नभई जबरजस्ती भएको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूबाट भएको कार्य सामूहिक जबरजस्ती करणीको वारदातको रूपमा रहेको देखिन आउने ।

२३. नेपाल सरकार वि. टसी वि.क.समेत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५१९)

(जबरजस्ती करणी र जबरजस्ती करणी उद्योगको व्याख्या गरिएको)

- जबरजस्ती करणीको अपराध र जबरजस्ती करणीको उद्योगका बिचमा कस्तो भिन्नता रहने हो भन्ने सम्बन्धमा विचार गर्दा, सामान्यतयाः कुनै पुरूष व्यक्तिले महिलालाई निजको मन्जुरी नलिई जोर जबरजस्ती गरी निजको पुरूष जनेन्द्रिय महिलाको योनिमा प्रवेश गराई यौन सन्तुष्टि लिने कार्य जबरजस्ती करणीको अपराधजन्य कार्य हो । उक्त अपराधमा अपराधकर्ताले यौन तृष्णा मेटाउने मनसाय राखी पीडित महिलाको मन्जुरी बेगर जबरजस्तीपूर्वक आफ्नो लिङ्ग महिलाको योनिमा प्रवेश गराई यौन सन्तुष्टि लिएको हुन्छ । यसप्रकार जबरजस्ती करणीको कसूर हुनका लागि तीन वटा आधारभूत तत्व हुनु अनिवार्य हुन्छ ।

जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव । ती तत्वहरूको अभावमा जबरजस्ती करणीको कसूर स्थापित हुन सक्दैन । पीडितको मन्जुरीमा वा आपसी सहमतिमा भएको करणीलाई जबरजस्ती करणीको अपराध मानिँदैन । तर उक्त मान्यताका केही अपवादहरू रहेका छन्, जस्तैः पीडित व्यक्ति नाबालिका भएको अवस्थामा उक्त मान्यता लागू हुन सक्दैन । पीडित नाबालिका भएको अवस्थामा दुई पक्षको आपसी सहमति र मन्जुरीमा करणी लिनु दिनु गरेको भए पनि त्यस्तो करणीलाई जबरजस्ती करणी नै मानिन्छ र कर्तालेजबरजस्ती करणीकै दायित्व बहन गर्नु पर्दछ । पीडित नाबालिकाको मस्तिष्क पूर्णरूपमा विकसित भैनसकेको हुनाले नाबालिकाले स्वतन्त्ररूपमा त्यस्तो कार्यको प्रकृति र परिमाणसमेत मनन गरी मन्जुरी वा सहमति जनाउन नसक्ने भएकोले त्यस्ता अवस्थाका पीडित व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी नमानिने सर्वस्वीकृत मान्यता रहिआएको छ । त्यस्तै डर, धाक, धम्की, अनुचित प्रभावमा पारी वा जोरजुलम गरी लिएको सहमतिलाई पनि सहमति नमानिने ।

- जबरजस्ती करणी र जबरजस्ती करणीको उद्योगको कसूरको सामान्य मान्यताको पृष्ठभूमिमा कतिसम्मको कार्यलाई जबरजस्ती करणीको पूर्ण अपराध मानिने हो र कतिसम्मको कार्यलाई जबरजस्ती करणीको उद्योगको कसूर मानिने हो अर्थात् ती दुई कसूरमा लिङ्गको योनीमा प्रवेशको अवस्था कतिसम्म हुनुपर्ने हो, पीडित व्यक्ति बयस्क नभई नाबालिका भएको अवस्थामा त्यसलाई कसरी व्याख्या, विवेचना गरिनु उपयुक्त हुन्छ भन्ने सन्दर्भमा हेर्दा, जबरजस्ती करणीको पूर्ण अपराध हुनका लागि पुरूषको लिङ्ग महिलाको योनीमा पूर्णरूपमा प्रवेश गरेको हुनुपर्ने, वीर्य स्खलन हुनुपर्ने, पीडित महिलाले प्रतिकार गरेको हुनुपर्ने, सो गर्दा पीडक र पीडितको शरीरमा संघर्ष र प्रतिकारका चिह्न हुनुपर्ने जस्ता परम्परागत मान्यतामा परिवर्तन आई पुरूषको लिङ्ग महिलाको योनीमा केही मात्रामा प्रवेश गरेको भए वा घर्षणसम्म भएको अवस्थामा पनि जबरजस्ती करणीको अपराध मानिने मान्यताको विकास भएको पाइन्छ । करणी गर्दा वा गर्न खोज्दा लिङ्गको पूर्ण प्रवेश हुन पायो वा पाएन भन्ने कुरा वस्तुस्थितिमा भर पर्ने कुरा हो । सो पूर्ण प्रवेश हुन पाएको वा नपाएको हुन सक्छ । पूर्ण प्रवेश भएमा एउटा र आंशिक प्रवेश वा योनीमा घर्षण भए अर्को कुरा मानी कसूरको छुट्टै वर्गीकरण गर्न सकिने अवस्था रहँदैन । करणी गर्ने उद्देश्यले कार्य हुन्छ भने योनीमा लिङ्गको पूर्ण वा आंशिक प्रवेश भए पनि करणी गरेको मान्नुपर्ने ।
- अत्यन्त कलिलो उमेर अवस्था भएको बालिकाको हकमा जबरजस्ती करणी गर्दा वयस्क महिलासँगको सम्बन्धमा जस्तो लिङ्ग प्रवेश सजिलो हुँदैन । करणीको कार्य लिङ्ग प्रवेशपछि मात्रै सुरू हुने नभई करणी गर्ने उद्देश्यले यौन कार्य सुरू गर्दा देखिनै करणीको कार्य हुन्छ । लिङ्गको पूर्ण प्रवेश र कर्ताको पूर्ण सन्तुष्टिलाई आधार मानेर वा पीडितको योनीमा परेको आघातको असरलाई विचार गरी जबरजस्ती करणीको कार्य भए वा नभएको निर्णय गर्ने हो भने करणीका सम्बन्धमा पीडित वा पीडकको आ—आफ्नो स्थितिअनुसार विरोधाभाष पूर्ण व्याख्या गर्नुपर्ने हुन जाने ।
- लिङ्ग र योनीको सम्पर्क गरी करणीको कार्य हुने हुनाले योनीमा कति प्रवेश होइन कि योनीमा किंचित घर्षण वा प्रवेश पनि करणी गर्ने उद्देश्यले भएको छ भने सो करणी भएको मान्नु पर्ने ।
- बालिकाको यौनाङ्गमा लिङ्गले छुने, रगड्ने वा आंशिकरूपमा प्रवेश गरेको रहेछ भने पनि बालिका विरूद्धको करणीको कार्य पूरा भएसरह नै मान्नु पर्ने हुन्छ । अन्यथा लिङ्गले त्यहाँसम्म प्रवेश गर्ने कुरा अप्रासंगिक हुन्छ । आपराधिक मनसायलाई हेरी खराब कार्य (Mischief) लाई निरूत्साहित गरी दण्डित गर्ने हिसाबले

कसूरसम्बन्धी कानूनको व्याख्या गर्नुपर्ने ।

- योनिमा लिङ्ग रगड्ने कुरा यौन व्यवहार बाहेक अन्य प्रयोजनलाई हुँदैन । रगड्ने मात्रै उद्देश्यले लिङ्गले योनीमा स्पर्श गर्न गराउन खोजेको छुट्टै उद्देश्य भए सो पनि स्पष्ट हुनुपर्छ । यौन कार्यको लागि योनीमा घर्षण मात्रै पनि एउटा अवस्था हुन सक्छ अथवा योनिच्छेद गर्ने कार्य पूर्णरूपले सफल नभएको पनि अवस्था हुन सक्छ । तर पूर्ण प्रवेश नहुनु, पूर्ण सन्तुष्टि नहुनु, वीर्य स्खलन नहुनु आदि यौन कार्यभित्रकै विविध अवस्थाहरू हुन् । योनीमा लिङ्ग रगड्ने कार्य निर्दोष र प्रवेश मात्रै दोषयुक्त भन्ने अवस्था होइन । एकाको गुप्ताङ्ग जबरजस्ती खोली योनीमा लिङ्गको घर्षण गराउने कार्य गरिन्छ भने त्यो आपराधिक कार्य नै हो र त्यो जबरजस्ती करणीको उद्योग मात्रै नभई उद्योगको कार्यान्वयन गरी जबरजस्ती करणीकै एउटा अवस्था मान्नु पर्ने ।
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले जबरजस्ती करणीको महलको १ नं. मा रहेको साबिकको व्यवस्थाको सट्टा ... कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ । स्पष्टीकरणः— यस नम्बरको प्रयोजनका लागिः डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोर जुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन, होस ठेगानामा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन, योनीमा लिङ्ग केहीमात्र प्रवेश गरेको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लगि करणी गरेको मानिनेछ भन्ने व्यवस्थाअनुसार कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा करणीको कसूर हुने र सोह्र वर्षभन्दा कम उमेरकी बालिकाको हकमा भने निजको मन्जुरीले करणी गरेमा पनि जबरजस्ती करणी हुने व्यवस्था गरेको देखिन्छ । यसका अलावा कुन प्रकारले लिइएको मन्जुरीलाई मन्जुरी नमानिने र कतिसम्मको कार्य भएमा जबरजस्ती करणीको कसूर हुने भन्ने सम्बन्धमा उक्त नं. को स्पष्टीकरण खण्डमा प्रस्ट पार्ने प्रयास गरिएको छ । जसअनुसार जोरजुलुम, डर, त्रास, धाक धम्की देखाई, अनुचित प्रभावमा पारी, अपहरण वा बन्धक बनाई लिएको मन्जुरी वा बेहोसी अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी नमानिने तथा जबरजस्ती करणीको कसूर हुन योनिमा लिङ्ग पूर्णरूपमा प्रवेश हुनु अनिवार्य नगरी लिङ्ग केहीमात्र पसेको भएमा पनि पर्याप्त हुने देखिने ।

२४. अमरबहादुर बोगटी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ६, नि.नं. ९६२३)

- पीडितको उमेर १४ वर्ष रहेको कुरालाई स्वयम् प्रतिवादीले पनि स्वीकार गरेबाट उमेर सम्बन्धमा विवाद देखिन आएन । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को व्यवस्थाअनुसार १६ वर्ष मुनिको बालिकालाई निजको मन्जुरी लिई वा नलिई जे जसरी करणी गरेमा पनि जबरजस्ती करणी गरेको नै ठहर्दछ । पीडितको १४ वर्षको उमेर र यस्तो कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा जबरजस्ती करणीका आवश्यक तत्व, जबरजस्ती करणी ठहराउन हुनुपर्ने परिस्थिति आदिका सम्बन्धमा यसमा विवेचना गरिरहनु पर्ने आवश्यकता देखिँदैन । तसर्थ यी पीडित १४ वर्षिया कैलाली ङ लाई प्रतिवादी अमरबहादुर बोगटीले जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन जाने ।
- जबरजस्ती करणी जस्तो नेपाल सरकार वादी भई चल्ने मुद्दामा पीडितको जाहेरी नै पर्नुपर्छ भन्ने पनि हुँदैन । पीडितले सामाजिक लज्जा, लाग्न सक्ने लाञ्छना, कसूरदारको डर धाक, आफ्नो चेतना स्तर,

आर्थिक सामाजिक पारिवारिक स्थिति जस्ता कारणले पनि जाहेरी दिन नसक्ने अवस्था हुने हुँदा जाहेरी नपरी अन्य कुनै किसिमले घटनाको बारेमा थाहा जानकारी भएमा पनि प्रहरीले अनुसन्धान गरी मुद्दा चलाउनु पर्ने हुन्छ । यस्तो अवस्थामा जबरजस्ती करणी जस्तो मुद्दामा हदम्यादको परम्परागत मान्यतालाई कठोरताका साथ अंगिकार गरिरहनु न्यायोचित पनि नहुने ।

(नोटः गर्भसमेत रहन गई छोरीको जन्म भएको)

२५. लाक्पा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८४)

(महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने, (penetration by other objects or sex toy than penis is also considered rape)

- कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन नसक्ने ।
- अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नुपर्छ । यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ । महिलाले महिलालाई जबरजस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिक कारणहरू रहेका हुन सक्छन । जस्तो कुनै व्यक्ति शारीरिक रूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिक रूपमा महिलाप्रति नै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिला माथि जबरजस्ती करणी गर्न सक्छ । त्यसै गरी कोही व्यक्तिले यौन रोमान्चकताको लागिसमेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुन सक्छ । यस्तो सम्बन्ध वा अनुभूतिभित्र पनि असहमति वा जबरजस्ती करणी हुन सक्छ । जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक हुने ।

२६. जनक श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १०, नि.नं. ९६९६)

- लामो समयदेखि जाहेरवालीलाई जबरजस्ती करणी गर्दै आइरहेको भन्ने श्रृंखलाबद्ध कसूर अपराधको कडीको रूपमा रहेको र प्रत्येक पटकको उक्त आपराधिक कार्य दण्डनीय हुन्छ । सो वारदात कानूनको हदम्यादभित्र न्यायिक प्रक्रियामा आउन सक्ने नै हुँदा पछिल्लो पटकको मिति २०६५।१।२९ को आरोपित कसूर अपराधमा दायर भएको प्रस्तुत मुद्दालाई हदम्याद नाघी दायर भएको भन्न नमिल्ने ।
- मिसिल संलग्न रहेको जन्म दर्ताको प्रमाणपत्रको फोटोकपीबाट पीडितको जन्म मिति २०५०।२।३१ मा भएको भन्ने देखिँदा वारदात मितिमा निजको उमेर गणना गर्दा १४ वर्षको हुन्छ । पीडितले जन्माएकी बच्चीको बाबु प्रतिवादी होइनन् भनी डि.एन.ए. परीक्षणले देखाएको कारणले आरोपित जबरजस्ती करणीको कसूर निज प्रतिवादीबाट हुनै सक्दैन भनी अर्थ गर्न मिल्दैन । जन्मिएकी बालिकाको जैविक बाबु को हो भन्ने कुरा प्रस्तुत मुद्दाबाट निरूपण हुने विषयवस्तु नभई बिल्कुलै पृथक प्रश्न हो र त्यो छुट्टै न्यायिक प्रक्रियाको विषयवस्तु बन्न सक्ने ।
- मुद्दामा पीडित स्वयम्ले प्रतिवादीउपर जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दरखास्त दिएको र निजले अदालतमा समेत उपस्थित भई जाहेरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । पीडितको

शारीरिक परीक्षण गर्दा Hymen च्यातिएको समेतले सो कुराको पुष्टि गर्दछ । पीडित नाबालिकाको भनाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन आउँछ । मुलुकी ऐन जबरजस्ती करणीको १ नं. ले १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको सहमतिमा करणी लिनुदिनु गरेमा पनि जबरजस्ती करणीको वारदात पुष्टि हुने भन्ने हाम्रो कानूनी व्यवस्था रहेको छ । तसर्थ उक्त कानूनी व्यवस्थासमेतले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन्छ । प्रतिवादीको इन्कारी बयानकै आधारमा मात्र निजलाई अभियोगदाबीबाट सफाइ दिने आधार बन्न नसक्ने ।

२७. सियाराम रानासमेत वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७८४)

- जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराध जस्तो होइन । जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवं सामाजिक प्रतिष्ठा, मान—मर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ । त्यसमा पनि वर्ष १४ की बालिका सित करणी गर्नु स्वयम्मा गम्भीर प्रकृतिको अपराधको श्रेणीमा पर्ने ।

२८. सुमन पहरी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ४, नि.नं. ९८०१)

- जबरजस्ती करणीको कसूर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्व हुनु अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसूर स्थापित हुने ।
- एक अवोध ४ वर्षकी नाबालिका जसलाई यौन अंग के हो ? करणी के हो ? योनीको भागमा खेलाउँदा वा पीडितको योनीमा लिङ्ग छिराई करणी गर्न लाग्दा आफूलाई के गरेको हो भन्ने कुराको बारेमा थाहा हुनसक्ने अवस्था हुँदैन । त्यस्तो नाबालिकाले बालिक प्रतिवादीले आफ्नो इच्छाविपरीत करणी गर्न लागेको र आफ्नो सतित्व रक्षाको लागि बचाउका लागि हरसम्भव प्रयत्न गर्ने वा विरोध गर्ने भन्ने प्रश्न नै आउँदैन । जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने ।

२९. सुब्बा गाउँ तीन (नाम परिवर्तित) वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८११)

- मिति २०७१।४।३० मा घटेको वारदातको सम्बन्धमा मिति २०७१।५।८ मा पीडितको शारीरिक परीक्षण गराउँदा जबरजस्ती करणीको वारदात स्थापित गर्न आवश्यक पर्ने प्रमाणहरू नष्ट भई जाने अवस्था रहन्छ । यसका साथै पीडितले स्वयम् आफ्नो व्यहोरा लेखाउँदा एवं अदालतमा बकपत्र गर्दा प्रतिवादीले डर धाक देखाई वारदात घटाएको हो भनी लेखाएबाट यस्तो अवस्थामा हुने जबरजस्ती करणीमा पीडक र पीडितबीच संघर्ष नै नभएको हुँदा पीडितको शरीरमा संघर्षको चिह्नहरू नदेखिन सक्ने हुन्छ । तर पीडित स्वयम्ले जबरजस्ती करणी भए हो भनी लेखाएको एवं सोही व्यहोरा वारदातकै दिन अन्य साथीहरूलाई समेत बताएको अवस्थामा निजको शरीरमा संघर्षको चिह्न नभएको र जबरजस्ती करणी भएको कुनै प्रमाण फेला नपरेकोले जबरजस्ती करणी भएको होइन भनी मान्न नमिल्ने ।

- प्रतिवादीले जबरजस्ती करणी भएको तथ्यलाई स्थापित गर्न कुनै भौतिक सबुद प्रमाण नभएको, पीडितको शरीरमा संघर्षको चिह्नहरू नभएको भनी जिकिर लिएको देखिन्छ । जबरजस्ती करणीको अपराधमा योनिभित्र पुरूषको विर्य लगायतका अन्य सबुद प्रमाण फेला पर्नको लागि वारदात घटे लगत्तै पीडितको शारीरिक परीक्षण भएको हुनुपर्दछ । त्यस्तै वारदात पश्चात् पीडितले कपडा फेर्दा पीडितको कपडामा पाउन सकिने पुरूष रौं भेटिने सम्भावना हुँदैन । पीडितले वारदात पछि नुहाएमा पनि धेरै सबुद प्रमाणहरू नष्ट हुन जाने ।
- वारदात भएको यति लामो समय व्यतित भएपश्चात् भएको शारीरिक परीक्षणबाट पीडित र प्रतिवादीबीच यौनसम्पर्क भएको प्रमाण फेला पार्न सम्भावना एकदम न्यून देखिन्छ । प्रत्यक्ष प्रमाणको अभावमा परिस्थितिजन्य प्रमाणको मद्दतले निर्णय गर्नुपर्ने ।

३०. इश्वर ऋषिदेव वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ६, नि.नं. ९८२६)

- जबरजस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यको दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता पनि देखिँदैन । जबरजस्ती करणीको वारदात स्थापित हुन पीडित बालिकाको योनीको कन्याजाली च्यातिएको हुनुपर्दछ र योनीको भाग सुन्निएको हुनुपर्दछ भन्ने पूर्वसर्त हुँदैन । कन्याजाली च्यातिएको थियो र योनीको भाग पनि सुन्निएको थियो भने त्यसले केवल अपराध स्थापित गर्न थप पुष्टि हुन जाने ।
- पुनरावेदक प्रतिवादीलाई निजको लिङ्ग पीडित बालिकाको योनिभित्र प्रवेश नगरेको भन्ने मात्र आधारमा निजको क्रियालाई जबरजस्ती करणीको परिभाषाभित्र नपार्ने हो भने यस प्रकारका अमानवीय व्यवहारले छुट पाउने अवस्था सिर्जना हुन्छ । बालिकाको योनीसम्म लिङ्ग पुऱ्याई वीर्य स्खलन गराई आफ्नो यौन सन्तुष्टि लिने कार्यलाई केवल करणीको उद्योग मात्र हो भनी कायम गर्नु जबरजस्ती करणी सम्बन्धी कानूनी व्यवस्थाको भावना प्रतिकूल हुने ।
- योनीमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसूर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिका माथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले पश्रय पाउने अवस्था आउने ।

३१. देवेन्द्र गिरी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८५४)

- मोबाइलमा सम्पर्क भएको वा मिसकल (miss call) गरेको भन्ने आधारमा मात्र करणीकै लागि प्रतिवादीहरूलाई आमन्त्रण भएको थियो भनी अनुमान गर्न नमिल्ने ।
- आफूलाई जबरजस्ती करणी भएको भनी महिलाले तथ्यसहित उजुर गरिरहेको परिप्रेक्ष्यमा नेपाली समाजको वर्तमान अवस्था, एउटी महिलाको इज्जत प्रतिष्ठाप्रतिको सामाजिक दृष्टिकोण र साँघुरो यौन स्वतन्त्रताको नेपाली परिवेशमा अन्यथा स्थापित हुने अवस्था नदेखिएसम्म एउटी महिलाले रातको समयमा दुई जना व्यक्तिहरूलाई एकसाथ बोलाई पालै पालो करणी गर्न मन्जुरी दिइन् होला भनेर विश्वास गर्न सकिने अवस्था नरहने ।

३२. नेपाल सरकार वि. खेमनारायण चौधरी (ने.का.प. २०७५, अंक २, नि.नं. ९९५६)

- योनीभित्र लिङ्ग प्रवेश गराई भित्रबाहिर समेत गरेको कुरा पुष्टि भएको अवस्थामा करणीको कार्य सम्पन्न भइसकेको मान्नु पर्ने ।

- कुनै अपराध पूर्ण अपराध (Full Crime) हो वा सो अपराधको उद्योग (Attempt) मात्र हो भन्ने ठहऱ्याउन कसूरदारले गरेको कार्य र सोको परिणामसमेतलाई विचार गर्नुपर्ने हुन्छ । अपराध गर्ने उद्देश्यसहित अपराध गर्ने कार्य गर्दा बीचमा अवरोध सृजना भई कार्यले पूर्णता नपाएको अवस्थामा मात्र उद्योग हुने ।

३३. नेपाल सरकार वि. प्रकाश रावल (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९८१)

(सामूहिक करणी हुनका लागि एकै स्थानमा एकै पटक ज.क. हुन नपर्ने)

- पीडित महिला उपर प्रतिवादीहरूले गरेको षड्यन्त्र, आपराधिक नियत र कार्यहरू (Mens Rea and Actus Rea) बाट नै सामूहिक बलात्कार हो वा होइन भन्ने पत्ता लगाउनु पर्ने हुन्छ । सामूहिक बलात्कारको कसूर स्थापित हुनको लागि एउटै वारदातस्थल र समय हुनुपर्छ भन्ने नहुने ।
- छ जनाको समूहमा रहेका यी प्रतिवादीहरूले एक नाबालक महिलालाई नियन्त्रणमा लिई आफ्नो अनुकूलको समय र स्थानमा लगी जबरजस्ती करणी गर्छन् भने उक्त वारदातहरूलाई अलगअलग मानी सजायबाट छुट दिनु न्यायसङ्गत हुन नसक्ने ।
- पीडित प्रतिवादीहरूको नियन्त्रणबाट मुक्त भएपछि मात्र अर्को जबरजस्ती करणीको वारदात भएको भए सो वारदातलाई अलग रूपमा लिन मिल्थ्यो होला तर प्रतिवादीहरूको नियन्त्रणमा रहेकै अवस्था तथा प्रतिवादीहरूकै इच्छा अनुसार स्थान परिवर्तन गरेको अवस्थामा घटेका जबरजस्ती करणीको वारदातहरूलाई एकै शृङ्खला (Chain) अन्तर्गत घटेको वारदात मानी हेर्नुपर्छ । अलगअलग स्थान र समयमा भएको भन्ने आधारमा सजायबाट छुट हुन नसक्ने ।
- गम्भीर अपराधमा कानूनले फरक फरक स्थान र समयमा भएको जबरजस्ती करणी सामूहिक रूपमा भएको जबरजस्ती करणी होइन भनी प्रस्टरूपमा उन्मुक्ति प्रदान नगरेको अवस्थामा कानूनको व्याख्या गर्दा कसूरदारलाई छुट र उन्मुक्ति नहुने किसिमबाट गर्नुपर्छ । समूहगत रूपमा मिली नाबालकलाई नियन्त्रणमा लिई आफ्नो इच्छा अनुसारको समय र स्थानमा शृङ्खलाबद्ध रूपमा जबरजस्ती करणी गरेको यसप्रकारको जघन्य कार्यमा अलगअलग स्थान र समयमा भएको भन्ने आधार लिई अपराधको दायित्वबाट उन्मुक्ति दिनु विधायिकाको मनसाय विपरीत त हुन्छ नै पीडितको न्याय पाउने अधिकारको समेत विपरीत हुन जाने ।
- राज्यको निकायबाट कुनै अभियोग लागी अदालतमा मुद्दा दायर भएको अवस्थामा अदालतमा उपस्थित भई सो अभियोगको खण्डन गरी आफ्नो निर्दोषिता पुष्टि गर्नु वा दोषी ठहर भएको अवस्थामा कानून बमोजिमको सजाय भोग्नु नागरिकको कर्तव्य हो । कानूनको रीतबमोजिम सूचना दिँदासमेत अदालतमा उपस्थित नभई कुनै अभियुक्त फरार रहन्छ भने पनि अदालतले प्राप्त प्रमाणको आधारमा न्यायिक निष्कर्षमा पुग्नु नै पर्ने ।
- प्राप्त प्रमाणबाट सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट स्थापित भएको अवस्थामा सहअभियुक्तहरू फरार रहेको भन्ने आधारमा मात्र प्रतिवादीलाई सजायबाट छुट दिनु न्यायसङ्गत हुन नसक्ने ।

३४. दिपक रावल वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १०००७)

- जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने ।

- सात वर्षकी कुनै पनि नाबालिकाले जबरजस्ती करणी जस्तो गम्भीर आपराधिक कार्यका बारेमा पर्याप्त मात्रामा बुझिसकेको नहुनुका साथै त्यस्तो विषयका बारेमा बनावटी रूपबाट विविध कुरा भन्न सक्ने क्षमता र चेतनासमेतको विकास निज जस्तो बालिकामा भइसकेको हुँदैन । यस्तो अवस्थाका अबोध बालिकाले अदालतमा समेत उपस्थित भई गरेको बकपत्रबाट पीडितउपर नै सो आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने ।
- सात वर्षकी पीडितको अन्य कारणले कन्याजाली च्यातिएको भन्ने तथ्य वस्तुनिष्ट रूपबाट पुष्टि नभएकाले निजउपर भएको जबरजस्ती करणी वारदातका स्वरूप र प्रकृतिका कारण नै निजको कन्याजाली च्यातिएको भन्ने् अर्थ गर्नुपर्ने।

३५. नेपाल सरकार वि. सोहरत खाँ पठान (ने.का.प. २०७५, अंक ७, नि.नं. १००४९)

- कुनै पुरूष व्यक्तिले कम उमेरका कुनै नाबालिका केटी (बालिका) लाई जबरजस्ती करणी गर्दा निजको उत्तेजित लिङ्ग नाबालिग बालिकाको अविकसित यौन अंगमा प्रविष्ट हुन सक्ने स्थिति अवस्था र कारण नै हुन सक्दैन भने यस स्थितिमा पुरूषको उत्तेजित लिङ्ग त्यस्तो अविकसित यौन अंगमा प्रवेश हुनसके पनि वा नसके पनि वा त्यस्ता पीडित यौन अंगमा जबरजस्ती गर्ने पुरूषको वीर्य स्खलन भएपनि नभए पनि त्यसरी लिङ्ग प्रवेश हुन नसकेको कारणले मात्र जबरजस्ती करणीको उद्योग ठहऱ्याउनु पीडितउपर अन्यायपूर्ण र विधायिकाले त्यस्ता प्रकृतिका प्रतिवादीहरू विरूद्ध गरेको सजायको व्यवस्थाको मनसाय विपरीत पनि हुन जाने ।

३६. तिर्थलाल राना वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००६२)

- सामूहिक क्रियाबाट भएको जबरजस्ती करणी जस्तो कसूरमा पीडित र प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरूसमेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरू बीच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसूरदार ठहऱ्याउनु पर्ने ।
- अझ सामूहिक जस्ता क्रिया सबै वारदात र कसूरमा प्रत्यक्ष, ठोस एवं भौतिक प्रमाणहरू नै हुन्छन् भन्न सकिने अवस्था हुँदैन । प्रतिवादीले आफूलाई कसूरबाट निर्दोष साबित गराउन भरमग्दुर प्रयास गरे पनि निजहरूलाई कसूरदार ठहऱ्याउने यी यस्ता प्रकृतिका प्रमाणहरू नै पर्याप्त आधार हुने ।

३७. होमराज थापा वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १०, नि.नं. १०११९)

- पर्याप्त रक्तस्राव भएको र करणी भएको वा नभएको यकिनसाथ भन्न नसकिने भनी योनी झिल्ली नरहेको र रक्तस्राव भएको भन्ने पुष्टि भइरहेको अवस्थामा करणीबाट रहेको वीर्य रगतसँगै बगेर जान सक्ने भई वीर्य फेला नपर्न सक्ने हुँदा वीर्य फेला नपरेको कारणलाई मात्र आधार बनाई जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको अपराधबाट अभियुक्तलाई सफाइ दिनु न्यायोचित हुने नदेखिने ।
- जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति हुँदैन । पीडित नै घटनाको आधारभूत गवाह हो । निजले अनुसन्धान अधिकारी तथा अदालत समक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० (क)(ख) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने ।

- मौकामा पीडितले व्यक्त गरेको र अदालतमा बकपत्रमा देखिएको सामान्य फरकलाई प्रधानता दिई कसूरजन्य अवस्था र परिस्थितिको मूल्याङ्कन नगरी वारदात नै स्थापित नभएको ठहराई कसूर अपराधबाट छुट हुने गरी सफाइ दिनु त्रुटिपूर्ण हुन जाने ।

३८. सन्दीप नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१४८)

- डर, धाक, धम्कीको प्रयोग गरी भएको जबरजस्ती करणीको वारदातमा पीडितले आफ्नो इच्छाविपरीत आफूलाई समर्पित गरेको हुनाले यस्तो अवस्थामा पीडित र पीडकबीच संघर्ष नै नहुने हुँदा निजहरूको शरीरमा संघर्षको चिह्न नदेखिनु स्वाभाविक नै हुन्छ । तर यसरी डर, धाक, धम्कीको प्रयोग गरी गराएको सम्पर्कलाई सहमतिमा शारीरिक सम्पर्क गरेको मान्न नमिल्ने ।
- प्रतिवादीले डर, धाक, त्रास देखाई करणी गरेकोले सोलाई सहमतिमा भएको भनी निजलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिन नमिल्ने ।
- जबरजस्ती करणीको वारदातमा मानव वीर्य फेला परेको रहेछ भने सो वीर्य आरोपित व्यक्तिको हो वा होइन सो कुराको अनिवार्य रूपमा परीक्षण गरी यकिन गर्नु गराउनु भनी अनुसन्धान कार्यमा संलग्न हुने नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयको नाममा यो निर्देशनात्मक आदेश जारी ।
  (नोटः प्रतिवादी र पीडित दुवै बयस्क, प्रतिवादी अनुसन्धानदेखि नै कसूरमा इन्कार)

३९. सुरेन्द्र वि.क. वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१५२)

- अभियुक्तहरूको अनुसन्धानका क्रममा भएको साबिती बयान, पीडक र पीडितको शारीरिक परीक्षणबाट देखिएको घटनासँग तादात्म्यता देखाउने आधारहरू साक्षी सर्जमिनका भनाइबाट घटनाको विश्वसनियता पुष्टि हुने आधार र पीडितले आफूले बच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसूर प्रमाणित हुने हुन्छ । यी सबै कुराको अभावमा पीडितले वा निजको नजिकको नातेदारको जाहेरी परेको भन्नेन आधारमा मात्र कसैलाई कसूरदार ठहर गर्न मिल्ने नहुने ।
- अभियुक्तहरूले अदालतसमक्ष आफू दोषी रहेको भन्ने तथ्य स्वीकार नगरेको अवस्थामा वादीले स्वतन्त्र, विश्वसनीय र भरपर्दो प्रमाणबाट दाबी प्रमाणित गर्नुपर्दछ । जबरजस्ती करणी लुकीछिपी गर्ने भएकोले त्यस्तो कसूरको चश्मदिद गवाह अर्थात् प्रत्यक्ष प्रमाण साधारणतया प्राप्त हुन सक्दैन । करणीसम्बन्धी अपराधमा पीडित नै प्रमुख प्रमाण हो । आफूलाई जबरजस्ती करणी भएको भनी उल्लेख गर्ने पीडितको शारीरिक अथवा निजको स्वास्थ्य परीक्षणबाट जबरजस्ती करणी भएको तथ्य स्थापित हुनुपर्ने ।
  (नोटः जिल्ला र पुनरावेदनबाट कसूर ठहर सर्वोच्च अदालतबाट सफाई, पीडित भनिएकी व्यक्तिबाट प्रतिकूल बकपत्र भएको ।)

४०. नेपाल सरकार वि. अशोक श्रेष्ठ (ने.का.प. २०७६, अंक १, नि.नं. १०१६५)

- कुनै पुरूषले आफ्नो यौन तृष्णा मेटाउने मनसाय राखी पीडित महिलाको मन्जुरीबेगर जबरजस्तीपूर्वक आफ्नो लिङ्ग महिलाको योनिमा प्रवेश गराई वा अन्य तरिकाले यौन सन्तुष्टि लिएको हुन्छ । यसप्रकार जबरजस्ती करणीको कसूर हुनका लागि जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव रहेको अवस्थामा जबरजस्ती करणीको कसूर गरेको मान्नु पर्ने ।

- अत्यन्त कलिलो उमेर अवस्था भएको बालिकाको हकमा जबरजस्ती करणी गर्दा वयस्क महिलासँगको सम्बन्धमा जस्तो लिङ्ग सजिलैसँग प्रवेश नहुने भएकाले त्यस्तो कलिलो उमेरका बालिकाको योनिबाहिर लिङ्ग दली र रगडी वीर्य स्खलन गरेकोलाई करणी नभई उद्योग मात्र नसकिने ।

४१. नेपाल सरकार वि. गोपाल राना (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७२)

- पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भन्दैमा जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन । सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुद प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ । जबरजस्ती करणी मुद्दामा पीडितको कागज बेहोरा सबुदको रूपमा रहने भए तापनि अकाट्य प्रमाणको रूपमा भने लिन मिल्ने अवस्था हुँदैन । त्यस्तो बकपत्रमा उल्लेख भएका कुराहरू विश्वसनीय पनि देखिनु पर्ने ।
- कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणी गरेको तथ्य स्थापित गर्न सहयोग पुग्ने भएपनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुरा पुष्टि नभएसम्म कन्याजाली फाटेकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुगी हाल्न मनासिब नहुने ।

४२. नेपाल सरकार वि. अब्दुल कलाम मुसलमानसमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७३)

- दुवै प्रतिवादीले एकै समयमा करणी गरेको स्थापित नभएसम्म सामूहिक करणी गरेको भनी ठहर गर्ने अवस्था नहुने।

४३. नेपाल सरकार वि. खेम खड्कासमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१८४)

- अनुसन्धान अधिकारी समक्ष र अदालतमा भएको बयानमा कसूरमा आफ्नो संलग्नता रहेको भनी साबित रही अन्य प्रतिवादीहरूलाई पनि पोल गरेको अवस्था छ र त्यसलाई अन्य भौतिक एवम् स्वतन्त्र प्रमाणबाट समेत समर्थित भइरहेको अवस्था छ भने त्यस्तो पोललाई प्रमाणमा लिन हुने ।

४४. नेपाल सरकार वि. अर्जुन कोइराला (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६४)

- प्रतिवादीले जाहेरवालालाई विवाह गर्छु भनी भनेको हल्का आधारलाई मात्र "झुक्यान" र "अनुचित प्रभावमा" पारी जबरजस्ती करणी गरेको भन्न नमिल्ने ।
- वारदातको अवस्था, परिस्थिति, पृष्ठभूमि, पीडित र प्रतिवादीको शारीरिक एवं यौनाङ्ग परीक्षण प्रतिवेदन र पीडित स्वयंको बकपत्रसमेतले प्रतिवादीले जाहेरवालालाई पूर्ण सहमतिमा नै करणी गरेको अवस्था पुष्टि हुन आउँदा जबरजस्ती करणीको वारदात कायम नहुने ।

४५. नेपाल सरकार वि. प्रेमबहादुर पराजुली (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२७१)

- मालाकार कडी तथा एकआपसमा मेल नखाएको तथ्यको आधारमा कसूर ठहर गर्नु न्यायको दृष्टिले मनासिब नदेखिने ।

४६. हरेन्द्रनारायण देव वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२७९)

- जबरजस्ती करणी हुनको लागि कन्याजाली च्यातिएको हुनु पर्ने, संघर्षको चिह्न नभेटिनु पर्ने, वीर्य स्खलन भएको हुनु पर्ने, संघर्षको कुनै चिह्न देखिएको हुनु पर्ने जस्ता कुरालाई जबरजस्ती करणीको महलको उल्लिखित कानून व्यवस्थासमेतबाट अनिवार्य तत्व मानेको पाइएन । साथै पीडितको उमेर १० वर्षको

मात्र देखिएकोले त्यस्तो नाबालकले ३६ वर्षको प्रतिवादीसँग प्रतिकार गर्न सक्ने वा सतीत्व रक्षाको लागि संघर्ष गर्न सक्ने अवस्था नै नभएबाट शरीरको अन्य भागमा संघर्षका चिह्न नदेखिनु स्वाभाविक नै देखिने ।

४७. नेपाल सरकार वि. प्रदिप भुजेलसमेत (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८४)

- वारदात मितिभन्दा अघि अभिलेखित जन्मदर्ता प्रमाणपत्र वा प्रमाण ऐन, २०३१ को दफा १४ अनुरूप तयार भएको अभिलेख आदि वस्तुनिष्ठ प्रमाण पेश हुन नसकेको अवस्थामा पीडित स्वयंले घटनाको तत्कालपछि उल्लेख गरेको उमेरलाई अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा अन्यथा मान्न नमिल्ने ।

४८. नेपाल सरकार वि. सुनिलकुमार ऋषिदेव सदा (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२९१)

- घटना वारदात हुँदाका अवस्थामा पीडितको उमेर के कति थियो भनी निर्धारण गर्ने मूलभूत प्रमाण जन्मदर्ता प्रमाणपत्र वा सो नभए स्कुल भर्ना हुँदा लेखाएको जन्ममिति र उमेरलाई मान्नु पर्ने ।

४९. नेपाल सरकार वि. दिपक वि.क. (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२९२)

- नाबालिकाहरूको शारीरिक अवस्था अविकसित यौनाङ्ग, अपरिपक्क मानसिक अवस्था र प्रतिरोध गर्ने क्षमता नहुने र सजिलैसँग जुलुमीको अनुचित बहकाउ एवं फन्दामा पर्न सक्ने स्वभावका हुनाले नाबालिकाको सहमति एवं स्वीकृति लिएपनि करणी गरेकोमा जबरजस्ती करणी ठहर्ने ।

५०. नविन कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ६, नि.नं. १०३००)

- पीडितले आफैं जाहेरी दिएकी एवं मौकामा र अदालतमा बयान गर्दा विना संरक्षक सबै सवालहरूको स्पष्ट रूपमा जवाफ दिएको तथा सुरू अदालतले समेत प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३क. को प्रयोजनार्थ अपाङ्गको श्रेणीमा राखु शंकास्पद देखिएको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको ३क. आकर्षित गर्नु न्यायोचित नहुने ।

५१. नेपाल सरकार वि. गोविन्द खड्का (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३१०)

- अपराधका सम्बन्धमा समाजमा रहेको चेतनाको स्तर, आर्थिक सामाजिक परिवेश, पीडितलाई पुग्न जाने थप सामाजिक क्षति, पारिवारिक तथा सामाजिक प्रतिष्ठा, इज्जत तथा सामाजिक पृष्ठभूमि र संस्कार समेतले असर गरेको हुने ।
- पीडित पक्ष जाहेरवाला अदालतमा नआएको भन्दैमा स्पष्टरूपमा जबरजस्ती करणी गरेको चिह्नहरू रहेको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई नजर अन्दाज गरी प्रतिवादीलाई सफाइ दिन नमिल्ने ।

५२. मानकुमार थामी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३२)

- घटनाको तत्कालै जाहेरी नपरेको भन्ने आधारमा मात्र कानूनले निर्धारण गरेको हदम्यादभित्र परेको जाहेरी दर्खास्तलाई अन्यथा भन्न नमिल्ने ।

५३. नेपाल सरकार वि. धर्मबहादुर मल्लसमेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३४३)

- After thought को तर्कलाई अन्य प्रमाणहरूको अवस्था, पीडितको परिस्थिति तथा पीडितले आरोपीहरूलाई फसाउने मनसाय पर्याप्त रूपमा विद्यमान छ छैन भन्ने तत्वहरूसँग तुलना गरेर हेर्नु पर्दछ । मूलतः After thought का तत्वहरूमा तथाकथित पीडितको आरोपी व्यक्तिलाई सताउने वा फसाउने मनसाय भएको

तथ्य र प्रमाणबाट पुष्टि हुनु पर्ने ।

- After thought मा समयको अन्तराल महत्वपूर्ण होइन, सो अन्तरालमा पहिले परिसकेको जाहेरी वा तथ्य वा कुरामा फरक वा असर पर्ने गरी पछि फसाउने मनसायसहित अर्कै बेहोराको जाहेरी वा विचार वा कुरा आएको हुनुपर्छ । त्यसमा व्यक्तिले द्वेषपूर्ण तरिकाले कसैसँग बदला लिने वा फसाउने मनसाय देखिनु पर्छ र त्यसको पछाडि कुनै जरिया हुनु आवश्यक हुने ।

५४. नेपाल सरकार वि. कृष्णबहादुर बोगटी (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५३)

- कसूरको उद्योगमा पूर्ण अपराधमा हुनुपर्ने मनसाय तत्व विद्यमान हुनुपर्छ । मनसाय नराखी गरिएको कार्य उद्योग ठहर्न नसक्ने ।
- उद्योग ठहर्नको लागि अभियुक्तले कसूरको तयारी गरेर मात्र पुग्दैन । तयारीभन्दा अघि उसले पूर्ण अपराध घटाउन सारभूत रूपमा प्रयासहरू गरेको हुनुपर्ने ।

५५. अमर पासी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५७)

- प्रत्यक्ष प्रमाणबाट जबरजस्ती करणीको वारदात भएको पुष्टि हुन आएको स्थितिमा पीडितको शारीरिक परीक्षण गर्ने विशेषज्ञको अनुपस्थिति नै प्रतिवादीलाई आरोपित कसूरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।
- पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको मौकामा भएको कागज एवं जाहेरवालीको किटानी जाहेरी, प्रतिवादीको मौकाको साबिती बयान बेहोरा समेतबाट वारदात स्थापित भइरहेको स्थितिमा पीडित र जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रमा करणीको घटना नै नभएको भनी आफ्नो मौकाको भनाइको प्रतिकूल बेहोरा उल्लेख गरेकै आधारमा प्रतिवादीले सजायबाट उन्मुक्ति पाउन सक्ने स्थिति नरहने ।

५६. नेपाल सरकार वि. शिवलाल महतो (ने.का.प. २०७६, अंक १०, नि. नं. १०३७५)

- जबरजस्ती करणीको महलको १० नं. मा पीडितलाई पीडकबाट क्षतिपूर्ति भराइ दिने व्यवस्था पीडकलाई पीडितप्रति जवाफदेही बनाउने र पीडितले पीडकबाट आफूउपर पुऱ्याएको क्षतिको परिपूरण गर्ने आधार हो । जबरजस्ती करणीमा प्रतिवादीलाई हुने कैद र जरिवाना अपराधीलाई निजले गरेको आपराधिक कार्यबाट हतोत्साहित गरी अपराधलाई नियन्त्रण गर्ने आधार भए पनि पीडितले पाउने राहत भनेको प्रतिवादीबाट पाउने क्षतिपूर्ति नै हुने ।
- प्रतिवादीका नाउँमा कुनै सम्पत्ति भए निजको नाउँको सम्पत्तिबाट तथा निजका नाउँमा कुनै सम्पत्ति नभए निजका आमाबुबाका नाउँमा रहेको निजको अंश भागमा पर्न आउने सम्पत्तिबाट र सो अवस्थासमेत नभए कानून बमोजिम खडा भएको पीडित राहत कोष र सो पनि नभए नेपाल सरकारबाट कसूरको गाम्भीर्यता, पीडित नाबालिकालाई पर्न गएको पीडासमेत विचार गरी पीडितले क्षतिपूर्तिबापत रकम भराइ पाउने ।

५७. मदन परियार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ११, नि.नं. १०३९०)

- जाहेरी बेहोरा र पीडितको मौकाको कागजलाई मिसिल संलग्नप पीडितको शारीरिक परीक्षण प्रतिवेदनले पुष्टिक गरिरहेको अवस्थामा जाहेरवाली र पीडितको बकपत्र नभएकै कारण ती आधारहरू ग्रहण नगर्नु न्यायोचित नहुने ।
- अन्य प्रमाणहरूले जाहेरी बेहोराका साथै पीडितको मौकाको कागजलाई समर्थन गरिरहेको अवस्थामा ती

प्रमाणहरूलाई नजरअन्दाज गरी प्रतिवादीले अदालतमा गरेको इन्कोरी बयान र पुनरावेदन जिकिरलाई आधार मानी आरोपित कसूरबाट उन्मुक्ति दिन सकिने अवस्था नहुने ।

५८. देवलाल श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक १२, नि. नं. १०४००)

- जबरजस्ती करणीसम्बन्धी अपराधमा 'सहमतिको अभाव÷ लाई महत्वपूर्ण तत्वको रूपमा लिइन्छ र जबरजस्ती करणीको कसूर स्थापित हुनको लागि पीडितको सहमति बिना करणी गरिएको हुनुपर्ने ।
- सहमति वैध हुनको लागि उक्त मन्जुरी स्वतन्त्रतापूर्वक पूर्ण सचेत अवस्थामा दिइएको हुनुपर्छ र सहमति दिने मानिसलाई उक्त कार्यको परिणामको बारेमा पूर्णरूपमा ज्ञान हुनुपर्छ । कुनै कार्यको लागि सहमति दिनु भनेको आफ्नो तर्क र विवेकको प्रयोग गरी स्वइच्छाले उक्त कार्यको लागि मन्जुरी दिनु हो । यसकारण सहमति दिन सक्ने वा नसक्ने भन्नेक विषय मानिसको मानसिक क्षमतासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ र कुनै कार्य गर्नको लागि सहमति दिन सक्छ वा सक्दैन भन्ने कुराको निक्र्योल गर्दा विवेक (Reason) को प्रयोग गर्न सक्ने मानसिक अवस्था छ वा छैन भन्ने कुरालाई हेरिनुपर्ने ।
- साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को प्रतिबन्धात्मक वाक्यांशमा प्रयुक्त होस ठेगानमा नरहेको भन्ने शब्दावलीले मानसिक रूपमा सामान्य अवस्थामा नरहेको कारणले कुनै कार्यको प्रकृति तथा परिणामको बारेमा तर्कसङ्गत रूपमा बुझ्न सक्ने अवस्था नरहेको भन्नो बुझ्नुपर्ने ।

५९. नेपाल सरकार वि. सागर भट्टसमेत (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४०८)

- जबरजस्ती करणी व्यक्तिको शरीर र आत्मसम्मान माथि समेत आघात लाग्ने जघन्य अपराध हो । सोच्दै नसोचेको अनपेक्षित तरिकाबाट एउटा महिलाको शरीर तथा आत्मसम्मानमाथि आक्रमण हुँदा मानसिक विक्षिप्तउताको अवस्थामा पुग्न सक्दछ । यस्तो अवस्थामा आफूमाथि भएको यौनिक हिंसाको घटना स्मरण गर्न र व्यक्त गर्न तत्कालै कठिन हुन सक्ने वा विस्तारै याद हुने अवस्थाहरू हुन सक्दछ । यस्तो अवस्था भनेकै Rape Trauma Syndrome को अवस्था हो । यस्ता अवस्थालाई न्यायकर्ताले गम्भीरतापूर्वक लिनु पर्ने ।
- जबरजस्ती करणी अपराधको प्रकृति अन्य अपराधभन्दा फरक हुन्छ । अन्य अपराधमा सत्यताको मूल्याङ्कनको लागि भनाइमा स्थिरताको विद्यमानता हुनुपर्छ भने जबरजस्ती करणीमा पीडितको भनाइमा पीडाको आघातको कारणले केही विरोधाभाष आउन सक्ने ।
- जबरजस्ती करणीको वारदातमा घटना घट्योा कि घटेन भन्नेन विषय बढी महत्वपूर्ण हुने र अदालतले पनि सोही कुरा नै विचार गर्नुपर्ने देखिन्छ । जबरजस्ती करणीको कसूरमा मुख्य वारदातस्थल नै पीडितको शरीर हुने ।
- प्रभावकारी अनुसन्धान गरी पीडित तथा प्रतिवादीहरूको आर्थिक विवरण संकलन गर्नुपर्ने दायित्व राज्यको हो । यद्यपि अनुसन्धानको क्रममा अभीलेखीकरण गर्न नसक्नु वा अनुसन्धानमा अकर्मण्यता हुनुको परिणाम स्वरूप क्षतिपूर्ति नपाउने स्थिति सिर्जना हुन दिनु हुँदैन । साथै राज्यको निष्क्रियतालाई कम क्षतिपूर्तिको आधार बन्नस दिनु तर्कसङ्गत समेत नहुने ।
- पीडितमाथि परेको पीडा मात्र नभई हिंसाको त्रासको कारणले निजको मानसिक स्वास्थ्यमा परेको आघातको असरलाई समेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्नु उपयुक्त देखिने ।
- जबरजस्तीपूर्वक करणी गरेको कार्य कानूनको मात्र नभई मानवीयता, व्यक्तिगत अस्मिता र सामाजिक नैतिकताको समेत विपरीत हुन जाने ।

६०. प्रकाश थापा वि. नेपाल सरकार, (ने.का.प. २०७७, अंक १, नि. नं. १०४१६)

- कसूर गरिरहेको अवस्थामा प्रत्यक्ष देखे र कसूरदारको पञ्जा बाट पीडितलाई बचाई प्रहरी बिटसम्म ल्याउने व्यक्ति रहेको कुरा प्रत्यक्षदर्शीहरूको मौकाको कागज तथा सो कुरा पुष्टि हुने गरी अदालतमा गरेको बकपत्रबाट देखिन आएकोमा यस्तो प्रमाणलाई ग्रहण गर्नु पर्ने ।
- घटनापश्चात् भएको पीडितको शारीरिक परीक्षण प्रतिवेदनले वस्तुगत प्रमाणको स्थान लिन्छ । त्यसैगरी, स्वयम् पीडित जो घटनाको असर र प्रभावबाट पीडामा परेको हुन्छ त्यस्तो व्यक्तिको कथनलाई जबरजस्ती करणीको कसूरमा झनै महत्वपूर्ण प्रमाण मानिने ।
- कानून बमोजिमको रीत पुऱ्याई सूचना दिँदासमेत अदालतमा उपस्थित नभई कुनै अभियुक्त फरार रहन्छ भने निजको उपस्थिति पश्चात् अदालतबाट हुने इन्साफको अनुमान गरी उपस्थित सहप्रतिवादीको हकमा सामूहिक रूपमा गरेको आपराधिक कार्यको दायित्वलाई स्थगित गरी राख्ना नमिल्ने ।

६१. नेपाल सरकार वि. दिपक गुरूङसमेत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४४३)

- करणीको कसूरमा हुनुपर्ने अन्य कुराहरूको विद्यमानता भएपछि पीडितको योनिलाई लिङ्गले नै छोएको हो वा शरीरको अन्य अङ्गले छोयो भन्ने कुरा करणीको विधिशास्त्रीय मान्यतामा गौण विषय हुने ।
- जबरजस्ती करणीको कसूरमा अर्काको शरीरलाई निजको चेतयुक्त इच्छाबेगर नियन्त्रणमा लिई यौनाङ्ग लगायत शरीरका अन्य अङ्ग प्रत्यङ्गको संसर्ग गराई आफ्नो यौन चाहना पूरा गर्ने कसूरदारको मूल उद्देश्य रहन्छ । पीडितको योनिमा घर्षणसमेत भएको कुरा योनि रातो भई सुन्निएको भन्ने बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदनबाटै पुष्टि भइरहेको अवस्था हुँदा एकान्त कोठामा लगी बालिकाको कट्टुसमेत खोली, शरीरमा चढी, यौनाङ्ग चलाइखेलाई गरी घोची कसूरदारको एकपक्षीय चाहनामा वीर्य स्खलन गराई प्रतिवादी तृप्त भई विश्राम लिएको तथ्य स्थापित भएको देखिँदाको कार्य आफैंमा करणीको कसूर हो भन्नलाई पर्याप्त हुने ।
- बाह्य तत्वको उपस्थितिले कसूर पूर्ण हुन नपाएको अवस्था हुनका लागि कसूरको जुन अवस्थामा बाह्य तत्वको प्रवेश हुन्छ, परिस्थिति त्यही बिन्दुबाट मोडिई कसूरजन्य कार्यको परिणाममा प्रतिकूल प्रभाव परेको हुनुपर्ने ।
- घटनामा बालिकाले "दुख्यो" भनेपछि प्रतिवादीले उनको पेटमा वीर्य स्खलन गराई यौन कार्यलाई पूर्णता दिएको अवस्थामा योनि बाहिर वीर्य स्खलन गराएकोलाई बाह्य तत्वको उपस्थितिले कसूर पूरा नभएको भनी मान्न नसकिने।
- घटना भइरहेकै समयमा अर्थपूर्ण र संयोगिक तरिकाले देखा पर्ने तर तत्कालीन परिस्थितिलाई प्रभावान्तर गरी कसूर पूरा हुनबाट जोगाउन सक्षम नहुने त्यस्तो तत्वलाई अपराध पूरा हुन हस्तक्षेप गर्ने बाह्य तत्वको रूपमा ग्रहण गर्न नसकिने ।
- इजलासबाट जबरजस्ती करणीको कसूर ठहर भएको अवस्थामा क्षतिपूर्ति के कति कसबाट भराइदिने र पीडितलाई के कस्तो हानि वा क्षति पुगेको छ भन्ने आधार कारणतर्फ हेर्नुपर्ने ।

६२. नेपाल सरकार वि. गणेश नेपाली (ने.का.प. २०७७, अंक ५, नि. नं. १०५०१)

- जबरजस्ती करणीजस्तो फौजदारी कसूरमा स्पष्ट तथ्य, कारण तथा स्वास्थ्य परीक्षण प्रतिवेदनको नतिजाअनुरूप जबरजस्ती करणी हुनको लागि आवश्यक पर्ने सुस्पष्ट तथ्य र प्रमाणबाट मात्र कसूरको ठहर गरी सजाय गर्न न्यायोचित हुने ।

६३. नेपाल सरकार वि. जयप्रसाद पोखरेल, (ने.का.प. २०७७, अंक ५ नि.नं. १०५०६)

- अपराधले पूर्णता नपाउने विभिन्न कारणहरू हुन सक्छन् । यस्तै कुनै कारणबाट अपराध घटित हुनबाट रोकिएको देखिनुपर्छ भन्नेज हुँदैन । पीडकलाई डर, त्रास वा भौतिक शक्ति वा प्रतिवादीको आपराधिक क्रियाकलापलाई रोक्ने अरू त्यस्तै प्रभावकारी कार्य जस्तो; रूने, कराउने वा प्रतिवादीको कुकार्यको बारेमा संरक्षकलाई भनिदिन्छ भन्ने जस्ता कारणबाट प्रतिवादीलाई आपराधिक कार्य गर्नबाट रोक्छ र अपराधले पूर्णता पाउँदैन भने उद्योगको अवस्था सिर्जना हुने । सबै अवस्थामा प्रतिवादीलाई शक्ति प्रयोग गरी अपराध गर्नबाट रोकिए मात्र उद्योग भएको भन्न नहुने ।

६४. उपेन्द्र पासवान वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक २, नि.नं. १०६४३)

- अदालतमा बकपत्र गर्दा पीडित व्यक्ति साक्षीसरह मात्र भएकोले निजको भनाइ नै अन्तिम प्रमाण होइन । पीडित व्यक्ति मानवीय प्राणी भई उक्त घटना वारदात र अपराधपछि पनि निजले उही समाज र प्रतिवादीको बसोबास रहेको बसेको गाउँ ठाउँमा नै पुनः बस्नुपर्ने भएकोले विभिन्न पक्षहरूबाट प्रभावित हुन सक्छ । पीडितले hostile भई बकपत्र गरेको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउन सक्दैन । प्रतिवादीले उन्मुक्ति पाउने कुरा अन्य मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित पनि हुनुपर्ने ।
- वस्तुस्थितिका मानिसले पनि पीडितको भनाइबाट जबरजस्ती करणी भएको भनेको र पीडितको भनाइ पनि जबरजस्ती करणी भएको भन्ने रहेको र स्वास्थ्य परीक्षण प्रतिवेदनहरू र सहअभियुक्तको बयानबाट पनि जबरजस्ती करणी भएको तथ्य नै स्थापित भइरहँदा केवल पीडितको अदालतसमक्षको भनाइलाई मात्र आधार लिएर सफाइ दिन नमिल्ने।

६५. चन्द्रबहादुर गाहा वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६०) ज.क

- विशेषज्ञ चिकित्सकले पीडितको शरीर, यौनाङ्गको जाँच गरी शरीरमा देखिएको घाउ चोटको बारेमा उल्लेख गरी तयार पारिएको स्वास्थ्य परीक्षण प्रतिवेदन अन्यथा प्रमाणित नभएसम्म जबरजस्ती करणी जस्तो अपराधमा महत्त्वपूर्ण प्रमाणको रूपमा रहन्छ । वैज्ञानिक विधि पद्दतिबाट जाँच गरिएको स्वास्थ्य परीक्षण प्रतिवेदन तथ्यगत प्रमाण नै हो । पीडितको शरीरमा जबरजस्ती आपराधिक कार्य गर्दा पर्न गएको घाउ चोट प्रमाण वस्तुगत आधारमा देखिने हुँदा त्यस्तो प्रमाणलाई न्यायको रोहमा अनदेखा गर्नु मनासिब नहुने ।

६६. नेपाल सरकार वि. दुर्गाप्रसाद खत्री चौलागाईं (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८१)

- अपाङ्गता भन्ने विषय व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक रूपमा पहिलेदेखि नै स्थापित भइरहेको अवस्था हुँदा जहिले पनि पुष्टि हुने । त्यस्तो अपाङ्गतासम्बन्धी प्रमाणपत्र लिनु र नलिनुले अपाङ्गता भएको यथार्थलाई नकार्न नसक्ने । प्रमाणपत्रले उक्त यथार्थलाई औपचारिकता प्रदान गर्ने मात्र हुने ।

६७. दुर्गादत्त भट्ट वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८२)

- महिलाको शरीर र अस्मिता विरूद्ध हुने जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताको साथ लिनुपर्ने हुन्छ । जबरजस्ती करणी मुद्दाको पहिलो साक्षी भनेको पीडित आफैं हो । अरू प्रत्यक्ष प्रमाणहरूसँग बाझिएको, पीडितको भनाइमा निकै विरोधाभाष देखिएको, पीडितको भनाइ कृत्रिम र बनावटी देखिएको जस्ता अवस्थाहरूमा बाहेक सामान्यतः अदालतले पीडितको भनाइलाई प्रमाणको रूपमा लिनुपर्ने ।

- वारदातको प्रकृति तथा संवेदनशीलता, पीडितको सानो उमेर, शारीरिक र मानसिक अपरिपक्वता, शारीरिक र मानसिक अपाङ्गता, न्यून शैक्षिक चेतनास्तर, पारिवारिक तथा सामाजिक प्रतिष्ठामा आँच आउने डर, भौगोलिक विकटता, न्यून आर्थिक अवस्था, सांस्कृतिक परिवेशसमेतका कारण समाजमा कलंकित (Stigmatized) हुने डर तथा वारदातपश्चात् पीडितमा पर्न गएको शारीरिक र मानसिक विक्षिप्तताका साथै समाजले पुऱ्याउन सक्ने थप पीडाको डर (Fear of being more Victimized) र समाजमा पीडकको हैसियत जस्ता तत्त्वहरूले जबरजस्ती करणी जस्ता महिलाको अस्तित्वसँग जोडेर हेरिने अपराधमा ढिलो जाहेरी पर्न सक्ने अवस्थाको विद्यमानता रहन्छ । त्यसकारण न्यायकर्ताले यस्ता जघन्य अपराधको पीडित तथा पीडित रहेको समाजको पृष्ठभूमि र परिवेशलगायतका वास्तविकताहरूलाई पनि गम्भीरतापूर्वक लिनुपर्ने ।

६८. नेपाल सरकार वि. कालुमान लामासमेत (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९३)

- समूहद्वारा गरिएको कार्यलाई सङ्गठित भई गरिएको होइन भन्ने आधारबाट मात्र हेरी व्याख्या गर्न मिल्ने नदेखिने।
- कुनै एक जना प्रतिवादीले गरेको जबरजस्ती करणीको कसूर र दुईजना प्रतिवादीहरूबाट सोही ठाउँमा सोही समयमा पालैपालो गरिएको जबरजस्ती करणीको कसूरबाट पीडितलाई पर्ने असर समान हुन नसक्ने । सामूहिकरूपमा जबरजस्ती करणी गर्ने कार्यबाट कसूरको गाम्भीर्य बढ्न जाने तथा पीडितलाई थप पीडा पुग्न जाने स्थिति रहने भएकोले विधायिकाले त्यस्तो कसूरदारलाई थप सजाय हुने व्यवस्था गरेको देखिने ।
- एक जनाभन्दा बढी व्यक्तिको सामूहिक मनसाय र समझदारीमा गरिने कसूरलाई सामूहिक जबरजस्ती करणी नै मान्नुपर्ने देखिन्छ र उक्त कार्यलाई कसूरको गम्भीरता बढाउने तत्त्वकै रूपमा मान्नुपर्ने ।

६९. गोविन्द राजवंशी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि. नं. १०७०७)

- बौद्धिक अपाङ्ग व्यक्तिले आफूले गर्ने कार्य एवं सोको परिणामप्रति सजग नरहने र आफूउपर भएको कुनै आपराधिक कार्यप्रति प्रतिकार गर्ने क्षमताको अभावसमेत हुने हुँदा पीडितले आफ्नो बौद्धिक क्षमताको अभावको कारण कुनै प्रतिकार नगर्दैमा र शारीरिक जाँच प्रतिवेदनमा शरीरमा सोको कुनै चिह्न नदेखिएको भन्ने उल्लेख हुँदैमा पीडितका विरूद्ध प्रतिवादीले गरेको जबरजस्ती करणीको कार्यमा पीडितको सहमति थियो भनी मान्न नमिल्ने ।

७०. नेपाल सरकार वि. महेन्द्र कार्की (ने.का.प. २०७८, अंक ७, नि. नं. १०७११)

- प्रतिवादीले विवाह गर्छु भनेको कारण दुवैको सहमतिबाट पटकपटक शारीरिक सम्बन्ध भएको हो भनी पीडितले अदालतमा बयान गरेको देखिन्छ । यसरी लामो समयदेखि शारीरिक सम्बन्धमा रहेका, प्रतिवादी र पीडित सँगै गई पटकपटक गर्भपतन गराएको, होटल रेष्टुरेन्टमा भेटघाट गर्ने गरेको, प्रतिवादी र पीडितबिच विवाहको विषयलाई लिएर खटपट भई वारदात भएको करिब ५ महिना १२ दिनपछि जाहेरी परेको देखिँदा निजहरूबिचको शारीरिक सम्बन्धमा प्रतिवादीले विवाह गर्ने गलत वा छलकपटपूर्ण विश्वास दिलाएर मात्र शारीरिक सम्बन्ध गरेको हो वा निजहरूबिचमा सहमतिमा सम्बन्ध भई विवाह गर्ने विन्दुमा विवाद भई सम्बन्धमा तिक्तता आई अनुसन्धान, अभियोजन र अदालती प्रक्रिया सुरू भएको भन्ने सम्बन्धमा अभियोजन अस्पष्ट देखिएको हुँदा यस्तो अस्पष्ट अनुसन्धान र अभियोजनका आधारमा गरिएको जबरजस्ती करणी ठहर गर्ने फैसलालाई उल्टी गरी अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला मिलेकै देखिने ।

७१. सि.आइ.वी. १४२ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ९, नि. नं. १०७३४)

- प्रतिवादी कायम गर्नुभन्दा अगाडि नै प्रतिवादीको मृत्यु भइसकेको देखिएकाले आफूउपर आरोपित कसूरमा प्रतिरक्षा गर्न नै नपाई मृत्यु भइसकेको व्यक्तिबाट क्षतिपूर्ति भराइदिनु न्यायोचित नदेखिने ।

७२. अरुण राम वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५५)ज.क.

- कुनै पनि घटना घटिसकेपश्चात् सही Clinical examination गर्नका निम्ति सकेसम्म चाँडो "fresh-sample" लिइएको हुनुपर्ने । दुई दिनपछि लिइएको "sample" "contamination-free" थियो भनी मान्न नसकिने ।
- वीर्य (Semen) नभेटिएको मात्र आधारमा प्रतिवादीले कसूर गरेको होइन भनी मान्न थालियो भने न्यायको मक्सद नै मर्न जाने ।

७३. तुलसी चौधरी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६४)ज.क.

- सामूहिकरूपमा गरेको जबरजस्ती करणी स्थापित हुनको लागि आवश्यक तत्त्व भनेको करणी कार्यमा एकभन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको हुनुपर्ने । सामूहिक बलात्कारमा एकैपटक बलात्कार गर्ने अवस्था नहुँदा साझा मनसायले अपराधलाई निरन्तरता दिई पालैपालो जबरजस्ती करणी गर्दछन् भने सो कार्यलाई सामूहिकमै गरिएको मान्नुपर्ने ।

७४. Kenneth Joseph Coombs वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७२)

- बाल यौन दुराचार वा अप्राकृतिक मैथुन भित्र मुलुकी ऐन जबरजस्ती करणीको १ नं.को स्पष्टीकरण खण्डको (घ) नं. र प्रचलित मुलुकी अपराध संहिताको दफा २१९(२) को स्पष्टीकरण खण्डको (ग) को अवस्थालाई समावेश गरिएको मान्नुपर्ने ।
- बालयौन दुराचारलाई मुलुकी अपराध संहिताको महिला विरूद्ध हुने यौन दुर्व्यवहार विरूद्धको दफा २२४ को कसूर वा बालबालिका विरूद्ध हुने दफा २२५ को बालयौन दुरूपयोगको कसूरसम्म मात्र मान्न सकिने देखिँदैन । यसलाई दफा २२६(३) अन्तर्गतको कसूर मान्नुपर्ने ।
- बाल यौन दुराचारीलाई पिडोफाइल भन्न मिल्ने देखिए पनि सबै पिडोफाइल बाल यौन दुराचारी नहुन पनि सक्ने भएकाले बाल यौन दुराचार (child sexual abuse) र पेडोफाइल (pedophile) का बिचमा के कस्तो अवस्थामा समान अवस्था र के कस्तो अवस्थामा भिन्नता छ भन्नेबारेमा हेर्दा सबै पिडोफाइललाई बाल यौन दुराचारको कसूरदार मान्न नसकिए पनि सबै बाल यौन दुराचारीलाई पिडोफाइल मान्न सक्ने देखिन्छ । पिडोफाइललाई मानसिक समस्यासँग सम्बन्धित विषय मानी उसले घटना घटाएपछि मात्र बाल यौन दुराचारको कसूर बन्ने अन्यथा पिडोफाइलको अवस्थालाई मात्र आफैंमा अपराध मान्न मिल्ने नदेखिने ।
- उमेर पुगेको व्यक्तिले नाबालकसँग गर्ने यौन सम्पर्क अपराध मात्र नभएर नैतिकपतनको कार्यसमेत हो तर पिडोफाइल मानसिक अस्वस्थता हो, जसमा यौन लक्षण नदेखिएका नाबालकप्रति पिडोफाइलको यौन आकर्षण अत्यधिक बढेको हुन्छ । यस्तो मानसिक अवस्था आफूभित्रै रहेको अवस्थामा यसले अपराध सिर्जना गर्दैन र व्यक्तिभित्रै रहेको पिडोफाइल चाहनालाई अपराध मान्न मिल्दैन तर कार्यमा परिणत भएमा यो अपराधसँगै नैतिक पतनको घटना मानिने।
- बाल यौन दुराचार मुद्दामा स्वयं पीडित साक्षीको भनाइको प्रामाणिक मूल्य अत्यन्तै महत्त्वपूर्ण रहेको हुन्छ ।

वारदातका सम्बन्धमा मौकाको भनाइलाई समर्थन गरी अदालतसमक्ष व्यक्त भएका भनाइलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने ।

- यौनसम्बन्धी शारीरिक एवं मानसिक पूर्णरूपमा विकसित नभएकाले प्रतिवादीहरूउपरको कसूर अपराधको परिणाम के कस्तो रहने भन्ने कुराको कुनै ज्ञान नभएका अबोध नाबालकले मौका तथा वारदातमा आफूउपर भएको कार्य निस्कपट रूपमा बकपत्र गरेको अवस्थामा अबोध नाबालकहरू छलकपट गर्न सक्ने क्षमता नभएकाहरूलाई मलाई यही प्रश्न सोध्छु भन्ने कुराको जानकारी नै गराई सिकाइएको भन्ने प्रतिवादीको भनाइ केवल अनुमान मात्र मान्नुपर्ने।

७५. अमित कुमाल वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७४) ज.क

- मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा प्रवेश पाएको सजाय छुट दिन सकिने वा सजाय कम गर्ने मागदाबीसम्बन्धी व्यवस्थालाई दाबीको सौदाबाजी (Plea Bargaining) को अवधारणाअनुसार नेपालको परिप्रेक्ष्यमा मूलतः अनुसन्धानमा कसूरदार वा अभियुक्तले कसूर स्वीकार गरेको वा कसूरमा आफू साबिती भई संलग्न अन्य व्यक्ति र प्रमाण जुटाउन सहयोग गरेको अवस्थामा अनुसन्धान प्रतिवेदनमा उल्लेख भई वा त्यस्तो अवस्था देखिएमा सरकारी वकिलले अभियोगपत्रमार्फत दाबी गरेको अवस्था विद्यमान हुनुपर्दछ । अपराध संहिता र फौजदारी कार्यविधि संहितामा उल्लेख भएको व्यवस्थाअनुसार अभियोगपत्रमा दाबी नगरिएको अवस्थामा अदालतले अनुमानको भरमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ अनुसारको सजायमा छुट दिन सक्ने वा सजाय कम गर्न सक्ने नदेखिने ।

७६. मंगले भन्ने थानबहादुर मल्ल वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८१९) ज.क

- पीडितले बकपत्र गर्दा निजलाई सोधिएका प्रश्नको सामान्य रूपमा नै जवाफ दिएको पाइएको र पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले चिकित्साशास्त्रका सर्वमान्य सिद्धान्त र नेपालको परिप्रेक्ष्यमा निश्चित गरिएको मापदण्डको आधारमा यकिन राय नदिई पीडितको अभिभावकले मौखिक रूपमा पीडित मानसिक रूपमा केही सुस्त रहेको भनेका भरमा मात्र र निजको भनाइलाई स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेखसम्म गरेको आधारमा मात्र पीडित सुस्त मनस्थितिकी अपाङ्ग हुन् भनी प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नम्बरबमोजिम थप सजाय गर्नु न्यायोचित नदेखिने ।

७७. राम गुलाम साह तेली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक २, नि.नं. १०८२२) ज.क.

- कसूरको वर्गीकरण आफैंमा प्राविधिक विषय हुने हुँदा जाहेरी दरखास्त दिने व्यक्तिलाई कानूनले गरेको कसूरको वर्गीकरणको प्राविधिक विषयमा सूक्ष्म जानकारी नहुन सक्दछ जसको कारण जाहेरी दरखास्त दिँदा कसूरको फरक नाम उल्लेख भएको हुन सक्छ । अनुसन्धान हुँदै जाँदा अनुसन्धानकर्तासमक्ष प्रस्तुत भएको तथ्य र प्रमाणको आधारमा अभियोगपत्र दायर हुने हो । कुनै कसूरमा जाहेरी नै नपरे पनि अनुसन्धान गर्ने अख्तियारप्राप्त निकायले सूचनाको आधारमा स्वयं छानबिन तथा अनुसन्धान गरी प्राप्त प्रमाणहरूको आधारमा कसूरदारलाई कानूनी दायरामा ल्याउन सक्ने ।
- जाहेरी दरखास्तमा उल्लिखित सूचनाले अनुसन्धान प्रक्रियाको थालनी भई अनुसन्धानबाट प्राप्त प्रमाणहरूको आधारमा सम्बन्धित निकायले अभियोग पत्र दर्ता गरी उक्त अभियोग प्रमाणहरूबाट पुष्टिसमेत भएकोमा जबरजस्ती करणीको उद्योगतर्फ जाहेरी परेको भए तापनि जबरजस्ती करणीको कसूरमा अभियोग दर्ता भयो

भन्ने विषय न्यायको रोहमा गौण हुने ।

७८. नेपाल सरकार वि. रविकुमार गुप्ता (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८४२)

- प्रतिवादीले लामो समयसम्म डर, धाकधम्की दिई जबरजस्ती करणी गरेको भन्ने उमेर पुगेकी जाहेरवालीले त्यति लामो समयसम्म पनि प्रतिवादीको उक्त कार्यको बारेमा कोही कसैलाई नभनेको र घटनाको बारेमा कतै सूचना दिने प्रयाससमेत नगरेको, कहींकतै उजुरी नगरेको, प्रतिवादीसँग सहज रूपमा विभिन्न ठाउँमा घुम्न गई सँगै रातसमेत बिताएको समेतका घटनाक्रम तथा परिस्थितिबाट जाहेरवालाको जाहेरी बेहोरा तथा बकपत्र बेहोरालाई स्वाभाविक रूपमा लिन नमिल्ने ।
- जबरजस्ती करणी मुद्दामा पीडित नै मुख्य साक्षीको रूपमा रहने भएका कारण निजको भनाइ महत्त्वपूर्ण हुने भए तापनि अकाट्य प्रमाण हुन नसक्ने । जाहेरी तथा बकपत्र बेहोरा विश्वसनीय र सामान्य नजरले हेर्दा स्वाभाविक पनि देखिनुपर्ने । जाहेरवालीले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्दैमा सो कुरालाई अन्य स्वतन्त्र प्रमाणहरूबाट तथ्यगत रूपमा पुष्टि नभएसम्म सोको प्रमाणिक महत्त्व नरहने । पीडितको कथन स्वाभाविक तथा घटनाक्रमसँग सिलसिलावद्ध रूपले मेल खाने प्रकृतिको हुनुका साथै वस्तुनिष्ट रूपले समर्थित हुनुपर्ने ।

७९. हिरालाल भण्डारी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ४, नि. नं. १०८५०)

- पीडितको सहमति मन्जुरीमा करणी लिनु दिनु गरेको भए पीडितलाई प्रतिवादीले रकम दिनुपर्ने प्रयोजन नरहने । रकम लिनु दिनु गरेको भन्ने कागजको बेहोराकै आधारमा सहमतिमा करणी भएको मान्न नसकिने ।

८०. नेपाल सरकार वि. आदर्शप्रकाश शाही (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५१) ज.क.

- जबरजस्ती करणी भएको अवस्थामा मात्र यौनाङ्गमा चोट देखिने, सहमतिको करणीमा नदेखिने भन्न नमिल्ने ।
- जाहेरवाला र प्रतिवादीले सहमतिमा करणी भएको भनी जिकिर लिइरहेको अवस्थामा शारीरिक परीक्षण प्रतिवेदनमा करणी भएको देखिएकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुग्न नमिल्ने । जाहेरवालाको बकपत्र मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको अवस्थामा निजको बकपत्रलाई केवल प्रतिवादीलाई सजायबाट बचाउने उद्देश्यले गरेको भनी सो बकपत्रको प्रामाणिक मूल्यलाई नजरअन्दाज गर्न नमिल्ने ।

८१. नेपाल सरकार वि. जगतबहादुर वाइबा (ने.का.प. २०७९, अंक ४, नि. नं. १०८६०)

- प्रतिवादीको आर्थिक, सामाजिक स्तरसमेत निम्न स्तरको रहेको कारण देखाई पीडितलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को क्षतिपूर्तिको अधिकारबाट वञ्चित गर्न नमिल्ने ।
- अपराध पीडित व्यक्तिले कसूरदारले सजाय पाउँदा मात्र पूर्ण न्यायको अनुभूति गर्न सक्दैन । पीडितलाई क्षतिपूर्ति र आवश्यकताअनुसार स्वास्थ्य, शिक्षा, पुनर्स्थापना, रोजगारी जस्ता अवसर उपलब्ध गराइएमा मात्र पीडितले न्यायको अनुभूति गर्न सक्ने । पीडितले समाजका साथ बाँच्न पाउने मौलिक हकबाट नै वञ्चित हुने तथा पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन नसकी पीडितको आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने स्थिति हुने ।

- कसूरदारको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, कसूरदार पहिचान हुन नसकेको वा कसूरदार फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने ।

८२. शम्भु स्याङतान वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८८६)

- मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरण (ग) अनुसार योनिमा लिङ्ग आंशिकरूपमा मात्र पसेको भए पनि जबरजस्ती करणी प्रयोजनका लागि कार्य पूरा भएको मान्नुपर्ने कानूनी व्यवस्था रहेकोले र योनिको बाहिरी भाग labia majora र भित्री भाग labia minora सम्म पनि लिङ्गको प्रवेश भएको स्थितिमा योनिभित्र लिङ्गको आंशिक प्रवेश भएको मान्नुपर्ने ।
- नाबालिगको शरीरमा सङ्घर्षको चिह्न नभेटिएको भन्ने आधारमा जबरजस्ती करणीको कसूर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिकामाथि हुने यौनजन्य कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले प्रश्रय पाउने ।
- कलिलो उमेरका नाबालिगलाई गरेको करणीमा सङ्घर्षको चिह्न हुनु आवश्यक नहुने, यस्तोमा करणी गरेको देखिनु नै पर्याप्त हुने ।

८३. नेपाल सरकार वि. सचिन योगीसमेत (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९५)

- मासिक रक्तस्राव भएको बेला भएको सामूहिक जबरजस्ती करणी थप पीडादायिक अवस्था हो । मासिकस्रावको बेला पीडितको शारीरिक अवस्था तथा प्रतिरोधात्मक क्षमता कमजोर रहने हुँदा यसलाई सजाय बढाउने तत्त्व विद्यमान रहने अवस्थाका रूपमा हेरिनुपर्ने । यस्तो अवस्थामा वीर्य योनिमा नरहनु, बगेर जानुलाई स्वाभाविक मान्नुपर्ने।
- सामूहिक रूपमा जबरजस्ती करणीमा परेको भनी आघात रहेकै अवस्थामा दिएको जाहेरी दरखास्त र घटना घटेको लामो समयपछि बकपत्र गर्दा जाहेरी र बकपत्रमा उल्लेख गरिएको केही बेहोरा फरक पर्न सक्ने कुरालाई नकार्न नसकिने ।
- पीडितलाई परेको मनोवैज्ञानिक, सामाजिक तथा शारीरिक पीडासमेतबाट निजको कतिपय बेहोरामा सामान्य परिवर्तन आउनु स्वाभाविक हुने । यसबाट पीडितले आघात अवस्थामा दिएको जाहेरी दरखास्त र लामो समयपछि अदालतबाट भएको बकपत्रमा केही सामान्य फरक परेको हुन सक्ने ।
- क्षतिपूर्ति निर्धारण गर्दा वारदातबाट पीडितलाई पुग्न गएको भौतिक, शारीरिक र मानसिक पीडा एवं वारदातपश्चात् देखा पर्ने पीडितको शारीरिक, मानसिक, भावनात्मक अवस्थासमेतलाई विचार गरी पीडितको जीवनयापनमा परेको असरसमेतलाई ध्यान दिनुपर्ने ।

८४. रेशमबहादुर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९००)

- प्रतिवादीले पीडितको शरीरमा कहींकतै कोतरिएको छैन भनी पीडितसँग करणी भएको भए निजको शरीरमा सङ्घर्षका चिह्न हुनुपर्ने हो भन्नेतर्फ सङ्केत गरेको अवस्थामा पीडित अवोध नाबालिगले प्रतिवादीउपर प्रतिकार गर्न सक्ने अवस्था नै नआउने हुँदा शरीरमा चिथोरिएको कोतरिएको प्रमाणको खोजी गर्नु तर्कसङ्गत नहुने ।

८५. नेपाल सरकार वि. परिवर्तित नाम धादिङ २४ (१२२) समेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९०७)

- प्रतिवादीहरू नाबालिग भएको कारण अर्को पीडित नाबालिगलाई क्षतिपूर्ति नभराउने हो भने समानताको हक प्रतिकूल भई पीडितलाई अन्याय पर्न जाने । प्रतिवादीहरू नाबालिग भएको कारण क्षतिपूर्ति भर्नु नपर्ने भन्ने जबरजस्ती करणीको महलमा उल्लेख भएकोसमेत नपाइने । बालबालिकासम्बन्धी ऐन, २०४८ बालबालिकाको हक हितको संरक्षण गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उद्देश्यसहित बनेको ऐन हो । उक्त ऐन विशेष ऐन भई बालबालिकाले गरेको कसूरमा अन्य वयस्क उमेरका व्यक्तिले गरेको भन्दा सजायमा केही छुटसम्म प्रदान गरेको अवस्थालाई ऐनले क्षतिपूर्तिको दायित्वसमेत बेहोर्नु नपर्ने गरी छुट प्रदान गरेको भनी अर्थ गर्नु मनासिब नहुने।

८६. महेन्द्र श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९२९) ज.क.

- फौजदारी कसूरमा सत्यताको मूल्याङ्कनको लागि भनाइमा अधिकांशतः स्थिरता (consistency) को विद्यमानता हुनुपर्ने हुँदा जबरजस्ती करणीको वारदातमा पीडितले पीडाको आघात (trauma), सामाजिक लोकलाज र पीडितको आफ्नो अस्मितापूर्ण जीवनलाई पनि चुनौती दिएर आफू विरूद्धको कसूरमा सत्य तथ्य कुरा भन्ने साहस गरेको हुने र समयको अन्तरालमा केही कुरामा सामान्य विरोधाभाष आउन सक्ने स्थितिलाई नकार्न नसकिने । कुनै पनि व्यक्तिले एक पटक भनेको भनाइ बेहोरा पुनः अर्को पटक भन्नुपर्दा अक्षरसः जस्ताको तस्तै मिल्ने गरी भन्न नसकिने । केही सामान्य कुराहरू फरक पर्दैमा सम्पूर्ण भनाइको विश्वसनीयता नै समाप्त भई नहाल्ने ।

८७. सोम छिरिङ शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११००८)

- पीडितको उमेर अनिवार्य रूपमा निजको अभिभावक वा स्कुल तथा डाक्टर विशेषज्ञबाट अनुसन्धानकर्ताले खुलाई यकिन गरी दाबी लिनुपर्ने ।
- प्रहरी आफैंले पीडितको उमेर लेखी स्वास्थ्य जाँच गर्दा उल्लेख भएको आधारले मात्र पीडित नाबालक रहेको भन्ने पुष्टि नहुने ।
- पीडितको उमेर यकिन नै नगरी अभियोग दाबीमा अनुसन्धानकर्ताका मनोगत भनाइलाई आधार लिई पीडितको उमेर नाबालक भन्ने प्रमाणित नहुने ।

८८. सन्तोषकुमार यादव वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१५)

- पीडित तथा जाहेरवालाले आफूले गरेको दाबी परिवर्तन गरी प्रतिकूल बकपत्र गरेको अवस्थामा अन्य प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कनबाट घटना भएको र घटनामा आरोपित व्यक्तिको संलग्नता रहेको पुष्टि हुने प्रत्यक्ष वा परोक्ष प्रमाण छन् भने जाहेरवाला वा पीडितको प्रतिकूल बकपत्रलाई अस्वीकार गर्न सकिने ।
- पीडित र प्रतिवादीबिच बालविवाह भएको तथ्य स्थापित भइरहेको स्थितिमा निज पीडितको करणीसम्बन्धी स्वास्थ्य परीक्षण प्रतिवेदन एकल रूपमा जबरजस्ती करणीको निश्चयात्मक प्रमाण ९अयलअगिकष्खभ भखष्मभलअभ० हुन नसक्ने ।
- नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दालाई देवानी मुद्दामा परिणत गर्न सकिने भए तापनि नेपाल सरकार वादी भई अनुसूचीको कुनै प्रकारको मुद्दालाई नेपाल सरकार वादी भई चल्ने अर्को प्रकारको अनुसूचीको फौजदारी मुद्दामा परिवर्तन गर्न सकिने ।

८९. घनश्याम कार्की वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १, नि.नं. ११०१९)

- पीडिताको शारीरिक परीक्षणमा कुनै घाउचोट नदेखिएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेकोमा जबरजस्ती करणीसम्बन्धी आधुनिक विधिशास्त्रले चोटपटक तथा सङ्घर्षका चिह्नहरूलाई मात्र कसूर स्थापित गर्ने सम्बन्धमा अत्यावश्यक ठान्ने गरेको नपाइने । यसका अलावा डर धाक धम्कीको प्रयोग गरी गरिएको जबरजस्ती करणीमा पीडितले अवरोध गर्न सक्ने अवस्था नरहने हुँदा चोटपटक तथा अवरोधका चिह्न नपाइनु स्वाभाविक हुने ।

९०. नेपाल सरकार वि. कृष्णबहादुर भण्डारी (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३५)

- प्रतिवादीले पीडितको योनिमा औंला छिराउने र मुखले चलाउने कार्य गरेकोसमेत देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को स्पष्टीकरणको (घ) मा भएको व्यवस्थाबमोजिम लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा जबरजस्ती करणी गरेको मानिने र प्रतिवादीले पीडितको योनिमा औंला छिराउने, मुखले चलाउनेसमेतको कार्य गरेको देखिएकोले निज प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को स्पष्टीकरणको (घ) मा परिभाषित जबरजस्ती करणीको कसूर गरेको भन्ने पुष्टि भएको देखिने ।
- पेडोफाएल भन्नाले बालबालिकाहरू प्रति मात्र लक्षित गरी बालयौनसम्बन्धी व्यवहारमा सक्रिय हुने मानसिकतालाई बुझाउँछ । पेडोफाएलबाट ग्रस्त व्यक्तिले आफ्नो बालबालिका लक्षित यौनजन्य मनसायबमोजिम कुनै क्रिया नगर्दाको अवस्थासम्म त्यसलाई कसूरको संज्ञा दिन मिल्ने देखिँदैन । पेडोफाएल ग्रसित व्यक्तिले बालबालिकालाई यौनजन्य क्रियाकलापमा प्रयोग गर्नका निम्ति उनीहरूलाई सुरूमा माया गरी उपहार दिई नजिक हुने प्रयास गरेको पाइने । पेडोफाएल ग्रसित व्यक्तिले बालबालिकाहरूलाई डर, त्रास, धाक, धम्की जस्ता व्यवहार गर्ने गरेको नपाइने ।
- कुनै व्यक्ति पेडोफाएलको परिधिभित्र पर्ने नपर्ने विषय निजको अरू बालबालिका लक्षित क्रियाकलापहरूबाट समेत देखिनुपर्ने र प्रतिवादी पेडोफाएल हो होइन भन्ने विषयमा प्रहरीले थप अनुसन्धान गरी प्रमाणित गर्नुपर्ने ।

९१. नेपाल सरकार वि. सन्तोष कुमार साह सुडी (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६०)

- जबरजस्ती करणीसम्बन्धी अपराध पीडित र तिनका परिवारसमेतका लागि पीडादायक र महिला विरूद्ध हुने जघन्य अपराध हो । तथापि पीडितले घटना विवरण कागज गर्दैमा मात्रै कसूरदार ठहर भइहाल्ने हुँदैन । पीडितले घटना विवरण कागजको बेहोरा र अदालतमा बकपत्र गर्दा एकै बेहोरा उल्लेख नगरी फरकफरक बेहोरा उल्लेख गरी आफूउपर कसूर नै नभएको भन्ने बकपत्र गर्दछन् भने अन्य प्रमाणको अभावमा अनुमान र शंकाको भरमा कसूर कायम गर्न नमिल्ने ।

९२. नेपाल सरकार वि. कृष्णबहादुर राई (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६६)

- सामान्यतयाः सामान्य बौद्धिक अपाङ्गता भएका व्यक्तिमा करणीको मन्जुरी दिन सक्ने सक्षमता हुन सक्ने देखिन्छ । अपाङ्गताको गम्भीरता बढ्दै जाँदा त्यस्तो सक्षमता घट्दै जान सक्छ । कुनै व्यक्ति करणीको मन्जुरी दिन सक्छ वा सक्दैन भन्ने निष्कर्षमा पुग्नुअघि निजले करणीको कार्यको प्रकृति तथा परिणाम बुझ्न सक्दछ वा सक्दैन भनी निक्यौंल गर्नु आवश्यक हुने । त्यस्तोमा करणीको मन्जुरी दिन सक्षम भएको व्यक्तिको यौन स्वायत्तताामा असर पर्ने गरी सुस्तमनस्थिति वा बौद्धिक अपाङ्गता भएको प्रत्येक व्यक्ति

करणीको मन्जुरी दिन सक्षम हुन सक्दैन भन्ने मान्यता तर्कसङ्गत नदेखिने ।

- कुनै व्यक्तिमा करणीको मन्जुरी दिन सक्षमता हुनको निमित्त कसूरको प्रकृति, यौन रोग सर्न सक्ने जोखिम, गर्भवती हुन सक्ने परिणाम, कसैले करणीको प्रस्ताव गरे नकार्न सक्ने चेतना र करणीको कार्यको लागि अर्को व्यक्तिको क्षमता र मन्जुरी हुनुपर्ने भनी बुझ्न सक्ने अवस्था भएको व्यक्ति हुनुपर्ने ।
- हरेक प्रकारको सुस्तमनस्थिति वा बौद्धिक अपाङ्गताको अवस्थालाई गोश्वारा रूपमा होस ठेगान नरहेको अवस्था कायम गर्ने नभई उक्त व्यक्तिले करणीको सहमति दिन सक्दछ वा सक्तैन भनी निजले करणीको कार्यको प्रकृति तथा करणीमा संलग्न हुँदा हुन सक्ने परिणाम तर्कसङ्गत रूपमा बुझ्न सक्दछ वा सक्तैन भनी परीक्षण गरी निक्यौंल गर्नुपर्ने ।
- होस ठेगानमा नरहेको व्यक्ति मन्जुरी दिन पूर्ण रूपमा असक्षम हुने हुँदा त्यस्तो मन्जुरीलाई मन्जुरी नमानी सो अवस्थामा भएको करणीलाई जबरजस्ती करणी मान्नुपर्ने । होस ठेगान नरहेको अवस्था भन्नाले कुनै कृत्रिम अवस्थाका कारण अर्थात् लागु औषध, मादक पदार्थ सेवन वा यस्तै प्रकृतिका अन्य कारणले क्षणिक होस गुमाएको अवस्थामा गरिने करणीसमेतलाई बुझ्नुपर्ने देखिन्छ । त्यस्तै पूर्ण अशक्त अपाङ्गता भन्नाले कुनै जटिल रोग वा दीर्घकालीन र प्राकृतिक रूपमै प्रतिकार गर्न नसक्ने अवस्था रहेका भन्ने बुझ्नुपर्ने ।
- सुस्तमनस्थिति वा बौद्धिक अपाङ्गता भएका व्यक्तिले करणीको कार्यको प्रकृति र परिणाम बुझ्न सक्ने वा नसक्ने, होस ठेगानमा भएको वा नभएको, करणीको मन्जुरी दिन सक्ने वा नसक्ने अवस्थाको यकिन हुने गरी एक प्रकारको कार्यात्मक परीक्षण (functional test) अपराध अनुसन्धानकै बेलादेखि अपनाउनुपर्ने आवश्यकता भएको सन्दर्भमा नेपाल प्रहरीलाई ध्यानाकर्षण गराउने ।
- होस ठेगान नरहेको व्यक्तिसँगको करणीको कार्य कानूनद्वारा निषेधित करणी (statutory rape) हुने तर सुस्तमनस्थिति वा बौद्धिक अपाङ्गता मात्र भएको व्यक्तिसँग करणी गरेको कार्य कानूनद्वारा निषेधित (statutory rape) नहुन पनि सक्ने । बौद्धिक अपाङ्गता भएको तर होस ठेगानमा रहेको व्यक्तिको यौन स्वायत्ततालाई कानूनी व्यवस्थाले संरक्षण गरेकै देखिएकाले होस ठेगानमा रहेको व्यक्तिले सबै अवस्थामा करणीको मन्जुरी दिन सक्तैन भन्ने तर्कलाई मान्न नसक्ने।

९३. नेपाल सरकार वि. नविन चर्माकार (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९६)

- वारदातको प्रकृति, कसूरदारको कसूरजन्य कार्यको समग्र अवस्थाको वस्तुगत स्थिति नै थप कसूरजन्य कार्य हो होइन भन्ने निर्धारक तत्त्व हुने । आफैंले गर्भवती बनाएको महिलालाई करणी गर्नु नै थप कसूर कायम गर्न सकिने अवस्था नरहने । जबरजस्ती करणी र सो जबरजस्ती करणीमा हुने थप सजायको व्यवस्था एकअर्काका पारस्परिक र परिपूरक कानूनी व्यवस्थाको रूपमा मान्नुपर्ने । कुनै गर्भवती महिलालाई जबरजस्ती करणी गर्नु र राजीखुसीसाथ करणी लेनादेना भइरहेको बखत गर्भ रहेको स्थितिपश्चात् पनि करणी लेनादेना हुनु अन्तरयुक्त अवस्था भएको देखिने । कानूनको व्याख्या सादृश्यताका साथ सङ्गतपूर्ण तवरबाट गर्नुपर्ने । गर्भवती महिलालगायत थप कसूर कायम हुने अपराधजन्य कार्यको तमाम प्रकृति र परिवेशबाट मुलुकी ऐन जबरजस्ती करणीको ३क. बमोजिमको थप सजायको वस्तुगत निष्कर्ष निकाली न्याय निरूपण गर्नुपर्ने ।

९४. सरोज वि.सी. वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ६, नि.नं. १११०१)

- एउटा महिलाको पारिवारिक, सामाजिक तथा सांस्कृतिक परिवेशसमेतका कारण निजको प्रतिष्ठामा आँच

आउने, कलङ्कित (Stigmatized) हुने डर तथा वारदातपश्चात् पीडितमा पर्न गएको शारीरिक र मानसिक विक्षिप्तताका साथै समाजले पुऱ्याउन सक्ने थप पीडाको डरका बाबजुद जबरजस्ती करणी कसूरको पीडित स्वयंले निजमाथि घटेको घटनाको सम्बन्धमा जाहेरी दिई उक्त जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा समेत सनाखत बकपत्र गरेमा उक्त प्रमाणलाई अन्यथा प्रमाणित नभएसम्म न्यायको रोहमा सर्वश्रेष्ठ र अकाट्य प्रमाणको रूपमा लिनुपर्ने । महिलाको शरीर र अस्मिता विरूद्ध हुने जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताको साथ लिनुपर्ने । जबरजस्ती करणी मुद्दामा पीडितको भनाइ र जाहेरीले सर्वाधिक महत्त्व राख्ने ।

९५. नेपाल सरकार वि. रमेश लामासमेत (ने.का.प. २०८० अंक ७, नि.नं. १११३४)

- पर्याप्त रूपमा सुसूचित भएर निर्णय गर्न सक्ने परिपक्वता नाबालिगमा रहेको नहुने । नाबालकमा यौनसम्पर्कको जोखिम र परिणामको पर्याप्त बुझाइ र मूल्याङ्कन गर्ने क्षमताको समेत कमी रहने । नाबालकको यौन शोषण भएको अवस्थामा सुरक्षात्मक भूमिका खेली यौन शोषकबाट बचाउन र सहमतिमा करणी भएको अवस्था भएमा पनि दण्डनीय भूमिका खेली नाबालकलाई स्वयंबाट जोगाउन कानूनले नाबालकउपर हुने करणीको कसूरलाई कठोर दायित्वको कसूरअन्तर्गत राखेको देखिन्छ । यसर्थ नाबालिगसँगको यौन सम्बन्धमा सहमति थियो भन्नुको कुनै अर्थ नरहने ।

९६. नेपाल सरकार वि. परिवर्तित नाम संकेत नं. ५२(१८८) (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४०)

- फरक उमेरावस्था रहेका पीडित र प्रतिवादीलाई गाउँघरमा सामान्य रूपमा बज्यै नाति नाता लगाई पुकार गर्ने प्रचलन सामान्य रूपमा कायम रहेको पाइने । यस दृष्टिबाट, पीडित र प्रतिवादी बज्यै नाति नाता सम्बन्ध रहेको भन्नुको तात्पर्य निजहरू आफ्नै वंशका बज्यै नाति नाता सम्बन्धका व्यक्ति रहेको भनी अर्थ गरिहाल्न भने सो तथ्य सबुद प्रमाणबाट पुष्टि भएको हुनुपर्ने ।
- अभियुक्तउपरको प्रत्येक कसूर शंकारहित तवरले पुष्टि भएमा मात्र अभियुक्त सो कसूरमा कसूरदार ठहर हुने हो । अभियुक्तउपरको अनुमान र अपुष्ट कथनको आधारमा कसूर स्थापित हुन नसक्ने । शंका र अनुमान जतिसुकै प्रबल भए पनि यसलाई निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।
- प्रतिवादीउपरको अभियोग दाबी सप्रमाण पुष्टि हुन नसकेको अवस्थामा पीडितले वा जाहेरवालाले भनेको, अभियोग पत्रमा पीडित र प्रतिवादी हाडनाता सम्बन्धको व्यक्ति रहेको भन्ने उल्लेख भएका जस्ता आधारमा मात्र कसूरदारलाई थप सजाय गर्न न्यायसम्मत नहुने ।

९७. दिपेस पाण्डे वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६५)

- जाहेरवाला नाबालिग रहेको देखिएको र जबरजस्ती करणी जस्तो गम्भीर किसिमको अपराध आफूमाथि घटित भएको अवस्थामा केही समयको अन्तरालमा भएको निजको बकपत्रको बेहोरा र जाहेरी दरखास्तको बेहोरा सामान्यरूपमा फरक पर्नुलाई अस्वाभाविक रहेछ भनी अर्थ गर्न नमिल्ने ।

९८. विनोद रिमाल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६६)

- पीडितको असहायपना र संवेदनशील अवस्था एवं न्यायिक प्रक्रियामा सहयोग गरेबापत उठाउनुपर्ने जोखिमको प्रकृति र मात्राको तुलनामा अभियुक्त पक्षबाट प्रयोग हुनसक्ने दबाब र प्रभावको सहजताका कारण पीडितले अदालतमा प्रतिकूल बकपत्र गर्ने सम्भावना बढी हुने ।

- पीडितले मौकामा के बेहोरा लेखायो र अदालतमा के बेहोरा लेखायो भनी निजले लेखाएको बेहोरालाई यान्त्रिक रूपमा हेरी त्यस्तो बेहोराको सत्यताको परीक्षण गर्नेतर्फ नै नलागी प्रतिवादीलाई कसूरमा गढाउ वा कसूरबाट सफाइ दिनुपर्छ भन्ने मान्यतालाई सही मान्यता मान्न नसकिने । प्रमाण मूल्याङ्कनमा प्रमाणहरूको संख्याभन्दा पनि उपलब्ध प्रमाणहरूको विश्वसनीयता महत्त्वपूर्ण हुने ।

९९. नेपाल सरकार वि. टमस सोनी (ने.का.प. २०८१, अंक १, नि.नं. ११२३९)

- अशक्त वा अपाङ्गता रहेका महिलालाई कसैले जबरजस्ती करणी गरेमा थप सजाय गर्नुपर्छ भन्ने विधायिकी मनसाय रहेको देखिने ।
- अशक्त, अपाङ्ग भनी कानूनमा प्रयुक्त दुई शब्दलाई एकै ठाउँमा जोडेर अर्थ गर्न नमिल्ने । अलगअलग अर्थ दिने उक्त दुईमध्ये कुनै एक अवस्थाको विद्यमानता भएमा पनि प्रतिवादीलाई कानूनबमोजिम थप सजाय गर्नुपर्छ भन्ने कानूनको मक्सद रहेको देखिने ।

१००. धनबहादुर अर्गेजा वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४७)

- व्यक्तिले कुनै घटनाका बारेमा लामो समयपछि व्यक्त गर्दा पहिलेको बेहोरासँग सामान्य फरक पर्नु सामान्य भए पनि घटनाको प्रकृति र मुद्दाको स्वरूपमा नै बदलाव आउने गरी जाहेरीमा प्रतिवादीले बन्दुक बोकेको सम्बन्धमा उल्लेख नगरेको अवस्थामा बकपत्रमा प्रतिवादीले बन्दुकसमेत साथमा लिएको भनी उल्लेख गरेको कुरालाई सामान्य मान्न मिल्दैन । यसबाट घटनाको प्रकृति र प्रतिवादीलाई लाग्न सक्ने कसूरमा समेत भिन्नता आउने गरी भएको बकपत्रमा सामान्य फरक परेको मात्र भन्न मिल्दैन । त्यसैले मौकाको जाहेरी बेहोरा र जाहेरवालीको अदालतको बकपत्रमा तात्त्विक फरक परी विरोधाभाषपूर्ण रहेको देखिन्छ । यसरी, अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरू न्यायिक परीक्षणका क्रममा समर्थित नभई परस्पर विरोधाभाषपूर्ण रहेको देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई कसूरदार ठहर गर्न नमिल्ने ।
- श्रीमतीउपर जबरजस्ती करणी गरेको देखे जाहेरवालीका श्रीमान्ले आवश्यक प्रतिकार तथा गुहार मागी समयमै घटनाको जाहेरी नदिएबाट पनि घटना वारदातको विश्वसनीयतामा शङ्का संशय पैदा हुन पुगेको देखिन्छ । मुद्दामा तोकिएको हदम्यादभित्र जाहेरी दिन सक्ने कुरालाई नकार्न नसकिए पनि घटनाको बारेमा जतिसक्दो छिटो जाहेरी तथा सूचना दिएको खण्डमा मात्र घटनाको वास्तविकतासम्म पुग्न सकिने हुँदा यसतर्फ जाहेरवाला तथा वादी पक्ष सजग हुनु त्यति नै महत्त्वपूर्ण हुन जान्छ । प्रतिवादी र पीडित पनि एकै समाजको छिमेकी भएका कारण समाजमा तथा छिमेकीमा हुने व्यवहार तथा सम्बन्धहरूले पनि यस्ता घटना प्रभावित हुने र त्यस्ता कुराले घटनाको स्वरूप नै परिवर्तन हुनेतर्फ पनि अदालतले ध्यान दिनुपर्ने ।
- जबरजस्ती करणी मुद्दामा पीडित भनिएकी जाहेरवालीको कथन सर्वोत्तम प्रमाण हुने भए पनि त्यस्तो कथन मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत समर्थित हुनुपर्दछ । साथै, जाहेरवालीको मौकाको र अदालतमा व्यक्त गरेको भनाइमा समेत एकरूपता भई विश्वसनीय हुनुपर्दछ । जबरजस्ती करणीको वारदातका सम्बन्धमा नै फरक परी विरोधाभाषपूर्ण भई शङ्कास्पद देखिएको जाहेरवालीको भनाइलाई अकाट्य प्रमाणको रूपमा लिन नमिल्ने ।

१०१. विदुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६०)

- जहाँ बदलाको भाव उत्पन्न हुन्छ त्यहाँ आवेशको स्थान नरहने । आवेशमा आई होस गुमाएको मानिसले

चुल्ठोमा समाई अनुहार आफूतर्फ फर्काई निधारजस्तो संवेदनशील अंग यकिन गरी पटकपटक प्रहार गर्ने अवस्था नहुने । भुइँमा लडेपछि पनि घाँटीमा च्याप्ने, चिउँडोमा टोक्नेलगायतका आक्रमण प्रतिवादीले मृतकउपर गरेको पुष्टि भएको अवस्थाले प्रतिवादीमा आवेशको स्थिति समाप्त भई उद्देश्यमूलक आक्रमणमा संलग्न भएको मान्नुपर्ने । भौतिक प्रहारपछि प्रतिवादीले मृतकलाई जबरजस्ती करणीसमेत गरेको प्रमाणित भएको अवस्थामा यस्तो वारदातलाई आवेश प्रेरित हत्याको कसूर मान्न नमिल्ने । जबरजस्ती करणीको निमित्त गरिने निर्मम हिंसाको स्वरूप नै मान्नुपर्ने।

१०२. नेपाल सरकार वि. परिवर्तित नाम २६क (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२८२)

- जबरजस्ती करणीको कसूरमा पीडित, जाहेरवाला तथा वादीका साक्षीहरूले मौकाको बेहोरा तथा जाहेरी बेहोरा प्रतिकूल अदालतमा बकपत्र गर्न सक्ने अवस्था देखिने । न्यायकर्ताले न्यायिक मन प्रयोग गरी घटना, सङ्कलित प्रमाण तथा परिस्थितिको सूक्ष्म मनन गरी तथ्यको वस्तुनिष्ठ जाँच गरी विद्यमान कानून, न्यायिक सिद्धान्त र विधायिकी मनसायसमेतलाई शिरोधार्य गर्दै न्याय सम्पादन गर्नुपर्ने । जबरजस्ती करणीको कसूरमा मिसिल संलग्न सम्पूर्ण प्रमाणको मूल्याङ्कनबाट न्याय निरूपण हुन वाञ्छनीय भई प्रतिकूल बकपत्रकै भरमा फौजदारी कसूरबाट कसूरदारलाई छुटकारा दिन नमिल्ने ।

१०३. विनोद थापासमेत वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ६, नि.नं. ११२९६)

- कुनै महिलाले सामूहिक करणी गर्न सहमति दिन्छ भन्नु महिलाको अस्मिता मात्र होइन मानवीय सभ्यता, चेतना, सामाजिक शिष्टता एवं न्यायपूर्ण समाजको परिकल्पना विरूद्धको कुरा हो । यस्तो तर्क र जिकिरमा फौजदारी न्याय प्रणाली आधारित गराउन नमिल्ने । न्याय अभियुक्तले मात्र होइन पीडित र समाजले समेत पाउनुपर्ने । समय र परिस्थितिले गालेको, असंरक्षित पीडित यसको अपवादमा पर्न नहुने । झुठ्ठा र फरेवी कुराको चेपमा परी न्यायले हार्नु नहुने । अदालतले समाजमा रहेको अशिक्षा, पछौटेपन र गरिबीसमेतका तत्त्वले न्यायलाई प्रभावित पार्न सक्छ भन्ने हेक्का राखी न्याय निरूपण गर्नुपर्ने । तर्करहित र बनावटी कुरा गरी सहमति थियो भन्यो भने न्याय स्खलित हुन पुग्ने ।

१०४. कृष्ण चमार वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ६, नि.नं. ११२९८)

- पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकले परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा अन्यथा हुने गरी अदालतको बकपत्रमा व्यक्त गरेको, निजको भनाइको आधारमा प्रतिवेदन तयार भएको र अदालतमा बकपत्र हुँदाको समयको अन्तराललाई सापेक्षतामा हेर्दा विश्वास गर्नु उचित नहुने ।
- समयको अन्तरालमा व्यक्तिको भनाइमा सामान्य फरक देखिनु अस्वाभाविक नहुने । मुख्यतः मिसिल संलग्न सङ्कलित प्रत्यक्ष वा वस्तुगत प्रमाण कसूर पुष्टि गर्ने आधार बन्ने । तथ्यगत प्रमाणबाट वारदात पुष्टि भएको अवस्थामा व्यक्तिको भनाइलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गर्नु स्वाभाविक नहुने ।

१०५. रामेश्वर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३२५)

- दोहोरो खतराको सिद्धान्त कुनै पक्षलाई एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नदिइने प्रतिबद्धता हो । यस सिद्धान्तले कुनै पनि व्यक्तिलाई कुनै खास फौजदारी कसूरमा एकपटक पहिला नै मुद्दा चलाई सफाइ दिइएको वा दोषी ठहराई सजाय दिइएको होस्, पुनः सोही विषयमा अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनु न्यायको रोहमा उपयुक्त नहुने ।

- एकपटक फौजदारी कारबाही अन्तिम भएपछि पुनः सोही विषयमा सोही व्यक्तिउपर मुद्दा चलाई सजाय गर्न राज्य विबन्धित हुने । यो व्यवस्था collateral estoppel को सिद्धान्तमा आधारित हुने । एउटै कसूरको अभियोगमा पटकपटक अनुसन्धान तहकिकात गरी मुद्दा चलाउँदै जाने हो भने राज्यको फौजदारी न्याय प्रणाली न्यायअनुकूल नभई अनिश्चयपूर्ण अवस्था उत्पन्न हुन सक्ने हुँदा नागरिकलाई सो अवस्थाबाट जोगाउन, एउटा अपराधमा एक पटकभन्दा बढी कारबाही वा सजायको अवस्था सिर्जना हुन नदिन र फौजदारी मुद्दाको अन्तिमता (finality of the case) लाई स्थिर बनाइराख्नेसमेत फौजदारी न्यायिक कार्यविधिमा दोहोरो खतराको सिद्धान्तलाई कठोरसाथ पालना गर्नुपर्नेमा द्विविधा नरहने ।
- प्रतिवादीको कोठाअगाडि सार्वजनिक स्थानमा पीडितले पिसाब गरेको जरियाबाट सिर्जित पीडितलाई हातपात गरेको सार्वजनिक अपराधको कसूर र पीडितको योनिमा चाबी घुसाई चलाएको जबरजस्ती करणीको कसूरको स्पष्टतः फरक प्रकृति, फरक मिति र फरक वारदातस्थल देखिन आएकोमा पीडित वा जाहेरवालाले मौकामा कागज लेखाउँदा वा बकपत्र गर्दा मिति वा दिन, बार आदिमा हुन गएका स्मृतिजन्य सामान्य मानवीय त्रुटि वा प्राविधिक छिद्रहरूका आधारमा एक अवोध नाबालिगउपर भएको जबरजस्ती करणीको जघन्य कसूरलाई सामान्य प्रकृतिको सार्वजनिक अपराधको कसूरमा नै समावेश भएको भनी अर्थ गर्न नमिल्ने ।
- फरकफरक प्रकृतिको फरकफरक कसूरमा तत् तत् कानूनबमोजिम अनुसन्धान गरी अभियोजन गर्ने र कसूर ठहर भएमा समेत कानूनबमोजिम सजाय गर्नुपर्ने अवस्थामा दोहोरो खतराको सिद्धान्त आकर्षित नहुने ।

१०६. चेतन लावती वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ९, नि.नं. ११३४८)

- बालबालिकालाई अनुचित प्रभावमा पारी गरिने करणीबाहेक समान उमेर समूहका वा केही निश्चित उमेरको अन्तराल मात्र भएका बालबालिकाहरूबिच प्रेम सम्बन्ध तथा यौन चाहनाका कारण आपसमा निकटता रही शारीरिक सम्बन्ध वा करणी लेनदेन हुन सक्ने अवस्थालाई अनदेखा गरी कानूनको व्याख्या यन्त्रवत् रूपमा गरी बालबालिकालाई सजाय निर्धारण गर्ने हो भने त्यस्ता बालबालिकाप्रति गरिने निर्णय विवेकसम्मत र न्यायोचित नहुने ।
- वैवाहिक जोडीबिचमा आपसी सहमतिमा हुन सक्ने करणी आपराधिक मनसाय नभई सामाजिक मूल्य मान्यता, समाज विकासको आधारभूत पक्ष एवम् शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्नीबिचको आपसी सहमति र भावनाका साथ भएको शारीरिक सम्पर्कभन्दा अन्यथा रूपमा हेरी कसूर कायम गर्नु न्यायोचित नहुने । विवाह गरी सँगै बस्ने सहमति गर्नु र विवाह गरी केही समय पीडित र प्रतिवादी सँगैसाथै रहेको अवस्थामा भएको शारीरिक तथा यौन सम्बन्धलाई लिएर जबरजस्ती करणीजस्तो गम्भीर कसूरमा कठोर सजाय गर्नुसमेत विवेकसम्मत नहुने । विधिकर्ताले समेत यस्ता प्रकृतिका कसूरमा अन्य जबरजस्ती करणीको कसूरमा भन्दा कम सजाय हुने व्यवस्था मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं । को देहाय ६ मा गरेको देखिने ।
- परम्पराअनुसार विवाह भएको तथ्य स्थापित भई विवाहित जोडी कायम भएकै अवस्थामा जबरजस्ती करणी गरेमा अन्य अवस्थामा भएको जबरजस्ती करणी गर्ने व्यक्तिलाई हुने सजायसरह विवाहितहरूबिच भएको जबरजस्ती करणीलाई पनि सजाय गर्नु न्यायोचित नहुने । विवाहित जोडीहरूबिचमा करणी भएको तर त्यस्तो करणीमा महिलाको असहमति रहेको देखिएको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती

करणीको महलको १ नं ।बमोजिमको कसूर कायम गरी ऐ । महलको ३ नं । को देहाय ६ बमोजिमको सजाय गर्दा नै न्यायोचित हुने ।

१०७. नेपाल सरकार वि. सोमनाथ ढुंगाना (मुद्दा नं. ०७५-CR-०१३२)

- जबरजस्ती करणी तथा गर्भपतन लुकीछिपी गरिने अति संवेदनशील बिषय भएको र यसको सामान्यतया प्रत्यक्ष प्रमाण पाउन कठिन हुने हुँदा कसूर कायम गरी सजाय गर्नको लागि मिसिल संलग्न प्रमाणको लेखाजोखा गर्दा जाहेरी तथा पीडितको बकपत्रलाई प्रमाण मूल्याङ्कनको प्राथमिकतामा राख्नुपर्ने भए तापनि सो कुरालाई पीडितको शारीरिक स्वास्थ्य जाँच प्रतिवेदन तथा मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणले पुष्टि गर्नुपर्ने। पीडितको बकपत्रलाई शङ्कारहित रुपमा शारीरिक स्वास्थ्य परीक्षण, घटना प्रकृति मुचुल्का लगायतका स्वतन्त्र प्रमाणबाट कसूर पुष्टि हुन नसकेकोमा केवल जाहेरी दरखास्त, मौकाको कागज र बकपत्रलाई मात्र प्रमाणको रुपमा ग्रहण गरी यस्तो संवेदनशील फौजदारी मुद्दामा प्रतिवादीलाई सजाय गर्न उचित नहुने।

१०८. राजु परियार वि. नेपाल सरकार (मुद्दा नं. ०७६-CR-०१३२)

- सहअभियुक्तको पोललाई प्रमाणमा ग्रहण गर्नका लागि सहअभियुक्त आफु कसुरमा सावित हुनुपर्ने, अदालतमा भएको बयानमा पोल गरिएको हुनुपर्ने र त्यस्तो पोल अन्य प्रमाणबाट समर्थित हुनुपर्ने शर्तहरु पूरा हुनुपर्ने।
- सहअभियुक्तको पोलको सन्दर्भमा, प्रमाण ऐन, २०३१ को दफा ९क. को व्यवस्थानुसार सहअभियुक्त अदालतमा आफु सावित भई गरेको पोललाई अन्य प्रमाणले पुष्टि गरेको हुनुपर्ने, ऐ. ऐनको दफा ३८ अनुसार त्यसरी पोल गर्ने अभियुक्त साक्षी सरह हुने र ऐ. ऐनको दफा ४८ बमोजिम निजको बकपत्र गराउनुपर्ने र सहअभियुक्तलाई जिरह गर्न सकिने भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०३ ले गरेको कानुनी व्यवस्था तथा प्रमाण ऐन, २०३१ को दफा ५०(५क) बमोजिम सहअभियुक्तले पोल गरेमा सो पोल गरेको हदसम्म सहअभियुक्तलाई जिरह गर्न अवसर दिने भन्ने व्यवस्था र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५ मा कुनै सहअभियुक्तले अर्को अभियुक्त उपर पोल बयान गरेमा निजको बयान हुनुअघि उक्त बयान व्यहोरा सुनाई मात्र बयान लिनुपर्ने भन्ने व्यवस्थाको सम्बन्धमा समेत विचार गर्नुपर्ने।
- कानूनमा रहेको सहअभियुक्तको जिरह गर्ने कार्यविधिगत व्यवस्थालाई शुरु तहका अदालतबाट नबाट सहअभियुक्तको पोल भएको अवस्थामा पोलिने अभियुक्तबाट जिरह गर्ने अवसर प्रदान गर्ने प्रचलित कानूनको व्यवस्थालाई सोही कानूनबमोजिम र सो कानूनको अधिनमा रही कार्यान्वयन गर्नपर्ने।

४. जवरजस्ती करणी/हाडनाता

१. श्रीराम त्रिपाठी वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ६, नि.नं. ९६१९)

- चरित्रकै विवाद रहेको मुद्दामा बाहेक अपराधी ठहर गर्न वा सफाइ दिनको लागि व्यक्तिको चरित्रलाई कानूनले खासै महत्व दिएको छैन । करणी एउटा घटना हो जो जुनसुकै जैविक व्यक्तिबाट जुनसुकै बेला जसरी पनि घटित हुने सम्भावना रहन्छ । यसका प्रस्फुटनका एक होइन अनेकौं छिद्र हुन्छन् । साधु सन्त देउतादेखि दुष्ट दुर्जन सबै यसको दायरामा आउन सक्ने हुन्छन् । त्यसैगरी यौन दुराचार र करणी

गर्ने काम सामान्यतया कसैले पनि खास गरी बाबुले आफ्नो सन्तानको सामुन्ने गर्ने कुरा एक असामान्य कुरा भएको र पीडितकी बहिनी निक्कै कम उमेरकी भएकीले निजबाट यस्तो तथ्य थाहा पाउने अवस्था कमै पर्छ । अतः ती भनाइलाई प्रतिवादीको सफाइको आधार बनाउनु उपयुक्त नहुने ।

- ठूलै घाखत भई सो घाउ बिग्रेको केही अपवादजन्य अवस्थाबाहेक करणी भएको एक महिनासम्म जबरजस्ती करणीका लक्षणहरू यथावत् रहन सक्ने हुँदैनन् । कानूनले १६ वर्ष पूरा भएकोलाई बयस्क माने पनि नेपालमा १३।१४ वर्षमा नै केटीहरूको स्तनलगायतका यौनांगहरूको विकास हुने र महिनावारी सुरू हुने र सन्तान जन्माउन सक्ने अवस्थामा पुग्ने यहाँको इतिहास र यथार्थ छ । करणी भएको भनिएको समयमा पीडितको उमेर १४ वर्ष पूरा भई १५ मा प्रवेश गर्नको लागि ४ महिना जति बाँकी रहेको देखिन्छ । पीडितको कन्या जाली च्यातिएको अवस्था छ । कन्याजाली विभिन्न कारणले च्यातिन सक्ने कुरा यथार्थ हो । तर सामान्य क्रियाकलापबाट कन्याजाली च्यातिने कुरा यथार्थ होइन । पीडितबाट के कस्तो असामान्य क्रियाकलाप भयो र निजको कन्याजाली च्यातिन पुग्यो यसको जिकिर प्रतिवादीले लिनुपर्छ र त्यसको प्रमाण पनि निजैले पुऱ्याउनु पर्ने ।
- पीडितले अरूहरूसँग पनि यौन सम्पर्क गरेकी कुराको हल्का वा बलियो कुनै प्रमाण देखिँदैन । प्रमाण र अनुमान फरक कुरा हुन् । बाबुको दुराचारबाट पीडित भई घर छोडेर छोरीले कसैसँग केही समय बिताएको तथ्यबाट निजहरू बिचको सोसम्बन्ध यौन सम्पर्कमा नै परिणत भएको अर्थ गर्न नमिल्ने ।
- बकपत्रमा परेका धेरै कुरा मौकाको जाहेरीमा उल्लेख हुन सकेका छैनन् । तर बकपत्र गर्ने व्यक्ति बकपत्र कसरी गर्नुपर्छ भन्ने कानून पढेको ज्ञाता व्यक्ति नभएको कुरा विचारणीय छ । प्रतिवादी एकदम बदमास व्यक्ति भएको देखाउन पनि वास्तविक तथ्यलाई बढाईचढाई गर्ने आनीबानी मानव स्वभावभित्रै पर्छ । जाहेरी दिँदा जाहेरवाला धेरथोर विचलित अवस्थामा रहने हुँदा सो को प्रभावस्वरूप मौकामा सिलसिलाबद्धमा सबै तथ्यको वर्णन नहुन पनि हुन सक्छ । तथापि दूधमा पानी मिसिएको भन्दैमा त्यसमा दूध छैन पानी मात्रै छ भन्न नमिले जस्तै केही कुरा बढाईचढाई आएबाटै वा केही कुरा छुटेबाटै त्यसलाई मात्र अलग्याई मिसिलका अरू प्रमाणको उपेक्षा गरी सो बकपत्रमा परेका यथार्थ कुरालाई समेत अमान्य गर्नु उचित हुँदैन । न्यायाधीशले राजहंसको काम गर्न सक्नुपर्छ । दूध कति र पानी कति छुट्याउनै पर्ने ।

२. मुकुन्दे लिम्बू वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ९, नि.नं. ९८७२)

- कानूनमा प्रष्टरूपमा हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी गरेको कसूर ठहर भएमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजायसमेत थपी सजाय हुने भनी व्यवस्था भएकोबाट विधायिकाले जबरजस्ती करणीसित जोडिएको हाडनाता करणीलाई अर्थात् हाडनाता भित्रको स्वास्नी मानिसको जबरजस्ती करणीको कसूर हुँदा त्यसलाई जबरजस्ती करणीको मूल कसूर मानी हाडनातातर्फ थप सजायको व्यवस्था गरेको प्रष्ट हुने ।
- हाडनातामा करणी भएको तर जबरजस्ती करणीको कसूर नभएको अवस्था र हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी भएको कसूरको अवस्था र प्रकृति नै फरक भएको हुँदा जबरजस्ती करणीको कसूरमा पीडित हाडनाताकी स्वास्नी मानिस भएमा जबरजस्ती करणीतर्फ छुट्टै र हाडनातातर्फ छुट्टै मुद्दा दायर हुनुपर्छ भन्ने कानूनको उद्देश्य र मनसायसमेत रहेको देखिँदैन । त्यस्तो अवस्थामा जबरजस्ती करणीको महलको २ नं. को मनसाय जबरजस्ती करणीको कसूरमा अनुसन्धान हुँदाखेरी नै हाडनातातर्फको सजायसमेत थपी अभियोग लगाउनुपर्ने ।

३. नेपाल सरकार वि. केशव गिरी (ने.का.प. २०७७, अंक ८ नि.नं. १०५६५)

- हाडनाता गर्नेको महलमा प्रस्टरूपमा मामाको छोरी र फुपूको छोरा हाडनाता हो भनी नभनेको अवस्थामा जबरजस्ती करणीको अभियोग लागी कसूर ठहर भई सजायसमेत भएका प्रतिवादीलाई प्रयोग हुनै नसक्ने कानूनको दफा लगाएर पेश भएको अभियोगको आधारमा कुनै कानूनले यही भनेको होला भनी अनुमानको भरमा हाडनाता जस्तो फौजदारी मुद्दामा दोषी ठहर गरी सजाय गर्न प्रचलित कानून एवं न्याय र फौजदारी कानूनका सामान्य सिद्धान्तसमेतले नमिल्ने ।

४. धनबहादुर राई वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १२, नि. नं. १०६२०)

- पीडितले जन्माएको नवजात बच्चाको बाबु प्रतिवादी होइनन् भनी DNA परीक्षणले देखाएको कारणले आरोपित जबरजस्ती करणीको कसूर निज प्रतिवादीबाट हुनै सक्दैन भनी अर्थ गर्न नमिल्ने ।
- जबरजस्ती करणीको कसूर र पीडितले धारण गरेको गर्भसम्बन्धी विषय छुट्टाछुट्टै विषय भएकोले पीडितले धारण गरेको गर्भ प्रतिवादीको नदेखिएको भनी DNA परीक्षणबाट देखिएको आधारमा मात्र जबरजस्ती करणीको वारदात नै भएको रहेनछ भनी अर्थ गर्न पनि नमिल्ने ।

५. चाकुपाट (ग) वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १ नि.नं. १०६३१)

- जबरजस्ती करणी मुद्दामा पीडितले व्यक्त गरेका कुराहरू कृत्रिम र बनावटी जस्तो देखिएको, अन्य प्रत्यक्ष प्रमाणहरूसँग बाझिएको तथा पीडितको भनाइमा निकै विरोधाभाष भई शंकास्पद देखिएको अवस्थामा बाहेक पीडितको बयानमा सत्यता छ भन्ने अदालतले अनुमान गर्नुपर्ने ।

६. विर्खध्वज श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७३८) हाडनाता ज.क.

- जाहेरवालाको जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने गरी गरेको बकपत्र, पीडितको घटना विवरण कागज र सोलाई समर्थन गरी गरेको बकपत्र, घटना विवरण कागज गर्ने अन्य व्यक्तिहरूको बकपत्र तथा पीडितको शारीरिक परीक्षण प्रतिवेदन र सो परीक्षण गर्ने डाक्टरको बकपत्रसमेतबाट जबरजस्ती करणीको कसूर स्थापित भइरहेको अवस्थामा प्रतिवादीको इन्कारी बयानलाई मात्र आधार मानी यी पुनरावेदक / प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिल्ने ।

७. नेपाल सरकार वि. परिवर्तित नाम ७१(९) (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५३)

- वादीले खारेज भइसकेको कानूनलाई आधार बनाई सजाय माग गरेको अवस्थामा अदालतले वादीको दाबी यस्तो हुनुपर्दछ भनी दाबी नै परिवर्तन गर्न नमिल्ने । कार्यविधि कानूनको अनुशरण गरेर नै न्याय निरूपण गर्नुपर्दछ । स्थापित कार्यविधि अनुशरण नगर्नु कानूनको दृष्टिमा त्रुटिपूर्ण हुन जान्छ । वादीले उजुर गर्दा जति कुरामा दाबी लिएको छ, त्यति कुरामा अदालत सीमित हुनुपर्दछ । कसूर स्थापित हुन आए पनि सजायतर्फ वादीले दाबी गरेको छैन वा सान्दर्भिक कानूनलाई आधार बनाई सजायको दाबी गरिँदैन भने अदालतले वादी दाबीलाई संशोधन गर्न नसक्ने ।

८. नेपाल सरकार वि. छविलाल वि.क. (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०६१)

- जबरजस्ती करणी जस्तो अपराधमा पीडितको भनाइलाई महत्त्वपूर्ण प्रमाण मानिए पनि निजको स्वास्थ्य परीक्षण प्रतिवेदन जस्तो भौतिक प्रमाणको ठुलो महत्त्व रहने । पीडितको मौकामा भएको स्वास्थ्य परीक्षण

प्रतिवेदनमा जबरजस्ती करणी पुष्टि हुने लक्षण नदेखिएको रायको विपरीत ८।९ दिनपछि भएको अर्को स्वास्थ्य परीक्षणमा पीडितको कन्याजाली च्यातिएको बेहोरा उल्लेख भएको राय शङ्कास्पद देखिएबाट त्यस्तो प्रतिवेदनलाई स्वतन्त्र प्रमाण मानी ग्रहण गर्न नमिल्ने ।

- प्रतिवादी मौकामा पक्राउ परेको र निजको स्वास्थ्य परीक्षण भएकोमा निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी गरेको पुष्टि हुने लक्षणहरू केही नदेखिँदा केवल प्रतिवादीको मौकाको साबिती बयानका आधारमा प्रतिवादीलाई जबरजस्ती करणीको कसूरदार ठहऱ्याउन नमिल्ने ।

९. नेपाल सरकार वि. रूकुम पश्चिम ५४श(१) (ने.का.प. २०८०, अंक ७, नि.नं. १११३३)

- पीडित नाबालिका छोरीलाई सहमतिमा करणी गरेको भन्ने आधारमा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउन नसक्ने।
- पीडित नाबालिका छोरीले मौकामा र अदालतमा समेत किटान गरी आफ्नो बुबा जस्तो संरक्षक व्यक्तिले जबरजस्ती करणी गरेको भनी बकपत्र गर्नुपर्ने अवस्थालाई अन्यथा भन्न नसकिने ।

१०. पूर्णबहादुर वि.क. वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४९)

- जबरजस्ती करणीको कसूर कायम भएको अवस्थामा पीडितलाई फैसला हुँदाकै बखत पर्न गएको शारीरिक, मानसिक क्षतिसमेतलाई विचार गरी क्षतिपूर्ति भराइदिनुपर्ने र सो कुरा फैसलामै उल्लेख गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा द्विविधा नरहने । ऐनमा नै प्रस्ट रूपमा लेखिएको व्यवस्थालाई अनिवार्य वा ऐच्छिक हो भनी मान्न नमिल्ने । यो स्थितिमा जबरजस्ती करणीको कसूरमा पीडितलाई भराइदिनुपर्ने क्षतिपूर्तिको व्यवस्थालाई बाध्यात्मक व्यवस्था नै मान्नुपर्ने ।
- न्यायको मुख्य लक्ष्य नै पीडितलाई न्याय दिनु हो । कसूरदारलाई कैदको सजाय गर्दैमा न्यायको लक्ष्य पूरा नहुने । उचित क्षतिपूर्तिसहितको न्यायले मात्र न्यायको वास्तविक लक्ष्य प्राप्त हुने । कसूर गर्नेलाई आफूले गरेको गल्तीको महसुस गराउनु र पीडितलाई क्षतिपूर्तिसहित समाजमा पुनर्स्थापित गर्नु नै न्यायको वास्तविक लक्ष्य हो । यही तथ्यलाई मनन गरेर कानूनमा पीडितले पाउनुपर्ने क्षतिपूर्तिको सम्बन्धमा समेत व्यवस्था गरिएको हो । पछिल्ला दिनमा त प्रतिवादीको क्षतिपूर्ति तिर्ने हैसियत रहेनछ भने पनि त्यसको जिम्मा राज्यले लिनुपर्दछ भन्ने मान्यतासमेत विकसित भएको पाइन्छ । यसरी कानूनमा नै क्षतिपूर्तिको सम्बन्धमा प्रस्ट रूपमा उल्लेख भएको स्थिति र कानूनको पालना गर्ने, गराउने तथा जनतालाई न्यायको अनुभूति दिलाउने महत्त्वपूर्ण संयन्त्रको रूपमा अदालत रहेको स्थितिमा पीडितको न्यायलाई यो वा त्यो बहानामा नजरअन्दाज गर्न नमिल्ने ।
- पीडित र प्रतिवादी एकै परिवारको हुँदैमा पीडितलाई कसूरबाट पर्न गएको क्षति स्वरूप भराइने क्षतिपूर्तिको औचित्यपूर्ण नहुने भन्ने तर्क कुनै पनि विधिशास्त्रीय एवं कानूनी मान्यताबाट सही नठहरिने ।

११. नेपाल सरकार वि. मोहम्मद अली मनिहार (ने.का.प. २०८१, अंक ९, नि.नं. ११३५०)

- कानूनमा अन्य नाताको व्यक्तिका बिचमा करणी गर्नेलाई सजायको व्यवस्थासमेत हाडनाता करणीको महलमा गरेको देखिएको र आफ्नै श्रीमतीले अघिल्लो लोग्नेबाट जन्मिएको छोरीलाई साथमा ल्याई सँगसाथै बसेको र संरक्षकत्वसमेत प्रदान गरेकोमा आफ्नै छोरी नभए तापनि सँगसाथ ल्याएकी आफ्नै श्रीमतीको छोरीलाई करणी गरेको अवस्थामा अन्य नाताका बिचमा करणी गरेको मान्नुपर्ने । यसरी आफ्नै सँगसाथ

तथा संरक्षकत्वमा बस्ने आफ्नै श्रीमतीले अघिल्लो लोग्नेतर्फबाट जन्मेका छोरीलाई करणी गर्दा हाडनाता हुँदैन भन्नु कानूनको सही र सान्दर्भिक व्याख्या हुन नसक्ने । सौतेनी आमा छोराबिच करणी भएकोमा कानूनको व्याख्या भएको तर सौतेनी छोरीका हकमा कानून मौन भएकोमा मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको २(४) नं । मा भएको अन्य नाताभित्र सौतेनी बाबु छोरी परेको अर्थमा बुझ्नुपर्ने ।

५. जाहेरी दरखास्त

१. वमवहादुर कठायत वि. श्री ५ को सरकार (ने.का.प. २०६२, अंक १०, नि.नं. ७६११)

- महिलाको अस्मितालाई सम्वेदनशील रुपमा लिइने हाम्रो समाजमा आफ्नी छोरीलाई अन्य व्यक्तिले जबरजस्ती करणी गरेको भनी बाबुले जाहेरी दरखास्त दिएको तथ्यलाई सामान्य रुपमा लिन नसकिने ।
- पहिले वारदात भएको वास्तविक तथ्यलाई जाहेर गरी घटनावाट पीडित एवं अन्य सम्वन्धित व्यक्तिहरुले वास्तविकता लेखाई दिएकोमा समयको अन्तरालमा सो घटनाबाट आफ्नो परिवार र आफूमाथि भएको सामाजिक वेइज्जती पीडा र दागलाई कम गर्नुपर्ने महसुस गरी अन्य किसिमका प्रलोभनमा पारी अदालतमा आई बकपत्र गर्दा आफ्नो पहिलेको भनाई विरुद्ध हुने गरी बकी लेखाई दिने प्रचलन पनि पाइने ।
- जबरजस्ती करणी जस्तो अपराधमा अन्य मुद्दामा जस्तो अंक गणितिय हिसाववाट हेर्नु भन्दा पनि नारीको अस्मितामा गम्भीर आँच आउने विषय भएकाले अदालतले संवेदनशील रुपमा विचार गर्नुपर्ने ।

२. रामहरि लामिछाने वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १०, नि.नं. ८६९५)

- जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले यदि जाहेरी नैं नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केवल जाहेरी तुरुन्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न नमिल्ने ।
- जाहेरी तत्काल दियो वा दिएन भन्दा पनि अपराध भयो वा भएन र अपराधमा कसको संलग्नता थियो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । जाहेरी दरखास्त ढिला पर्नाको बिभिन्न कारण हुन सक्छन् । देशको भौगोलिक अवस्था, घटनास्थलबाट प्रहरी रहेको स्थानको दूरी र बिकटता, समाजको चेतनाको स्तर, सामाजिक परिवेश, यस्तो अपराधबाट पीडितको भावी जीवनमा पर्नसक्ने प्रभाव तथा अभियुक्तको पीडितउपर पर्ने दबाव वा प्रभाव आदि जस्ता कारणले गर्दा जबरजस्ती करणी जस्तो कसूरका सम्बन्धमा जाहेरी ढिला पर्नसक्ने हुन सक्छ । तसर्थ जबरजस्ती करणीजस्तो प्रत्यक्ष रुपमा नारी अस्मितासँग जोडिएको गम्भीर विषयमा जाहेरी दर्खास्त दर्ता गराउन लागेको समयलाई मात्र निरपेक्ष रुपमा मूल्याङ्कन गरेर कसूरको मात्रा र गाम्भीर्यता घटीबढी हुन नसक्ने ।
- अपराधको घटना जाहेरी दरखास्तबाट मात्र पुष्टि हुने नभै अन्य तथ्यगत प्रमाणको पनि आवश्यकता पर्दछ । त्यस्तै कसूरदारलाई सजायबाट बच्न तत्काल भागेर जाने क्रममा गाउँ समाजले पक्राउ गरी प्रहरी जिम्मा नलगाएको वा प्रहरीले मौकामा पक्राउ गर्न नसकेको भन्ने मात्र कारण पनि कसूर भए नभएको वारे निश्चयमा पुग्ने आधार बन्न नसक्ने ।
- घटनाबाट पीडितले घटनाको तत्काल पछि अनुसन्धान अधिकारीसमक्ष र पछि अदालतमा साक्षीसरह व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(क) र (ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रुपमा

ग्रहण गर्नुपर्ने ।

- विवादरहित र आधारभूत स्वतन्त्र प्रमाणबाट इन्कारी बयान समर्थित हुन नसकेको अवस्थामा प्रमाण विनाको इन्कारी बयान मात्र सफाइ दिने यथेष्ट आधार बन्न नसक्ने ।
- ढिलो जाहेरी परेको भन्दैमा जबरजस्ती करणीको वारदात स्थापित नहुने भनी भन्न नमिल्ने ।

३. डिल्ली स्वाँरसमेत वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९६९)

(जाहेरी ढिला पर्दैमा कसूर नभएको भन्न नमिल्ने)

- जाहेरी ढिला गरी परेको कारण सम्बन्धमा विवेचना गर्दा पीडितको परिवेशतर्फ पनि विचार पुऱ्याउन पर्ने हुन्छ । अशिक्षा, अभाव, अज्ञानतासमेत रहेको समाजमा ढिला गरी जाहेरी पर्दैमा सोही कारणले मात्र वारदात नै नभएको निष्कर्षमा पुग्दा अन्यायको पृष्ठपोषण गरे सरह हुन जाने ।
- गाउँ समाजको परिवेश, गरिबी समेतका कारणले सामाजिक प्रभाव, दबाब वा आर्थिक लोभमा परी वारदात नै नभएको भनी निवेदन पर्नुलाई अस्वाभाविक मान्न मिल्दैन । वास्तवमा, कुनै पनि वारदात सम्बन्धमा भएको अनुसन्धानको नतिजा नै कसूर भए नभएको तथ्य निर्धारण गर्ने महत्वपूर्ण कसीको रूपमा रहेको हुन्छ । पछिबाट कसूरदार होइन भनी निवेदन परेको वा प्रतिवादीलाई सफाइ दिई बकपत्र गरेकै आधारमा मात्र सफाइ दिने हो भने न्याय व्यवस्थाको उपहास हुन जाने ।

४. नेपाल सरकार वि. चन्द्रबहादुर गुरुङ (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५४)

- अनुसन्धान अधिकारी समक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ । आफू समक्ष कुनै जाहेरी परेको छ भने जाहेरी मात्रको भरमा अन्य प्रमाणहरूको संकलनलाई बेवास्ता गर्नु अनुसन्धानकर्ताबाट अपेक्षित हुँदैन । अनुसन्धानका क्रममा भएका बयानमा मात्र सीमित नभई यसका विभिन्न कडीहरू हुन्छ, त्यस्तो बयान, प्रमाण तथा सम्बन्धित तथ्यहरूको समष्टिगत विश्लेषण पश्चात् मात्र न्यायकर्ताबाट सही न्याय दिन सक्ने अवस्थामा पुग्न सक्छन् । जाहेरीको बेहोरा तथा अनुसन्धान अधिकारी समक्षका पीडित भनिएका व्यक्तिको बकपत्र एक महत्वपूर्ण आधारको रूपमा लिइन्छ, तथापि वस्तुनिष्ठ प्रमाणबाट त्यस्ता बेहोराहरू पुष्टि हुन सकेन भने त्यस्तो जाहेरी दरखास्त र अनुसन्धान अधिकारी समक्षको बयानको बेहोरालाई थप प्रमाणहरूका रोहमा पनि विश्लेषण गर्नु आवश्यक हुने ।
- जबरजस्ती करणी आफैंमा एक घृणित अपराध हो, यसको अनुसन्धान अत्यन्त सूक्ष्म तथा गम्भीरतापूर्वक हुनुपर्ने हुन्छ । त्यसमाथि पनि हाडनातामा करणीको आरोप अझै गम्भीर विषय हो । यस अवस्थामा यान्त्रिक प्रकृतिबाट आरोपकर्ता, अनुसन्धानकर्ता, पीडित एवं आरोपित व्यक्तिका भनाइ मात्रमा सीमित नरही घटना भएको भनिएको स्थान, समय, वस्तीको अवस्था, पारिवारिक पृष्ठभूमि एवं व्यवहारहरू आसपासका प्रमाणयोग्य लुगा, कपडा लगायत अन्य वस्तुनिष्ठ प्रमाणहरू, स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र र मुद्दा अदालतमा दायर भएपछि सम्बन्धित पक्षहरूलगायत साक्षी तथा बुझिएका व्यक्तिहरूको अदालतभित्रको स्वतन्त्र परिवेशमा बसी दिएको बयान, बकपत्र आदिको समष्टिगत मूल्याङ्कन पश्चात् मात्र निष्कर्षमा पुग्नु पर्ने ।
- जाहेरी दिनुलाई सामान्य दृष्टिकोणबाट हेर्न सकिँदैन, जाहेरीका बेहोराको आधारमा अनुसन्धान अगाडि बढाउनु अनुसन्धानकर्ताको कर्तव्य हो र सोही जरियाबाट वस्तुनिष्ठ प्रमाणसम्म पुग्नु पर्ने हुन्छ । अदालतमा प्रवेश गरेपछि जाहेरवाला वा पीडित भनिएका व्यक्तिले आफ्नो बयान परिवर्तन गरेबाट

अदालतले के कुन अवस्था र परिवेशमा जाहेरी दिएको हो ? कस्ता प्रमाण संकलित छन्? अदालतमा आई गरेको बकपत्र तथा प्रतिवादीको बयानलाई पुष्टि गर्न अन्य तथ्ययुक्त प्रमाणका कडीहरू छ, छैन आदि विषयमा गम्भीरतापूर्वक सोच्नु पर्ने ।

- पीडक भनिएको प्रतिवादी थुनामा रहेकै अवस्थामा जाहेरवाली अदालतमा आई घर झगडाको कारण तथा आफूलाई अरूसँग हिँडेको भन्ने आरोप लगाएको कारण आफूले पनि आरोप लगाई दिएको भनी बकपत्र गरेको अवस्थामा पीडितको स्वास्थ्य परीक्षण नै एक प्रमुख आधार देखिने ।
- जाहेरवाला लगायत अन्य अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा उपस्थित भई आ—आफ्नो बेहोरालाई समर्थन नगरेसम्म जाहेरील गायतका अन्य कागजातहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिँदैन ... । यस अर्थमा जाहेरवालाले मौकामा दिएको जाहेरी, पीडितले अनुसन्धानको क्रममा गरेको कागज बेहोरा विपरीत अदालतमा आई बकपत्र गर्छन् भने त्यस्तो बकपत्रले प्रतिवादीको कसूर अपराध स्थापित गर्न मद्दत गर्दैन । त्यस्तो प्रमाणलाई प्रतिवादी विरूद्ध ग्रहण गर्न मिल्ने पनि देखिँदैन । जाहेरी दरखास्त र अनुसन्धानका क्रममा भएका कागज, साबिती बयानसमेतका आधारमा मात्र प्रतिवादीलाई कसूरदार ठहर गर्नु कानून एवं न्यायसङ्गत हुँदैन ।

५. नेपाल सरकार वि. हिमराज खड्का, (ने.का.प. २०७७, अंक ६, नि. नं. १०५२०)

- स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवै जनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसूर गरेका हुन् भनी विश्वास गर्न नसकिने ।
- जबरजस्ती करणीको आरोपलाई हलुका तरिकाबाट हेर्न मिल्ने हुँदैन । यस्तो कार्यले गलत प्रवृत्ति पनि सिर्जना गर्ने हुन्छ । आरोपित व्यक्ति निर्दोष रहेको प्रमाणित भएको अवस्थामा निजको अमूल्य जीवनको लामो अवधि निष्क्रिय मात्र नभई प्रतिकूल परिस्थितिमा पुगेको अवस्थामा समय, सामाजिक व्यवहार र दृष्टिकोण एवं कतिपय वृत्ति विकासका सम्भावनामा अपूरणीय क्षति हुने हुन्छ । कुनै व्यक्तिगत रिस वा कसैको उक्साहटमा आरोप लगाए बापत कुनै जिम्मेवारी लिनु नपर्ने वा दायित्व बेहोर्नु नपर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नु वाञ्छनीय देखिने ।

६. अप्राकृतिक मैथुन

१. नेपाल सरकार वि. राजेश क्षेत्री (ने.का.प. २०६५, अंक ६, नि.नं. ७९८३)

(बालिकाको मुख, टाउको लगायत शरीरका विभिन्न भागमा लिङ्गको घर्षण गराई पिसाब समेत फेरिदिएको जबरजस्ती करणीको उद्योग हुने)

- बालिकाको मुख, टाउको लगायत शरीरका विभिन्न भागमा लिङ्गको घर्षण गराई पिसाब समेत फेरिदिएको भन्ने आधारमा मात्र पीडित बालिकालाई जबरजस्ती करणी गरेको भन्ने स्थापित नहुने ।
- पीडित बालिका उपर उल्लेखित यौन दुर्व्यहार गर्दा बालिका रुँदै चिच्याउँदै कोठा बाहिर निस्की आमा भएतर्फ गएकीले प्रतिवादीले जबरजस्ती करणी गर्न नपाएको र जबरजस्ती करणीको अपराधको उद्योगसम्म गरेको देखिंदा उद्योगमा सजाय गर्ने ठहऱ्याएको शुरु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन

अदालतको फैसला अन्यथा नदेखिएकोले सो फैसला सदर हुने ।

- मुद्दाको अनुसन्धान तहकिकातको कारवाही जबरजस्ती करणीको उद्योग तर्फ केन्द्रीत भइ अप्राकृतिक मैथुनतर्फ अनुसन्धान तहकिकातको कारवाही भएको देखिएन । तसर्थ अप्राकृतिक मैथुनको वारदातस्थापित हुने कुनै सवूद प्रमाण संकलन भएको देखिन नआउँदा अप्राकृतिक मैथुनतर्फको कसूर स्थापित हुने अनुसन्धान तहकिकातको अभावमा सो कसूर कायम गरी प्रतिवादीलाई सजाय गर्न नमिल्ने ।

२. त्रिरत्न चित्रकार वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१४८)

- आफ्नो नियन्त्रणमा राखिएकी एक नावालक महिलाको Pedophile बाट वारम्वार यौन शोषण भएको अदालतको जानकारीमा आएको संभवत यो पहिलो मुद्दा होला । यस मुद्दामा पीडितउपर आशय करणी, जबरजस्ती करणी र अप्राकृतिक मैथुन समेतको अपराध वारम्वार भएको प्रमाणित भएको छ । यस अपराधलाई Custodial Rape भने पनि हुन्छ । यस्तो अपराधमा जिल्ला अदालतले गरेको कैद सजायमा पुनरावेदन अदालतले हस्तक्षेप गर्न नहुने ।
- अपराधको गाम्भीर्यता पीडितलाई पुगेको हानी, अपराधको पटक, पीडितको अवस्था अभियुक्तको अपराधको चरम सीमा, मात्रा, अपराध गरेको तरिका आदिलाई विचार गरेर सजाय तोक्न विधायिकाले न्यूनतम ७ वर्ष र अधिकतम १० वर्षको तजविजी सजायको व्यवस्था गरेको मान्नुपर्ने ।
- गम्भीर अपराधमा जिल्ला अदालतले ठेकेको कैदमा हस्तक्षेप गरी कुनै आधार कारण नदिई सजाय घटाउने गरेको पुनरावेदन अदालतको फैसलालाई गम्भीरताका साथ लिई अव भविष्यमा सबै पुनरावेदन अदालत र जिल्ला अदालतका माननीय न्यायाधीशहरूले सजाय गर्दा अपराधको गाम्भीर्यता र अपराधबाट पीडितलाई पर्न गएको क्षति पीडालाई बुझी अपराध माफिकको सजाय तोक्नुपर्ने ।
- जबरजस्ती करणीको अपराधबाट पीडित भएका कारण पीडितलाई पारीवारिक, मानवीय, मनोवैज्ञानिक शारीरिक चारित्रिक, पेशागत, बौद्धिक, सामाजिक, आर्थिक लगायत जीवनका विभिन्न पक्षमा परेको दूरगामी असरलाई ध्यानमा राखी क्षतिपूर्ति स्वरुप प्राप्त हुने सम्पत्ति भएकाले यस्तोमा पीडितलाई दण्ड सजायको महलको व्यवस्था लागू नहुने।

  (नोटः विभिन्न Count मा अभियोजन गरी सजाय माग गर्नुपर्नेमा केवल जबरजस्ती करणीको एक Count को मात्र मुद्दा चलाई Pedophile/ child abuse को अपराधमा सरकारी वकीलबाट ठूलो गल्ती भएको देखियो भनी उल्लेख भएको, पीडितको उमेर वर्ष ११।)

३. मोल्हुसेन हेन्ड्रिक ओटो वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ७, नि.नं. ८८६०)

(नाबालक उपरको अप्राकृतिक मैथुनलाई ज.क कै कसूरमा व्याख्या।)

- कुनै गरिएको वा नगरिएको कार्य प्रचलित फौजदारी कानूनको विपरीत नभएमा त्यस कार्यलाई लचिलो व्याख्याको माध्यम अपनाई कसूर कायम गर्न नसकिने ।
- कानूनमा प्रयुक्त कुनै दफाले अर्को दफामा प्रयुक्त प्रावधानलाई सापेक्षित रुपमा इङ्गित गरेको छ भने दुवै दफाका प्रावधानलाई एक अर्कासँग निरपेक्षरुपमा राखेर व्याख्या गरिनु हुँदैन । दुवैलाई एक अर्काको परिपूरकको रुपमा नै हेर्नुपर्ने ।
- अभियोजित कसूर अपराध भए नभएको सम्बन्धमा संदिग्ध वा द्विविधाको स्थिति सिर्जना भएमा त्यस्तो अवस्थामा अभियोजन दावीलाई अपनाउन सकिने स्थिति नहुँदा फौजदारी कानूनमा उल्लेख नभएको वा

प्रचलित कानूनले कसूरको रुपमा इङ्गित नगरेको कार्यलाई कसूरको संज्ञा दिन कानूनतः नमिल्ने ।

- फौजदारी कानून लचिलो नभै कठोर प्रकृतिको कानून भएको र विधायिकालाई कानूनद्वारा कुनै अमुक कार्यलाई समयानुसार आपराधीकरण गर्न र अपराध घोषित गरिएको कुनै कार्यलाई आपराधीकरणबाट अलग्याउन सक्ने विशेष अधिकार भएको कारण यस कानूनको व्याख्या गर्दा तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार नै गर्नुपर्ने ।
- कुनै कार्य कसूर भएको वा नभएको भनी यकीन गर्न विगतको कानूनी व्यवस्था के थियो वा खारेज भैसकेको वा संशोधन भएको कानूनमा खारेज वा संशोधन हुनु अघि के कस्तो व्यवस्था थियो भनी विगतमा प्रचलित कानूनी प्रयोजन र सन्दर्भलाई लिएर विधायिकी मनसाय पत्ता लगाउने कानून व्याख्याको सिद्धान्त फौजदारी कानूनमा लागू हुन नसक्ने ।
- अप्राकृतिक मैथुनको अर्थ गर्दा अस्वभाविक रुपमा अप्राकृतिक तवरले गरिएको मैथुनलाई जनाउने भए पनि अप्राकृतिक मैथुनको किसिम र मैथुन गर्ने गराउने क्रिया र माध्यम फरक—फरक हुन सक्ने ।
- अप्राकृतिक मैथुन के कसरी हुने भन्ने सम्बन्धमा विभिन्न कानूनी प्रावधानहरूमा उल्लेख गरिएको अवस्थामा कुनै कानूनी प्रावधानमा तत् सम्बन्धमा गरिएको व्यवस्थाले तत्सम्बन्धी अन्य कानूनी व्यवस्थामा भएको प्रावधानलाई आबद्ध गरेको छैन वा इङ्गित गरेको छैन भने फरक—फरक प्रयोजनका कानूनी प्रावधानहरूमा गरिएका व्यवस्थाहरूलाई एउटै अर्थमा लिन नमिल्ने ।
- कुनै कसूरको नामाकरण एउटै भए पनि सो कसूरमा विविध क्रियाहरू समावेश हुन सक्ने र ती क्रियाहरूको गम्भीरताको आधारमा विधायिकाले फरक सजायको व्यवस्था गर्न सक्तछ । त्यसै गरी अप्राकृतिक मैथुनको कसूरमा के कस्ता कार्यहरू अन्तर्निहीत हुन सक्तछन् भनी विधायिकी कानूनले स्पष्ट पारी फरक—फरक क्रिया, माध्यम र विषयवस्तुको गहनताको आधारमा मुद्दाको कारवाहीको प्रक्रिया पनि फरक ढंगले तोक्न सक्दछ । यस परिदृष्टिमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९ क नं. मा उल्लिखित अप्राकृतिक मैथुनको कसूरमा पशु करणीको महलको ४ नं. आकर्षित हुने भन्न नमिल्ने ।
- विधायिकाले नै नाबालक उपरको अप्राकृतिक मैथुनलाई जबरजस्ती करणीको परिभाषाभित्र पारेको देखिएको अवस्थामा त्यस्तो क्रियालाई व्याख्याको माध्यमबाट बाल दूराचार (Child abuse) मान्न नसकिने ।
- इन्टरपोल प्रहरीहरूको अन्तर्राष्ट्रिय संगठन भएको र नेपाल उक्त संगठनको सदस्य राष्ट्र भएको नाताले अपराध अनुसन्धानको सन्दर्भमा नेपाल प्रहरीको सम्बद्ध निकायले उक्त संस्थाबाट सहयोग लिन नसक्ने भन्न नमिल्ने ।

४. बमबहादुर खत्री वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १००१९)

- सामान्यतः महिला र पुरूषबीच स्वभाविक रूपमा हुने यौन एवं मैथुनको क्रियालाई प्राकृतिक मैथुन मानिने र प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ । यो क्रियामा पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनीमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनीबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रिया गर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउने आदि जस्ता क्रिया पर्ने ।

- एकै पटकको क्रियामा पीडितको योनि र गुदद्वारलगायत शरीरका अन्य भागमा लिङ्ग दलदाल एवं घर्षण गर्नुको अतिरिक्त लिङ्गसँग सम्बन्धित उपर्युक्त प्रकृतिका अन्य अप्राकृतिक किसिमका क्रियाकलापहरू गरेको अवस्था नै अप्राकृतिक मैथुनको कसूर गरेको मानिन जाने ।
- पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालकउपर गरेको अस्वभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइने ।

५. नेपाल सरकार वि. परिवर्तित नाम सीतामणी (ने.का.प. २०७५, अंक ८, नि.नं. १००८३)

- आपराधिक कार्यको मनसाय कुनै छुट्टै रूपमा जाँच गरी पत्ता लगाउनुपर्ने विषय होइन । आपराधिक मनसाय थियो कि थिएन ? भन्ने तथ्य अपराध हुँदाको परिस्थिति, अपराध गर्न प्रयोग भएको साधन र सो साधनको प्रयोग गर्ने तरिका, अभियुक्तले वारदात गर्नुअघि वा वारदात हुँदाका अवस्थामा वा वारदातपछि अपनाएको व्यवहार र गरेका क्रियाकलाप आदि जस्ता कुराबाट पत्ता लगाउनुपर्ने ।

६. नेपाल सरकार वि. जसिराम नेपाली (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२५९)

- सामान्यतयाः महिला र पुरूषबीच स्वभाविक रूपमा हुने यौन एवम् मैथुनका क्रियालाई प्राकृतिक मैथुन र प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनका क्रियाबाहेक अन्य अस्वाभाविक एवम् अप्राकृतिक तरिकाबाट हुने यौनजन्य क्रियाकलाप र मैथुन अप्राकृतिक हुने ।
- यौनजन्य अपराधहरू यौन सन्तुष्टिका लागि गरिने हुँदा यौन सन्तुष्टि प्राप्त गर्ने इच्छा वा चाहना नै यौनजन्य अपराधको मानसिक तत्वको रूपमा रहेको हुन्छ । मनसाय आफैंमा सादृश्य विषय होइन । यो व्यक्तिले गरेको कार्य, आचरण, प्रकृति र स्वरूपबाट निक्र्यौल गरिने विषय हुने ।

७. नेपाल सरकार वि. सन्तोष कुशवाह (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३५)

- आशय करणीमा यौनिक प्रकृतिको कार्य (Sexual in Nature) भए तापनि करणी गर्ने मनसाय नहुन सक्दछ । आसय करणीमा यौन दुव्र्यवहार मात्र पनि हुन सक्दछ । जसमा यौनजन्य कुरा लेखेर, देखाएर, हेरेर, छोएर वा बोलेर पीडितलाई हतोत्साही गरी आत्मसम्मानमा आघात लाग्ने कार्य गर्न सक्दछन् । जबरजस्ती करणीको कसूरमा करणीको मनसायको साथै त्यो मनसायलाई कार्यरूप दिने क्रियासमेत भएको हुनुपर्ने ।
- शरीरको अङ्ग हेर्ने छुने काममा मात्र प्रतिवादी सीमित नरही यौनिक आसयलाई कार्यरूप दिई पीडितमाथि अमानवीय क्रिया गरी पीडितको मानसिक अवस्था मात्र नभई शारीरिक क्षतिसमेत भई Hymen च्यातिएको अवस्थामा प्रतिवादीले पीडितउपर गरेको कार्य आशय करणी मात्र गरेको भन्ने अवस्था नदेखिने ।

८. नेपाल सरकार वि. उपेन्द्र मुखिया विन (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०१)

- कानूनको व्याख्यासम्बन्धी सिद्धान्तअन्तर्गतको शाब्दिक व्याख्याको सिद्धान्त (Literal Rule of Interpretation) अनुसार ऐनमा प्रयोग भएका भाषा वा शब्दलाई न्यायकर्ताले जस्ताको तस्तै कुनै अर्थ नबिगारी र कुनै शाब्दिक लेप नलगाई ऐनको भावअनुकूल व्याख्या गर्नुपर्दछ भन्ने हो । जबरजस्ती करणी महलको ३क नं. को कानूनी व्यवस्थामा पनि किटेर नै महिला भन्ने शब्द उल्लेख भएको छ । विधायिकाले यो व्यवस्थामा महिला त्यसमाथि पनि अशक्त, अपाङ्ग र गर्भवती भन्ने शब्द प्रयोग गरेकाले यो व्यवस्था महिलाको सन्दर्भमा मात्र केन्द्रित भएको देखिने ।

७. क्षतिपूर्ति

१. नेपाल सरकार वि. पवनकुमार यादवसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९४)

(Rapist बालक भएकोले सजाय नभए पनि क्षतिपूर्ति भने तिर्नु पर्ने)

- बालबालिका सम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुनसक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने ।
- जबरजस्ती करणीको अपराधमा पीडक कसूरदारबाट पीडित जुनसुकै वयष्क महिलाले पाउने कानून बमोजिमको क्षतिपूर्ति वच्चा महिला अर्थात् बालिकाले पाउँदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन मिल्न जाने ।
- बालबालिका सम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने ।
- जबरजस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालबालिका सम्बन्धी ऐनको दफा ११ मा अपराधिक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्ति समेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रुपमा अर्थवोध नगरी वलपूर्वक व्याख्या गर्नु सान्दर्भिक नहुने ।
- सजाय सम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्ना भिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न नमिल्ने ।

२. नेपाल सरकार वि. परिवर्तित नाम दीपक सदा (ने.का.प. २०७३, अंक ४, नि.नं. ९५८०)

(पीडक नाबालक भए पनि क्षतिपूर्ति तिर्नु पर्ने)

- बालक उपर सजाय निर्धारण गर्दा उमेर पुगेका व्यक्तिले गरेको अपराधसँग तुलना गरी उमेर हदलाई वर्गीकरण गरी सजाय निर्धारण गर्नुपर्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम पीडक बालक भएपनि पीडित बालिका हुने देखिन्छ । उक्त ऐन, बालबालिकाको हकहित संरक्षणको लागि बनेको विशेष ऐनसमेत भएको तथ्यमा विवाद छैन । मुलुकी ऐन, जबरजस्ती करणीको ३ र १० नं. बीच कानूनी रूपमा अनोन्याश्रित सम्बन्ध रहेको देखिन्छ । ३ नं. बमोजिमको कसूरमा सजाय गरेपछि १० नं. बमोजिम उचित क्षतिपूर्ति नभराई दिने हो भने सो कानूनी व्यवस्थाको निस्प्रयोजन हुने देखिन्छ । यसतर्फ यस अदालतले ध्यान दिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडक र पीडित दुवै बालक हुन् । पीडक पनि बालक भएको भन्ने अर्थमा पीडित बालिकालाई आरोपित कसूर गरेको ठहरेको अवस्थामा उचित क्षतिपूर्ति नदिने हो भने उक्त जबरजस्ती करणीको १० नं. को व्यवस्था निस्प्रयोजन हुन्छ र पीडितले कहिल्यै न्याय नपाई अपराध र अपराधीले कसूरबाट समेत उन्मुक्ति

पाउने अवस्था आउँछ । साथै पीडित (महिला, बालिका) को अधिकार संरक्षण हुन नसकी उनीहरूको अधिकार संरक्षण के आधारमा हुने भन्ने प्रश्न उठ्न सक्ने ।

- जबरजस्ती करणी अपराधमा पीडक बालकको मात्र अधिकार हेर्न हुँदैन । पीडित बालिकाको हकको संरक्षण पनि हेर्नु पर्ने हुन्छ । जबरजस्ती करणीको अभियोगमा सजाय गरेपछि क्षतिपूर्ति नभराउने हो भने यहाँ पीडितको हक संरक्षण हुन सक्दैन । ११ वर्षको पीडकसँग आर्थिक क्षतिपूर्ति बहन गर्नसक्ने क्षमता नहुने भनी अर्थ गर्दा समाजमा पीडकको उच्च मनोबल भई अरू अपराध पनि हुनसक्ने कुरालाई नकार्न सकिँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले नाबालक कसूरदारलाई उमेरको आधारमा विभिन्न प्रकारले सजायमा केही छुट दिएको भन्ने आधारमा क्षतिपूर्तिको हकमा समेत छुट पाउन सक्ने अवस्था नदेखिने ।

३. नेपाल सरकार वि. राजु सरदार (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६३३)

(पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पीडितले पाउने क्षतिपूर्ति नेपाल सरकारबाट उपलब्ध गराउनु पर्ने)

- क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी उक्त कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न मिल्ने पनि हुँदैन । त्यस्तो क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाले निर्धारण गर्ने नभई पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसूरको गम्भिर्यताका आधारमा निर्धारण हुने हुन्छ । क्षतिपूर्तिको मुख्य उद्देश्य पीडितको पूर्वावस्थाको प्राप्तिको समिपसँग सम्बन्धित हुने ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको व्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न नमिल्ने ।
- बालबालिका सम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनु पर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना रहन्छ । यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि बनाएको बालबालिका सम्बन्धी ऐनको एकांकी र एकतर्फी व्याख्या गर्न मिल्ने पनि नहुने ।
- फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्यमा नै प्रश्नचिह्न लाग्ने हुन्छ । असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै parens patriae को सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा यस्ता नाबालकबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले बालबालिकाहरूलाई प्रत्याभूत गरेका हक अधिकारहरूको सम्मान हुन जाने तथा बालबालिकाहरूको सर्वोत्तम हित सुव्यवस्थित गराउन जारी भएका कानूनहरूको पनि उपयुक्त र प्रभावकारी सम्बोधन हुने देखिन्छ । यसरी जबरजस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर

गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मत समेत देखिने ।

४. नेपाल सरकार वि. तेजबहादुर थारु (ने.का.प. २०७४, अंक १, नि.नं. ९७४६)

- प्रतिवादीबाट पीडितलाई के कति क्षतिपूर्ति भराई दिने भन्ने कुरा अदालतको jurisdiction भए पनि अभियोगपत्रमा क्षतिपूर्तिसमेतको माग गर्ने legal duty वादी नेपाल सरकारको हो । एकातिर यसरी वादी नेपाल सरकारले क्षतिपूर्तिको माग गरेको देखिँदैन भने अर्कोतिर प्रतिवादीको बयान हेर्दा प्रतिवादीको आफ्नो कुनै जग्गा जमिन, आयस्रोत र घरबाससमेत केही नभई गाईवस्तु चराउने समेतको काम गरी विरेन्द्रनगर नगरपालिका वडा नं. ४ स्थित अर्काको घरमा बसेको देखिन्छ । प्रतिवादीले आरोपित कसूर गरेको अवस्थामा जबरजस्ती करणीको महलको १० नं. र १० (ग) नं. को कानूनी व्यवस्था बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराउनु पर्ने हो । तर कुनै प्रकारको सम्पत्ति र आयस्रोतसमेत नभएको प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने गरी फैसला गर्दा त्यो औचित्यपूर्ण र कार्यान्वयनयोग्य नहुने ।
- वादी नेपाल सरकारले पुनरावेदन अदालत र यस अदालतमा पुनरावेदन गर्दा प्रतिवादीको नाममा यो यस ठाउँमा यति यस प्रकारको जग्गा जमिनसमेतको सम्पत्ति भई आयस्रोत पनि छ भनेर त्यसको स्रोत देखाई पुनरावेदन गरेको भए त्यसमा यस अदालतबाट अवश्य नै विचार हुने कुरा हो । वादी नेपाल सरकारले प्रतिवादीको त्यस्तो सम्पत्ति एवं आयस्रोत नदेखाएको अवस्थामा अदालतले पुनरावेदन जिकिर बमोजिम प्रतिवादीको सम्पत्ति र आयस्रोत यकिन गर्नुपर्दछ भन्ने न्याय पद्धतिले नमिल्ने ।

५. नेपाल सरकार वि. जसवन्त सिंह (ने.का.प. २०७५, अंक ५, नि.नं. १००१३)

- क्षतिपूर्ति बापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न नमिल्ने ।
- क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको बासस्थान, उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाका अतिरिक्त पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसूरको गम्भीरताका आधारमा निर्धारण गरिनु पर्ने ।
- क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपूरणसँग सम्बन्धित हुन्छ । प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न नमिल्ने ।
- प्रतिवादी विदेशी नागरिक भएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा पीडितको अधिकारमा संकुचन आउने अवस्था रहन्छ । यसबाट पीडितले क्षतिपूर्ति नपाउने अवस्थाको सिर्जना हुन गई पीडितले न्यायप्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था पैदा हुन जाने ।
- फैसलाबाट भरिपाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्य नै परास्त हुन पुग्दछ । असक्षम तथा बालबालिकाहरूको अन्तिम संरक्षक राज्य नै हुन्छ भन्ने उबचभलक उबतचष्बभ सिद्धान्तको परिप्रेक्ष्यमा यस्ता अपराध पीडितले प्राप्त गर्ने क्षतिपूर्ति रकम राज्यको

तर्फबाट उपलब्ध गराउँदा संविधानले प्रत्याभूत गरेको हक अधिकारको प्रचलन हुन सक्ने ।

- जबरजस्ती करणी मुद्दामा पीडितले भरिपाउने ठहरेको क्षतिपूर्तिको रकम पीडकबाट भराई पाउने नदेखिएको अवस्थामा कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मत समेत देखिने ।

६. नेपाल सरकार वि. गुलाव मिया (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३६१)

- क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था मानसिक, शारीरिक, भौतिक, सामाजिक रूपमा क्षति पुगेको व्यक्तिलाई त्यस्तो क्षतिको मूल्यबापत भराइ दिने आर्थिक मूल्य (Financial Compensation) वा अन्य परिपूरण (Reparation) भराइ दिने व्यवस्था हो । कानूनले प्रस्टसँग पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था गरेको अवस्थामा प्रतिवादीहरू नाबालक भएको कारण यसबाट पीडित अर्को नाबालकलाई क्षतिपूर्ति नभराउने हो भने संविधानको धारा १८(१) मा उल्लिखित कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने समानताको हकसमेतको प्रतिकूल भई पीडितलाई अन्यायमाथि थप अन्यायको स्थिति पैदा हुन जाने ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ विशेष ऐन भई बालबालिकाले गरेको कसूरमा अन्य वयस्क उमेरका व्यक्तिले गरेको भन्दा सजायमा केही छुट प्रदान गरेको कुरालाई ऐनले क्षतिपूर्तिको दायित्वसमेत बेहोर्नु नपर्ने गरी छुट प्रदान गरेको भनी Absurd Interpretation गर्न मनासिब नहुने ।
- क्षतिपूर्तिलाई कैद र जरिवाना सरहकै सजायको रूपमा राखी प्रतिवादीले क्षतिपूर्ति नतिरे सो बापत निजले कैदसमेत बस्नु पर्ने हुन्छ भन्ने व्याख्या गरी पीडित हुन पुगेका बालकलाई निजको कानून बमोजिमको क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न मनासिब नहुने ।
- प्रतिवादीहरूका नाउँमा कुनै सम्पत्ति नभए निजहरूका आमा बुबाका नाउँमा रहेको निजहरूको अंश भागमा पर्न आउने सम्पत्तिबाट पीडितले क्षतिपूर्ति भराइ पाउने र सो अवस्था नभए कानून बमोजिम खडा भएको पीडित राहत कोषबाट क्षतिपूर्ति पाउने ।

७. विकास विश्वकर्मा वि. नेपाल सरकार, (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५३२)

- जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको अपराधबाट पीडितलाई शारीरिक, मानसिक तथा सामाजिक क्षति पुग्दछ । पीडितलाई हुने त्यस्तो क्षतिको पूर्णरूपले निराकरण गर्न सम्भव नभए पनि क्षतिपूर्ति (compensation) रकम उपलब्ध गराई आर्थिक राहत दिलाउनु राज्यको दायित्व अन्तर्गत पर्ने ।
- प्रतिवादीको कुनै सम्पत्ति नभएको कारणले मात्र जबरजस्ती करणीको कसूरबाट पीडित व्यक्तिले क्षतिपूर्ति नपाउने भन्ने हुँदैन । यस्तो अवस्थामा पीडितलाई सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम उपलब्ध गराउन आदेश गर्न सक्ने गरी जबरजस्ती करणीको १०ग नं. मा कानूनी व्यवस्था गरिएको देखिन्छ । त्यसैगरी, पीडितको अविभावकको न्यून आयस्रोत रहेको देखिएको अवस्थामा राज्य वा कुनै सामाजिक संघसंस्थाबाट उपलब्ध हुन सक्ने सामाजिक सुरक्षाको प्रत्याभूति गरी पीडितलाई राहत दिन उपयुक्त हुने ।

८. नेपाल सरकार वि. राजन वि.क. (मुद्दा नं. ०७७-CR-१०५७)

- मुलुकी अपराध संहिता, २०७४ को दफा ३४ मा कसैले कुनै कसूर गर्ने उद्योग गर्न नहुने भनी र कसूर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसूरको लागि तोकिएको सजायको आधा सजाय हुनेछ 'भनी

उल्लेख भएको पाइन्छ। पीडित उपर सोही परिच्छेद अन्तर्गतको जवरजस्ती करणीको कसूरको उद्योगको कसूर भएको देखिन्छ। कुनै कसूरको उद्योग पनि कसूर हो भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। त्यसैले यस मुद्दाको पीडितले क्षतिपूर्ति पाउने नै देखिन्छ।

- जवरजस्ती करणीको उद्योगबाट निज नाबालिकामा परेको मनोवैज्ञानिक र मानसिक असर तथा पीडितको सामाजिक, सास्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकुल प्रभाव समेतका पक्षलाई अनदेखा वा उपेक्षा गर्न मिल्दैन। कुनै कसूरका सम्बन्धमा मनसाय तयारीका चरण पार गरी कसूर सम्पन्न गर्ने तहको कार्य गरेको तर कुनै कारणले कसूर भई नसकेको अवस्थामा उद्योगको कसूर मानिने हो। यदी त्यस्तो उद्योगको कसूर हुँदा पीडितलाई कुनै हानी नोक्सानी भएको रहेछ र त्यस्तो उद्योगसंग सम्बन्धित मुल कसूरमा क्षतिपूर्तिको व्यवस्था रहेछ भने उद्योगको कसूरमा पनि पीडितलाई भएको हानी नोक्सानीमा क्षतिपूर्ति पाउने अधिकार स्वतः अन्तरनिहित रहेको हुन्छ। जबरजस्ती करणीको पूर्ण अपराध नभएको र कसूरको उद्योगमात्र भएकोमा क्षतिपूर्ति भराउन इन्कार गर्दा पीडितको क्षतिपूर्ति पाउने अधिकारमा आघात पर्ने तथा कानूनले क्षतिपूर्ति भराउनुपर्ने गरी गरेको कानूनी व्यवस्थाको प्रतिकुलसमेत हुन्छ। यस अवस्थामा जवरजस्ती करणीको उद्योगमा क्षतिपूर्ति भराउन नपर्ने भनी उच्च अदालतबाट भएको फैसला सो हदमा मिलेको देखिएन।)

८. अन्य

१. जीवन रिजाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ९, नि.नं. ८६९१)

(उमेर यकीनको प्रमाण कागज)

- मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न समेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्नाले चिनालाई उमेर सम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिँदा त्यसलाई प्रमाणका रुपमा ग्रहण गर्न नसकिने।
- चिकित्सकले लेखिदिने उमेरसम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायका रुपमा प्रमाणको वर्गमा राखिन्छ । अनुमानका आधारमा निकालिने निष्कर्षको बैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ । प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निष्कर्षमा वैज्ञानिक परीक्षणका आधार देखिँदैनन् । अन्य प्रमाणले देखाइरहेको वस्तुस्थिति प्रतिकूल राय निश्चयात्मक प्रमाण हुन नसक्ने ।
- विद्यालयमा भर्ना हुँदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरणअनुरूप राखिएको अभिलेख अनुसार नै विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनुपर्ने ।
- भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो । कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिइएको जन्ममितिमा अविश्वास गर्न नसकिने ।

२. नेपाल सरकार वि. लोकबहादुर विश्वा (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०७५)

- उमेरको सम्बन्धमा सम्बन्धित विषेशज्ञले दिएको प्रतिवेदन र सोही व्यहोरा मिलानको बकपत्रसमेत भएबाट विषेशज्ञको राय प्रमाणमा लिन मिल्ने नै हुँदा र त्यस्तो राय अन्यथा प्रमाणित नभएसम्म ग्राह्य हुने ।
- महिला र पुरूष दुबैको उमेर पुगेको छ र जबरजस्ती करणीको १ नं. विपरीतको कार्य नगरी दुबैको

मञ्जूरीबाट कुनै महिला र पुरूषबीच आपसी सहमतिमा करणी लिनुदिनु गरेको कार्यलाई Unlawful Act मानेको छैन । यसरी कानूनले नै Unlawful Act भनी परिभाषित नगरेको अवस्थामा उमेर पुगेका महिला र पुरूषबीच आपसी सहमतिमा स्थापित गरिएको सम्बन्धलाई कानूनविपरीतको कार्य मानी सजाय गर्न कानूनले नै बन्देज लगाउने ।

- उमेर पुगेका दुई महिला र दुई पुरूष एउटै कोठामा रात व्यतीत गर्नु, जबरजस्ती करणीका विषयमा अर्को पक्षले अनभिज्ञता प्रकट गर्नु र जसलाई पीडित र आरोपित मानिएको छ ती दुबैले आफूले सहमतिमा करणी गरेको तथ्यलाई स्वीकार्नु जस्ता प्रमाण तथा तथ्यबाट जबरजस्ती करणी भएको तथ्य स्थापित हुन नआउने ।

(नोटः यस मुद्दामा पीडित भनिएकीको उमेर मुख्य बिवाद भएको, भुटानी शरणार्थी दर्ता विवरणमा निजको जन्म मिति सन् १९९६ उल्लेख भई घटनाको बेला १४ वर्षको देखिएको, बिद्यालयको रेकर्ड अनुसार १६ बर्ष २ महिना र शारीरिक जाँचबाट १८ वर्षभन्दा माथि र २० वर्षभन्दा तल हुन सक्ने भन्ने राय रहेकोमा अदालतले तत्कालीन कानून अनुसार निजको उमेर १६ बर्षभन्दा माथि भएकोले प्रतिवादीलाई सजाय नगरेको)

३. नेपाल सरकार वि. साबुद्दिन मियाँ (ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९९)

- फौजदारी कसूरमा संलग्न हुने कसूरदारले एउटै व्यक्तिउपर एकै बखत विभिन्न प्रकारका कसूर गरेको खण्डमा सो प्रतिवादीउपर एउटै वारदातबाट सृजित परिणामलाई लिएर कसूर अनुसारको सजाय माग गरी एउटै मुद्दा चलाउन सक्ने भए पनि प्रस्तुत वारदात फरक फरक मितिमा भैं फरक फरक नाबालिका उपर जबरजस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दाबीमा माग गरेको देखिँदा अलग अलगरूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोग पत्र दायर भएको देखिएको र यस्तो संवेदनशील विषयमा अभियोजनको जिम्मेवारी निर्वाह गर्ने निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले मातहतका कार्यालयलाई थप निर्देशन दिई अभियोजनको विषयलाई थप प्रभावकारी बनाउनुपर्ने हुँदा अब आइन्दा यस्तो प्रकारको त्रुटि हुन नदिन र अभियोजनको प्रभावकारितामा जोड दिन तालुक कार्यालयले विशेष ध्यान दिनु भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा ध्यानाकर्षण गराउने ।

४. नेपाल सरकार वि. ध्यानबहादुर खड्का (ने.का.प. २०७२, अंक १२, नि.नं. ९५०६)

- चोरी गरेका गर गहना भक्तपुरको सुन पसलमा लगी बिक्री गरेको हुँ भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स्वीकार गरेको देखिन्छ । प्रतिवादीले बिक्री गरेको भनेको भक्तपुरको सुन पसल खोजी गरी प्रतिवादीको बयानको पुष्टि गर्ने काम पीडितको नभई वादी पक्षकै हुन्छ । उक्त कार्यमा वादी पक्षले देखाएको उदासीनताको कारण पीडितले न्याय पाउनबाट वञ्चित हुनु पर्ने भन्ने नहुने ।
- अनुसन्धान र अभियोजन बयानमुखी भैरहने तर न्यायिक निर्णयमा मात्रै वैज्ञानिक र भौतिक सबुद प्रमाणको विश्लेषण खोजी गर्न मिल्दैन । चोरीभन्दा जबरजस्ती करणीको कसूर बढी गम्भीर खालको कसूर हो । जुन कुराको पीडा पीडितले जीवन पर्यन्तसम्म भोग्न पर्ने हुन्छ । त्यस्तो गहन र संगीन खालको कसूरमा जाहेर गरेपछि सोभन्दा कम गम्भिरको कसूर मानिने चोरीमा पनि जाहेरी पर्नुले चोरी भएको कुरालाई पुष्टि गर्दछ । मानिस आवतजावत गर्ने स्थानमा कसैले पनि कुनै महिलालाई जबरजस्ती करणी नगर्ने र यस्तो

वारदातको प्रत्यक्षदर्शी गवाह भनेको पनि पीडित नै हुने हुन्छ । गर गहनासमेत लुटी जबरजस्ती करणी गरेको भनी पीडितले प्रतिवादी उपर लगाएको आरोपलाई पीडितको जाहेरीका साथै जाहेरीलाई समर्थन हुने गरी पीडितले अदालतमा गरेको बकपत्रले पुष्टि गरेकै देखिने ।

- वारदातको सम्बन्धमा मौकामा जाहेरी परेको र राजधानी जस्तो ठाउँमा वारदात घटेको जबरजस्ती करणीको कसूरसम्बन्धी प्रस्तुत मुद्दामा अनुसन्धान पक्षलाई पर्याप्त भौतिक सबुद प्रमाण जुटाउन नसक्ने कुनै कठिनाई वा असुविधा रहेको भन्ने पनि देखिन्न । एकजना विवाहित महिलाको कानमा दुईतोलाका सुनका गहना र घाँटीमा आधातोलाको तिलहरी हुने कुरालाई असामान्य मानिदैन । कानका गहना र घाँटीमा लगाएको तिलहरीसमेत जबरजस्ती करणी गर्ने जुल्मीले चोरी गरेको भनी पीडितसमेत रहेकी जाहेरवालीले लगाएको आरोपलाई अतिशयोक्तिपूर्ण भन्न नमिल्ने आधार कारणबाट प्रतिवादीले पीडितलाई नसालु पदार्थ खुवाई जबरजस्ती करणी गर्नुको साथै गहना र नगदसमेत गरी बिगो रू.४७,००० । (सत्चालिस हजार रूपैयाँ) चोरी गरेको भनी वादी पक्षले लिएको चोरीतर्फको अभियोग दाबीसमेत पुष्टि हुने ।

५. नेपाल सरकार वि. प्रेम चौधरीसमेत (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८६३)

- मिसिल प्रमाणबाट प्रतिवादीहरूले कसूर गरेको प्रमाणित भएपछि दाबी बमोजिम सजाय माग गरेको ऐनको दफाले प्रतिवादीहरूले गरेको कसूरलाई समर्थन गर्छ गर्दैन ? सो कुरा न्यायकर्ताले कानूनको अध्ययन गरी हेर्नुपर्दछ । सो सजाय गरेको ऐनको दफाले नसमेटिने देखियो र त्यही ऐनको अर्को दफामा भएको कानूनी व्यवस्थाले भएको कसूरलाई समेटिने देखियो भने र वादी दाबीबमोजिम वादीले माग गरेको सजायभन्दा बढी हुन जाँदैन भने सो परिवर्तन गरेको दफाले माग गरेको सजायमा भन्दा बढी हुँदैन भने सजायमा परिवर्तन गर्न मिल्ने ।
- कुनै पनि फौजदारी मुद्दामा जुन कसूर ठहर हुन्छ, कानून मुताबिक फरक फरक सजायको व्यवस्था भएकोमा तदनुकूलको कानून मुताबिक कसूरदारलाई सजाय गर्नुपर्ने हुन्छ । ऐनले नै पीडितको उमेरको आधारमा कसूर कायम गरी सकेपछि मिसिलसंलग्न प्रमाणबाट कायम भएको उमेरको आधारमा नै कसूर कायम गरी सजाय गर्नुपर्ने भएको र पीडितको उमेर १४ वर्षभन्दा माथि १६ वर्ष मुनिको भनी उल्लेख गरेको प्रमाणको आधारमा प्रतिवादीलाई वादी पक्षले प्रस्ताव गरेको सजायको दाबीमा ३(२) उल्लेख गरेपनि मिसिलबाट जबरजस्ती करणीको ३(३) को कसूर स्थापित भएपछि ऐ. को ३(३) अनुसार नै प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने भएबाट यस्तो अवस्थामा दाबीभन्दा बाहिर गई सजाय भएको भनी सम्झन नमिल्ने ।
- जाँच प्रतिवेदन प्राप्त भएपछि अनुसन्धानको क्रममा पीडित एउटा उमेर देखाउने अनि जाँच गर्ने मेडिकल बोर्डबाट कसूरको सम्बन्धमा पीडितले देखाएभन्दा फरक देखाएपछि सो उमेर के हो भनी यकिन गरी अनुसन्धान गर्ने पक्षले पीडतको उमेरबारे यकिन गरी अभियोग दायर गर्नुपर्ने हो । सो विशेषज्ञले उल्लेख गरेको उमेर र पीडितले उल्लेख गरेको उमेरबारे मौकामा नै थाहा पाई अनदेखा गरी त्यसतर्फ केही उल्लेख नगरी सो पत्र मिसिल संलग्न राखी अभियोगपत्र दायर गरेको अवस्थामा न्यायकर्ताले न्याय सम्पादन गर्ने कार्यमा उक्त पत्र सम्बन्धमा यकिन गर्न नपाउने भन्ने नहुने ।

६. मदन नारायण श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ७, नि.नं. १००५१)

(Wrongful Investigation and Prosecution को उदाहरणीय मुद्दा)

- कुनै पनि व्यक्तिलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत तथा न्यायको बर्खिलाप हुन जान्छ । अनुसन्धानको क्रममा अख्तियार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरी रहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।
- सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई प्रमाणको मूल्याङ्कनको रोहमा गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने अवस्थामा जाहेरी र बुझिएको व्यक्तिले गरिदिएको सनाखत कागजलाई विश्वास गरी व्यक्त गरिदिएको रायको आधारमा मात्र प्रतिवादीलाई आरोपित कसूर गरेको ठहऱ्याउन नमिल्ने ।

  (सफाई पाउँदाको अवस्थामा अवकाश पाउने उमेर पुगेकोले निलम्बन भएदेखि अवकाश मितिसम्मको तलवभत्ता तथा अन्य सुबिधासमेत दिनु पर्ने भनी निजसँग सम्बन्धित मुद्दा मदन नारायण श्रेष्ठ वि. नेपाल सरकार, ने.का.प. २०७५ अंक ८, नि. नं. १००६९ मा फैसला भएको)

७. नेपाल सरकार वि. शंकर वि.क. (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७०)

- मुख्यतः अपराधका चारवटा चरणहरू हुन्छन् । पहिलो हो अपराध गर्ने मनसाय चरण । यस चरणमा कसैले कुनै अपराध गर्ने बारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ । दोस्रो हो तयारी चरण । यसमा मनले सोचेको कुरालाई कार्य रूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ । तेस्रो हो उद्योग चरण । यसमा अपराधको तयारी पश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खाली पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ । चौथो तथा अन्तिममा यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ । यसबाट अभियुक्तलाई लगाइएको कसूरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ । यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो । यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने ।

८. नेपाल सरकार वि. साहेब महतोसमेत (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२०)

- गम्भीर प्रकृतिको सजाय हुने मुद्दामा कुनै कारणबाट सम्बन्धित प्रतिवादी उपस्थित हुन नआएको स्थितिमा पनि निजको प्रतिवाद गर्नेसम्बन्धी स्वच्छ सुनुवाइ (Fair trial) को अधिकार सुरक्षित हुन सकोस भन्ने अभिप्रायले न्याय प्रशासन ऐन, २०७३ को दफा १०(४) मा प्रावधान व्यवस्थित गरिएको देखिन्छ । स्वच्छ सुनुवाइको मान्यताअनुसार यो प्रावधान ऐनमा समावेश भएको हो र यसलाई नेपालको संविधानको धारा २०(९) को सापेक्षतामा पनि हेर्न सकिन्छ । तसर्थ प्रतिवादीकी आमाले मुद्दामा अनुपस्थित रहेको

छोराको हकमा भनी पेश गरेको निवेदन बेहोरालाई समेत हेरी, सोलाई समेत जानकारीमा लिई न्याय निरूपण गर्नु पर्ने ।

९. नेपाल सरकार वि. दलबहादुर तामाङ (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९४)

- महिलाहरू उपर हुने कुनै प्रकारको हिंसा, बलात्कारजन्य कुकृत्यप्रति न्यायिक संवेदनशीलता देखाउन अत्यन्त आवश्यक हुन्छ । कानूनले समेत महिला विरूद्ध हुने हिंसा नियन्त्रण गर्ने अभिप्रायले विभिन्न संरक्षणात्मक प्रावधानहरू व्यवस्थित गरेको पाइन्छ । तथापि यी विषयहरूलाई न्यायको मूल अपेक्षा वा सम्भावित न्यायिक प्रक्रिया दुरूपयोगको अवस्थातर्फ दृष्टि नपुऱ्याई एक पक्षीय ढङ्गबाट मुद्दाको सुरूवातमा दिएको जाहेरी वा उजुरीलाई नै निश्चयात्मक प्रमाणको रूपमा मान्यता दिई कुनै व्यक्तिलाई दोषी ठहर गर्दा अन्यायपूर्ण अवस्था परिणामले प्रश्रय पाउन सक्छ । यस्तो अन्यायपूर्ण र विभेदकारी अवस्था पैदा नहोस् भन्नो मान्यतालाई आत्मसाथ गरेर फौजदारी न्यायका आधारभूत मान्यताहरू अनुकूल हुने गरी न्याय निरूपण गर्नु वाञ्छनीय देखिने ।

१०. ओशिन नगरकोटी वि. ललितपुरजिल्ला अदालतसमेत (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८६६)

- प्रतिवादीले पीडितलाई दुई जिल्लाहरूमा लगी फरक फरक मिति र समयमा जबरजस्ती करणी गरेको भनी मुद्दा चलेकोमा दोहोरो खतराको सिद्धान्तका अवयवहरूलाई कुनै मुद्दासँग लगाव गरी हेर्दा दुवै जिल्लाहरूमा चलेको मुद्दा समान (same offence) भएको, प्रतिवादी (same offender) र पीडित एउटै भई मुद्दाको जरिया जबरजस्ती करणी भई लगातार (Continue) रूपमा फरक फरक जिल्लामा जबरजस्ती करणी भएकोमा निजलाई सो वारदातबापत मुद्दा दर्ता भई सजायसमेत भएकाले सक्षम निकायबाट अनुसन्धान भएको (Investigation of competent authority) र सक्षम न्यायिक निकायबाट मुद्दाको सुनुवाइ (trial of competent judicial authority) भएको अवस्थामा फरक स्थानको कारणले दुई पटक मुद्दा चलेको कार्य एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नहुने सिद्धान्तको विपरीत हुने । संविधान एवम् प्रचलित कानून तथा न्यायिक सिद्धान्तसमेतले अङ्गिकार गरेको दोहोरो खतराको सिद्धान्तसमेतको रोहबाट गैरकानूनी देखिने ।

ठगी

१. भगिरथ नरसिंह प्रधान वि. वि.एल. शर्मा भन्ने विश्वम्भरलाल शर्मा, (ने.का.प. २०३१, अंक १, नि.नं. ८५४)
२. मटुक यादव वि. सियावती यादवनी (ने.का.प. २०५६, अंक ११, नि.नं. ६८१८)
३. नेपाल सरकार वि. इश्वरी भन्ने इन्द्र प्रसाद नेपालसमेत (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६७)
४. नेपाल सरकार वि. मोहनवहादुर मैनालीसमेत (ने.का.प. २०६५, अंक ३, नि.नं.७९४२)
५. नारायण थापा वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ४, नि.नं. ८११९)
६. नेपाल सरकार वि. दीपक बस्यालसमेत (ने.का.प. २०६७, अंक १, नि.नं. ८३०२)
७. दुर्गा उप्रेती वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१)
८. बीरेन्द्र निरौला वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५७)
९. नेपाल सरकार वि. ज्ञानेन्द्र बिष्ट (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४०९)
१०. नेपाल सरकार वि. रबिकृष्ण जोशीसमेत (ने.का.प. २०६७, अंक ८, नि.नं. ८४२८)
११. ओमकुमार श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७९३)
१२. नेपाल सरकार वि. We Yu Jiang (ने.का.प. २०६९, अंक ४, नि.न. ८८०९)
१३. गोपीकृष्ण पराजुली वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७३)
१४. महेश चापागाई वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७४)
१५. नेपाल सरकार वि. मधुसुदन पुरीसमेत (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४८)
१६. अजीतराज ढुँगेल वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९९)
१७. मुरारी घिमिरे वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.न.९२२८)
१८. नेपाल सरकार वि. ऋषिराम शर्मासमेत (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३१०)
१९. दयाप्रसाद घिमिरे वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३२९)
२०. विशाल परियारसमेत वि. काठमाडौं जिल्ला अदालत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५२९)
२१. नेपाल सरकार वि. राघवकुमार मिश्रसमेत (ने.का.प. २०७५, अंक २, नि.नं. ९९५४)
२२. नेपाल सरकार वि. ओमबहादुर खड्कासमेत (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३७४)
२३. नेपाल सरकार वि. दिलीपकुमार अधिकारी (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२६)
२४. नेपाल सरकार वि. विन्देश्वरप्रसाद केशरी समेत (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१७)
२५. नेपाल सरकार वि. डिल्लीप्रसाद सापकोटासमेत (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७४४)
२६. रमिलादेवी राउत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४१)

१. भगिरथ नरसिंह प्रधान वि. वि.एल. शर्मा भन्ने विश्वम्भरलाल शर्मा, (ने.का.प. २०३१, अंक १, नि.नं. ८५४)

- जुन कामको निमित्त भनी रूपैयाँ लिएको हो सो काम पूरा गरेको नदेखिए पछि धोका दिएको होइन भन्न नमिल्ने।
- हिस्सेदारको रूपबाट दिएको रूपैयाँ आफूतर्फबाट दाखिला गरेकोमा बेइमानीको नियतले धोका दिई गफलतमा पारी ठगी गरेको प्रष्ट हुने ।

२. मटुक यादव वि. सियावती यादवनी (ने.का.प. २०५६, अंक ११, नि.नं. ६८१८)

- मुलुकी ऐन ठगीको महलको १ नं.. मा कसैले आफ्ना हक नपुग्ने अर्काको हकको चल अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मा रहेको छ, उसलाई ललाई फकाई वा जाल परिपंच गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई दिई वा पेश गरी वा आफूसंग नभएको कुरा आफूसंग छ भनि झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरु जुनसुकै व्यहोरासंग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए विक्रि व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ भन्ने उल्लेख भइरहेकाले राख्न दिएको कुरा ठगीको परिभाषा भित्र पर्न आएको समेत देखिएन । राख्न दिएको भन्ने सम्वन्धमा कानून वमोजिम उजुर परे ठहरे वमोजिम हुने नै हुंदा ठगीको परिभाषाभित्र नपरेको प्रस्तुत फिरादबाट कारवाई गर्न नमिल्ने भई खारेज हुने ।

३. नेपाल सरकार वि. इश्वरी भन्ने इन्द्र प्रसाद नेपालसमेत (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६७)

- विगो भराउने गरी भएको फैसलाको कार्यन्वयनमा कसूरदार एकजना मात्रै वा सो भन्दा वढी जतिसुकै भएतापनि विगोको परिमाणमा कुनै अन्तर आउने अवस्था नरहने ।
- एक जना मात्र कसूरदार भएमा एक्लैले सवै विगो भराउनु पर्ने हुन्छ भने धेरै जना कसूरदार भएमा जसले जती विगो लिए खाएको देखिन आउँछ त्यती विगो र त्यसरी अलग अलग परिमाण विगो लिए खाएको देखिन नआएमा दामासाहीले विगो भराउन पर्ने दायित्व प्रतिवादीहरुको रहने ।
- सजाय सम्बन्धी कुनैपनि कानूनी प्रावधानको व्याख्या गर्दा ऐनको बनौट र विधायिकाको मनसायलाई मध्यनजर राख्नुपर्ने हुन्छ । प्रत्येक फौज्दारी अपराधको प्रकृति फरक हुन्छ र अपराधको प्रकृति अनुसार विधायिकाले निर्धारित गरेको सजाय गर्नु वा निर्धारित सीमा भित्र रही सजाय गर्ने काम निर्णयकर्ताको हुने ।
- कसूरदार एउटै व्यक्ति भएमा उपरोक्त जरीवाना उसैलाई हुन्छ भने एक भन्दा वढी कसूरदार भएमा सोही सजाय दामासाहीबाट हुने कुरा निश्चित र स्पष्ट छ । यसर्थ ठगीको ४ नं अनुसारको जरीवाना र कैद प्रतिवादीहरुलाई जनही हुनुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर मनासिव नदेखिने ।

४. नेपाल सरकार वि. मोहनबहादुर मैनालीसमेत (ने.का.प. २०६५, अंक ३, नि.नं. ७९४२)

- आफ्नो हक नपुग्ने चल वा अचल सम्पत्ति मालिकलाई ललाई फकाई वा जाल परिपञ्च गरी आफ्नो वनाउने तथा धोका दिई जुनसुकै व्यहोराले गफलतमा पारी अर्काको सम्पत्ति लिए दिए वा दिलाउनेसमेत गरेमा ठगी जन्य क्रिया घटित हुन जाने ।
- ठगीको वारदात स्थापित हुन अर्काको चल—अचल जुनसुकै अवस्थाको सम्पत्ति भए पनि सम्पत्ति धारकलाई झुक्यान, धोका, गफलत लगायतका परिपञ्चमा पारी लिनु दिनु वा दिलाउनु समेतका काम कुरा गरिएको

हुनुपर्ने ।

- ठगी अपराधको मूलभूत तत्व आफ्नो हक नपुग्ने अर्काको सम्पत्ति स्वामीवाट गैरकानूनी तवरले लिनु दिनु र दिलाउनुसंग सम्बन्धित रहेको देखिन्छ । त्यो गैर कानूनी काम कारवाहीमा ललाई फकाई गरी विश्वासमा पार्ने, जाल परिपञ्चमा पार्ने, धोका गफलतमा पार्ने आदि जुनसुकै वा सबै तत्व अन्तरनिहित हुन सक्ने ।
- जाहेरवालीको लगानीवाट रिसोर्ट सञ्चालन गर्न भौतिक पूर्वाधार सहित तयार भई सञ्चालनमा आउने अवस्थामा रहेको विवादित घर, जग्गा सो केही नजनाई निर्मित भौतिक संरचनाको अस्तित्व लोप गरी खेतीको जग्गा भनी जाहेरवालीलाई थाहा जानकारी नदिई अर्का प्रतिवादीलाई राजिनामा गरिदिएको कार्य मुलुकी ऐन ठगीको १ नं. को परिभाषा भित्र पर्ने ।

५. नारायण थापा वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ४, नि.नं. ८११९)

- निश्चित समय पश्चात् रकम फिर्ता गर्नुपर्ने दायित्व भएको सञ्चालक समितिले आफ्नो दायित्व पूरा नगरेको र निज प्रतिवादीले अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरीवालाहरूको वचत रकम फिर्ता गरिसकिएको छ भनी भन्न नसकेको अवस्थामा जाहेरी कथन र अभियोग दावी सत्य साँचो नै देखिने ।
- आफ्नो सहकारी संस्थामा राम्रो ब्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई निजहरूले मागेका वखत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिँडेको कार्यलाई वचतकर्ताहरूलाई गलफतमा पारी धोकेका दिएको होइन भन्न कानूनतः नमिल्ने ।

६. नेपाल सरकार वि. दीपक बस्यालसमेत (ने.का.प. २०६७, अंक १, नि.नं. ८३०२)

- ऐन, नियमको परिधि नाघी कारोबार गरेकोमा सहकारी ऐन, २०४८ को दफा ४१(३) अन्तगत दर्ता खारेजीको कारबाही गर्न सकिने व्यवस्था छ । तर त्यस अन्तगत कारबाही नभएमा वा कारवाही गर्ने निकायले कारवाही नगरेमा सो संस्थाको आडमा वा नाउँमा जे पनि गर्न पाइने भन्ने अर्थ गर्न नमिल्ने ।
- जुन उद्देश्यका लागि सहकारी संस्था खोलियो, सो उद्देश्यअनुरूप कार्य भए गरेको छ छैन हेर्नुपर्ने ।
- प्रलोभन देखाएर सर्वसाधारणको रकम लिने र कबूल गरिएको शर्तअनुसार फिर्ता नगर्ने कार्यलाई सामान्य अर्थमा शुद्ध लेनदेनसम्बन्धी व्यवहार मान्न नमिल्ने ।
- संस्थाका पदाधिकारीहरूले नियतबश बचतकर्ताहरूलाई झुक्याई रोजगारी वा उच्च प्रतिफल दिने भन्ने गफलतमा पारी रकम जम्मा गरेको देखिन आएबाट ठगीको १ नं. मा उल्लिखित ठगीका सम्पूर्ण तत्वहरू विद्यमान रहेकोले ठगीतर्फ अनुसन्धान, कारबाही भई अभियोग दायर भएको कार्य कानूनसम्मत देखिने ।
- संस्थाको एउटा उद्देश्य देखाई रकम संकलन गरी उद्देश्यअनुरूपको काममा संकलित रकम खर्च गर्नेतर्फ वा बचतकर्ताहरूलाई शर्त कबूल अनुसार प्रतिफल दिने कार्यतर्फ कुनै पदाधिकारीले पनि अग्रसरता देखाएको नपाइँदा संस्थाका सञ्चालक समितिका सदस्य एवं पदाधिकारीहरूसमेत सबैले सामूहिक रूपमा नै संस्थाको नाउँमा ठगी गर्नेतर्फ लागेको स्पष्ट देखिने ।

७. दुर्गा उप्रेती वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१)

- संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत्त योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुन संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक—पृथक व्यक्तिको फरक—फरक कार्यले एउटा संगठित अपराध सम्पन्न

हुन्छ । तसर्थ, प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नुपर्ने ।

- बिगोबमोजिम जरिवाना भन्नाले प्रत्येक व्यक्तिलाई बिगोबमोजिम नै जरिवाना गर्नुपर्छ भन्ने कानूनको अर्थ गर्न नमिल्ने।
- कृत्रिम लेटर प्याडमा नक्कली सरकारी छाप दस्तखत बनाउने कार्य, स्वीकृति नै प्राप्त नगरी विदेशी विनिमयको कारोवार गर्ने कार्य र बैंकलाई झुक्यानमा पारी ठग्ने— तीन पृथक कानूनद्वारा व्यवस्थित तीन स्वतन्त्र कसूर भएकाले समान प्रतिवादी भए भन्दैमा दोहोरो खतराको सिद्धान्त आकर्षित हुने ।

८. बीरेन्द्र निरौला वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५७)

- वैदेशिक रोजगारमा पठाउन इजाजत पत्र नपाएको व्यक्तिले गफलतमा पारी आफूलाई फाइदा र अरुलाई नोक्सान पार्ने कार्य गरेको कसूर ठगीको महलको २ नं. ले परिभाषित गरेको कसूरभित्र नै पर्ने देखिएको र सरकार वादी भै चलाएको मुद्दालाई वैदेशिक रोजगार ऐनअन्तर्गत नचलाएको भन्ने कारणले मात्र कानूनविपरीतको अभियोग पत्र दायर गरेको भन्न नमिल्ने ।
- अभियोग पत्र दायर गर्दा ठगीको महलको १ नं. को कसूर स्थापित गरेको भए तापनि कसूरको प्रकृति र अवस्थाबाट ऐ. महलको २ नं. को परिभाषाअन्तर्गत पनि पर्न सक्ने ।

९. नेपाल सरकार वि. ज्ञानेन्द्र बिष्ट (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४०९)

- ठगी गर्ने उद्देश्यले कीर्ते गरी तयार पारिएको नक्सा अनुसारको जग्गा धितो राखी कर्जा लिइएको र कर्जा प्रयोजनका लागि तयार पारिएका धितो बन्धक कागज र शर्तबन्देज कागजमा प्रतिवादी साक्षीसमेत बसेको देखिँदा निजलाई ठगीको ५ नं. बमोजिमको कसूरबाट उन्मुक्ति प्रदान गर्न नमिल्ने ।
- कसूर स्थापित भएको अवस्थामा आपराधिक क्रियामा निजको संलग्नताको मात्रा र त्यसबाट प्राप्त गरेको लाभ समेतलाई आधार बनाई सजाय निश्चित गर्नुपर्ने ।
- ठगीजन्य क्रिया गरी कर्जा लिएको मूल रकमबाट निजले के कति रकम प्राप्त गरेको भन्ने यकीन अंक किटान गरी अभियोगपत्र दायर नभएको र अन्य प्रमाणबाट पनि अंक यकीन हुने गरी खुल्न नआएको अवस्थामा प्रतिवादीको हकमा विगो खुलेको मान्न नसकिने ।

१०. नेपाल सरकार वि. रबिकृष्ण जोशीसमेत (ने.का.प. २०६७, अंक ८, नि.नं. ८४२८)

- सारवान वा कार्यविधि कानूनको व्याख्या गर्दा परस्पर विरोधाभाषपूर्ण अर्थ आउने वा एक अर्को कानूनी व्यवस्था निष्प्रयोजित वा पराजीत हुने गरी गर्नु विवेकसम्मत हुँदैन । दुबैको समन्वित र सन्तुलित व्याख्याबाट नै न्याय प्रशासनको अभीष्ट वा लक्ष्य हासिल हुनसक्नेतर्फ ध्यान पुऱ्याइनु वाञ्छनीय हुने ।
- ठगी सम्बन्धमा भएको हदम्याद सम्बन्धी संशोधित व्यवस्थाले वारदात हुँदाका बखत कसूर नमानिने कुरालाई पछिबाट ठगीको अपराध घोषित गरेको, कम गम्भीर अपराधलाई बढी गम्भीर अपराध बनाएको वा कम सजाय हुने कसूरलाई बढी सजाय तोक्ने तथा प्रमाण सम्बन्धी कानूनमा परिवर्तन गरी कम प्रमाण भए पनि ठगीको कसूर प्रमाणित गर्ने गरी पछिबाट कानूनको निर्माण गरिएको समेतका कुनै अवस्था विद्यमान देखिन नआउँदा संशोधित व्यवस्था प्रयोग गर्न नसकिने र नमिल्ने अवस्था नदेखिने ।

११. ओमकुमार श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७९३)

- ठगी गर्ने र ठगिनेका बीचमा भएको भाखाको तमसुकको लिखतले अन्यथा फौजदारी प्रकृतिको दायित्वलाई देवानी दायित्वमा परिणत गरी जरिवाना तथा कैदको सजायबाट उन्मुक्ति दिने भएकोले भाखाको तमसुक भनिएको उक्त लिखतलाई अन्य कानूनी मान्यता प्राप्त तमसुक सरह स्वतन्त्र रूपमा अदालतले मान्यता दिने र यस्तो लिखतलाई कानूनी रूपमा मान्यता दिई चलन चलाउन सकिने प्रकृतिको हुनुपर्ने भएकाले भाखाको तमसुकले अन्य देवानी दायित्व सिर्जना गर्ने लिखत सरह कानूनी मान्यता प्राप्त गर्नको लागि यस्तो लिखतमा न्यूनतम् निम्न चार तत्वहरू विद्यमान भएको हुनुपर्नेः
- ठगिने र ठग्ने दुवै पक्षको प्रत्यक्ष उपस्थितिमा दुवै पक्षबीच रीतपूर्वकको कागज भएको हुनुपर्ने ।
- कुनै तेस्रो पक्षको हस्तक्षेपविना स्वेच्छापूर्वक दुवै पक्षको सहमतीमा भएको हुनुपर्ने ।
- निश्चित् समयमा तिर्ने बुझाउने शर्त र रकम खुलेको भाखा तमसुक हुनुपर्ने ।
- भाखाको तमसुक भनिएको लिखतबाट साहु र असामीबीचको सम्बन्ध स्थापित भएको देखिनुपर्ने र यस्तो लिखतलाई अदालतबाट प्रचलन गराउन सकिने प्रकृतिको हुनुपर्ने ।
- तेस्रो पक्ष अर्थात् जिल्ला प्रशासन कार्यालयले आफु समक्ष उजुरी परेपछि सोको टुगो लगाउने र शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा हस्तक्षेप गरी गराएको कागज स्वेच्छापूर्वक दुवैको बीच साहु असामीको सम्बन्ध स्थापित गर्ने सहमतिमा तयार भएको हो भनी मान्न नमिल्ने ।
- कागज गराउने कानूनी अख्तियार जिल्ला प्रशासन कार्यालयलाई नभएको र त्यस्तो कागजकै आधारमा लेनदेन व्यवहारको महलको व्यवस्था अनुसार साहु असामीको सम्बन्धसमेत सिर्जना नहुने हुँदा यस्तो लिखतलाई कुनै लेनदेनको तमसुक वा लेनदेनको रकम तिर्ने बुझाउने भाखाको लिखत सरह मुलुकी ऐन लेनदेन व्यवहारको महलमा व्यवस्था भएअनुसार अदालती प्रक्रियाबाट प्रचलन गराउन वा चलन चलाउन सकिने प्रकृतिको कागजात भन्न सकिने अवस्था नदेखिँदा पिडितहरू अदालतमा प्रवेश गर्न सक्ने अवस्थासमेत नदेखिने ।

१२. नेपाल सरकार वि. We Yu Jiang (ने.का.प. २०६९, अंक ४, नि.न. ८८०९)

- करारको शर्त पालन गरे, नगरेको सम्बन्धमा र त्यसबाट हुन गएको क्षति वा नोक्सानीको सम्बन्धमा करारसम्बन्धी ऐनले देवानी दायित्वको सिर्जना हुने अवस्था हुन्छ । शुद्ध रुपले करारीय दायित्व सम्बन्धमा परेको बिवादको निरोपण पनि करार ऐनअनुरूप हुनुपर्ने हुन्छ । देवानी प्रकृतिको बिवादलाई बलजफ्ती फौजदारी प्रकृतिको विवादको सिर्जना गर्ने गराउने तर्फ लाग्नु उचित नहुने ।
- दुबै पक्ष मिली राजीखुशीले गरेको करारको सम्बन्धमा, कपटपूर्वक (Fraudulently) करार भएको वा कुनै कानूनको उल्लंघन हुने गरी करार गरेको वा एकले अर्को पक्षलाई झुक्याई वा जालसाजीपूर्वक करार गरेको अवस्थामा एकले अर्को पक्षलाई हानि पुऱ्याउने नियतले वा प्रारम्भदेखि नै ठग्ने अभिप्रायले कुनै करार गरेकोमा बाहेक फौजदारी दायित्वको सिर्जना हुन नसक्ने ।
- करारीय सम्झौताको परिपालनासँग सम्बन्धित देवानी दायित्वसम्बन्धी विवादलाई फौजदारी दायित्वको रुपमा प्रस्तुत गरी ठगीको कसूर कायम गर्नु कानून र न्यायको रोहमा नमिल्ने ।

१३. गोपीकृष्ण पराजुली वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७३)

- सरकारी कर्मचारी प्रतिवादी हुने वित्तिकै त्यस्ता मुद्दाको फिराद वा अभियोग पत्र पुनरावेदन अदालतमा

दायर गरिनुपर्ने अर्थ गर्न नमिल्ने ।

- सरकारी कर्मचारीले कर्तव्यपालनको सन्दर्भमा गरेको कार्यबाट उठेको मुद्दाको शीघ्र निर्णय होस् भन्ने वधिकर्ताको अभिप्राय अ.वं. २९ को देहाय ८ नम्बरको हो । सरकारी कर्मचारीको संरक्षण र सुविधाको प्रबन्ध गर्ने यो कानून आपराधिक कार्यको रक्षाकबच बन्न नसक्ने ।
- एउटा व्यक्तिको सम्पत्ति अर्कै नक्कली व्यक्ति खडा गरी हस्तान्तरण गराउने कार्यलाई अड्डासम्बन्धी काम कुरा मान्न नसकिने ।
- अड्डासम्बन्धी कामको परिधिमा नपर्ने कार्यबाट उत्पन्न हुने परिणामको भागी सम्बन्धित कर्मचारी वैयक्तिक रूपमा नै हुनुपर्ने ।
- ठगीजन्य कार्य कुनै पनि अड्डासम्बन्धी काम हुन सक्दैन, न त कुनै सरकारी कर्मचारीको पदीय कर्तव्यपालनाभित्र ठगी गर्ने कार्य नै पर्दछ ।
- कुनै पनि ठगीजन्य कार्य निजामती कर्मचारीको ओहदाको कर्तव्यपालन सम्झी गरेको कार्यअन्तर्गत पर्दैन । त्यस्तो कार्यलाई विद्यमान कानूनले फौजदारी कसूरअन्तर्गत परिभाषित गरेको छ । त्यस्तो कसूरजन्य कार्य गर्ने व्यक्तिलाई निज सार्वजनिक सेवामा रहेको भन्ने मात्र आधारमा उन्मुक्ति प्रदान गर्ने उद्देश्य निजामती सेवा ऐनले ग्रहण गरेको होइन र त्यसलाई त्यति विकृत रूपमा बुझ्न पनि नहुने ।
- प्रस्तुत मुद्दामा निजामती सेवा ऐन, २०४० को दफा ५७ को सन्दर्भ पनि उठेको छ । निजामती सेवा ऐनमा रहेको उल्लिखित व्यवस्थाले कर्मचारीलाई बिना डर, धाक र प्रभावमा आफ्नो पदीय जिम्मेवारीभित्र पर्ने कार्य गर्न उत्प्रेरित गर्दछ । आफ्नो जिम्मेवारी इमानदारिपूर्वक निर्वाह गर्दासम्म कर्मचारीको बचाउ गर्न सकिने हुन्छ । तर, यो कानूनी प्रावधानले कर्मचारीलाई वद्रियतका साथ कार्य गर्ने अनुमति प्रदान गर्दैन, न त त्यस्तो कर्मचारीको बचाउ नै हुने ।
- ठगी र भ्रष्टाचार जस्ता आपराधिक कार्य सरकारी कर्मचारीको ओहदाको कर्तव्यपालनको विषय हुन सक्दैन । यस्ता आपराधिक कार्य विरूद्ध मुद्दा चलाउन अख्तियारवालालाई सूचना दिनु र स्वीकृति लिनुपर्ने कानूनी व्यवस्था रहेको मान्न सकिँदैन । पदको दुरूपयोग गरी ठगी र भ्रष्टाचार जस्ता कसूरजन्य कार्यमा संलग्न हुनका लागि त्यस्तो बचाउको प्रावधान सहयोगी बन्न नसक्ने ।
- घटनामा जानाजानी संलग्न हुनु र अनजानवस घटनाको कुनै चरणमा सहभागी भएको देखिनु फरक—फरक कुरा हुन् । मालपोत कार्यालयको अधिकृतका रूपमा वहाल रहेका व्यक्तिले आफ्नो कार्यालयसँग सम्बन्धित कुनै कार्यमा संलग्न रहनु उसको पदीय जिम्मेवारी नै हो ।
- त्यस्तो कार्यमा संलग्न हुनु उसको कर्तव्य पनि हो । त्यसरी कर्तव्यपालना गर्ने सिलसिलामा वद्रियत राखी आफुले लाभ लिने वा अन्य कसैलाई हानि पुऱ्याउने कार्य गरेमा त्यस्तो क्रिया निश्चय नै गैरकानूनी हुन्छ । तर, यी प्रतिवादीले त्यस्तो वद्रियत राखी कार्य गरेको वा आफुलाई लाभ हुने गरी कुनै कार्य गरेको भन्ने कुरा पुष्टि हुन नआएको हुँदा केबल अनुमान र आशंकाका आधारमा निजलाई कसूरदार मान्न नमिल्ने ।
- अपराध स्वीकार गरिरहेका प्रतिवादीहरूले त्यसको परिणामस्वरूप हुने विगो र जरिवानाको सामान्य हेरफेरलाई निर्णयमा तात्विक अन्तर मान्न नमिल्ने ।

१४. महेश चापागाई वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७४)

- दोहोरो खतराको सिद्धान्तले मूलतः उही व्यक्तिका विरूद्धमा उही कसूरमा पहिले नै कारवाही भई सजाय

पाइसकेको वा सफाई पाइसकेको अवस्थालाई ईंगित गर्दछ । यस आधारमा यो सिद्धान्त पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ । यो सिद्धान्त आकर्षित हुनका लागि मुख्य रूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छसमेत हुनुपर्ने ।

- आफु संलग्न आपराधिक क्रियाको यथार्थबोध नगरी केबल अमुक कानूनी सिद्धान्तको आड लिएर आफ्नो दुषित मनसाय अनुसारको क्रिया गर्ने प्रवृत्ति फौजदारी न्याय व्यवस्थाका लागि चुनौतीका रूपमा रहेको हुन्छ । त्यसैले त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नु पनि फौजदारी कानूनको उद्देश्य रहने ।
- दुबै मुद्दामा पीडित पक्ष फरक फरक रहेका छन् भने भ्रष्टाचार र ठगी मुद्दामा अपराधको प्रकृति र गम्भीरता, त्यसमा हुने सजाय र बिगो, पीडित पक्षलाई प्रदान गरिने उपचारमा पनि फरक फरक अवस्थाको विद्यमानता रहेको छ । दुबै मुद्दा सरकार वादी भै चल्ने भए पनि भ्रष्टाचार मुद्दामा भ्रष्टाचार निवारण सम्बन्धी कानूनी व्यवस्था आकर्षित हुन्छ भने ठगी मुद्दा, मुलुकी ऐन, ठगीको महल अन्तर्गत पर्ने ।
- दुई छुट्टाछुटै कानूनद्वारा परिभाषित अपराधअन्तर्गत पर्ने कसूरका हकमा ती छुट्टाछुटै कानूनद्वारा तोकिएबमोजिम मुद्दा परिचालित हुने अवस्था भएमा दोहोरो खतराको सिद्धान्त लागू नहुने ।
- एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् . यसरी समग्र तथ्य र सम्बद्ध कानूनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने ।
- कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलगअलग कानूनले अलगअलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानून अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।
- भ्रष्टाचार मुद्दा र ठगी मुद्दामा उनै व्यक्तिहरू संलग्न रहेको र प्रतिवादी कायम गरिएको भए पनि उनीहरूले फरक फरक हैसियतबाट आपराधिक कार्य गरेको देखिएको अवस्थामा बिगोको हकमा भने ठगीको घटनाबाट पीडित भएका व्यक्तिलाई पुगेको हानि र भ्रष्टाचार मुद्दामा भ्रष्टाचारजन्य क्रिया गरिएको भनिएको अंक एउटै भएकाले त्यसलाई दुबै मुद्दामा बिगोको रूपमा कायम गर्न मनासिव नहुने ।
- भ्रष्टाचारको कसूरमा बिगो समेतको दावी लिई अभियोग दायर भएको अवस्थामा जरिवानाको सजायसम्म हुने ठहराई बिगोको हकमा ठगी मुद्दाको फैसला बमोजिम हुने भनी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।
- मौकामा र अदालतमा समेत उपस्थित भै एउटा व्यहोराको बयान दिने, सो बयान व्यहोरालाई कानूनी प्रक्रियाबाटै अन्यथा हो भनी पुष्टि नगरी सामान्य निवेदन प्रेषित गरेर आफ्नो पूर्व बयान व्यहोरालाई अन्यथा भनी उल्लेख गर्दैमा त्यस्तो पछिल्लो अभिव्यक्तिले प्रामाणिक महत्व ग्रहण गर्न नसकिने ।

१५. नेपाल सरकार वि. मधुसुदन पुरीसमेत (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४८)

- कानूनमा निषेध गरेको कार्य आपराधिक कार्य हो । त्यस कार्यबाट परिणाम निस्केको हुनुपर्दछ र त्यसबाट निस्कने परिणाम कानूनले निषेध गरेको हुनुपर्दछ । आपराधिक मनसाय भन्नाले कुनै पनि आपराधिक कार्य गर्दा वा सो कार्य गर्ने सम्वन्धमा कर्ताले राखेको सोच अथवा विशेष मष्तिष्कीय अवस्थालाई बुझाउने ।
- यो अपराधकर्ताको दोषपूर्ण मानसिक अवस्था (Guilty state of mind) हो । ठगी जस्तो फौजदारी कसूरमा मनसाय तत्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कर्ताले आफूले गर्न लागेको कार्यको परिणाम के हुन्छ भन्ने कुरा पहिले नै देखेको सोचेको वा पूर्वजानकारी राख्नु पर्ने ।

- ठगी गरिएकै रकमबाट आर्जित भनी अभियोग लागेपछि ठगी गरिएको रकम बाहेक अन्य रकमबाट ती सम्पत्ति आर्जन भएको देखाउने प्रमाण भार यस्तो जिकीर लिने प्रतिवादीमै रहने ।
- दसी प्रमाण अमूर्त भईकन पनि धेरै कुरा बोलिरहेका हुन्छन् । दसी सामानले अपराधलाई पुष्टि गर्ने मात्र नभई अपराधीहरूको परिचय पनि खुलाउने ।

१६. अजीतराज ढुँगेल वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९९)

- अ.वं. २०५ ले पुनरावेदन नगर्ने पक्षलाई पनि उन्मुक्ति दिन सकिने कानूनी प्रवन्ध अवश्य गरेको छ । तर, यस अदालतमा पुनरावेदन गर्ने कानूनी अधिकार भएका व्यक्तिले पुनरावेदन नगरे पनि अरू पुनरावेदनबाट जाँचिदा पुनरावेदन नगर्ने पक्षका हकमा पनि इन्साफ वा सजाय उल्टिने अवस्था देखिएमा मात्र पुनरावेदन सरह निजका हकमासमेत उल्टाई छिनिदिनु पर्ने भएकाले अ.वं.२०५ नं. मा प्रयुक्त "जाँच्ने इन्साफ वा सजाय" पुनरावेदन अदालतको हो, जिल्ला अदालतको होइन।
- सहकारीको रकम आफुखुशी नियम विनियम तथा संस्थागत प्रक्रिया बाहेक खर्च गरिन सक्दैन । यस्ता कार्यमा आपराधिक मनसाय थिएन भन्न सकिँदैन । मुद्दा आरम्भ भइसकेपछिका कुनै भनाई वा पत्राचार विवादित कार्य हुँदाका कुनै अभिलेखबाट पुष्टि नभएमा सोलाई प्रमाणका रूपमा ग्रहण गरी कुनै न्यायिक अवधारणा बनाउन नमिल्ने।
- ऐन विनियमले व्यवस्था नै नगरेको प्रक्रिया अपनाई संस्थाको कुनै कारोवार गरिन्छ भने सो कार्यमा संलग्न व्यक्ति व्यक्तिगत रूपमा जिम्मेवार हुनुपर्ने।
- ठगीको कसूर भयो कि भएन भन्नको लागि तत्काल घटित कार्यलाई नै हेरिने हो । पुनरावेदक प्रतिवादीले अर्को संस्थाको नाउँमा कर्जा स्वरूप रकम दिई आफनो पदीय दायित्व निर्वाह गरेको भनी जिकिर लिए पनि उक्त रकम आफ्नै संस्थाको उपाध्यक्षको नाउँमा चेक काटी सो रकम सम्बन्धित संस्थालाई धोका दिई गफलतमा पारी दुरूपयोग गरी संस्थालाई हानि नोक्सानी र सम्बन्धित व्यक्तिलाई लाभ पुऱ्याउने उद्देश्यले दिइएको कार्यबाट ठगी गर्ने मनसाय स्पष्ट हुने।

१७. मुरारी घिमिरे वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ८, नि.न.९२२८)

- ठगीको कसूर गरेको भनी प्रमाण स्वरूप जाहेरवालाले पेश गरेको तमसुक कागजले प्रतिवादीउपरको आरोप खण्डन गर्ने अवस्था सिर्जना भएमा न्यायको रोहमा अदालतले प्रमाण सङ्कलन र मूल्याङ्कन गर्ने कार्यमा पक्षले सहयोग नगर्ने मात्र नभई अदालतप्रतिको जनआस्थामा समेत गिरावट आउने कुरालाई बिर्सन हुँदैन । यसरी उन्मुक्ति दिँदा पीडितलाई न्याय परेको अनुभूति नहुने ।
- ठगीको ३ नं. मा प्रयोग भएको "ठगिने" र "ठगी गर्ने" शब्दले नै ठग्ने कार्य अर्थात ठगीको कसूरको पूर्णतालाई जनाउने हुन्छ । तसर्थ यस व्यवस्थाले ठगी गर्ने व्यक्तिलाई कसूरबाट उन्मुक्ति दिन खोजेको अर्थ लगाइनु मनासिब हुँदैन । कुनै कार्य अपराध हुने भनी कानूनले परिभाषित गरेको हुन्छ भने त्यसलाई प्रत्यक्ष वा परोक्षरूपमा घुमाउरो अर्थ गरी अवैध विषयलाई वैधमा रूपान्तरण गर्ने प्रयास गर्नुहुँदैन । ठगीको ३ नं. को यस व्यवस्थाले ठगिने व्यक्तिको धनलाई हदम्याद वा अन्य कारणले अन्यायमा पर्न सक्ने सम्भावनालाई रोक्नका लागि सुरक्षित र व्यवस्थित गर्न मात्र खोजिएको भनी अर्थ गर्नु उपयुक्त हुन्छ । ठग्ने उद्देश्यरहित भई विशुद्धरूपमा कागज गरी वा नगरी लेनदेन गरेको विषयमा रकम दिने पक्षले समयमा नदिएमा वा धिङ्त्याई गरेमा निजलाई पक्की भाखा तमसुक गराएको अवस्थामा यो कानूनी व्यवस्था आकर्षित हुन सक्ने ।

१८. नेपाल सरकार वि. ऋषिराम शर्मासमेत (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३१०)

- सेना जस्तो जिम्मेवार र अनुशासित संगठनमा नेतृत्व सम्हाल्ने व्यक्तिले अन्य कुनै निकाय वा व्यक्तिको निर्देशनकै भरमा त्यस्तो आदेश दिनु कर्तव्यप्रति सचेत रहेको भनी भन्न सकिने हुँदैन । सेनाको अनुशासन तथा आचरण निकै संवेदनशील विषय हुने र सेनामा संलग्न सैनिक अधिकृतको भूमिका राष्ट्रको सुव्यवस्था कायम राख्नमा अत्यन्त महत्वपूर्ण हुने हुन्छ । आफ्नो कर्तव्य पालना गर्दा कुनै पनि प्रकारका अवाञ्छित गतिविधि वा गैरकानूनी क्रियाकलाप हुन लागेमा वा भएमा त्यसलाई मूकदर्शक भै हेर्न वा सुरक्षासँग सम्बन्धित विषयलाई नजरअन्दाज गर्न नमिल्ने ।
- सम्बन्धित गणको गणपतिका हैसियतमा सेनाको पदमा कार्यरत् अधिकृतबाट रक्तचन्दन जस्तो जैविक विविधताको वस्तु संरक्षण गर्नुको सट्टा त्यस्ता वस्तु ओसारपसारको कार्यमा संलग्न कसूरदारलाई उन्मुक्ति दिने हिसाबले आफ्नो कार्यक्षेत्रभित्र प्रवेश गरेका सवारी साधनलाई रान्रोसँग जाँच गर्न मातहतका राष्ट्रसेवकलाई निर्देशन दिनुको सट्टा सहजै पार गर्न दिनु भनी निर्देशन दिनु सुव्यवस्था तथा सैनिक अनुशासन कायम राखेको र ओहदाअनुसारको आचरण गरेको भनी अर्थ गर्न नमिल्ने ।
- सैनिक ऐन, २०६३ को दफा १४३(२) बमोजिमको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सेनासम्बन्धी विषयहरूमा बनाइएका नियम र सो नियमका आधारमा गठित अदालतबाट भएका कामकारवाहीलाई अन्यथा भन्न नमिल्ने ।
- सैनिक ऐन, २०६३ को दफा १४३(ङ) ले अदालतको अधिकारक्षेत्रबारे पनि नियमद्वारा व्यवस्थित गर्न बोलेको देखिएको र कार्यविधिमा मात्रै नियम बनाउन पाउने भनी भन्न मिल्ने भएन । नियमावलीले नै २ जना भै इजलाश गठन गरेकोमा तथा निवेदकले नियमावलीलाई नै असंवैधानिक भनी चुनौती दिएको नभै नियमावलीबमोजिम गठित इजलासको फैसलालाई मात्र चुनौती दिएको र निजले चुनौती दिएको फैसला कानूनतः त्रुटिपूर्ण नदेखिएको अवस्थामा रिट निवेदकले उक्त अदालतको गठनसम्बन्धी विषयलाई लिएर उठाएको आपत्तिलाई वस्तुनिष्ठ मान्न नसकिने ।

१९. दयाप्रसाद घिमिरे वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३२९)

- कुनै एक पक्षले मात्र दोहोरो सुविधा पाउने गरी फैसला हुनु न्यायसङ्गत हुने नदेखिएकाले सो बिगो भराइदिनुपर्ने अवस्था नहुँदा जग्गा फिर्ता भैसकेको अवस्थामा हकवालालाई बिगो भराइदिने ठहराएको र बिगोको दामासाहीले जरिवाना गर्नुपर्नेमा जनही बिगो बमोजिम जरिवाना हुने ठहराएको हदसम्मको फैसला मिलेको देखिन नआउने ।
- मुलुकी ऐन, ठगीको महलको १ र २ नं.मा आफ्नो हक नपुग्ने अर्काको चलअचल धनमाल मेरो हो, मेरो भएको छ भनी लिखत गरी वा नगरी बिक्री व्यवहार गरेको ठगी गरेको ठहर्छ भनी उल्लेख भएको हुँदा प्रस्तुत मुद्दा ठगीको परिभाषाभित्र पर्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

२०. विशाल परियारसमेत वि. काठमाडौं जिल्ला अदालत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५२९)

- फौजदारी न्यायको मूल उद्देश्य दण्डहीनताको अन्त, कसूरदारलाई सजाय र पीडितलाई उपचार रहेकोले फौजदारी कानूनलाई त झन् बाहेक गर्न मिल्दैन । फौजदारी न्याय र फौजदारी कानून धेरै सशक्त हुन्छन् । अरू ऐन कानूनले स्पष्ट तवरले बाहेक नगरेसम्म सभ्य मुलुक र न्यायको मान्य सिद्धान्तले राज्यले हस्तक्षेप गर्नु पर्ने प्रकृतिको सार्वजनिक सदाचार, नैतिकता, स्वास्थ्य आदिको उल्लङ्घनको विषयमा

कसूरदारलाई निरूत्साहन गर्नसमेतका लागि फौजदारी न्याय र फौजदारी कानूनको overriding effect हुन्छ । अतः चेक अनादर र बक्यौता रकमको विषयलाई विनिमेय अधिकारपत्र ऐन, २०३४ आदिले समेटेकोले ठगीमा जाहेरी लिन र अनुसन्धान गर्न मिल्दैन भन्ने निवेदकको निवेदन जिकिर मान्दा राज्य र कानून असहाय हुन पुग्ने ।

- विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ मा "बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भएपनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने सामान्य ३ महिना कैद र ३ हजार रूपैयाँको सजायको प्रावधानले कसूरदारलाई निरूत्साहित गर्न नसक्ने ।
- जानी जानी ठगी गर्नेले ती कानूनहरूको आडमा कसूरबाट उन्मुक्ति पाउने परिणाम आउँछ । समाजमा नराम्रो परिणाम आउने व्याख्या मान्न मिल्दैन । यी कुराहरू प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था छ छैन भन्ने कुरा माथि उल्लेख भएबमोजिम साधारण अधिकारक्षेत्रबाट निरूपण हुने कुरा भएकाले ठगीको महललाई ज्यादै सीमित घेराबाट हेरी उल्लिखित काम कारोबार ठगीको कसूरभित्र पर्दैन भनी अहिलेकै अवस्थामा भन्नु र ठगी मुद्दाको औचित्य नै समाप्त हुने गरी यस अदालतबाट हस्तक्षेप गर्नु उपयुक्त नभएकोले प्रस्तुत विषयवस्तुलाई ठगीको कसूरले समेट्न नसक्ने हुँदा ठगी कसूरमा अनुसन्धान गर्न मिल्दैन भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

२१. नेपाल सरकार वि. राघवकुमार मिश्रसमेत (ने.का.प. २०७५, अंक २, नि.नं. ९९५४)

- कम्पनी र यसका सञ्चालकहरूको स्वतन्त्र कानूनी हैसियत हुने कम्पनी कानूनको सर्वमान्य सिद्धान्त रहेको हुनाले त्यसरी कानूनी व्यक्तिको हैसियत प्राप्त कम्पनीले प्राकृतिक व्यक्तिले जस्तो आपराधिक कार्य गर्ने नभई कम्पनी प्राकृतिक व्यक्तिबाट सञ्चालन हुने हुँदा फौजदारी अपकार वा गल्ती (Criminal Wrongs) को दायित्व कम्पनीले बेहोर्नुपर्ने नभई कम्पनीको तर्फबाट कार्य गर्ने व्यक्तिले फौजदारी दायित्व बेहोर्नुपर्ने हुन्छ । कम्पनीबाट हुने देवानी अपकार वा गल्ती (Civil Wrongs) को दायित्वको सम्बन्धमा भने कम्पनीले उन्मुक्ति पाउन सक्ने अवस्था नरहने हुँदा त्यस्ता गल्तीबाट उत्पन्न दायित्व बेहोर्नु पर्ने ।

२२. नेपाल सरकार वि. ओमबहादुर खड्कासमेत (ने.का.प. २०७६, अंक १०, नि.नं. १०३७४)

- कानूनले कसूर नमानेको विषयमा कसै उपर मुद्दा चलाउने र कसूरदार ठहर गर्ने कार्य फौजदारी न्यायको सिद्धान्त विपरीत हुन्छ । देवानी दायित्वअन्तर्गतको विषयलाई समेत मिसाई फौजदारी कसूरमा प्रतिवादीलाई सजाय गर्न जाहेरी परेको अवस्थामा बलजफ्ती फौजदारी प्रकृतिको विवाद सिर्जना गर्न नहुने ।
- आफ्नो रकम फिर्ता माग्दा फिर्ता नगरी लुकिछिपी हिँड्ने, सम्पर्क नगर्ने जस्तो कार्य गरेको देखिएकोले झुक्याइ गफलतमा पारी जाहेरवालाहरूको रकम लिने खाने पचाउने नियत लिएको कार्य ठगीजन्य कसूरअन्तर्गत पर्ने ।
- अभिभावक बाबुले आफ्नो दायित्व निर्वाह गर्न रकम खर्च गरेको कारणले मात्र छोरा छोरीलाई कसूरदार ठहर गर्नु न्यायको रोहबाट नमिल्ने ।

२३. नेपाल सरकार वि. दिलीपकुमार अधिकारी (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२६)

- विनिमेय अधिकारपत्र ऐन, २०३४ बमोजिम बैंकिङ कारोबार विरूद्ध चेक धारकको रकम भुक्तानी पाउनु पर्ने हक हननको विवादलाई ठगी भन्न मिल्ने नदेखिए तापनि ऐनबमोजिम आफ्नो बिगो र सोको क्षतिपूर्तिको लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम मुद्दा सकार गरी बिगो दाबी गर्ने हक श्रृजना हुने ।
- विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ र १०७क मा चेक धारक वा दरपिठ गरिएको व्यक्तिप्रति उत्तरदायी हुने पक्षले बेहोर्नु पर्ने क्षतिपूर्ति, रकम वा ब्याज चेक धारकलाई बुझाउनु पर्छ भन्नुको अर्थ कुनै वैधानिक कारोबार, कर्जा वा कुनै दायित्व निर्वाह गर्नका लागि उत्तरदायी रहेको व्यक्तिले धारकलाई जारी गरेको चेक अनादर भएमा मात्र त्यस्तो दायित्व पूर्ति गराउन उपचार प्राप्त हुने देखिन्छ । त्यसको लागि वैधानिक दायित्व वा कर्जाबापत चेक जारी भएको हो वा होइन भनी निरूपण गरिनु अनिवार्य हुने ।
- कुनै चेक सापटी, उपहार वा खुसीबापत कसैले कसैलाई दिइएको अनादर भएमा त्यस्तोलाई कसूर मानी सजाय गर्न मिल्ने देखिँदैन । वैध वा कानूनले कर्जा भन्न मिल्ने कर्जा वा दायित्वबापत धारक वा भुक्तानी पाउनेले चेक प्राप्त गरेको देखाउन नसकेको अवस्थामा जारी भएको चेकले चेक अनादरबाट सिर्जना हुने दायित्व वा सजाय आकर्षण गर्न सक्ने नदेखिने ।
- विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ र १०७क बमोजिमको दायित्व चेक अनादरका सम्बन्धमा निर्णय गर्दा अदालतले कतै कर्जा दिन नसक्ने व्यक्ति वा वैधानिक स्रोत नभएको व्यक्तिले कसैबाट चेक प्राप्त गरेको र सो चेक अनादर भएको दाबी लिई राज्य संयन्त्र प्रयोग गरी भुक्तानी प्राप्त गर्न वा ड्रयीलाई सजाय भागी बनाउन खोजिएको हो वा होइन भन्ने प्रश्नमा गम्भीर भई निर्णय गर्नुपर्ने ।
- क्षतिपूर्ति, रकम वा सजाय दाबी कानूनबमोजिम वा कानूनले वैधानिक मानेको कारोबारको होइन भन्ने देखिएमा त्यस्तो कर्जा वा दायित्व पूरा गराउन नमिल्ने ।
- प्रतिवादीले जाहेरवालालाई जाल प्रपञ्चमा पारी पूरा रकम भुक्तान नहुँदै सरकारी अड्डामा लगी निज र निजको छोरीको नामको जग्गा राजीनामा पास गराई लिए भनेर विश्वास गर्ने ठोस प्रमाणको अभावमा प्रतिवादीले ठगीजस्तो अपराधजन्य कार्य गरे भन्ने निष्कर्षमा पुग्न नसक्ने ।

२४. नेपाल सरकार वि. विन्देश्वरप्रसाद केशरी समेत (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१७)

- ठगीको महल अन्तर्गतको कसूर सरकार वादी भई चल्ने मुद्दासमेत हुँदा उक्त महलअन्तर्गत सरकारले अभियोगपत्र दायर गरेको स्थितिमा सो ठगीको महलको १ नं. अनुसार मुद्दा चलाउन मिल्दैन; बैंकिङ (कसूर र सजाय) ऐन, २०६४ अन्तर्गत मुद्दा चलाउनु पर्छ भनी मुद्दा नै खारेज गर्न नमिल्ने ।
- अपराधको मात्रानुसार सजायको निर्धारण गर्नुपर्दछ । ठूलबो अपराध गर्ने र तुलनात्मक रूपमा सानु अपराध गर्ने अपराधीलाई एउटै सजाय गर्नु न्यायसङ्गत हुँदैन । त्यसकारण सजाय निर्धारण गर्दा अपराधको गम्भीर्य, अपराध गर्दाको परिस्थिति र प्रचलित कानूनी व्यवस्था हेर्नुपर्ने ।

२५. नेपाल सरकार वि. डिल्लीप्रसाद सापकोटासमेत (ने.का.प. २०७८, अंक ९, नि.नं. १०७४४)

- कुनै फर्म वा कम्पनीको आडमा कुनै व्यक्तिले अपराधजन्य कार्य गरेको छ भने फर्म वा कम्पनी दर्ता रहेकै कारण दर्तावालालाई कसूरदार ठहऱ्याउन न्यायोचित नहुने ।

- जाहेरवालासँग त्यस्तो कम्पनी वा फर्मको दर्तावालाको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै सम्पर्क थियो थिएन, त्यस्तो दर्तावालाले योजना तयार गरी अरू व्यक्तिमार्फत कुनै रकम लिने खाने प्रपञ्च गरेको हो, होइन, ठगीबाट तत्काल प्राप्त गरेको लाभको कुनै अंश त्यस्तो दर्तावालाले आफैंले लिए खाएको देखिन्छ, देखिँदैन इत्यादि सबुद प्रमाणको आधारमा मात्र कुनै व्यवसाय वा सम्पत्तिको दर्तावालाको आपराधिक दायित्व थियो, थिएन भनी हेर्नु आवश्यक हुने । आपराधिक दायित्वको निक्यौंल यान्त्रिक रूपमा दर्ताको आधारमा मात्र गर्ने होइन, फौजदारी न्याय प्रणालीसम्बन्धी न्यायका मान्य सिद्धान्त तथा कानूनी व्यवस्था र मुद्दाको तथ्यबिच तादम्यता राखी कसूर स्थापित गर्नु आवश्यक हुने ।

२६. रमिलादेवी राउत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४१)

- कुनै सहकारी संस्थामा ठगीजन्य कार्य कुन व्यक्तिबाट, तहबाट र कुन रूपमा भएको छ भन्ने कुरा मनसाय, हेलचेक्राइँ र कसूरको ज्ञानको विद्यमानता (knowledge of wrongdoing) को अवस्था हेरी विश्लेषण गरिनुपर्ने । यदि कुनै सहकारी संस्था ठगी गर्ने उद्देश्यबाट प्रेरित भई समान धारणा र संलग्नता (equal intent and participation) सहित स्थापना भएको रहेछ र सञ्चालक समिति र व्यवस्थापनको कार्यमा जानी-जानी संलग्न भएको रहेछ भने सबै सञ्चालक र व्यवस्थापकहरूलाई कसूरमा संलग्न रहेको मान्न सकिने ।
- कुनै सहकारी संस्थामा कसूरजन्य कार्य भएको अवस्थामा संस्थागत रूपमा सबै सञ्चालक तथा व्यवस्थापक वा कर्मचारी वा त्यसमध्येका खास केही व्यक्तिबाहेक सबै व्यक्तिहरू संलग्न भएको अवस्थामा सबै व्यक्तिहरू प्रामाणिकताका आधारमा कसूरदार ठहरिन सक्ने ।
- सहकारी संस्थाको दुरूपयोग गर्ने व्यक्तिको मनसाय, कार्य र प्रमाणका आधारमा निजले मात्र कसूर गरेको पुष्टि हुने अवस्था भएमा त्यस्तो व्यक्तिलाई कसूरदार ठहर गरिनुपर्ने । संलग्न व्यक्तिको पहिचान गर्दा मुलतः निजको संस्थामाथिको नियन्त्रण (control) अर्थात नीतिगत, आर्थिक तथा कारोबारहरूमा पूर्ण नियन्त्रण भए नभएको हेरिनुपर्ने । त्यस्तो नियन्त्रण ठगी वा अन्य गलत कार्य गर्ने मनसायसहित प्रयोग भए नभएको हेरिनुपर्ने र त्यस्तो नियन्त्रणले पीडितलाई परेको असर र प्रभावसमेतलाई मध्यनजर गरिनुपर्ने ।
- सहकारी संस्थामा भएको ठगीजन्य कार्यको सम्बन्धमा सञ्चालक समितिका पदाधिकारी वा सदस्य तथा व्यवस्थापकसमेतको जानकारी वा मनासयसहित कसूर भएको भएमा सबै व्यक्तिहरू कसूरदार मान्नुपर्ने देखिन्छ, केही खास सञ्चालक समितिका पदाधिकारी र सदस्यहरू तथा व्यवस्थापक र कर्मचारीहरूको संलग्नता भएमा निजहरूको संलग्नता, कसूरजन्य मानसिक अवस्था, प्रत्यक्षरूपमा नीतिगत आर्थिक क्रियाकलापमा भएको संलग्नता, प्रत्यक्ष नियन्त्रण (direct control), वस्तुगत (defacto) वा कानूनी (dejure) अवस्थासमेतलाई मध्यनजर राखी कसूरको निर्धारण गर्नुपर्ने ।
- निष्क्रिय (passive) रूपमा रहेका तथा अल्पमतमा रहेका सञ्चालक समितिका पदाधिकारी वा सदस्यहरूलाई ठगीको कसूरजन्य कार्यमा संलग्नता निर्धारण गर्दा निजहरूको कसूरजन्य मानसिक अवस्थाको विद्यमानतालाई प्रमाणहरूले पुष्टि गरेको छ छैन भन्ने विषयमा गम्भीर रूपमा नहेरी दोषी ठहर गरिएमा सम्बन्धित व्यक्तिहरूलाई गम्भीर अन्याय पर्न सक्ने ।

लिखत सम्बन्धी कसूर (किर्ते)

१. नेपाल सरकार वि. ज्ञानेन्द्र विष्ठ (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४०९)
२. नेपाल सरकार वि. कृष्णप्रसाद हुमागाँई (ने.का.प. २०६७, अंक ८, नि.नं.८४४४)
३. हरिकृष्ण लेकाली वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०४)
४. एलिजा थापा वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७९४)
५. नेपाल सरकार वि. यदुकुमार आचार्य (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२६३)
६. छुल्तीम डौमा लामा वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७५८)
७. नेपाल सरकार वि. उपेन्द्रप्रसाद साह तेलीसमेत (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६११)
८. नेपाल सरकार वि. राजेश तामाङ (ने.का.प. २०७८, अंक ११,नि.नं. १०७७०)
९. सुरेश कुमार महतो वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ५,नि.नं. १०८७२)
१०. नेपाल सरकार वि. हरिशरण अधिकारीसमेत (ने.का.प. २०७९, अंक १०,नि.नं. १०९५१)
११. महेश अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०,नि.नं. १११८७)
१२. नेपाल सरकार वि. रोक्सना बेगमसमेत (ने.का.प. २०८०, अंक १२,नि.नं. ११२२३)
१३. राजु अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २,नि.नं. ११२५०)

१. नेपाल सरकार वि. ज्ञानेन्द्र विष्ठ (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४०९)

- ठगी गर्ने उद्देश्यले कीर्ते गरी तयार पारिएको नक्साअनुसारको जग्गा धितो राखी कर्जा लिइएको र कर्जा प्रयोजनका लागि तयार पारिएका धितो बन्धक कागज र शर्तबन्देज कागजमा प्रतिवादी साक्षी समेत बसेको देखिँदा निजलाई ठगीको ५ नं. बमोजिमको कसूरबाट उन्मुक्ति प्रदान गर्न नमिल्ने ।
- कसूर स्थापित भएको अवस्थामा आपराधिक क्रियामा निजको संलग्नताको मात्रा र त्यसबाट प्राप्त गरेको लाभ समेतलाई आधार बनाई सजाय निश्चित गर्नुपर्ने ।
- ठगीजन्य क्रिया गरी कर्जा लिएको मूल रकमबाट निजले के कति रकम प्राप्त गरेको भन्ने यकीन अङ्क किटान गरी अभियोगपत्र दायर नभएको र अन्य प्रमाणबाट पनि अङ्क यकीन हुने गरी खुल्न नआएको अवस्थामा प्रतिवादीको हकमा विगो खुलेको मान्न नसकिने ।

२. नेपाल सरकार वि. कृष्णप्रसाद हुमागाँई (ने.का.प. २०६७, अंक ८, नि.नं. ८४४४)

- कसूरको कार्यमा धेरैजना भै काम पूरा गरिन्छ भने सबैको व्यक्तिगत उत्तरदायित्व सिर्जना हुने ।
- अन्तिम कीर्ते अक्षर कसले लेखेको हो सो मात्रै कीर्तेका अभियुक्त हुने भन्ने प्रश्न उठ्न सक्दैन । कीर्ते गर्ने मतलवमा पस्दछ, लाभ लिन्छ, सरोकार राख्छ र सो काम पूरा गर्न कुनै न कुनै संलग्नता देखाउँदछ भने पनि कीर्तेको कसूरदार हुने ।
- लिखतसम्बन्धी कसूरमा भइरहेको सच्चा लिखतमा भएको अङ्क, अक्षर वा मिति वा केही व्यहोरा घटी बढी पारी सच्याउने कार्यमा संलग्न भएको व्यक्तिका हकमा केही नगरी लिखतवालालाई मात्रै जिम्मेवार बनाउने हो भने त्यस्ता अरु षडयन्त्र गर्ने आदेश गर्ने वा मतलवमा बसी काम गरी गराई लाभ लिने ठूलो आपराधिक समूहले नै आपराधिक दायित्वबाट मुक्ति पाउने अवस्था रहने ।

३. हरिकृष्ण लेकाली वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०४)

- आफ्नो फोटो टाँसी नागरिकताको प्रमाणपत्रको नक्कल तयार गरी बैंकलाई झुक्याई ऋण रकम लिई कीर्तेजन्य कार्य गरेको स्पष्ट रुपबाट देखिन आउँदा सक्कल लिखत पेश नभए तापनि उक्त कार्य सरकारी छाप दस्तखत कीर्ते कै परिभाषाभित्र पर्न आउने ।
- अर्काको नामको नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो फोटो टाँस गरेको कार्य मुलुकी ऐन कीर्ते कागजको महलको १ नं. अनुरूप कै कीर्तेजन्य कार्यको परिधिभित्रै पर्न आउने ।

४. एलिजा थापा वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७९४)

- आफ्नो नाममा कीर्ते गरी नागरिकता तथा राहदानी बनाई सोही आधारमा भीषा समेतको लागि निवेदन गरी सुविधा लिन खोजेको स्थितिमा त्यसरी बनाएको कीर्ते नागरिकता बन्ने बनाउने कार्यमा आफ्नो संलग्नता नभएको भन्ने भनाई स्वीकारयोग्य नहुने ।
- कीर्ते नागरिकता बनाउनु र राहदानीको माध्यमबाट विदेश जान सिफारिश गर्नु यी दुई कार्य पृथक पृथक हुन् । कीर्ते नागरिकता बनाउने कार्यमा संलग्नता छ भनी पोल गर्न नसकेको र वादी पक्षले समेत सो पुष्टि गर्न नसकेको स्थितिमा एउटाले कीर्ते कार्य गरेकोमा कीर्तेमा संलग्न नहुने अर्को व्यक्ति समेतलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने ।
- विदेश जान सिफारिश गरेकै आधारमा कीर्ते नागरिकता बनाउन संलग्नता छ भनी अनुमान र शंका गरी

शंका र अनुमानकै आधारमा सजाय गर्नु न्यायोचित नहुने ।

- झूठो सिफारिश र सरकारी छाप दस्तखत कीर्तेको प्रकृति नै फरक भएको स्थितिमा झूठो सिफारिशलाई सरकारी छाप दस्तखत कीर्ते गरेको भन्ने विषयमा कीर्ते कागजको महलको कसूरले समेट्न नसक्ने ।

५. नेपाल सरकार वि. यदुकुमार आचार्य (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२६३)

- विवादित Certificate प्रतिवादी आफूले लिएको नभई गाउँकै दाइ नाता पर्ने व्यक्तिले लिइदिएको भनी प्रतिवादीले इन्कारी बयान गरे तापनि अभियुक्तले गरेको त्यस्तो इन्कारी बयान तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणबाट समर्थित हुनुपर्दछ । केवल आरोपित कसूरमा इन्कार रहेकै कारणले मात्र अभियुक्तलाई निर्दोष मान्न मिल्दैन । विवादित Certificate बाट निज प्रतिवादीलाई बाहेक अरू कसैलाई फाइदा हुने नदेखिने ।
- आफूलाई मात्र फाइदा हुने र आफैंसँग रहने कुरा अरू कसैले किर्ते गरी दिएको भन्न मिल्ने अवस्था नदेखिँदा आरोपित कसूर निज प्रतिवादीले नगरेको एवम् नगराएको भन्ने अवस्था नहुँदा प्रतिवादीले मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. विपरीतको कसूर गरेको देखिने ।
- प्रतिवादीले पेश गरेको Certificate बाट बिगो खुल्ने अवस्था नदेखिएको र सो Certificate नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट जारी हुने Certificate भएकाले प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम किर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५० । जरिवाना भई सरकारी कर्मचारीको दस्तखत किर्ते गरेकोमा ऐजन महलको १२ नं. बमोजिम थप १ वर्ष कैद हुने ।

६. छुल्तीम डौमा लामा वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७५८)

- नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि संविधान तथा कानूनले निर्धारण गरेको सर्त पूरा गरेका व्यक्तिले कानूनद्वारा तोकिएको प्रक्रिया र कार्यविधि पूरा गरी जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र लिनु पर्ने कानूनी व्यवस्था सबैले पालना गर्नुपर्छ । कानूनको अज्ञानता वा अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनको मान्य सिद्धान्तअनुसार मलाई नागरिकता प्राप्त गर्ने कार्यविधि र प्रक्रिया थाहा नभएको र जिल्ला प्रशासन कार्यालयमा जान असमर्थ रहेकी हुँदा अर्कै व्यक्तिलाई पैसा दिएर आफ्नो नागरिकता बनाउन लगाएको भन्ने पुनरावेदक प्रतिवादीको कथनलाई कानूनको मान्य सिद्धान्त अनुकूलको कार्य मान्न नमिल्ने ।
- कानूनले गर्नु हुँदैन भनी बर्जित गरेको कार्य गरेको अवस्थामा कानूनले निर्धारण गरेको सजायको भागिदार हुनु नै पर्ने हुन्छ । कानूनन निषेधित कार्य गर्ने र गराउने दुवै कार्य गैरकानूनी मानिने हुँदा त्यस्तो निषेधित कार्य आफैंले उपस्थित भई नगरी अर्को व्यक्तिबाट गराएको भन्ने आधारमा कानूनद्वारा निर्धारण गरेको सजायबाट कसैले छुटकारा पाउन नसक्ने ।

७. नेपाल सरकार वि. उपेन्द्रप्रसाद साह तेलीसमेत (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६११)

- लिखत किर्ते गरेको मुद्दामा लिखत कसले तयार पार्‍यो वा किर्ते गर्‍यो भन्ने तथ्यको खोजी गर्न जरुरी हुने । लिखत सम्बन्धी अपराध गर्ने व्यक्ति प्रत्यक्ष रुपमा नदेखिएको वा अपराध गर्दागर्दै पक्राउ नपरेको अवस्थामा अनुमानको आधारमा फलानाले नै तयार गरेको हो वा दिएको भन्न मिल्ने अवस्था हुँदैन । कसैले पोल गरी फलानाले लेखेको वा दिएको भन्दैमा विश्वास गर्नु पर्ने अवस्था समेत नहुने ।

८. नेपाल सरकार वि. राजेश तामाङ (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७०)

- अदालतले व्याख्याको माध्यमबाट ऐनमा रहेको प्रस्ट प्रावधानलाई निष्क्रिय गर्ने वा अर्को अर्थ दिने कार्य गर्दैन । विधायिकाको मनसाय, भावना, उद्देश्यलाई जीवन्त तुल्याउन मात्र अदालतले कानूनको व्याख्या गर्दछ । किर्ते कागजको महलको ११ नं. ले किर्ते गर्ने र गर्न लगाउनेलाई किर्ते गर्ने ठहरेकालाई हुनेबमोजिमको सजाय हुने भनी गरेको कानूनी व्यवस्थाले किर्ते सवारी चालक अनुमतिपत्र साथमा राख्ने र प्रयोग गर्ने व्यक्ति मूल कसूरदार ठहर हुन नसक्ने भन्न नमिल्ने ।

९. सुरेश कुमार महतो वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ५,नि.नं. १०८७२)

- लिखतमा लेख, टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउने प्रयोजनार्थ सम्बन्धित पक्षले निवेदन दिएमा अदालतबाट संशोधन हुन मनासिब भएमा मात्र संशोधनको आदेश हुने ।
- अभियोजन पक्षबाट प्रतिवादीको नाम छुट भएको भन्ने मात्र पत्रमा उल्लेख भएको, अभियोगको मागदाबी खण्डमा प्रतिवादीहरूको नाम उल्लेख नगरेको, अभियोजन पक्षले अभियोगपत्र दायर गर्दा अभियोगको दाबी खण्डमा यी व्यक्तिहरूले यस्तो खालको कसूर गरेका हो, यी व्यक्तिहरूको यो कसूर गर्नमा यो यो भूमिका छ, यी व्यक्तिहरूउपर यस्तो दाबी रहेको छ भनी स्पष्टरूपमा खुलाएर अभियोगपत्र पेस गर्नुपर्ने ।

१०. नेपाल सरकार वि. हरिशरण अधिकारीसमेत (ने.का.प. २०७९, अंक १०,नि.नं. १०९५१)

- किर्तेको उद्देश्य नै विभिन्न तवरले गरेको किर्ते कार्यबाट अरूलाई विश्वासमा पारी ठगी गर्नु र आफूले प्रत्यक्ष वा अप्रत्यक्ष लाभ लिनु हो । अधिकांश समयमा यी दुई कसूर एकाकार भएर आएको देखिए पनि सधैं सोही हुनुपर्छ भन्ने नहुने । यी दुई कसूरहरू एकै व्यक्ति वा समूहबाट सम्पन्न हुने भए तापनि एकैपटक नभई एकपछि अर्को वारदात सम्पन्न भएको अवस्थामा एक कसूरविना अर्को कसूर हुने गरी अनिवार्य अवस्था नभई दुईको छुट्टाछुट्टै अस्तित्व रहेका पूर्ण अपराध हुन् । यसैले विधायिकाले यी दुई कसूरलाई भिन्नाभिन्नै परिभाषित गरी सजायको व्यवस्था गरेको भनी बुझ्नुपर्ने । सरकारी छाप दस्तखत किर्ते र ठगी भएको पुष्टि हुन आई तत् तत् कसूरमा छुट्टाछुट्टै सजाय हुने देखिँदा यसमा दोहोरो खतराको सिद्धान्त आकर्षित नहुने ।

११. महेश अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १०, नि.नं. १११८७)

- पढ्न लेख्न जान्ने व्यक्तिले कागजमा लेखेको बेहोरा नपढी त्यतिकै सही गरे होलान् भनी विश्वास गर्न नसकिने । प्रतिवादीहरूको मौकाको बयान र बरामदी मुचुल्कामा भएको सहीलाई स्वीकार गरेको र सोमा भएको बेहोरालाई इन्कार गरेको देखिएकोमा कागजमा भएको सहीछाप स्वीकार गरेको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म सो कागजमा भएको बेहोरा पनि निजकै मानिने र सो बेहोरा निजको हकमा प्रमाणमा ग्रहणयोग्य नै मानिने ।

१२. नेपाल सरकार वि. रोक्साना बेगमसमेत (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२२३)

- एउटै लिखतका सम्बन्धमा किर्ते जालसाजी ठहराई बिगोबमोजिमको जरिवाना हुने ठहराई लगाउको अर्को मुद्दामा फैसला भइसकेको अवस्थामा पुनः सोही लिखतको सम्बन्धमा चलेको मुद्दाबाट थप छुट्टै जरिवाना गर्नु कानूनसङ्गत नदेखिने ।

१३. राजु अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२५०)

- सङ्गठित अपराधमा विभिन्न व्यक्तिहरू मिली योजनाबद्ध तरिकाले विभिन्न भूमिकाको साथ एकआपसमा सम्पर्क गरी विभिन्न तह हुँदै एक सिङ्गो अपराधलाई अन्जाम दिई आएको प्रतिफलको लाभ लिने अवस्था हुन्छ । भिन्न भिन्न भूमिकाको साथ एक जालो बनाई काम गर्ने हुँदा यस प्रकृतिका चोरी गरी बिक्री गर्ने सङ्गठित अपराधमा यो व्यक्तिले यो नै गरेको भनी यकिन गर्न गाह्रो हुने ।
- प्रतिवादीहरू एक समूहमा काम गर्ने हुँदा यो किर्ते यसले गरेको, यो चोरी यसले गरेको भनी यकिन गर्न नसकिए पनि सबैको संलग्नतामा अपराध गरी आएको प्रतिफल बाँडफाँट गर्ने हुँदा यस प्रकारको अपराधमा सबै प्रतिवादीहरू समान कसूरको भागीदार हुने देखिन्छ । केवल विवादित मोटरसाइकल र नक्कली कागजात प्रतिवादीहरूको साथबाट बरामद नभएको र किटानी प्रमाण नभएको कारणले मात्र प्रतिवादीहरू निर्दोष हुन् भनी निष्कर्षमा पुग्नु न्यायोचित नदेखिने ।
- मुलुकी ऐन, किर्ते कागजको महलको ७ नं. को कानूनी व्यवस्थालाई हेर्दा "सम्पत्तिका सम्बन्धमा किर्ते गरी लिई खाइसकेको भए बिगो भराई बिगोबमोजिम जरिवाना हुन्छ" भनी व्यवस्था रहेको देखिने । कानूनमा जनही वा दामासाही भनी स्पष्ट उल्लेख गरेको नदेखिने । बिगोभन्दा बढी जरिवाना हुनु कानूनी मनसाय हुन नसक्ने । यसरी कानूनमा बिगोको जनहीले जरिवाना हुन्छ भनी स्पष्ट व्यवस्था नगरेको अवस्थामा उक्त कानूनी प्रावधानलाई कठोर हिसाबले व्याख्या नगरी लचिलो तवरले व्याख्या गर्नु न्यायसङ्गत हुने र बिगोभन्दा बढी जरिवाना असुल गर्नुसमेत न्यायोचित नहुने ।

नागरिकता

१. श्री ५ को सरकार वि. ज्ञानमाया घर्ती (ने.का.प. २०५६, अंक ७, नि.नं. ६७५८)
२. श्री ५ को सरकार वि. दिनानाथ प्रसाद साहसमेत (ने.का.प. २०५८, अंक ७, नि.नं. ७०२८)
३. श्री ५ को सरकार वि. सुरेसप्रसाद गुप्तासमेत (ने.का.प. २०६१, अंक ४, नि.नं. ७३६१)
४. पदमवहादुर गुरुङ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७७९)
५. नेपाल सरकार वि. रामलालप्रसाद चौधरीसमेत (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८२)
६. नेपाल सरकार वि. वरकत अली वेहना (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८३)
७. नेपाल सरकार वि. रामचरण मेहता (ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६२)
८. रञ्जित थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६६, अंक ६ नि.नं. ८१७५)
९. अशोक कुमार शाह वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३४९)
१०. पृथ्वीविक्रम सिंह वि. नेपाल सरकार गृह मन्त्रालयसमेत (ने.का.प. २०६७, अंक ६, नि.नं.८४०१)
११. हरिकृष्ण लेकाली वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०४)
१२. सरोजनाथ प्याकुरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प २०६८, अंक १, नि.नं. ८५३६)
१३. सविना दमाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५५७)
१४. सन्तोष ओझा वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १२, नि.नं. ८९३७)
१५. विजयकुमार गच्छदार वि. जमुना राउत कुर्मी (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२०)
१६. शेष नैमुद्दिन वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १, नि.नं. ९१०३)
१७. महावीर कामैत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३१८)
१८. जोगी राना थारू वि. कुवरिया रानासमेत (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४४१)
१९. अमृतकुमार शर्मा वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४५९)
२०. नेपाल सरकार वि. मन्साराम भुर्जीसमेत (ने.का.प. २०७३,अंक ७, नि.नं. ९६२६)
२१. सज्दा सापकोटासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प.२०७३, अंक ७, नि.नं. ९६२७)
२२. दिवाकर क्षेत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७३)
२३. सृजन खरेल वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८७)
२४. छुल्तीम डौमा लामा वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक २, नि.नं.९७५८)
२५. धनवहादुर भण्डारीसमेत वि. विष्णुकुमारी पराजुली (ने.का.प २०७४, अंक ५, नि.नं. ९८१८)
२६. उमा सिंह तथा सन्देश सिंहसमेत वि. जिल्ला प्रशासन कार्यालय मोरङ (ने.का.प.२०७४, अंक ७, नि.नं.

९८४१)

२७. सुनिलबाबु पन्त वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक ९, नि.नं.९८७५)

२८. सुमन पन्त वि. गृहमन्त्रालय अध्यागमन विभाग (ने.का.प.२०७४, अंक १२, नि.नं.९९२१)

२९. रामबहादुर राउत वि. विनोद सिंहसमेत (ने.का.प. २०७५, अंक ४, नि.नं. ९९९३)

३०. विपना वस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प.२०७५, अंक ८, नि.नं. १००६६)

३१. आरिका के.सी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत (ने.का.प २०७५, अंक १०, नि.नं १०११३)

३२. ओमप्रकाश साह वि. गृह मन्त्रालय (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९५)

३३. सुनिल साह वि. डिनको कार्यालय त्रि.वि.ई.अ.सं. पुल्चोक (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३४१)

३४. लक्ष्मीकुमारी शर्मा वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४५८)

३५. गृह मन्त्रालय वि. सुवासचन्द्र बढै (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९५)

३६. आकाश गुप्ता वि. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालयसमेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६५२)

३७. शुष्माकुमारी गुप्तासमेत वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६५४)

३८. अन्जलीकुमारी साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, सर्लाहीसमेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९०६)

३९. मनोजकुमार ढाडी वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७२)

४०. सोनिया सहनी वि. गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०११)

४१. जितेन्द्रकुमार कुशवाहा वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषासमेत (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३९)

४२. सरू शाह वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक ६, नि.नं. १११११९)

४३. निक्कीकुमारी झा वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४४)

४४. मुकेश नाउ वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२१५)

४५. उमामहेश्वर साह वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ४, नि.नं. ११२६९)

४६. अनिल पुर्वे वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२९०)

४७. भगवानदिन यादव वि. नेपाल सरकार (मुद्दा नं. ०७२— CR—१३७५)

१. श्री ५ को सरकार वि. ज्ञानमाया घर्तीसमेत (ने.का.प. २०५६, अंक ७, नि.नं. ६७५८)

- किर्ते कागजको १ नं. को व्यवस्था हेर्दा कस्तो अवस्था पर्दा किर्ते गरेको ठहर्ने हो भनी स्पष्ट व्यवस्था भएको पाइन्छ । हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झुठ्ठा गरी बनाई सकेको भन्ने तथ्य स्थापित हुनु पर्दछ । जसको सही किर्ते भएको भनिएको हो निज व्यक्तिको सनाखत गराइएको छैन । अड्डाको छाप किर्ते गरेको भन्ने तर्फ त्यस्तो झुठ्ठा छाप वरामद भएका छैन । के कुन आधारबाट किर्ते गरेको भन्ने हो सो तर्फ अनुसन्धान अवस्थामै तहकिकात गरी स्पष्ट आधार प्रमाण पुऱ्याउन सक्नु पर्छ ।
- जहाँसम्म नागरिकता सम्वन्धी ऐन, २०२० को दफा १५ को प्रश्न छ त्यसतर्फ विचार गर्दा दफा १५ को अध्ययन गरिनु पर्ने हुन आउँछ । उक्त दफा १५ हेर्दा झुट्टा विवरण वा बयान दिई नेपालको अंगिकृत नागरिकता वा जन्म वा वंशजको नाताले नागरिकता प्राप्त गर्ने गराउने व्यक्ति वा सो गर्ने गराउने उद्देश्य जानीजानी झुट्टो विवरण वा बयान दिई सिफारिस गर्ने व्यक्ति वा सो गर्ने उद्देश्यले झुट्टो विवरण वा बयान दिई आवेदनपत्र दिने नै व्यक्तिलाई गरिने सजायको व्यवस्था भएको पाइन्छ । वादी दावीमा सो अनुसार झुठ्ठो विवरण वा बयानको आधारमा नागरिकता प्राप्त गरेको भन्ने नभई प्र.जि.अ. को किर्ते सही र कार्यालय समेतको किर्ते छाप कटाई किर्ते गरेको भन्ने वादी दावी रहेको छ, झुठ्ठो विवरण पेश गर्नु र सहीछाप नै किर्ते गर्नु अलगअलग विषयवस्तु देखिन आउने हुन्छ । वादी स्वयंले झुट्टो विवरण वा बयान दिएको भनी कस्तो झुठ्ठो विवरण र बयान पेश गरी आफ्नो भनाइको पुष्टि गर्न सकेको देखिदैन । प्रमाण पुऱ्याई दावी लिन नसकेको अवस्थामा सजाय गर्न मिल्ने नदेखिँदा ... प्रतिवादीहरुलाई सफाइ दिने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिई मुनासिव ठहर्ने ।

२. श्री ५ को सरकार वि. दिनानाथ प्रसाद साहसमेत (ने.का.प. २०५८, अंक ७, नि.नं. ७०२८)

- अरुणकुमार यादवको नामको नेपाली नागरिकताको सक्कल प्रमाणपत्र काठमाडौंमा डेरा गरी बस्ने भारत दिल्ली निवासी अमित बंशलको डेराबाट बरामद भई सो नागरिकतामा टाँसेको फोटो निज अमितको हो भनि घर धनिले लेखाई दिएको, अरुण कुमार नाम गरेको व्यक्ति अदालतमा उपस्थित हुन नसकेको, निज हाल कहाँ छ सो समेत प्रतिवादीहरुले देखाउन खुलाउन नसकेको एवं छटु राउतको जेठा छोरा राम प्रसादले अरुण कुमार नाम गरेको कुनै भाई छैन भनि जिल्ला प्रहरी कार्यालयमा गई निबेदन दिई सनाखत समेत गरेबाट सो नागरिकता प्राप्त गर्न दिएको दरखास्तमा टाँसेको फोटो छटु राउतको छोराको नभई भारत दिल्ली निवासी अमित बंशल नाम बताउने व्यक्तिको हो भन्ने कुरा उल्लेखित प्रमाण कागजबाट देखिन आएबाट प्रतिवादीहरुले झुठ्ठा बिवरण देखाइ गैर नेपाली नागरिकलाई नेपाली नागरिकता प्रमाण पत्र दिलाउन सिफारिशका साथै सनाखत समेत गरी नेपाल नागरिकता ऐन, २०२० को दफा १५ को कसूर गरेको प्रमाणित हुन आयो ।
- प्रतिवादी दिनानाथ बिद्याकान्तले प्र.अरुण कुमारलाई सिफारिश गरि नागरिकता दिलाएकोमा साबित छन छटुको जेठा छोरा राम प्रसादले दिएको मिति २०५० ।८ ।२३ को निबेदनमा अरुण कुमार नाम गरेको छोरा छैन भनि उल्लेख गरेको कुरा निजले सनाखत गरेको अंश मुद्दामा बादी राम प्रसादले आफनो फिरादमा घ भाइ मात्र रहेकोले ३ बण्डाको १ बण्डा अंश पाउँ भनि २०५० सालमा दिएको अंश मुद्दामा अरुण कुमारलाई अंशियार नदेखिएकोमा पछि मिलापत्र गर्दा विदेश गएको छ भनि सगोलमा रहने गरी

मिलापत्र गरेको र मुद्दा परे पछि बनाएको प्रमाण देखिन्छ । नागरिकताको प्रमाण पत्र नागरिकको हैसियत चिन्ह (Status Symbol) भएकोमा प्रतिवादीहरुले सम्बन्धित व्यक्ति कै भनाइमा लागि सिफारिश गरी झुठ्ठा बिवरण दिएको समेत देखिंदा प्रतिवादीहरुले कसूर गरेको ठहऱ्याउनु पर्नेमा पुनराबेदन अदालत हेटौंडाले सफाइ दिएको नमिलेकोले उल्टी हुने ।

३. श्री ५ को सरकार वि. सुरेसप्रसाद गुप्तासमेत (ने.का.प. २०६१, अंक ४, नि.नं. ७३६१)

- प्रतिवादीहरुले लाइसेन्स बनाउने प्रयोजनको लागि व्यहोरा घटी वढी पारी नागरिकताको फोटोकपी पेश गरेको र अर्काको नामको सहिछाप लगाई डाक्टरी सर्टिफिकेट बनाई पेश गरेको सम्म देखियो । अभियोगपत्र मागदावी अनुसार यी प्र.हरुले अड्डाको छाप दस्तखत वा सरकारी कर्मचारीको छाप दस्तखत नै किर्ते गरेको अवस्था भने देखिन नआउने ।
- प्रतिवादी सुरेश गुप्ताले नागरिकता किर्ते गरी बनाएको अवस्था नदेखिई व्यहोरा सम्म घटीवढी पारी नागरिकताको फोटोकपी पेश गरेको देखिएको हुँदा किर्ते कागजको ९ नं. अनुसार निजलाई रु. ५० । जरिवाना गरेको र अर्का प्र. यी अम्वुरामले लाइसेन्स बनाउने प्रयोजनको लागि किर्ते कागजको १३ नं. अनुसार एउटाको नाममा अर्कोले सहिछाप गरी डाक्टरको सर्टिफिकेट बनाएको हुँदा ऐ को १३ नं. अनुसार रु.२० । जरिवाना गरेको पुनरावेदन अदालतको इन्साफ मिलेकै देखिने ।
- प्रतिवादीहरुले लाइसेन्स बनाउने प्रयोजनको लागि व्यहोरा फरक पारी पेश गरेको नागरिकताको फोटोकपीलाई सरकारी अड्डा वा कर्मचारीको छाप दस्तखत किर्ते गरेको सँज्ञा दिन नमिल्ने हुँदा निज प्र. हरुलाई किर्ते कागजको १२ नं. अनुसार थप सजाय गर्न नमिल्ने ।

४. पदमवहादुर गुरुङ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७७९)

- आफ्नो साथमा रहेको नागरिकता सच्याएको, किर्ते गरेको पाइन्छ भने त्यो निर्दोषितापुर्ण छ भनी प्रमाणीत गर्ने भार पुनरावेदकको हुने ।
- विवादित नागरिकता प्रमाणपत्रमा सरकारी अड्डाको नाम लेखिएको अड्डाको छाप लागेको, सरकारी कर्मचारीको छाप र दस्तखत समेत भएको हुँदा सो नगारिकता प्रमाणपत्रलाई सरकारी कागज मान्नु पर्ने देखिन्छ । त्यस्तो सरकारी कागज जुनसुकै तरिकाले किर्ते गर्ने यी प्रतिवादीले कसूर गरेको मान्नु पर्ने र निजलाई कानून बमोजिम सजाय गर्नुपर्ने।
- सरकारी कागज किर्ते गर्नेलाई कानून बमोजिमको सजाय भन्नाले किर्ते कागजको १२ नं. अनुसार सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई यसै महलको यस नम्वरले हुने सजायमा एक वर्ष थप कैद हुन्छ भन्ने कानूनी व्यवस्था भए अनुसार प्रतिवादीलाई १ वर्ष कैद थप सजाय गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्थाको आधारमा किर्ते कागजको महलको ९ नं. बमोजिम सजाय गरेपछि ऐ.को १२ नं. बमोजिम १ वर्षको कैद सजाय समेत गर्नुपर्नेमा सो को दावी नपुग्ने भन्ने शुरुको इन्साफ त्यति हदसम्म उल्टी गरी प्रतिवादीलाई किर्ते कागजको १२ नं. बमोजिम १ वर्ष कैद सजाय समेत हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

५. नेपाल सरकार वि. रामलालप्रसाद चौधरीसमेत (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८२)

- झुट्टो विवरण पेश गरी लिएको नागरिकता सरकारले रद्ध गर्न सक्ने र झुट्टा विवरण पेश गरी नागरिकता प्राप्त गर्ने गराउनेलाई कसूर अनुसारको सजाय गर्ने विषय एउटै होइन । यी फरक फरक रूपमा प्रयोग हुने कानूनी व्यवस्थाहरू हुन् ।
- झुट्टा विवरण लिई नागरिकता लिएको हुँदा सजाय गरिपाऊँ भनी फौज्दारी कसूरको दावी गरी अभियोग पत्र दायर भएको अवस्थामा कानून बमोजिमको सवुद प्रमाणबुझी सो को वस्तुगत विश्लेषण गरी दावी बमोजिम हुने हो होइन भनी निर्णय गर्नका लागि सरकारले नागरिकता रद्ध गरे नगरेको भन्ने विषयले असर पर्दछ भन्न नमिल्ने ।
- नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३क) र १५ अलग अलग रूपमा अलग अलग निकायबाट स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने कानूनी व्यवस्थाहरू हुन् । वस्तुतः विवादित काम कसूरजन्य हो वा होइन भन्ने कुरा मुद्दाको रोहबाट निरूपण हुने ।
- सरकारले कुनै काम गरे वा नगरेका आधारमा कुनै पनि अपराध र सजाय निर्धारित हुने होइन । हाम्रो नागरिकता ऐनले झुट्टा विवरण पेश गरी लिएको नागरिकता रद्द नभई कसूर कायम नहुने भनी कतै उल्लेख गरेको छैन । नागरिकता रद्द गर्ने विषय सरकारको क्षेत्राधिकार भित्रको हो भने झुट्टा विवरण पेश गरी नागरिकता प्राप्त गरे गराएको सम्बन्धी विवादको निरूपण गरी कसूर ठहर्ने नठहर्ने, सजाय हुने नहुने भन्ने विषय अदालतको क्षेत्राधिकार भित्रको विषय हुने ।
- आफ्नो क्षेत्राधिकार भित्र परेको विषयलाई तर्कसंगत र वस्तुगत आधारमा कानूनद्वारा निर्धारण गरेको प्रकृया पूरा गरी टुंगो लगाउनु अदालतको दायित्व भित्रै पर्ने ।

६. नेपाल सरकार वि. वरकत अली वेहना (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८३)

- नागरिकता लिँदा झुट्ठा ब्यहोरा पेश गरी लिएको भनी उजुरी परी अनुसन्धान कारवाही शुरु भई सकेपछि वंशज वा जन्मसिद्ध नागरिकता पाउने हो वा नागरिकता नै नपाउने हो ? निजको नागरिकताको प्रमाणपत्र बदर हुने भए के के आधारमा हुने हो ? मिसिल संलग्न प्रमाणको उचीत मूल्याङ्कन गरी बुझ्न परे निजको परिवारलाई उपलव्ध गराएको नागरिकताको प्रमाणपत्र समेत बुझी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्नेमा नेपाल सरकार गृह मन्त्रालयको निर्णयमा सो गरेको नदेखिदा त्यस्तोलाई न्यायसंगत मान्न नसकिने ।
- निर्णय गर्ने अधिकार पाएका प्रशासनिक निकाय वा कार्यकारिणीको अंगको रूपमा कार्यरत निकायले पनि कानूनी प्रक्रियाका आधारभुत मापदण्डहरू अनुसार गर्नु पर्छ । त्यसमा पनि राज्यको नागरिक हो वा होईन भन्ने जस्तो ज्यादै गम्भीर कुराको निर्णय समष्टिगत तथ्य एवं प्रमाणहरूको समग्र अवलोकन र मूल्यांकनबाट मात्र गर्नुपर्छ । समग्र मध्ये एउटा वा आँशिक तथ्यको आधारमा मात्र कसैलाई नेपाली नागरिकको हकबाट वञ्चित गर्ने गरी गरिएको निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

७. नेपाल सरकार वि. रामचरण मेहता (ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६२)

- वास्तविक रुपमा नै चिने जानेको आधारमा सिफारिश भै वास्तविक नेपाली नागरिकले नागरिकताको प्रमाण पत्र पाऊन् भन्ने उद्देश्यले नै कानूनमा सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्यको सिफारिश गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको हो भन्न सकिन्छ । त्यसरी सम्बन्धित वडाका स्थानीय जनप्रतिनिधिले राम्ररी चिन्दछु, व्यहोरा जाने बुझेसम्म साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी गरिदिएको

दस्तखतका आधारमा त्यसप्रति विश्वस्त हुँदै सो फाराममा रहेको सिफारिश गर्नेको महलमा सिफारिशकर्ताले दस्तखत गरिने सामान्य प्रचलनको कुरा पनि हो । गा.वि.स. अध्यक्षका रुपमा रहेका व्यक्तिले आफू अन्तर्गतको वडाध्यक्ष जस्तो जिम्मेवार व्यक्तिको विश्वासमा परी सिफारिश गरिदिएको कुरालाई निरपेक्ष रुपमा हेरिनु न्यायोचित नहुने ।

- कसूरदार ठहर गर्नु अघि प्रतिवादीको कार्यको साथ साथै मनसाय, अपराधको गाम्भिर्यता र सिफारिश गर्ने फाराममा सिफारिशकर्ताको Declaration लाई समेत हेर्नु पर्ने ।
- झुठ्ठा विवरणलाई जानी बुझी सिफारिश गरेको भन्ने प्रमाणित नभएको अवस्थामा सिफारिशकर्तालाई सजाय भागी बनाउन नमिल्ने ।

८. रञ्जित थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६६, अंक ६ नि.नं. ८१७५)

- बाबु वा आमामध्ये दुबैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ समेतले प्रदान गरिसकेको बाबुआमाको अलगअलग वतन भए पनि निवेदकले रोजेको बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिशसाथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गर्न आएमा रोजेको बाबु वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने ।

९. अशोक कुमार शाह वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३४९)

- नेपालमा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले कुनै कालखण्डमा नेपालको नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज विदेशी नागरिक हुने भनी सम्झन नमिल्नुका साथै त्यसको कुनै कानूनी आधार नहुने ।
- नेपालमा स्थायी बसोबास भएको हरेक व्यक्तिले नागरिकताको प्रमाणपत्र लिनै पर्ने कुनै कानूनी प्रावधान रहेको नपाइँदा पिताले तत्कालको अवस्थामा नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज स्वतः गैरनेपाली नागरिक वा विदेशी नागरिक रहेको भनी सम्झन नमिल्ने ।
- नेपालको स्थायी बासिन्दा नभएको अथवा विदेशी नागरिक रहेको भनी जिकिर लिने पक्षले नै निज कुनै विदेशी राष्ट्रको नागरिक हो भनी तथ्यपूर्ण रूपमा स्थापित गर्नुपर्ने ।
- प्रत्येक निर्णयकर्ताले प्रचलित नेपाल कानून तथा तथ्य र प्रमाणहरूको आधारमा मात्र निर्णय गर्नुपर्ने हुन्छ । नभएको तथ्य र प्रमाणको आधारमा गरिएको निर्णय स्वेच्छाचारी एवं न्यायिक मनको अभावमा गरिएको निर्णय मान्नुपर्न्ने हुन्छ र यस्तो निर्णय बदरयोग्य हुने ।

१०. पृथ्वी विक्रम सिंह वि. नेपाल सरकार गृह मन्त्रालयसमेत (ने.का.प. २०६७, अंक ६, नि.नं. ८४०१)

- आमाको जन्म नेपालमा भई निजका सन्तानको जन्मसमेत नेपालमा भएको भए पनि नेपाल नागरिकता ऐन, २००९ को प्रारम्भमा नै उल्लिखित भएको अनिवार्य व्यवस्था अर्थात नेपालको नागरिक हुनको लागि नेपाल राज्यको अधिवासी (Domicile) हुनुपर्ने ।
- कुनै देशको आदिवासी कोही व्यक्ति हो, होइन भन्न त्यो व्यक्ति उक्त देशको स्थायी वासिन्दा हो, होइन वा त्यस व्यक्तिले सो देशलाई आफ्नो स्थायी बसोवास भएको देश मानेको छ छैन एवं कुनै व्यक्ति अर्को

देशमा पेशा व्यवसाय वा अध्ययन अध्यापनको उद्देश्यले गएपनि उसको भित्री विचारमा उसले यदि म फलानो देशमा बसोवास गर्ने व्यक्ति हुँ भनी मानेको र त्यस देश मै बसोवास गर्ने मनसाय राखेको अवस्था छ छैन सो विचार गर्नुपर्ने ।

- वंशजको नाताले नागरिकता प्राप्त गरेका र नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०२० अनुसार प्राप्त गरेकोमा सो ऐनको दफा ३ मा वंशजको नाताले नेपालको नागरिकता प्राप्तिको लागि सोही दफाको उपदफा (१) मा सो ऐन प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भनी व्यवस्था गरिएकोले पिता भारतीय नागरिक भएको भन्ने कुरो स्वयं स्पष्ट गरेकाले सोही ऐनअनुसार वंशजको नाताले नेपालको नागरिक हुन नसक्ने ।

११. हरिकृष्ण लेकाली वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०४)

- आफ्नो फोटो टाँसी नागरिकताको प्रमाणपत्रको नक्कल तयार गरी बैंकलाई झुक्याई ऋण रकम लिई कीर्तेजन्य कार्य गरेको स्पष्ट रुपबाट देखिन आउँदा सक्कल लिखत पेश नभए तापनि उक्त कार्य सरकारी छाप दस्तखत कीर्ते कै परिभाषाभित्र पर्न आउने ।
- अर्काको नामको नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो फोटो टाँस गरेको कार्य मुलुकी ऐन कीर्ते कागजको महलको १ नं. अनुरूप कै कीर्तेजन्य कार्यको परिधिभित्रै पर्न आउने ।

१२. सरोजनाथ प्याकुरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प २०६८, अंक १, नि.नं. ८५३६)

- मतदान गर्ने र संविधानसभा वा विधायिका अर्थात संसद र स्थानीय निकायमा उम्मेदवार बन्ने अधिकार नागरिकलाई मात्र प्राप्त हुन्छ । लामो समयदेखि वसोवास गर्दैआएको भए पनि नेपाली नागरिक भन्ने परिचय गराउने प्रमाण नेपाली नागरिकताको प्रमाणपत्र हो । संविधानसभा वा संसद वा स्थानीय निकायहरूमा उम्मेद्वार बन्ने वा मतदान गर्ने दुवै अधिकार Political Right हो । Political Right केवल नागरिकलाई मात्र प्राप्त हुने ।
- नागरिक भनी चिनाउने नागरिकताको प्रमाणपत्रको अभावमा सम्बन्धित व्यक्ति खास देशमा लामो समयदेखि बसोबास गरिआएको हो भन्ने चिनाउने अन्य जुनसुकै परिचयपत्रको आधारमा मतदान गर्ने अधिकारप्राप्त हुँदैन । त्यसरी बसोबास गरेको भन्ने प्रमाण वा नागरिकता प्राप्त गर्नसक्ने भन्ने योग्यताले नागरिकताको प्रमाणपत्रला Substitute वा Replace गर्न सक्तैन । नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने अधिकार नागरिकले मात्र प्राप्त गर्दछ । त्यस्तो अधिकार प्रयोग गर्न नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।
- नेपाली नागरिक हुन योग्यता पुगेको सबैले नेपाली नागरिकताको प्रमाणपत्र लिनै पर्छ भनी बाध्य गर्न नसक्ला तर कसैले नेपालको नागरिकको हैसियतले यो देशमा आफ्नो Voting Right मार्फत Political Right Exercise गर्ने हो भने आफुलाई परिचय गराउन नागरिकताको प्रमाणपत्र लिनुपर्ने ।
- मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को उपदफा (१) मा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दावली स्पष्ट हुँदाहुँदै नागरिकताको प्रमाणपत्रलाई नै Substitute गर्ने गरी अन्य कागजात विधायिकाले थप्न सक्तैन । मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी नागरिकताको प्रमाणपत्र केही गरी अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको

Corroboration/Verify को लागि मात्र जग्गाधनी प्रमाणपुर्जा लगायत उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरू नाम दर्ता अधिकारीले माग गर्न सक्ने ।

- संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण अधिकारको Pivotal Role रहेको छ । यस अदालतको उक्त असाधारण अधिकारलाई विधायिकाले बनाएको कुनै पनि कानूनले नियन्त्रण वा सीमित गर्न नसक्ने । मतदाता नामावलीका विषयमा निर्वाचन आयोगले गरेको कामकारवाहीउपर कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा उल्लेख भएको व्यवस्थाले संविधानको धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई उपेक्षा (Ignore) गर्ने, अनादर (Dishonor) गर्ने, निस्तेज तुल्याउने वा कुनै पनि रूपबाट सीमित वा नियन्त्रित गर्न नसक्ने ।

१३. सविना दमाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५५७)

- नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोवास गरेको भएपनि नागरिक बन्न नसक्ने ।
- प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने ।
- तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने ।
- बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने।

१४. सन्तोष ओझा वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १२, नि.नं. ८९३७)

- एउटै अपराधको सम्बन्धमा अलगअलग कानूनअन्तर्गत कारवाही हुन सक्ने अवस्था देखिएमा सोहीअनुसार मुद्दा चलाउनु र सजाय गर्नु समेतलाई दोहोरो खतराको सिद्धान्तविपरीत भएको मान्न नसकिने ।
- आफ्नो साथमा रहेको सरकारी छाप दस्तखत भएको आफ्नै नामको एस.एल.सी. को लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रमा आफ्नो जन्ममिति सच्याउने कार्य गरी पहिलो कसूर गरेकोमा सोही प्रमाणपत्रहरूमा सच्याइएको जन्ममितिलाई आधार मानी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि सम्बन्धित निकायमा आवेदन फारामसमेत पेश गरेको कार्यबाट मुलुकी ऐन कीर्ते कागजको १ र २ नं. तथा नेपाल नागरिकता ऐन, २०२० को दफा १५ विपरीतको कसूर ठहरिने हुँदा उक्त दुई अलग अलग कार्यलाई एउटै कसूर हो भनी भन्न नसकिने ।

१५. विजयकुमार गच्छदार वि. जमुना राउत कुर्मी (ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२०)

- अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एकजना मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न

नसकिने।

- नेपाल नागरिकता ऐन, २०६३ को दफा २ को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुन सक्ने देखिँदैन । प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शून्य हुने ।
- नेपाल सरकारले ग्रहण गर्नुपर्ने अधिकारक्षेत्र ग्रहण गरी नेपाल सरकारका गृहमन्त्रीलाई नागरिकताको प्रमाणपत्र बदर गर्ने अधिकार रहेभएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश नगरी नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने ।
- नेपाली नागरिकताको प्रमाण पत्र राष्ट्रियतासँग जोडिएको विषय हुँदा राष्ट्रियतासम्बन्धी प्रश्न जहिले पनि गम्भीर हुन्छ । त्यसैले नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको कार्य बदर गर्ने अधिकार नभएको कारणले बदर भए पनि सो विषयमा अधिकारवालाले कानून बमोजिम छानबीन र निर्णय गर्न नपाउने भन्न नमिल्ने ।

१६. शेष नैमुद्दिन वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १, नि.नं. ९१०३)

- तत्कालीन नेपाल नागरिकता ऐन, २०२० को दफा (३क) मा "झूठो विवरण वा बयान दिई जन्म वा वंशजको नाताले नेपाली नागरिक हो भनी झुक्याई कसैले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा थाहा हुन आएमा श्री ५ को सरकारले त्यस्तो प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकताबाट हटाउन आदेश दिन सक्नेछ" भन्ने उल्लेख भएको व्यवस्थाले कसैले प्राप्त गरिसकेको नेपाली नागरिकताबाट हटाउन आदेश गर्ने अधिकार तत्कालीन श्री ५ को सरकारमा नीहित रहेको भए पनि सो हटाउन सक्ने कार्यको अख्तियारी प्रयोग गर्ने अख्तियारवाला श्री ५ को सरकारले फरेबद्वारा वा झूठ्ठा बयान वा विवरण दिई नागरिकता प्राप्त गरेको हो भन्ने कसूरजन्य तथ्यको पुष्टि गर्नुपर्ने ।
- पुनरावेदक प्रतिवादीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र लिँदा पुनरावेदकले फरेब गरी वा झूठ्ठा बयान वा विवरण दिएको हो भन्ने कुराको पुष्टि हुन नसकिरहेको अवस्थामा निजलाई नागरिकताबाट हटाउने निर्णयलाई यथोचित मान्न नमिल्ने ।

१७. महावीर कामैत वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३१८)

- मुद्दामा प्रमाण बुझ्न आदेश गर्नु भनेको विवादित विषयमा ठहर वा अन्तिम निर्णय गर्न सहयोग पुऱ्याउने प्रमाणको खोजी गर्नु हो । इजलासबाट न्यायाधीशले प्रमाण बुझ्न गरेको आदेशलाई न्यायाधीशको रायसहितको अन्तिम ठहर वा निर्णय मान्न मिल्दैन । संयुक्त इजलासका एकजना न्यायाधीशले प्रमाण बुझ्न गरेको आदेशलाई निजको अन्तिम रायसहितको ठहर निर्णय भन्न नमिल्ने र राय बाझिएको भनी अर्थ गर्न पनि नमिल्ने ।
- सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) को कानूनी व्यवस्था अनुसार पूर्ण इजलासमा मुद्दा पेश हुन संयुक्त इजलासका दुबै न्यायाधीशहरूबाट मुद्दाको निष्कर्ष र परिणाममा भिन्नता हुने गरी आफ्नो रायसहित भिन्नभिन्न ठहर निर्णय भएको हुनुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा एकजना न्यायाधीशले मात्र

मुद्दाको निष्कर्ष र परिणाम देखिने आफ्नो रायसहितको ठहर निर्णय गरेको र अर्का न्यायाधीशले निष्कर्षमा पुग्न थप प्रमाणहरू बुझ्ने आदेश गरेको देखिँदा प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) मा प्रयुक्त भए अनुसार संयुक्त इजलासका न्यायाधीशहरूको राय नमिलेको मुद्दा मान्न नमिल्ने ।

- प्रस्तुत मुद्दामा संयुक्त इजलासका एकजना न्यायाधीशले ठहर निर्णय गर्नुभएको र अर्को न्यायाधीशले प्रमाण बुझ्नुपर्ने आवश्यकता र कारणसमेत देखाई विभिन्न प्रमाणहरू बुझी पेश गर्नु भनी आदेश गरेको अवस्थामा प्रस्तुत मुद्दा संयुक्त इजलासका न्यायाधीशहरूको राय नमिलेको मान्न नमिल्ने र प्रमाण बुझन गरेको आदेश बमोजिम नै गर्नुपर्ने हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ बमोजिम पूर्ण इजलासले हेरी निर्णय गर्नुपर्ने नदेखिने ।

१८. जोगी राना थारू वि. कुवरिया रानासमेत (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४४१)

- जग्गासम्बन्धी विषय कानूनी विषय हो तर नागरिकता जस्तो मानिसले जन्मका नाताले प्राप्त गर्ने संवैधानिक एवं नैसर्गिक अधिकारको विषयलाई जग्गा नामसारीको विषयले ओझेलमा पार्न सक्दैन । कानून बमोजिम आफ्नो पिता तथा पतिले सनाखत गरी अधिकारप्राप्त निकायले नागरिकता जारी गरिसकेको र पछि सोसम्बन्धमा उजुरीसमेत छानबिन गरी प्रमाण नपुग्ने भनि टुङ्गो लगाइसकेपछि पुनः त्यही विषयमा उजुरी सुनी नागरिकता नै रद्द गर्ने गरी भएको निर्णय राज्यका कानून कार्यान्वयन गर्ने अधिकारीहरूका लागि शोभनीय नदेखिने ।
- कानूनको प्रक्रियाबमोजिम नागरिकता प्राप्त गरेको छ, नेपाली नागरिक भएकामा विवाद देखिँदैन भने जग्गासम्बन्धमा नयाँ विवाद उत्पन्न गरी नागरिकताको विषयलाई पुनः प्रवेश गराई नागरिकता नै रद्द हुने गरी निर्णय भएको देखिन्छ । यसो गर्दै जाने हो भने नागरिकता प्राप्त गर्ने नागरिकको जन्मसिद्ध र नैसर्गिक अधिकार सधैं धरापमा पर्न जाने।
- विपक्षी जिल्ला प्रशासन कार्यालयको नागरिकताको विषयमा गर्ने निर्णय विशुद्ध प्रशासनिक प्रकृतिको देखिन्छ । तर पनि प्रशासनिक अधिकारीले विशुद्ध प्रशासनिक प्रकृतिको निर्णय गर्दा पनि नागरिकको संवैधानिक तथा कानूनी अधिकारको हनन् हुन नदिनेतर्फ सदैव सचेत रहनु पर्दछ । न्याय र सद्विवेकलाई सदैव ख्याल गर्नुपर्दछ । उजुरीको विषयवस्तु कसरी उठान भएको छ, कुन उद्देश्यबाट प्रेरित छ त्यसको पृष्ठभूमिलाई पनि सकेसम्म ख्याल गर्नुपर्ने ।

१९. अमृतकुमार शर्मा वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४५९)

- मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाहीहरू (State Actions) सँग जोडिएको हुन्छ । कुनै पनि व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकाले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याअउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो । समानहरूकाबीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हुने ।
- समानताको सिद्धान्तले परिणामलाई गौण र प्रक्रियालाई जोड दिँदै सबैलाई कानूनको अगाडि समान मान्ने भएकाले संवैधानिक विधिशास्त्रमा यसलाई औपचारिक समानता (Informal equality) को सिद्धान्त पनि भनिने ।

- सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकबीच जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति जस्ता कुनै वा सबै आधारमा भेदभाव गर्नु पनि हुँदैन । यस सिद्धान्तले कानूनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानूनको प्रयोगमा सबै बराबर हुने मान्यता राख्दछ । कानूनको प्रयोगमा सरकारले तजबिज लगाउन पाउने अधिकारलाई यसले नियन्त्रण गर्दछ । समानका लागि समान व्यवहार र असमानहरूकाबीच फरक व्यवहार यस सिद्धान्तको मुख्य आधार हो । समानरूपमा असमान व्यवहारको अपेक्षा सम्भव र वाञ्छनीय मानिँदैन । संवैधानिक विधिशास्त्रीय दृष्टिकोणबाट समानताको यस्तो व्यवस्था राज्यको लोक कल्याणकारी दायित्वअन्तर्गत राज्यलाई बढी उत्तरदायी बनाउनका निमित्त राखिएको हुन जाने ।
- संवैधानिक वा कानूनी व्यवस्थाले नेपाल सरहदभित्र फेला परेको तर पितृत्व र मातृत्वको ठेगान नलागेका प्रत्येक व्यक्तिले वंशजको आधारमा नागरिकता पाउन सक्ने ।
- पितृत्व मातृत्वको ठेगान नलागेका र संरक्षकको माध्यमबाट नागरिकता प्राप्त गर्न पाउने कानूनी अधिकारलाई वञ्चित गरेको देखिँदैन । केवल नागरिकताको प्रमाणपत्रमा आमा वा बाबुको नाम उल्लेख गर्नुपर्ने हकमा पितृत्व मातृत्वको ठेगान नभएको उल्लेख गर्नेसम्म भनिएको छ । कुनै नियमावलीमा भएको व्यवस्था मातृ ऐन र संविधानसँग बाझिएको भन्नुमात्र पर्याप्त हुँदैन । बाझिएको छ भन्ने हो भने तर्क र प्रमाणले खण्डन गर्ने अभिभारा रिट निवेदकउपर नै हुन्छ । संविधान प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लागेको अवस्थामा बन्देज लगाउने गरी व्यवस्था गरिएका नियमावलीका व्यवस्थाहरू संवैधानिक परीक्षण गरी यस अदालतबाट बदर घोषित गरिने हो । आजसम्म यस अदालतबाट त्यसै आधारमा मातृ ऐनसँग बाझिएका नियमावलीका व्यवस्थाहरूसमेत बदर घोषित गरी अमान्य गर्दै आएको तथ्य जग जाहेर नै छ । साथै चुनौति दिएको कानून वा त्यसको कुनै प्रावधान संविधानको कुनै निश्चित प्रावधानसँग बाझिएको छ भनी स्पष्टरूपमा प्रमाणित गराउन नसकेसम्म यस अदालतले त्यस्तो कानून वा कानूनको कुनै प्रावधानलाई बदर घोषित नगर्ने ।
- नागरिकता प्राप्त गर्न के कस्तो कार्यविधि र प्रक्रिया पूरा गर्ने भन्ने सम्बन्धमा मात्र व्यवस्था गरेको देखिन्छ । नेपालले संविधानमा नै नागरिकताको सम्बन्धमा स्पष्ट र सुसङ्गत (Consistent) नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधिनता, अखण्डता र नेपाली जनताको अगाध राष्ट्र प्रेमलाई अक्षुण्ण राख्न नागरिकता सम्बन्धमा उपरोक्त नीति अवलम्बन गर्नु आवश्यक हुने ।

२०. नेपाल सरकार वि. मन्साराम भुर्जीसमेत (ने.का.प. २०७३,अंक ७, नि.नं. ९६२६)

- वस्तुतः कुनै पनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबीचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ । नागरिक र राज्यको सम्बन्धलाई स्थापित गर्ने यस्तो प्रमाणपत्रको प्राप्ती एवं समाप्तीका आधारहरू अत्यन्तै संवेदनशील विषय हुन्छन् । यही संवेदनशीलतालाई मनन गरी विधायिकाले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार सरकारको कुनै मन्त्रालय वा विभागलाई प्रत्यायोजन नगरी नेपाल सरकार मन्त्रिपरिषद्मा नै निहित रहने व्यवस्था गरेको भन्ने उल्लिखित ऐनको व्यवस्थाबाट स्पष्ट हुन आउँछ । यसरी नागरिकताको समाप्तिको संवेदनशीलता र महत्वलाई दृष्टिगत गरी ऐनमा नै सो अधिकार प्रत्यायोजन

गर्न नमिल्ने किटानी व्यवस्था भएको देखिन आउने ।

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सो धाराको उपधारा (४) बमोजिम मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) को व्यवस्थासमेतको सन्दर्भमा हेर्दा नेपाल सरकार भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामुहिक अस्तित्वलाई जनाउने भन्ने देखिन आउँछ । उल्लिखित व्यवस्थाबाट कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भएपनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । यस अवस्थामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एक मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न नमिल्ने ।

२१. सज्दा सापकोटासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, (ने.का.प.२०७३, अंक ७, नि.नं. ९६२७)

- संविधान तथा कानूनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानून बमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता विहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न नसकिने ।
- नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू—भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक तथा नागरिक अधिकार प्रयोग गर्न, अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने अधिकार वा नेपाली नागरिकले मात्र प्रयोग गर्न पाउने कुनै पनि हक तथा अधिकार प्रयोग गर्न पाउने हुँदैन । नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुऱ्या ई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो । तर कानून बमोजिमको न्यूनतम प्रक्रिया पुऱ्याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्द्रतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको पाइँदा यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवम् कानूनसम्मत कार्य मान्न नसकिने ।

२२. दिवाकर क्षेत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७३)

- नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्वपूर्ण प्रमाणपत्र हो । नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानून निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ । कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेसा, व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन । राज्यको नीतिको अधीनमा रही कानूनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रक्रियाहरू तय गरेको हुन्छ । यस्ता आधार र प्रक्रियाहरू पूरा गर्ने

व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी हुने ।

२३. सृजन खरेल वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८७)

- नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स—सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने ।
- आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानूनी अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैं संवेदनशील भई यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिने ।

२४. छुल्तीम डौमा लामा वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक २, नि.नं. ९७५८)

- नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि संविधान तथा कानूनले निर्धारण गरेको सर्त पूरा गरेका व्यक्तिले कानूनद्वारा तोकिएको प्रक्रिया र कार्यविधि पूरा गरी जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र लिनु पर्ने कानूनी व्यवस्था सबैले पालना गर्नुपर्छ । कानूनको अज्ञानता वा अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनको मान्य सिद्धान्तअनुसार मलाई नागरिकता प्राप्त गर्ने कार्यविधि र प्रक्रिया थाहा नभएको र जिल्ला प्रशासन कार्यालयमा जान असमर्थ रहेकी हुँदा अर्कै व्यक्तिलाई पैसा दिएर आफ्नो नागरिकता बनाउन लगाएको भन्ने पुनरावेदक प्रतिवादीको कथनलाई कानूनको मान्य सिद्धान्तअनुकूलको कार्य मान्न नमिल्ने ।
- कानूनले गर्नु हुँदैन भनी बर्जित गरेको कार्य गरेको अवस्थामा कानूनले निर्धारण गरेको सजायको भागिदार हुनु नै पर्ने हुन्छ । कानूनन निषेधित कार्य गर्ने र गराउने दुवै कार्य गैरकानूनी मानिने हुँदा त्यस्तो निषेधित कार्य आफैंले उपस्थित भई नगरी अर्को व्यक्तिबाट गराएको भन्ने आधारमा कानूनद्वारा निर्धारण गरेको सजायबाट कसैले छुटकारा पाउन नसक्ने ।

२५. धनबहादुर भण्डारीसमेत वि. विष्णुकुमारी पराजुली (ने.का.प २०७४, अंक ५, नि.नं. ९८१८)

- नागरिकताको प्रमाण पत्र भनेको राज्यले नागरिक भएको आधारमा दिइने पहिचानको दस्तावेज हो । नागरिकताले राज्य र नागरिकको सम्बन्धलाई जोडने कार्य गरी त्यस्तो सम्बन्धको प्रमाणित गर्ने हुँदा केवल नागरिकताको प्रमाण नाता कायम गर्ने दस्तावेज हुन सक्तैन । नागरिकतामा कसैको बाबुको नाम मात्र उल्लेख भएको आधारमा कसैलाई विवाहित वा अविवाहित भनी छुटयाउने आधार हुन नसक्ने ।

२६. उमा सिंह तथा सन्देश सिंहसमेत वि. जिल्ला प्रशासन कार्यालय मोरङसमेत (ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४१)

- बाबु बेपत्ताको स्थितिमा रहेको, स्थायी ठेगाना थाहा नभएको आमा जो आफैं यो देशको वंशजको नागरिक छिन जो वास्तविकता हो, यथार्थता हो । सन्तानहरूसँगै रहेको अवस्थामा आमाको नामबाट सन्तानले नागरिकता प्राप्तिमा अवरोध खडा गरिएमा यसले आमाको नेपाली नागरिकसरहको समानताको हक तथा उनको परिवारको हक, वास स्थान चयनको हकमासमेत असर पर्न जाने ।
- नेपाल बाल अधिकारसम्बन्धी महासन्धिको पक्षधरको नाताले बाल अधिकारसम्बन्धी महासन्धिको धारा ७ तथा ८ अनुसार हरेक बालबालिकाको राष्ट्रियता प्राप्ति गर्ने अधिकार रहने, नागरिकताको अधिकारमा गैरकानूनी हस्तक्षेप गर्न नहुने व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय कानूनले राज्यविहीनता स्वीकार्य नगर्ने तथा प्रत्येक बालबालिकाको पहिचान संरक्षण गर्न पर्ने दायित्व राज्यपक्षलाई दिएको हुन जाने ।
- नेपाल नागरिकता ऐन, २०६३ ले निजको जन्म हुँदा बाबु वा आमा नेपालको नागरिक रहेको छ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुने व्यवस्था गरेबाट बाबु वा आमा जोसुकैको नागरिकताको आधारमा नेपाली नागरिकता पाउन सक्ने देखिएको छ । सो प्रावधानबाहेक पनि नेपालको संविधानको धारा १८ द्वारा प्रदत्त समानताको हकको आधारमासमेत नागरिकता प्रदान गर्ने कुरामा पुरूष (बाबु) वा महिला (आमा) बीचमा विभेद गर्न नमिल्ने ।
- नेपालको संविधानको धारा ३८(१) ले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्थासमेत गरेबाट वंशजको नामाकरण वा पहिचानको मामिलामा महिलालाई समान हक दिएको देखिएकोले महिलाका सन्तानलाई नागरिकता दिने विषयमा महिला (आमा) पुरूष (बाबु) बीच विभेद गर्नु मौलिक हकको प्रावधानसमेत विपरीत हुन जाने ।
- नेपालको संविधानको धारा १८ ले नागरिक नागरिकबीच लिङ्ग, वैवाहिक स्थिति, गर्भ धारण वा अन्य कुनै आधारमा विभेद विरूद्धको हक सुनिश्चिनतता गरेको छ । यी संवैधानिक व्यवस्थाको सन्दर्भमा आमाको नामबाट सन्तानलाई नागरिकतामा प्रतिबन्ध लगाउनु संविधानको मर्म विपरीत हुने ।

२७. सुनिलबाबु पन्त वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ९, नि.नं. ९८७५)

- कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधारभूत मानव अधिकारको विषय हो । यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हुने ।
- कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन । मानिसको स्वतन्त्रता प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाटसमेत मान्य हुन नसक्ने ।
- संविधान, नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा अन्य जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९ समेतले तेस्रो लिङ्गीको अस्तित्वलाई स्वीकार गरी त्यस्ता समुदायको हक अधिकारप्रति

प्रतिबद्धता जनाई सकेको अवस्थामा आफ्नो यौनिक पहिचान नै थाहा नभएको अवस्थामा जैविक अंगको आधारमा प्राप्त गरेको नागरिकता प्रमाण पत्र संशोधन गरी आफ्नो वास्तविक लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न मिल्दैन भन्नु निवेदकहरू जस्ता लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको अस्तित्व स्वीकार गर्नबाट इन्कार गर्नु समान हुने ।

- लैंगिक अल्पसंख्यक समुदायहरू आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचय पत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुगनुका साथै सामुदायिक अपनत्वलाईसमेत कमजोर तुल्याउने हुन्छ । आफ्नो अनुभूतिभन्दा फरकुरूपमा आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य जीवन जीउन बाध्य पार्नु यस्ता यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको उल्लङ्घनसमेत हुन जाने । कतिपय अवस्थामा आफ्नो लैंगिक पहिचान ढिलो गरी मात्र थाहा पाउने र व्यक्त गर्नसक्ने हुँदा यस्तो अवस्थामा पहिले शारीरिक जैविक अंगको आधारमा पाएको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न पाउने अधिकार कानूनतः सुरक्षित गर्नुपर्ने ।

२८. सुमन पन्त वि. गृह मन्त्रालय अध्यागमन विभाग (ने.का.प. २०७४, अंक १२, नि.नं.९९२१)

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको दाबी गर्ने विदेशीले विवाह दर्ताको प्रमाणपत्र पेश गर्छ भने र उसँग विवाह गर्ने नेपाली नागरिकले भिसाको निवेदनमा मैले विवाह गरेको व्यक्ति यही हो भनी सनाखत गर्छ भने नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी नागरिकलाई गैरपर्यटकीय भिसा जारी गर्न इन्कार गर्न नमिल्ने।

२९. रामबहादुर राउत वि. विनोद सिंहसमेत (ने.का.प. २०७५, अंक ४, नि.नं. ९९९३)

- नागरिकता नेपाल सरकारले जारी गरेको नेपाली नागरिकलाई पहिचान गर्ने आधिकारिक प्रमाण हो र यसमा उल्लेख भएको ठेगाना अन्यथा प्रमाणित नभएसम्म सम्बन्धित व्यक्तिको आधिकारिक ठेगाना मानिन्छ । निवेदकको नागरिकतामा उल्लेख भएको बाराहा गा.वि.स. मा निजको नामको सूचना तामेल नभई बशाहा गा.वि.स. मा तामेल भएको देखिएकोले उक्त सूचना मुलुकी ऐन, अ.वं. ११० नं. को रीत पुऱ्याई तामेल भएको मान्न नमिल्ने ।
- प्रहरी नियमावली, २०४९ को नियम ८९(२) मा भएको व्यवस्था ऐ. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा बाध्यात्मक प्रकृतिको देखिन्छ । कानूनमा भएको बाध्यात्मक व्यवस्था आकर्षित नहुने कुनै अपवादात्मक अवस्था कानूनमा उल्लेख भएको रहेछ भने सो अपवादात्मक अवस्था उत्पन्न नभएसम्म बाध्यात्मक कानूनी व्यवस्थाको पालना नगरी भएको काम कारबाही कानूनसम्मत हुन सक्दैन । प्रहरी नियमावलीको उक्त व्यवस्था प्रहरी कर्मचारीलाई मनमानी बर्खास्ती हुनबाट बचाउनको लागि गरिएको भनी प्रहरी ऐन, २०१२ को दफा १० मा भएको व्यवस्थाबाट देखिने ।
- सफाइको मौका दिनुपर्ने उपर्युक्त कानूनी व्यवस्था राख्नुको उद्देश्य प्राकृतिक न्यायको स्वच्छ सुनुवाइको सिद्धान्तलाई कानूनी रूपमा प्रत्याभूत गर्नु हो । कानूनमा उल्लेख नभए पनि सामान्यतः कानूनसरह नै पालना गर्नुपर्ने यो सिद्धान्तलाई पालना नगर्नुपर्ने कुनै युक्तियुक्त कारण नदेखिएको अवस्थामा पनि यसलाई नजरअन्दाज गरी भएको काम कारबाही प्राकृतिक न्यायको मान्य सिद्धान्तसमेत विपरीत रहेको मान्नुपर्छ र यस्तो काम कारबाही बदरयोग्य हुने ।

३०. विपना वस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प.२०७५ अंक ८, नि.नं. १००६६)

- निवेदकले बाबुको नामथर उल्लेख गरी नागरिकता लिन चाहेको अवस्थामा आमाले सो कुरा अड्डामा सनाखत गर्नसमेत तयार रही रहेको देखिएपछि वंशज आधारमा नागरिक हुने अवस्थाको विद्यमानता देखिए बाबुको नाम उल्लेख गर्ने कानूनी आधार र प्रमाण हेरी वंशजको आधारसमेतमा सम्बन्धित अधिकारीले नागरिकता जारी गर्न सक्ने ।
- नेपालको संविधान, कानून र नजिरसमेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वंशीय आधार भएकोले बाबुको नामथर लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर लेख्न नपाउने गरी रोक लगाउँदा अर्थात बाबुको थर मात्र लेख्नुपर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ । साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदकको वंशीय आधारको थर छनौटको अधिकार (Right to choose the family name) विरूद्ध हुनुको साथै महिला र पुरूषको समान अधिकार विरूद्धसमेत हुने।
- कानून बमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसङ्गत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानूनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरू खोजी गर्नुपर्ने र कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने र नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानून कार्यान्वयनको उचित मार्ग हुन नसक्ने ।

३१. आरिका के.सी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत (ने.का.प २०७५, अंक १०, नि.नं १०११३)

- कुनै पनि व्यक्तिले आफू कुन देशको नागरिक हो भनी चिनाउनको लागि चाहिने आवश्यक प्रमाण नै नागरिकताको प्रमाणपत्र हो । यो राज्यले आफ्ना नागरिकलाई पहिचान गर्न, शिक्षा हासिल गर्न र व्यापार व्यवसाय गर्ने जस्ता कानून तथा संविधानले प्रत्याभूत गरेको आधरभूत नागरिक अधिकाहरूको उपभोग गर्ने महत्वपूर्ण आधार पनि हो । नेपालको संविधानको धारा १० ले नागरिकको नागरिकता प्राप्त गर्ने हकको प्रत्याभूत गरेको छ । संविधानले प्रत्याभूत गरेको उक्त हकलाई कानून बनाएर व्यवस्थित गर्न नसक्ने होइन । तर त्यसरी बनाइएको कानूनम उल्लेख हुँदै नभएको प्रक्रिया अवलम्बन गर्नुपर्ने भनी नागरिकताको प्रमाणपत्र प्रदान गर्ने अख्तियार प्राप्त गरेको व्यक्तिले संविधानको उद्देश्यविपरित कुनै नागरिकलाई नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित हुने गरी कुनै कार्य गर्न नमिल्ने ।

३२. ओमप्रकाश साह वि. गृह मन्त्रालय (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९५)

- विद्यार्थीलाई नेपाली नागरिकता नै नबनेको कारणबाट शिक्षा जस्तो नैसर्गिक हकबाट वञ्चित गर्नु संविधानत मिल्ने नदेखिने ।

३३. सुनिल साह वि. डिनको कार्यालय त्रि.वि.ई.अ.सं. पुल्चोक (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३४१)

- एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकताविहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्वीकार्य

हुन नसक्ने । नागरिकता प्राप्त गर्न सक्ने संविधान प्रदत्त हक भएको निवेदकले नागरिकता प्राप्त गर्न नसकेको कारण अध्ययन गर्न नपाउने परिस्थिति उत्पन्न हुन पुग्यो र निवेदकले शिक्षासम्बन्धी हकबाट वञ्चित हुने अवस्था पऱ्यो भने निवेदकलाई वास्तवमा नै अन्याय हुन पुग्ने ।

३४. लक्ष्मीकुमारी शर्मा वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४५८)

- विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने ।
- नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स—सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु न्यायपूर्ण नहुने।

३५. गृह मन्त्रालय वि. सुवासचन्द्र बढै (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९५)

- नेपालको संविधान र प्रचलित कानूनविपरीत गरिने कार्य न्यायपालिकाको लागि स्वीकार्य नहुने ।
- पुनरावेदकले प्रत्यर्थीको नागरिकता बदर गर्दा निजले प्रतिरक्षामा कुनै आफ्नो कुरासमेत राख्न नपाएको र पटक—पटक उजुरीहरू तामेलीमा राखिएको परिप्रेक्ष्यमा नागरिकता बदर भएको जानकारी दिने निकायले सो निर्णयको नक्कलसमेत उपलब्ध गराउन नसकेको अवस्थामा जसले सो निर्णय गरेको जानकारी दिएको हो, उसैबाट उक्त निर्णय भएको मानी सोहीबमोजिम अधिकारक्षेत्रको अधीनमा रही न्याय निरूपणका लागि अदालत प्रवेश गर्नुलाई अन्यथा मान्न नमिल्ने ।
- गलत प्रक्रिया अपनाई आफैंले अधिकारक्षेत्र ग्रहण गरी गृह मन्त्रीस्तरबाट नागरिकता बदर गर्न गरेको निर्णय र त्यसको आधारमा भए गरिएका काम कारबाहीले कानूनी मान्यता पाउन सक्ने अवस्था नहुँदा त्यसको प्रभावकारिता शून्य रहेको मान्नु पर्ने ।

३६. आकाश गुप्ता वि. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालयसमेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६५२)

- नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जाने ।

३७. शुष्माकुमारी गुप्तासमेत वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६५४)

- संविधान र कानूनबमोजिम नागरिकता पाउन योग्य नेपाली नागरिकले कानूनले तोकेको ढाँचामा नागरिकताको प्रमाणपत्र पाउनु सम्बन्धित नागरिकको संवैधानिक एवम् कानूनी अधिकार तथा वैधानिक अपेक्षा र आत्मसम्मानको विषयसमेत हुने ।
- जारी गरिने नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचाबाहेक अन्य

कुनै बेहोरा कैफियत खण्डमा उल्लेख नगर्नु नगराउनु भनी मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरू तथा इलाका प्रशासन कार्यालयहरूमा परिपत्र गर्ने ।

३८. अन्जलीकुमारी साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, सर्लाहीसमेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९०६)

- कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ भनी उल्लेख भइरहेको परिप्रेक्ष्यमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित नहुने ।

३९. मनोजकुमार ढाडी वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७२)

- सिफारिस वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरेपछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेस गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्थामा जुनसुकैबेला पनि कानूनबमोजिम कारबाही हुन सक्ने । पेस भएको विवरणलाई झुठा हो पनि नभन्ने र नागरिकताको प्रमाणपत्र पनि नदिने कार्यले कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट गैरकानूनी रूपमा वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने ।

४०. सोनिया सहनी वि. गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक १, नि.नं. ११०११)

- बाबु वा आमामध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबुको नागरिकताको प्रमाणपत्र पेस नगरेको भए पनि आमाको नागरिकता राखी निवेदन दिन सक्ने । निवेदकले बाबुको नागरिकता पेस गर्न नसकेको भनी नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न नमिल्ने ।
- बाबु सम्पर्कविहीन रहेको र निवेदकको आमाले वंशजको नेपाली नागरिकता प्राप्त गरेको भन्ने देखिएको अवस्थामा निवेदकलाई आमाको नामबाट कानूनबमोजिम नेपाली नागरिकता प्रदान गर्न सकिने ।

४१. जितेन्द्रकुमार कुशवाहा वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषासमेत (ने.का.प. २०८०, अंक २, नि.नं. ११०३९)

- वंशजको नागरिकता रगतको नाता (Jus Sanguinis) बाट पाउने नागरिकता हो । वंशजको नागरिकता व्यक्तिको नैसर्गिक अधिकार हो । विवाह वा सन्तान जन्मेको आधारमा व्यक्तिको वंशजको नागरिकतामा असर पर्न सक्दैन । निजले आफ्नो नागरिकता नलिएमा वा परित्याग गरेको अवस्थामा बाहेक वंशजको नेपाली नागरिक नै रहने । केवल प्रमाण पत्र पछि लिएको भन्ने विषयले वंशजको आधारमा पाउने नागरिकताको पहिचानलाई असर पार्दछ भन्न नमिल्ने ।
- आमा वंशजको नागरिक भई नेपाली नागरिकतालाई योग्य भएको तर नागरिकता प्रमाण पत्रसम्म पछि लिएको आधारमा मात्र निजको नागरिकतालाई अन्यथा भन्न नसकिने । संविधानबमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति नेपालको वंशजको नागरिक ठहर्ने ।

४२. सरू शाह वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक ६, नि.नं. ११११९)

- सिफारिस वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरेपछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेस गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा जुनसुकैबेला पनि कानूनबमोजिम कारबाही हुन सक्ने कुरा बेग्लै हो तर पेस भएको विवरणलाई झुठा हो पनि नभन्ने अनि नागरिकताको प्रमाणपत्र पनि दिन्न भन्दा कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट गैरकानूनी रूपमा वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने ।

४३. निक्कीकुमारी झा वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४४)

- मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हकहरू राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने ।
- कानूनबमोजिम अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने । निवेदकले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैं संवेदनशील भई सो विषयवस्तुलाई हेर्नु वाञ्छनीय देखिने ।

४४. मुकेश नाउ वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२१५)

- अदालतले जारी गरेको आदेश बदर नभएसम्म त्यसलाई कानून प्रतिकूल भनी नामकरण गर्ने अधिकार राष्ट्रसेवक कर्मचारीलाई नहुने । नेपालको संविधानबमोजिम नेपालको नागरिक हुन योग्य व्यक्तिको नाममा नेपाली नागरिकताको प्रमाणपत्र जारी भई नसकेकै कारण त्यस्तो व्यक्ति "गैरनेपाली नागरिक" भनी सम्बोधन गर्न नमिल्ने।
- निवेदकलाई "गैरनेपाली नागरिक" को वर्गमा राख्नुअघि निजको नेपालको नागरिक हुन योग्यता नपुगेको वा विदेशको नागरिकता ग्रहण गरेको प्रमाणित गर्नुपर्ने ।

४५. उमामहेश्वर साह वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ४, नि.नं. ११२६९)

- कोही व्यक्ति वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य हुन्छ भने निजले सो योग्यता जन्मदै हासिल गरेको सम्झनुपर्ने ।

४६. अनिल पुर्वे वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत (ने.का.प. २०८१, अंक ५, नि.नं. ११२९०)

- नागरिकता राज्यसँग सम्बन्ध जोड्ने, व्यक्तिको पहिचानको महत्त्वपूर्ण प्रमाण हो । यो व्यक्तिको राष्ट्रियताको अधिकारसँग पनि सम्बन्धित रहेको हुने । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने नागरिक, राजनीतिक, आर्थिकलगायतका अधिकारप्राप्त गर्ने आधार नै नागरिकता हो । नागरिकता प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकारभित्र रहेको हुँदा नागरिकता नहुँदा राज्यद्वारा प्रदत्त अधिकारहरूको उपयोग गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुने।
- वंशजको नागरिकता व्यक्तिको नैसर्गिक अधिकार हो । विवाह वा सन्तान जन्मेको आधारमा व्यक्तिको वंशजको नागरिकतामा असर नपर्ने । निजले आफ्नो नागरिकता नलिएमा वा परित्याग गरेको अवस्थामा

बाहेक रिट निवेदकको आमा वंशजको नेपाली नागरिक नै रहने । केवल प्रमाण पत्र पछि लिएको भन्ने विषयले वंशजको आधारमा पाउने नागरिकताको पहिचानलाई असर पार्दछ भन्न नमिल्ने । रिट निवेदकको आमा वंशजको नागरिक भई नेपाली नागरिकतालाई योग्य भएको तर नागरिकता प्रमाण पत्रसम्म पछि लिएको आधारमा मात्र निजको नागरिकतालाई अन्यथा भन्न नसकिने । यो संविधानबमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति नेपालको वंशजको नागरिक ठहर्ने नै देखिने ।

- नेपालमा नै जन्मी नेपालमा नै हुर्की स्वतन्त्र जीवनयापन गर्न, शिक्षा प्राप्त गर्न, प्राप्त शिक्षाको समकक्षता प्रमाणपत्र पाउन नसक्ने अवस्थामा एउटा व्यक्ति पुग्ने परिकल्पना संविधानले गरेको छैन । अधिकारको अधिकारपत्रको रूपमा रहेको नागरिकताको संवैधानिक अधिकारबाट कार्यविधि अड्चनको नाममा लामो समय वञ्चित बनाउनु संविधानअनुकूल नहुने ।

४७. भगवानदिन यादव वि. नेपाल सरकार (मुद्दा नं. ०७२- CR- १३७५)

- पुनरावेदक भगवानदिन यादव अहिरको मिति २०४९।४।२५ मा बाँके जिल्ला काम्दी गा.वि.स. बाट लिएको जन्मदर्ता प्रमाणपत्रमा निजका बाबुको नाम नन्कु अहिर तथा आमाको नाम अनहरा अहिर भनी उल्लख भएको देखिन्छ। त्यसैगरी वादी भगवानदिन विरुद्द बुद्ध अहिर, काशीराम अहिर र वनवारी अहिर भई चलेको सम्वत २०५९ सालको दे.नं.५/२१५० को अंश मुद्दा मा मिति २०६२।१०।९ मा वादीको ३ भागको १ भाग अंश पाउने ठहर भई बाँके जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। उक्त अंश मुद्दामा काशीरामसमेतले प्रतिउत्तर गर्दा पुनरावेदक भगवानदिन यादवलाई भारतीय नागरिक (विपत अहिरको छोरा) भनेको देखिँदैन। साथै जिल्ला अदालत बाँकेको उक्त फैसलामा वादीका "... बाबु नन्कु अहिरको नाममा रहेको जग्गा....." भनी उल्लेख समेत भएको देखिन्छ। उक्त फैसला पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६५।३।२४ मा सदर भएको र मिति २०६७।४।२९ मा मालपोत कार्यालयबाट दा.खा. भई यी पुनरावेदकले लालपूर्जासमेत प्राप्त गरेको देखिन्छ। त्यसैगरी वादी भगवानदिन अहिर विरुद्द प्रतिवादी बुद्द अहिरसमेत रहेको सम्वत २०६० सालको दु.फौ.नं. २/२८४, जालसाजी मुद्दामा वादीको भाग नछुट्याई बण्डा गरेकोमा सोमा समेत जालसाजी ठहर भई फैसला भएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा ६ (ग) मा "कुनै अदालत वा सरकारी कार्यालयमा राख्नुपर्ने स्याहा, श्रेस्ता वा कागजपत्रमा उल्लिखित गरिएका कुराहरु सही रुपमा उल्लेख गरिएका हुन भनी अदालतले अनुमान गर्नेछ" भनी उल्लेख भएबाट उल्लिखित तथ्यहरु प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने नै देखिन्छ। अंश मुद्दामा विपक्षी पुनरावेदकको आमा अनहरा अहिरले अंश मुद्दामा मिति २०६०।५।२ मा बाँके जिल्ला अदालतमा बयान गर्दा स.ज १ मा मेरो लोग्नेको नाम सतिराम हो, स.ज. ३ मा वादी आठ वर्षको छदा बाबुले आफ्नो नामको जग्गा २०४८ मा बकसपत्र पारित गरिदिएको र निजले २०५३ सालतिर बिक्री गरेको र स.ज. ४ वादीको बुवाको नाम नन्कु हो नन्कु मरेपछि सतिरामको साथमा छु भनी बयानमा उल्लेख गरेको देखिन्छ। साथै हालैदेखिको बकसपत्रको कैफियत महलमा "... नन्कुको छोरा र म बुद्दको भतिजा हुँदा..." भनी बुद्द यादवले सहिछाप गरेको र निज पुनरावेदक प्रतिवादीले आफू स्व. नन्कु अहिरको छोरा हो भनी पुस्तावारी देखाएको अवस्था समेतबाट निज पुनरावेदक प्रतिवादीको नागरिकता बदर गर्ने गरेको मन्त्रिपरिषद्को निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलासँग सहमत हुन नसकिने ।

बहुविवाह

१. दिपक पाण्डेसमेत वि. श्री ५ को सरकार (ने.का.प.२०६३, अंक ५, नि.नं. ७६९४)
२. नेपाल सरकार वि. कुमार थपलिया (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८४)
३. कमलमोहन चापागाईसमेत वि. नेपाल सरकार (ने.का.प २०६८, अंक ११, नि.नं. ८७१६)
४. रामजी प्रसाद उपाध्याय वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक १, नि.नं.८९५१)
५. नेपाल सरकार वि. योगमाया चिमरिया बस्नेत (ने.का.प. २०७१, अंक २, नि.नं.९१२४)
६. नेपाल सरकार वि. कृष्णा दुवाल (सुवाल) (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४१)
७. नेपाल सरकार वि. राजु थापासमेत (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७०७)
८. नेपाल सरकार वि. छत्रबहादुर भण्डारीसमेत (ने.का.प २०७४, अंक ५, नि.नं. ९८१०)
९. नेपाल सरकार वि. महेश महर (महरा)समेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७८)
१०. नवराज थापा वि. प्रहरी प्रधान कार्यालय नक्सालसमेत (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३१३)
११. सोकर्ण श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१८)
१२. नेपाल सरकार वि. कृष्णबहादुर बुढाथोकीसमेत (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७९६)
१३. किमबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४४)
१४. नेपाल सरकार वि. गोपालबहादुर थापा भन्ने गोपालबहादुर बगालेसमेत (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९२)
१५. शंकर कुमार यादव वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३३०)
१६. मनौवर हसन वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३३५)
१७. नेपाल सरकार वि. सञ्जीव रोका (ने.का.प. २०८१, अंक १२, नि.नं. ११३७१)

१. दिपक पाण्डेसमेत वि. श्री ५ को सरकार (ने.का.प.२०६३, अंक ५, नि.नं. ७६९४)

- सरकार वादी हुने मुद्दाहरूमा थाहा पाएको मितिवाट ऐनको हदम्याद शुरु हुने अवस्थामा वारदातका सम्वन्धमा वादीले कहिले थाहा पायो ? सो नै हेर्नुपर्ने ।
- अनुसन्धान तहकीकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारवाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहापाएको मितिलाई नै वादीले स्वतः थाहापाएको भनी अनुमान गर्न नमिल्ने ।
- कानूनले फौजदारी मुद्दाको रूपमा लिएको वहुविवाहसम्वन्धी कसूरको अनुसन्धान कारवाही गरी मुद्दा चलाउन सक्ने गरी कानून बमोजिम अधिकारप्राप्त अधिकारीले वारदातको बारेमा जानकारी पाएपछि कानून बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन नसक्ने भन्न नमिल्ने ।
- जाहेरवालीले गरिदिएको मिति २०५३।२।१४ को बण्डापत्रको लिखतवाट प्रतिवादीहरूका बीच २०५२।८।१६ मा विवाह भएको व्यहोरा निजलाई पहिले नै थाहा भएको भन्ने मात्र आधारले प्रस्तुत मुद्दामा मुलुकी ऐन, विहावारीको महलको ११ नं. मा व्यवस्थित हदम्याद नघाई अभियोगपत्र दायर भएको मान्न नमिल्ने ।

२. नेपाल सरकार वि. कुमार थपलिया (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८४)

- ऐनमा जे लेखिएको छ, प्रत्येक नागरिकले त्यसको पालन गर्नु पर्छ । ऐनमा प्रयुक्त शब्द र भाषा स्पष्ट छन् भने तिनको अन्यथा ब्याख्या गर्ने ठाउँ रहँदैन । कुनै व्यक्तिले आफ्नो सुविधा अनुसार कानूनको भाषा र मनशाय विपरीत प्रयोग गर्न हुँदैन । अदालतले पनि कानूनका स्पष्ट शब्द र भाषालाई सोही अनुरूप समान ढंगबाट प्रयोग गर्नुपर्छ । त्यस्तोमा औचित्य र आवश्यकतानुसार एउटै शब्दको अलग अलग ढंगबाट वा असमान प्रयोग हुने गरी भिन्ना भिन्नै अर्थ र ब्याख्या गर्न नहुने ।
- बिहावारीको महलको ९ नं. ले स्वास्नी मानिसले अंश मुद्दा दायर गर्दैमा लोग्नेले अर्को विवाह गर्न पाउने छूट दिएको छैन । "अंश लिई भिन्न बसेको" भन्नु "मानो छुट्टिएको" वा अदालतमा अंश मुद्दा परेको भनी कदापि हुन सक्दैन । यदि अंश मुद्दा परेको छ भने अंश पाउने ठहरी भएको फैसला कार्यान्वित भएर अंश छुट्याई सकेपछि मात्र त्यस्ती स्वास्नीले "अंश लिई भिन्न बसेको" भन्न र मान्न सकिन्छ । त्यो भन्दा अगाबै अर्को पक्ष अर्थात लोग्नेको सुविधा र पारिवारिक वा अन्य आवश्यकतालाई औचित्यको मापदण्ड बनाएर "अंशमा नालिश परेको" वा त्यसै "अलग बसेको" वा "मानो छुट्टिएर अलग बसेको" अवस्थालाई अंश लिई भिन्न बसेको भनेर मान्न वा बिहावारीको ९ नं. को बिस्तारित ब्याख्या गर्न नामिल्ने ।
- घरमा जेठी श्रीमती हुँदाहुँदै दोश्रो विवाह गरी बिहावारीको ९ नं. को कसूर गरेको भनी अंश मुद्दा दायर गरेकोलाई भिन्न बसेको भनी ब्याख्या गरी शुरु जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाई दिएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

३. कमलमोहन चापागाईसमेत वि. नेपाल सरकार (ने.का.प २०६८, अंक ११, नि.नं. ८७१६)

- वस्तुतः नजिरको पालना र प्रयोग न्यायिक निरन्तरता, निश्चितता र न्यायिक अनुशासन कायम राख्का लागि आवश्यक हुन्छ । तर यसमा सतर्कता अपनाउनु पनि उत्तिकै आवश्यक तत्व हुन्छ । समान तथ्य भएको कुनै विवादको विषयमा कायम भएको कानूनी सिद्धान्त त्यस्तै तथ्य भएको अर्को बिवादको विषयमा लागू हुन्छ । फरक तथ्य र फरक परिस्थितिको मुद्दामा कायम भएको नजिर विषयको समानता वा पछिल्लो

मुद्दाको नामाकरणमा समानताको आधारमा मात्र पहिला भन्दा विल्कुलै फरक तथ्य भएको मुद्दाको निर्णय गर्दा प्रयोग गर्न वा लागू गर्न मिल्ने होइन । यसकारण नजिरको पालना र प्रयोगमा पनि न्यायिक विवेकको प्रयोग गदै सतर्कता अपनाउनु पर्ने ।

- बहुँविवाह मुद्दा गर्नका लागि सीमित समयावधिको हदम्याद कानूनले निर्धारित गरेकोमा कुनै विवाद छैन । बहुँविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुँविवाह मुद्दा दायर गर्नुपर्ने ऐनको व्यवस्था र उद्देश्य स्पष्ट छ । यसलाई एक वा अर्को तर्क वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादको रूपमा परिणत वा परिभाषित गर्न नमिल्ने ।
- वैवाहिक सम्बन्धलाई समाजले मान्यता प्रदान गरिसकेको, छोरा, छोरी जन्मिसकेको, तिनीहरूको जन्मदर्ता पनि गरिसकेको अवस्थामा पनि पहिलो पत्नी वा अनुसन्धान र मुद्दा गर्ने सरकारी निकायले थाहा नपाउनु भनेको सीमित हद म्याद सम्बन्धी कानूनी व्यवस्थाको बेवास्ता वा उपेक्षा हुन जाने ।
- बहुँविवाहमा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजीत गर्नु हो । जहिलेसुकै पनि अभियोग दावी गर्न सकिने भए बिहावारीको ११ नं. मा तीन महिने हदम्यादको सीमा नै उल्लेख गर्नुपर्ने अवस्था नआउने ।

४. रामजीप्रसाद उपाध्याय वि. नेपाल सरकार (ने.का.प. २०७०, अंक १, नि.नं. ८९५१)

- आफूले जेठी श्रीमतीलाई पनि अंशसमेत दिई मिलापत्र गरिराखेको छु सल्लाहले नै विवाह गरेको भने पनि दोस्रो विवाह गर्न पाउने अवस्थाभन्दा बाहिर गएर कसूर गरिसकेपछि त्यसलाई उन्मुक्ति दिन कानूनले नमिल्ने भएकोले निजले गरेको कसूरजन्य अपराधबाट सफाई पाउने आधार अंश मुद्दाको मिलापत्र हुन नसक्ने ।
- जिल्ला अदालतबाट फैसला भइसकेपछि पुनरावेदन अदालतमा सो शुरुको फैसला विचाराधीन रहेको अवस्थामा जाहेरीको विपरीत जाहेरवालीबाट परेको निवेदन कुनै पनि मूल्यको प्रमाण होइन । अदालतमा केवल प्रमाणको महत्व हुन्छ सिफारिसको होइन । प्रमाण पनि विधिसम्मत् प्रक्रियाबाट मिसिलमा प्रवेश गरेको भएमा मात्र अदालतले त्यसमा ध्यान केन्द्रित गर्नुपर्ने ।
- सरकार वादी मुद्दामा जाहेरवालीको हैसियत सरकारी गवाहको भन्दा बढी केही हुँदैन । यस्तो स्थितिमा पुनरावेदन अदालतमा सरकारी गवाहको प्रतिकूल अभिव्यक्तिले कुनै प्रामाणिक हैसियत राख्न सक्दैन । यस्ता सिफारिसी कथनले न्यायिक प्रयोजनका लागि कुनै पनि महत्व र हैसियत राख्न नसक्ने ।

५. नेपाल सरकार वि. योगमाया चिमरिया बस्नेत (ने.का.प. २०७१, अंक २, नि.नं. ९१२४)

- अनजानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबूद प्रमाणको अभावमा कसूरदार कायम गरी सजाय गर्नुबाट झन पीडा थपिने कार्य हुन जान्छ । तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसूरदार ठहर गरी सजाय गर्न नमिल्ने ।

६. नेपाल सरकार वि. कृष्णा दुवाल (सुवाल) (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४१)

- रीमतीले अंश लिई भिन्न भई बसेको अवस्थामा लोग्नेले अर्को विवाह गर्न पाउने भए पनि अंश लिई छुट्टिभिन्न हुनुअघि नै अर्को विवाह गर्न पाउने छुट कानूनले प्रदान गरेको छैन । अर्को विवाह गरिसकेपछि अंश मुद्दा दिएको वा अंश प्राप्त गरेका कारणले पहिलो श्रीमती छुट्टिभिन्न नहुँदै अर्को विवाह गर्नेले बहुविवाहको कसूरबाट उन्मुक्ति पाउन नसक्ने ।

७. नेपाल सरकार वि. राजु थापासमेत (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७०७)

- फौजदारी न्यायको उद्देश्य प्रचलित कानूनले अपराध घोषित गरेको कार्य गर्ने व्यक्तिलाई कानून बमोजिम दण्ड सजाय गरी समाजमा अपराध नियन्त्रण गर्नु पनि हो । मुलुकी ऐन, बिहावरीको महलको ९ नं. बमोजिम कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नभई वा अंशबन्डाको महलको १० नं. बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेको अवस्था नभई अर्को विवाह गर्न पाउने नदेखिने ।
- प्रतिवादीहरूबीच दोस्रो विवाह भइसकेको अवस्था रहेमा वारदात घटित भइसकेको मान्नुपर्छ । दोस्रो विवाह गरेपछि हाल सो दोस्रो वैवाहिक सम्बन्ध कायम नरहेको भन्ने कुराले सम्पन्न भइसकेको दोस्रो विवाह (बहुविवाह) नभएको मान्न मिल्दैन । सम्पन्न भइसकेको कार्य नभएको हुन सक्दैन र नभएको बनाउन पनि सकिँदैन । बहुविवाह स्थापित भइसकेको अवस्थामा कानूनको परिणाम तत्काल सिर्जित भएको देखिन्छ । सोबाट लामो समयपछिबाट गरिएको सम्बन्ध विच्छेदले मद्दत गर्न सक्ने नदेखिने ।
- बहुविवाह फौजदारी कसूर भएको र फौजदारी कानूनको अक्षरशः लागू गर्नुपर्ने हुन्छ । कुनै वस्तुस्थिति देखाएर वा जाहेरवाला वा पीडितको आक्रोश वा क्षमा वा सहनशीलता जस्ता कुराले फौजदारी दायित्वबाट मुक्त गर्न सकिँदैन । यसबाट फौजदारी कानूनको कार्यान्वयनमा अपवाद खोज्ने अवस्था निम्त्याउँछ, जुन कानूनले अनुमति दिँदैन । दुष्कृतिलाई रोक्ने प्रयोजनका लागिसमेत यस्तो दृष्टिकोणलाई स्थान दिन नमिल्ने ।

८. नेपाल सरकार वि. छत्रबहादुर भण्डारीसमेत (ने.का.प २०७४, अंक ५, नि.नं. ९८१०)

- लोग्ने र सौतासँगै बसी निजहरूको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने र आफ्ना विरूद्धको अपराध स्वीकार गर्ने यी जाहेरवालीले तत्काल कहिँकतै उजुर बाजुर नगरी लामो अन्तरालपश्चात् आफूलाई मन लागेको बखत उजुर गर्न पाउने भन्न मिल्दैन । यस्तो स्थितिमा हदम्यादसम्बन्धी कानूनको उद्देश्य र आवश्यकतातर्फ विचार गर्नु पनि जरूरी देखिने ।

९. नेपाल सरकार वि. महेश महर (महरा)समेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७८)

- मुद्दा चलाउने हकदैया रहेको निकाय वा व्यक्तिलाई हदम्याद लाग्ने हो । कानूनमा "थाहा पाएको मितिबाट" हदम्याद कायम हुने गरी व्यवस्था भएको कुराको अर्थ अरू जो सुकैले थाहा पाएर हदम्याद सुरू हुँदैन, मुद्दा चलाउने अधिकार पाएको वा हकदैया रहेको व्यक्ति वा निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नु पर्ने भन्ने नै हो । यसरी गणना गर्ने प्रचलन तथा यस अदालतबाट मुद्दाको रोहमा प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी बहुविवाह मुद्दामा जेठी पत्नीले थाहा पाएको मितिबाट हदम्याद कायम हुन्छ भन्नु मनासिब नदेखिने ।

१०. नवराज थापा वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत (ने.का.प. २०७६, अंक ७, नि.नं. १०३१३)

- बहुविवाहलाई नैतिक पतन देखिने फौजदारी कसूरको कोटीमा राखेको नदेखिँदा नैतिक पतन देखिने फौजदारी कसूर हो भनी मान्न मिल्ने नदेखिने ।

११. सोकर्ण श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१८)

- हदम्याद र हकदैया सम्बन्धी कानूनी प्रश्नमा मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि उक्त अदालतले सो सम्बन्धमा निर्णय गर्न सक्ने नै देखिन्छ । मुद्दामा हदम्याद र हकदैयाको प्रश्न समावेश भएको देखिएमा मुद्दा जुनसुकै तहमा विचाराधीन रहेको भए तापनि पहिले हदम्याद र हकदैयाको सम्बन्धमा निर्णय गरेपछि मात्र मुद्दाको विषयमा प्रवेश गर्नुपर्ने । कानूनले कुनै मुद्दा दायर गर्नुपर्ने समय सीमा हदम्याद तोकेको छ भने सो तोकिएको हदम्यादभित्र मुद्दा अनिवार्य रूपमा दायर भइसकेको हुनुपर्ने ।
- जुनसुकै मुद्दा जहिलेसुकै पनि दायर गर्न सकिने भए कानूनले नै हदम्याद सम्बन्धी व्यवस्था गर्नु आवश्यक नै नहुने । मुद्दा जहिलेसुकै लाग्छ भन्ने सोच नहोस् अर्थात् मुद्दा पर्ने अवधि अनिश्चित नहोस् भन्ने मनसाय राखेर नै विधायिकाले कानूनमा हदम्यादको व्यवस्था गरेको हुने । यदि कुनै मुद्दा दायर गर्न हदम्याद कानूनले तोकेको छ भने मुद्दा गर्ने पक्ष चाहे त्यो व्यक्ति होस् वा सरकारी निकाय नै किन नहोस् त्यस्ले कानूनले तोकेको हदम्याद भित्र अनिवार्य रूपमा उक्त मुद्दा दायर गरिसक्नुपर्ने । यदि कसैले हदम्याद नाघेर मुद्दा दर्ता गराउन ल्याउँछ भने त्यसलाई अदालतले मद्दत गर्न नसक्ने ।
- तत्काल विद्यमान सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अनुसार बहुविवाह मुद्दा सरकार वादी हुने फौजदारी मुद्दा भएको र सरकारवादी फौजदारी मुद्दामा जाहेरी दरखास्त परेपछि प्रहरी कार्यालयले कानूनले तोके बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनुपर्ने देखिएमा हदम्यादभित्र सरकारी वकीलमार्फत अदालतमा मुद्दा दायर गरी कसूरदारलाई सजाय दिलाउने निजको कर्तव्य हुन्छ । जाहेरी दरखास्त परेपछि कानून बमोजिम अनुसन्धान तहकिकात नगरी प्रहरी कार्यालयले त्यसै बस्न मिल्ने नदेखिने ।

१२. नेपाल सरकार वि. कृष्णबहादुर बुढाथोकीसमेत (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७९६)

- बहुविवाह मुद्दामा सबैभन्दा बढी पीडा मर्का पर्ने जेठी श्रीमती र निजतर्फबाट जायजन्म भएका सन्तानहरू नै हुन्छन् । कसूरको कार्य लामो अवधिसम्म गोप्य राखी प्रकट नगर्ने र जेठी श्रीमतीले पहिले नै थाहा पाइसकेको भनी मौखिक बयान बकपत्र गर्ने कार्यबाट हदम्याद गणना गर्नु विधायिकी मनसाय अनुकूल नहुने ।
- बहुविवाह सरकारवादी फौजदारी मुद्दा भएकाले उक्त कसूरको जानकारी जाहेरवालालाई कहिले भयो भन्दा पनि उक्त कसूरको सम्बन्धमा अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई कहिले जानकारी प्राप्त भयो र जानकारी प्राप्त भएपछि आवश्यक अनुसन्धान तहकिकात गरी कानूनबमोजिमको हदम्यादभित्र मुद्दा दायर भयो कि भएन भन्ने कुराले नै महत्त्व राख्ने ।
- नागरिकता छुट्टै प्रयोग र प्रयोजनको लागि राज्यको भिन्न निकायबाट प्राप्त गर्न सक्ने हुँदा जेठी श्रीमती तथा बहुविवाहको मुद्दाको अनुसन्धान गर्ने निकायले उक्त तथ्यको जानकारी पाउने अवस्था नरहने हुँदा बहुविवाह मुद्दामा सो नागरिकता लिएको आधारले हदम्याद प्रारम्भ हुने अवस्था रहँदैन । बहुविवाह मुद्दामा सो कसूरको अनुसन्धान गर्ने कानूनबमोजिमको निकायले थाहा पाएपछि नै हदम्याद प्रारम्भ हुने ।

१३. किमबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४४)

- बहुविवाहको मुद्दामा अभियोगपत्र दर्ता भइसकेपछि लागेको आरोपबाट उम्कन घटना वारदात नै धेरै अगाडिको बनाई हदम्याद नै व्यतीत भइसकेको देखाउनको लागि बनाइएका त्यस्ता प्रमाणहरूले कानूनी मान्यता पाउन नसक्ने।

१४. नेपाल सरकार वि. गोपालबहादुर थापा भन्ने गोपालबहादुर बगालेसमेत (ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९२)

- कुन काम वा क्रियालाई फौजदारी कसूर भनी मान्नुपर्ने, कुन कसूरको लागि कति सजाय गर्नुपर्ने र कुन कसूरको सम्बन्धमा कति समयावधिभित्र उजुरी वा अभियोग दायर गरिसक्नुपर्ने भन्नेसमेतका कुराहरू विधायिकाले ऐनद्वारा निर्धारित गर्ने । कुनै कसूरको सम्बन्धमा मुद्दा वा दावी गर्ने हदम्याद सीमित नरहने गरी खुल्ला राख्न र कुनै वा केही कसूरका लागि सीमित हदम्यादको व्यवस्था पनि ऐनमा विधायिकाले नै गर्ने । यी सबै विधायिकी कार्यक्षेत्र (legislative function) भित्रका कुरा हुने । ऐनले गरेको हदम्यादसम्बन्धी व्यवस्था सबैले मान्नु र लागु गर्नुपर्ने ।
- कुनै पनि व्यक्तिलाई कानूनले दिएको अधिकार वा सुविधालाई तथ्य ढाँटी दुरूपयोग गर्ने छुट नहुने । आफूलाई थाहा जानकारी भएको र नेपाल सरकार मातहतकै कार्यालयमै गई सम्बन्ध स्वीकार गरी मिलापत्र गरेको तथ्य ढाँटी लुकाई सरकारी संयन्त्रलाई क्रियाशील बनाउनु राज्यको स्रोत साधनको दुरूपयोग मान्नुपर्ने ।

१५. शंकर कुमार यादव वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३३०)

- बालविवाह भनेको उमेर नपुग्दै, वयस्क नहुँदै हुने विवाह भएकोले यस्तो अवस्थामा मानसिक, शारीरिक र भौतिक अवस्थासमेत परिपक्व भइसकेको नहुने । यस्तो विवाहमा दुवै पक्ष वा एक पक्ष मात्रको उमेर साबालक नभएको हुन सक्ने । बालविवाहले गर्दा बालबालिकाको मानसिक विकास, शारीरिक विकास र शिक्षामा समेत असर पुग्न जाने हुनाले हाम्रो कानूनी प्रणालीले समेत यस्तो विवाहलाई निषेध गरेको अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ कतिपय अवस्थामा आर्थिक एवं पारिवारिक परिस्थिति, धार्मिक वा अन्धविश्वासयुक्त सामाजिक परम्पराले गर्दासमेत बालविवाह हुनसक्ने पक्षलाई नजरअन्दाज गर्न पनि नसकिने । कतिपय बालविवाह आवेग वा मानसिक अपरिपक्वताको कारणबाट समेत हुन गएको पाइने ।
- बालविवाहमा पनि उमेर नपुगेको महिला वा पुरूषमा विवाहका उद्देश्य एवं रोहरीतबाट करणी लेनदेन भएको हुन सक्ने । यी दुवै अवस्थामा महिलाको उमेरको सन्दर्भ महत्त्वपूर्ण रूपमा उपस्थित भएको पाइने । धेरैजसो मुलुक र समाजमा महिलाको आभूषण, इज्जत प्रतिष्ठालाई निजको यौन पवित्रता (Chesity) एवं निजको यौनिक अधिकारसँग जोडिएको देखिने । यस्तो यौनिक अधिकारको पवित्रताको भङ्गीकरण वा करणी कार्य हुँदा निज महिलाको स्वतन्त्र सहमति (Free Consent) अनिवार्य तत्त्वको रूपमा अङ्गिकार गरेको पाइने । के कुन अवस्थामा स्वतन्त्र सहमति हो होइन ? भन्ने सवालको महत्त्वपूर्ण निर्धारक तत्त्वमध्ये उमेरलाई पनि मानी आएको पाइन्छ र उमेर नपुगेको व्यक्ति सोच विचार गरी सहमति दिन योग्य नहुने मान्यता भएकोले त्यस्ता उमेर नपुगेका व्यक्तिको सहमतिलाई मान्यता नदिइने ।
- जबरजस्ती करणी र बालविवाहमा हुनसक्ने करणीका अवस्थामा उमेरको सन्दर्भ महत्त्वपूर्ण पक्ष भए तापनि अपराधका अन्य तत्त्वहरू मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) आधारभूत र निर्धारक

मानकको (Measuring Rod) रूपमा रहेका हुने । जसले जबरजस्ती करणी र बालविवाहलाई छुट्याएको हुन्छ । आपराधिक कार्यको रोहबाट प्रस्तुत वारदात हेर्दा प्रतिवादीउपर अपहरण तथा शरीर बन्धक एवं जबरजस्ती करणीको अभियोग भए तापनि माथि प्रकरण प्रकरणमा विवेचना गरिएबमोजिम बालविवाह भई सामाजिक परिवेशमा पति पत्नीको रूपमा परिवार बनाई बसेको तथ्य स्थापित हुन आएको पाइने । साथै आपराधिक दुराशयको (Mens Rea) सन्दर्भबाट हेर्दा जबरजस्ती करणी क्रियामा अभियुक्तको उद्देश्य करणी गर्नमा सीमित रहन्छ भने बालविवाहका बखत हुन सक्ने करणी आपराधिक मनसाय नभई सामाजिक मान्यता, समाज विकासको आधारभूत पक्ष एवं शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्नीको भावना साथ शारीरिक सम्पर्क रहेको हुन सक्ने । जबरजस्ती करणी (Statutory Rape) र बालविवाह (Child marriage) मा हुनसक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रूपमा फरक रहन जाने हुनाले जबरजस्ती करणीलाई बालविवाहको सन्दर्भमा उमेर मात्रको आधारमा सीमावद्ध गर्न नसकिने । साथै यी दुवै कसूरका सम्बन्धमा रहे भएको आधारभूत फरकपनलाई नछुट्याउने हो भने बालविवाह सम्बन्धी कानूनमा भएको व्यवस्था नै अन्ततोगत्वा निष्क्रिय हुन जाने । साथै प्रस्तुत दुई प्रकारका कसूरको सम्बद्ध तथ्यका आधारमा वर्गीकरण नगरी निरपेक्ष रूपमा व्याख्या गरिएमा रोमन कानूनको भन्ने सर्वस्वीकार्य उक्ति निस्तेज हुने ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम "नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दामा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको र कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही बमोजिम आदेश गरी सरोकारवाला व्यक्तिलाई सूचना दिनुपर्ने छ" भन्ने व्यवस्था बमोजिम नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दालाई देवानी मुद्दामा परिणत गर्न सकिने भए तापनि नेपाल सरकार वादी भई अनुसूचीको कुनै प्रकारको मुद्दालाई नेपाल सरकार वादी भई चल्ने अर्को प्रकारको अनुसूचीको फौजदारी मुद्दामा परिवर्तन गर्न सकिन्छ वा सकिँदैन भन्ने सवालको पनि विवेचना गर्नु सान्दर्भिक हुने । तत् सम्बन्धमा हेर्दा यस्तो प्रकारको मुद्दाको परिवर्तन गर्न नसकिने भनी अदालतको अधिकार सीमा निर्धारण गरिएको वा निर्दिष्ट गरिएको कहींकतै नपाइने । अदालतको फैसलाको अभिष्ट नै न्यायका मान्य सिद्धान्त अवलम्बन गरी न्याय प्रदान गर्नु हो । न्याय प्रदान गर्ने सन्दर्भमा अदालतले सीमा तोकिएको अवस्थामा बाहेक अन्तरनिहित अधिकार (Inherent Right) समेत प्राप्त गरिरहेको मानिने ।

१६. मनौवर हसन वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३३५)

- प्रचलित नेपाल कानूनले कुनै समुदाय वा सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्ध विच्छेदको व्यवहारलाई मान्यता प्रदान नगरी सबै समुदाय र सम्प्रदायलाई लागु हुने एकीकृत कानून प्रचलनमा रहेको अवस्थामा मुस्लिम समुदायमा हुने एकतर्फीय प्रकृतिको सम्बन्ध विच्छेद जस्तै तीन तलाक (triple talaq) लाई अन्य देशहरूमा कसूरजन्य कार्य बनाइँदै गरेको अवस्थामा छरछिमेक वा समाजमा इस्लाम परम्परा र संस्कृतिअनुसार गरेको तलाक वा सम्बन्ध विच्छेदलाई कानूनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट भएको मान्न नमिल्ने ।

१७. नेपाल सरकार वि. सञ्जीव रोका (ने.का.प. २०८१, अंक १२, नि.नं. ११३७१)

- बहुविवाहसम्बन्धी कसूर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतको कसूर भएको हुँदा

जोसुकैले जहिलेसुकै पनि बल्ल थाहा पाएँ भनी जाहेरी दिन पाउने र अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी परेपछि मात्र अपराध भए घटेको थाहा पाएको भनी मान्ने हो भने हदम्याद असीमित हुन पुग्ने । मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. द्वारा निर्दिष्ट गरिएको हदम्यादसम्बन्धी प्रावधान निस्तेज भई जोसुकैले जहिलेसुकै नालिस गर्न सक्ने अवस्था सिर्जना हुने हुँदा हदम्यादसम्बन्धी विधायिकी मनसायको प्रतिकूल हुने ।

- न्याय प्रणाली तथा सामाजिक प्रचलनसमेतलाई विचार गर्दा वैवाहिक सम्बन्ध प्रकाशमा आएको अवस्थामा थाहा पाएको भनी मान्नुपर्ने । थाहा पाउने व्यक्ति सर्वप्रथमतः नजिकको नाता सम्बन्धभित्रका पारिवारिक व्यक्ति नै हुने हुँदा पतिले दोस्रो विवाह गरेको तथ्य निकटतम पारिवारिक सम्बन्धमा रहने पहिलो पत्नी, छोराछोरीहरूलगायतको परिवारलाई थाहा हुने, त्यसपछि समाज अनि राज्यलाई थाहा जानकारी हुने । हालसम्म थाहा हुन नसक्ने न्यायोचित आधार वा कारण के थियो, सो स्पष्ट हुनुपर्ने र त्यस्तो अवस्था प्रमाणहरूबाट पुष्टि हुनुपर्ने ।
- साबिकको मुलुकी ऐनबमोजिम बहुविवाह कसूर कायम भए पनि दोस्रो विवाह यथावत् कायम रही रहने तर हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताअन्तर्गत बहुविवाहसम्बन्धी कानूनको उद्देश्य कसूरदारलाई सजायसम्म गर्नेमा मात्र सीमित भएको हुँदा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक नपर्ने । मुलुकी अपराध संहिताको व्यवस्थाबमोजिम पनि बहुविवाह मुद्दामा हदम्यादको गणना गर्दा विवाह प्रकाशमा आई जाहेरवालाले थाहा पाएको मितिबाट नै गणना गर्नुपर्ने ।

मानव बेचबिखन तथा ओसारपसार

१. उत्तम लामा वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक ९, नि.नं. ७४३२)
२. नेपाल सरकार वि. शेरबहादुर लामासमेत (ने.का.प. २०६५, अंक ७, नि.नं. ७९९६)
३. नेपाल सरकार वि. पारसनाथ पाठकसमेत (ने.का.प. २०६५, अंक ९, नि.नं. ८०१४)
४. नेपाल सरकार वि. रबीन्द्र सिलवाल (ने.का.प. २०६६, अंक २, नि.नं. ८०७३)
५. फूलमती श्रेष्ठ (महर्जन) वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ८, नि.नं. ८२०८)
६. निलम पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६७, अंक १०, नि.नं. ८४७३)
७. श्याम भन्ने रूपबहादुर क्षेत्री वि. नेपाल सरकार (ने.का.प.२०६८, अंक १२ नि.नं. ८७३२)
८. तेजबहादुर रानामगर वि. नेपाल सरकार (ने.का.प.२०६९, अंक ४ नि.नं. ८८०४)
९. नेपाल सरकार वि. ज्योति राई (ने.का.प.२०६९, अंक ७, नि.नं. ८८५८)
१०. मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत (ने.का.प. २०७०, अंक ३, नि.नं. ८९७३)
११. नेपाल सरकार वि. सनमान नेपाली (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६४)
१२. उद्वप्रसाद आचार्य वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०८)
१३. गोमा पाँचकोटी वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३३३)
१४. लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार (ने.का.प.२०७२, अंक २ नि.नं. ९३४६)
१५. लाक्पा तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ११, नि.नं. ९४९६)
१६. योगबहादुर लामा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १, नि.नं. ९५२५)
१७. नेपाल सरकार वि. पुष्पा तामाङ (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६४३)
१८. नेपाल सरकार वि. सोमबहादुर तामाङ (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७७)
१९. लाक्पा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८४)
२०. भगीरथ दाहल वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक ६, नि.नं. ९८२४)
२१. नेपाल सरकार वि. शान्ति वि.क. (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८६८)
२२. नेपाल सरकार वि. सानुमाया राई (श्रेष्ठ) (ने.का.प.२०७५, अंक १, नि.नं. ९९३५)
२३. करवीर शाही वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक २, नि.नं. ९९५८)
२४. ताराबहादुर बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०७५ अंक ६, नि.नं. १००२५)
२५. दीपेन्द्र पाठक वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक ७, नि.नं.१००५२)
२६. नेपाल सरकार वि. शंकर वि.क (ने.का.प २०७५, अंक ८, नि.नं १००७०)
२७. नेपाल सरकार वि. ठगबहादुर सुनार (ने.का.प. २०७५,अंक ९ नि.नं. १००९०)
२८. याङ्चेन तामाङ वि. नेपाल सरकार (ने.का.प २०७५, अंक १०, नि.नं १०११८)
२९. वसन्त रावल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१८५)
३०. वेदबहादुर मगर वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९०)
३१. राजकुमार सोनार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९३)

३२. वसन्त परियार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४२)
३३. वसन्त रावल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६६)
३४. नेपाल सरकार वि. शोभा वादी (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२७४)
३५. श्यामकुमार राम वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ९ नि.नं. १०३४९)
३६. नेपाल सरकार वि. विनोद ढकालसमेत (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४१२)
३७. नेपाल सरकार वि. विनोद ऋषिदेवसमेत (ने.का.प. २०७७, अंक ७ नि.नं. १०५४४)
३८. नेपाल सरकार वि. मुना मगर मेचे (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९६)
३९. जितबहादुर सुनार वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६५७)
४०. नेपाल सरकार वि. लक्ष्मण थापा (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९७)
४१. कल्पना भण्डारी समेत वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०२)
४२. चित्रबहादुर बराइली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६५)
४३. Kenneth Joseph Coombs वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७२)
४४. भवानी राजवंशी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७९७)
४५. नेपाल सरकार वि. भीमाकुमारी थारू(चौधरी)समेत (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३१)
४६. नेपाल सरकार वि. हिरा हमालसमेत (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५९)
४७. बमबहादुर सार्की वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९२)
४८. इमान तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९१२)
४९. नेपाल सरकार वि. नरेशबहादुर विष्टसमेत (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९३३)
५०. सुमन तामाङ वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३२४)
५१. नेपाल सरकार वि. सुसिसकुमार थारूसमेत (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६८)
५२. अर्जुनप्रसाद शर्मा वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६९)

१. उत्तम लामा वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक ९, नि.नं. ७४३२)

- सामान्य अवस्थामा विधायिकाले कुनै कानून क्रियाशील हुनुभन्दा पहिले नै घटेको कुनै कार्यलाई पछाडि वनेको कानूनले अपराधको रूपमा परिभाषित गर्न र साविकमा कम गंभीर मानिने अपराधलाई वढी गंभीर बनाउन तथा कम सजाय हुने अपराधलाई वढी सजाय हुने गरी कानूनी व्यवस्था गर्न एवं प्रमाण सम्वन्धी नियममा संशोधन गरी कम प्रमाणको आधारमा पनि कसूरदार ठहर गर्न सकिने गरी कानून निर्माण गर्न नसक्ने ।
- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा (१) अनुसारकुनै कार्य गर्दा त्यस्तो कार्यलाई कानूनले दण्डनीय कसूर नमानेको अवस्थामा पछाडि बनेको कानूनले अगाडि नै भइसकेको कार्यलाई दण्डनीय कसूर घोषणा गरी सजायको व्यवस्था गर्न र त्यस्तो कानूनको प्रयोग गरी अगाडि नै घटेको वारदातसंग सम्बन्धित व्यक्तिलाई सजाय गर्न तथा कसूर गर्दाको अवस्थामा कानून बमोजिम हुन सक्ने सजाय भन्दा बढी सजाय गर्न नमिल्ने संवैधानिक प्रत्याभूति प्रदान गरिएको स्पष्ट हुने ।
- मुलुकी ऐन जीउ मास्नेबेच्नेको महलको १ नं. अनुसारमानिसलाई बेच्ने अपराधमा संलग्न व्यक्तिलाई बीस बर्ष कैदको सजाय तोकिएको देखिन्छ भने जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८ को उपदफा (१) मा मानिस बेच बिखन गर्ने व्यक्तिलाई दश बर्ष देखि वीस बर्षसम्म कैद हुने व्यवस्था गरिएको देखिन्छ । यसवाट प्रतिवादीहरूले कसूर गर्दाको अवस्थामा मानिसलाई बिक्री गर्ने कार्यलाई कानूनले अपराध नमानेको वा पछाडि बनेको कानूनले अगाडि गरिएको कार्यलाई कसूर मानी साविकको कानूनमा भएको भन्दा बढी सजायको व्यवस्था गरेको भन्न मिल्ने अवस्थासमेत रहेको देखिन नआएकोले जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई Ex Post Facto Law मानी प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई उक्त ऐन अनुसार गरिएको सजायलाई Ex Post Facto Law सम्बन्धी अवधारणा विपरीत भएको मान्न मिल्ने देखिन नआउने ।
- जाहेरवालीलाई ललाई फकाई भारत वम्वैमा लगी विक्री गर्ने कसूरजन्य कार्य गरेको भनी अभियोग लगाउदाको अवस्थामा विषेश कानूनको रूपमा जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन,२०४३ लागू भइसकेकोले उक्त ऐनको दफा ११ तथा मुलूकी ऐन प्रारम्भिक कथनको ४ नं.को कानूनी व्यवस्था अनुसारसोही ऐन अनुसारको अभियोग लगाउनु पर्ने ।
- कसूर गर्दाको अवस्थामा नै मुलुकी ऐन जीउ मास्नेबेच्नेको महलले जीउ मास्नेबेच्ने कार्यलाई कसूर मानी रहेकोले पछाडि बनेको जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले मात्र जीउ मास्नेबेच्ने कार्यलाई पहिलो पटक अपराध बनाएको वा जीउ मास्नेबेच्ने कार्य गरे वापत साविकमा हुन सक्ने सजाय भन्दा बढी सजाय तोकेको भन्ने नदेखिने ।
- फौजदारी कसूर घोषणा गर्ने सारवान कानूनी व्यवस्था अनुसारसाविक देखि हालसम्म मानिसलाई बेच बिखन गर्ने कार्यलाई गंभीर अपराध मानी कठोर सजायको व्यवस्थासमेत गरिरहेको अवस्थामा पछाडि निर्माण गरी लागू गरिएको कानूनले त्यस्तो कसूरको अनुसन्धान तहकिकात सम्वन्धी कार्यविधिगत विषयमा नयाँ व्यवस्था गर्दछ भने कार्यविधिका सम्वन्धमा मुद्दाको अनुसन्धान हुँदा विशेष कानूनको रूपमा रहेको कानूनको व्यवस्थालाई नै अनुसरण गर्नुपर्ने कुरामा कुनै द्विविधा हुन सक्दैन किनकि पछि निर्माण गरिएको ऐनमा भएको कार्यविधिको अनुसरणवाट कसूर गर्दाको अवस्थामा अभियुक्तले गरेको फौजदारी कसूरको दायित्व निर्धारण गर्ने कुरामा निजलाई कुनै प्रतिकूल असर पर्ने अवस्था नरहने ।

- प्रमाण सम्वन्धी विषयमा तथा कार्यविधिका सम्वन्धमा पश्चातदर्शी असर (Retrospective Effect) दिई बनाइएका कानूनलाई Ex Post Facto Law सम्वन्धी अवधारणा विपरीत निर्माण गरिएको कानून मान्न नमिल्दा प्रस्तुत मुद्दाको सन्दर्भमा जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई Ex Post Facto Law मानी सो ऐन अनुसारको कार्यविधि अपनाई अभियोग लगाइएको भन्ने कारणले मात्र पुनरावेदक प्रतिवादीलाई संविधानको धारा १४ को उपधारा (१) विपरीत सजाय भएको मान्न मिल्ने नदेखिने ।
- एकै वारदातमा एकै अभियोग पत्रवाट कारवाही चलाइएको र सो अनुसारकुनै प्रतिवादीको हकमा अभियोग प्रमाणित भइरहेकोमा मुद्दा दायर गर्दा फरार रहेको कारण मुल्तवीमा रहेको मुद्दा मुल्तवीवाट जगाई फैसला गर्दा अगाडि भएको फैसलावाट स्थापित हुन आएको तथ्यलाई अस्वीकार गरी प्रतिवादीलाई सजायवाट उन्मुक्ति दिनु मनासिब तथा तर्कसंगत नहुने ।
- कानून बमोजिम कसूरदार ठहरेको अपराधीलाई साना तिना प्राविधिक कुराहरूका आधारमा निजले गरेको अपराधको आपराधिक दयित्ववाट निजलाई मुक्त (Exonerate) गर्दा अपराधी आफुले गरेको कसूरको सजायवाट बच्ने (Impunity) हुने अवस्था तथा त्यसवाट समाजमा पर्ने सामाजिक असर समेतको दृष्टिकोणवाट त्यस्तो हुनुलाई कानूनसम्मत तथा औचित्यपूर्ण मान्न नमिल्ने ।

२. नेपाल सरकार वि. शेरबहादुर लामासमेत (ने.का.प. २०६५, अंक ७, नि.नं. ७९९६)

- कसूरको अनुपातमा सजाय गर्नुपर्ने गरी तजवीजी अधिकार (Discretionary power) अदालतलाई प्रदान गरेको पाइदा सजायको न्यूनतम र अधिकतम हद ऐनले नै निर्धारण गरेको अवस्थामा कसूरको गम्भीरताको आधारमा कसूरको मात्रा निर्धारण गरी सोही अनुपातमा सजाय गर्ने गरी न्यायपूर्ण ढंगले तजवीजी अधिकारको प्रयोग गर्नुपर्ने ।
- अन्य प्रतिवादीहरू तथा पीडितको साथमा लागि जानुसम्मको क्रियाकलाप कसूरको रूपमा मानेको अवस्थामा पनि त्यस बापत अधिकतम वा उच्चतम सीमाको सजाय गर्नु न्यायपूर्ण नहुने ।

३. नेपाल सरकार वि. पारसनाथ पाठकसमेत (ने.का.प. २०६५, अंक ९, नि.नं. ८०१४)

- सरकारबादी हुने फौजदारी मुद्दामा वारदात वा कसूरको विषयमा कसै उपर पोल गरी दरखास्त वा निवेदन मुद्दा हेर्ने अड्डा समक्ष पठाउन सकिने र त्यसमा सनाखत गराई थप प्रमाणसमेत खुलाउन लगाई आरोपित व्यक्तिलाई पक्री कारबाही गर्न सकिने सम्मको व्यवस्था रहेको तर त्यस्तो निवेदनले एकपटक अभियोग पत्र दायर भैसकेको मुद्दाको आरोपित व्यक्तिले सफाई पाउन प्रमाणको स्थान ग्रहण गर्न नसक्ने ।
- सरकार वादी फौजदारी मुद्दामा मुद्दा हेर्ने सम्बन्धित अड्डाको आदेश विना अभियोग पत्र वा प्रतिवादीको बयानमा उल्लेख नभएका साक्षी वा प्रमाणहरू जुनसुकै अवस्थामा ग्राह्य हुने वा त्यसरी पेश भएका प्रमाणहरूले प्रामाणिक महत्व राख्न नसक्ने ।
- अ.ब ७७(१) तथा ९० नं. को प्रकृति एवं परिधिभित्र नपर्ने निवेदन तथा सोलाई सनाखत गरी दिएको भनिएको बयान प्रमाण लाग्न सक्ने कानूनी आधार प्रष्ट हुन नसकेको अवस्थामा त्यसैलाई अकाट्य प्रमाण मानी अभियोग दावीबाट सफाई दिन नमिल्ने ।

४. नेपाल सरकार वि. रबीन्द्र सिलवाल (ने.का.प. २०६६, अंक २, नि.नं. ८०७३)

- कुनै महिलाले आफुलाई कसैले बेच्यो भनी जाहेरी दिई सोही अनुरूप बयान प्रमाणित गराएकै भरमा

निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएतर्फ नहेरिने हो भने जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ को कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले उक्त दफा ७ को प्रावधानलाई एकतर्फी रूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र वस्तुतर्फ अदालतको ध्यान जानुपर्ने ।

५. फूलमती श्रेष्ठ (महर्जन) वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ८, नि.नं. ८२०८)

- फौजदारी अपराधमा सजायको माग गरी अभियोग लगाई अदालतसमक्ष पेश गरेको अभियुक्तले अपराध स्वीकार गर्छ भने अन्य प्रमाण बुझ्न नपर्ने ।
- अभिभावकको मञ्जूरी हुँदैमा त्यस्तो कार्य कानूनअनुरूप नहुने ।
- कलिला नाबालक केटाकेटीहरूलाई सर्कस जस्तो जोखिम काममा लगाउन विदेश पुऱ्याअएर बिक्री गरी रकम लेनदेन गरी जोखिम काममा लगाई छाडी आउने कार्यलाई निर्दोष मान्न नमिल्ने ।
- महिलाउपर हुने गम्भीर अपराधमा नाबालक र महिलाहरूको हक रक्षा गरी नाबालक र महिलाहरूलाई न्याय दिलाउन भारतमा भएको अनुसन्धानको सिलसिलामा संकलित प्रमाणलाई नेपाली अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गर्न आवश्यक देखिने ।
- अपराधबाट पीडित बालबालिकाको संरक्षण र उनीहरूको हितको लागि नेपाल सरकार र नेपालको न्यायपालिका दुवै नेपाल कानून र अन्तर्राष्ट्रिय महासन्धि एवं अन्य Declaration हरूलाई लागू गर्न कटिबद्ध हुनुपर्ने ।

६. निलम पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६७, अंक १०, नि.नं. ८४७३)

- अदालतले दोषी ठहर नगरुञ्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत Accused नै रही रहने हुँदा अभियोग लागेको व्यक्ति निर्दोष नै मानिन्छ, अभियोग लागदैमा दोषी मान्न नमिल्ने ।
- अभियुक्तले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार Wave नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरीत अर्थ गरी अभियुक्तका सम्बन्धमा केही जवाफ नदिएकोले निर्दोष मान्न नमिल्ने हुनाले उल्टो नकारात्मक अर्थ गरी दोषी भनी ठहर गर्न नमिल्ने ।
- आफ्नो विरुद्ध आफैं साक्षी हुन कर नलाग्ने अधिकार अभियुक्तले जुनसुकै वखत Wave गर्न सक्छ । यतिसम्म कि कुनै अभियुक्तले आफ्नो यो अधिकार अदालतसमक्ष Wave गरेको घोषणा गर्दछ भने ऊ माथि जिरह हुन सक्छ । आफ्नो विरुद्ध आफैं साक्षी हुन कर नलाग्ने ।
- अदालतमा मुद्दा दायर हुनु अगाडि अनुसन्धानको सिलसिलामा Suspect को रुपमा रहँदा आफ्नो इच्छाअनुसार अनुसन्धान अधिकारीले सोधेको जवाफ नदिई चूप लागी बस्न पनि सक्दछ । अनुसन्धान अधिकारीले बाध्य गरी बयान गराउन नसक्ने ।
- अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष पनि अभियुक्तले आफ्नो मौन रहने वा Guilty Plea वा Not Guilty Plea लिने हक उपभोग गर्न सक्छ, उसलाई बाध्य गरी जवाफ लिन नसकिने ।
- कानूनले प्रतिबन्धित चीज वा वस्तु कसैको साथबाट वा वासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासिब माफिकको जवाफ वा प्रमाण दिने

भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन् गरेको भन्न नमिल्ने ।

- संविधानप्रदत्त न्याय सम्बन्धी हक र त्यसमा समेटिएका स्वच्छ सुनुवाईको हक, आफ्नो विरुद्ध आफैं साक्षी हुन कर नलाग्ने हक, निर्दोषिताको अनुमान गरी पाउने हकलगायतका कुनै पनि हकहरू कुण्ठित गरिनु हुँदैन । तर, प्रतिवादीले प्रमाणको भार वहन गर्दैमा राज्यद्वारा निजलाई दोषी ठानेर व्यवहार गरिएको छ भन्ने अर्थ गर्न नमिल्ने।

७. श्याम भन्ने रूपबहादुर क्षेत्री वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७३२)

- मुद्दा हेर्ने न्यायाधीश समक्ष गरेको प्रमाणित बयानलाई दवाव र प्रभावमा भए गरेको मान्ने हो भने न्याय प्रणाली नै निष्फल हुने अवस्था रहन्छ । मुद्दाको न्याय निरोपण गर्ने न्यायाधीशसमक्ष भएको त्यस्तो प्रमाणित बयान नै स्वतन्त्रपूर्वक नभएको भन्ने अविश्वसनीय कथनलाई स्वीकार गर्न नसकिने ।
- बकपत्र तत्काल नै हुने नभई समयको अन्तरालपछि मात्र झिकाई गरिने परम्परा रहेको अवस्थामा जाहेरवालाहरू पनि प्रभावमा अन्यथा बकपत्र गर्न सक्ने स्थिति इन्कार गर्न नसकिने ।
- जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ विशेष प्रकृतिको ऐन भएकोले पछि जाहेरवाला पीडित Hostile हुन सक्ने महसुस गरी अदालतबाटै पीडितको बयान प्रमाणित गराउनु पर्ने कानूनी प्रावधान विद्यायिकाद्वारा राखिएको र सो बमोजिम नै प्रमाणितसमेत भएको बयान व्यहोरालाई पछि आएर होइन भनिदिएकै भरमा प्रमाण ग्राह्य नहुने भन्न नहुने ।
- कसैले पनि न्यायिक प्रक्रियामा सत्य तथ्य कुरा खोली सही निष्कर्षमा पुग्न सहयोग गर्नुपर्ने हुन्छ । अन्यथा अदालत मात्रैले सही तथ्य पत्ता लगाई वास्तविक न्याय गर्न असमर्थ हुन्छ । झूठो कुराको जाहेरी दिने, बयान कागज प्रमाणित गरी दिने अदालतमा एक किसिमले आफ्नो भएको व्यहोरा लेखाई प्रमणित गर्ने गर्न लगाउन अनि साक्षी परीक्षणको प्रक्रियामा अन्यथा व्यहोरा लेखाई सत्य तथ्य नै भ्रमित गर्ने गरी विरोधाभाषपूर्ण कुराहरू राख्न अन्य व्यक्तिहरूको अतिरिक्त स्वयं पीडित भनेका मानिसहरूलाई पनि छूट दिन सकिन्न । राज्य र कानूनका संयन्त्रहरूलाई हलुकासँग आफ्नो स्वार्थमा प्रयोग गर्ने र अरूको हक हितमा प्रतिकूल स्थिति सिर्जना गरी राज्यका उपर अनुचित दायित्व सिर्जना गर्ने कार्य कुनै विन्दँमा पनि सह्य वा ग्राह्य हुन नसक्ने ।
- आवश्यक सुरक्षा र समर्थनका अभावमा न्यायिक प्रक्रियामा यथार्थ सहयोग गर्नु जोखिमपूर्ण हुने भै वाध्यतावस आफ्नो सही कुरा पुष्ट्याई गर्न सक्ने गरी बकपत्र गर्न नसकेकोसमेत स्थित रहिरहेमा आफ्नो पूर्व कथनको विपरीत लाभको लागि अन्यथा बकपत्र गर्न बाध्य हुने स्थिति आउँछ, जुन अपराधीलाई न्यायको प्रक्रियामा ल्याई दण्डित गर्ने र समाजमा न्याय र सुरक्षाको वातावरण सिर्जना गर्ने कुरामा वाधक बन्न सक्छ । त्यस्तो स्थिति गम्भीर स्थिति मान्नुपर्ने ।
- पीडितहरूले पछिल्लो समयमा अदालतमा बकपत्र गर्दा दिएको अभिव्यक्ति जे भए पनि सोभन्दा अघि निजहरूको उद्धार गरी गरेको कागज एवं अदालतमासमेत उपस्थित भै प्रमाणित गरी दिएको बयान कागजको मान्यतालाई नै शून्य हुने गरी पछिल्लो समयमा अदालतमा गरेको बकपत्रको अभिव्यक्ति ग्राह्य एवं विश्वसनीय मान्न नसकिने ।
- वारदात घटनाको समय अन्तरालपछि कसैलाई सफाइ दिन सहयोग गर्ने हिसावले पछि अन्यथा बकपत्र

गरेको देखिए पनि तथ्यगत सबूद र घटनावलीले अभियोग दावीको कसूर पुष्टि गरेको कुराबाट निर्णय हुने हुनाले ज्यकतष्भि भै पछिबाट गरेको त्यस्तो बकपत्रले मुद्दाको तथ्यमा तात्विक असर पर्न नसक्ने ।

- फौजदारी अपराधमा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने वस्तुगत तथ्य र सबूद प्रमाणहरूको आधारमा निर्णय गर्ने कुरा भएकोले अपराधीलाई (बचाउ गर्ने नियतले प्रमाणित बयानलाई अन्यथा भनी ज्यकतष्भि भै पीडितले बकपत्र गर्दैमा अपराध छिप्न नसक्ने ।

८. तेजबहादुर रानामगर वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ४, नि.नं. ८८०४)

- पीडितको मौकाको प्रमाणित बयानलाई अन्य प्रमाणहरूले सिलसिलाबद्ध रूपमा समर्थन गरेको अवस्थामा जीउमास्ने बेच्ने मुद्दाकी पीडितले अदालतमा उपस्थित भई बकपत्र नगरेको कारणले मात्रै सो घटना नभएको र त्यसमा संलग्न प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउन नसक्ने ।
- जीउमास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको मुद्दामा पीडित व्यक्तिले मौकामा गरेको बयान प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्थाको खास प्रयोजन र महत्व हुन्छ । सो कुरालाई नजरअन्दाज गरी केवल पीडितको बकपत्रलाई मात्र कसूर स्थापित गर्ने प्रमाणको रूपमा हेरिनुपर्छ भन्ने सूत्रवत् मान्यता राख्नु न्यायोचित र विवेकसम्मत् हुन नसक्ने ।

९. नेपाल सरकार वि. ज्योति राई (ने.का.प.२०६९, अंक ७, नि.नं. ८८५८)

- सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्ट देखिएको अवस्थामा विधायिकाको उक्त मनसायविपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न नमिल्ने ।
- न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्था अनुसार शुरू अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने ।
- पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज—जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने ।

१०. मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत (ने.का.प. २०७०, अंक ३, नि.नं. ८९७३)

- मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर प्रकृतिको फौजदारी कसूरको बारेमा जाहेरी दिने पीडित वा अन्य व्यक्तिले आफूले एकपटक दिएको बयान फेर्दै हिंड्ने वा अदालतले बोलाएको समयमा उपस्थित नभई अदालतलाई असहयोग गर्ने हो भने एकातिर त्यस्तो अपराधको कसूरदारलाई सजाय गर्ने राज्यको उद्देश्य नै पराजीत हुन जाने र अर्कोतर्फ विनाकारण यस्तो गम्भीर प्रकृतिको कसूर गर्‍यो भनी कसैका विरुद्ध जथाभावी उजूर गर्दै हिंड्ने, तर त्यसको विवेकसम्मत् निरूपण गर्ने न्यायिक प्रक्रियाबाट भाग्ने प्रवृत्ति

पनि पैदा हुन जाने ।

- जस्तोसुकै वैध कारण परी वा काबूबाहिरको परिस्थिति परी बयान फेरेको वा अदालतले बोलाएको समयमा उपस्थित हुन नसकेको अवस्थामा पनि पीडित वा जाहेरवालालाई अनिवार्य रूपमा कैद सजाय गर्नैपर्ने व्यवस्थाले मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर प्रकृतिको अपराधबाट पीडित व्यक्तिलाई अझ बढी पीडित बनाई थप हिंसाको शिकार बन्नुपर्ने र न्यायबाट बञ्चित हुने अवस्था आउँछ । फलस्वरूप आफैं विरुद्ध भएको गम्भीर अपराधको बारेमा पीडितले सूचना नै नगर्ने वा गर्न नसक्ने परिस्थिति सिर्जना हुने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५ को उपदफा (६) को कार्यान्वयनले पीडित व्यक्ति वैध कारणले अदालतले तोकेको समयमा उपस्थित हुन नसकेमा वा पहिले दिएको बयान भन्दा प्रतिकूल हुने गरी वाध्यात्मक परिस्थितिवश बकपत्र गरेको अवस्थामा समेत दण्डित भई थप पीडित बन्नुपर्ने परिस्थिति सिर्जना गरिदिएको छ । अदालतले पीडितको प्रतिकूल साक्ष्य (Hostile Witness) वा अनुपस्थितिको विषयमा न्यायिक विवेक प्रयोग गर्न सक्ने कुराको अवरोधको रूपमा रहेको कानूनी प्रावधानलाई विवेकसम्मत् र उचित मान्न नसकिने ।
- मानब बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसूस गर्न नसक्ने ।
- ऐनको दफा २६ बमोजिम पीडितलाई पर्याप्त सुरक्षा प्रदान गरिनु पनि उत्तिकै आवश्यक छ । यी समग्र व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनबाट मात्रै मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिले ऐनको दफा १५(६) बमोजिम अदालतले बोलाएको समयमा उपस्थित भई न्यायिक प्रक्रियालाई सहयोग गर्न समर्थ हुने ।
- निवेदकले वैधताको प्रश्न उठाएको दफा १५ को उपदफा (६) को कानूनी व्यवस्थालाई केवल पीडित व्यक्ति वा जाहेरवालाको एकपक्षीय कर्तव्यको रूपमा थुपारी त्यसको उल्लङ्घनबापत निरपेक्ष कैदको सजाय गर्नुपर्ने गरी वाध्यात्मक व्यवस्था गर्ने प्रावधानलाई उचित र विवेकसम्मत् मान्न नसकिने ।

११. नेपाल सरकार वि. सनमान नेपाली (ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६४)

- घटनाबाट पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा अदालतले प्रमाण ऐन,२०३१ को दफा १०(१)(ख) बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने ।
- आफूलाई बिक्री गरेको ठाउँबाट भागी काठमाडौं आई प्रहरीसमक्ष व्यक्त गरेको कुरा अदालतमा सनाखत गरी दिएको र पछि साक्षी सरह अदालतमा उपस्थित भई सोही बमोजिम बकपत्र गरी दिएकोसमेत अवस्थामा निजको सो कथन प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । यस्तो प्रत्यक्ष प्रमाणको विद्यमानतामा प्रतिवादीको इन्कारी बयान मात्र निजको निर्दोषिता प्रमाणित हुन नसक्ने ।
- प्रतिवादीले पीडितलाई काठमाडौंबाट कलकत्ता लगी सोबापत रकमसमेत प्राप्त गरेको देखिएबाट निजले बिक्री गरेको मान्नुपर्ने र सो कुरा अदालतमासमेत स्वीकार गरेको देखिएको र अदालतमा स्वइच्छापूर्वक व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अभियुक्तको विरूद्ध प्रमाणमा लिनुपर्ने ।

१२. उद्धप्रसाद आचार्य वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०८)

- आफैंले लगेकी महिलाको स्थितिका बारेमा प्रतिवादी मौन रहेको र पीडितको अवस्था प्रतिवादीको कारणबाट अज्ञात रहेको अवस्था हुँदा त्यसरी अज्ञात रहेकी महिलाका पति जाहेरवाला स्वयम्ले किटानी जाहेरी दिई अदालतमा गरेको बकपत्रको घटनाक्रमबमोजिम नै प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स्वीकार गरेको अवस्था हुँदा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम वारदातका पीडित व्यक्तिले वारदातपश्चात वारदातको विषयमा व्यक्त गरेको कुरा प्रमाणयोग्य हुने हुँदा त्यस्तो प्रमाण ग्राह्य नभएको भन्ने प्रतिवादीहरूको जिकिर कानूनसम्मत् हुन नआउने ।
- पीडित मैयाँ गिरीलाई भारतको वेश्यालयमा लगी भा.रू.२७,५०० ।— मा बिक्री गरेको भनी यी प्रतिवादीहरू प्रहरीसमक्ष आरोपित कसूरमा मुख साबित रहेका र अदालतमा बयान गर्दा विवाह गरी काठमाडौं लगेको भनी उल्लेख गरे पनि निज पीडितको हालको अवस्था प्रतिवादीहरूले प्रकाश नगरेबाट ललाई फकाई विवाह गर्ने झुट्टा आश्वासनमा पारी आफ्नो कब्जामा लिई निज पीडितको घरबाट छुटाई लगेको प्रतिवादीहरूको उक्त कार्य निरपेक्ष दायित्वअन्तर्गतको अपराध भएबाट आफू निर्दोष रहेको भन्ने प्रमाणको भार प्रतिवादीहरूले पुऱ्याउनुपर्ने ।
- प्रहरी र अदालतसमक्ष प्रतिवादीहरूले गरेको बयानबाट प्रतिवादीहरूले वादीलाई विवाह गर्ने प्रलोभन देखाई आफ्नो कब्जामा लिएपछि निजको अवस्था हालसम्म अज्ञात रहेको र प्रतिवादीहरूले त्यसरी आफूले कब्जामा लिएकी व्यक्तिलाई प्रकाश नपारेबाट प्रतिवादीहरूकै कार्यबाट निजको अवस्था अज्ञात रहेको र प्रतिवादीहरूले आफ्नो निर्दोषिता स्थापित गर्न नसकेबाट प्रतिवादीहरूले दावीबमोजिम कसूर गरेको देखिन आउने ।
- दुईवटा वारदातमा एकसाथ मुद्दा चलेको वा पहिलो वारदातमा थुनामा बसेको अवस्थामा अर्को मुद्दा पनि चली फैसला भई फैसलाबमोजिम लागेको कैद सजाय ठेकिएको अवस्था नभई पहिलो मुद्दामा भएको फैसलाले लागेको कैद सजायमा मिति २०५४।८।९ देखि २०६३।९।२३ सम्म कैदमा बसी कैदबाट छुटेपछिमात्र अर्को वारदातमा अनुसन्धान भई मिति २०६४।५।१९ मा अभियोग दायर भएको हुँदा पहिलो मुद्दामा भएको फैसलाले लागेको कैद भोग गरी कैदबाट छुटिसकेपछि प्रस्तुत वारदातमा मुद्दा चली पछिल्लो मुद्दामा भएको कैद सजायलाई कैदबाट छुटिसकेको पहिलो मुद्दामा कैदमा बसेको अवधिसमेत गणना गरी सजाय निर्धारण गर्न दण्ड सजायको महलको ४१ नं. विपरीत हुन जाने ।
- पहिलो मुद्दामा कैद भुक्तान भई कैदबाट छुटेपछि अर्को वारदातमा अभियोग दायर भई भएको फैसला बमोजिम कैद सजाय भोगिरहेको हुँदा उक्त सजाय निर्धारण गरिएको निर्णयलाई दण्ड सजायको महलको ४१ नं.को प्रतिकूल मान्न मिल्ने नदेखिने ।
- बेग्लाबेग्लै वारदात भई चलेका बेग्लाबेग्लै मुद्दामा फरकफरक मितिमा फैसला भएका र पहिलो मुद्दामा लागेको कैद भुक्तान भएपछि पछिल्लो मुद्दा दायर भएको त्यस्तो स्थितिमा अघिल्लो मुद्दामा ठहर भएको कैद सजायबमोजिम कैदमा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद असुल गर्ने प्रयोजनले गणना गर्न मिल्ने नदेखिने ।
- सजायको न्यूनतम् र अधिकतम् हद ऐनले नै निर्धारण गरी कसूरको अनुपातमा सजाय निर्धारण गर्ने तजबिजी अधिकार अदालतलाई प्रदान गरेको अवस्था हुँदा कसूरको गम्भीरताको आधारमा सजाय निर्धारण गर्नुपर्ने ।
- दुबै मुद्दा एकैसाथ दायर भएको वा एकैसाथ फैसला भएको अवस्था भए ठूलो कैद सजायमा सानो कैद

सजाय खापिएर एकैसाथ कैद भुक्तानी हुने कानूनी व्यवस्था भएकोमा एकसाथ मुद्दा नचलेको र एकसाथ फैसला नभई पहिलो मुद्दामा कैद भुक्तान भएपछि दोस्रो मुद्दा चलेको स्थिति र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) ले अधिकतम् र न्यूनतम् हदको सजायको व्यवस्था गरेकोमा प्रतिवादीहरूलाई अधिकतम् सजाय नगरी न्यूनतम् सजाय ठहर गर्दा कानून र न्यायको उद्देश्य पनि पूरा हुने र प्रतिवादीहरूलाई पनि प्रतिकूल असर पर्न जाने अवस्थासमेत देखिन नआएबाट पुनरावेदन अदालतको फैसलालाई बेमनासिब भन्न मिलेन ।

१३. गोमा पाँचकोटी वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक १, नि.नं. ९३३३)

- कतिपय सङ्गिन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो । अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठीत तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर नैं विधायिकाले कानूनको निर्माण गरेको हो । प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नैं नपुगोस् भन्ने नै विधायिकी मनसाय हुने ।

१४. लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार (ने.का.प.२०७२, अंक २, नि.नं.९३४६)

- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम कसूर हुनको लागि कुनै पनि व्यक्तिको बेचविखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन । सो उद्देश्यको लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुऱ्याउन बाँकी रहेको अवस्थामासमेत सो कसूर भएको मानिने ।
- मुलुकी ऐन, विहावरीको २ नं. मा "विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन" भनी गरेको व्यवस्थाले संरक्षकको मन्जुरी भएमा महिला र पुरूष दुबैको उमेर १८ र संरक्षकको मन्जुरी नभए २० वर्ष उमेर नपुगी विवाह गर्न गराउन नहुने व्यवस्थाअनुसार विवाह हुँदा न त पीडितको संरक्षकको मन्जुरी थियो भन्ने प्रतिवादीहरूको जिकिर छ नत पीडितको उमेर २० वर्ष पुगिसकेको थियो भन्ने जिकिर लिन र सो पुष्टि हुने प्रमाण प्रस्तुत गर्न नै सकेको पाइन्छ । माथि उल्लेख भएअनुसार वारदातको समयमा पीडितको उमेर १४ वर्षमात्र रही वैध विवाहको लागि चाहिने उमेर पूरा भएको नदेखिँदा पीडित र प्रतिवादीको बीच भएको उक्त विवाह वैध विवाह नभई बालविवाह भएको तथ्य पुष्टि हुन आउने ।
- मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था हुँदा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको मान्नु पर्ने । पीडितको उमेर वारदातको बखत १६ वर्षभन्दा कम रहेको

अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको वा पीडितले करणीको लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

- पीडितको उमेर १४ वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबरजस्ती करणी भएको मानिने ।
- पीडित स्वयम्ले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन् र त्यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो बयानको व्यहोरा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने ।
- पीडित मौकामा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर घटनाको बारेमा बयान मात्र दिइन् वा त्यस्तो घटनासँग सम्बन्धित कसूरको अनुसन्धान प्रक्रिया अगाडि बढाउन निजले नै जाहेरी वा उजुरी दिएकी हुन् होइनन् भनी खोजिनीति गरिरहनु पर्ने र पीडित स्वयम्को उजुरी नभई पीडित बालिकाका मातापिता वा संरक्षकले उजुरी वा जाहेरी दरखास्त दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित बयानको प्रमाणिकता शून्य हुने वा त्यस्तो बयान प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी न्यायको रोहमा साँघुरो अर्थ गर्न नमिल्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचबिखन तथा ओसारपसार अपराधको उजुरी पीडित वा अरू कसले दियो भन्ने कुराभन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो वा भएन भन्ने कुरा महत्वपूर्ण हुने ।
- पीडित बालिका आफैंले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको बयान व्यहोरालाई पीडितले अदालतमा पुनःउपस्थित भई बकपत्र नगरेको भनी उक्त मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न नमिल्ने ।
- अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुऱ्याउनु वा पुनस्थापना गर्न सक्नु पर्छ । तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने ।
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने तथा बाबुआमा, कानूनी संरक्षक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकामाथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यहार, शोषण, यौन दुर्व्यहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ । नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने नदेखिने ।
- अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकारसमेतबाट सो सम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी देखिने ।

- अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा राख्नुपर्ने हुन्छ । तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रस्ट हुन आउने ।
- पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रूरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने ।
- पीडकको आर्थिक हैसियत वा क्षमताले त्यस्तो क्षतिपूर्तिमा निणार्यक स्थान प्राप्त गर्ने वा निर्णयको आधार बन्ने अवस्था सिर्जना गरिनु नहुने । अन्यथा पीडक पहिचान हुन नसकेको, फरार रहेको, आर्थिक अवस्था कमजोर रहेको वा कम उमेरको रहेको भन्ने जस्ता तर्कहरू अगाडि ल्याएर पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित वा सङ्कुचित हुन जाने ।
- यस्तो अवस्था सिर्जना हुन गएमा पीडित बाँच्न पाउने हकबाट नै वञ्चित भई पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन नसकी पीडितको बाँच्न पाउने मौलिक हक र आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तर्राष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्याससमेतको आधारमा हामीकहाँसमेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा मान्नुपर्ने हुन्छ । यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो । यस हकलाई व्यावहारिक, वास्तविक र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व र राज्यको कर्तव्य हुने ।
- पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने ।
- पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस् अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवं त्यस्तो क्षतिपूर्ति र पुनःस्थापन राज्यले नै गर्नुपर्ने ।
- महिला हिंसा, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार जस्ता मुद्दामा पीडितले भोगेको पीडा स्वरूप पाउने क्षति नागरिकको अभिभावक र संरक्षक भएको हैसियतले राज्य स्वयम्ले तत्काल उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्ने ।
- क्षतिपूर्तिबापतको रकम राज्यले पीडकबाट असुल उपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था लागू गर्न सक्ने ।
- पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले पीडितलाई थप पीडा दिन नमिल्ने ।
- पीडितले प्रतिवादीहरूबाट भराइ पाउने ठहर भएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगोसरह असुलउपर गर्नु, गराउनु एवं अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति रकम

एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउन र सो रकम पीडकबाट असुल उपर गर्ने गराउने व्यवस्था मिलाउन यथाशीघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

१५. लाक्पा तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ११, नि.नं. ९४९६)

- इन्कारी बयानलाई प्रतिवादीले समर्थन गर्ने प्रमाणहरू पेश गर्न सकेको देखिँदैन । आफ्नो मुलुकबाट अर्को मुलुकमा बिक्री भएकी पीडित महिलाले लगाएको कपडा र प्रयोग गरेका अन्य सामानहरू त्यसरी अन्यत्रको सामान्य चिनजानको मानिसको डेरा कोठामा फेला पर्नु कसूर अपराधको प्रमाणसँग सम्बन्धित हो । कसूर अपराध गर्ने व्यक्तिले आफूले गरेको कसूर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झुठ्ठो बयान गर्ने हुँदा त्यसलाई सङ्गलित प्रमाणहरूबाट विश्लेषण र मूल्याङ्कन गरि न्याय निरूपण गर्नुपर्ने ।
- प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुऱ्याएको देखिएको र कानूनले पनि बिक्रीसमेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएको कार्यलाई कसूर मानेको हुँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसूर गरेको देखिने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ) को खण्ड (२) मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचासहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेसमेतको व्यवस्था भएको देखिन्छ । आरोपित कसूर गरेको ठहर भएपछि जरिवाना पनि गर्नु पर्ने तथ्यमा विवाद छैन । प्रस्तुत मुद्दामा सुरू अदालतले उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीलाई जरिवाना गरेको देखिँदैन । ऐनको दफा १७ को कानूनी व्यवस्था हेर्दा जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि निजबाट मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्नेसमेतको व्यवस्था भएको देखिँदा कानून बमोजिम जरिवाना पनि गर्नु पर्नेमा सुरू अदालतले जरिवाना नगरेको हदसम्म केही उल्टी गरि १० वर्ष कैद सजाय, एकलाख रूपैयाँ जरिवाना र पीडितले प्रतिवादीबाट ५०,००० ।— रूपैयाँ भराई लिन पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६ ।११ ।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

१६. योगबहादुर लामा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १, नि.नं. ९५२५)

- प्रमाण ऐन, २०३१ को दफा १०(१) को कानूनी व्यवस्थाअनुसार कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने वा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ । त्यसका अतिरिक्त सोही ऐनको दफा १८ मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रस्तुत घटनाबाट पीडित जाहेरवालीहरूले मौकामा दिएको जाहेरी व्यहोरालाई पुष्टि गर्दै अदालतमा आई बकपत्र गरी प्रतिवादीउपरको अभियोग दाबीलाई समर्थन गरेको देखिएकाले पीडित जाहेरवालीहरूले व्यक्त गरेको तथ्यलाई अदालतले ठोस प्रमाणको रूपमा लिनुपर्ने देखिन आएको अवस्थामा

यी प्रतिवादीसमेतको मिलोमतोमा पीडित जाहेरवालीहरूलाई बेच्नको उद्देश्यले नै लैजान लागेको देखिएकाले प्रतिवादीको अदालतको इन्कारी बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीउपर रहने गरी विशेष व्यवस्था गरेको पाइन्छ । सो दफामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । सो ऐनको उक्त विशेष व्यवस्थाअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेको प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन सक्नुपर्ने ।

१७. नेपाल सरकार वि. पुष्पा तामाङसमेत (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६४३)

- जुनसुकै मुद्दाको कारवाही र किनारा गर्दा अधिकारक्षेत्रको प्रश्न प्रारम्भिक प्रश्नको रूपमा रहेको हुन्छ । अदालतले आफूमा निहित न्यायिक अधिकारको प्रयोग गर्दा संविधान र कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही गर्नुपर्ने।
- न्यायिक उपचार प्रदान गर्दा जसलाई जे गर्न भनि तोकिएको छ, उसले त्यति मात्र उपचार प्रदान गर्न सक्छ । आफूलाई प्राप्त नभएको अधिकारको प्रयोग गर्नु वा आफूलाई प्राप्त भएको भन्दा बढी अधिकारको प्रयोग गर्दा त्यसले अधिकार क्षेत्रको त्रुटि भई त्यसरी गरिएका निर्णय र आदेश निष्प्रभावी र निरर्थक हुन पुग्ने ।
- कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सृजना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ । विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन । कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालते विचार गर्न सक्छ र अधिकारक्षेत्र बाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ । यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हुन जाने।

१८. नेपाल सरकार वि. सोमबहादुर तामाङ (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७७)

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव औसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ । यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी कानूनले अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपुरक भने होइनन् । ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा वेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएको नै भन्न सकिँदैन तापनि सो उद्देश्यले

लगेमा ओसार पसार भने गरेको नै मानिने ।

- प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भएपनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुऱ्याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबी बमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

१९. लाक्पा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८४)

- कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन नसक्ने ।
- अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नुपर्छ । यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । एउटा महिलाले अर्को महिलाला sexual object अत को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ । महिलाले महिलालाई जबरजस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिक कारणहरू रहेका हुन सक्छन् । जस्तो कुनै व्यक्ति शारीरिकुरूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिक रूपमा महिलाप्रति नै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिला माथि जबरजस्ती करणी गर्न सक्छ । त्यसै गरी कोही व्यक्तिले यौन रोमान्चकताको लागिसमेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुन सक्छ । यस्तो सम्बन्ध वा अनुभूतिभित्र पनि असहमति वा जबरजस्ती करणी हुन सक्छ । जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक हुने ।

२०. भगीरथ दाहल वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक ६, नि.नं.९८२४)

- पीडितलाई भएको शोषण, प्रतिवादीले स्वदेशबाटै वैधानिक निकायबाट पठाएको नदेखिएको तथा निज वैदेशिक रोजगारसम्बन्धी आधिकारिक व्यक्ति नभई निजको कार्य जीउ मास्ने बेच्ने ऐनले स्पष्ट परिभाषित कसूर भएको हुँदा प्रतिवादीको जिकिरमा उल्लिखित वैदेशिक रोजगार ऐन आकर्षित हुने नदेखिने ।
- मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन् । परिस्थितिजन्य प्रमाणहरूबाटसमेत कसूर स्थापित गर्न सकिने ।
- देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिएपनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सँधै सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन

जाने ।

- मानवीय जीवनको sanctity लाई बचाउन तथा यसलाई अझ मूल्यवान बनाउन राज्यको ठूलो भूमिका रहन्छ । व्यक्तिको अस्तित्व अझ ओजपूर्ण बनाउन र पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अंगहरू र समाजसमेत समझ सचेत र सक्षम हुनुपर्छ । पीडितको राहतको निमित्त कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता तथा न्यायका उपभोक्ताहरूसमेत पीडितमुखी हुन जरूरी देखिने ।
- पीडितलाई एकातिर छाडेर अपराधीको पछाडि मात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन । पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिन्छ । जुन पीडित राहतशास्त्रको अवधारणाबाट अगाडि बढन जरूरी देखिन आउने ।
- विधायिकी कानूनले मात्र सँधै समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुन सक्छ । अदालतको काम मूल्यको खोजी एवं पहिचानसमेत गर्नु हो । जुन मूल्यले मानवको आदर्श एवं सम्मानलाई कम हुन नदिई उचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ । विधायिकी कानून नैतिकता कै पक्षमा प्रकट हुने भएपनि अदालत सदासर्वदा त्यस्को पक्षमा प्रयत्नशील र अभ्यस्त रहन्छ । न्याय गतिशिल प्रक्रिया हो । न्यायको सटिक परिभाषा गर्न सजिलो छैन । यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्याय सापेक्ष (relative) मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्दछ र मानव मूल्यलाई संरक्षण गर्दछ । यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानु पर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी हुने ।
- अभियोगपत्र दायर गर्दा प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्था नभएकोले अभियोग माग दाबी नभए पनि पीडितलाई केही हदसम्म भए पनि न्याय दिन अदालत अगाडि सर्नु पर्ने नै हुन्छ । अदालतले न्यायिक प्रक्रियामा मुद्दा पिच्छे मूल्यको (value) पहिचान गर्नु पर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्वको value judgement भइराखेको हुन्छ । अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भ अनुसार कानूनको व्याख्या एवं प्रयोग गर्नुपर्ने ।
- जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनपर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने । संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशील रूपमा हेर्नु पर्ने ।

२१. नेपाल सरकार वि. शान्ति वि.क. (ने.का.प.२०७४, अंक ८, नि.नं.९८६८)

- पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेकको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्ने ।

- विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ । सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्ने ।
- न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाईसमेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ । अभियुक्तले जरिवाना तिर्न नसकेकको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुर्नस्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने ।

२२. नेपाल सरकार वि. सानुमाया राई (श्रेष्ठ) (ने.का.प.२०७५, अंक १, नि.नं. ९९३५)

- आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसूर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्यरूपमा उल्लेख गरेको हुनुपर्ने ।
- अभियोग पत्रमा अपराधका तत्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित हुने ।
- अभियोजन पक्षले प्रतिवादी नै प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको वा सरेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीले पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने ।

२३. करवीर शाही वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक २, नि.नं. ९९५८)

- गरिबी र बेरोजगारीमा रहेकाले आफैंले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापि होइन र यो कानूनको मनसाय पनि होइन । कानूनले स्पष्ट रूपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसूर नै मानेको अवस्था देखिने ।
- मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर मानवता विरूद्धको अपराधमा पीडितहरू त्रसित, कमजोर र हतोत्साही अवस्थामा रहने र एकजना पीडित बालिका नै रहेको अवस्थामा घटनाको परिस्थिति र घटनाको असरहरूमा फरक बयान नरहेको अवस्थामा पीडितहरूको बयानमा कतै घटनाको क्रमबद्धरूपमा वर्णन नभएकोले केही विरोधाभास देखिन्छ भन्ने आधारमा मात्र पीडितहरूको बयानलाई अन्यथा भन्न नमिल्ने ।

२४. ताराबहादुर बस्नेत वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ६, नि.नं.१००२५)

- वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले जिउ मास्ने बेच्ने कसूरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले वारदातका कसूरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले कसूरदारलाई

जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने ।

- जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ" भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसूरमा संलग्न हुने कसूरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ । यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसूरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहे पनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसूरदारलाई गरिएको सजाय र कसूरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्ने ।
- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसूर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँगसमेत समाञ्जस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने ।

२५. दीपेन्द्र पाठक वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक ७, नि.नं. १००५२)

- मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैं अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसूरको उनीसँग हुने प्रमाण भनेको आफू/व्यक्ति स्वयं नै प्रमाण/साक्षीको रूपमा रहने हुँदा उनले दिएको जाहेरी/उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्व राख्दछ । बयानमा लेखिएका घटनाक्रमको वर्णन/प्रतिवादीको बयानमा Chain of Incident बाट पनि अभियोगहरू स्थापित हुन्छ । यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुऱ्याउने भार प्रतिवादीमै रहने ।

२६. नेपाल सरकार तामाङ वि. शंकर वि.क (ने.का.प २०७५, अंक ८, नि.नं १००७०)

- मुख्यतः अपराधका चारवटा चरणहरू हुन्छन् । पहिलो हो अपराध गर्ने मनसाय चरणस यस चरणमा कसैले कुनै अपराध गर्ने बारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ । दोस्रो हो तयारी चरण यसमा मनले सोचेको कुरालाई कार्य रूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ । तेस्रो हो उद्योग चरण यसमा अपराधको तयारीपश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खाली पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ । चौथो तथा अन्तिममास यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ । यसबाट अभियुक्तलाई लगाइएको कसूरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ । यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो । यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने ।

२७. नेपाल सरकार वि. ठगबहादुर सुनार (ने.का.प. २०७५,अंक ९ नि.नं. १००९०)

- अपराध शास्त्रमा अभियुक्त उपर लिइएको अभियोग दाबी बमोजिमको कसूर आधार, प्रमाणबाट पुष्टि भएमा मात्र कसूरको मात्रा, कसूरमा अभियुक्तको संलग्नता लगायतका समग्र पक्षहरूको विश्लेषण पश्चात् अभियुक्तलाई सो कसूर गरेउपर मौजुद रहे भएको कानूनी व्यवस्था बमोजिम मात्र सजाय गर्नुपर्ने मान्यता स्थापित छ जुन कानूनी शासनको मकसदसमेत हो । कुनै पनि अभियुक्त उपरको कसूर स्थापित भैसके पश्चात सो कसूर गरेउपर रहेको कानूनी व्यवस्था बमोजिम सजाय नगरी आफू खुसी सजाय निर्धारण गर्नु मान्य न्यायका सिद्धान्त विपरीत समेत हुन जाने।

२८. याङ्गचेन तामाङ वि. नेपाल सरकार (ने.का.प २०७५, अंक १०, नि.नं १०११८)

- वादीले लिएको दावीमा नै कानूनले अपराध हुनको लागी अनिवार्य रूपमा चाहिने आवश्यक तत्व (Mandatory constituent elements of crime) भनी उल्लेख गरेका तत्वहरूको आधार प्रमाणसहित उल्लेख नगरी ती तत्वहरूलाई स्थापित नगरी केवल कसूर गरिएकोले सजाय गरिपाउँ भन्नेसमेत दावी लिएको र अपराधका सम्पूर्ण आवश्यक तत्वहरूको संयोजनात्मक उपस्थिति (Concurrent Presence) नभएको अवस्थमा प्रतिवादीमा प्रमाणको भार रहेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीको पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने ।

२९. वसन्त रावल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१८५)

- वस्तुतः दण्ड सजायको महलको ४१क. मा भएको कानूनी व्यवस्था व्यक्तिले बिना तजबिज, बिना भेदभाव, समानरूपमा सबैले प्राप्त गर्न सक्ने प्रकृतिको हक सुविधा रहेभएको देखिँदा यस्तो सुविधा फैसला कार्यान्वयनको क्रममा बिना भेदभाव सबैको लागि समान रूपमा कार्यान्वयन गर्नुपर्ने ।

३०. वेदबहादुर मगर वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९०)

- प्रमाणित बयान आफैंमा एक महत्वपूर्ण प्रमाणको रूपमा रहे तापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनु पर्ने अनिवार्यता देखिन्छ । तसर्थ, पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसूरदार कायम गर्ने प्रयोजनार्थ महत्वपूर्ण प्रमाण भए तापनि त्यसलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने नदेखिने ।

३१. राजकुमार सोनार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९३)

- सुरूवातदेखि अन्तसम्म एक जना व्यक्ति मात्र संलग्न रही पीडितलाई विदेश लैजाने र बिक्री गर्ने कार्य गरेकोले प्रत्येक चरणबापत छुट्टाछुट्टै कसूर कायम गर्ने अवस्था हुँदैन । कसूरको पूर्णता विदेशमा लगी बिक्री गरेपछि हुने भएको र सो कार्य गर्ने व्यक्ति एउटै भएको अवस्थामा कसूर गर्दाको चरण चरणको आधारमा छुट्टाछुट्टै सजाय गर्ने कार्य तर्क र न्यायसङ्गत नदेखिने ।

३२. वसन्त परियार वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४२)

- प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी बष्दिष् को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । त्यस्तो बष्दिष् को जिकिर तथ्यपरक,

निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्ने ।

३३. वसन्त रावल वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ५, नि.नं.१०२६६)

- पीडितको प्रमाणित बयान रहेको तथा अन्य मिसिल संलग्न प्रमाणहरूलाई हेर्दा पीडितको परिवार ज्यकतष्भि हुँदैमा मात्र प्रतिवादी निर्दोष हुन् भन्न नसकिने ।
- प्रतिवादीले पीडितलाई एक ठाउँबाट अर्को ठाउँ हुँदै भारतको वनबासासम्म लगी पीडितको नाजुक स्थितिको फाइदा लिई यौन शोषण Sexual exploitation को कार्य गरी गर्भधारणसम्म भएको र निजले जबरजस्ती गर्भपतनसमेत गरेको प्रमाण मिसिलबाट देखिँदा प्रतिवादीको उक्त कार्य ओसारपसारको परिभाषाभित्र नै पर्ने ।

३४. नेपाल सरकार वि. शोभा वादी (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२७४)

- केबल अभियुक्त अदालतमा उपस्थित हुन आएनन् भन्ने आधारमा कसूर ठहर गर्नुलाई न्यायिक प्रक्रियाको दुरूपयोग गरेको (miscarriage of justice) अथवा गम्भीर अन्याय (gross injustice) भएको अर्थमा बुझ्नु पर्ने हुन्छ । प्रतिवादी अदालतमा उपस्थित नभएको कुरालाई नै स्वयम्मा निर्णायक प्रमाण मान्ने र अभियोग दावी ठहर गर्ने कुरा अतार्किक, गैरकानूनी र अविवेकपूर्ण हुन जाने ।
- प्रतिवादीका तर्फबाट पुनरावेदन पर्न नआएको अवस्था भएपनि प्रमाणको दृष्टिले न्यायको रोहमा प्रतिवादीउपर ठहर भएको कसूर र सजाय उल्टी नगर्दा गम्भीर अन्यायको स्थिति पैदा हुने वा गम्भीर कानूनी त्रुटि कायम रहने अवस्था देखिन आयो भने पुनरावेदन सुन्ने अदालतले मातहत अदालतको इन्साफ फरक पर्ने वा उल्टिने गरी फैसला गर्न मिल्ने ।

३५. श्यामकुमार राम वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ९ नि.नं. १०३४९)

- कानूनले आफ्नो निर्दोषिता प्रमाण गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त नहुने ।
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि अभियुक्तले गरेको कसूरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनको परिधिबाहिर गई भएको कार्य के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ त्यसतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने।

३६. नेपाल सरकार वि. विनोद ढकालसमेत (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४१२)

- मानिसलाई जतिसुकै दुःख पीडा वा गरिबी भए पनि कसैले कसैलाई मृगौला बेच्न उत्प्रेरणा दिने तथा सहयोग गर्ने कार्य निश्चय नै उसको नैतिकता, सामाजिक जवाफदेहिता र कानूनको समेत बर्खिलाप भई त्यस्तो कार्य कानूनी अपराधको रूपमा परिभाषित हुन जान्छ र सो कार्य गरेबापत मानिस दण्डित पनि हुनैपर्ने ।

३७.नेपाल सरकार वि. विनोद ऋषिदेवसमेत (ने.का.प. २०७६, अंक ७ नि.नं. १०५४४)

- एउटै घटनाका सम्बन्धमा कुनै एक प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा फरक पर्ने गरी अदालतसमक्ष बयान गर्दछ र सोही घटनामा संलग्न अर्का प्रतिवादीले अदालतसमक्ष बयान गर्दा अनुसन्धानको क्रममा बयान गर्ने प्रतिवादीको बयान व्यहोरासँग मेल खाने गरी बयान गर्दछ र उक्त अनुसन्धानको बयानलाई जाहेरी व्यहोरा, वस्तुस्थिति मुचुल्का र अदालतबाट प्रमाणित भएको पीडिताको बयान व्यहोराबाटसमेत समर्थित छ भने अनुसन्धानको क्रममा गरेको निज प्रतिवादीको बयानलाई अन्यथा भन्नुपर्ने अवस्था नहुने ।

३८. नेपाल सरकार वि. मुना मगर मेचे (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९६)

- फौजदारी कसूरमा जसले जे जस्तो कसूर गरेको हो सोही अनुसारको नै सजाय हुनु न्यायोचित हुन जाने हुन्छ । केबल कसूर कायम भयो भन्दैमा कसूरको मात्रालाई विचारै नगरी ठुलो सजाय गराउने र गर्ने उद्देश्यबाट अभिप्रेरित भई बलपूर्वक व्याख्या गरी ठुलो सजाय तोकिनु फौजदारी न्यायको मर्म विपरित हुन जाने भई न्यायको अनुभूतिसमेत हुन सक्दैन अतः कसूर अनुसारकै सजाय तोकिनु न्यायको मर्म पनि हो भने न्यायोचित कुरा पनि हुन आउने ।

३९. जितबहादुर सुनार वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६५७)

- विधायिकाले मानव बेचबिखनजन्य कार्यलाई अति गम्भीर र संवेदनशील अपराधको कोटीमा राखी जाहेरी र अनुसन्धानको क्रममा पीडितले गरेको कागजलाई पछि यस्ता पीडित व्यक्ति सो कसूर गर्ने व्यक्तिको प्रभावमा परी अदालतमा बकपत्र गर्ने क्रममा आफ्नो मौकाको भनाइबाट विमुख नहुन भनी राखिएको देखिने ।
- वारदातको प्रकृति, पीडितको बयान बेहोरा र मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणबाट करणी भएको होइन भन्न नसकिने अवस्था हुँदा पीडितको अनुसन्धानको क्रममा स्वास्थ्य परीक्षण नगराएको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउने नदेखिने ।

४०. नेपाल सरकार वि. लक्ष्मण थापा (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९७)

- वस्तुतः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को कार्यान्वयनको प्रसङ्गमा, क्षतिपूर्तिसम्बन्धी व्यवस्था भनेको पीडितको हकमा बनेको कानूनी व्यवस्था हो । कानूनले प्रस्टसँग पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको अवस्थामा नभराइदिने हो भने पीडितमाथि अन्याय हुन जान्छ । नेपालको संविधानको धारा २१ को अपराध पीडितको हकभित्र पीडितको क्षतिपूर्ति पाउने हक पनि अन्तरनिहित भएको मान्नुपर्दछ । संविधान र कानूनले पीडितले क्षतिपूर्ति पाउने कुरालाई सुनिश्चित गरेको अवस्थामा सुरू जिल्ला अदालत र उच्च अदालतबाट पीडितले क्षतिपूर्ति पाउनेबारे मौन बस्दा उक्त फैसला संविधान एवं प्रचलित कानूनी व्यवस्थासमेतको विपरीत भई न्यायको रोहमा मान्य नदेखिने ।

४१. कल्पना भण्डारीसमेत वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७०२)

- कुनै व्यक्तिलाई भारततर्फ लगियो वा लगिँदैछ भन्ने कुराको आधारमा मात्र मानिसलाई बेच्नका लागि लगेको भनी निष्कर्ष निकाल्नु बिलकुल अनुचित, अतार्किक र अन्यायपूर्ण निष्कर्ष हुन जाने । मानव बेचबिखनको उद्देश्यले नै भारतमा लगेको वा लैजाने प्रयास गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित

हुनुपर्ने । केवल भारततर्फ जान लागेको कुरालाई मात्र हेरेर शंका वा अनुमान गरी मानव बेचबिखनको कसूर ठहर गर्नु कानूनसङ्गत नहुने ।

४२. चित्रबहादुर बराइली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६५)

- आरोप लगाइएका व्यक्तिउपर अभियोग मागदाबी लिई अभियोजन गर्नुअगाडि अभियोजकले मिसिल संलग्न प्रमाणहरूको मिहिन रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । जाहेरी पर्नु र सोउपर अनुसन्धान हुनु मात्र अभियोजनको आधार हुन सक्दैन । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपरको अभियोग समर्थित गराउनु फौजदारी न्यायको सन्दर्भमा अभियोजकको अनिवार्य दायित्व हो । शंकाको भरमा प्रमाणको रोहमा समर्थित हुन नसकेको अभियोगबाट अभियोग स्थापित हुन सक्दैन । यस्तो अवस्थामा स्वाभाविक रूपमा त्यसको फाइदा अभियुक्तलाई पुग्ने ।
- अपराध र अपराधीको जडसम्म नपुग्ने गरी गरिने अनुसन्धान र अभियोजनले न्यायको वास्तविक मर्म प्रतिबिम्बित गर्न नसक्ने ।
- अप्रमाणित तथ्यलाई बलपूर्वक जोडी कसैउपर गरिने अभियोगले न्यायको वास्तविक चित्र प्रस्तुत गर्न नसक्ने ।
- अनुसन्धान र अभियोजन पक्षले जिम्मेवारी पूरा नगरी पेस गरेको सतही अनुसन्धान, अभियोजन तथा खण्डित र टुक्रिएका प्रमाणको कडीमा कसूर कायम गरी गरिएको सजाय न्यायको रोहमा उपयुक्त नदेखिने ।
- कसूर भयो भनी कसैउपर पोल गरिनु र सोही आधारमा कुन कानूनको उल्लङ्घन भयो सोतर्फ समेत विचार नगरी कसैउपर अभियोग लगाउने कार्य मात्रलाई फौजदारी न्यायले न्यायिक पर्यासता नमान्ने ।

४३. Kenneth Joseph Coombs वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७७२)

- बाल यौन दुराचार वा अप्राकृतिक मैथुनभित्र मुलुकी ऐन जबरजस्ती करणीको १ नं.को स्पष्टीकरण खण्डको (घ) नं. र प्रचलित मुलुकी अपराध संहिताको दफा २१९(२) को स्पष्टीकरण खण्डको (ग) को अवस्थालाई समावेश गरिएको मान्नुपर्ने ।
- बालयौन दुराचारलाई मुलुकी अपराध संहिताको महिला विरूद्ध हुने यौन दुर्व्यवहार विरूद्धको दफा २२४ को कसूर वा बालबालिका विरूद्ध हुने दफा २२५ को बालयौन दुरूपयोगको कसूरसम्म मात्र मान्न सकिने देखिँदैन । यसलाई दफा २२६(३) अन्तर्गतको कसूर मान्नुपर्ने ।
- बाल यौन दुराचारीलाई पिडोफाइल भन्न मिल्ने देखिए पनि सबै पिडोफाइल बाल यौन दुराचारी नहुन पनि सक्ने भएकाले बाल यौन दुराचार (child sexual abuse) र पिडोफाइल (pedophile) का बिचमा के कस्तो अवस्थामा समान अवस्था र के कस्तो अवस्थामा भिन्नता छ भन्नेबारेमा हेर्दा सबै पिडोफाइललाई बाल यौन दुराचारको कसूरदार मान्न नसकिए पनि सबै बाल यौन दुराचारीलाई पिडोफाइल मान्न सक्ने देखिन्छ । पिडोफाइललाई मानसिक समस्यासँग सम्बन्धित विषय मानी उसले घटना घटाएपछि मात्र बाल यौन दुराचारको कसूर बन्ने अन्यथा पिडोफाइलको अवस्थालाई मात्र आफैंमा अपराध मान्न मिल्ने नदेखिने ।
- उमेर पुगेको व्यक्तिले नाबालकसँग गर्ने यौन सम्पर्क अपराध मात्र नभएर नैतिकपतनको कार्यसमेत हो तर पिडोफाइल मानसिक अस्वस्थता हो, जसमा यौन लक्षण नदेखिएका नाबालकप्रति पिडोफाइलको यौन आकर्षण अत्यधिक बढेको हुन्छ । यस्तो मानसिक अवस्था आफूभित्रै रहेको अवस्थामा यसले अपराध सिर्जना गर्दैन र व्यक्तिभित्रै रहेको पिडोफाइल चाहनालाई अपराध मान्न मिल्दैन तर कार्यमा परिणत भएमा यो अपराधसँगै नैतिक पतनको घटना मानिने ।

- बाल यौन दुराचार मुद्दामा स्वयं पीडित साक्षीको भनाइको प्रामाणिक मूल्य अत्यन्तै महत्त्वपूर्ण रहेको हुन्छ । वारदातका सम्बन्धमा मौकाको भनाइलाई समर्थन गरी अदालतसमक्ष व्यक्त भएका भनाइलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने ।
- यौनसम्बन्धी शारीरिक एवं मानसिक पूर्णरूपमा विकसित नभएकाले प्रतिवादीहरूउपरको कसूर अपराधको परिणाम के कस्तो रहने भन्ने कुराको कुनै ज्ञान नभएका अबोध नाबालकले मौका तथा वारदातमा आफूउपर भएको कार्य निस्कपट रूपमा बकपत्र गरेको अवस्थामा अबोध नाबालकहरू छलकपट गर्न सक्ने क्षमता नभएकाहरूलाई मलाई यही प्रश्न सोध्छ भन्ने कुराको जानकारी नै गराई सिकाइएको भन्ने प्रतिवादीको भनाइ केवल अनुमान मात्र मान्नुपर्ने ।

४४. भवानी राजवंशी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १२, नि.नं. १०७९७)

- फौजदारी कानूनको प्रयोग गर्दा जुन कार्यका लागि कानूनले जे जुन सजायको व्यवस्था गरेको छ, सोहीबमोजिमको कानून प्रयोग गरिनुपर्दछ । कानूनको परिधि नाघेको कुनै एउटा तथ्यको आधारमा ठुलो कसूरजन्य कार्य गर्न लागेको कुराको अनुमान गरी शंकाकै आधारमा गम्भीर प्रकृतिको कसूर गरेको भनी ठहर गर्नु हामीले अनुशरण गरी आएको फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हुने ।

४५. नेपाल सरकार वि. भीमाकुमारी थारू (चौधरी) समेत (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८३१)

- विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त नहुने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसूरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।

४६. नेपाल सरकार वि. हिरा हमालसमेत (ने.का.प. २०७९, अंक ४, नि.नं. १०८५९)

- कुनै कसूर नैतिक पतन देखिने फौजदारी अपराध हो होइन भन्ने कुराको निर्णय सम्बन्धित समाजमा तत्काल कायम रहेको नैतिक मूल्यको सन्दर्भमा गर्नुपर्ने । सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौजदारी अपराधको सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन सम्भव नदेखिने । नैतिक पतन हुने फौजदारी कसूर किटान गर्ने कार्य विधायिकाले न्यायिक विवेकमा छाडेको र न्यायकर्ताले पनि विषय वा सन्दर्भलाई विचार गरेर मात्र त्यस सम्बन्धमा निष्कर्षमा पुग्नुपर्ने ।

४७. बमबहादुर सार्की वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९२)

- कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण नहेरिने हो भने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले उक्त प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउने सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र विषयवस्तुतर्फ हेरिनुपर्ने ।

४८. इमान तामाङ वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९१२)

- मानव बेचबिखन र मानव ओसारपसार दुई भिन्न कसूरजन्य कार्य भएकोले दुवैको कसूरजन्य अवस्था, कसूरको प्रकृति एवम् परिणामसमेत फरक फरक हुने । यी कसूरहरू प्रायः सँगसँगै हुने भएकोले कुनै वारदातमा दुवै कसूर हुने वा कुनैमा एउटा मात्र पनि हुन सक्ने । एउटाको अभावमा अर्को कसूर नहुने भनी परिपूरक मान्न भने नसकिने।

४९. नेपाल सरकार वि. नरेशबहादुर विष्टसमेत (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९३३)

- प्रचलित कानूनले कसूरदार ठहर भएकोमा नैतिक पतन देखिने कसूर गरेको स्थापित गर्नुपर्ने गरी बाध्यात्मक स्थितिको सिर्जना नगरेको अवस्थामा दाबी गर्न पाउने र दाबी गरेकै आधारमा मात्र नैतिक पतन देखिने कसूर गरेको भनी स्थापित गर्नु न्यायोचित नहुने ।

५०. सुमन तामाङ वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ८, नि.नं. ११३२४)

- मानव बेचबिखन मुद्दामा कसैलाई मुख्य अभियुक्त वा पूर्ण अपराधको रूपमा कसूरदार कायम गर्ने बेचबिखनको उद्देश्यले पीडितलाई नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा सोही उद्देश्यले विदेशमा लाने, किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउनेसम्मको कार्यमा संलग्न रहेको वा त्यस्तो कार्य गरेको हुनुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को व्यवस्था भनेको मानव बेचबिखन जस्तो जघन्य कसूरबाट पीडित व्यक्तिको न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि प्रचलित फौजदारी कानूनको कार्यविधिगत प्रक्रियाभन्दा फरक तथा विशिष्ट रूपमा विधायिकाले उक्त ऐनमा गरेको व्यवस्था हो । मुख्य रूपमा मानव बेचबिखनको मुद्दामा पीडितले मौकामा दिएको जाहेरी बेहोरा पुष्टि गर्न प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतमा बकपत्र गर्न उपस्थित हुन नसकेको अवस्थामा पनि त्यसरी पीडितले गरेको प्रमाणित बयान अदालतले प्रमाणमा लिन सक्ने । तर सो कानूनी व्यवस्थाको अर्थ कुनै व्यक्तिले आफूउपर मानव बेचबिखनको कसूर गरेको भनी जाहेरी दिई सोहीबमोजिम मौकामा बयान गरी त्यस्तो बयान जिल्ला न्यायाधीशबाट प्रमाणित भएको कुरालाई मात्र प्रमाणको रूपमा ग्रहण गर्ने र मिसिल संलग्न अन्य प्रमाणलाई बेवास्ता वा उपेक्षा गर्ने भन्ने होइन । पीडितको प्रमाणित बयान कसूर प्रमाणित वा खण्डित गर्न महत्त्वपूर्ण भूमिका रहने भए पनि यो मात्र एकल र निरपेक्ष प्रमाण भने होइन । मानव बेचबिखनजस्तो गम्भीर मुद्दामा केवल जाहेरी दरखास्त र मौकाको प्रमाणित बयानको आधारमा मात्र कसैलाई कसूरदार कायम गर्न पर्याप्त नहुने । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ मा गरिएको कानूनी व्यवस्थामा विधिकर्ताको त्यस्तो मनसाय सन्निहित रहेको अवस्था पनि होइन । दफा ६ को उल्लिखित कानूनी व्यवस्थाले पीडितलाई प्रमाण ऐन, २०३१ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांशमा भएको कानूनी व्यवस्था विरूद्ध संरक्षण प्रदान गरेको सम्म हो । अतः दफा ६ मा उल्लेख भएको व्यवस्थाको विधायिकी मनसायलाई निरपेक्ष रूपमा व्याख्या गर्न नमिल्ने ।

५१. नेपाल सरकार वि. सुसिसकुमार थारूसमेत (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६८)

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसूरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण

सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।

- ओसारपसार कुन उदेश्यले गरिएको छ सो पनि हेर्नुपर्ने । कसूरमा बेचबिखनको वा शोषणको वा वेश्यावृत्तिको उद्देश्य भएमा मात्र मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुने । तर विवाहको निमित्त गरिएको ओसारपसारलाई मानव बेचबिखनको निमित्त गरिएको ओसारपसारअन्तर्गतको कसूर मान्न नसकिने ।

५२. अर्जुनप्रसाद शर्मा वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६९)

- अदालतको न्यायिक अभ्यासको रोहमा हेर्दा मानव बेचबिखनको कसूर ठहर हुन मानिसलाई बिक्री गर्ने उद्देश्य हुनुपर्ने, स्वदेशको एक स्थानबाट अर्को स्थान होस् वा विदेश नै लगेको किन नहोस् तर बिक्री गर्ने उद्देश्यले नै लगेको प्रमाणित हुनुपर्ने ।
- वेश्यालयमा लगी बिक्री गर्ने वा वेश्यागमन गरेको अर्थात् आर्थिक फाइदा लिनेसमेत उद्देश्यले वेश्यालयमा पुऱ्याएको अवस्थाका साथै मानव अङ्ग जस्तै किड्नी आदि बेच्ने कार्यलाई समेत मानव बेचबिखनको कसूर मान्नुपर्ने ।
- मानव बेचबिखन र ओसारपसार दुई फरक कसूर भएको र कतिपय अवस्थामा यी दुवै कसूर सँगसँगै आउने भए पनि एकको अनुपस्थितिमा पनि अर्को कसूर हुन सक्ने ।

लागू औषध

१. हेमराज पिके वि. श्री ५ को सरकार (ने.का.प. २०४९(ख), अंक ५, नि.नं. ४५३९)
२. श्री ५ को सरकार वि. डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्दसमेत (ने. का. प.२०५९, अंक ३/४, नि.नं. ७०७०)
३. सूर्य वहादुर स्याङताङसमेत वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक १, नि.नं. ७३२२)
४. सुवोध कुमार उर्फ पप्पु वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक ३, नि.नं. ७३४१)
५. श्री ५ को सरकार वि. बुद्धिमान गुरूङसमेत (ने.का.प. २०६१, अंक ४, नि.नं. ७३६५)
६. श्री ५ को सरकार वि. गोर्डन विलियम रविन्सन (ने.का.प. २०६१, अंक ८, नि.नं. ७४२१)
७. श्री ५ को सरकार वि. सुदर्शन कुवँरसमेत (ने.का.प. २०६१, अंक ९, नि.नं. ७४३६)
८. राजु खड्का वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक १२, नि.नं. ७४७५)
९. सचिन श्रेष्ठ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक २, नि.नं. ७६४९)
१०. जितेन्द्र श्रेष्ठ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक ५, नि.नं. ७७०४)
११. पदम बहादुर तितुङ वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ६, नि.नं. ७७१४)
१२. Florin Percul वि. नेपाल सरकार (ने.का.प. २०६४, अंक २, नि.नं. ७८१८)
१३. रामबहादुर थापा वि. श्री ५ को सरकार (ने.का.प. २०६४, अंक ३, नि.नं. ७८२९)
१४. नेपाल सरकार वि. लाक्पा तामाङसमेत (ने.का.प. २०६६, अंक २, नि.नं. ८०८३)
१५. नेपाल सरकार वि. मगरे खाँसमेत (ने.का.प.२०६६, अंक १०, नि.नं. ८२४३)
१६. धनकुमारी सिटौला वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२६९)
१७. शेरबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०६८ अंक १२ नि.नं. ८७२८)
१८. शकुल शाही ठकुरी वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७४३)
१९. नेपाल सरकार वि. अर्जुन भोटे भन्ने जीतबहादुर खत्री (ने.का.प. २०६९, अंक ११, नि.नं. ८९२३)
२०. विमला कर्माचार्य वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक २, नि.नं. ९१२६)
२१. नेपाल सरकार वि. राजु लामा (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१६४)
२२. मोहमद फैज वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२१३)
२३. मानबहादुर खड्का वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२१७)
२४. नेपाल सरकार वि. राजेश खड्गीसमेत (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२७४)
२५. नेपाल सरकार वि. किरण प्रभात नेपालीसमेत (ने.का.प. २०७३, अंक १०, नि.नं. ९६९२)
२६. मोहम्मद जावेद मुसलमान वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १०, नि.नं. ९७०४)
२७. सुमन शाही वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक, ४, नि.नं. ९७९२)
२८. नेपाल सरकार वि. राजेशकुमार लामा (ने.का.प.२०७५, अंक ५, नि.नं. १०००३)
२९. शोभित गौतम वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १००११)
३०. नेपाल सरकार वि. मनिष मानन्धरसमेत (ने.का.प. २०७५, अंक ६, नि.नं. १००३३)

३१. सङ्गबहादुर तामाङ वि. नेपाल सरकार (ने.का.प २०७५, अंक ८, नि.नं १००६७)
३२. सागर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०२०२)
३३. नेपाल सरकार वि. लिम्बू भन्ने दिलबहादुर घर्ती (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६८)
३४. नेपाल सरकार वि. देवबहादुर घले (ने.का.प. २०७६, अंक ११, नि.नं. १०३८१)
३५. उसमान आलमसमेत वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४०५)
३६. रमेश भन्ने बै लामा वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १, नि.नं. १०४१७)
३७. नेपाल सरकार वि. मुकेशकुमार दाससमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९५)
३८. नेपाल सरकार वि. समिर राजभण्डारीसमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९८)
३९. नेपाल सरकार वि. अर्जुन वि.क. समेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६४१)
४०. साजन राई भन्ने सुजन कुमार सुनुवार वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६९)
४१. नेपाल सरकार वि. राजन कार्की (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८६)
४२. लोकेश योगी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१७)
४३. नेपाल सरकार वि. अकिल अहमद अन्सारी (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७८०)
४४. नेपाल सरकार वि. गुरुदेव अधिकारी (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९१)
४५. नेपाल सरकार वि. सञ्जय न्यौपानेसमेत (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९२८)
४६. QAMAR JAHAN वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४८)
४७. नेपाल सरकार वि. बिकी दास (ने.का.प. २०७९, अंक १०, नि.नं. १०९५७)
४८. नेपाल सरकार वि. गोविन्द भन्ने गोपिन्द्र शाहसमेत (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८७)
४९. नेपाल सरकार वि. धनबहादुर तामाङसमेत (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९९९)
५०. रोहित पालिवाल अग्रवाल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०५९)
५१. नेपाल सरकार वि. संजिव रावत (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६९)
५२. केशवबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०७०)
५३. नेपाल सरकार वि. गोविन थापा (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०७४)
५४. नेपाल सरकार वि. राजु महर्जन (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४३)
५५. नेपाल सरकार वि. देवीलाल यादवसमेत (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६४)
५६. डिम्पल जेनी भन्ने हरिमाया गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक १, नि.नं. ११२२९)
५७. नेपाल सरकार वि. मञ्जु भन्ने सम्झना तामाङ (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६१)

१. हेमराज पिके वि. श्री ५ को सरकार (ने.का.प. २०४९(ख), अंक ५, नि.नं. ४५३९)

- अदालत समक्ष बिना आधार प्रतिवादीहरूले प्रहरीको बयानलाई स्वेच्छा विरुद्धको भन्दैमा अदालतले उक्त भनाईलाई मात्र आधार मानी प्रमाणको रूपमा मान्न इन्कार गर्ने हो भने अनुसन्धानको क्रममा प्रतिवादीहरूको कागज गराउने कानुनी व्यवस्थाको कुनै औचित्य नै नरहने ।
- बरामदी मुचुल्काको काम तामेल गर्ने व्यक्ति भएको नाताले मात्र निजको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने गरी प्रमाण ऐन लगायतका अन्य कुनै कानुनले रोक लगाएको नपाइने बरु प्रमाण ऐन, २०३१ को दफा १८(ख) अनुसार निजको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने ।
- लागू औषध हेरोइन बरामद भएको भनी किटानी बकपत्र गरेको अवस्थामा बरामदी मुचुल्काका अर्का साक्षीले सो बरामदी मुचुल्कालाई स्वीकार गर्दै सो मा सही सम्म प्रहरी थानामा गरेको भनी बकपत्र गरेको आधारमा मात्रै सो बरामदी मुचुल्कालाई अन्यथा भन्न नमिल्ने ।

२. श्री ५ को सरकार वि. डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्दसमेत (ने.का.प.२०५९, अंक ३/४, नि.नं. ७०७०)

- आफुले बोकी ल्याएको ब्यागमा लागू औषध भएको तथ्य थाहा थिएन भनी निजले आफ्नो अज्ञानता देखाए पनि कानून बमोजिम कसूर ठहरिने कार्यको अज्ञानतावाट सजांयमा छुट हुन्छ भन्न नमिल्ने ।
- लागू औषध सम्वन्धी अपराध ठहरिने कार्यमा सरिक भएको देखिएकै मात्र आधारमा ऐनमा ब्यबस्था भएको माथिल्लो हदको कसूर कायम गरी सजाय गर्नु पर्दछ भन्ने दावी न्यायोचित हुन नसक्ने ।
- एउटै कसूरमा संलग्न देखिएका ब्यक्तिहरूको पनि कसूरमा संलग्नताको रूप फरक फरक हुन सक्नाले कसूरमा संलग्नताको रूप र त्यस सम्बन्धी भएको कानूनी व्यवस्थालाई मध्यनजर राखेर नै सजाय गर्नुपर्ने ।

३. सूर्य वहादुर स्याङताङसमेत वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक १, नि.नं. ७३२२)

- प्रहरीले गाडी सर्च गरेपछि मात्र लागू औषध चरेस रहेको थाहा पाउने पुनरावेदक प्रतिवादीहरु एउटै गाडीम संगै गएको कारणले मात्र कसूरदार मान्नु न्यायसँगत नदेखिने ।
- प्रतिवादीहरुलाई आफू सवार रहेको कारमा लागू औषध रहेको भन्ने कुराको पूर्व जानकारी रहेको भन्ने कुराको प्रमाण देखिन नआउनुको साथै अपराधमा संलग्न रहेको भन्ने कुराको ठोस र खम्विर प्रमाणको अभावमा पुनरावेदक प्रतिवादीहरुले कसूर गरेको ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०५९।५।२५ को इन्साफ उल्टी भइ प्रतिवादीहरुले सफाइ पाउने ।

४. सुवोध कुमार उर्फ पप्पु वि. श्री ५ को सरकार (ने.का.प.२०६१, अंक ३, नि.नं. ७३४१)

- लागू औषध (नियन्त्रण) ऐन विशेष प्रकृतिको ऐन भएको र विशेष प्रकृतिको ऐनले गरेको व्यवस्था सोही अनुरूप कार्यान्वयन भएको हुनुपर्छ । लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को व्यवस्थाले सो ऐनको दफा ४ ले निषेधित गरिएका कार्य गरेको भन्ने देखिन आएमा निषेधित कार्य गरेको आरोपित व्यक्तिले वरामद भएको लागू औषध वा पदार्थ यो यति कारणले ऐन सम्मत तरिकाले राखेको भन्ने कुराको पुष्टि गर्ने कार्य वा प्रमाणको दायित्व त्यसरी निषेधित वस्तु राख्ने व्यक्तिमा नै रहने ।
- अनुसन्धान तहकिकातवाट कसैको शरीर, कोठा वा साथवाट वरामद भएको पदार्थ निषेधित तवरवाट खरिद

विक्री ओसारपसार आदि गरेको वा सो गर्न भनी संचय गरेको देखिन आएमा केवल अदालतको बयानमा सजायको भागी हुन नपरोस् भनी स्वइच्छाले वरामदी लागू औषध आफ्नो होइन कहाँवाट आयो भन्ने जस्ता कथन राखी आरोपित कसूरमा इन्कारी हुँदैमा संकलित सवुद प्रमाण र घटनाको कडीवाट पुष्टी भइरहेको विषय वस्तुलाई अन्यथा भनी अनुमान गर्न नमिल्ने ।

- अनुसन्धानका क्रममा भएका बयान, बरामदी मुचुल्काका मानिस र प्रतिवेदकहरूको यी प्रतिवादीहरूको रोहवरमा सो लागू औषध वरामद गरिएको हो भन्ने बकपत्र, बरामद भएको घरको घरधनी समेतको कागज समेतका प्रमाणबाट आरोपित सबै प्रतिवादीहरू बरामद भएको लागू औषध विदेश भारतबाट खरिद गरी लिई आई नेपालमा बिक्री वितरण गर्ने प्रयोजनका लागि संचय ओसारपसार समेतको कार्य गर्नमा समान रूपले लागेको भन्ने कुरा पुष्टि भइरहेको देखिने ।
- पुनरावेदक प्रतिवादीहरू सुवोध कुमार उर्फ पप्पु रमेश कडरिया र वैजनाथ गुप्ता समेतका प्रतिवादीहरूले बरामद भएको लागू औषध, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) मा वर्णित कार्य गरेको सिद्ध हुन आएकोले सो अभियोगमा दावी बमोजिम सोही ऐनको दफा १४(१) (छ) (३) बमोजिम जनही १५ वर्ष कैद र ५ लाख रूपैयाँ जरिवाना हुने ठहर गरेको शुरु जिल्ला अदालतको फैसला सदर गरेको पु.वे.अ. को फैसला मिलेकै देखिंदा सदर हुने ।

५. श्री ५ को सरकार वि. बुद्धिमान गुरूङसमेत (ने.का.प. २०६१, अंक ४, नि.नं. ७३६५)

- प्रतिवादीहरू समेतले वोकेको झोलावाट ८५ किलो ग्राम गांजा वरामद भएको भन्ने मिति २०५३।८।१८ को वरामदी मुचुल्कावाट देखिन्छ । उक्त वरामदी मुचुल्का र वरामद भएको गांजा सहितको झोला प्रतिवादीहरूले गरेको सनाखतवाट प्रतिवादीहरूको साविती बयान पुष्टि भइरहेको देखिई यी प्रतिवादीहरू समेतले गांजा सहितको झोला लिई वसमा हिडेको भन्ने कुरामा कुनै विवाद देखिन नआउने ।
- गांजा एक ठाउँवाट अर्को ठाउँमा लग्नको लागि बसमा लिई हिडेको अवस्थामा प्रतिवादीहरू पक्राउ परेको देखिन आएको छ । प्रतिवादीहरूले सो अपराधजन्य कार्य गर्न षडयन्त्र उद्योग तथा दुरुत्साहन गरेको र मतियार भएको भन्ने अवस्था नदेखिई निजहरूले कारणीको हैसियतमा उक्त अपराध जन्य कार्य गरेको अवस्था देखिन आएकोले निज प्रतिवादीहरूले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अन्तर्गतको गांजा ओसारपसार गर्ने कसूर अपराध गरेको देखिन आउने ।

६. श्री ५ को सरकार वि. गोर्डन विलियम रविन्सन (ने.का.प. २०६१, अंक ८, नि.नं. ७४२१)

- विदेश जान लागेका विदेशी नागरिकलाई प्रहरीले विना कारण र आधारमा पक्राउ गर्नुपर्ने र निजलाई जबरजस्ती केशको कारवाही हो भनी कागजमा सही गराउनु पर्ने अन्य अवस्था नदेखिएको र प्रतिवादी स्वयंलेसमेत सो कुरा पुष्टी गर्न नसकेवाट सो लागू औषध निज प्रतिवादी गोर्डन विलियम रविन्सनका साथबाट वरामद भएको रहेनछ भन्न सकिने अवस्था देखिन नआउने ।
- पूर्व प्रतिपादित कानूनी सिद्धान्त र कानूनी व्याख्या जवसम्म पुनरावलोकनको माध्यम वा अन्य तरिकाबाट परिमार्जन संशोधन वा परिवर्तन हुदैन तवसम्म ती सिद्धान्त वा व्याख्या अनिवार्यरूपमा पालाना हुनेपर्ने ।
- लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८(२) मा कुनै जग्गा वा सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलाशी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगरपंचायत वा गाउँ पंचायत वा वडा समितिका एक जना कर्मचारीलाई साक्षी राखी गर्नुपर्नेछ तर समयले नभ्याएको स्थितिमा उपरोक्त व्यक्तिहरू साक्षी

नराखी गरेको वरामदी मुचुल्का नै अमान्य हुने नदेखिने ।

- प्रतिवादी आफूले अंग्रेजी भाषा बुझ्ने बोल्ने र लेख्ने व्यक्ति रहेका भनी बयानमा स्वीकार गरेको र अंग्रेजीमा उल्था गरी निजलाई बयान गराइएको र संझाइ बुझाई निजले स्वेच्छाले हस्ताक्षर गरेको हो भन्ने पुनरावेदकतर्फको जिकिरलाई अन्यथा अर्थ गर्नुपर्ने अवस्था नदेखिने ।
- वरामद भएको लागू औषध निजको जुत्ता र झोलामा फल्स वटम बनाई शुरक्षा निकायलाईसमेत झुक्यानमा पारी अवैध तरिकाले खरिद गरि बिक्री गर्ने उद्येश्यले विदेशतर्फ जान लागेको तथ्य निजको बयान र अन्य प्रमाण कागजातबाट पुष्टी भइरहेको देखिन आउने ।

७. श्री ५ को सरकार वि. सुदर्शन कुवँरसमेत (ने.का.प. २०६१, अंक ९, नि.नं. ७४३६)

- लागू औषध नभए पनि गैर लागू पदार्थलाई समेत लागू पदार्थको रुपवाट कारोवार गर्ने कार्यलाई समेत कसूर मानि सजायको व्यवस्था गरिएको देखिदा कारोवार गर्ने व्यक्तिलाई विवादित पदार्थ लागू औषध हो भन्ने जानकारी हुनु वा नहुनुले कारोवारको परिणामलाई असर नपार्ने ।
- लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७क मा उल्लिखित "लागू औषध भन्ने विश्वासमा पारी" भन्ने व्याक्याशंले कारोवारकर्तालाई लागू पदार्थ हो भन्ने जानकारी भएको हुनुपर्छ भन्ने अर्थ गर्न नमिल्ने ।
- समग्रमा दफा १७ क ले लागूपदार्थको नाममा वा रुपमा हुने गैर लागू पदार्थको कारोवारलाई समेत सजाय योग्य कार्य भनी तोकेको सम्म देखिन्छ, कारोवार कर्तालाई लागू पदार्थ हो भन्ने थाहा भएको अवस्था हुनै पर्ने भन्न नमिल्ने।
- लागू पदार्थको कारोवार गर्ने प्रतिवादीहरुलाई लागूपदार्थ हो भन्ने थाहा भए नभएको कुराले उल्लिखित १७ क नं. बमोजिमको कसूरमा कुनै अन्तर नआउने ।

८. राजु खड्का वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक १२, नि.नं. ७४७५)

- लागू औषध बिक्री गरी नाफाको हिस्सा मत सल्लाहमा खाने कार्य गरेको देखिंदा र सोही अवस्थामा सबै गिरफ्तार भै यी प्रतिवादीहरू सबै संगठित रूपमा सर सल्लाहमा पसी लागू औषध खरिद गर्ने, ओसारपसार, बिक्री वितरण गर्ने कार्य गरेको हुँदा अपराधिक कार्यलाई प्रतिवादी पिच्छे अलग अलग गरी हेर्न नमिल्ने ।
- लागू औषध बिक्री गरी नाफा बाँडी खाने उद्देश्यले मत सल्लाह गरी भारतबाट ल्याउने ग्राहक खोज्ने र बिक्री गर्ने कार्यमा सबैको समान संलग्नता भएको देखिंदा समग्रतामा हेर्नुपर्ने हुन आउँछ । सबै प्रतिवादीहरू लागू औषध खरिद ओसार पसार संचय र बिक्री वितरण गर्ने कार्यमा समान रूपले लागेको पुष्टि भैरहेकोमा निजहरूको संलग्नतालाई पृथकपृथक गरी हेर्न नमिल्ने भनि ने.का.प. २०६१, अंक ३, नि.नं. ७३४१, पृष्ठ २५१ मा पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएबाट पृथक गरी हेर्न नमिल्ने ।
- केवल अदालतको बयानमा सजायको भागी हुन नपरोस भनि कसूरमा इन्कारी हुँदैमा संकलित सबुद प्रमाण र घटनाको कडिबाट पुष्टि भैरहेको विषयवस्तुलाई अन्यथा भनि अनुमान गर्न नमिल्ने ।

९. सचिन श्रेष्ठ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक २, नि.नं. ७६४९)

- प्रहरी अधिकृतले सरकारी वकील समक्ष गराएको बयान आफ्नो स्वेच्छा विपरीत भएको वा प्रहरीले कुटपिट गरी वा डर त्रासमा पारी गराएको भन्ने जिकिर लिन र सो कुराका सम्वन्धमा अदालतलाई विश्वास दिलाउन नसकेको अवस्थामा पुनरावदेक प्रतिवादीको सो सम्बन्धी पुनरावेदन जिकिर कानून तथा औचित्यको

दृष्टिकोणबाट समेत मनासिब देखिन नआउने ।

- प्रस्तुत मुद्दा प्रहरी नायब निरीक्षक विनोद निरौलाको प्रतिवेदनवाटै उठान भएको र निजले नै प्रतिवादीहरूको खानतलासी गरी लागू औषध बरामद गरेको भन्ने मिसिल संलग्न प्रतिवेदन तथा बरामदी मुचुल्कावाट देखिन आएकोले प्रस्तुत वारदातका सम्वन्धमा निजले गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदन जिकिरमा कुनै कानूनी आधार नदेखिने ।

१०. जितेन्द्र श्रेष्ठ वि. श्री ५ को सरकार (ने.का.प. २०६३, अंक ५, नि.नं. ७७०४)

- अख्तियारवाला व्यक्ति कार्गो अफिसरले विदेश कार्गो गरी सामान पठाउँदा अर्काले प्याक गरी ल्याएको सामान सोझै पठाउने नभई ति सामान कानूनद्वारा निषेधित सामान हो होइनन् सो समेतको चेक जाँच गरी पठाउनु पर्नेमा प्रतिवादीले उक्त सामान आफै वुझी लिई प्याकिङ्गसमेत आफैले गरी कार्गो गराउन पठाएको भनी बयान गरेकोसमेत देखिएको अवस्थामा कार्गो गरिएको प्याकेज भित्रको बरामद भएको वस्तु चरेस रहेछ भन्ने कुरा निज प्रतिवादीलाई थाहा रहेनछ अथवा थाहा हुन सक्ने अवस्था रहेनछ भनी भन्न नमिल्ने ।
- प्रतिवादीले जानी वुझिकन कानून बमोजिम पालना गर्नुपर्ने दायित्व तथा कर्तव्य समेतलाई उल्लघन गरी कानूनद्वारा निषेधित लागू औषध चरेस आफ्नो कार्गो कम्पनी मार्फत निकासी गर्न लागेको देखिएको अवस्थामा उक्त लागू औषधको ओसार पोसार बिक्री वितरण गरेको छैन, कार्गो गरी पठाउन लागिएको सामान धुपका वट्टा तथा धुप भएको भनी जिकिर लिने प्रतिवादीले सो जिकिरलाई भरपर्दो ठोस सवुद प्रमाण पेश गरी प्रमाणित गर्नुपर्नेमा सो प्रमाणित गर्न सकेको नदेखिंदा निजले आरोपित कसूर गरेको रहेछ भन्ने स्पष्ट देखिने ।

११. पदम बहादुर तितुङ वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ६, नि.नं. ७७१४)

- पुनरावेदक कसूरमा संलग्न रहेका भनी अनुसन्धान क्रममा बयान गर्दा सहअभियुक्तले गरेको पोल मात्रलाई यी पुनरावेदकलाई कसूरदार ठहर गर्ने पर्याप्त प्रमाण मान्न नमिल्ने ।
- प्रतिवादी पदमबहादुर समेतलाई बारदातका दिन पक्राउ गरेको भनी बकपत्र गरेको भएपनि यी प्रतिवादीको अनुसन्धान क्रममा बयान नभएको र निजलाई पक्राउ गरेको भन्ने जिल्ला प्रहरी कार्यालयको पत्र भएबाट प्रतिवेदक प्रहरीहरुको सो भनाई प्रमाण ग्राह्य नदेखिने ।
- अदालतले एउटै तथ्यलाई एक मुद्दामा मान्यता दिनु र अर्को मुद्दामा मान्यता नदिनु न्यायपूर्ण हुन नसक्ने ।
- अदालतमा इन्कारी बयान गर्ने सह अभियुक्तले अनुसन्धान क्रममा गरेको पोल बाहेक पुनरावेदक विरुद्ध प्रमाण लाग्ने ठोस सबुद मौजुद नरहेको, प्रतिवेदक प्रहरीहरुले पनि अदालतमा बकपत्र गर्दा यी पुनरावेदकलाई गडाउ गर्न नसकेकेको अवस्थामा अभियोग दावीबमोजिम कसूर गरेको ठहराएको जिल्ला अदालतको इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

१२. Florin Percul वि. नेपाल सरकार (ने.का.प. २०६४, अंक २, नि.नं. ७८१८)

- सोधपुछ गर्दा, बयान गर्दा गराउँदा वा कुनै आदेश दिई Suspect/accused बाट केही काम गराउँदा संविधानको धारा १४(३) को हक र ICCPR को धारा १४.३ (a) र (f) ले प्रदान गरेको सुविधा प्रदान गर्नुपर्छ । तर, नेपाल कानून मुलुकी ऐनको अ.वं. १७२ को कार्यविधि अपनाई खानतलासी गरी वा अन्य तरिकाले अपराधसँग सम्बन्धित चिज वा बस्तु बरामद गर्दा उपरोक्त सुविधा प्राप्त नहुने ।

- Testimonial हुने कार्यमा ICCPR को धारा १४(३) को (a) र (f) आकर्षण हुन्छ र यस्तो Suspect/ accused लाई Covenant ले दिएको धारा १४(३) (a) र (f) को सुविधा अनिवार्य रूपले उपलब्ध गराउनु पर्ने ।
- पुनरावेदकको पेटबाट निजले निलेको क्याप्सुल Volitional act अर्थात् निजको सहमतीले नै निकालेको देखिएको हुँदा यसमा संविधानको धारा १४(३) विपरीत वा पुनरावेदकलाई ICCPR को धारा १४(३) (a) र (f) अन्तर्गतको सुविधा उपलब्ध नगराएर निकालिएको भन्ने तर्कमा सहमत हुन नसकिने ।
- Covenant को धारा १४(३) को खण्ड (a) र (f) को व्यवस्था भनेको अभियुक्तले बुझ्ने भाषामा सही अनुवाद गरी अभियुक्तलाई जानकारी गराउन सक्ने ।
- अभियुक्तले बोलेको भनेको कुराहरू सही अनुवाद गरी अदालत लगायतका नेपालका सम्बन्धित अधिकारीलाई जानकारी गराउने व्यवस्था हो । Covenant को धारा १४ को उपधारा (३) को खण्ड (a) र (f) को व्यवस्थाको लागि Interpreter कुनै मान्यता प्राप्त संस्थाबाट Interpreter भनी प्रमाणपत्र प्राप्त व्यक्ति नै हुनुपर्छ भन्ने व्याख्या गर्न नमिल्ने ।
- पुनरावेदक आफैले रोजेको कानून व्यवसायीको सल्लाह लिनबाट प्रहरीले वञ्चित गरेको भनी शुरु अदालत एवं पुनरावेदन अदालतमासमेत जिकिर नगरेको र मिसिल संलग्न वकालतनामाले पुनरावेदक कानून व्यवसायीबाट प्रतिरक्षा गरिएको देखिएको आधारमा पुनरावेदकको मुद्दाको पुर्पक्ष वेरीतको वा पुनरावेदकलाई नेपालको संविधान वा ICCPR ले दिएको कानून व्यवसायीको प्रतिरक्षा गर्ने हकबाट वञ्चित भएको मान्न नसकिने ।

१३. रामबहादुर थापा वि. श्री ५ को सरकार (ने.का.प. २०६४, अंक ३, नि.नं. ७८२९)

- प्रत्यक्ष वा परिस्थितिक अर्थात् Direct or circumstantial evidence बाट आफूले लगाएको अभियोगको प्रमाणित गर्ने कानूनी कर्तव्य वादीको हो । लागू औषध सम्बन्धी अपराधमा प्रमाणको भारमा अभियुक्तमा सारिएको छ भन्दैमा हर अवस्थामा, हरेक मुद्दामा वादी आफूले चाहि केही प्रमाण नजुटाउने केवल आफू समक्षको सावितीको बयानको भरमा लगाएको अभियोगमा प्रतिवादीले आफू निर्दोष छ भन्ने प्रमाण पुऱ्याउन नसकेकोले दोषी करार हुन्छ भन्ने ऐनको व्यवस्था होइन यस्तो अर्थ हाम्रो फौजदारी न्याय र मान्य सिद्धान्त तथा हाम्रो संवैधानिक व्यवस्था एवं मौलिक अधिकार समेतको विपरीत हुने ।

१४. नेपाल सरकार वि. लाक्पा तामाङसमेत (ने.का.प. २०६६, अंक २, नि.नं. ८०८३)

- लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७(क) अनुसुसार कसूरदार ठहर हुँनको लागि कुनै पदार्थलाई लागू पदार्थ हो भन्ने विश्वासमा पारी कारोबारसमेत गरेको देखिनु पर्ने ।
- लागूपदार्थ हो भन्ने विश्वासमा पारी कारोबार समेत गरेको भन्ने देखिन नआएको र कुनै वस्तु बरामद भै जाँच गराउँदा सो वस्तुलाई लागूपदार्थ नभएको भन्ने देखिएकोमा अन्य वस्तुलाई लागूपदार्थ भन्ने विश्वासमा पारी कारोबार गरेको भनी कसूर गरेकेको ठहर गर्न न्यायोचित नहुने ।

१५. नेपाल सरकार वि. मगरे खाँसमेत (ने.का.प.२०६६, अंक १०, नि.नं. ८२४३)

- लागू औषधको Manace लाई नियन्त्रण गर्ने उद्देश्यले विधायिकाले आफूमा भएको विधायिकी अधिकार प्रयोग गरी समाजको बृहत्तर हितलाई ध्यानमा राखी बनाएको कानूनलाई अन्यथा भन्न नमिल्ने ।

- फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात् Corpus Delict पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने ।
- कुनै व्यक्तिले लागू औषधको कारोवार गर्ने व्यक्तिलाई चिन्दैमा, कारोवार गर्ने व्यक्तिसँग आवजावत, उठबस गरी मित्रता कायम गर्दैमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन । त्यस्तो व्यक्तिका विरुद्ध ठोस सबूद प्रमाण भए मात्र मुद्दा चल्न सक्ने ।
- अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिबिधि जस्तोसुकै शंकास्पद भएपनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन नसक्ने ।
- फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहीत प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिनाप्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरुप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।

१६. धनकुमारी सिटौला वि. नेपाल सरकार (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२६९)

- बयानका क्रममा राजीखुशी विना शारीरिक यातना दिइएको अवस्थामा प्रहरी समक्ष गरिएको पूर्ण वा आंशिक साबित बयान स्वतन्त्र प्रमाणबाट समर्थित नभएसम्म त्यस्ता बयानलाई बिवादरहित प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने ।
- एउटै बरामदी मुचुल्कामा सहिछाप गर्ने कुनै व्यक्तिलाई मुद्दा नै नचलाइनु र कसैलाई चलाइने पर्याप्त आधार के हो सो अभियोगमा केही उल्लेख नै छैन । लागू औषध चरेससम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादी पक्षले प्रमाण जुटाउन पर्दैन भन्ने ऐनको मनसाय होइन । सबै प्रमाणबाट प्रतिवादीहरू निर्दोष देखिने स्थिति छ भने सोको विरुद्ध आफुले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउनु पर्ने भार र कानूनी दायित्व वादी पक्षको पनि हो । सो कुरालाई इन्कार गर्न मिल्दैन । यस्तो फितलो, मनोगत र अनुमानका आधारमा लिएको दावीबाट मात्र यी प्रतिवादीहरूले कसूर गरेको ठहर गर्न कानून र न्यायसंगत नहुने ।

१७. शेरबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२८)

- ठुलो सजायबाट बच्ने उद्देश्यले अपुष्ट जिकिर लिनु नै कसूर र सजाय परिवर्तन गर्ने आधार हुन नसक्ने ।
- फरक स्थानमा बसोबास गर्ने र वारदात समयमा सँगसाथमा नभएका साक्षीहरूको अनुमानमा आधारित बकपत्र तर्कसंगत नहुने ।
- अभियोग दावी समर्थित प्रमाण रहेको र सो प्रमाण अन्यथा भन्ने पुष्टि हुन नसकेको अवस्थामा अपुष्ट रूपमा इन्कारी बयान गर्नु मात्र कसूरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।
- लागू औषधको कारोवार गर्न सँगै हिँडेको अवस्थामा कसैबाट मात्र लागू औषध बरामद हुनु र अन्य सँगसाथका व्यक्तिबाट बरामद नहुनुले खास असर नपार्ने ।
- लागू औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागू औषध बरामद भएको छ, निजसँग सो लागू औषधको कारोवार गर्न आफु नहिँडेको वा निजको समूहमा सामेल नभएको भन्ने तथ्य स्पष्ट रूपमा पुष्टि नभएसम्म समूहगत रूपमा पक्राउ परेको देखिए पछि प्रतिवादीहरू मध्ये कसैको सो लागू औषधको कारोवार गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिरहनु नपर्ने ।

- लागू औषध छ भन्ने थाहा पाई लागू औषध बोक्नेसँग वा निजको समूहसँग सोको कारोवार गर्न सँगै हिँडेको अवस्थामा कसैबाट लागू औषध बरामद नभएकै आधारमा सिर्जित दायित्वबाट उन्मुक्ति पाउने वा लागू औषध बरामद नभएको भन्ने आधारमा दायित्वमा भिन्नता नहुने ।
- लागू औषध नै नभएको अवस्थामा पनि लागू औषध हो भनी विश्वासमा पारी अन्य पदार्थको कारोवार गर्नेलाईसमेत अपराध गरेवापत हुने सजायको आधा सजाय हुने लागू औषध ऐन, २०३३ को दफा १७क मा व्यवस्था भैरहेको अवस्थामा लागू औषध हेरोइन भन्ने पुष्टि भएको अवस्थामा हेरोइनको अगाडि खैरो भन्ने शब्द उल्लेख गर्न छुट हुँदैमा तात्विक असर नपर्ने ।

१८. शकुल शाही ठकुरी वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७४३)

- लागू औषधको परिमाण र मात्राअनुसार सजाय गर्नु नै वैज्ञानिक एवं न्यायिक हुने ।
- आ—आफूले बोकेको अर्थात् आफूबाट बरामद भएको लागू औषधसम्मको दायित्व बहन गर्नुपर्ने । सबैबाट बरामद भएको परिमाणलाई एकै ठाउँमा गाभेर सजाय गर्नु न्यायोचित् र कानूनको मर्मअनुरूप हुँदैन तसर्थ जो जसबाट जति बरामद भएको हो सोही परिमाणको आधारमा सजाय हुने ।

१९. नेपाल सरकार वि. अर्जुन भोटे भन्ने जीतबहादुर खत्री (ने.का.प. २०६९, अंक ११, नि.नं. ८९२३)

- सेवन प्रयोजनलाई खरिद गर्ने र विक्री बितरण गर्नेलाई खरिद हुने अवस्था छुट्याउन लागू औषधको परिमाणलाई हेरिनुपर्ने हुन्छ । सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागू औषध अत्याधिक मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने ।
- कुनै चीज वस्तु सँग साथमा फेला पर्नु वा सो चीजवस्तु कसैसँग रहेको कुरा स्थापित हुनु तथ्यगत प्रश्न हो, सबै तथ्यगत विषय कसूर वा अपराध हुन नसक्ने ।
- कुनै प्रतिबन्धित वस्तु कसैको साथबाट फेला पर्नु नै आपराधिक कार्य (Corpus delicti) गरेको प्रमाणित भएको मानिने प्रकृतिका अपराध जसलाई Possessory crime भनिन्छ, त्यस्ता अपराधमा आपराधिक कार्य स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीको हुने ।

२०. विमला कर्माचार्य वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक २, नि.नं. ९१२६)

- हेरोइन अफिमबाट बन्ने कडा र घातक लागू औषध भएको र लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क) को खण्ड (६क) ले अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवणसमेत मिलाई तयार गरिने कुनै पदार्थ लाई लागू औषधको परिभाषाभित्र समेटेको देखिँदा हेरोइन लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क) ले परिभाषित गरेको लागू औषधभित्र पर्ने भन्ने स्पष्ट हुन आउने ।
- लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क) को खण्ड (६क) मा भएको व्यवस्थालाई निस्तेज पार्ने गरी नेपाल सरकारले प्रकाशित गरेको सूचनामा "हेरोइन" परेको भनी दफा २३क मा भएको व्यवस्था अनुसार औषधि ऐन, २०३५ बमोजिम कारवाही र सजाय गर्न नमिल्ने ।
- लागू औषध (नियन्त्रण) ऐन, २०३३ विशेष ऐन भएकोले सो ऐनअन्तर्गतको कसूरको सम्बन्धमा खानतलासी तथा बरामदी मुचुल्का तयार गर्दा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८ ले तोके बमोजिमको कार्यविधि नै अपनाउनुपर्ने ।
- कानूनले सम्भव भएसम्म मात्र स्थानीय प्रतिनिधिलाई साक्षी राख्नुपर्ने व्यवस्था गरेको र दिनको १७:००

बजेको समयमा नगरपालिका वा गाउँ विकास समिति वा सरकारी कार्यालयका प्रतिनिधि उपलब्ध हुन सम्भव नहुने भएकोले स्थानीय निकायका प्रतिनिधि रोहबरमा नराखेको कारणले बरामदी मुचुल्का बेरीतको छ भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

- प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको वा आफू अचेत भएको कारणले प्रहरीमा कसूर स्वीकार गर्नुपरेको कुराको जिकीर लिई प्रमाणितसमेत गर्न सक्नुपर्ने ।
- आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिइएको वा अन्य के कस्तो कारणले आरोपित कसूर स्वीकार गर्नुपरेको भन्ने कुरा भन्न नसकेको स्थितिमा प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई अन्यथा भन्न नमिल्ने भई अदालतमा गरेको सो स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिनुपर्ने।

२१. नेपाल सरकार वि. राजु लामा (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१६४)

- लागू औषध अपराधको प्रकृति सांगठनिक अपराध भएकोले यस किसिमको अपराधमा मुख्य कर्ता र मतियार नभई सबै मुख्य कर्ता हुने अवस्था हुन्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरलाई मान्ने हो भने लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा भएको उपरोक्त कानूनी व्यवस्था निस्प्रयोजन मात्र नभई षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरूत्साहन गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायिकाको मनसाय नै लुप्त हुन जाने देखिन्छ । विधायिकी मनसाय नै निस्प्रयोजन हुने गरी अदालतले व्याख्यासमेत गर्न नमिल्ने ।

२२. मोहमद फैज वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२१३)

- कसैबाट कुनै लागू पदार्थ फेला परेमा निजले सो पदार्थ कानून बमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले नै पेश गर्नुपर्ने, पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने व्यवस्था गरी प्रमाणको भार प्रतिवादीमा राखेको देखिने ।
- औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागू औषध बरामद भएको छ, निजले सो लागू औषध कानून बमोजिम प्राप्त गर्न वा राख्न पाउने हो भनी तथ्ययुक्तरूपमा प्रमाणित गर्न नसकेमा सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था नहुने ।
- उल्लिखित कानूनी व्यवस्था अनुसार आफू निर्दोष रहेको प्रमाण पुऱ्याउने भार प्रतिवादीमा नै निहित रहेकोमा सो अनुसार यी पुनरावेदक प्रतिवादीले तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न सकेको नपाइने ।

२३. मानबहादुर खड्का वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२१७)

- फौजदारी अभियोगमा वादी पक्षले प्रतिवादी माथि लगाएको कसूरलाई शङ्कारहित तवरले प्रमाणित गर्ने भार वादी पक्षमा हुन्छ । अपराध पुष्टि गर्ने क्रममा शङ्काको गुञ्जायस रहनुहुँदैन । शङ्काको स्थिति उत्पन्न भएको अवस्थामा त्यसको फाइदा अभियुक्तमा जाने ।
- वादी पक्षले यी पुनरावेदक प्रतिवादीको सगँसाथबाट बरामद भएको लागू औषध बिक्री वितरणको लागि ओसार पसार, सञ्चय गरेको कुरा सम्बन्धमा शङ्कारहित तवरले पुष्टि हुने गरी प्रमाण पेश गरेको नदेखिँदा प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा आफूबाट बरामदी लागू औषध बिक्री वितरण, सञ्चय, ओसार पसार गर्ने कार्यका लागि नल्याई कुलतको बानी परेकाले सेवन गर्नका लागि खरिद गरीसम्म

ल्याएको हो भनी लिएको पुनरावेदकको पुनरावेदन जिकिर तर्कसम्मत रूपमा पुष्टि भएको पाइने ।

२४. नेपाल सरकार वि. राजेश खड्गीसमेत (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२७४)

- लागू पदार्थको उत्पादन, सञ्चय, बिक्री वितरण, निकासी तथा पैठारीलाई लागू पदार्थ तथा मनोद्दीपक पदार्थको कारोबारको रूपमा राखेको र कारोबार र सेवन दुबै कार्यलाई ऐनले निषेध गर्दै सजायको व्यवस्था गरेको र व्यवसाय नै सञ्चालन गर्ने गरी अवैधरूपमा ठूलो परिमाणमा लागू औषधको सञ्चय गर्ने कार्य कारोबारको रूपमा मानिने भए तापनि नशाको लत भएका व्यक्तिले सानो परिमाणमा सञ्चय गरी निषेधित पदार्थ राख्ने कार्यलाई कारोबारको कार्यअन्तर्गत राख्न मिल्ने नदेखिने ।
- लागू औषध प्रतिवादीले दुबै प्रयोजनको लागि सञ्चय गर्न सक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागू औषधको मात्रालाई मुख्यरूपमा विचार गरिनुपर्ने ।
- लागू औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद, बिक्री, ओसार पसार वा निकासी पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक सामाजिक र सांस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरेको कारोबार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरेको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा मानिने भनी व्यवस्था गरिएको हुँदा आरोपित व्यक्ति कसूरमा संलग्न रहँदाको सम्पूर्ण अवस्थाको विचार गरी सजाय निर्धारण गरिनुपर्ने विधायिकी मनसाय रहेको देखिने ।

२५. नेपाल सरकार वि. किरण प्रभात नेपालीसमेत (ने.का.प. २०७३, अंक १०, नि.नं. ९६९२)

- अनुमानकै आधारमा सवारी धनी तथा ऋणीले जानी बुझीकन उक्त सवारी साधन लागू औषधको कारोबारका लागि प्रतिवादीहरूलाई प्रयोग गर्न दिएको भन्न न्यायोचित नहुने ।
- अभियोगमा लागू औषधको कारोबारमा सङ्गठितरूपमा संलग्न देखाइएका व्यक्तिहरूको बैङ्क खाताको कारोबारको विवरणमा प्रतिवादीको संलग्नता पुष्टि नभएको अवस्थामा शङ्का र अनुमानका आधारमा बैङ्क खातामा रहेको सम्पूर्ण रकम लागू औषधको कारोबारबाट जम्मा गरेका रहेछन् भनी अर्थ गर्न न्यायोचित नहुने ।

२६. मोहम्मद जावेद मुसलमान वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक १०, नि.नं. ९७०४)

- लागू औषध मुद्दामा प्रमाणको भार (Burden of Proof) प्रतिवादीमा नै रहेको हुन्छ । सामान्यतः प्रमाणको भार वादीमा रहने भए तापनि कतिपय मुद्दाहरूमा विषयगत अपराधको गाम्भिर्यतालाई विचार गरी कानूनले निषेध गरेको वस्तु प्रतिवादीबाट बरामद भएमा सो तथ्यलाई कसूर मान्ने कानूनी प्रावधान भई सो आपराधिक कार्य (Corpus Delicit) स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा राख्ने गरेको पाइन्छ । यसरी कुनै प्रतिबन्धित वस्तु कसैको साथबाट फेला पर्नु नै आपराधिक कार्य गरेको मानिने प्रकृतिको अपराधलाई Possessory Crime भनिन्छ र त्यस प्रकारको आपराधमा आपराधिक कार्य स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीको हुने ।
- मौकामा कागज गर्ने व्यक्तिहरू तथा मुद्दाका प्रतिवेदक प्रहरी कर्मचारीहरूसमेत अदालतमा उपस्थित भई सुरू अनुसन्धानमा उल्लेख गरेको व्यहोरालाई समर्थन गरी बकपत्र गरेको अवस्थामा प्रतिवादीहरूले कसूर गरेको कुरा स्थापित हुन आउँछ । प्रमाणको भार प्रतिवादीहरूमा हस्तान्तरण हुने प्रस्तुत मुद्दामा

प्रतिवादीहरूले आफ्नो निर्दोषिताको प्रमाण प्रस्तुत गर्न सक्नु पर्छ । केवल निर्दोष हौं भन्ने कथन मात्र निर्दोषिता पुष्टि गर्नको लागि पर्याप्त हुन नसक्ने ।

२७. सुमन शाही वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक, ४, नि.नं. ९७९२)

- कानूनको व्याख्या गर्दा त्यसबाट पर्न जाने प्रभाव प्रति न्यायकर्ता सदैव गम्भीर रहन पर्ने देखिन्छ । कानूनको यान्त्रिक व्याख्या गर्दा त्यसबाट अनपेक्षित परिणाम निस्कन गई न्यायबाट वञ्चित हुनुपर्ने अवस्थातर्फ पनि न्यायकर्ताले ध्यान पुऱ्याउन जरूरी हुन्छ । कानून र न्यायको समायोजन हुन नसके प्रतिवादीले न्याय प्राप्त गर्ने अवस्था नै रहन्न । अतः न्यायकर्ताले यस विषयमा गम्भीर भई न्याय सम्पादन गर्न वाञ्छनीय हुन्छ । तथ्यगत रूपबाट लागू औषधको कुलतमा लागेकालाई लागू औषधको कारोबारीको रूपमा सजाय गर्दा न्यायको भावना नै मर्न जाने हुँदा विवेकशील भई न्याय गर्नु न्यायकर्ताको मुलभूत र अन्तरनिहित कर्तव्य भएकोमा द्विविधा हुन नसक्ने ।

२८. नेपाल सरकार वि. राजेशकुमार लामा (ने.का.प.२०७५, अंक ५, नि.नं.१०००३)

- प्रतिवादीसँग लागू औषध फेला परेको अवस्थामा प्रतिवादीले त्यसको वैधता प्रमाणित गर्नै पर्दैन भन्ने होइन । यसो भन्नुको मतलब लागू औषधको कसूरमध्ये प्रतिवादीले कुन कसूर गरेको हो, सेवनको कसूर हो वा कारोबारको कसूर हो भन्ने कुरालाई स्पष्ट गर्नुपर्ने, तत्सम्बन्धी आवश्यक कुरा खुलाउनु पर्ने र सोको प्रारम्भिक प्रमाण पुऱ्याउनु पर्ने वादीको दायित्वलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले समाप्त गरेको हो भन्न पनि नमिल्ने ।
- कसूरको दफा मात्र उल्लेख गरेर पुग्दैन सो दफाबमोजिमको काम प्रतिवादीबाट भएको भन्ने कुरा र तत्सम्बन्धी प्रमाण पनि दाबीमा खुल्नु आवश्यक हुने ।
- बरामदित लागू औषधको मात्रा थोरै छ बरामद भएको मात्रालाई नै अदालतले आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । बरामदित मात्रा थोरै छ बरामद भएको मात्रालाई पन्छाएर हचुवाको भरमा बरामद थोरै भए पनि कारोबारी नै हुन् भनी भन्न पनि मिल्दैन । अर्कोतर्फ एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागू औषध फेला परेको कारणले मात्रै निजलाई लागू औषधको कारोबारी ठहर गर्नु न्यायोचित नहुने ।

२९. शोभित गौतम वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ५, नि.नं. १००११)

- कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्न सक्ने वा रहन सक्ने सम्भावना रहन्छ । यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी अभियोग दाबीमा इन्कार रहेको, निजबाट लागू औषध बरामद नभएको अवस्था रहेको र वादी पक्षले यी प्रतिवादीको मौकाको साबितीलाई पुष्टि गर्ने अन्य प्रमाण गुजार्न सकेको अवस्था नहुँदा यी प्रतिवादीले आरोपित कसूर गरेको स्थापित हुन नआउने ।

३०. नेपाल सरकार वि. मनिष मानन्धरसमेत (ने.का.प. २०७५, अंक ६, नि.नं.१००३३)

- लागू औषध प्रतिवादीले सेवन र बिक्री वितरण दुवै प्रयोजनको लागि ओसार पसार गर्न सक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागू औषधको मात्रा र अन्य प्रमाणहरूको आधारमा विचार गरिनुपर्ने । प्रतिवादीको साथबाट लागू औषध बरामद हुनुलाई मात्र लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न मिल्दैन । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने ।
- लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(च) ले लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसार पसार गर्नेलाई अपराधको एउटा वर्गीकरण गरी १४(१)(छ) मा गाँजाबाहेक अन्य लागू औषध सेवन गर्नेलाई अर्को वर्गीकरणअन्तर्गत राखी १४(१)(ङ) मा सजायको व्यवस्था गरेको छ । ओसार पसारलगायतका अन्य कार्यलाई गम्भीर कसूरको रूपमा राखेको पाइन्छ भने सेवनलाई कम सजाय निर्धारण गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाले सेवनका लागि लिएर हिँड्ने क्रममा प्रयोग भएको सवारी साधन जफत गर्ने कानूनको उद्देश्य नरहेको प्रस्ट हुने ।

३१. सङ्गबहादुर तामाङ वि. नेपाल सरकार (ने.का.प २०७५, अंक ८, नि.नं १००६७)

- कानूनले लागू औषधको कसूरलाई Possessory Crime भ को रूपमा परिभाषित गरी प्रमाणको भार प्रतिवादीमा निहिति राखिदिएको र प्रतिवादीले लगाएको ट्र्याकसुटको खल्तीबाट ५९ ग्राम लागू औषध खैरो हिरोइन बरामद भएको अवस्थामा निजको अदालतको इन्कारी बयानलाई मात्र अधार मानी अभियोग दावी कसूर निजले गरेको रहन्छ भनी मान्न नमिल्ने ।

३२. सागर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०२०२)

- लागू औषधको सेवन तथा ओसारपसार एउटै अपराध नभई भिन्न प्रकृतिका अपराध हुन् । सेवन गर्ने गरेको तथ्य स्थापित भएको भन्ने आधारमा ओसारपसार, बिक्री वितरणको कसूर स्थापित हुने होइन । व्यापारिक कारोबार प्रकृतिको बिक्री वितरणको उद्देश्य प्रमाणित हुन आवश्यक हुने ।

३३. नेपाल सरकार वि. लम्बु भन्ने दिलबहादुर घर्ती (ने.का.प. २०७६, अंक ५, नि.नं. १०२६८)

- कसैको हकमा मुद्दा मुल्तबी राख्नु पर्ने अवस्थामा निजको हकहितमा असर पर्ने गरी निर्णय गर्न नमिल्ने ।

३४. नेपाल सरकार वि. देवबहादुर घले (ने.का.प. २०७६, अंक ११, नि.नं. १०३८१)

- लागू औषध बरामद भएपछि त्यसको प्रकृति अर्थात् त्यसले मानव स्वास्थ्यमा पार्ने असर, लागू औषधको परिमाण, वारदात र वारदात हुँदाको अवस्था, प्रतिवादीले पहिले पनि कारोबार गरे नगरेको र सेवन गर्ने नगर्ने अवस्थासमेतलाई मध्यनजर गरी कसूरको मात्रा निर्धारण गर्नुपर्ने ।
- बिक्री वितरण गर्ने गरेको भन्ने दावी लिँदा त्यसको वस्तुनिष्ठ आधारसमेत खुलाएको हुनुपर्ने ।

३५. उसमान आलमसमेत वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक १२, नि.नं. १०४०५)

- न्यायिक स्वविवेकको प्रयोग गर्दा कसूरदारको दोषीपना, त्यस प्रकृतिको अपराधबाट समाजमा पर्ने प्रभाव, पीडित भए निजलाई परेको पीडा, मुद्दाको तथ्यसँग आबद्ध कतिपय विषयहरू विचार गरी कसूरको दायरा निर्धारण गर्नु उपयुक्त हुने ।

- निश्चित अवधिको सजायको कानूनी व्यवस्था रहेको अवस्थाबाहेक कुनै पनि आरोपित व्यक्तिउपर पहिलोचोटिको अपराधमा सजाय गर्दा कसूरदारको दोषीपनाबारे स्पष्ट रूपले विचार नगरी एकैपटक उपल्लै हदको सजाय गर्ने हो भने उक्त व्यक्तिको अपराधप्रतिको धारणामा परिवर्तन आउन नसक्ने ।

३६. रमेश भन्ने बै लामा वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १, नि.नं. १०४१७)

- सामान्यतः फौजदारी कसूरमा प्रति अभियुक्त उपरको कसूर छुट्टाछुट्टै प्रमाणित हुनुपर्ने तथा कसूरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ तथापि सामूहिक रूपमा एकआपसमा संगठित जालो भई गरेको कसूरमा कसूरको मात्रा पनि सामूहिक रूपमै समान हुने ।
- केवल फरक–फरक स्थानमा पक्राउ परेको तथा सबैको साथबाट लागू औषध बरामद नभएको कारणले मात्र प्रतिवादीहरूको कसूरको मात्रा पनि फरक रहेको अनुमान गर्न नमिल्ने ।

३७. नेपाल सरकार वि. मुकेशकुमार दाससमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९५)

- समूहमा मिलि लागू औषधको कारोवार तथा ओसारपसारको कसूरमा संलग्न रहेको पुष्टि हुन्छ भने समूहका प्रत्येक व्यक्तिबाट लागू औषध बरामद हुन आवश्यक हुँदैन । त्यो अवस्थामा समूहका सबैले आपराधिक दायित्व वहन गर्नुपर्ने हुन्छ । तर समूहमा मिली कसूरमा संलग्न रहेको प्रमाणहरुबाट पुष्टि हुन नसकेको अवस्थामा लागू औषध बरामद नभएका प्रतिवादीहरुलाई समेत सँगै रहेको वा अन्य प्रतिवादीहरुसँग सम्पर्कमा रहेको भन्ने आधारमा मात्र कसूरदार ठहर गरी आपराधिक दायित्व वहन गराउनु न्यायसंगत नहुने ।
- सामूहिक रुपमा लागू औषधको कसूरमा संलग्न भएका व्यक्तिहरुले कुनै न कुनै रुपमा कसूर गर्नमा भूमिका निभाएको वा कुनै न कुनै रुपमा कसूरमा संलग्न रहेको तथा प्राप्त हुने लाभमा हिस्सेदार भएको अवस्था देखिनुपर्ने।

३८. नेपाल सरकार वि. समिर राजभण्डारीसमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९८)

- सेवनकर्ताले पनि कही न कहीबाट लागू औषध प्राप्त गर्ने हुन्छ । यसरी प्राप्त गर्ने र आफ्नो साथमा लिई हिड्ने कार्य व्यापारिक प्रकृतिको अर्थात अरु मानिसलाई विक्रि गरी नाफा वा लाभ प्राप्त गर्ने गरेको भन्ने नदेखिएको अवस्थामा त्यसलाई खरिद विक्रि, सञ्चय वा ओसारपसारको कसूर ठहर गर्नु न्यायोचित नहुने ।
- अभियोजन पक्षले खरिद विक्रि तथा ओसारपसारतर्फको कसूर प्रमाणद्धारा पुष्टि गर्न नसकेको, केबल केही मात्राको प्रतिबन्धित लागू औषध बरामद भएको भन्ने आधारमा नै शंका गरी अभियोग मागदावी अनुसार खरिद विक्रि, सञ्चय तथा ओसारपसारको कसूर गरेको भनी ठहर गर्नु मनासिव नहुने ।

३९. नेपाल सरकार वि. अर्जुन वि.क. समेत (ने.का.प. २०७८, अंक २, नि.नं. १०६४१)

- प्रतिवादीको साथमा यति परिमाणको लागु औषध फेला परे त्यो कारोबारको लागि हुने र यति परिमाणसम्म भए त्यो सेवनका लागि हुने भन्ने कुनै सर्वमान्य सिद्धान्त वा मापदण्ड भएको पाइँदैन 1 बरामद भएको लागु औषधको दसी प्रतिवादीसँग त्यसबखत कुन प्रयोजनका लागि रहेको थियो भन्ने कुरा तत्क्षण फेला परेको लागु औषधको परिमाणसँग निरपेक्ष रूपमा नभई तत्कालीन वस्तु परिवेशसँगको सापेक्षतामा हेरिनुपर्ने ।

४०. साजन राई भन्ने सुजनकुमार सुनुवार वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६९)

- स्पष्ट कानूनी मार्गदर्शनको शून्यतामा विधायिकी मनसायअनुरूप कानूनको व्याख्याका क्रममा प्रतिपादन हुने कानूनी सिद्धान्त नै नजिरको रूपमा रहने हुँदा यो विषय धेरै हदसम्म मुद्दाको तथ्य, प्रचलित कानूनी व्यवस्था र उपलब्ध प्रमाणसँगको त्रिकोणात्मक आयामको रूपमा परिभाषित हुन्छ । अर्थात्, मुद्दाको तथ्य नमिलेसम्म त्यस्तो नजिर उद्धृत गरिनुले मात्र त्यसको अर्थपूर्ण सम्बन्ध स्थापित हुन सक्तैन । कुनै न्यायिक निर्णय सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको विपरीत छ भनी जिकिर लिँदा त्यस्तो जिकिरकर्ताले फैसलामा लिइएको के कुन आधार त्यसरी प्रतिपादित के कुन नजिर सिद्धान्त प्रतिकूल वा अनुकूल छ भनी पक्षको हकहित स्थापित हुने उद्देश्यले स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ अनि मात्र त्यस्तो जिकिरलाई अदालतले मुद्दाको अभिन्न अंशको रूपमा हेरी विवेचना गर्नुपर्ने विषय बन्न जाने ।

४१. नेपाल सरकार वि. राजन कार्की (ने.का.प. २०७८, अंक ६, नि.नं. १०६८६)

- लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "साथमा" भन्ने बेहोरा उल्लेख भएकोबाट अभियुक्तको शरीर, निजले बोकेको वा निजको स्वामित्वको मालवस्तु र अन्य कुनै तेस्रो व्यक्तिको उपस्थिति नरहेको सवारी साधन, वाहन आदिमा फेला परेको हुनुपर्ने ।
- मानिसहरूको नियमित आउजाउ भइरहने बसपार्क जस्तो सार्वजनिक स्थलमा बस कुरिरहेको प्रतिवादी नजिकै भुइँमा भेटिएको लागु औषध यिनै प्रतिवादीले फालेको हो भनी यकिन गर्ने अवस्था नरहने । यी प्रतिवादी उभिएको स्थान नजिक बरामदित लागु औषध भेटिनु नै निज प्रतिवादीउपरको अभियोग कसूर प्रमाणित गर्ने ठोस आधार बन्न नसक्ने।

४२. लोकेश योगी वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ८, नि.नं. १०७१७)

- व्यापारिक कारोबार प्रकृतिको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा खरिद बिक्रीतर्फको कसूर कायम हुन सक्ने भए तापनि त्यसप्रकारको स्थिति नदेखिएसम्म केवल सेवन प्रयोजनका लागि केही लागु औषध खरिद गरी आफूसाथ राखी एक ठाउँबाट अर्को ठाउँमा गएको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसूर ठहर गरी सजाय गर्नु न्यायोचित नहुने ।

४३. नेपाल सरकार वि. अकिल अहमद अन्सारी (ने.का.प. २०७८, अंक ११, नि.नं. १०७८०)

- लागु औषधसम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा निहित छ भन्दैमा सबै मुद्दामा वादी पक्षले प्रमाण जुटाउन पर्दैन भन्ने ऐनको मनसाय पनि होइन । मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी निर्दोष देखिने स्थिति छ भने सोको विरूद्ध आफूले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउनुपर्ने भार र कानूनी दायित्व वादी पक्षको पनि हो । वादीले अनुमानका आधारमा लिएको दावीबाट मात्र प्रतिवादीलाई कसूरदार ठहऱ्याउनु न्यायोचित नहुने ।

४४. नेपाल सरकार वि. गुरुदेव अधिकारी (ने.का.प. २०७९, अंक ६, नि.नं. १०८९१)

- लागु औषधसम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा निहित छ भन्दैमा सबै मुद्दामा वादी पक्षले प्रमाण जुटाउन पर्दैन भन्ने ऐनको मनसाय होइन । मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी निर्दोष देखिने स्थिति छ भने सोको विरूद्ध आफूले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउनुपर्ने भार र कानूनी दायित्व वादी पक्षको पनि हो । सो कुरालाई वादी पक्षले इन्कार गर्न नमिल्ने ।

४५. नेपाल सरकार वि. सञ्जय न्यौपानेसमेत (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९२८)

- सँगसँगै रहेको साथीसँग गैरकानूनी चिजवस्तु बरामद हुनु र सो वस्तुसँग अन्य सँगसाथका व्यक्तिहरूको संलग्नता हुनु भिन्न कुरा हुन् । कसैसँग सँगसँगै रहेको समूहमा पक्राउ परेकै भरमा थाहासम्म पनि नपाएको विषयमा कसूरदार ठहऱ्याउनु न्यायसङ्गत नहुने ।

४६. QAMAR JAHAN वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ९, नि.नं. १०९४८)

- अनुसन्धान अधिकारीसमक्षको साबितीलाई प्रमाणमा लिँदा स्वेच्छा, धम्की वा आश्वासन तत्त्वको प्रभावको सम्भावनालाई सधैँ र सबै अवस्थामा इन्कार गर्न सकिने अवस्था नहुने भएकोले अनुसन्धान अधिकारीसमक्षको साबितीलाई प्रमाणमा लिँदा जहिले पनि त्यस्तो साबिती अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि समर्थित हुनुपर्ने ।

४७. नेपाल सरकार वि. विकी दास (ने.का.प. २०७९, अंक १०, नि.नं. १०९५७)

- दुर्व्यसनीले आफूलाई चाहिने डोजका लागि पुग्ने मात्राको परिणामको लागु औषध राख्नुलाई अस्वाभाविक मान्न नसकिने र बरामद लागु औषधको परिणाम बिक्री व्यवहारको लागि खरिद गरेको भन्नलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा निज प्रतिवादीले कारोबारका लागि लागु औषध खरिद गरी ल्याएका हुन भनी अनुमान गर्न न्यायोचित हुने नदेखिने ।
- कानूनले नै सेवनका लागिबाहेक भनी छुट दिएको अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट कारोबारका लागि ल्याएको भनी पुष्टि हुन नआएको अवस्थामा प्रतिवादीलाई कारोवारी ठहर गर्नु मनासिब नदेखिने ।

४८. नेपाल सरकार वि. गोविन्द भन्ने गोपिन्द्र शाहसमेत (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८७)

- लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत निषेधित लागु औषध राखी ओसारपसार गर्न प्रयोग गरिएका सवारी साधन जफत हुने देखिए तापनि त्यस्तो सवारी अन्य व्यक्तिको भई सम्बन्धित सवारीधनीलाई निजको सवारी सो अपराध गर्न प्रयोग गरिने भन्ने थाहा जानकारी नभएको अवस्थामा त्यस्तो सवारी जफत नहुने ।
- लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८क बमोजिम बरामदित चल अचल सम्पत्ति जफत हुनका लागि त्यस्तो सम्पत्ति सो ऐनले निषेध गरेको कसूर गरी आर्जन गरेको देखिनुपर्ने ।

४९. नेपाल सरकार वि. धनबहादुर तामाङसमेत (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९९९)

- कुनै बाध्यतावश आपराधिक कार्यमा संलग्न हुनुपरेको हो भन्ने विषय कसूरको गम्भीरता निर्धारणका बखत विचारणीय हुने । कसूर नै कायम हुने वा नहुने भन्ने विषयको निर्धारण गर्दा प्रचलित कानूनले गरेको स्पष्ट प्रावधानभन्दा अन्यथा गर्न नमिल्ने ।

५०. रोहित पालिवाल अग्रवाल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०५९)

- साँझको ५ बजेपछि सबै सरकारी कार्यालय बन्द हुने हुँदा ५ बजेपछि र गस्तीको समयमा सडकमा चेकजाँचको क्रममा तत्काल तयार गर्नुपर्ने बरामदी मुचुल्कामा जनप्रतिनिधि वा सरकारी कर्मचारी प्रायः भेट हुन नसक्ने भएबाट अनुसन्धान अधिकृत प्र.ना.नि. को नेतृत्वमा बरामद गरिएको बरामद मुचुल्का सोही आधारबाट मात्र बेरितको भन्न नसकिने ।
- लागु औषध कहाँबाट, कोसँग खरिद गरी कहाँ बिक्री गर्न लागेको भन्ने कुरा नखुलेकै कारणबाट आरोपित कसूरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।

५१. नेपाल सरकार वि. संजिव रावतसमेत (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६९)

- व्यापारिक प्रकृतिको कारोबार नदेखिएसम्म सेवन प्रयोजनका लागि खरिद गरेको कुरालाई मात्र हेरेर खरिद बिक्री, सञ्चय वा ओसारपसारसम्बन्धी कसूर ठहर गर्नु मनासिब नहुने ।
- भुक्तान गरिएको मूल्यको दृष्टीले हेर्दा ठुलो परिमाण नदेखिएको कुरालाई लिएर अन्यथा प्रमाणित नभएसम्म व्यापारिक प्रयोजनको लागि गरिएको खरिद बिक्री हो भनी अर्थ लगाउनु मनासिब नहुने । यदाकदा थोरै मूल्यका कारोबारमा पनि व्यापारिक प्रयोजन देखिन सक्ने, तर यसका लागि सो कारोबार व्यापारिक प्रकृतिबाट गरिएको तथ्य पुष्टि हुनुपर्ने।

५२. केशवबहादुर थापा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०७०)

- सम्पूर्ण रूपमा गढाउ प्रमाण शून्यताको स्थितिमा केवल प्रतिवादीको नाममा सवारी साधन दर्ता रहेको छ भन्ने आधारमा नै निजलाई गाँजा ओसारपसार गरेको कसूरदार ठहर गर्नु न्यायोचित नहुने । कुनै सवारी साधनमा कुनै ड्राइभर, खलासी, यात्रु वा अन्य कसैले कुनै अवैध चिज-वस्तु राखेको कारणबाट नै स्वतः सो सवारी साधन जफत गर्न नमिल्ने । अवैध कार्य गर्ने गराउने कुरामा सवारी-धनीको जानकारी, सहमति वा मन्जुरी देखिनु आवश्यक हुने।

५३. नेपाल सरकार वि. गोविन थापा (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०७४)

- लागु औषधसम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा निहित छ भन्दैमा सबै मुद्दामा वादी पक्षले प्रमाण जुटाउन पर्दैन भन्ने ऐनको मनसाय पनि होइन । मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विरूद्ध आफूले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउनुपर्ने भार र कानूनी दायित्व वादी पक्षको हुने ।

५४. नेपाल सरकार वि. राजु महर्जन (ने.का.प. २०८०, अंक ८, नि.नं. १११४३)

- एउटा व्यक्तिको नामको फोन सिम अर्को व्यक्तिले प्रयोग गर्नै नसक्ने भन्ने कुनै अकाट्य व्यवस्था रहेको नदेखिने । सहप्रतिवादीले उल्लेख गरेको फोन नम्बर प्रतिवादीको नाममा जारी भएको देखिएको एउटा मात्र आधारले प्रतिवादीउपरको कसूर प्रमाणित भएको मान्न नसकिने ।

५५. नेपाल सरकार वि. देवीलाल यादवसमेत (ने.का.प. २०८०, अंक ९, नि.नं. १११६४)

- कसूरमा संलग्नता रहनु र कसूरजन्य वस्तु बरामद भएको स्थानमा उपस्थिति रहनु भन्ने कुरा फरकफरक विषय हुने । अन्य कुनै प्रमाणबाट प्रतिवादीहरूको कसूरमा संलग्नता रहेको नदेखिएको अवस्थामा कसूरजन्य वस्तु बरामद हुँदाको अवस्थामा प्रतिवादीहरू पनि त्यहीं थिए भन्ने मात्र तथ्यले कसूरदार ठहर गर्न पर्याप्त प्रमाण रहेको मान्न नमिल्ने ।

५६. डिम्पल जेनी भन्ने हरिमाया गुरुङ वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक १, नि.नं. ११२२९)

- प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न नमिल्ने । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने ।
- सेवन गर्नका लागि पनि कुनै न कुनै मूल्य चुकाई खरिद गर्नुपर्ने, एक ठाउँबाट अर्को ठाउँसम्म लैजानुपर्ने र सेवनका लागि आफ्नो साथमा राख्नुपर्ने कुरा स्वाभाविक हुने । यसलाई नितान्त प्राविधिक अर्थमा हेरी

सङ्कुचित अर्थमा ग्रहण गर्नु उचित नहुने । व्यापारिक कारोबार प्रकृतिको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा खरिद बिक्रीतर्फको कसूर कायम हुन सक्ने । सेवन प्रयोजनका लागि केही मात्रामा लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँमा गएको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसूर ठहर गर्नु मनासिब नहुने ।

५७. नेपाल सरकार वि. मञ्जु भन्ने सम्झना तामाङ (ने.का.प. २०८१, अंक ३, नि.नं. ११२६१)

- प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न नमिल्ने । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने ।
- सेवन गर्नका लागि पनि कुनै न कुनै मूल्य चुकाई खरिद गर्नुपर्ने, एक ठाउँबाट अर्को ठाउँसम्म लैजानुपर्ने र सेवनका लागि आफ्नो साथमा राख्नुपर्ने कुरा स्वाभाविक हुने । यसलाई नितान्त प्राविधिक अर्थमा हेरी सङ्कुचित अर्थमा ग्रहण गर्नु उचित नहुने । व्यापारिक कारोबार प्रकृतिको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा खरिद बिक्रीतर्फको कसूर कायम हुन सक्ने । सेवन प्रयोजनका लागि केही मात्रामा लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँमा गएको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसूर ठहर गर्नु मनासिब नहुने ।

सवारी ज्यान, सवारी अङ्गभङ्ग र क्षतिपूर्ति

१. श्री ५ को सरकार वि. घनश्याम श्रेष्ठ (ने.का.प. २०५६, अंक ५, नि.नं. ६७२५)
२. श्री ५ को सरकार वि. जोगेन्द्र राउत अमात (ने.का.प. २०५७, अंक ३, नि.नं. ६८८१)
३. बद्रीबहादुर राउत वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ७, नि.नं. ७७४०)
४. लक्ष्मणबहादुर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७५८)
५. नेपाल सरकार वि. गीता बहादुर थापा (ने.का.प. २०६४, अंक ८, नि.नं. ७८६८)
६. नेपाल सरकार वि. खेमलाल पुन (ने.का.प. २०६६, अंक ३, नि.नं. ८१०४)
७. नेपाल सरकार वि. दीपेन्द्र शाक्यसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५१०)
८. ईन्द्रप्रसाद खनाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५९)
९. नेपाल सरकार वि. राजकुमार तामाङसमेत (ने.का. प. २०७०, अंक ११, नि.नं. ९०७३)
१०. नेपाल सरकार वि. गितबहादुर पुन (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३७)
११. कृष्णबहादुर कुँवरसमेत वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१६९)
१२. नेपाल सरकार वि. ठगबहादुर कार्की (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१७३)
१३. नेपाल सरकार वि. कालु चौधरी (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२०७)
१४. नेपाल सरकार वि. विजेन्द्र पोडे (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०४)
१५. नेपाल सरकार वि. वीरबहादुर लोप्चन (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४५७)
१६. नेपाल सरकार वि. सेरपु लामा (ने.का.प.२०७४, अंक ४, नि.नं. ९७९४)
१७. नेपाल सरकार वि. कलेश्वर राउत (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९६५)
१८. नेपाल सरकार वि. सन्नी महर्जन (ने.का.प.२०७५, अंक ७, नि.नं. १००४३)
१९. नेपाल सरकार वि. प्रदिप खत्री (ने.का.प. २०७५, अंक ९, नि. नं. १०१०३)
२०. नारायणप्रसाद घिमिरेसमेत वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक ११, नि.नं. १०१३३)
२१. विजय बहादुर शाह वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९७)
२२. नेपाल सरकार वि. मनोज कुमार शाह (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५२२)
२३. नेपाल सरकार वि. रामवृक्ष सिंह (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६७२)
२४. नेपाल सरकार वि. सुभाष सिंह ठकुरी (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९६)
२५. नेपाल सरकार वि. दिपक तामाङ (ने.का.प. २०८०, अंक २, नि.नं. ११०२५)
२६. प्रेम पौडेल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२१७)
२७. एन.एम.वि. बैंक लि. वि. नेपाल सरकार (मुद्दा नं. ०७३-CR-०१७४)

१. श्री ५ को सरकार वि. घनश्याम श्रेष्ठ (ने.का.प. २०५६, अंक ५, नि.नं. ६७२५)

- प्रतिवादी घनश्याम श्रेष्ठले आफुले हाँकी रहेको ट्रकको पछाडि पट्टीको दाहिने साइडको चक्काले च्यापिई केशव विक्रमको मृत्यु भएको हो भनी अधिकार प्राप्त अधिकारी र अदालतमासमेत सावित छन । निज प्रतिवादी घनश्याम श्रेष्ठ सिकारु चालक भएको कुरा निजको सवारी चालक प्रमाण पत्रबाट देखिएको र रङ साइडमा मानिस मर्छ भन्ने जानीजानी लापरवाही गरी ट्रक चलाई आफ्नो साइडबाट आइरहेको वच्चालाई ठक्कर दिई वच्चाको मृत्यु भएको देखिन्छ भने जाहेरवाला शेरबहादुर चन्दले प्रतिवादीले जानी जानी वेसाइड तर्फ गाडी हांकी छोरा केशव विक्रम चन्दलाई ठक्कर दिई मृत्यु भएको हो भनी जाहेरीलाई समर्थन हुने गरी बकपत्र गरेको समेतबाट प्रतिवादी घनश्याम श्रेष्ठले वेसाइडमा ट्रक चलाई मृतक वच्चालाई ठक्कर दिई किची मृत्यु भएको पुष्टि हुंदा निजलाई मुलुकी ऐन ज्यान सम्वन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र प्रतिवादी सिकारु लाइसेन्स प्राप्त चालकसमेत भएको परिप्रेक्ष्यमा कानून बमोजिमको सजाय गर्दा चर्को हुने भई निजलार्ई तजविजी कैद वर्ष ५ (पांच) गर्ने पुनरावेदन अदालत महेन्द्रनगरको साधक रायसमेत मनासिव देखिने ।

२. श्री ५ को सरकार वि. जोगेन्द्र राउत अमात (ने.का.प. २०५७, अंक ३, नि.नं. ६८८१)

- सडकको छेउमा रहेको ट्याक्टरलाई प्रतिवादीले हाकेको बसले ठक्कर दिएको कार्यलाई लापरवाहीयुक्त कार्य भन्नु पर्ने हुन आउँछ । किनकी चालकले बसलाई आफ्नो नियन्त्रणमा राख्नु र आवश्यक परेको अवस्थामा रोक्नु निजको दायित्व हुन आउँछ । बस दुर्घटना हुनमा यान्त्रिक गडबडी थियो वा अन्य कुनै काबू बाहिरको परिस्थिति परेको थियो भनी जिकिर लिन एवं पुष्टि गर्नसमेत चालकले सकेको देखिदैंन । यसरी लापरवाहीयुक्त कार्य गरी मानिस मारेको अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको ६(२) नं. बमोजिम सजाय गर्ने गरेको शुरुको फैसला सो हदसम्म सदर गरी क्रिया खर्च सम्बन्धमा मृतकका हकवालाले रकम बुझी सकेको मिसिल संलग्न कागजातबाट देखिएकोले क्रिया खर्चसमेत भराउने गरेको हदसम्म केही उल्टी गरेको पुनरावेदन अदालत जनकपुरको इन्साफ मनासिव देखिँदा सदर हुने ।

३. बद्रीबहादुर राउत वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ७, नि.नं. ७७४०)

- सवारी दुर्घटनावाट तेश्रो पक्षको कुनै नोक्सानी भएको अवस्थामा क्षतिपूर्ति वापतको रकम पिडीत वा निजको हकवालाले पाउने तथा सो रकम वीमा कम्पनीले व्यहोर्नु पर्ने हुँदा वीमा कम्पनीले व्यहोर्नु पर्ने रकम भराइदिनका लागि सम्बन्धित बीमा कम्पनीलाई विपक्षी बनाउन मिल्ने ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१)(क) बमोजिम सवारी धनी वा व्यवस्थापकले तेश्रो पक्ष वीमा नगराएको अवस्थामा मात्र क्षेतिपूर्ति वापतको रकम दिने दायित्व निज सवारी धनी वा व्यवस्थापकको हुने हुँदा तेश्रो पक्ष वीमा गराएको अवस्थामा पनि सो क्षतिपूर्ति वापतको रकम सवारीधनीले व्यहोर्नु पर्ने भन्ने पुनरावेदकको जिकिर कानूनी व्यवस्था अनुकूल मान्न नसकिने ।
- प्रस्तुत मुद्दामा सवारीधनीले रु. ३,००,००० ।— (तीनलाख) को तेश्रो पक्ष वीमा गराएको र दुर्घटना भई मानिस मरेमा सो वरावरको रकम बीमा कम्पनीले व्यहोर्न कबूल गरिएको भन्ने वीमा लेखवाट देखिएको र सोही रकम वापतको प्रिमियम पनि वीमा कम्पनीले सवारीधनीवाट लिएको अवस्थामा दुर्घटना भई मानिसको मृत्यु भएको देखिएको अवस्थामा त्यति रकम दिन नपर्ने भन्ने पुनरावेदक वीमा कम्पनीको जिकिर बीमाको सिद्धान्त, प्रचलीत कानून र वीमा लेखको शर्त समेतको प्रतिकूल हुँदा वीमालेखमा उल्लेखित रकम दिन

नपर्ने भन्ने पुनरावेदकको जिकिर पनि मान्य हुन नसक्ने ।

४. लक्ष्मणबहादुर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७५८)

- सवारी दुर्घटनामा मृत्यु हुने व्यक्तिको हकवालाले पाउने क्षतिपूर्तिवापतको दायित्व पूरा गर्ने जिम्मेवारी आधारभूत रुपमा सवारी चालकको नभै सवारी धनी वा व्यवस्थापकको नै हुने ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१)(क) ले क्रिया खर्च र क्षतिपूर्ति बिमा नगराएको भए तेश्रो पक्षले पाउने दुर्घटना बिमा वापतको रकम सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्ने व्यवस्था रहेकोबाट क्षतिपूर्तिको रकम तिर्नुपर्ने दायित्व केबल सवारी चालक मात्रको भन्न नमिल्ने ।
- मृतकका हकवालाले क्षतिपूर्ति पाउने रकम वापत सवारीधनीले विमा गरेको अवस्थामा मृतकको हकवालाले क्षतिपूर्ति वापत पाउने रकम अन्ततः सो विमाबाट नै व्यहोरिने भएकोले सो दायित्व सवारी चालकको हो भनी अर्थ गर्नु कानूनसम्मत नहुने ।
- क्षतिपूर्ति वापतको रकम तिर्ने प्रयोजनका लागि तेश्रो पक्षको बीमा गरिसकेको अवस्थामा सो क्षतिपूर्ति वापत मृतकका हकवालाले पाउने रकम तिर्ने दायित्व सवारी चालकको नहुने हुँदा दफा १६६ मा उल्लेखित सवारी चालकले तिर्नुपर्ने भन्ने वाक्यांशले विमाबाट गरिपाउने त्यस्तो दायित्वलाई नजनाउने भएकाले रकम आफूले व्यहोर्नु नपर्ने भन्ने पुनरावेदन जिकिर मनासिव नदेखिने ।

५. नेपाल सरकार वि. गीता बहादुर थापा (ने.का.प. २०६४ अंक ८ नि.नं. ७८६८)

- कानूनका व्यवस्थाहरू स्पष्ट र पूर्ण रूपमा अर्थ दिने खालका छन भने त्यसलाई जस्ताको त्यस्तै व्याख्या र लागू गर्नुपर्ने ।
- सामान्यतः कानूनले कुनै पनि विषयसँग सम्बन्धी अधिकार क्षेत्र एकैपटक एक भन्दा बढी निकाय वा पदाधिकारीमा राख्ने गरी व्यवस्था गरेको हुँदैन । यदि व्यवस्था गर्नु छ भने त्यसको के कसरी प्रयोग गर्ने भन्ने समेतको कार्यविधिगत व्यवस्थासमेत गरी कानूनमा नै स्पष्ट रूपमा उल्लेख गरेको हुन्छ । प्रस्तुत विवादका सम्बन्धमा कानूनमा जिल्ला अदालत र प्रमुख जिल्ला अधिकारी दुवैलाई क्षेत्राधिकार तोकेको पनि देखिन आएन । यसका अलावा उक्त सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६३ मा पहिलो संशोधन पूर्व "अधिकार प्राप्त अधिकारी" भन्ने शव्दावली उल्लेख भएकोमा सोबाट स्पष्टता नआएको मानी विधिकर्ताले उक्त शब्दावलीको सट्टा मिति २०५० ।५ ।९ मा ऐनमा पहिलो संशोधन गरी सो को सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दावली राखेबाट अझ स्पष्ट हुन जान्छ ।
- विधायिकाले कुनै पनि कानून बनाउँदा वा त्यसमा संशोधन वा खारेज गर्दा सो कानूनको आवश्यकता, औचित्यतता, प्रभावकारीता समेतलाई विचार गर्ने ।
- सवारी तथा यातायात व्यवस्था ऐन बमोजिम भराई पाउने क्षतिपूर्ति, घर खर्च र किरीया खर्च तत्काल भराइदिने प्रकृतिको कार्य मानी सो काम प्रमुख जिल्ला अधिकारीबाट गराउँदा प्रभावकारी हुने ठहर गरी विधायिकाले प्रमुख जिल्ला अधिकारीलाई तोकेको देखिन आउँदा प्रमुख जिल्ला अधिकारीलाई कानूनले स्पष्ट रूपमा तोकेको काम प्रमुख जिल्ला अधिकारीले नगरेको वा गर्न नसकेको जस्ता काल्पनिक र अनुमानित कुराहरू तेर्साएर सबै विवादित बिषयको निर्णय अदालतले नै गर्नुपर्दछ भनी व्याख्या गर्न नमिल्ने ।
- जुन काम जुन निकाय वा पदाधिकारीले गर्नुपर्ने गरी कानूनले ब्यवस्था गरेको छ त्यसबाट नै त्यो काम

सम्पन्न गरिनुपर्छ भन्ने कानूनको सिद्धान्त समेतका आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ बमोजिमको घर खर्च, किरीया खर्च र क्षतिपूर्ति भराइदिने निकाय जिल्ला अदालत नभै प्रमुख जिल्ला अधिकारी नै हुने ।

- सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीमा समावेश नभएका नितान्त व्यक्तिगत हक हितसँग सम्बन्धित विषयका मुद्दाहरूको दायरी र प्रतिरक्षासमेत सरकारी वकीलबाट हुन सक्छ भनी मान्ने हो भने सरकारी वकीलले दायर र प्रतिरक्षा गर्न नसक्ने कुनै पनि मुद्दा रहन सक्दैन । तसर्थ सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीमा समावेश नभएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अन्तरगत घर—खर्च, किरीया खर्च र क्षतिपूर्ति भराइदिने सम्बन्धी मुद्दा स्पष्ट हकदैयाको अभावमा सरकारी वकीलले सरकार वादी मुद्दाको रूपमा दायर गरेको अभियोग पत्रबाट हेर्न मिल्ने अवस्था रहे भएको नदेखिने ।

६. नेपाल सरकार वि. खेमलाल पुन (ने.का.प. २०६६, अंक ३, नि.नं. ८१०४)

- प्रतिवादीले खरिद गरी लिएको भनी बयान गरेको आधारबाट मात्र सवारी धनीको हैसियत कायम गर्न नमिल्ने ।
- प्रतिवादी चालक भएकोसम्म देखिँदा चालकबाट सवारी धनीको दायित्व व्यहोर्न लगाउन नमिल्ने ।

७. नेपाल सरकार वि. दीपेन्द्र शाक्यसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५१०)

- सवारी दुर्घटनाबाट सवारी चल्ने सडक वा सवारी सञ्चालन वा नियमन गर्ने प्रयोजनका लागि निर्माण गरिएका वा जडान गरिएका संरचनाको क्षतिबापत सो निर्माण गर्ने सार्वजनिक वा सरकारी निकाय वा सरकारले क्षतिपूर्ति नपाउने।
- प्रत्यक्ष र स्पष्ट रूपले सार्वजनिक निकाय वा सरकारको अधिकार वा ती निकायहरूप्रति व्यक्तिको कर्तव्य वा दायित्वको व्यवस्था कानूनले गरेको छैन भने अप्रत्यक्ष रूपले वा कानूनको आसयबाट त्यस्तो हो भनी निष्कर्षमा पग्नु कानून व्याख्या सम्बन्धी सिद्धान्त समेतको विपरीत हुनजाने ।
- क्षतिपूर्ति सम्बन्धी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले गरेको व्यवस्था स्पष्ट रूपले सडक वा सोसँग सम्बन्धित वा जडित सार्वजनिक निर्माणका अन्य संरचनाको क्षति वा सोको क्षतिपूर्तितर्फ इंगित नगरी तेस्रो पक्षको रूपमा रहेका व्यक्ति वा व्यक्तिगत सम्पत्तिको क्षतिको क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको देखिने ।

८. ईन्द्रप्रसाद खनाल वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५९)

- कुनै सवारी चालकले कसैलाई नियतपूर्वक ठक्कर दिई मानिसको ज्यान मर्न गएको अवस्थामा सो सवारी साधन ज्यान मार्न प्रयोग गरिएको साधनको रूपमा रहने र त्यस्तो कार्यलाई अचानक भएको दुर्घटना (Accident) मान्न नसकिने ।
- अपराधको लागि चाहिने मनसाय तत्वको रूपमा लापरवाही (Recklessness) स्थापित गर्न घटना घटाएको समयमा निषेध गरिएको परिणाम अर्थात् मानिस मर्न सक्छ भन्ने कुराको जानकारी भएको हुनुपर्ने हुन्छ । त्यस्तो परिणामको पूर्वज्ञान भएको तर त्यस्तो परिणामको अपेक्षा गरेको थिएन भन्ने तथ्य स्थापित हुनुपर्ने ।
- कतिपय अवस्थामा पूर्ण सचेत रही, होशियारीकासाथ कुनै काम गर्दा पनि निषेधित परिणाम आउन सक्दछ । यस्तो अवस्थालाई रोक्न नसकिने दुर्घटना (Unavoidable Accident) को रूपमा लिई त्यस्तो कार्य गर्ने

व्यक्तिमा आपराधिक मनसाय तत्वको पूर्ण अभावको कारणले त्यस्तो व्यक्तिलाई दोषी (Blameworthy) को रूपमा लिन नसकिने ।

- सापेक्षित अपराध (Relative crime) मा आपराधिकताको (Blameworthiness) निर्धारण अपराधका सन्दर्भमा प्रतिवादीमा रहेको मनसाय तत्व (Mens rea) ले गर्ने गर्दछ । त्यस्तो अपराधका विभिन्न तहहरू हुने भएकोले कुनै खास वारदातका प्रतिवादीले कुनै आधारमा कुनै हदसम्म आपराधिक दायित्ववहन गर्नुपर्ने हो भन्ने निक्र्योल गर्न वारदात घटाउन निजमा विद्यमान मनसाय तत्वलाई पहिचान र त्यसको स्तर (Degree) को निर्धारण गर्नु अनिवार्य हुने ।
- सवारी साधन चलाउने अनुमतिप्राप्त व्यक्ति र सवारी चलाउने अनुभवप्राप्त व्यक्तिले ट्राफिक नियम, संकेतहरू र तत्कालीन अवस्था र परिस्थितिको बारेमा स्वाभाविक रूपमा जानकारी राखी आफुले त्यस्तो बेलामा मादक पदार्थ सेवन गरी तेज गतिमा चलाएको सवारीबाट घटना हुन सक्ने जानकारी भएको व्यक्ति हुन भनी मान्नु पर्ने हुन्छ । यस्तो अवस्थामा पूर्ण होशियारीकासाथ नियन्त्रित गतिमा सावधानीपूर्वक सवारी चलाउने दायित्व पूरा नगरी आवश्यक सावधानी नअपनाई आवश्यकताभन्दा बढी गतिमा र मादक पदार्थ सेवन गरी सवारी चलाएबाट निजले लापरवाहीपूर्वक सवारी चलाएको देखिन आउने ।

९. नेपाल सरकार वि. राजकुमार तामाङसमेत (ने.का. प. २०७० अंक ११ नि.नं. ९०७३)

- कुनै खास किसिमको सवारी साधन चलाउन कानूनले अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरेको छ भने त्यसलाई जस्ताको तस्तै मान्नुपर्ने ।
- सवारी साधन चलाउने अनुमतिपत्र लिनुपर्ने व्यवस्था ऐच्छिक नभई ऐनले गरेको अनिवार्य व्यवस्था भएकोले सम्बन्धित सवारी साधन चलाउने अनुमतिपत्र नलिएको व्यक्तिले त्यस्तो सवारी साधन चलाउन हुँदैन भन्ने कुरालाई अन्यथा मान्न नसकिने ।
- सवारी साधन चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारीसाधन चलाउने कार्यलाई लापरवाहीयुक्त मान्नुपर्ने ।
- व्यक्तिगत सवारी साधन चलाउने र सार्वजनिक भारी सवारी साधन चलाउनेको सतर्कता भिन्नभिन्न मापदण्डका हुनुपर्ने।

१०. नेपाल सरकार वि. गितबहादुर पुन (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३७)

- यान्त्रिक रूपमा दुरूस्त रहेको सवारी साधन मादक पदार्थ सेवन नगरी ध्यान दिई तथा होशीयारीपूर्वक साइड बत्ती बाल्दै एवम् हर्नसमेत बजाउँदै र सुस्त गतिमा हाँक्दा ३९ फिट चौडा फराकिलो सडक भएको चोक बजारमा ट्याक्सीले एक्कासी बाटो काट्दा ट्रक चालकले आफ्नो सवारीको ब्रेक लगाएपछि पछाडि आउँदै गरेको मोटरसाइकल तत्काल उक्त ट्रकमा ठोक्किएर दुर्घटना भएको मिसिल संलग्न कागजबाट खुल्दछ । सवारी चलाएको बेलामा भएको चालकको अवस्था, उक्त ट्रकको यान्त्रिक अवस्था, घटनास्थल प्रकृति विवरण, सडक दुर्घटना प्रतिवेदन स्केच, प्रतिवादीको बयान, ट्रकका सहयोगीको कागज एवम् दुर्घटना भएको अवस्थामा तत्काल देख्ने मानिसहरूको अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणहरूको रोहमा हेर्दा प्रस्तुत ऐनको दफा १६१(३) मा वर्णित अवस्थाको सवारी दुर्घटना भई मोटर साइकल चालकहरूको मृत्यु भएको मिसिल संलग्न कागजातबाट पुष्टि हुने ।

११. कृष्णबहादुर कुँवरसमेत वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१६९)

- व्यक्ति विशेषबाट मृतकको हत्या भएको भए वा मृतक बाटोमा दैवी परी लडी मरेको भए एउटै चोटबाट त्यसकिसिमले टाउको क्षतविक्षत हुने कुरा सामान्यतया सम्भव हुँदैन । मृतकउपर कसैबाट हतियार प्रहार भएको थियो भन्ने कुरा शव परीक्षण प्रतिवेदन लगायतका लिखतबाट खुल्न सकेको छैन । तमाम मिसिल र स्वयं प्रतिवादीहरूको बयानमा मृतकको मृत्यु अरू कसैबाट भएको वा मृतक आफैं लडी मरेको कुरा उल्लेख हुन नसक्नु र उक्त दिनसमयमा वारदातस्थल हुँदै ना. ३ ख ६९० नं. को ट्रक चलाएको कुरालाई स्वीकार गर्नु जस्ता परिस्थितिहरू (circumstances) र स्वतन्त्र प्रमाणहरूको रोहमा र प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को देहाय (१) अनुसार मौकामा बयान गर्दा प्रतिवादीहरू होशमा नरहेका वा देहाय (२) वा (३) अनुसारको प्रलोभन, यातना, आदि दिएको वा कुटपिट आदि भएको कुरा प्रमाणित हुन नसकेबाट प्रतिवादीहरूको प्रहरी साबितीलाई अमान्य गर्न मिल्ने नदेखिने ।
- प्रतिवादीले गरेको कुकृत्यबाट आक्रोशित भै तत्काल समाज वा प्रहरीले प्रतिवादीलाई कुटपिट आदि गरी वा अङ्डीवाल प्रतिवादीलाई फकाई फुल्याई साबित गराएको भए पनि प्रतिवादीले कसूर गरेको कुरा अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा उक्त दफा ९(२)(क) को देहाय (२) वा (३) को अवस्था रहेको भनी प्रतिवादीलाई सफाइ दिनु न्यायसम्मत नहुने ।
- अनुसन्धानको हरेक कमीकमजोरीको प्रतिवादीले फाइदा पाउन थालेमा समाजमा दण्डहीनताले प्रश्रय पाउने, पीडित र समाजले न्यायको अनुभूति गर्न नसक्ने र न्याय पराजित हुने अवस्था आउँछ । यस सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ५४ ले कुनै प्रमाण बुझिएको वा नबुझिएको कारणबाट मात्र कुनै फैसला वा आदेश बदर हुने छैन । तर त्यसबाट निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ भनी गरेको व्यवस्थालाई न्यायमूर्तिले विचार गर्नैपर्ने ।
- खतरनाक हँकाईबाट मानिस मरेमा चालकलाई अधिकतम १४ वर्षसम्म कैद र जरिवानासमेत हुन सक्छ भने मानिस नमरेमा अधिकतम् २ वर्ष कैद वा जरिवाना वा दुबै तथा कम्तीमा १ वर्षका लागि सवारी चलाउन नपाउने सजाय हुने देखिन्छ । लापरवाहीपूर्ण हँकाईबाट मानिस मरेमा चालकलाई बढीमा ५ वर्षसम्म कैद वा जरिवाना वा दुबै र मानिस नमरेमा ५ स्तरसम्मको जरिवाना र सवारी अनुमतिपत्रमा पेनाल्टी प्वाइण्ट जनाउने वा निश्चित अवधिको लागि सवारी चलाउन नपाउने सजाय हुन सक्ने ।
- त्यस अतिरिक्त कठोर दायित्वको कसूर भन्न नमिले पनि प्रतिवादीउपरको प्रमाण आदिको भारले गर्दा कठोर दायित्वकै समकक्षी सरहको causing death by careless or inconsiderate driving when under the influence of drink or drugs कसूरमा अधिकतम १४ वर्षसम्म कैद हुने ।

१२. नेपाल सरकार वि. ठगबहादुर कार्की (ने.का.प. २०७१, अंक ५, नि.नं. ९१७३)

- प्रतिवादीले मानिस मर्न सक्छ भन्ने जानी जानी लापरवाही साथ जीप चलाएको कारणले दुर्घटना भई मृतकको मृत्यु भएको पुष्टि हुन नसकेको अवस्थामा दुर्घटना भएपछि प्रतिवादीले मृतकलाई बचाउन आफ्नो कर्तव्य निर्वाह नगरी भागेको भन्ने आधारमा मात्र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसूर अपराध गरेको भनी मान्न नमिल्ने ।

१३. नेपाल सरकार वि. कालु चौधरी (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२०७)

- लापरवाहीको मापदण्डले नै प्रतिवादीलाई समेटेको छ । सवारी कसूरका कसूरदारलाई कडा सजाय गरी

कसूरदारबाट थप कसूर नहोस भन्ने परिणाम प्राप्त गर्नका लागि सजायको निरोधात्मक सिद्धान्तको प्रयोग गर्नु अनिवार्य हुने ।

- सवारी दुर्घटनाको दुष्परिणाम जनधनको ठूलो क्षति भएको र जीवनको रक्षा राज्य तथा फौजदारी न्यायको मूल दायित्व भएकाले यसमा काबुभन्दा बाहिरको परिस्थिति नदेखिएसम्म दयामाया गर्नु भनेको जनसाधारणको जीवनरक्षाको दायित्वबाट पन्छिनु हो ।
- जति ज्यान लिए पनि फरक पर्दैन, न सवारी अनुमतिपत्र रद्द हुन्छ न खासै आर्थिक भार पर्छ, सजाय पनि साङ्केतिक वा आलङ्कारिक मात्र हुन्छ भन्ने सन्देश प्रवाहित हुनु भनेको अराजकता र दण्डहीनताको सूत्रपात हुनु हो । नेपालमा हवाई दुर्घटना र सडक दुर्घटनाको कहाली लाग्दो अवस्थाले नेपालको अन्तर्राष्ट्रिय छवि पूरै धमिलिएको छ । कानून र फौजदारी न्यायको सही प्रयोग गरेर यसलाई दुरूत्साहन गर्नु अदालतको दायित्व हो । प्रतिवादी चालकको यस्तो हँकाइलाई चरम अक्षमता र गैरजिम्मेवारीपूर्ण हँकाइ भन्नुपर्छ । यसबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तर भन्दा निक्कै तल्लो रहेको मान्नुपर्ने ।
- मृतकले चलाएको मोटरसाइकल प्रतिवादी चालकले देखेपछि पनि ट्रकलाई नियन्त्रण गर्न नसकी उल्लिखित ट्रक गलत साइडमा गई रूखमा गई ठोक्किएको र सो दौरान सडकमा २४ फिटसम्म ब्रेकको डाम लागेको देखिनुबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तर भन्दा निक्कै तल्लो रहेको भन्ने निष्कर्षमा पुगिने ।
- प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसूर गरेको देखिँदा सोही दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अन्तर्गतको कसूर कायम गरी २९ दिन कैद र रू.२,००० । (जरिवाना गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालतबाट भएको फैसला सो हदसम्म नमिलेकाले केही उल्टी भै प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसूरमा सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद हुने ।

१४. नेपाल सरकार वि. विजेन्द्र पोडे (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०४)

- सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि सम्बन्धित निकायबाट लिइने लिखित एवम् प्रयोगात्मक परीक्षाका विभिन्न प्रक्रियाहरू पूरा गरेपश्चात त्यस्ता परीक्षामा उत्तीर्ण भएका व्यक्तिहरूलाई मात्र सम्बन्धित आधिकारिक निकायबाट सवारी चालक अनुमतिपत्र प्रदान गरिने व्यवस्था पनि सवारी तथा यातायातसम्बन्धी कानूनमा उल्लेख भएको पाइन्छ । सवारी साधन चलाउने व्यक्तिमा अनिवार्यरूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुन सक्ने जीउ धनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको हो भन्ने कुरामा विवाद हुन नसक्ने ।
- सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैंमा लापरवाहीपूर्ण कार्य हो । साथै, त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नुपर्ने ।
- सवारी तथा यातायत व्यवस्था ऐन, २०४९ को दफा ४५ मा कुनै पनि सवारी चलाउन सवारी चालक

अनुमती पत्र प्राप्त गरेको हुनुपर्ने अनिवार्य र वाध्यात्मक व्यवस्था रहेको । सवारी चालक अनुमती प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाही पूर्वक मानिने र सो अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) आकर्षित हुने ।

१५. नेपाल सरकार वि. वीरबहादुर लोप्चन (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४५७)

- दुर्घटना भएको मोटर साइकलमा मृतक र आरोपित सबै सवार रहेकामा दुर्घटनाबाट उक्त मोटरसाइकल सवार व्यक्तिहरूको नै मृत्यु भएको देखिँदा दुर्घटनामा आरोपित प्रतिवादी वीरबहादुरको समेत मृत्यु हुन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन । दुर्घटना हुनुपूर्व अनुमान गर्न नसकिने र दुर्घटना भएको अवस्थामासमेत त्यसका चालक आरोपित व्यक्तिकोसमेत मृत्यु हुन सक्ने अवस्थामा ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुराको पूर्वजानकारी प्रतिवादीलाई भएको भन्ने मानी लापरवाहीपूर्वक सवारी चलाएको भनी अनुमान गर्न मिल्ने नदेखिने ।
- मोटरसाइकल दुर्घटना हुनुमा प्रतिवादीले जानाजान लापरवाही गरी सवारी चलाएको भन्ने देखिँदैन । दुर्घटना भएको सवारी साधनको चालक भएको कारणलेमात्र निजको लापरवाही स्थापित हुन सक्दैन, स्वतन्त्र प्रमाणहरूबाट लापरवाही गरी सवारी चलाएको तथ्य पुष्टी हुनुपर्दछ । सवारी चलाउँदाका बखत पर्याप्त सावधानी अपनाए तापनि आकस्मिकुरूपमा उत्पन्न भएको कुनै कारणबाट सवारी दुर्घटना हुन जान्छ भने त्यसलाई लापरवाही अथवा जानाजान गरिएको कार्य भनी नामकरण गर्नु उचित नदेखिने ।
- मोटरसाइकल दुर्घटना भई पैदलयात्रू तथा अन्य तेस्रो पक्षको मृत्यु हुन गएको नभई मोटरसाइकलमै सवार व्यक्तिको नै मृत्यु भएको प्रस्तुत दुर्घटनालाई पूर्वानुमानयोग्य लापरवाहीपूर्ण कार्य मान्न सकिँदैन । व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुने सवारी साधन मोटरसाइकल चलाउँदा अन्य सवारी साधन चलाउँदा जस्तो तेस्रो पक्षको ज्यान जान सक्ने जोखिम कम हुने हुँदा मोटरसाइकल दुर्घटना भई कायम हुन आएको वारदातलाई अन्य सवारी दुर्घटना भै उत्पन्न हुने परिणामसँग तुलना गर्नु उपयुक्त नदेखिने ।
- नागरिकको सेवा सुविधाका लागि सञ्चालन हुने सार्वजनिक सवारी साधन र व्यक्तिले नितान्तरूपमा आफ्नो व्यक्तिगत प्रयोजनको लागि चलाउने मोटरसाइकलको दुर्घटनाबाट उत्पन्न हुने जोखिम एकै प्रकृतिको हुन सक्दैन । सार्वजनिक सवारी दुर्घटना हुँदा सवारी साधनभित्र रहेका तथा सडक छेउमा रहेका धेरै मानिसहरूको ज्यान जाने जोखिम हुन्छ भने मोटरसाइकल दुर्घटनाबाट सीमित सङ्ख्यामा मानिस हताहत हुने सम्भावना रहन्छ । यसरी फरक किसिमका सवारी साधनको दुर्घटना हुँदा त्यसबाट उत्पन्न हुने जोखिम पनि सोहीअनुसार नै घटी बढी हुने हुँदा लापरवाहीको मापन पनि सोही अनुसार गर्नुपर्ने हुन्छ । सबै किसिमको सवारी दुर्घटनामा एउटै मापदण्ड अवलम्बन गरिनु न्यायोचित नदेखिने ।

१६. नेपाल सरकार वि. सेरपु लामा (ने.का.प.२०७४, अंक ४, नि.नं. ९७९४)

- कुनै पनि सवारी चलाउने व्यक्तिले सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई अनिवार्यरूपमा पालना गर्नुपर्ने व्यवस्था हो । सार्वजनिक सडकमा सवारी चलाउने ज्ञान र सीप नभई कुनै पनि सवारी चलाउनु हुँदैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले लिखित र प्रयोगात्मक परीक्षणबाट सफल भएका उम्मेदवारलाई सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । तसर्थ लिखित र प्रयोगात्मक परीक्षणमा उत्तीर्ण भई सवारी चालक अनुमतिपत्रको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिमा सवारी चलाउने ज्ञान र सीप भनी कानूनतः अनुमान गर्नु पर्ने ।

- सवारी चालक अनुमतिपत्र नै नभएका व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको कानूनद्वारा निषेधित कार्य हो । कानूनद्वारा निषेधित कार्य गरी सवारी चलाउने अनुमति नै प्राप्त नगरेको व्यक्तिले सवारी चलाई सो सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सोकार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने ।
- कुनै पनि सवारी साधन चलाउन सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तर्सम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने।

१७. नेपाल सरकार वि. कलेश्वर राउत (ने.का.प. २०७५, अंक ३, नि.नं. ९९६५)

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ जसमा उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने भई उक्त कसूरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने ।
- सवारी साधन चलाउने व्यक्तिमा अनिवार्य रूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउधनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले कानूनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनु पर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनु अघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने ।

१८. नेपाल सरकार वि. सन्नी महर्जन (ने.का.प.२०७५, अंक ७, नि.नं. १००४३)

- सामान्य अर्थमा लापरवाहीपूर्ण कार्य (Reckless Conduct) त्यस्तो कार्य हो जसले परिणामलाई बेवास्ता गर्छ । अर्थात, आफ्नो कार्यको परिणाम यस्तो हुनसक्छ भन्ने जान्दाजान्दै पनि त्यस्तो कार्य नगर्नुपर्ने सकारात्मक दायित्वको उल्लङ्घन गर्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा लापरवाहीको अतिरिक्त "जानीजानी" भन्ने शब्द प्रयोग भएको छ । यसको व्याख्या पनि लापरवाहीसँग जोडेर गर्नुपर्ने हुन्छ किनभने यहाँ "जानीजानी" को अर्थ सो कार्यले ल्याउन सक्ने परिणामको सम्भावनाबारे ज्ञान भएको भन्नेसम्म हो । यस अर्थमा दफा १६१ को उपदफा (१) मा उल्लिखित मनसायपूर्ण कार्यमा सन्निहित ज्ञानबाट उक्त उपदफा (२) मा प्रयुक्त "जानीजानी" भन्ने शब्दलाई छुट्याउनुपर्ने हुन्छ । ऐ. दफाको उपदफा (१) मा "ज्यान मार्ने मनसाय लिई किची, ठक्कर दिई वा दुर्घटना गराई" भन्ने शब्दावली प्रयोग भएको छ । यहाँ ज्यान मार्ने मनसाय लिई किच्दा, ठक्कर दिँदा वा दुर्घटना गराउँदा ज्यान मर्न सक्छ भन्ने कुराको ज्ञान त्यस्तो दुर्घटना गराउने व्यक्तिलाई हुन्छ । अर्थात त्यस्तो

हुन्छ भन्ने "जानीजानी" उसले ती कार्यहरू गरेको हुन्छ । त्यस अर्थमा ज्ञान (Knowledge) मनसायपूर्वक गरिने ज्यान सम्बन्धी कसूरको एक तत्व हुन सक्छ तर लापरवाहीमा भने त्यो ज्ञान अर्थात "जानीजानी" गरिने कार्य लापरवाहीकै अङ्ग हुने ।

१९. नेपाल सरकार वि. प्रदिप खत्री (ने.का.प. २०७५, अंक ९, नि. नं. १०१०३)

- कुनै पनि वारदातमा यदि परिणामको पूर्वज्ञान हुँदाहुँदै पनि जोखिम उठाउने तत्परता देखिएको छ भने लापरवाही भएको मान्न पनि सकिन्छ । तर परिणामको इच्छा नभएको, सावधानी अवलम्बन गर्न खोज्दाखोज्दै पनि अनिच्छित परिणाम आएको अवस्थामा लापरवाही गरेको भनी बढी सजाय गर्न मनासिब हुने नदेखिने ।

२०. नारायणप्रसाद घिमिरे वि. नेपाल सरकार (ने.का.प.२०७५, अंक ११, नि.नं. १०१३३)

- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ३५क र नियम १८ को उपनियम (१) को खण्ड (क) को (४) को व्यवस्था हेर्दा यी दुई व्यवस्थाहरू आफौंमा पृथक व्यवस्था रहेको देखिन्छ । पृथक व्यवस्था भएको कारण सो प्रवधानहरूको व्याख्यासमेत स्वतन्त्र रूपले मूल ऐनको समग्र उद्देश्य तथा विधायिकी मनसाय अनुरूप समन्वयात्मक व्याख्या (harmonious interpretation) गरिनु पर्ने देखिन्छ । कानूनको व्याख्या गर्दा कुनै एक प्रावधानलाई मात्र यान्त्रिक तरिकाले व्याख्या गर्नु व्यावहारिक हुँदैन । समग्रमा कानूनको प्रस्तावनामा उल्लेखित उद्देश्यलाईसमेत मध्यनजर गरी रचनात्मक तरिकाले ऐनकै उद्देश्य पूर्तिको लागि समन्वयात्मक व्याख्या गरिनु पर्ने।

२१. विजय बहादुर शाह वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ५, नि.नं. १०४९७)

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५२(१) ले सवारी साधनको तेस्रो पक्ष बिमा गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको र उक्त व्यवस्था बिमित सवारी साधनबाट सवारी दुर्घटना भई तेस्रो पक्षलाई क्षति भएकोमा क्षतिपूर्ति दिलाउने प्रयोजनको लागि गरिएको कल्याणकारी व्यवस्था रहेको हुँदा ऐनको उक्त फराकिलो उद्देश्य र मर्मको प्रतिकुल बिमालेखको सम्झौता वा सर्तमा उल्लेख गरेर वा त्यसको यान्त्रिक व्याख्या गरेर कानूनमा भएको व्यवस्थालाई संकुचन गर्न नमिल्ने ।
- सवारी धनीको जानकारी र सहमति बिना सवारी चालक अनुमतिपत्र नलिएको अन्य व्यक्तिले सवारी साधन लगी चलाउने क्रममा सवारी दुर्घटना हुन गएको अवस्थामा उक्त बिमालेखका सर्तहरूको यान्त्रिक व्याख्या गरी सो दुर्घटनाबाट सिर्जित तेस्रो पक्ष बिमा दायित्वबाट बिमक मुक्त हुन मिल्ने नदेखिने ।
- तेस्रो पक्ष बिमा सवारी साधन चलाउँदा हुन सक्ने दुर्घटनालाई नै ध्यानमा राखी गरिने र तेस्रो पक्ष बिमा नगरिएको अवस्थामा मात्र सवारी धनीले दुर्घटनामा भएको क्षतिको दायित्व आफैंले बेहोर्नु पर्ने हुन्छ । चालकको हेलचेक्रयाइँ वा मृतकको गल्तीले दुर्घटना घटेको छ भने पनि त्यस्तो व्यक्तिलाई तेस्रो पक्षको बिमा दायित्वको दायराभित्रै रहेको मान्नु पर्ने ।
- तेस्रो पक्षको हानि नोक्सानी भएमा क्षतिपूर्ति बेहोर्ने उद्देश्यले तेस्रो पक्ष सवारी बिमा गरिएकोमा एउटै घटनाबाट सिर्जित बिमाबापतको आंशिक क्षतिपूर्ति मात्र बेहोर्ने र अन्य दायित्व वहन नगर्ने भन्न मिल्ने अवस्था हुँदैन । तेस्रो पक्षमा पर्न जाने क्षति बेहोर्ने प्रयोजनार्थ बिमा गरिएकोमा सो बिमाबमोजिमको समग्र दायित्व बिमकले बेहोर्नु पर्ने ।

२२. नेपाल सरकार वि. मनोज कुमार शाह (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५२२)

- मृतकसँग प्रतिवादीको पूर्वचिनजान रिसइवी नहुनु नै लापरवाही नहुने भन्ने होइन, सवारी चलाउँदा चालकले गाडी कत्तिको होसियारीपूर्वक चलाएको थियो र निजले चलाएको सवारी साधन निजको नियन्त्रणमा थियो थिएन भन्ने कुरा लापरवाहीको लागि महत्वपूर्ण विषय हुने ।

२३. नेपाल सरकार वि. रामवृक्ष सिंह (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६७२)

- सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन, २०४९ को दफा ५२ मा नै त्यस्तो व्यक्तिले कुनै परीक्षा दिनुपर्ने छैन भन्ने व्यवस्था भएबाट निजको योग्यता परीक्षण नहुने स्पष्ट भएको र त्यसरी दरखास्त दिनुपर्ने व्यवस्था एउटा प्रक्रियाको रूपमा मात्र रहेको देखिन्छ । त्यसबापतमा निजले कुनै दण्ड जरिवाना भोग्नुपर्ने व्यवस्था रहेको नदेखिने।

२४. नेपाल सरकार वि. सुभाषसिंह ठकुरी (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९६)

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को व्यवस्थामा मानिस मार्ने मनसायले सवारी चलाएको अवस्था नभएको तर कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने जानी जानी र लापरवाही गरी सवारी चलाएको हुनु अनिवार्य छ । लापरवाही मापनका लागि सामान्यतया तीन अवस्था हुनुपर्दछः १. सम्भावित परिणामको पूर्वानुमान (knowledge) २. स्वेच्छिक कार्य (voluntary act) ३. चालकको अनुचित खतरा मोल्ने वा जोखिम लिने प्रयास (Recklessness) । फौजदारी कानूनमा लापरवाहीको परिभाषा गर्दा, चालक वा कर्तालाई सम्भावित परिणामबारे पूर्वज्ञान (knowledge) हुँदाहुँदै चालक वा कर्ताले आफ्नो कार्यमा सजगता अपनाएको वा होस पुऱ्याएको भए सम्भावित परिणामलाई टार्न सकिने अवस्था थियो / थिएन भन्ने परिघटनाबाट मापन गरिने ।

२५. नेपाल सरकार वि. दिपक तामाङ (ने.का.प. २०८०, अंक २, नि.नं. ११०२५)

- कहिलेकाहीं दुईपाङ्ग्रे सवारी साधन अति आवश्यक परेको अवस्थामा सावधानीपूर्वक चलाउँदा चालकको कारणले भन्दा पनि अन्य कुनै कारणले दुर्घटना हुन गएमा त्यस्तो दुर्घटनाको अवस्था र सवारी चलाउनुपर्ने बाध्यात्मक सन्दर्भसमेतका आधारमा न्यायकर्ताले न्यायिक विवेकको प्रयोग गरी उचित न्याय प्रदान गर्नुपर्ने ।
- सवारी चालक अनुमतिपत्र नलिएको व्यक्तिले सवारी साधन चलाएको तर कुनै दुर्घटना नभएको अवस्थामा सवारी तथा यातायात ऐन, २०४९ को दफा ४५ को कसूर हुने र उक्त कसूरबापत दफा १६०(२) को खण्ड (ख) बमोजिम जरिवाना हुने अवस्था देखिने । त्यसरी सवारी साधन चलाई दुर्घटना नभएको अवस्थामा स्वतः लापरबाही भएको भन्ने अर्थ गर्न नसकिने ।
- सवारी साधन चलाउनुपर्ने अति आवश्यक परेको र बाध्यात्मक अवस्थामा सतर्कता अपनाई कुनै गल्ती नगरी होसियारीपूर्वक दुईपाङ्ग्रे सवारी चलाएको अवस्थामा परिस्थितिवश वा अन्य व्यक्तिका कारण दुर्घटना हुन गएमा लापरबाही नै हो भनी कसूर कायम गर्दा न्यायिक विवेकको प्रयोग सही तवरले भएको मान्न नमिल्ने । वस्तुतः दुईपाङ्ग्रे सवारीको हकमा उल्लिखित अवस्थामा सवारी चलाएको रहेछ भने अपवादको रूपमा दुर्घटनाको समग्र परिस्थितिको मूल्याङ्कन गरी कानूनी व्यवस्थाको प्रयोग गरिनु न्यायोचित हुने ।
- दुईपाङ्ग्रे सवारी साधन मोटरसाइकल चलाउनै पर्ने आवश्यक परेको अवस्थामा सावधानीपूर्वक चलाउँदा

चालकको कारण नभई अन्य कारणले दुर्घटना भई मानिसको मृत्यु भएमा त्यसलाई न्यायपूर्ण तरिकाले न्यायिक विवेकको प्रयोग गरी सजाय गरिनुपर्ने ।

- सवारी चालक अनुमतिपत्र नरहेको भन्ने तथ्यलाई स्वतः लापरबाहीपूर्वक सवारी चलाएको अर्थ गर्न नमिल्ने ।

२६. प्रेम पौडेल वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक १२, नि.नं. ११२१७)

- आफूले सवारी चलाएको कारणबाट मानिस मर्न सक्छ भन्ने परिणाम जानीजानी लापरवाही (reckless) गरी सवारी चलाई सो सवारी दुर्घटनाको कारणबाट कसैको मृत्यु भएको अवस्थामा निजको उक्त लापरवाहीपूर्ण कार्य (reckless conduct) दफा १६१(२) अन्तर्गतको कसूर हुने। यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को व्यवस्था अनुसारको कसूर स्थापित हुन सवारी चालकले कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देख्दा देख्दै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई लापरबाही गरी सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको वा सवारी बाहिर रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणामस्वरुप एक्काइस दिनभित्र मरेको अवस्था स्थापित हुनु पर्ने। यस्तो अवस्थामा चालकलाई आफूले चलाएको सवारी साधनले मानिस मर्न सक्छ भन्ने पूर्वाभाष हुने र यस्तो पूर्वाभाष हुँदाहुँदै जोखिम लिई सवारी चलाएको कारणले दुर्घटना गराई सोही कारणले मानिसको मृत्यु भएको हुनुपर्ने।
- "लापरवाही" (recklessness) भन्नाले व्यक्तिको यस्तो मानसिक अवस्था हो जसले आफ्नो आचरणको सम्भावित परिणामको पूर्वज्ञान राख्दछ तर परिणामको मनसाय वा इच्छाविना नै उक्त कार्य गर्दछ। यसमा कर्तालाई परिणामको पूर्वज्ञान त हुन्छ तर त्यस्तै परिणाम निस्कन्छ नै भन्ने निश्चित हुँदैन र कर्तामा त्यस्तो परिणामको चाहना नहुने मात्रै होइन, उसले सो परिणाम नआओस् भनी प्रयास समेत गरेको हुनुपर्ने। परिणामको चाहना नराखे पनि कर्ताले जोखिम उठाई सो कार्य गर्दछ र उसको चाहना विपरीत निषेधित परिणाम निस्केको हुनुपर्दछ। यो मानसिक अवस्थामा अपराधकर्ताको चाहना विपरीत भएको हुन्छ तर यसको दोष अनुचित जोखिम लिनु हो।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ दफाको उपदफा (३) मा कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई... भन्ने वाक्यांशको प्रयोग गरी दफा १६१(३) मा परिणामको पूर्वज्ञान नभएको अवस्थामा हुन गएको दुर्घटनालाई कसूरको रुपमा अपराधीकरण गरिएको पाइने। "हेलचेक्र्याइँ"(negligence) एउटा यस्तो मानसिक अवस्था हो, जसमा कर्तामा परिणामको पूर्वज्ञान पनि हुँदैन र त्यस्तो परिणामको इच्छा पनि हुदैन। तर उसको कार्य निजबाट अपेक्षा गरिने स्तरभन्दा निम्न कोटीको हुने। परिणामको पूर्वज्ञान नहुने भएकोले जोखिमको प्रश्न यसमा विचारणीय नहुने। यो पूर्वसावधानी वा होसियारी नअपनाएको अवस्थासम्म हो, जुन सामान्य विवेकशील मानिसबाट अपेक्षित नहुने।

२७. एन.एम.वि. बैंक लि. वि. नेपाल सरकार (मुद्दा नं. ०७३-CR-०१७४)

- प्रवाह भएको कर्जाको सुरक्षण वापत धितोको रुपमा राखिएको सवारी साधनमा दर्तावाला बैंक तथा वित्तीय संस्थाको प्रत्यक्ष नियन्त्रण तथा व्यवस्थापन नहुने हुँदा उक्त सवारी साधनको दुर्घटनाबाट सिर्जित परनिर्भर दायित्व त्यस्तो दर्तावाला बैंकमा हुन्छ भन्नु न्यायसँगत नहुने।

संगठित अपराध

१. दिनेश आले वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६८)
२. सिताराम गिरी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक १, नि.नं. ११२३३)

१. दिनेश आले वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ४, नि.नं. १०६६८)

- तीन जना वा सो भन्दा बढी व्यक्तिहरुको संलग्नतामा भएको तीन वर्ष भन्दा बढी कैद सजाय हुने अपराधिक कार्य संगठित अपराध हुने कुरामा कुनै दुविधा रहेको पाईएन। प्रस्तुत मुद्दामा तीन जना भन्दा बढी प्रतिवादीहरुको प्रत्यक्ष वा परोक्ष रुपमा संलग्नता रहेको देखिने।
- संगठित अपराधमा सबै प्रतिवादीहरुको उत्तिकै भुमिका नरहन सक्छ। प्रत्येक सदस्यहरुले आ-आफ्नो भूमिका निर्वाह गर्ने हुँदा प्रतिवादीहरु एकापसमा सम्पर्कमा रही योजनाबद्ध तवरमा यो वारदात गरे गराएको पाईन्छ। संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ। बृहत योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिहरुको बेग्लाबेग्लै भूमिका रहेको हुन्छ। पृथक पृथक व्यक्तिको पृथक पृथक कार्यले विभिन्न तह हुँदै एउटा संगठित अपराध सम्पन्न हुन्छ।
- संगठित अपराध आर्थिक वा अन्य कुनै लक्ष्य प्राप्तीको लागि वा कसैलाई वा कुनै मुलुकलाई नै विभिन्न प्रकारले प्रतिकूल प्रभाव पार्ने बदनियतसाथ अपराधको उद्देश्य, कार्यशैली, संरचनात्मक ढाँचा, संजालसमेत विचार गरी योजना तैयार गरिएको हुन्छ।
- संगठित अपराध कुनै देशभित्र मात्र समिति रही वा राष्ट्रिय सिमानाको वास्ता नगरी कसैको योजनाअनुसर विभिन्न अपराधिक कार्य सम्पन्न गरिएको हुन्छ, जसको गम्भीर परिणाम व्यक्ति, समूह वा राज्यले नै भोग्नु पर्दछ।
- संगठित अपराधमा अमुक कसूरलाई एक छुट्टै दृष्टिकोणबाट हेरिने नभई अपराध घटाउनको लागि संगठित रुपमा काम गर्ने समूहलाई एकिकृत रुपमा हेरिन्छ।
- नोट छाप्न लगानी गरी कसैलाई केही लोभ लालच देखाई निजहरुको माध्यमबाट सो बृहत्तर योजनाको कार्यान्वयन गरी हवाई उडानबाट भारतीय नक्कली नोटको नेपाल प्रवेश गराउनु, यहाँ एक व्यक्तिबाट अर्को व्यक्तिलाई हस्तान्तरण हुनु, लक्षित क्षेत्र भारत हुनु, यस्तो नक्कली नोट नेपालमासमेत कारोबारमा ल्याउँदा यहाँको अर्थतन्त्र प्रभावित हुनु र भारत प्रवेश गराई त्यहाँ कारोबारमा लगाईदा भारतको अर्थतन्त्रमा पनि प्रतिकूल प्रभाव पर्नु जस्ता अपराधिक कार्यले व्यक्ति र राष्ट्र समेतलाई गम्भीर संकट पैदा गर्ने स्पष्टै छ।

२. सिताराम गिरी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक १, नि.नं. ११२३३)

- अदालतमा अभियोजन भई कारबाहीको चरणमा आइसकेका सङ्गठित अपराधको मुद्दामा प्रमाणको मूल्याङ्कन नै फरकढङ्गले गरिनुपर्ने हुँदा सामूहिक कसूर हो वा सङ्गठित अपराधको कसूर हो भनी निर्क्योल गर्नु आवश्यक हुने । प्रचलित ऐनको व्यवस्थाले सङ्गठित अपराध र सामूहिक अपराधलाई करिब एकसमान व्यवहार गरेको हुनाले सो सम्बन्धमा अनुसन्धान, अभियोजन र न्याय निरूपणसमेत संवेदनशील हुनुपर्ने ।
- "सङ्गठित अपराध" कुनै निश्चित अपराध होइन, यो जुनसुकै प्रकारको भए पनि गम्भीर प्रकृतिको अपराध हुनुपर्ने । त्यस्तो अपराधमा संलग्न व्यक्तिहरूको सङ्गठनको स्वरूप एक खाले नहुन पनि सक्छ, स्पष्ट अधिकार र कर्तव्य तोकिएका सङ्गठनको सोपान देखिने पनि सक्ने, नदेखिने पनि हुन सक्ने । सङ्गठित अपराधीहरूले एकै मुलुकभित्र रही कार्य गरेको पनि हुन सक्छ वा विभिन्न मुलुकमा छरिएको सञ्जाल पनि हुन सक्ने । यथार्थमा के हेरिनुपर्दछ भने उक्त समूह तत्काल कुनै कसूर गर्न बनेको झुन्ड वा समूह नभई सङ्गठित अपराधीहरूको समूह हुनुपर्दछ । तीन वा सोभन्दा बढी व्यक्तिहरू संलग्न भई कसूर गर्दैमा सङ्गठित समूह भनी यकिन गर्न नसक्ने ।

- सङ्गठित अपराध गरेको भन्नका लागि सङ्गठित वा असङ्गठित (Loose Nexus) समूहको योजना विद्यमान छ वा छैन भन्ने हेरिनुपर्ने । यस प्रकृतिको अपराधमा योजना बनाइएको छ वा छैन, सङ्गठनको नेतृत्व छ वा छैन, कुनै सरकारी कर्मचारी वा गोपनीयताको रक्षा गरिएको छ वा छैन, खास प्रभावकारी व्यक्तिको संरक्षण छ वा छैन र अपराध गर्नको लागि बनाइएको समूहले आफ्नो लागि भन्दा समूहका लागि काम गरेको देखिन्छ भने त्यस्तो समूहबाट गरिएको अपराधलाई सङ्गठित अपराध मान्नुपर्ने । सङ्गठित अपराध हुनका लागि अपराध गर्नकै लागि बनेको स्थायी संस्थागत संरचनासमेत देखिनुपर्ने ।
- केही व्यक्ति मिलेर अल्पकालीन वा एक पटक मात्र लाभ लिने प्रकृतिको समूहमा कुनै कसूर गरे भन्दैमा सङ्गठित अपराध गरेको मानी त्यस्ता व्यक्तिलाई सङ्गठित अपराधको कसूरदारको श्रेणीमा राख्नु न्यायोचित नदेखिने ।
- सङ्गठित अपराध निवारण ऐन, २०७० को कानूनी व्यवस्थाबाट अपराधमा तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संलग्नता हुनासाथ स्वतः सङ्गठित अपराधको कसूर प्रमाणित हुन सक्ने अवस्था नदेखिने ।
- सङ्गठित अपराधको कसूर हुनका लागि आपराधिक समूहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित स्थायी संरचनामा आबद्ध तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूहद्वारा आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेको तथ्य ठोस प्रमाणबाट पुष्टि हुनुपर्ने ।

राष्ट्रिय निकुञ्ज

१. श्री ५ को सरकार वि. पन्द घलेसमेत (ने.का.प. २०५८, अंक ३, नि.नं. ६९९९)
२. बमबहादुर प्रजा वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०३)
३. राजुप्रसाद चापागाईसमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५५६)
४. सूर्यबहादुर पुन वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७८४)
५. नेपाल सरकार वि. ओमबहादुर रानासमेत (ने.का.प. २०६९, अंक ११, नि.नं. ८९११)
६. प्रकाश बुढासमेत वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२११)
७. नेपाल सरकार वि. रामबहादुर बलसमेत (ने. का. प. २०७२, अंक ३, नि.नं. ९३६१)
८. नेपाल सरकार वि. कुलमान घले गुरुङसमेत (ने.का.प. २०७३, अंक ५, नि.नं. ९६०२)
९. मुन्ना प्रजा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७१४)
१०. रणबहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ८, नि.नं. ९८६२)
११. नेपाल सरकार वि. दलबहादुर प्रजासमेत (ने.का.प. २०७५, अंक २, नि.नं. ९९४९)
१२. नेपाल सरकार वि. मोमदिन मियासमेत (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८८)
१३. नेपाल सरकार वि. गोपाल प्रजासमेत (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९१५)
१४. मुकुन्द विडारी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४१)

१. श्री ५ को सरकार वि. पन्द घलेसमेत (ने.का.प. २०५८, अंक ३, नि.नं. ६९९९)

- ७० दिन भित्र पुनरावेदन गर्न नसकेको कारण देखाई अ.वं. ५९ नं. अन्तर्गत उक्त ७० दिन गुज्रेको मितिले ३० दिन भित्र थमाइ पाउन निवेदन दिई म्याद थमाइ २०५१।५।९ मा मात्र प्रतिवादीहरुले पुनरावेदन दर्ता गराएको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३) मा त्यस्तो फैसला उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भइरहेको पाइन्छ । तर ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिन भित्र पुनरावेदन लाग्ने हो कि भन्नेतर्फ विचार गर्दा कानूनद्वारा तोकिएको म्याद भन्दा घटि बढी हुने गरि पुनरावेदन गर्ने म्याद दिंदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभई कानूनद्वारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नु पर्ने हुन्छ । विधायिकाबाट ऐनमा नै प्रष्टरुपले तोकि दिएको पुनरावेदन गर्ने म्याद अन्यथा हुने गरी घटी बढी उल्लेख गर्दैमा त्यस्तो घटी बढी कायम रहन सक्ने नभई कानूनद्वारा निर्दिष्ट मँयद नै कायम हुने हुँदा सम्बन्धित मुद्दाका पक्ष विपक्षले पनि कानूनद्वारा निर्दिष्ट म्यादलाई नै अनुशरण गरी सोही म्याद भित्रै पुनरावेदन गर्नुपर्ने हुन्छ ।
- प्रस्तुत मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३) द्वारा निर्दिष्ट ३५ दिन म्याद भित्र प्रतिवादीहरुले पुनरावेदन नगरी २०५१ ।२ ।२ मा तामेल भएको पुनरावेदन गर्ने म्यादबाट ३५ दिन र अ.वं. ५९ नं. ले थमाउन पाउने म्याद ३० दिन नघाई २०५१।५।१९ मा आयर मात्र दायर भएको देखिंदा त्यस्तो पुनरावेदन ग्रहण गरी इन्साफ गर्न नमिल्ने भई पुनरावेदनै खारेज गर्नुपर्नेमा सो नगरी इन्साफ गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिएकोले उल्टी हुने ।

२. बमबहादुर प्रजा वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०३)

- अदालतले बयान बकपत्र गराउँदा शक्तिको प्रयोग गर्दैन र त्यहाको काम स्वतन्त्रपूर्वक हुन्छ भन्ने ठानिन्छ । यो सर्वमान्य मान्यता र बास्तविकता पनि हो । प्रमाण ऐन २०३१ को दफा २(क) ले मुद्दा हेर्ने अधिकारीलाईसमेत अदालतको परिभाषाभित्र समेटेको छ । प्रतिवादीले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेका छन । प्रमाण ऐन २०३१ को दफा ९ मा अदालत बाहेक अन्यत्र गरेको कागज स्वतन्त्रपूर्वक भएको छैन भनी प्रमाणित भएको स्थितिमा मात्र त्यस्तो बयान वा कागजलाई मान्यता दिन नमिल्ने हो । मौकाको बयान नै स्वेच्छाले भएको होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानलाई स्वेच्छापूर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको बयान स्वेच्छापूर्वक भएको छैन र सो बयान निजको विरूद्ध प्रमाणमा लिन मिल्दैन भन्न नमिल्ने ।
- अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्रणाली र कानूनी पद्धति नै परिवर्तन गर्नुपर्ने स्थिति आउँछ । त्यसैले अदालत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान स्वतन्त्रपूर्वक भएको छैन भन्ने जिकिरलाई कानूनी मान्यता र सिद्धान्तको आधारमा नै स्वीकार गर्न नसकिने ।

३. राजुप्रसाद चापागाईसमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयसमेत (ने.का.प. २०६८, अंक २, नि.नं. ८५५६)

- वन्यजन्तुको छाला, हाड, सिङ आदिमा अबैध अन्तर्राष्ट्रिय बजारको कारण गैंडा मारिन लागेको हो । यसको नियन्त्रणको लागि कानूनमा कडा सजाय र कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । तर निरोधात्मक उपाय (Preventive Measure) नै बढी महत्वपूर्ण हुन्छ ।

- यसको लागि वन्यजन्तु आरक्ष क्षेत्रमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४, ५ र ११ को कडा र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ . ती दफाहरूको कार्यान्वयन त्यसबेला सम्भव हुन्छ, जब ती क्षेत्रमा प्रवेश निषेध गरिन्छ, कामकाजसँग सम्बन्ध नभएको व्यक्तिलाई प्रवेशमा रोक लगाइन्छ, शिकार खेल्न पूर्ण रोक तथा निषेध गरिन्छ र असम्बन्धित व्यक्तिको आरक्षणभित्र प्रवेश निषेध तथा शिकार प्रतिवन्धको लागि आरक्षणक्षेत्रको वरपर नियमित गस्ती गर्ने र कहिँ कतै आरक्षणभित्र अनधिकृत प्रवेश गरेमा वा शिकार खेलेमा त्यसमा तुरून्त प्रभावकारी कारवाही गर्नुपर्ने ।

४. सूर्य बहादुर पुन वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७८४)

- कुनै परीक्षण नगराएको अवस्थामा मुद्दा हेर्ने अधिकारीसमक्षको सावितो बयान समेतका सबूद प्रमाणका आधारमा कसूर कायम भई दोषी करार भइसकेपछि पुनरावेदन तहमा शुरु मुद्दा हेर्ने अधिकारीसमक्षको सावितो बयानको सत्यतामा प्रश्न उठाई सो सावितो आफूले दिएको होइन भन्ने जिकीर लिएकै आधारमा मात्र अदालतले सावितो बयानको सत्यताउपर अनावश्यक शंका गरी अन्यथा निष्कर्ष निकाल्नेतर्फ विचार गरिरहनु नपर्ने ।
- अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको आफ्नो सावितो बयानको तथ्यलाई स्वीकारै गरेको र सो सावितो बयान लिँदाको अवस्थामा यातना दिएको भन्ने कुरालाई मात्र विशेष रूपमा उठाई सो सावितो प्रमाण ग्राह्य छैन भनी जिकीर लिए तापनि त्यस्तो यातना वा कुटपिट प्रमाणबाट पुष्टि नभएसम्म मुद्दा हेर्ने स्वतन्त्र निकायसमक्ष भएको सावितो बयान निज विरुद्धको बलियो प्रमाणको रूपमा रहिरहने ।
- संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दँरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने ।
- वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रूपमा बाँडी खाएको स्थितिमा प्रतिवादीहरूको समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्थामा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था नदेखिने ।

५. नेपाल सरकार वि. ओमबहादुर रानासमेत (ने.का.प. २०६९, अंक ११, नि.नं.८९११)

- आरोपित कसूर गरेको तथ्यमा साबित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र उक्त बयान व्यहोरा सर्जमीनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको अवस्थामा साबिती बयानलाई प्रमाणमा लिन मिल्ने ।
- पटक पटक गैंडाको खाग बिक्री गरेको र गैंडाको खाग आफ्नो घरमा नै राखेको देखिएको अवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा ऐ. को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना हुने ।

६. प्रकाश बुढासमेत वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२११)

- प्रतिवादीहरू हालसम्म पनि पक्राउ परेका अवस्था नहुँदा निज प्रतिवादीहरू कहाँ छन भन्ने सम्म पनि सुरू

अनुसन्धान अधिकारी र मुद्दा हेर्ने निकायले यकिन गर्न नसकी बिना आधार र कारण मुद्दा दायरसम्म गरेको देखिएकाले निजहरूको हकमा कसूर स्थापित हुन सक्ने अवस्था नहुँदा निज प्रतिवादीहरू भूपेन्द्र शाही र पेमा लामाले आरोपित कसूरको दायित्वबाट उन्मुक्ति पाउने नै देखिने ।

- दशीको रूपमा बरामदी गैंडाको खाग गैंडाको सक्कली खाग होइन भनी विशेषज्ञले दिएको राय सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा संलग्न प्रतिवादीहरूमध्ये निजहरूको परस्पर बयान र संलग्नताको आधारमा हेर्दा मुख्य आरोपी देखिएका प्रकाश बुढा र दानसिंह चैसिरले बरामदी खागलाई मौकामा सक्कली होइन भनी जिकिर लिन सकेको नपाइने ।
- आफूले प्राप्त गरको सो सामानलाई अनुपम वस्तुको रूपमा स्वीकार गरी अन्तिम अवस्थासम्म ओसार पसार र कारोबारको प्रयास गरेको देखिने ।
- बरामदी खागलाई नक्कली हो भनी सजायबाट उन्मुक्ति पाउँन मौकामा जिकिर लिन सकेको पाईँदैन । पछि खागको परीक्षण हुँदा खाग नक्कली हो भनिए तापनि विशेषज्ञको बन्द सवालबाट भएको बकपत्र हेर्दा निजलाई जिरह हुन सकेको अवस्था नदेखिएको र गैंडाको खाग नक्कली हो कि ? भन्ने बयानको क्रममा प्रश्न उठेपछि मुद्दा हेर्ने अधिकारी वन अधिकृतको इजलासबाट जाँच गर्न पठाउने विधिवत् कुनै आदेश नभई प्रतिवादीहरू स्वयम्ले जाँच गराई पाउँ भन्ने निवेदनको आधारमा बीचैबाट जाँच गर्न पठाएको देखिने ।
- प्रतिवादीहरूले गैंडाको खाग सक्कली खागको रूपमा अवैध कारोबारको कार्य गरेको परिप्रेक्ष्यमा पछि आएर एउटा निवेदनको भरमा जाँच गराउने माग गरेको देखिँदा त्यसमा विवन्धनको सिद्धान्तसमेत आकर्षित हुन सक्ने अवस्था हुँदा, सो जाँच परीक्षणलाई विवादरहित रूपमा स्वीकार गर्न सकिने अवस्था नदेखिने ।

७. नेपाल सरकार वि. रामबहादुर बलसमेत (ने. का. प. २०७२, अंक ३, नि.नं. ९३६१)

- अपराधको प्रकृति, कसूरदारको संलग्नता, कसूरको गाम्भीर्यता लगायतका कसूरसँग सम्बन्धित विभिन्न सन्दर्भहरूलाई विचारै नगरी कसूरमा संलग्न कुनै पनि अभियुक्तलाई यान्त्रिक रूपमा न्यूनतम् वा अधिकतम् सजाय गर्ने भन्ने विधायिकाको मनसाय होइन । विधायिकाले निश्चित सजायको मात्रा उल्लेख नगरी धेरै प्रकारका कसूरमा न्यूनतम् र अधिकतम् सजायको मात्रा तोकिदिएको अवस्थामा तोकिएको सीमाभित्र रही सजाय निर्धारण गर्ने स्वविवेकीय अधिकार मुद्दा हेर्ने अधिकारी वा अदालतलाई प्रदान गरेकाले अभियुक्तको कसूरको मात्रासँग मिल्ने गरी निर्णयकर्ताले ववेकसम्मत सजायको मात्रा निर्धारण गर्नुपर्ने ।

८. नेपाल सरकार वि. कुलमान घले गुरुङसमेत (ने.का.प. २०७३, अंक ५, नि.नं. ९६०२)

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा वन्यजन्तु मार्ने कार्य र वन्यजन्तुको आखेटोपहार राख्नेसम्मको निषिद्ध कार्यलाई पनि एकै दफामा राखे पनि सो कार्यलाई कसूरको मात्रानुसार विचार गरी सजाय गर्न अधिकतम र न्यूनतम सजायको व्यवस्था गरी न्यायकर्तालाई स्वविवेकीय सजाय निर्धारण गर्न सक्ने गरी कानूनी प्रावधान विधायिकाले निश्चित गरेको देखिन्छ । यसरी विधायिकाले दण्ड निर्धारण गर्न विस्तारित प्रावधान राखे पनि तजबिजी अधिकारको प्रयोग आत्मगत वा स्वेच्छाचारीरूपमा गर्न मिल्दैन । त्यस्तो दण्डको निर्धारण न्यायकर्ताले समन्याय (equity), शुद्ध अन्तःस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसूरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मकुरूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरी न्यायिकुरूपमा सम्पादन हुनुपर्ने ।

९. मुन्ना प्रजा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७१४)

- कुनै कसूरमा एकभन्दा बढी प्रतिवादीहरूलाई तत्सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भएपनि कानूनले निर्णयकर्तालाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको विष्लेषण गरी वारदातमा व्यक्तिपिच्छे प्रतिवादीको संलग्नता, भूमिका जस्ता विषयहरू पहिचान गरी वारदात घटाउन नेतृत्व लिएको, सहायकको भूमिकामा रहेको, आफैं प्रहार गरेको, गौंडा कुरेको, सुराकीको भूमिका निर्वाह गरेको, लाभ लिने कार्यमा सहभागी भए नभएको, हातहतियारको बन्दोबस्त आदि गरे नगरेको लगायतका थुप्रै विषयहरूका आधारमा अमुक कसूर घटाउनमा कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसूरको मात्राअनुसार सजाय निर्धारण हुने हुँदा एउटै किसिमको अभियोगदाबी भएका सबै प्रतिवादीहरूलाई समान सजाय हुनुपर्छ भनी मान्न नमिल्ने ।
- फौजदारी कानूनको उल्लङ्घनका लागि सजाय निर्धारण गर्दा विभिन्न सिद्धान्त र अवधारणाहरूको प्रयोग हुँदै आएको पाइन्छ । Mitigating factors भन्नाले कुनै व्यक्तिलाई अदालतले कसूरदार ठहऱ्याएपछि निजलाई कम सजाय गर्न लिने आधारहरूलाई बुझिन्छ भने Aggravating factors भन्नाले कसूरको गम्भीरता बढाउने र अधिकतम सजाय गर्ने आधारहरूलाई बुझिन्छ । Mitigating factors का लागि जो विरूद्ध अपराध भएको छ । उसैको उक्साहटको कारण अपराध घटाउन कसूरदार प्रेरित भएको अवस्था, कसूरदारको मानसिक अवस्था, उमेर, उक्त अपराध घटाउन कसूरदारको अत्यन्त कम भूमिका, कसूरदारको पूर्व आपराधिक रेकर्डको अभाव, अपराध घटाउन पीडितको संलग्नतासमेत रहेको अवस्था, अपराध गर्दाको अवस्था र परिस्थिति आदिको आधारमा विधायिकाले न्यूनतम सजाय गर्ने गरी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्ता (Judge) लाई तत्सम्बन्धी विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन् । जबकी Aggravating factors पटके अपराधी, पीडितलाई पुगेको क्षतिको गम्भीरता, कसूर घटाउन कसूरदारको नेतृत्वपूर्ण भूमिका, सामाजिक रूपमा अत्यन्त निकृष्ठ र अनैतिक मानिने कसूर, पदको आडमा गरिने कसूर र क्रूर तथा यातनापूर्ण तवरले गरिएको अपराध, अपराधमा घातक हतियारको प्रयोग आदि जस्ता आधारमा विधायिकाले अधिकतम सजाय गर्ने भनी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्तालाई तत्सम्बन्धमा विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्, हाम्रो प्रचलित नेपाली फौजदारी कानूनमा पनि कसूरदारलाई कुनै कसूरका लागि दायित्व वहन गराउने सम्बन्धी विभिन्न सिद्धान्तहरूको व्यवस्था भएको पाइने।
- कतिपय कसूरका लागि सजाय निर्धारणमा न्यायाधीशलाई विवेक प्रयोग गर्न कुनै स्थान नै दिइएको पाइँदैन भने कतिपय कसूरका लागि कसूरको मात्राअनुसार सजाय निर्धारण गर्ने गरी विवेक प्रयोग गर्ने अधिकार न्यायाधीशलाई प्रदान गरिएको पनि पाइन्छ । के कस्तो अवस्थामा Aggravating factors अपनाउने र के कस्तो अवस्थामा Mitigating factors अनुशरण गर्ने भनी हामी कहाँ छुट्टै कानून नभएपनि विभिन्न कानूनमा एउटै कसूरका लागि सजायको न्यूनतम र अधिकतम हदको सजायसम्बन्धी व्यवस्थालाई सोहीरूपमा बुझ्न सकिने ।
- मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. को व्यवस्थालाई Mitigating factors को अनुसरणका लागि विधायिकाले न्यायाधीशलाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको रूपमा बुझ्न सकिन्छ । Mitigating factors को अनुशरण गर्दा कुनै कसूरमा संलग्न व्यक्तिलाई माथि उल्लिखित विभिन्न आधारमा कम सजाय निर्धारण गर्ने हो भने त्यही कसूरका लागि Aggravating factors अनुशरण

गर्ने माथि उल्लिखित आधारहरू देखिन आएमा सजायको मात्रा बढाउने हो । यसबाट Mitigating वा Aggravating factors सजाय निर्धारणमा न्यायाधीशलाई प्राप्त विवेकाधिकारसित सम्बन्धित छ भन्ने बुझिन आउने ।

- कसूरको मात्राअनुसार सजाय हुने भन्ने कुरा कुनै न कुनैरूपमा Mitigating वा Aggravating factors सित सम्बन्धित विषय हो । कसूरको मात्रा भनेको तथ्य र प्रमाणबाट कुनै कसूर घटाउन कुनै व्यक्तिको के कस्तो संलग्नता र भूमिका छ भन्ने कुरा निर्धारण गर्ने हो । कुनै वारदातमा मुख्य भई भूमिका निर्वाह गर्ने, सहयोगसम्म गर्ने, लाभ लिने, योजना बनाउने, वातावरण तयार गरिदिने आदि विभिन्न भूमिकाहरूका लागि कानूनले छुट्टाछुट्टै भार तय गरेको अवस्थामा एउटै कसूरमा एकभन्दा धेरै कसूरदारहरूको संलग्नता रहेको परिप्रेक्ष्यमा तीमध्ये प्रत्येक कसूरदारको उक्त वारदात घटाउन के कस्तो र के कति भार पर्छ त्यही कसूरको मात्रा हुन आउने ।

१०. रणबहादुर कुमाल वि. नेपाल सरकार (ने.का.प.२०७४, अंक ८, नि.नं.९८६२)

- लोपोन्मुख प्रजातिलाई संरक्षण गर्न गैंडा मार्ने घाइते पार्ने जस्ता कसूरलाई गम्भीर कसूर मानी सजायको व्यवस्था हाम्रो विद्यमान कानूनमा समेत कठोररूपमा रहेको छ । गैंडा मार्ने योजनामा संलग्नता भए तापनि हरेक व्यक्तिको आआफ्नो कसूरको भूमिका रहेको हुन्छ । ऐनले नै तजबिजी सजायको व्यवस्था गरेको छ । तजबिजी सजायको प्रयोग पनि कसूरको मात्राअनुसार वाञ्छनीय हुने ।
- कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसूरदारको कसूरको मात्रालाई ध्यान दिनुपर्ने हुन्छ । तजबिजी सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ । विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ । सबै कसूरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने ।
- निकुञ्ज क्षेत्रभित्र गोली चलेको तथ्य पुष्टि भइरहेको अवस्था, गैंडा घाइते देखिएको भन्ने प्रतिवेदन र प्रतिवादीहरू भेला भई बसेको घरमा पक्राउ पर्दा बरामद भएका गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएका परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको कसूर अपराधलाई स्वीकार गरी गरेको बयान कागजातबाट आरोपित कसूरमा प्रतिवादीहरूको संलग्नता थिएन भन्न नसकिने ।

११. नेपाल सरकार वि. दलबहादुर प्रजासमेत (ने.का.प. २०७५, अंक २, नि.नं. ९९४९)

- कानूनले नै मुद्दा सुन्ने अधिकारी तोकिसके पश्चात् सो अधिकारीले मुद्दाको कारवाहीको सिलसिलामा बयान, बकपत्र लगायतका प्रमाण बुझ्ने अधिकारसमेत रहेको मानिन्छ । त्यस्तो मुद्दा हेर्न अधिकारी तोकिसके पश्चात निजले गराएको बयान स्वतन्त्रपूर्वक भएको होइन भनी प्रतिवादीको भनाईको आधारमा मात्र मान्न मिल्दैन । त्यस्तो अधिकारीले मुद्दा सुनुवाइको क्रममा गरे गराएको कार्य अन्यथा प्रमाणित नभएसम्म स्वच्छ सुनुवाइको सिद्धान्त अनुसार नै गराएको मान्नु पर्ने ।
- अनुसन्धानको क्रममा एवं मुद्दा हर्ने अधिकारी समक्ष भएको बयान एक आपसमा मेल खाइरहेको अवस्थामा उक्त बयानहरू स्वतन्त्रपूर्वक भएको होइन भन्ने जिकिर प्रतिवादीले लिएको खण्डमा सो कुरा प्रमाणित गर्ने दायित्व पनि निजको नै हुन आउने ।
- सहअभियुक्तको पोल आफैंमा कुनै ठोस प्रमाण होइन । यो मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको

खण्डमा मात्र प्रमाणयोग्य मानिने ।

१२. नेपाल सरकार वि. मोमदिन मियासमेत (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८८)

- घटनास्थलमा अवैध काठसहित पक्राउ पर्नु कसूर कायम हुन पर्याप्त हुँदैन । प्रतिवादीहरूको भूमिका, संलग्नताको स्तर, मनसायको अवस्था र कसूरजन्य कार्य आदि जस्ता तत्त्वहरूको समष्टिले मात्र प्रतिवादी कसूरदार हो होइन भनी पुष्टि गर्नुपर्ने ।

१३. नेपाल सरकार वि. गोपाल प्रजा (ने.का.प. २०७९, अंक ८, नि.नं. १०९१५)

- कसूरदारको सहयोगी वा मतियारले गरेको कार्यको गाम्भीर्य, वारदात सम्पन्न हुनुपूर्व वा वारदातपछिको निजको संलग्नताको अवस्था वा कसूरको परिमाण (मात्रा) एवम् यसरी सहयोगी कार्य गर्दाको अवस्थामा निजको आपराधिक मनसायलगायतको सम्बन्धमा प्राप्त प्रमाणको मूल्याङ्कनको आधारमा निजको सजाय तोकिनु वाञ्छनीय हुने ।

१४. मुकुन्द विडारी वि. नेपाल सरकार (ने.का.प. २०८१, अंक २, नि.नं. ११२४१)

- मूल अभियुक्तलाई कम कैद र जरिवानाको सजाय भएको अवस्थामा मिसिलबाट केवल एकजना मूल कसूरदारलाई गैंडाको खाग कसैले बेच्छ भनी सूचना वा जानकारी दिएकोले निज मतियार हो भनी मुद्दा चलाएको र अन्य संलग्नता केही रहेको नदेखिएको पक्षलाई केवल म्याद सूचनामा उपस्थित भएन भन्ने आधारमा मूल अभियुक्तलाई भएको भन्दा बढी कैद र जरिवाना गर्नु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिकूल हुने ।
- संविधानको धारा २० को उपधारा (४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने हकले कानूनको अभावमा सजाय नहुने र कानूनले तोकेभन्दा बढी सजाय नहुने दुवै कुरा प्रत्याभूत गर्दछ । कानूनले तोकेभन्दा बढी सजाय हुनु भनेको कानूनको अख्तियारीबेगर सजाय हुनु हो । कानूनको अख्तियारीबेगर कोही पनि व्यक्ति कैदमा रहनु विधिको शासनको विरूद्ध हुने । यस्तो सजाय हुन गएको देखेमा अदालतको म्याद बदर नभएको वा अदालतले जारी गरेको म्यादमा उपस्थित भई प्रतिवाद गर्न नसकेको भन्ने जस्ता स-साना प्राविधिक कुरामा अल्झेर देखादेखी कानूनले तोकेभन्दा बढी सजाय भइरहेको स्थितिलाई यथावत् रहन दिई न्याय दिन इन्कार गर्न नमिल्ने ।
- एउटा सामान्य चिया नास्ताको पसल गरेर जीवन गुजारा गरेका सर्वसाधारण नागरिक आफू पक्राउ परेपछि तह तहका अदालतसमक्ष न्यायको याचना गरेर आइरहेको छ । यसै अदालतसमक्ष पनि गैंडा मारेको यो विवाद प्रकारान्तरले तेस्रो पटक पेस भइरहेको छ भने संविधान र कानूनको अन्तिम व्याख्या गर्ने एवम् आफूसमक्षको विवादमा पूर्ण न्याय गर्नुपर्ने दायित्व भएको यस अदालतले कानून विरूद्ध कैद भइरहेको देख्दादेख्दै चुप लागेर बस्न नमिल्ने ।

वन पैदावार

१. गोपालबहादुर थापासमेत वि. श्री ५ को सरकार (ने.का.प. २०४५, अंक ७, नि.नं. ३५३३)
२. गुणकर खरेल वि. श्री ५ को सरकार (ने.का.प. २०५४, अंक ४, नि.नं. ६३६५)
३. श्री ५ को सरकार वि. ज्योतीमान श्रेष्ठ (ने.का.प. २०५४, अंक ११, नि.नं. ६४६८)
४. श्री ५ को सरकार वि. मदनबहादुर कार्कीसमेत (ने.का.प. २०५६, अंक ८, नि.नं. ६७७०)
५. नेपाल सरकार वि. बाजे रानासमेत (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२८)
६. नेपाल सरकार वि. ताराप्रसाद देवकोटासमेत (ने.का.प. २०६६, अंक १०, नि.नं. ८२५४)
७. नेपाल सरकार वि. जंगबहादुर ठेडी मगर (ने.का.प. २०६७, अंक १२, नि.नं. ८५२४)
८. नेपाल सरकार वि. वेलबहादुर थापा मगरसमेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६२९)
९. नेपाल सरकार वि. लेखराज डाँगीसमेत (ने.का.प. २०७२, अंक १, नि.नं. ९३२८)
१०. होमनाथ अधिकारी वि. नेपाल सरकार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४५५)
११. ताराबहादुर बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प २०७५, अंक १२, नि.नं १०१५४)
१२. नेपाल सरकार वि. मोमदिन मियासमेत (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८८)
१३. नवल किशोर साह वि. डिभिजन वन कार्यालय काठमाडौंसमेत (मुद्दा नं. ०७९-WH-००२६)

१. गोपालबहादुर थापासमेत वि. श्री ५ को सरकार (ने.का.प. २०४५, अंक ७, नि.नं. ३५३३)

- विवादित जग्गाहरु दर्ता भई सकेको तथा दर्ता गर्ने निर्णय भई सकेको नदेखिई कारवाहीको सिलसिलामा भएको लेखापढी सम्म देखिन आएकोले सो पत्रहरुको आधारमा विवादका जग्गाहरुमा पुनरावेदकहरुको हक कायम भई सकेको भन्न नमिल्ने ।
- कानूनको रीत नपुऱ्याई आफूले बसोबास गरी आएको जग्गा वनक्षेत्र कायम गराई उठाई पठाएको भए मौकैमा कानून बमोजिम उजूर दिई बदर गराउन सक्नु पर्ने ।

२. गुणकर खरेल वि. श्री ५ को सरकार (ने.का.प. २०५४, अंक ४, नि.नं. ६३६५)

- यसमा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ भित्र को सरकार वादी मुद्दा र अनुसूची १ भित्र नपरेको सरकार वादी हुने मुद्दामा पुनरावेदन गर्ने म्यादको सम्वन्धमा हेर्दा वन सम्वन्धी ऐन, २०४९ को दफा ६५(३) बमोजिम निर्णयको सूचना पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने र सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम अनुसूची भित्रको मुद्दामा ७० दिनको म्याद दिनुपर्ने कानूनी प्रावधान रहेको देखियो । यसरी अनुसूची १ भित्रको मुद्दामा पाइने म्याद र अनुसूची १ भित्र नपरेको मुद्दामा पाइने म्याद छुट्टाछुट्टै रहेको छ । अव सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ को ३६ मा सो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरु कुनै फौज्दारी अपराधसम्वन्धी मुद्दा भन्ने उल्लेख भएको छ । तर वन ऐन, अन्तर्गतको मुद्दालाई अनुसूची भित्र पार्ने गरी नेपाल राजपत्रमा प्रकाशित भएको देखिँदैन । यस प्रकार प्रचलित नेपाल कानून अनुसार वन ऐन अन्तर्गतको मुद्दामा ३५ दिनको म्याद पाउने किटानी व्यवस्था हुँदाहुँदै कुनै अदालतले आफ्नो फैसलाको तपसिल खण्डमा ७० दिनको म्याद दिए पनि कानून अनुसार सो कार्य नै कानूनी मान्यता विहिन हुँदा त्यसैले मान्यता पाउँछ भन्न नमिल्ने हुँदा प्रस्तुत निवेदनबाट प्रतिवेदन मागी कारवाही गरी कारवाही लम्वाउन उपयुक्त नदेखिंदा कानून बमोजिम गर्नु ।

३. श्री ५ को सरकार वि. ज्योतीमान श्रेष्ठ (ने.का.प. २०५४, अंक ११, नि.नं. ६४६८)

- विवादको जग्गा यी प्रतिवादीको हक भएको भन्न सकिने जग्गाको दर्ता स्वामित्वको प्रमाणहरू निजबाट पेश हुन सकेको देखिंदैन । कुनै व्यक्ति विशेषको नाममा दर्ता हक नभएको जंगल भनी सर्भे नापी भै श्रेस्तामा जनिएको त्यस्तो वन सिमाना भित्रको जग्गालाई वन जंगल कायम गरेको शुरुको फैसलाबाट हक वेहक भएको भन्न सकिने अवस्था पनि छैन । तसर्थ विवादित जग्गा वन कायम गर्ने गरेको शुरु एक सदस्यीय वन संरक्षण विशेष अदालत, जिल्ला वन कार्यालय पाल्पाको इन्साफ मनासिव ठहर्ने ।

४. श्री ५ को सरकार वि. मदन बहादुर कार्कीसमेत (ने.का.प. २०५६, अंक ८, नि.नं. ६७७०)

- घटनास्थलमा प्रतिवादीहरुले यति वन फंडानी गरे भनी काठ वरामद गरी वरामदी मुचुल्का समेतवाट प्रमाणित गर्न सकेको मिसिलवाट नदेखिएको र यिनै व्यक्तिहरुले रुख काटेका हुन भनी सर्जमिन समेतका कसैले भनेको नदेखिएको अवस्थामा केवल ठुटाका आधारमा विगो कायम गरी विगोमा ठहर गर्नु न्यायोचित नदेखिँदा ठुटालाई विगो कायम गरी सजाय गरी पाउँ भन्ने दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिंदा सदर हुने ।

५. नेपाल सरकार वि. बाजे रानासमेत (ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२८)

- कसूर गर्ने एक भन्दा बढी कसूरदार भएको अवस्थामा प्रत्येकलाई सोही बमोजिम दोब्बर सजाय गरिदा जरिवाना र कैदको कुल मात्रा कानूनमा तोकिए भन्दा बढी हुन जाने ।
- एक भन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैधरूपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कुल परिमाण र विगो जोड्दा पाँच हजार भन्दा बढी भएको र सोही विगो र मात्राको आधारमा सामूहिक रूपमा दफा वन ऐन, २०४९ को ५० (१)(घ)(४) बमोजिम सजायको दावी लिएको अवस्थामा कसूर ठहरी सजाय गर्दा सोही बमोजिम उक्त सजाय सामूहिक रूपमा नै गरिनु पर्ने ।
- कुनै कसूर गरेवापत ऐनमा स्पष्टतयाः जनही सजाय हुने भनी उल्लेख भएको अवस्थामा वाहेक एक भन्दा बढी कसूरदार भएमा सो सजाय सामूहिक रूपमा भएको मान्नुपर्ने र उक्त सजाय दामासाहीले असूल गर्नुपर्ने ।
- सामूहिक रूपमा गरेको कसूरका लागि सामूहिक रूपमा नै सजाय हुने हुँदा जनही सजाय नगरी दामासाहीले सजाय हुने ।

६. नेपाल सरकार वि. ताराप्रसाद देवकोटासमेत (ने.का.प. २०६६, अंक १०, नि.नं. ८२५४)

- वन पैदावार ओसार—पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो । सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुने ।
- कुनै कार्य कसूर हो त्यसको परिभाषा र निर्धारण विधायिकाले कानूनद्वारा गर्दछ । कसूर र अपराधका लागि सजाय र अपराधमा प्रयोग भएका बस्तु वा साधनअपराधमा प्रयोग भएका बस्तु वा साधन जफत हुने वा नहुने सोको निर्धारण पनि विधायिकाले नै ऐनद्वारा गर्दछ । त्यस्ता कानूनमा जे लेखिएको छ सोही बमोजिम अदालतले फौजदारी न्याय प्रदान गर्दा प्रचलित कानून लागू गर्दछ । ऐनमा नभएको सजाय गर्न पाइदैन भने ऐनले गर्नुपर्ने सजाय र कसूरमा प्रयोग भएको साधन जफत गर्नुपर्नेमा कानूनको गलत व्याख्या वा कानूनी प्रावधानप्रतिको वनउपेक्षाभावले जफत नगर्नु भनेको वन ऐन, २०४९ को दफा ६६ मा भएको जफतसम्बन्धी व्यवस्थाको प्रतिकूल हुने ।

७. नेपाल सरकार वि. जंगबहादुर ठेडी मगर (ने.का.प. २०६७, अंक १२, नि.नं. ८५२४)

- मन्त्रीस्तरको निर्णयको आदेशबाट अधिकारक्षेत्र सिर्जना हुन नसक्ने ।
- मुद्दा चलाउने अधिकारी तथा मुद्दा हेर्ने निकायसमेत विधिसम्मत रूपमा हुनुपर्दछ नत्र जसलाई पनि जसले पनि अधिकारक्षेत्र बाहिर गै मुद्दा चलाए पनि हुने अवस्था रहने हुन्छ । अतः अधिकारक्षेत्र कानूनद्वारा नै स्थापित हुने यस्तो अवस्थामा मन्त्रीबाट भएको भनिएको निर्णयको आधारमा अधिकारक्षेत्र स्थापित हुन नसक्ने भएबाट उक्त मन्त्रीको आदेशबाट स्थापित अधिकारक्षेत्रको आधारमा निर्णय हुने कार्यसमेत कानूनसम्मत नदेखिने ।

८. नेपाल सरकार वि. वेलबहादुर थापा मगरसमेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६२९)

- अवैध रूपमा वन पैदावर ओसार—पसार गर्ने कार्यमा सवारीधनी आफु संलग्न पनि नभएको वा अवैध वन

पैदावर ओसार—पसार गर्ने निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसार— पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मञ्जुरी वा सहमती रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसंगत नहुने ।

- कानूनको व्याख्या गर्दा सर्वप्रथम कानूनमा प्रयोग भएका शब्द वा शब्दावलीले दिने सामान्य अर्थ सुस्पष्ट, व्यावहारिक, विवेकसम्मत् र न्यायपूर्ण भएसम्म सोही अर्थ ग्रहण गर्नुपर्दछ भन्ने कानून व्याख्याको सामान्य सिद्धान्त रहेको छ । तर कानूनको शाब्दिक व्याख्या गर्दा त्यस्तो तर्कपूर्ण, विवेकसंगत, व्यावहारिक एवं न्यायपूर्ण अर्थ ननिस्कने भएमा शाब्दिक व्याख्याको नियमलाई अनुशरण गर्नु उपयुक्त नहुने ।
- "कसूर गरेको ठहरिएमा" भन्ने वाक्यांशको आशय वन ऐनअन्तर्गत घटेको कसूर वा वारदातसँग बरामद भएको बोझबाहक साधनको धनीको कुनै तादम्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न नमिल्ने ।
- साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमती, स्वीकृति, मञ्जुरी वा जानकारीमा वन ऐनअन्तर्गतको कसूरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानूनसम्मत मात्र नभई न्यायोचित र विवेकसम्मतसमेत हुने ।

९. नेपाल सरकार वि. लेखराज डाँगीसमेत (ने.का.प. २०७२, अंक १, नि.नं. ९३२८)

- पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानून बमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्यो बाट नै पुनरावेदन गर्ने दिनको गणना हुने हो । पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी व्यवस्था नै पराजित हुन जाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ । सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात् पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।
- बरामद भएका काठहरू जिल्ला वन कार्यालय, बाँकेबाट प्राप्त छोडपुर्जीबाहेक अन्य कहिं कतैबाट लोड गरिएको कुनै प्रकारको टाँचा लागेको भन्ने देखिएको छैन । तसर्थ बरामद भएका काठहरू यी प्रतिवादीहरूले व.वि. टाँचासमेत लगाई पठाएका काठबाहेकको काठ हो भनी तर्क गर्न मिल्ने देखिन नआउने ।
- ९४४.२६ क्यु. फिट काठको छोडपुर्जी अनुसार सोही परिमाणमा सिमित रही बिक्री टाँचा लगाई पठाउनुपर्नेमा १४२१ क्यु. फिट भन्दा बढी काठमा टाँचा लगाई ४७६.७४ क्यु. फिट भन्दा बढी हिसाब लुकाई नियतवश वन पैदावारको हानि नोक्सानी गरेको तथ्यमा विवाद भएन । यस्तो स्थितिमा कर्मचारी भएको नाताले वन ऐन, २०४९ को दफा ४९ को कसूरमा कारवाही हुन नसक्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिरसँग सहमत हुन नसकिने ।

१०. होमनाथ अधिकारी वि. नेपाल सरकार (ने.का. प. २०७२, अंक ८, नि.नं. ९४५५)

- प्रतिवादीको घर गोठ कम्पाउन्ड भित्रबाट रक्तचन्दन बरामद भएको नभई प्रतिवादीको जग्गाबाट बरामद

हुँदैमा त्यसैका आधारबाट जग्गाधनीलाई दोषी भन्न न्यायोचित हुँदैन । अपितु, सो जग्गामा राख्ने जग्गाधनीको सहमती छ वा छैन भनी खोजिनु पर्ने ।

- कसैबाट कुनै अवैध सामग्री बरामद भएमा थाहा नपाएर राख्ने काम गरेको हो भने पनि कसूरबाट सहजरूपमा छुटकारा मिल्ने हुँदैन । थाहा पाएर गरे पनि थाहा नपाएर गरे पनि कसूर त कसूर नै हुन्छ । अन्यथा जिकिर लिने हो भने सो प्रमाणित गर्ने भार प्रतिवादीमै रहन्छ । थाहा नपाएको तथ्यको जिकिरले मात्र निर्दोषिता साबित गर्न पर्याप्त हुँदैन, तसर्थ कुनै तथ्यको गलत बुझाइबाट आफूसँग अवैध सामग्री रहन गएको हो भन्दैमा निर्दोष भनी मानिँदैन । अपितु निर्दोष भएको प्रमाण प्रतिवादीले दिनुपर्ने हुन्छ । त्यस्तो कुनै प्रमाण प्रतिवादीहरूबाट आउन सकेको देखिँदैन । पुनश्चः रक्तचन्दन स्वाभाविक रूपमा बाहिर देखिने गरी राखेको नभई जमिनमा खनी खाल्टोमा गाडेको तथ्यबाट प्रतिवादीहरूले गरेको कार्य लुकाए छिपाएको देखिई प्रतिवादीहरूको नियत सफा रहेको भन्न सकिने अवस्था नरहने ।
- कुनै वस्तु बरामद भएको हो होइन भन्ने कुरा प्रमाणित गर्नु पर्दा बरामदी मुचुल्काको प्रसङ्ग आउँछ । बरामदी मुचुल्का बरामदी भएको तथ्यलाई साबित गर्नको लागि बनेको प्रमाण हो । बरामद भएको तथ्यमा विवाद भएको अवस्थामा बरामदी मुचुल्काको सत्यता जाँचिने हुँदा बरामदी मुचुल्का तयार हुँदा रित बेरीत के भयो भनी हेरिने अवस्था आउन सक्दछ । बरामदी भएको तथ्यमा विवाद नै नरही स्थापित भइसकेको अवस्थामा बरामदी मुचुल्काको रित, बेरीत र मूल्याङ्कन गर्नु पर्ने कुनै अवश्यकता नै पर्दैन । तसर्थ बरामदी मुचुल्काको रित बेरीतको प्रश्न उठाएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।
- बरामद भएको रक्त चन्दन (Petrocarpus santilinus) वन पैदावारबाट हो भन्ने तथ्यमा पनि विवाद हुन सक्ने देखिन आएन । रक्तचन्दन वन पैदावार भएको र पुनरावेदक प्रतिवादीहरूले राखेको राख्र लगाएको तथ्य स्थापित भइसकेको स्थितिमा निजहरूले वन पैदावार ओसारपसार गरेका हुन भनी मान्नु पर्ने देखिने ।
- Convention on International Trade in Endangered species of Wild Funa and Flora –CITES को धारा II को उपधारा ४ ले "The parties shall not allow trade in specimens of species including in Appendices I, II and III except in accordance with the provision of the present convention=" भन्ने कुरा उल्लेख गरेको हुँदा पनि नेपाल एक पक्ष भएकाले यसप्रति संवेदनशील हुने कर्तव्य र दायित्व अझ थपिएको छ । यसप्रकार ऋक्ष्त्म्क् महासन्धिको प्रावधानबेगर रक्तचन्दनको खरिद र बिक्री व्यापारलाई प्रतिबन्धित गरेको छ र अन्तर्राष्ट्रिय महासन्धिको पक्ष नेपाल पनि भएको हुँदा यसको परिपालना नेपालमा गरिनु पर्ने र नेपालमा लागू भइसकेको भनी धारा १ (ज) अनुरूप मान्नु पर्ने देखिन आउने ।
- CITES मा उल्लेख भएका प्रावधानलाई राष्ट्रिय कानून नबनाएसम्म लागू गर्न मिल्दैन भन्ने जिकिरतर्फ विचार गर्दा नेपाल राष्ट्र पक्ष भएका वा यसले अनुमोदन गरेका महासन्धिहरू अनुरूप राष्ट्रिय कानून बनाई लागू गर्नु सहज सरल र स्वाभाविक तर्क हो । त्यसरी कानून बनिने कार्य राम्रै हुन्छ । तर नेपालले कुनै कानून नै बनाएको छैन त्यसैले नेपाल सम्मिलित भएको वा यसले अनुमोदन गरेको सन्धि लागू गर्न मिल्दैन भन्नु अर्कै कुरा हो । महासन्धिका प्रावधानहरू कानून नबनाई लागू गर्न मिल्दैन भन्ने कुनै कानूनी प्रावधान रहेको नदेखिने ।
- नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार संविधान सभाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो

सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुने भन्ने व्यवस्था भई सन्धिका व्यवस्था कानूनसरह मात्र होइन अपितु, यो प्रचलित कानूनसँग बाझियो भने भइरहेको प्रचलित कानून अमान्य हुने भनी अन्य कानूनभन्दा माथिको दर्जामा राखेको पाइने ।

- नेपाल सन्धि ऐन, २०४७ को दफा २(क) ले सन्धिको परिभाषा गर्दा दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी सङ्गठनबीच लिखितरूपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ । CITES अन्तर्राष्ट्रिय महासन्धि दुईभन्दा बढी राष्ट्रहरूको बीच सम्पन्न भएको लिखित सम्झौता हो । दुईभन्दा बढी राष्ट्रहरू सम्मिलित भई सम्पन्न भएको अन्तर्राष्ट्रिय महासन्धिको समर्थन र स्वीकार गर्ने पक्ष वा सदस्य राष्ट्र नेपाल भएकाले यहाँको प्रचलित कानूनमा अन्यथा व्यवस्था भए पनि महासन्धिमा उल्लिखित प्रावधान नै लागू हुने देखिने ।
- बरामद भएको बिगोलाई दामासाही गरी दोब्बर जरिवाना गर्नु भन्नु र बिगोलाई दोब्बर गरी जरिवाना दामासाही गर्नु वस्तुतः हिसाबबाट उत्तिनै हुने देखिन्छ । जुनसुकै हिसाबबाट अंक निर्धारण गरे पनि कानूनले हुने भनेको जरिवाना हुनुपर्ने ।
- कानून बमोजिम बाहेक कसैलाई सजाय गर्न मिल्दैन भन्ने कुरामा विवाद हुन सक्दैन । देशमा न्यायिक पद्दति र न्यायिक संयन्त्रहरू न्याय सम्पादन गर्न र न्यायप्रति जनविश्वास दिलाउन समर्थ रहनु पर्दछ । हाकाहाकी कसैले अपराध गरेको स्पष्ट देखिन्छ र सबैले देख्ने गरी गर्दछ भने ऊ दण्डित हुनै पर्दछ । अन्यथा न्यायिक पद्धति कै उपहास हुन पुग्ने । पीडितलाई न्याय दिनु र अपराधीलाई दण्डित गर्नु नै सबै न्याय पद्दतिको मुख्य उद्देश्य हो । न्याय गरिँदा वा दण्ड दिइँदा कानून औजारको रूपमा प्रयोग हुनेसम्म हो । न्याय सर्वोपरी हो र यसलाई कसरी सार्थक तुल्याउने भन्ने कुरा कानूनको प्रयोग र यसको व्याख्याबाट गरिने हुन्छ । शङ्काको अवस्थामा नरम दिलबाट हेरिनु एउटा अर्थ हुन सक्छ तर देखादेखी अपराध गर्ने अपराधीलाई कसरी दण्डित गर्ने हो भन्ने सोचबाट न्यायिक निर्णय हुने हो । स्पष्ट अपराधी हो भन्ने कुरा प्रमाणबाट देखिँदा देखिँदै कसरी यसलाई कानूनी दायराबाट राहत दिने वा उम्काउने हो भनी कानूनी दाउ पेच वा शब्द र अक्षरको खेल गरी सोचिनु कदापि हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले रक्तचन्दन ओसारपसार गरी अपराध गरेका र सो कार्य CITES को बर्खिलाप भएको स्पष्ट देखिँदा निज कसूरदारहरूलाई सजाय हुनुपर्ने नै देखिन आउने ।

११. ताराबहादुर बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प २०७५, अंक १२, नि.नं १०१५४)

- हाम्रो देशले जीवजन्तु, वनस्पति र प्राकृति स्रोत साधन र वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूलाई अनुमोदन गरी पक्ष राष्ट्रसमेत भइसकेको अवस्थामा ती महासन्धिहरूबाट उत्पन्न दायित्वहरू जस्तै सिमसार क्षेत्रको संरक्षण गर्ने, दुर्लभ हुँदै गएका बोटविरुवा तथा जीवजन्तुको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्ने, जैविक विविधताको संरक्षण गर्ने जस्ता दायित्वबाट नेपाल पछि हट्ने मिल्ने हुँदैन । तसर्थ नेपाल सरकारले कुनै खास किसिमको वन पैदावारको विदेश निकासीमा प्रतिबन्ध लागाउन सक्ने नै देखिने ।

१२. नेपाल सरकार वि. मोमदिन मियासमेत (ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८८)

- घटनास्थलमा अवैध काठसहित पक्राउ पर्नु कसूर कायम हुन पर्याप्त हुँदैन । प्रतिवादीहरूको भूमिका,

संलग्नताको स्तर, मनसायको अवस्था र कसूरजन्य कार्य आदि जस्ता तत्वहरूको समष्टिले मात्र प्रतिवादी कसूरदार हो होइन भनी पुष्टि गर्नुपर्ने ।

१३. नवल किशोर साह वि. डिभिजन वन कार्यालय काठमाडौंसमेत (मुद्दा नं. ०७९-WH-००२६)

- नेपालको संविधानमा उल्लेख भएको महान्यायाधिवक्ताको जिम्मेवारी सम्बन्धी व्यवस्थाको विवेचना तथा उपर्युक्त कानूनहरुको तुलनात्मक अध्ययनका आधारमा वस्तुतः नेपालको संविधानको मान्यता अनुसार तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका अपराधको अनुसन्धानको सुपरिवेक्षण गर्ने सरकारी वकिलको भूमिका सम्बन्धी व्यवस्थाहरु मध्येका केही प्रावधानहरु विशेष ऐन मै उल्लेख भएका भए तापनि सो ऐनमा भएका अपराध अनुसन्धानका प्रकृयाहरु संविधानको मान्यता र सरकारी वकिलको थपिएको भूमिका अनुसार परिवर्तन नभएसम्म राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका कसूरहरुको अनुसन्धानमा मुलुकी फौजदारी कार्यविधि संहिताका व्यवस्था आकर्षित हुने नै देखिन्छ।
- 'सामान्य कानून उपर विशेष कानून प्रभावी हुन्छ' (special law prevails over general law) भन्ने कानूनी सिद्धान्तको सान्दर्भिकता र उद्देश्य सामान्य कानूनका व्यवस्थाहरु अपर्याप्त रहेको विशेष क्षेत्र/विधा (discipline) मा प्रभावकारी प्रबन्ध गर्ने हो। प्रचलित संविधानले परिवर्तित अवस्थामा कानूनी प्रणालीलाई रुपान्तरण (transformation) गरी उन्नत न्याय व्यवस्था कायम गर्ने अन्तर्निहित उद्देश्य राखेको पाइन्छ । संविधानले अंगिकार गरेको मान्यता, व्यवस्था र उद्देश्य हासिल गर्ने सन्दर्भमा संविधानभन्दा पछि जारी भएको सामान्य कानूनको भन्दा पहिलेदेखि कार्यान्वयनमा रहेको विशेष कानूनको व्यवस्थाहरु अपूर्ण, अपर्याप्त र अप्रभावकारी देखिएमा विशिष्ट परिप्रेक्षमा सामान्य कानूनका सवल व्यवस्थाहरुद्वारा संविधानको उद्देश्य हाँसिल गर्ने कार्यलाई 'सामान्य कानून उपर विशेष कानून प्रभावी हुन्छ' भन्ने कानूनी सिद्धान्तको विपरित रहेको मान्न मिल्ने देखिँदैन। अपवाद स्वरुप विशेष कानून परिमार्जित नभएको तथा सामान्य कानूनका प्रावधानहरु विशेष कानून जारी हुनुभन्दा पछि जारी भएको अवस्थामा विशिष्ट प्रावधानको रुपमा मानिन सक्दछन्। यसर्थ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको कसूरको अनुसन्धानको सम्बन्धमा उक्त ऐनमा व्यवस्था, सरकारी वकिलको भूमिकाबारे स्पष्ट उल्लेख नगरेको भन्ने आधारमा मात्र त्यस्तो अनुसन्धानको कार्यमा सरकारी वकिलको सुपरिवेक्षण हुन नसक्ने भन्ने होइन।

अनुसन्धान अभियोजन

१. बद्रीबहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत (ने.का.प. २०५८, अंक ५/६, नि.नं. ७००१)
२. मधुसूदन भट्टराई वि. नरेन्द्रबहादुर चन्दसमेत (ने.का.प. २०५९, अंक ३/४, नि.नं. ७०८२)
३. श्री ५ को सरकार वि. केदारचन्द्र खनालसमेत (ने.का.प. २०६३, अंक ६, नि.नं. ७७१२)
४. श्री ५ को सरकार वि. कलावती सुवेदीसमेत (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६८)
५. नेपाल सरकार वि. दिपक तुलसी वाख्यो (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७७२)
६. श्री ५ को सरकार वि. दमन कुमार लामासमेत (ने.का.प.२०६३, अंक १०, नि.नं. ७७८१)
७. नेपाल सरकार वि. मगरे खाँसमेत (ने.का.प. २०६६, अंक १०, नि.नं. ८२४३)
८. सीताशरण मण्डल वि. गृह मन्त्रालयसमेत (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२६६)
९. विक्रम महर्जन वि. नेपाल सरकार (ने.का.प. २०६७ अंक ९, नि.नं. ८४६१)
१०. नेपाल सरकार वि. सुरेश कुमार मित्तल (ने.का.प. २०६८, अंक ५, नि.नं. ८६२६)
११. गोविन्दबहादुर बटाला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३८)
१२. नेपाल सरकार वि. धौलीदेवी विष्ट (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६८)
१३. नेपाल सरकार वि. जसमान लिम्बूसमेत (ने.का.प.२०६९, अंक १, नि.नं. ८७५८)
१४. नन्दादेवी जोसी वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०)
१५. नेपाल सरकार वि. यज्ञबहादुर थापासमेत (ने.का.प २०६९, अंक २, नि.नं. ८७६४)
१६. सीता कैनी वि. जिल्ला प्रहरी कार्यालय तनहुँ (ने.का.प २०६९, अंक ६, नि.नं. ८८३७)
१७. नारायण सिंह राजपुतसमेत वि. महान्यायाधिवक्ताको कार्यालय (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४९)
१८. ओमप्रकाश अर्यालसमेत वि. राष्ट्रिय मानव अधिकार आयोग (ने.का.प. २०७०, अंक ७, नि.नं. ९०२९)
१९. रत्नेश्वर प्रसाद सिंह वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२०२)
२०. सरीता श्रेष्ठ खत्री वि. महानगरीय प्रहरी परिसर काठमाडौं (ने.का.प २०७१, अंक ९, नि.नं. ९२४७)
२१. झलनाथ न्यौपाने वि. नेपाल सरकार (ने.का.प.२०७१, अंक ९, नि.नं. ९२५१)
२२. नेपाल सरकार वि. साबुद्दिन मिया (ने.का.प.२०७२, अंक ५, नि.नं. ९३९९)
२३. संजिभ गुरुङसमेत वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ३, नि.नं. ९५६७)
२४. नन्दकली बुढामगर वि. प्र.जि.अ. माधवप्रसाद ओझा (ने.का.प.२०७४, अंक ७, नि.नं. ९८४८)
२५. भिमबहादुर बस्नेत वि. जिल्ला प्रहरी कार्यालय कास्कीसमेत (ने.का.प. २०७५, अंक ७, नि.नं. १००४८)
२६. धनकुमारी बस्नेतसमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत (ने.का.प. २०७५, अंक १०, नि.नं. १०११४)
२७. कुलबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४४)
२८. खुलबहादुर डाँगी वि. जिल्ला प्रहरी विशेष अदालत काठमाडौं (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०)
२९. तिर्थराज दाहाल वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३२८)

३०. नेपाल सरकार वि. सफिउर रहमान मुसलमान (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५०)
३१. तेजिन्द्र न्यौपानेसमेत वि. झापा जिल्ला अदालत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४३६)
३२. गोविन्द उपाध्याय वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१४)
३३. भिमबहादुर तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालत (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५२८)
३४. सहन्यायाधिवक्ता टेकबहादुर घिमिरे वि. नेपाल सरकार मन्त्रिपरिषद् (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५८४)
३५. रामकुमार कार्की वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९३)
३६. नेपाल सरकार वि. सुकना साह तेली (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६०७)
३७. नेपाल सरकार वि. विशाल घर्ती मगर (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१६)
३८. चित्रबहादुर बराइली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६५)
३९. निर्मला सोडारी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८२९)
४०. कृष्णनन्दन राय यादवसमेत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८९)
४१. नेपाल सरकार वि. कमलदेब दाससमेत (ने.का.प. २०८१, अंक १०, नि.नं. ११३६०)
४२. महान्यायाधिवक्ताको कार्यालय वि. पुकारनरसिंह राणासमेत (ने.का.प. २०८१, अंक १२, नि.नं. ११३७३)
४३. रमेश साह वि. नेपाल सरकार (मुद्दा नं. ०७२—CR—१०४३)
४४. छत्रप्रसाद लुईटेल वि. महान्यायाधिवक्ताको कार्यालय (मुद्दा नं. ०८०-WO-११८२)
४५. नेपाल सरकार वि. परिवर्तित नाम १ (मुद्दा ०८०-RC-०१०२)

१. बद्रीबहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत (ने.का.प. २०५८, अंक ५/६, नि.नं. ७००१)

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यसपछि आयोग भनिएको) को व्यवस्था नेपाल अधिराज्यको संविधानको भाग १२ मा धारा ९७ र ९८ मा गरिएको देखिन्छ । यो आयोगले कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात आफै गर्न र अन्य कसैव्दारा गराउन सक्दछ । तर नेपाल अधिराज्यको संविधानमा त्यस्ता कारवाईको सम्बन्धमा छुट्टै व्यवस्था गरिएको पदाधिकारी र सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारीको सम्बन्धमा आयोगले कारवाई गर्ने अधिकारक्षेत्र रहेको देखिँदैन ।
- सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्नु नै यो आयोगको मुख्य कार्य देखिन आउँछ । सार्वजनिक पदधारण गरेको व्यक्ति भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नुपर्ने पदमा रहेको व्यक्तिलाई जनाउने देखिन्छ ।
- सार्वजनिक पदधारण गरेको व्यक्तिबाट भएको अनुचित कार्यको सम्बन्धमा प्रचलित कानूनमा अन्य कुनै उपचारको व्यवस्था गरिएको अवस्थामा त्यस्तो उपचारको अवलम्वन नगरी आयोगमा उजुरी लाग्ने र कारवाही चलाउने व्यवस्था देखिंदैन । तर सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तरगत संवैधानिक उपचार प्राप्त गर्ने व्यवस्थालाई यस प्रयोजनको लागि अन्य उपचार भएको भन्ने संज्ञा दिन मिल्दैन । कुनै अधिकृतले आफ्नो तजविजी अधिकार प्रयोग गरेकोमा वद्रियत वा स्वेच्छाचारीता देखिएको छैन भने आयोगले यस ऐन अन्तरगत कारवाही चलाउन मिल्दैन । तर कसूरजन्य कार्यवाट कसैले उन्मुक्ति नपाउने हुँदा संपादित कार्यमा भ्रष्टाचारजन्य कार्य भएको छ भन्ने अभियोगका सम्बन्धमा महान्यायाधिवक्ताव्दारा संपादित कार्यका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न नपाउने भन्न मिल्ने अवस्था हुँदैन ।
- वरामद भै आएको भा.रु फिर्ता गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको निर्णय अन्तिम भई सकेकोले पक्राउ गरी कार्यवाही गर्न आयोगले नसक्ने भनी निवेदक सुनिल मास्केले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भनि यस अदालतमा दिएको निवेदनमा आयोगले छानविन गर्ने क्रममा थुनामा राखेको भनी सो निवेदन खारेज भई यस अदालतवाट मिति २०५७ ।९ ।२५ मा निर्णय भै अन्तिम अवस्थामा रहेको छ । सो बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा भएको निर्णयवाट आयोगले आफ्नो संवैधानिक अधिकार प्रयोग गरी प्रचलित संविधान र कानूनी व्यवस्था प्रतिकूल अपराधजन्य कार्य भएको छ, छैन भनी अनुसन्धान तहकिकात गर्न नपाउने भन्न मिलेन । कसूरजन्य कार्यवाट उन्मुक्ति कसैले पनि पाउने कुरा होइन ।
- आयोगको क्षेत्राधिकार भन्दा वाहिरका पदहरुको सूचीमा महान्यायाधिवक्ताको पद परेको पनि देखिन आएन । संविधानव्दारा नै अख्तियार दुरुपयोगको क्षेत्राधिकार वाहिर पारिएको पदाधिकारीसमेत महान्यायाधिवक्ताको पद परेको नदेखिएको सन्दर्भमा महान्यायाधिवक्तावाट हुन जाने अनुचित कार्य वा भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकात गर्ने अधिकार क्षेत्र आयोगलाई नभएको भन्न सकिने अवस्था रहेन ।
- आयोगको ०५७।९।३ को निर्णय अनुसार अनुसन्धान अधिकृत तोकिएको भन्ने देखिन आएको छ । यसरी अनुचित कार्य वा भ्रष्टाचारको सम्बन्धमा आयोगले प्रमुख आयुक्त, आयुक्त वा श्री ५ को सरकारको

कुनै कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी काम, कर्तव्य र अधिकार सुम्पन सक्ने संवैधानिक व्यवस्था बमोजिम विशेष प्रहरी बिभागका का.मु. अधिकृत कृष्णप्रसाद शर्मालाई अनुसन्धान अधिकृत तोकी निज का.मु. अनुसन्धान अधिकृतले महान्यायाधिवक्तासँग स्पष्टीकरण माग गरेको देखिएकोले अधिकारक्षेत्र नै नभएको व्यक्तिले स्पष्टीकरण माग गरेको भन्न मिल्ने देखिएन ।

- महान्यायाधिवक्तालाई प्राप्त राय सल्लाह दिने अधिकार, श्री ५ को सरकारको प्रतिनिधित्व गर्ने अधिकार, जुनसुकै अदालत कार्यालय वा पदाधिकारी समक्ष उपस्थित हुने अधिकार, संसदमा उपस्थित हुन पाउने अधिकार, अभियोजन वा प्रतिरक्षाको अधिकार लगायत संविधान र कानून बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति सबै प्राप्त हुन्छन् । महान्यायाधिवक्ताले सदाशयतापूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको अधिकार रहँदैन । त्यस सम्बन्धमा निजलाई व्यवसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ ।
- २०५७।११।४ को पत्रमा स्पष्टीकरण भन्ने बिषय उल्लेख भएपनि अनुसन्धानबाट यो यस्तो कसूर गरेको देखिने भनि अभियोग र सम्बन्धित कानून समेत उल्लेख नभएकोले सो पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १५ अन्तर्गतको भन्ने नदेखिई सामान्य सोधपुछको पत्र सम्म रहेको देखिन्छ । निवेदन र लिखित जवाफमा उल्लेख भएको मुद्दाका सम्बन्धमा महान्यायाधिवक्ताले मुद्दा नचल्ने निर्णय गरेको सम्बन्धमा सामान्य सोधपुछ गरेको र सो को जवाफ दिन मिसिल समेत मांग गरेको अवस्थामा कानूनी र तथ्यगत औचित्य समेत जवाफमा उल्लेख गर्न सकिने अवस्था हुँदाहुँदै जवाफ दिनै नपर्ने भन्ने भनाइसंग पनि सहमत हुन सकिएन ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वतन्त्र निकाय आफैले समेत मुद्दा चलाउन सक्ने संवैधानिक व्यवस्था आयोगको स्वतन्त्रतालाई बलियो बनाउने व्यवस्था भई त्यस्तो मुद्दामा प्रतिनिधित्व आफै वा अरुव्दारा कसवाट गराउने भन्ने कुरा आयोगले नै निरुपण गर्ने कुरा हो । तसर्थ सरकार वादी मुद्दा भएको र राय सल्लाह र प्रतिनिधित्व गर्ने अधिकारी उपर अनुचित कार्य वा भ्रष्टाचारको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानको कार्य गर्न नपाउने भन्न नमिल्ने ।

२. मधुसूदन भट्टराई वि. नरेन्द्रबहादुर चन्दसमेत (ने.का.प. २०५९, अंक ३/४, नि.नं. ७०८२)

- जिल्ला सरकारी न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको काम, कर्तब्य मात्रै प्रत्यायोजन हुने, सो काम कर्तव्य निर्वाह गरे वापत श्रृजित दायित्वमा महान्यायाधिवक्ता सरह संरक्षण एवं कार्यगत स्वतन्त्रता प्राप्त नहुने भनि अर्थ गर्न कानून र न्याय सम्मत समेत नहुने ।
- सरकारी वकिलले सो बमोजिम वहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारवाही गरिने वा गाली वेइज्जती मुद्दा चलाइने छैन भनि सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम ३५ मा भएको ब्यबस्थाबाट सरकारी वकिलको अभियोजन र प्रतिरक्षा लगायतका सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ प्रदत्त काम कर्तब्य र अधिकारहरु विशुद्ध ब्यबसायिक प्रकृतिका हुन भन्नेमा विवाद नरहने ।
- व्यावसायिक आचरणको परिधि भित्र रहि असल नियतबाट गरिएका त्यस्ता कार्यहरुमा सरकारी वकिललाई ब्यबसायिक उन्मुक्ति प्राप्त नहुने भन्न र अर्थ गर्न न्याय तथा कानूनसम्मत नहुने ।
- संविधानको धारा ९८ बमोजिम भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको भन्ने कसूरको छानविन गर्ने अधिकार क्षेत्र भएको भनि सो संविधानको धारा ११० को उपधारा (२) तथा उपधारा (५) अन्तर्गत

महान्यायाधिवक्ता लगायतका सरकारी वकिलहरुले आफ्नो अधिकार क्षेत्र भित्र रही सम्पादन गरेको अभियोजन प्रतिरक्षा तथा कानूनी परामर्श सम्बन्धी कुनै निर्णय तथा कारवाही नै कानूनी वा गैर कानूनी सही वा गलत भएको भनि पुनरावेदन हेरे सरह वा पुनरावलोकन गरे सरह जाँचबूझ गर्न र सोही कुरालाई आधार मानी अनुचित कार्य गरी वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको भनि कसूर ठहर गर्ने अधिकार उक्त आयोगलाई प्राप्त हुने भनि मान्न नदेखिने ।

- सुम्पिएको अधिकार रद्द वा प्रतिधारण नगरी सरकारी मुद्दा सम्वन्धी ऐन, ०४९ को अनुसूचि भित्रको भ्रष्टाचार मुद्दामा आँफै अधिकृत खटाई अनुसन्धान तहकिकात गरी आयोगका तर्फवाट भनि सोही अधिकृत द्वारा दायर भएको प्रस्तुत मुद्दा कानून बमोजिम दायर भएको भन्न सकिने अवस्था समेत नदेखिने ।
- जिल्ला न्यायाधिवक्ताको पदीय हैसियतमा संविधानको धारा ११०(२) र (५) बमोजिम महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अभियोजन र प्रतिरक्षा सम्बन्धी काम, कर्तब्य र अधिकार अनुरुप सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ (२) र १८ बमोजिम ब्यवसायिक उन्मुक्तिको अधिकार अन्तर्गत गरेको निर्णय उपर अदालतवाट न्यायिक पुनरावलोकन हुने जस्तो गरी त्यस्तो सरकार वादी मुद्दा चल्ने वा नचल्ने तथा कुन ऐनको कुन दफा लगाउनु पर्ने भन्ने संविधानको धारा ११०(२) को महान्यायाधिवक्ताले अन्तिम निर्णय गर्न पाउने अधिकारको बिषयमा प्रवेश गरि हस्तक्षेप गर्न नमिल्ने ।

३. श्री ५ को सरकार वि. केदारचन्द खनालसमेत (ने.का.प. २०६३, अंक ६, नि.नं. ७७१२)

- शंकारहित प्रमाणको अभावमा प्रतिवादीहरुलाई कसूरदार कायम गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरीत हुन जाने ।
- मुद्दाको तथ्यगत अवस्थाबाटै आरोपित कसूर ठहर गर्न सो कार्यालय र पदाधिकारीलाई अलग्याएर कदापि नमिल्ने ।
- वादी पक्षले नै प्रतिवादी बनाउन नसकेको पदाधिकारी वा निकायलाई अदालत आफैं वादी वनी कसूरदार ठहर गर्न नमिल्ने ।
- मुद्दाको सुनुवाईको क्रममा पछिबाट देखिएको कुनै नविन तथ्यका सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिएमा मात्र मुलुकी ऐन अ.वं. १३९ नं. को प्रयोग हुने ।
- वादी पक्षले जानी जानी प्रतिवादी नबनाएको पक्षलाई अदालत आफैं सक्रिय भई अ.वं. १३९ नं. को प्रयोग गरी झिकाई रहने हो भने अभियोजन पक्षको काम अदालत आफैले लिए सरह हुन जान्छ जुन Adversial कानूनी प्रणाली अवलम्बन गरिएको हाम्रो जस्तो न्यायिक परिपाटीको मूल्य र मान्यता समेतका विपरीत हुन जाने ।

४. श्री ५ को सरकार वि. कलावती सुवेदीसमेत (ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६८)

- फौजदारी मुद्दाका वादीले पहिलो कुरा अपराधै भयो भएन सो कुरा अपराध भएको भन्ने संकारहित तवरबाट प्रमाणित भएपछि कसै उपर अभियोग लगाई मुद्दा चलाईन्छ भने त्यसरी मुद्दा चलाईएको व्यक्ति उपर संकारहित तवरबाट अभियोग प्रमाणित गर्नु पर्ने ।
- शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने ज्भबच क्बथ भ्खष्मभलअभ को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने ।
- वारदात प्रतिवादीहरुको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितीजन्य वा कुनै अन्य प्रमाण पनि

नभएको अवस्थामा मुद्दानै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरुलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सँजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमती हुन नसकिने ।

- फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्वन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण सुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने ।
- पुनरावेदन गरी मुद्दा लम्व्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटिले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमुल्य समय खेर नजाने ।
- सजायको माग गरी पुनरावेदन दावी लिएका यी प्रतिवादीहरुलाई अभियोगमा सजाय गर्न तथ्य प्रमाणको अभाव देखिएको र सफाई दिने गरी भएको पुनरावेदन फैसलालाई यस अदालतबाट फौ.पु.नं. ३०७९ को कर्तव्य ज्यान मुद्दामा मिति २०६०।२।१९ मा सदर ठहरी फैसला समेत भैसकेको देखिदा यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिदा सदर हुने ।

५. नेपाल सरकार वि. दिपक तुलसी वाख्यो (ने.का.प. २०६३, अंक १०, नि.नं. ७७७२)

- प्रस्तुत विवादमा पीडित बालिकाले प्रारम्भमा गरेको कागज र पछि गरेको बकपत्रको अन्तर्वस्तुका आधारभूत कुराहरुमा सँगति देखिएकोले बालिकाको बकपत्रको प्रमाणिक महत्वलाई गौण बनाएर मूल्याङ्कन गर्नुपर्ने नदेखिने ।
- समयमा दिएको जाहेरी दरखास्तबाटै वारदातस्थलको सूरक्षा, अपराध गर्ने व्यक्तिको खोजी वा पक्राउमा तदारुकता तथा अपराधसँग सम्बन्धित चिज, वस्तु वा दशी प्रमाणको संरक्षण र संकलनमा समेत सहयोग पुग्न जाने ।
- बालबालिकाले कुनै प्रश्नको परिणाम र प्रकृति राम्रोसँग नबुझ्ने गरी गरिएको बाल अमैत्रीपूर्ण परंपरागत अदालती प्रणाली अनुरुपको जिरहमा व्यक्त भएको सानो तिनो कुरालाई मूल आधार लिनु भनेको अभियुक्त उपर कठोर फौजदारी दायित्व रहने जबरजस्ती करणी जस्तो अपराध वा त्यसमा पनि ६ वर्षको अवोध नाबालिका माथि गरिएको नृसंस र वर्वरतापूर्ण अपराधबाट अपराधीलाई उन्मुक्ति दिनु हुने ।
- राज्य वा समाजमा विद्यमान आर्थिक, सामजिक, राजनीतिक, सांस्कृतिक भेदभाव र चेतनाको स्तर जस्ता तत्वहरुले यस विषयमा प्रत्यक्ष र परोक्ष दुवै रुपमा प्रभाव पारी रहेकै हुन्छन् । यूरोप र अमेरिका जस्ता पश्चिमा मूलुकहरुको सामाजिक अवस्था र हाम्रो जस्तो समाजको चेतनाको स्तर र अवस्थामा उस्तै सजगता र सक्रियताको अपेक्षा गर्न सकिन्न । यस्तो अवस्थामा हाम्रो फौजदारी न्याय प्रशासन संचालन गर्दा हाम्रै सामाजिक पृष्ठभूमिलाई आत्मसात गर्नु पर्दछ । आफ्नो सामाजिक पृष्ठभूमिलाई नजरअन्दाज गर्नु निश्चय पनि यथार्थ न्यायको लागि व्यवहारीक र उपयुक्त नहुने ।
- जाहेरी दरखास्त यती घण्टा, वा दिन भित्र दिई सक्नु पर्ने भनी यान्त्रिक तवरबाट गणना गरी कठोरतापूर्वक निर्धारण गरिने हदम्याद जस्तो विषय भने होइन । अपराधको प्रकृती, समाजको चेतनाको स्तर, भौगोलिक अवस्था, पीडितको पारिवारिक पृष्ठभूमि, कसूरको पिडा, पीडित भएर पनि पीडित उपर नै धार्मिक वा सामाजिक कुसंस्कारको परिणाम स्वरुप पीडितलाई नै दागी बनाउने (Stigmatization) प्रवृत्तिको फलस्वरुप

कसूरको जाहेर गर्ने वा नगर्ने भन्ने कुरामा नै दुविधा हुने मनोवैज्ञानिक दवाव (Psychological Stress) जस्ता तत्वहरुले यसमा प्रभाव पारिरहने ।

- एक दिन ढिलो गरी परेको जाहेरीबाट सवद्ध प्रमाणहरु नष्ट भई संकलन गर्न नसकिने अवस्था रहेको देखिएन । यस्तो समग्र स्थितिको विश्लेषणबाट ८ गतेको वारदातलाई लिएर १० गते परेको जाहेरी ढिलो गरी परेको भनी अन्यथा निष्कर्षमा पुग्न सकिने स्थिति प्रस्तुत मुद्दामा नदेखिने ।
- जाहेरवाला घटनाको पीडित हुनु पर्ने वा घटना प्रत्यक्ष देखेको व्यक्तिनै हुनु पर्ने कानूनी अनिवार्यता समेत नहुँदा अपराध बारेको सम्पूर्ण तथ्य जाहेरी दरखास्तमा नै उल्लेख भएको हुनु पर्दछ भनी मान्न मिल्ने अवस्था नहुने ।
- अविश्वासनीय र प्रमाणित नभएको अन्यत्र गएको भन्ने जिकिरका भरमा प्रतिवादी घटना स्थलमा नभएको भनी मान्न सकिने अवस्था नहुँदा अन्त्रावस्थाको जिकिर खण्डित भएको स्थितीमा प्रतिवादी उपरको अभियोग थप खम्वीर भएको देखिने ।
- अभियोग दावी पुष्टि हुने यथेष्ठ र आधारभूत प्रमाणको विद्यमानता रहँदा रहँदै घटनाका प्रत्यक्षदर्शी र पीडित समेत नरहेका जाहेरवालाको जाहेरी र बकपत्रमा पाईने सामान्य भिन्नता (Minor Inconsistency) लाई प्रधानता दिदै सवुद प्रमाणको गलत मूल्याङ्कन गरी प्रतिवादीलाई सफाई दिने ठहराएको शुरुको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण देखिएको हुँदा उल्टी हुने ।

६. श्री ५ को सरकार वि. दमन कुमार लामासमेत (ने.का.प.२०६३, अंक १०, नि.नं. ७७८१)

- न्यायिक प्रकृयामा कसूर र संजाय बिचाराधिन रहेको अवस्थामा नै माफी वा मिनाहा दिनाले माफी वा मिनाहा पाउनेले तत्काल कैदबाट छुटेको अनुभूति गर्न पाउने भएतापनि त्यस्तो छुट सँगसंगै संजायंको दाग पनि बोक्नु पर्ने।
- न्यायिक प्रकृयाबाट मुद्दाको टुङ्गो लाग्दा उपचार पाउन सक्ने स्थितिलाई त्यस्तो माफी वा मिनाहाले ढोका बन्द गरिदिएको हुन्छ । त्यस्तो माफी वा मिनाहा पाउनेले चाहेर पनि आफ्नो सजायको दाग मेटाउन नसक्ने परिस्थिति सृजना हुन्छ । अन्ततः माफी वा मिनाहा पाउनेलाई Face Value मा लाभ देखिएपनि न्यायिक प्रकृया अन्तर्गत संजायको दागलाई आत्मसात गर्नुको विकल्प नरहने ।
- न्यायिक प्रकृयाबाट कुन प्रकृतिको कस्तो कसूर गरेको हो र कस्तो संजाय हुने भन्ने निश्चित नै हुन नदिइ बीच बिचमै संजायको माफी मिनाहा दिने हो भने अभियोजनको लक्ष्य र न्यायिक प्रकृया नै निरर्थक, प्रभावरहित, दिशाबिहिन र औचित्यरहित हुने स्थिति आउने ।
- यस्तो कार्यबाट एकातर्फ संजायबाट उम्कन कानून र संबैधानिक व्यवस्थाको गलत व्याख्या गर्ने प्रबृति बढ्न सक्छ भने अर्कोतर्फ शुसासनको आकांक्षा र फौज्दारी न्याय प्रणाली प्रति नै बितृष्णा र नकारात्मक भावना सिर्जना हुन पुग्ने ।
- प्रतिवादी उपरको सजाय माफीको प्रकृया चलाउँदा त्यस्तो प्रकृया चलाउने अधिकारीले जिल्ला अदालतको फैसला उपर पुनरावेदन परेको छ छैन ? मुद्दाको अन्तिम टुंगो लागिसकेको छ छैन ? प्रतिवादीलाई के कति संजायको निर्धारण भएको छ ? प्रतिवादी उपर लागेको कसूर र संजायको प्रकृति र गाम्भिर्यता कस्तो छ ? भन्ने जस्ता आधारभुत तथ्यको आधारमा मात्र कारबाही बढाउन जरुरी हुने ।
- प्रस्तुत मुद्दामा यस्ता आधारभुत तथ्यको न्युनतम जानकारी समेत नलिई हचुवाको आधारमा कैद माफीको

सिफारिस भएको देखिएकाले उक्त कैद माफीको प्रक्रिया प्रति यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ । अतः अभियुक्तहरुको कैद माफीको सिफारिस गर्दा उल्लेखित प्रश्नहरुको विचार गरी मुद्दाको अन्तिम टुङ्गो लागेको छ छैन बुझी मुद्दाको अन्तिम टुङ्गो लागि सकेपछि मात्र कैद माफीको सिफारिसको कारवाही अगाडी वढाउनु र यसरी मुद्दाको अन्तिम टुङ्गो नलागी कैद माफीको प्रक्रिया अगाडि बढाएमा आबश्यक कारबाही समेत हुने भनी सम्बन्धित कारागार प्रशासन कार्यालयहरुमा अविलम्ब परिपत्र जारी गर्नु भनी गृह मन्त्रालयका नाउँमा यो न्यायिक निर्देशन जारी हुने ।

७. नेपाल सरकार वि. मगरे खाँसमेत (ने.का.प. २०६६, अंक १०, नि.नं. ८२४३)

- लागू औषधको Manace लाई नियन्त्रण गर्ने उद्देश्यले विधायिकाले आफूमा भएको विधायिकी अधिकार प्रयोग गरी समाजको बृहत्तर हितलाई ध्यानमा राखी बनाएको कानूनलाई अन्यथा भन्न नमिल्ने ।
- फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात् Corpus Delicti पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने ।
- कुनै व्यक्तिले लागू औषधको कारोवार गर्ने व्यक्तिलाई चिन्दैमा, कारोवार गर्ने व्यक्तिसँग आवजावत, उठबस गरी मित्रता कायम गर्दैमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन । त्यस्तो व्यक्तिका विरुद्ध ठोस सबूद प्रमाण भए मात्र मुद्दा चल्न सक्ने ।
- अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिबिधि जस्तोसुकै शंकास्पद भएपनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन नसक्ने ।
- फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहीत प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिनाप्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरुप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।

८. सीताशरण मण्डल वि. गृह मन्त्रालयसमेत (ने.का.प. २०६६, अंक ११, नि.नं. ८२६६)

- सार्वजनिक सरोकारको विवादले मूलतः कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारसँग सम्बन्ध नराखी यसको सम्बन्ध सर्वसाधारण जनता वा जनसमुदायसँग हुने ।
- फौजदारी कानूनको सही कार्यान्वयन समग्र समाजको लागि सरोकारको बिषय हुन्छ । तर त्यस्तो भनेर हरेक फौजदारी मुद्दामा जो कोहीले पनि प्रतिनिधित्व गर्न सक्छ भन्ने हो भने यो वाञ्छित हदभित्र व्यवस्थापन गर्न नसकिने बिषय भएर जान्छ । जुनसुकै मुद्दाको हकमा असर पर्ने वा खास सरोकारवाला पक्षले नै प्रतिनिधित्व गर्नुपर्ने ।
- अख्तियार प्राप्त निकायबाट मुद्दाको अनुसन्धान गरी अभियोग पत्र नै दायर भइसकेको अवस्थामा त्यस निकायबाट भएको अनुसन्धान ठीक वा वेठीक भयो भनी पुनः अनुसन्धान गर्न र अभियोजन नै बदर गरी माग्न यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत निवेदन ग्रहण गरी तल्लो अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप हुने वा असर गर्ने गरी निर्णय गर्न कानूनतः नमिल्ने ।

९. विक्रम महर्जन वि. नेपाल सरकार (ने.का.प. २०६७ अंक ९, नि.नं. ८४६१)

- अभियोगपत्र बमोजिमको दुपाट बस्ने विक्रम महर्जन म होइन उक्त वडामा धेरै विक्रम महर्जन छन् म

त्यागल बस्ने विक्रम महर्जन हुँ भनी पुनरावेदक को पुनरावेदन जिकिर रहेको सन्दर्भमा वास्तविक रूपमा वारदातमा संलग्न विक्रम महर्जन यी पक्राउ परी आएका पुनरावेदक विक्रम महर्जन हुन होइनन् भनी यकिन गर्नुपर्ने अवस्था भएबाट सोको निराकरणको लागि यस अदालतबाट पुनरावेदक विक्रम महर्जनलाई वादीको चश्मदित साक्षी मनोज महर्जन र जाहेरवालाबाट मुलुकी ऐन अ.वं. १७३ नं. बमोजिम ३० दिनभित्र सनाखत गराइ पठाउनु भन्ने आदेशानुसार जिल्ला अदालतमा लेखी पठाएकोमा निज मनोज महर्जन र चन्द्र अवालेका नाउँमा जिल्ला अदालतमा सनाखत गराउन ७ दिनभित्र उपस्थित हुन आउनु होला भनी पठाएको म्याद दुई पटक आफैंले बुझी लिएकोमा पनि निजहरू दुवै पटक अदालत समक्ष उपस्थित भई सनाखत गरेको अवस्था नभएबाट अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन यिनै पुनरावेदक हुन् भनी यकिन गर्न नसक्ने ।

- प्रत्यक्षदर्शी मनोज महर्जन र जाहेरवाला चन्द्र अवाले समेतले अदालतको आदेशानुसार पुनरावेदक विक्रम महर्जन नै अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन हुन् भनी यकिन गर्न नसकेको र सहअभियुक्त लेकमान महर्जनले दुपाट बस्ने विक्रम महर्जन वारदातमा संलग्न रहेको भनी किटानी रूपमा अनुसन्धान अधिकारी समक्ष बयान गरेको तथा अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन यिनै पक्राउ गरी ल्याएका पुनरावेदक विक्रम महर्जन हुन् भन्ने पुष्टि हुने कुनै तथ्ययुक्त ठोस सबुद प्रमाण वादी पक्षले पेश दाखेल गर्न सकेको नदेखिएको अवस्थामा केवल जाहेरवालाको जाहेरीलाई मात्र आधार मानी ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा विना आधार प्रमाण यी पुनरावेदक को मृतकलाई मार्नमा संलग्नता थियो भन्न नसकिने ।

१०. नेपाल सरकार वि. सुरेश कुमार मित्तल (ने.का.प. २०६८, अंक ५, नि.नं. ८६२६)

- मुद्दा दर्ता गर्ने नगर्ने सम्बन्धमा स्वीकृति लिने कार्यविधि नतोकेको अवस्थामा त्यस्तो कार्यविधि जिल्ला सरकारी वकीलबाट नै निर्धारण र कार्यान्वयन हुने मान्नुपर्ने ।
- मुद्दा दायर गर्न स्वीकृति दिने अधिकारी र मुद्दा चलाउन निर्णय गर्ने अधिकारी एकै व्यक्ति वा कार्यालयलाई तोकिएको अवस्थामा तथा दुबै कार्यको परिणाम एकै हुने देखिएकाले आफैले आफैंसँग स्वीकृति लिनु पर्छ भन्न नमिल्ने ।
- मुद्दा चलाउने निर्णय गर्दाको निर्णयमा मुद्दा दायर गर्ने स्वीकृति अप्रत्यक्ष रुपमा निहीत (Indirectly Implied) रहेकाले मुद्दा दायर गर्न स्वीकृति दिने अधिकारी र मुद्दा चलाउन निर्णय गर्ने अधिकारी एकै व्यक्ति रहेको र मुद्दा चलाउन स्वीकृति दिने अधिकारीबाट नै मुद्दा दायर भएको अवस्थामा कालो बजार तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १४(१) बमोजिम स्वीकृति नलिएको आधारमा मात्र अभियोग खारेज गर्न नमिल्ने ।

११. गोविन्दबहादुर बटाला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३८)

- एउटा व्यक्तिलाई निजको घरबाट लगेर अन्यत्र कतै कुटपिट र हत्या गरेको छ भने त्यो एउटै वारदातको निरन्तरमा गरिएको कार्य हुन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको कानूनी व्यवस्था हेर्दा अपहरण गरिएको वा बन्धक बनाइएको व्यक्तिको हत्या गरिएको छ भने त्यो हत्याको कसूरमा परिणत हुने र ज्यान सम्बन्धीको महल आकर्षित हुने देखिन्छ । यस्तोमा नियतका साथै कार्यको परिणाम र परिणामको अपेक्षा (Result of action and expectation of the result) अत्यन्त महत्वपूर्ण तत्वहरू हुन् । यसअनुसार

एउटै परिणामको अपेक्षा गरिएको र एउटै परिणाम निष्कने गरी गरिएको कार्य वा कार्यहरू प्रारम्भदेखि अन्तसम्म एउटै वारदातको विभिन्न चरणमा गरिए तापनि तिनलाई अलग—अलग वारदातको रुपमा (Part–Part) नभई परिणाममूलक एउटै कार्यको समग्रतामा सम्पन्न गरिएको एउटै वारदात मान्नु पर्ने ।

- क्रमबद्ध रुपमा भएका घटनाहरूको एउटै वारदातउपर ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भइसकेपछि कर्तव्य मुद्दा दायर भएपछि ३ वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र बन्धकतर्फ पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन मुलुकी ऐन अ.वं. ७३ नं. ले नमिल्ने ।
- अभियोग लागिसकेको व्यक्तिले र अभियोग दायर गर्ने पक्षले दायर भएको अभियोगमा हुने न्यायिक निर्णयको सम्मान र पालना गर्नुपर्ने हुन्छ । ठहरे ज्यान सम्बन्धीको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय होस् अन्यथा अभियुक्तउपर अर्कै मुद्दा चलाउने भन्न नमिल्ने ।
- एउटा मुख्य वारदातलाई लिएर एक पटक अभियोग लगाइसकेपछि सोसँग सम्बन्धित सहायक घटनाहरूको आधारमा पटकपटक गरी दोस्रो वा तेस्रो मुद्दा चलाउन नमिल्ने ।
- कर्तव्य ज्यान मुद्दामा लागेको कैद भुक्तान गरिसकेपछि कर्तव्य ज्यान मुद्दामा दिएकै जाहेरी दरखास्तमा अपहरण भन्ने शब्द परेको आधारमा पुनः शरीर अपहरणतर्फ मुद्दा दायर गर्नु र त्यसमा पुर्पक्षका लागि थुनामा राख्रेलगायतका कामकारवाहीहरू अदालती बन्दोबस्तको ७३ नं. र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) समेतको विपरीत हुने ।

१२. नेपाल सरकार वि. धौलीदेवी विष्ट (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६८)

- घटना वारदातको सत्यता अनुसन्धान प्रक्रियाबाटै स्थापित हुने हुँदा वारदातको वास्तविकतालाई अनुसन्धानको चरणबाट अलग गर्न नसकिने ।
- कसैउपर कुनै कसूरको आरोप लगाई पक्राउ गरी हिरासतमा राख्नु र निजहरूको बयान लेख्नुले अनुसन्धान भरपर्दो र विश्वासिलो हुन सक्दैन । आरोप लगाएपछि सोको सत्यताको परीक्षण अनुसन्धानको क्रममा हुनु जरुरी हुन्छ । आरोप वास्तविक भए नभएतर्फ मौका अनुसन्धानकै चरणमा विचार गरिनु पर्ने ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६(१) बमोजिम कुनै अपराधको तहकीकात शुरु गर्नुभन्दा पहिले तहकीकात गर्ने प्रहरी कर्मचारीले तहकीकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्ने र उपदफा (२) बमोजिम त्यस्तो प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले तहकीकातको सम्बन्धमा तहकीकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने ।
- कानूनी व्यवस्थामा बाध्यात्मक रुपमा कर्तव्य नतोकेको अवस्था भए पनि जिम्मेवार पदाधिकारीले उक्त कानूनी प्रावधानलाई निष्क्रियताको रुपमा लिन मिल्ने हुँदैन । सरकारी वकीलले अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने अधिकार कानूनले दिएको कुरालाई विर्सन नहुने।
- अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्बन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु नपर्ने ।

- एकपटक साक्षी अदालतमा दाखिला गराउँदैमा साक्षीको बकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने ।

१३. नेपाल सरकार वि. जसमान लिम्बूसमेत (ने.का.प.२०६९, अंक १, नि.नं. ८७५८)

- कुनै वारदातमा एकजना भन्दा बढी व्यक्ति सामूहिक रुपमा संलग्न रहेको अवस्थामा हरेक व्यक्तिको आपराधिक कार्यको विश्लेषण गरी हरेकको आपराधिक दायित्व निक्र्यौल गर्नुपर्ने हुन्छ । सबै व्यक्ति समान रुपले कसूरदार हुन भन्ने अबधारणा न्यायिक हुन नसक्ने ।
- धेरैजना व्यक्ति संलग्न रहेको वारदातमा एकभन्दा बढी व्यक्ति मुख्य अभियुक्त (Principal Offender) हुनसक्ने र सहायक अभियुक्त (Accessory Offender) पनि धेरै जना हुन सक्ने कुरालाई फौजदारी विधिशास्त्रले आत्मसात गरेको पाइने ।
- कुनै कर्तव्य ज्यानको अपराधमा एकजना भन्दा बढी व्यक्तिको संलग्नता रहेको त्यस्तो आपराधिक कार्यमा कुन व्यक्तिले के कस्तो भूमिका खेलेको छ, निजले खेलेको भूमिकाको गाम्भीर्यता (Gravity) समेतलाई विचार गर्नुपर्ने ।
- एक्लो व्यक्तिलाई हातहतियारले सुसज्जित समूहले आक्रमण गरी विभत्स तवरले पटक—पटक हानी काटी मारेको, आफूले समेत मारेको कुरालाई स्वीकार गरेको एवं अन्य स्वतन्त्र प्रमाणबाट समेत विभत्स तरीकाले मारेको पुष्टि भइरहेको अवस्थामा सजाय कम हुनुपर्छ भन्ने जिकीर मनासिव देखिन नआउने ।
- अभियोजन पक्षले आफूले अभियोग लगाएको व्यक्तिको तथ्यपरक ढंगले पहिचान गरी अभियोग लगाउनु उसको कर्तव्य तथा दायित्वको सीमाभित्र पर्दछ । हरेक अभियुक्तको बाबुको नाम, स्पष्ट ठेगाना (वडा नं., टोल, घर नं. आदि), उमेर खुलाई अभियोग लगाउनु अभियोजन पक्षको मूलभूत कर्तव्य हुने ।
- अनुसन्धानको क्रममा वस्तुगत ढंगले कसूरदारको पहिचान नगरी अभियोग पेश गरेको, जाहेरी तथा अभियोग उल्लिखित ठेगाना तथा उमेर फरक भएको प्रमाणबाट पुष्टि भएको, व्यक्ति नै फरक भनी सप्रमाण जिकीर लिएकोमा अदालतबाट समेत पुर्पक्षको क्रममा सनाखत गराई पुष्टि नगरेको स्थितिमा केवल नाम मिलेको आधारमा मात्र कसूरदार ठहऱ्याउन नमिल्ने ।
- कुनै वारदातस्थलमा कसैको भौतिक उपस्थिति (Physical Presence) हुँदैमा वारदातमा संलग्नता थियो भनी ठहऱ्याउनु न्यायसंगत नहुने ।
- मौकामा कागज गर्दा वारदातस्थलमा देखेको भने पनि अदालतमा आई बकपत्र गर्दा वारदातमा संलग्नता थियो भनी नभनेको स्थितिमा सुनेको आधारमा दिएको जाहेरी दरखास्त र वारदातस्थलमा थिए भन्ने भनाइका आधारमा मात्र कसूरमा संलग्न रहेको भनी मान्नु अनुमानमा आधारित हुन जान्छ । यसरी ठोस प्रमाणको अभावमा अनुमानको लिस्नु चढेर कसूरदार ठहऱ्याउन नमिल्ने ।

१४. नन्दादेवी जोसी वि. नेपाल सरकार (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०)

- कानूनद्वारा आफ्नो विरुद्ध साक्षी हुन वा बयान दिन बाध्य पार्न नमिल्ने गरी संरक्षण वा सुविधा प्रदान गरेको अवस्थामा आफ्नो विरुद्ध प्रमाण लाग्ने गरी सहजरुपमा तथ्यका बारेमा मौन रहने नैसर्गिक वैयक्तिक स्वतन्त्रताभित्र पर्दछ । तसर्थ सोलाई आरोप पुष्ट्याईको कडी मान्न नमिल्ने ।
- प्रत्यक्षदर्शीको रुपमा नरहेका अन्य व्यक्तिहरूले गरेको कागज र बकपत्रको वैधता वा मान्यता हुँदै हुँदैन भनी अर्थ गरिन नहुने ।

- जाहेरी घटनाका विषयमा दिइने सूचनाको एक माध्यम हो । यसले प्रमाण संकलनमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, स्वयंले सार्थकता प्राप्त गर्दैन । यो आफैमा अकाट्य र स्वतन्त्र प्रमाण नहुने ।
- जाहेरी दरखास्त स्वयंमा सुनी सुनाई (hearsay) कथनमा आधारित रहेको तथा समयको लामो अन्तराल पश्चात् दर्ता भएको हुँदा त्यो घटनाको सत्यता वा वास्तविकतामा आधारित नभई कसैलाई फसाउने उद्देश्यबाट सुनियोजित तवरबाट अभिप्रेरित भैदिएको भनी शंका गर्ने पर्याप्त ठाउँ देखिने ।
- अनुसन्धान र अभियोजन पक्ष आफ्नो जिम्मेवारी निर्वाह नगरी भएको त्रुटिको अदालतले सूक्ष्म रुपमा केलाएर न्याय प्रदान गर्नु नै वास्तविक न्याय हुने ।
- अदालतले न्यायकर्ताको भूमिका निर्वाह गर्दा गहनतम जिम्मेवारीबाट बिचलन हुनु हुँदैन । न्यायकर्ताको एकमात्र उद्देश्य कुनै व्यक्ति विशेष अन्यायमा नपरून, दोषिले उन्मुक्ति नपाऊन, निर्दोष व्यक्तिको सुखमय जीवन अनाहकमा कारागारको घेरावन्दिमा बन्धनकारी रुपमा विताउन नपरोस् भन्ने धारणाले अभिप्रेरित हुनु पर्दछ । वस्तुनिष्ठ आधारको धरातलभन्दा माथि उठेर कोरा कल्पनाका मनचिन्ते विचारलाई अकाट्य प्रमाणको रुप प्रदान गरी ज्यान जस्तो जघन्य अपराधको दोषी ठहऱ्याउने परिपाटीलाई प्रोत्साहन गर्ने हो भने न्यायिक मार्ग विखण्डन हुन गै फितलो अनुसन्धानको वलीवेदीमा न्यायको वलिदान हुने ।
- वस्तुनिष्ठ प्रमाण नहुँदा नहुँदै प्रचार, हल्ला वा दवावमा अभिष्ठ तथा लोकप्रियतालाई माध्यम बनाई अनुसन्धान प्रारम्भ गर्ने र अभियोजन लगाउने परम्परालाई प्रोत्साहन दिई स्वतः अंगीकार गर्ने पात्र अदालत हुन नसक्ने ।

१५. नेपाल सरकार वि. यज्ञबहादुर थापासमेत (ने.का.प २०६९, अंक २, नि.नं. ८७६४)

- जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्वपूर्ण सूचना संकलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्नसक्ने ।
- जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैंमा स्वतन्त्र प्रमाण हुन सक्तैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्तछ । त्यसैले जाहेरी दर्खास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरुद्ध प्रमाणको रुपमा ग्रहण गर्नुपूर्व सो जाहेरी दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुने ।
- जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्वपूर्ण आधारको रुपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रुपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको व्यहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्व ग्रहण गर्न नसक्ने ।
- लाशजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट कसैको मृत्यु कर्तव्यबाटै भएको देखिए तापनि त्यस्ता प्रमाणहरूले कुनै अमुक व्यक्ति नै कसूरदार हो भन्ने कुरा निर्धारण गर्न सक्तैनन् । अनुसन्धानको क्रममा संकलन भएका अन्य प्रमाणहरूले सिलसिलेवार रुपमा आरोपित व्यक्तिउपरको कसूरलाई स्थापित गरेको अवस्थामा मात्रै शव परीक्षण प्रतिवेदन तथा लाशजाँच मुचुल्काले त्यस्तो आरोपित व्यक्तिउपर कसूर कायम गर्ने प्रमाणको स्थान ग्रहण गर्ने ।
- लाशजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलाई मात्रै पनि आरोपित व्यक्तिका विरुद्ध स्वयंमा अकाट्य प्रमाण मान्न नसकिने ।

- न्याय निरोपण गर्ने निकायबाट परीक्षण गरिएका प्रमाणहरूबाट वारदातमा प्रतिवादीहरूको संलग्नता पुष्टि नभएको स्थितिमा आफूले परीक्षण नगरेको प्रमाणको आधारमा मात्रै कसैलाई दोषी करार गर्नु फौजदारी न्याय व्यवस्थाको प्रतिकूल हुन जाने ।
- कुनै पनि फौजदारी कसूरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवं मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरेबमोजिम मात्र न्याय निरोपण गर्नुपर्ने भन्ने नै हुन्छ । तर अदालत स्वयंले कुनै प्रमाणको सिर्जना गरी कुनै कसूर स्थापित गर्ने वा कसै उपरको अभियोग पुष्टि गर्न नहुने।
- संकलित भएका प्रमाणहरूबाट कसैउपरको अभियोग पुष्टि हुने अर्थात त्यस्तो अभियोग शंकारहित देखिँदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी विना आधार कसैलाई दोषी करार गर्न नसक्ने ।
- अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको साविती बयान अन्य प्रमाणहरूबाट स्वतन्त्ररुपमा समर्थित नभएसम्म अदालतले त्यस्तो साविती बयान मात्रैलाई आधार मानी कसूर कायम गर्नु न्यायसंगत हुन नसक्ने ।
- प्रमाणहरूले परस्पर पोलापोल गरिएका बयान पुष्टि हुन् र त्यसको प्रामाणिकता स्थापित हुन नसकेको स्थितिमा सो पोल मात्रै निजहरू उपरको आरोप पुष्टि हुने निरपेक्ष प्रमाण हुन नसक्ने ।

१६. सीता कैनी वि. जिल्ला प्रहरी कार्यालय तनहुँ (ने.का.प २०६९, अंक ६, नि.नं. ८८३७)

- सैनिक ऐनअन्तर्गतको कसूर बाहेक अन्य प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कसूर गरेमा वा सो विषयमा सम्बन्धित निकायमा कसैको जाहेरी परेमा त्यस्तो जाहेरीमा नाम किटिएको वा सो अपराधमा संलग्न रहेको देखिएको जुनसुकै सैनिक कर्मचारीलाई अपराध अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायसमक्ष उपस्थित गर्नु गराउनु सम्बन्धित प्रहरी कार्यालय र सैनिक कार्यालय समेतको दायित्व हुने ।
- जाहेरी दरखास्तमा नाम किटिएका व्यक्तिहरू नेपाली सेनामा कार्यरत् रहेको भन्ने एक मात्र कारणले लामो समयसम्म सो जाहेरीको विषयमा प्रभावकारी अनुसन्धान नहुनुलाई सामान्य मान्न नसकिने ।
- नेपाल सरकारको मातहतमा रहेको सेनामा कार्यरत् व्यक्तिलाई फरार रहेको व्यक्ति वा अनुसन्धान गर्ने निकायको पहुँच बाहिरको व्यक्ति भनी अर्थ गर्न नमिल्ने ।
- प्रत्येक मुद्दाको स्थिति एक समान हुँदैन । अनुसन्धान गर्न सबै मुद्दामा समान समय लाग्ने पनि होइन । घटनाको प्रकृति र अन्य परिस्थितिजन्य कुराहरूले अनुसन्धानको प्रक्रिया र समय निर्धारित गर्ने हुन्छ । त्यसैले प्रत्येक मुद्दाको अनुसन्धान यो यति समयभित्र सम्पन्न गर्नु भनी अदालतले प्रत्येकमा समान समयावधि तोक्नु वा निर्धारण गर्नु उपयुक्त नहुने ।

१७. नारायण सिंह राजपुतसमेत वि. महान्यायाधिवक्ताको कार्यालय (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४९)

- अपराध अनुसन्धानको कार्यको लागि प्रहरीको व्यवस्था हुन्छ र प्रमाण केलाउने, मुद्दा चलाउने अदालतमा प्रतिरक्षाको लागि सरकारले आफ्नो पक्षबाट वकीलसमेत व्यवस्था गरी दिएको हुन्छ र अन्तिम अवस्थासम्म सरकारबाटै पीडितको तर्फबाट मुद्दामा प्रतिरक्षालगायतको काम गरिन्छ । पीडितको हैसियत गवाहमा सीमित हुन्छ । हाम्रो कानून प्रणालीमा पीडितले आफैंले मुद्दा चलाउन सक्तैन । पीडितले राज्यबाट व्यवस्था

गरिएको प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ । पीडितले आफू पीडित भएको व्यहोरासहित प्रहरीमा किटानी उजूर गर्दासमेत प्रहरी र सरकारी वकीलले मुद्दा हेर्ने अदालतमा मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट बञ्चित हुन पुग्ने ।

- महान्यायाधिवक्ताबाट मुद्दा नचलाउने निर्णय गर्दा समेत पछि घटनाको सम्बन्धमा कर्तव्य देखिएमा मुद्दा चलाउने भनी उल्लेख गरेको देखिन्छ । तर महान्यायाधिवक्ताबाट मुद्दा चलाउने निर्णय गरेपश्चात् उक्त घटनाको सम्बन्धमा कुनै अनुसन्धान सोधखोज गरेको अवस्था पनि देखिएन । अपराधको अनुसन्धानमा सरकारी वकीलको निर्देशन र सोधखोजबाट पनि महत्वपूर्ण प्रमाण पत्ता लाग्न सक्दछ । अपराधको अनुसन्धानमा सरकारी वकीलको भूमिका नै रहँदैन भनी मान्न नमिल्ने ।
- समाज र अपराध पीडितको प्रतिनिधित्व गर्दै शान्ति र व्यवस्था कायम गर्ने आफ्नो प्राथमिक दायित्व पूरा गर्न राज्यले कानूनबमोजिम स्थापित आफ्ना निकायबाट अनुसन्धान गरी उक्त अनुसन्धानको आधारमा आपराधिक कार्य र त्यस्तो कार्य गर्ने व्यक्तिको पहिचान गरी अदालतमा मुद्दा दायर गर्दछ । यसरी मुद्दा दायर गर्दा राज्य पीडित र अभियोग लगाइएको व्यक्तिप्रति जिम्मेवार हुनुपर्ने ।
- अनुसन्धान र प्रमाणको आधारमा मात्र राज्यले कुनै शंकित व्यक्तिप्रति अभियोग लगाउन सक्दछ । अनुसन्धान र प्रमाणबाट कुनै व्यक्ति दोषी देखिएमा राज्यले त्यस्तो व्यक्तिउपर प्रचलित सारवान र कार्यविधि फौजदारी कानूनबमोजिम दोषको मात्राबमोजिम कानूनले व्यवस्था गरेको सजायको माग दावी लिई मुद्दा दायर गर्नुपर्ने ।
- महान्यायाधिवक्तामा नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने बारेमा निर्णय गर्ने अन्तिम अधिकार रहेको भए पनि सो अधिकारको प्रयोग त्यस्तो अधिकार प्रयोगकर्ताको स्वेच्छा (Pleasure) मा निर्भर नभई निष्पक्ष अनुसन्धानबाट देखिएको निष्कर्षमा आधारित हुनुपर्दछ । यही अनुसन्धानबाट कुनै व्यक्ति निर्दोष देखिएको अवस्थामा महान्यायाधिवक्ताको ईच्छामा निजको विरूद्धमा मुद्दा चल्ने र त्यस्तो अनुसन्धानबाट शंकित व्यक्ति दोषी देखिएको अवस्थामा केवल महान्यायाधिवक्ताको चाहनाको कारणले मात्र मुद्दा नचल्ने भनी निर्णय हुन सक्छ भनी संवैधानिक व्यवस्थाको अर्थ गर्नु मनासिब नहुने ।

१८. ओमप्रकाश अर्यालसमेत वि. राष्ट्रिय मानव अधिकार आयोग (ने.का.प. २०७०, अंक ७, नि.नं. ९०२९)

- नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निणय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने हो । तर मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्तिउपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिश गरी पठाएपछि महान्यायाधिवक्ताले सो विषयमा मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने होइन । संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) को मुद्दा दायर गर्न सिफारिश गर्ने आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुन सक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको औचित्य नै नरहने ।
- प्रधानमन्त्रीले महान्यायाधिवक्ताको काम कारवाही वा निर्णयबाट असजिलो महसूस गरेमा निजलाई जुनसुकै बखत पनि पदमुक्त गर्न सक्ने भएकोले आफ्नो पदलाई खतरामा राखी महान्यायाधिवक्ताले मानव अधिकार आयोगको सिफारिशलाई स्वतः कार्यान्वयन गर्न सक्तछन् भनी अनुमान गर्न पनि नमिल्ने ।

- मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानून बमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिश गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छ, वा छैन भनी आयोगको सिफारिसको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने ।
- आयोगले विना आधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिश गर्ने पनि होइन । त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिश प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन । त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसायअनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने ।
- राज्यको प्रतीक चिन्हको रूपमा रहेको निशाना छापले सार्वभौम राज्यको पहिचान गराउने हुँदा सो निशाना छापलाई कुनै अङ्ग विशेषको वा नेपाल सरकारको मात्र प्रतीक चिन्हको रूपमा अर्थ गर्न मिल्दैन । राज्यको पहिचानका लागि निर्धारण भएको निशाना छापलाई राज्यका सबै निकाय वा अङ्गले प्रयोग गर्नु पर्ने नै हुन्छ । सो निशाना छाप प्रयोग गरेको कारणले मात्र संविधान र कानून बमोजिम स्थापित भएका राज्यका अङ्गले आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोगमा प्रतिकूल असर पर्ने पनि होइन । बरू सो निशाना छापबाट सो अङ्ग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपाल राज्यको अङ्गको रूपमा परिचित हुन मद्दत पुग्ने ।

१९. रत्नेश्वरप्रसाद सिंह वि. नेपाल सरकार (ने.का.प. २०७१, अंक ७, नि.नं. ९२०२)

- प्रतिवादीलाई भएको सर्वस्वसहित जन्मकैदको सजाय सर्वस्व र जन्मकैद दुई अलग अलग सजायको संयुक्त रूप हो । सर्वस्वहरणतर्फको सजायमा आर्थिक विषयवस्तुको प्राधान्यता रहने र प्रतिवादीको साम्पत्तिक अधिकारमा राज्यले कानूनतः प्रतिबन्ध गरी निजको सम्पत्ति राज्यकोषमा दाखिल गराइने कार्य गरिन्छ भने जन्मकैदमा व्यक्तिगत स्वतन्त्रतालाई कानून बमोजिम वञ्चित गरिन्छ । प्रस्तुत मुद्दामा निवेदकलाई कैद मिन्हा गरिएकोमा प्रतिवादीको वैयक्तिक स्वतन्त्रता वञ्चित गरिएको जन्मकैदको सजायबाट मात्र छुट दिएको मान्नुपर्छ । जसबाट आर्थिक दण्डको स्वरूपमा रहेको सर्वस्वको सजायबाट पनि स्वतः मिन्हा पाउने भन्ने अर्थ गर्न नमिल्ने ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले सजाय माफी गर्न सक्नेछ भन्ने व्यवस्था छ । प्रस्तुत मुद्दाका प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुनेगरी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएकोमा विवाद छैन । उल्लिखित संवैधानिक व्यवस्थाको कार्यान्वयन स्वरूप मन्त्रिपरिषद्को सिफारिसबमोजिम निज निवेदकको बाँकी रहेको कैद मिन्हा हुने निर्णय हुनुले सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाउपरको पुनरावेदनको स्तर ग्रहण गरेको वा उक्त फैसला सच्याएको वा उल्ट्याएको अर्थमा लिन मिल्दैन, न त निज निवेदकलाई अदालतले निर्धारण गरेको दायित्वको औपचारिकतामा परिवर्तन नै गरेको मान्न मिल्ने ।
- कैद मिन्हा दिनुले केबल दण्ड कार्यान्वयनको सिलसिलामा सुधारात्मक पद्दतिलाई अनुशरण गर्नका लागि कैदीको आचरणमा सकारात्मक परिवर्तन आएको देखिँदा र भविष्यमा राम्रो आचरणमा बस्ने भन्ने अर्थमा प्रतिवादीलाई निर्धारण भइसकेको सजायमा केही छुट दिएको अवस्थासम्म हो र निवेदकलाई भएको सम्पूर्ण

सजायबाट उन्मुक्ति दिइएको भन्न नमिल्ने ।

- फौजदारी कसूरमा अदालतबाट कानून बमोजिम सजाय गर्नु वा उन्मुक्ति दिनु र सो सजायमा राष्ट्र प्रमुखबाट केही रियायत दिनु अलग अलग अवस्था हुन् । सर्वस्व गर्नेतर्फ कारवाही अगाडि नबढाउने वा सो सर्वस्व हरणको फैसला कार्यान्वयन नगर्ने हो भने सजाय नै नभए सरह वा अपराधै नगरे सरह अपराधीलाई उन्मुक्ति दिएको ठहर्ने ।
- जन्मकैदमा राज्यबाट छुट पाएको भरमा अर्को प्रकृतिको सर्वस्वको सजायबाट पनि उन्मुक्ति पाउने भन्ने अर्थ गर्न नमिल्ने ।
- कैदको सजाय माफी पाएकोमा सर्वस्व पनि माफी पाएको भन्ने निवेदकको जिकिर तर्कसङ्गत नभएको हुँदा जन्मकैद माफी पाउनुले सर्वस्व पनि माफी पाएको मान्न नमिल्ने ।
- मन्त्रिपरिषद्को सिफारिसबमोजिम निजलाई उक्त सर्वस्वसहित जन्मकैदको सजाय भएको अवस्थामा जन्मकैदको सजायबाट मात्र माफी दिने निर्णय भएको हुँदा सर्वस्वहरण गर्नेतर्फको कारवाहीलाई कानूनविपरीत भयो भनी भन्न नमिल्ने ।

२०. सरीता श्रेष्ठ खत्री वि. महानगरीय प्रहरी परिसर काठमाडौं (ने.का.प २०७१, अंक ९, नि.नं. ९२४७)

- कुनै खास उद्देश्यका लागि बनेको ऐनले गरेको व्यवस्थाबमोजिम भए गरेका कार्यलाई त्यसै ऐनको व्यवस्थाबमोजिम हेरिनुपर्ने हुन्छ । केही सार्वजनिक अपराधजन्य कार्य भएकोमा कानूनले ७ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पटकपटक म्याद थप गरी थुनामा राखी व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने अधिकार कुनै पनि सार्वजनिक अधिकारीलाई नहुने ।
- विशेष कानूनले कुनै अपराधको सम्बन्धमा खास व्यवस्था गर्दागर्दै त्यसको अवलम्बन नगरी अर्को कानूनको व्यवस्था उल्लेख गरी कुनै व्यक्तिलाई थुनामा राख्ने कार्यबाट कानूनको उचित प्रयोग र पालना नगरिनुको साथै त्यस्तो थुनामा राख्ने सार्वजनिक पदाधिकारीको कानूनको त्रुटि एवम् प्रवृत्त भावनाबाट प्रेरित रहेको देखिन आउने ।

२१. झलनाथ न्यौपाने वि. नेपाल सरकार (ने.का.प.२०७१, अंक ९, नि.नं. ९२५१)

- सरकार वादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालतलगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने हिसाबले वादीले अनुसन्धानमा लापरवाही गर्दैमा त्यस्तो प्रत्येक लापरवाहीको सीधा परिणाम प्रतिवादीको सफाइ हुन नसक्ने ।
- व्यापार व्यवसायमा संलग्न अति व्यस्त स्वभावका जाहेरवालाले आफ्नो व्यापार व्यवसाय छोडी यो यस्तो रिसइबि साध्नका लागि प्रतिवादीका विरूद्ध मनगढन्ते प्रमाण बनाउनुपरेको हो सो कुरालाई प्रतिवादीले स्पष्ट गर्न सकेको नदेखिने ।
- जाहेरवालाले मोबाइल गर्ने र पाउने एउटा दुइटा होइन अनेकौं नम्बर, सो भएको समय, मिति र अवधि जस्ता यावत् कुरा कृत्रिम निर्माण गरे होलान् भन्ने कुराको अनुमान घटनाक्रम र त्यसको सिलसिलाको स्वाभाविकतालाई विचार गर्दा गर्नै नमिल्ने ।

२२. नेपाल सरकार वि. साबुद्दिन मिया (ने.का.प.२०७२, अंक ५, नि.नं. ९३९९)

- फौजदारी कसूरमा संलग्न हुने कसूरदारले एउटै व्यक्तिउपर एकै बखत विभिन्न प्रकारका कसूर गरेको खण्डमा सो प्रतिवादीउपर एउटै वारदातबाट सृजित परिणामलाई लिएर कसूर अनुसारको सजाय माग गरी

एउटै मुद्दा चलाउन सक्ने भए पनि प्रस्तुत वारदात फरक फरक मितिमा भैं फरक फरक नाबालिकाउपर जबरजस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दाबीमा माग गरेको देखिँदा अलग अलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोगपत्र दायर भएको देखिएको र यस्तो संवेदनशील विषयमा अभियोजनको जिम्मेवारी निर्वहन गर्ने निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले मातहतका कार्यालयलाई थप निर्देशन दिई अभियोजनको विषयलाई थप प्रभावकारी बनाउनुपर्ने हुँदा अब आइन्दा यस्तो प्रकारको त्रुटि हुन नदिन र अभियोजनको प्रभावकारितामा जोड दिन तालुक कार्यालयले विशेष ध्यान दिनु भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा ध्यानाकर्षण गराउने ।

२३. संजिभ गुरुङसमेत वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ३, नि.न. ९५६७)

- आजभोलि कुनै कारण वादी नेपाल सरकारले वतनको र जिल्ला अदालतले जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क लाई निहूँ बनाई कसूरदार प्रतिवादीहरूको हकमा पछि मुद्दा चलाउने वा फैसला हुने भनी उल्लेख गर्ने गरेको पाइन्छ । तर पछिबाट ती कसूरदार विरूद्ध अभियोगपत्र दायर वा फैसला हुने कुनै कामकुरा नहुदा कसूरदारले व्यापकुरूपमा कसूरबाट उन्मुक्ति पाएको देखिन्छ । ती सब कुरामा पुनरावेदन परेको पनि पाइँदैन । वतन स्पष्ट नभएको वा फरार भएको प्रतिवादीउपर अभियोगपत्र दायर हुन कुनै कानूनी बाधा नदेखिने ।
- जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क अनुसार उल्लिखित मोबाइल नम्बरमा वा राष्ट्रिय दैनिक पत्रिकामा पनि म्याद सूचना प्रकाशित गर्ने भन्ने कानून पनि रहेभएकै छ । इमानदार प्रयासका बाबजूद प्रतिवादीको अत्तोपत्तो नलागेको अवस्थाको लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क को निर्माण भएको कुराको हेक्का रहनु आवश्यक हुने ।
- अभियोजनकर्ताले प्रतिवादीको बाबु बाजेको नाम थर र प्रतिवादीहरूको वतन खुली आएमा अभियोगपत्र दायर हुने भन्ने कुरा उल्लेख गरी अभियोगपत्र दायर गर्ने गरी कामकारवाही गर्न पाउने कुराको कानूनी वा नजिरगत आधार देखिँदैन । कानूनी निकायले कानूनले तोकेको कुराबाहेक आफुखुशी जथाभावी गर्दा दण्डहीनता र स्वेच्छाचारिता मौलाउने कुराको हेक्का रहनु आवश्यक भएकोले यो फैसलाको जानकारी यस अदालतको अनुगमन शाखालाई र नेपाल सरकारको महान्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयसमेतलाई उपलब्ध गराउने ।

२४. नन्दकली बुढामगरसमेत वि. प्र.जि.अ. माधवप्रसाद ओझासमेत (ने.का.प.२०७४, अंक ७, नि.नं. ९८४८)

- मानिसको हत्या हुँदा पनि अनिश्चित कालसम्म अनुसन्धानका नाममा अनुसन्धान नटुङ्ग्याउने हो वा अभियोजन नगर्ने हो भने संविधान प्रदत्त मानव अधिकारको संरक्षण र सम्मानको कुरा निरर्थक हुन पुग्दछ । आफ्नो परिवारका मानिसहरू गुमाएर पीडित भएको अवस्थामा उजुर गर्दा पनि दोषी पत्तालगाई कारवाही गर्न राज्यका तर्फबाट अनुसन्धान गरिएन वा कमजोर तथा फितलो अनुसन्धान गरियो वा लामो समयसम्म अनुसन्धानमा ढिलासुस्ती गरियो वा लापरवाही देखाइयो वा अनुसन्धान गर्ने नाममा अभियोजन नै नगर्ने अभिप्रायः राखियो भने कानूनी शासनमा मानिसहरूको आस्था र विश्वास डगमगाउन सक्दछ । संविधान तथा विधिबाट शासित हुने मुलुकमा त्यस्तो कुरा स्वीकार्य हुन नसक्ने ।
- दोषी पत्ता लगाएर कारवाही गर्ने कुरा राज्यको कर्तव्य र दायित्वभित्रका कुरा हुन् । यस निम्ति राज्यसँग

सक्षम संयन्त्र रहेको हुने र ती संयन्त्रको प्रभावकारी परिचालन गर्ने क्रममा कानूनले निर्दिष्ट गरेको दायित्वबाट राज्य पन्छिन पाउने अवस्था नहुने ।

- आफ्नो दायित्व र कर्तव्य पूरा नगर्ने पदाधिकारीलाई राज्यले कारवाही गरी सो स्थानमा अन्य पदाधिकारीलाई जिम्मेवारी सुम्पिएर भए पनि कार्य सुचारू गराउनु पर्ने पनि हुन सक्ने ।
- समयमै अनुसन्धान कार्य पूरा गरी मुद्दा चल्ने, नचल्ने सम्बन्धमा निर्णयमा पुग्नु पर्नेमा लामो समय तथा अनिश्चितकालसम्म अनुसन्धानको टुङ्गो नलगाई रहेको देखिँदा अविलम्ब अनुसन्धान कार्य टुङ्गयाउनु र तत्सम्बन्धमा मुद्दा चल्ने नचल्ने कुराको निक्यौल गर्ने अधिकार नेपालको संविधानबमोजिम महान्यायाधिवक्ताको कार्यालयको देखिए पनि लामो समयसम्म अनुसन्धान समाप्त नभएको कारणले अभियोजन नभएको हो कि भन्ने आशंका र अन्यौलको अवस्था सृजना भएको देखिँदा यसतर्फ समेत महान्यायाधिवक्ताको कार्यालयसँग आपसी समन्वय तथा ध्यानाकर्षण गराई प्रस्तुत घटनाको मुद्दा अभियोजन गर्ने, नगर्ने कुराको अन्तिम टुङ्गो अविलम्ब लगाउनु वा यकिन गर्नु भनी नेपाल सरकार गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने ।

२५. भिमबहादुर बस्नेत वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत (ने.का.प. २०७५, अंक ७, नि.नं. १००४८)

- न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छ । तथ्य र प्रमाणको स्वतन्त्र रूपमा अनुसन्धान तथा विश्लेषण गरी कानूनको प्रत्येक रीत पुऱ्याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरू ग्रहण गरी ती प्रमाणहरूका साथ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकाय समक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने।
- आफ्नो अधिकारको प्रयोग अत्यन्त जिम्मेवार ढंगले गर्नुपर्ने हुन्छ, अधिकार छ भन्दैमा असीमित अवधिसम्म वा अन्य परिस्थिति वा मौका हेरी मुद्दा दायर गर्ने प्रवृत्तिलाई विकसित गर्नु न्यायको रोहमा मान्य नहुने ।

२६. धनकुमारी बस्नेतसमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत (ने.का.प. २०७५, अंक १०, नि.न. १०११४)

- अभियोजनको जिम्मेवारी संविधानले महान्यायाधिवक्तालाई सुम्पेको निजले अधिकार प्रत्यायोजन गरी मातहतका अधिकृतहरूलाई दिन सक्ने गरी संविधानले नै जिम्मेवारी सुम्पेको हुँदा त्यसो गर्नु सामान्यतया उसको अन्तिम जिम्मेवारी भएपनि संविधान र कानून बमोजिम गर्नुपर्ने अभियोजन नगरेको, भेदभावपूर्ण व्यवहार गरी न्यायको स्वच्छताको उल्लङ्घन भएको वा दण्डहीनताको पक्षपोषण भएको अभियोजन सम्बन्धी अधिकारको सदुपयोग नभएको र निर्णय गर्ने अधिकारीले गरेको निर्णय प्रवृत्त भावनाबाट गरेको हो, होइन भनी न्यायिक पुनरावलोकनको रोहमा अभियोजनसम्बन्धी निर्णयउपर नै प्रश्न उठेमा अदालतले त्यसको पुनरावलोकन हुनै नसक्ने भन्न संविधानले अङ्गिकार गरेको न्यायिक पुनरावलोकनको सिद्धान्तले नमिल्ने । प्रस्तुत मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने अधिकारीले तत्काल संकलित सबुत प्रमाणको विवेचना गरी मुद्दा नचल्ने निर्णय गरेकोलाई अन्यथा भन्नुपर्ने देखिन नआउने ।
- महान्यायाधिवक्तालाई प्राप्त संवैधानिक अधिकार उक्त संविधानको धारा १३५(६) बमोजिम प्रत्यायोजन गरी जिल्ला न्यायाधिवक्तालाई दिएको देखिन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७(२) र १८ बमोजिम व्यावसायिक उन्मुक्तिको अधिकार अन्तर्गत निर्णय गरेको देखिन्छ । सरकारी वकिललाई संकलित सबुत प्रमाणको आधारमा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने अधिकार रहेको देखिन्छ । सो

अधिकारअन्तर्गत मुद्दा नचल्ने भनी जिल्ला न्यायाधिवक्ताले गरेको निर्णय अन्यथा भनिरहनु पर्ने नदेखिने ।

२७. कुलबहादुर कार्की वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२४४)

- प्रचलित दुईवटा कानूनले अपराध घोषित गरी फरकफरक सजायको व्यवस्था गरेको अवस्थामा कुन कानूनअन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धित विषय बन्न जान्छ । त्यस्तो दुईवटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्थ्यो भन्न अदालतले नमिल्ने ।

२८. खुलबहादुर डाँगी वि. जिल्ला प्रहरी विशेष अदालत काठमाडौं (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०)

- मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्तिउपर घोर अन्याय भएको देखिएको अवस्थामा रिट क्षेत्रबाट त्यस्ता निर्णयउपर न्यायिक परीक्षण गर्न सकिने ।
- व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसूर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने ।
- निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणाम स्वरूप अनाहकमा कैदमा बस्नुपरेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनु पर्ने ।

२९. तिर्थराज दाहाल वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३२८)

- फरक फरक कसूरमा फरक फरक अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने अवधिसमेत फरक फरक तोकिएको विषयमा एउटै अभियोगपत्रबाट एकै पटक अभियोजन हुनु पर्ने भन्ने तर्क उपयुक्त देखिन नआउने ।

३०. नेपाल सरकार वि. सफिउर रहमान मुसलमान (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५०)

- घटना परिस्थितिसँग जोडिएका साक्षी प्रमाणहरूले जाहेरी बेहोरालाई पुष्टि गर्ने अवस्था भएमा मात्र जाहेरी दरखास्तले प्रमाणिक मूल्य प्राप्त गर्ने ।
- जाहेरी दरखास्तले आफैंमा प्रमाणको रूप ग्रहण नगर्ने र यसले अन्य साक्षी प्रमाणको सापेक्षतामा प्रमाणको रूप ग्रहण गर्ने भएको हुँदा दोस्रो वा पुरक जाहेरी दिन नहुने वा दोस्रो जाहेरीको कुनै मूल्य नहुने भन्ने अवस्था नरहने।

३१. तेजिन्द्र न्यौपानेसमेत वि. झापा जिल्ला अदालत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४३६)

- कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने ।
- कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको कुनै पदाधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने ।

- अनुसन्धानकै क्रममा असल नियतबाट अनुसन्धान गर्दै जाँदा कसूर गरेको भन्ने देखिन नआएमा अदालतबाट म्याद थप गरी अनुसन्धान गरेको कार्य गैरकानूनी मान्न नमिल्ने ।
- अपराधको अनुसन्धान गरी अभियोजन गर्न अख्तियारप्राप्त गरेको निकायका पदाधिकारीले बदनियतपूर्वक अनुसन्धान गरी थुनामा राखी अभियोग लगाएको होला भनी केवल अनुमानका आधारमा मात्र मान्न नमिल्ने ।

३२. गोविन्द उपाध्याय वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१४)

- अनुसन्धानको सिलसिलामा कुनै एक कसूरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसूर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकातभन्दा फरक कसूरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसूरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

३३. भिमबहादुर तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालत (ने.का.प. २०७७, अंक ७, नि.नं. १०५२८)

- अभियोजन पक्षले आवश्यक प्रमाण सङ्कलन गरी प्रमाणको आधारमा अभियुक्तको पहिचान स्पष्ट गरी मुद्दा दर्ता गर्नुपर्दछ । अवस्था र परिस्थितिअनुसार पछि पक्राउ परेको व्यक्ति नै आरोपित व्यक्ति हो भनेर खुल्ने ठोस सबुत प्रमाण पेश गर्नु अनुसन्धान एवं अभियोजनकर्ताको कानूनी दायित्व हो । कसैलाई आरोप लगाउनु र पक्राउ गर्नु कुनै औपचारिकतासम्म पूरा गर्ने विषय होइन । अभियुक्तको बाबुको नाम र वतन नै फरक परिरहेको, व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाण बेगर हचुवा ढङ्गबाट व्यक्ति एउटै हो भन्नु कानूनसम्मत नहुने ।
- व्यक्तिको पहिचान नै स्पष्ट नगरी र सो सम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानूनसम्मत नहुने ।

३४. सहन्यायाधिवक्ता टेकबहादुर घिमिरे वि. नेपाल सरकार मन्त्रिपरिषद् (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५८४)

- निजामती सेवा ऐन, २०४९ बमोजिम निलम्बनको प्रक्रियालाई विभागीय कारवाहीबाट अलग गरेर हेर्ने विषय नभएकाले संवैधानिक व्यवस्थाबमोजिम त्यसरी निलम्बन गर्दा न्याय सेवा आयोगको सिफारिस अनिवार्य हुने ।
- कुनै मुद्दामा आफुलाई प्राप्त अधिकारको प्रयोग गरी कसैउपर मुद्दा चलाइएको वा नचलाइएको, कुनै कुराको दावी लिएको नलिएको भन्ने मात्र आधारमा बदनियतको पुष्टि हुँदैन । सरकारी वकीललाई प्राप्त अधिकार स्वतन्त्र तथा विवेकपूर्ण रुपमा प्रयोग गर्नमा स्वतन्त्र छोडिदिनुपर्छ, अंकुश लगाउनु हुँदैन । हस्तक्षेप वा अंकुश लगाउँदा वास्तविक न्याय मर्न सक्दछ तर स्वतन्त्रताको अर्थ स्वच्छन्दता अवश्य होइन, कानूनको दायराभित्र रहेर प्रयोग हुने स्वतन्त्रता हो । मुद्दा चलाउनु वा नचलाउनुबाट मात्र बदनियतको मापदण्ड निर्धारण गर्न नमिल्ने ।

३५. रामकुमार कार्की वि. नेपाल सरकार (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५९३)

- गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको र मुद्दाको अन्तिम निर्णय हुँदा सफाई पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तर्राष्ट्रियस्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरुले

यस सम्बन्धमा गरेका कानूनी व्यवस्थासमेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेशानुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रुपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारवाही गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

३६. नेपाल सरकार वि. सुकना साह तेली (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६०७)

- फौजदारी कसूरमा आरोपित व्यक्तिउपरको जिकिर अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्नुपर्नेमा प्रतिवादी फरार रहेको भन्ने आधारमा मात्र आरोपित व्यक्तिउपरको अभियोग स्थापित हुन सक्दैन । फरार रहेकै आधारमा मात्र अभियोग पुष्टि हुने हो भने न्यायको मर्म खण्डित हुने र अनुसन्धान प्रक्रियामा नै गम्भीर असर पर्न जाने ।

३७. नेपाल सरकार वि. विशाल घर्ती मगर (ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१६)

- अभियुक्तलाई चुप लाग्ने तथा आफुउपरको अभियोगउपर आधार र कारणसहित प्रतिवाद गर्ने दुवै अधिकार रहने भएको हुँदा न्यायिक प्रक्रियामा सहयोग नगरेको आधारमा मात्र अभियोग दावीअनुसार कसूरदार ठहर गर्दा न्यायको मर्म तथा प्रचलित कानून प्रणाली प्रतिकूल निर्णय हुन जाने ।
- मौकामै दिएको जाहेरीमा किटानी रुपमा नाम उल्लेख नभई त्यसपछिको जाहेरीमा थप प्रतिवादीको नाम उल्लेख भएकोमा त्यसलाई सावधानीका साथ हेर्नुपर्छ । प्रतिवादी मौकामा फरारी रहेको कारणले मात्र उसलाई आरोपित कसूरमा दोषी करार गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त अनुकुल नहुने ।

३८. चित्रबहादुर बराइली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७६५)

- आरोप लगाइएका व्यक्तिउपर अभियोग मागदाबी लिई अभियोजन गर्नुअगाडि अभियोजकले मिसिल संलग्न प्रमाणहरूको मिहिन रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । जाहेरी पर्नु र सोउपर अनुसन्धान हुनु मात्र अभियोजनको आधार हुन सक्दैन । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपरको अभियोग समर्थित गराउनु फौजदारी न्यायको सन्दर्भमा अभियोजकको अनिवार्य दायित्व हो । शंकाको भरमा प्रमाणको रोहमा समर्थित हुन नसकेको अभियोगबाट अभियोग स्थापित हुन सक्दैन । यस्तो अवस्थामा स्वाभाविक रूपमा त्यसको फाइदा अभियुक्तलाई पुग्ने ।
- अपराध र अपराधीको जडसम्म नपुग्ने गरी गरिने अनुसन्धान र अभियोजनले न्यायको वास्तविक मर्म प्रतिबिम्बित गर्न नसक्ने ।
- अप्रमाणित तथ्यलाई बलपूर्वक जोडी कसैउपर गरिने अभियोगले न्यायको वास्तविक चित्र प्रस्तुत गर्न नसक्ने ।
- अनुसन्धान र अभियोजन पक्षले जिम्मेवारी पूरा नगरी पेस गरेको सतही अनुसन्धान, अभियोजन तथा खण्डित र टुक्रिएका प्रमाणको कडीमा कसूर कायम गरी गरिएको सजाय न्यायको रोहमा उपयुक्त नदेखिने ।
- कसूर भयो भनी कसैउपर पोल गरिनु र सोही आधारमा कुन कानूनको उल्लङ्घन भयो सोतर्फ समेत विचार नगरी कसैउपर अभियोग लगाउने कार्य मात्रलाई फौजदारी न्यायले न्यायिक पर्याप्तता नमान्ने ।

३९. निर्मला सोडारी वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक ३, नि.नं. १०८२९)

- विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. को साबिकदेखिको व्यवस्थालाई परिवर्तन, संशोधन वा खारेज नगरिएको कारण एकै प्रकृतिको कार्यमा एकातिर चेकको रकम प्राप्त गर्ने अधिकार राख्ने

व्यक्तिसँग चेकको धारकले आफैं वादी भई फौजदारी मुद्दाको रूपमा ऐ. दफा १०७क. बमोजिम दाबी लिई अदालतमा जान सक्ने वा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १८ बमोजिम सरकारवादी फौजदारी मुद्दाको दाबी लिई कारबाही अगाडि बढाउन मिल्ने गरी प्रचलित कानूनले दुईवटा उपचारको मार्ग जीवित राखिएको देखिने ।

- कानूनले जब उपचारका दुईवटा मार्ग पीडितलाई प्रदान गरेको हुन्छ भने सोमध्ये कुनै मार्ग अवलम्बन गर्ने स्वतन्त्रता पीडितलाई हुने ।
- एकातिर बैंक तथा वित्तीय संस्थामा सरकार र सरकारी निकायको नियमनकारी भूमिका रहने र अर्कोतर्फ निक्षेपकर्ताको रकमसमेत सुरक्षित रहने विश्वास सर्वसाधारणमा रहेको हुँदा यस्ता बैंक वा वित्तीय संस्थाउपरको विश्वासमा प्रतिकूल प्रभाव पार्ने कार्यलाई सामान्य रूपमा हेर्न नसकिने ।
- चेक कारोबारको विषय दुई व्यक्तिबिच मात्र सीमित हुँदैन, बैंक वा वित्तीय संस्थाको खातामा रकम नभएको जानी जानी चेक काटिदिने कार्यले दुई व्यक्तिबिचको सम्बन्ध मात्र नभई बैंक तथा वित्तीय संस्थाको आस्था र विश्वसनीयतालाई पनि प्रभाव पार्ने ।

४०. कृष्णनन्दन राय यादवसमेत वि. नेपाल सरकार (ने.का.प. २०७९, अंक १२, नि.नं. १०९८९)

- कुटपिटको जरियाबाट उठेको विवादलाई प्रतिशोधपूर्ण तवरबाट जबरजस्ती करणीको वारदातको रूपमा अगाडि सारिएको अवस्थामा नारी अस्मिताको प्रश्न अगाडि सारेर एक प्रकारको घटनालाई तोड-मरोड गरी कसूरको गम्भीरता देखाउनु र फौजदारी न्यायसम्बन्धी राज्यका संयन्त्रलाई निजी स्वार्थमा प्रयोग गर्नु उचित नहुने ।
- घटनाको वास्तविकता यकिन गर्नेतर्फ वाञ्छित गम्भीरता नअपनाई केवल औपचारिकता निर्वाह गर्ने अनुसन्धान र अभियोजन शैलीप्रति पनि सम्बद्ध निकायहरूको ध्यानाकर्षण हुनु आवश्यक देखिने ।

४१. नेपाल सरकार वि. कमलदेब दाससमेत (ने.का.प. २०८१, अंक १०, नि.नं. ११३६०)

- अभियोगपत्रमा दाबी लिएभन्दा फरक कसूर ठहर गर्दा वा फरक दफाबमोजिम सजाय गर्दा अदालत आफैंले वादीको स्थान लिन पुग्ने भएकाले त्यसतर्फ अदालत सजग रहनु उचित मानिने । तथापि अभियोग दाबीबमोजिमको कसूरमा प्रमाणको परीक्षण हुँदै जाँदा सो कसूर स्थापित नभई सोही प्रमाणबाट अन्य कुनै दोस्रो कसूर स्थापित भएको देखिएमा केवल अभियोगपत्रमा सो कसूरको दाबी नलिएकै आधारमा प्रमाणबाट पुष्टि भएको तथ्यलाई नजर अन्दाज गर्नु न्यायको रोहमा उचित मान्न नसकिने ।
- प्रतिवादीले प्रचलित कानूनले निषेध गरेको अन्य कसूर गरेको पुष्टि हुन्छ भने अभियोग दाबीको कसूर पुष्टि नभएका आधारमा प्रमाणले पुष्टि भएका कसूरसमेत ठहर गर्न इन्कारी गर्नु वा माग दाबीभन्दा भिन्न दफाबाट सजाय गर्न इन्कार गर्नु अन्ततः न्यायको इन्कारी गर्नुसरह हुने ।
- अभियोगदाबीभन्दा ठुलो वा गम्भीर कसूर ठहर गर्नु वा अर्को कानूनी व्यवस्था वा अर्को दफाबमोजिम सजाय गर्दा अभियोगपत्रमा दाबी लिएभन्दा बढी सजाय गर्नु भने फौजदारी न्यायको मान्यताअनुकूल मान्न नसकिने ।
- एउटा दफाबमोजिमको अभियोगदाबी भएकोमा अर्को दफाबमोजिमको कसूर ठहर गर्न वा अभियोग दाबी बराबर वा सोभन्दा कम सजाय गर्न प्रचलित कानून तथा फौजदारी न्यायको मूल्य मान्यताका आधारमा समेत बाधा नदेखिने।

४२. महान्यायाधिवक्ताको कार्यालय वि. पुकारनरसिंह राणासमेत (ने.का.प. २०८१, अंक १२, नि.नं. ११३७३)

- व्यक्तिमाथि फौजदारी अभियोगमा अभियोजन गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कानूनले तोकेबमोजिमको संवैधानिक वा कानूनी निकायलाई मात्र हुने । संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अधिकार महान्यायाधिवक्ताको कार्यालय र सोअन्तर्गतका सरकारी वकिल कार्यालयलाई मात्र हुने । मुद्दाको कुनै विवादमा दुवै पक्षको भनाइ सुनी प्रमाणको मूल्याङ्कन गरी निर्णय सुनाउने निकायले अभियोजन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने वा निर्णायक आदेश जारी गर्न नमिल्ने ।
- तर कुनै विवादको सम्बन्धमा अभियोजनको अन्तिम निर्णयमा बाध्यात्मक आदेश नगरी दिइएका सुझाव वा धारणालाई अन्यथा अर्थ गरी कानूनबमोजिम भएको अभियोजनलाई कानूनविपरीत भन्न नमिल्ने ।

४३. रमेश साह वि. नेपाल सरकार (मुद्दा नं. ०७२—CR—१०४३)

- अनुसन्धान गर्दा शंकित व्यक्तिका विरुद्ध यथार्थ र वास्तविक प्रमाण संकलन गरिनुपर्छ । झुठ्ठा प्रमाण सृजना गरिनु हुँदैन । झुठ्ठा प्रमाणको सृजना गरी गरिएको अभियोजन तथा कारवाही प्रकृयाबाट व्यक्तिको स्वच्छ सुनुवाईको हक निष्प्रभावी हुन पुग्छ । वस्तुतः झुठ्ठा प्रमाणको सृजना गरी गरिएको अभियोजनबाट वादी पक्ष वा राज्यले मुद्दा जिते पनि अन्ततः फौजदारी न्याय प्रणाली हारेको हुन्छ । तर, स्वच्छ प्रक्रिया अवलम्बन गरी चलाइएको मुद्दामा अभियुक्त उपर सफलता प्राप्त भए वा नभए तापनि न्याय प्रणालीको हार हुने अवस्था रहँदैन । हामीले अवलम्बन गरिएको फौजदारी न्याय प्रणालीमा मुद्दा जिते तर न्यायले हार्नु पर्ने अनपेक्षित अवस्थाको कल्पनासम्म पनि गर्न सकिदैन ।
- कुनै पनि व्यक्तिका विरुद्ध राज्यका निकायले काल्पनिक वारदात खडा गरी झुठ्ठा मुद्दामा अभियोजन लगाउने कार्य सभ्य समाजमा कल्पनासम्म गर्न नसकिने विषय हो । यो प्रहरीलाई प्राप्त अनुसन्धान गर्ने अधिकारको गम्भीर दुरुपयोग हो । यस्तो दुरासायपूर्ण अभियोजनबाट व्यक्तिका वैयक्तिक स्वतन्त्रताको अपहरण, मानवअधिकारको गम्भीर उल्लंघन तथा कानूनी राज्यको अवधारणाको उपहास हुन जान्छ । राज्यका जिम्मेवार निकाय वा अधिकारीबाट सर्वसाधारण व्यक्तिलाई काल्पनिक वारदात खडा गरी झुठ्ठा मुद्दा लगाउनु सम्बन्धित निकाय एवम् समग्र राज्य व्यवस्थाका लागि नै एक अत्यन्त लज्जास्पद अवस्था हो ।
- प्रतिवादीहरु ठगीको कसूरमा सम्म संलग्न भएको तर प्रस्तुत मुद्दामा दुराशययुक्त अभियोजन भै सोको परिणामस्वरुप लामो समयसम्म निरन्तर थुनामा बस्नु परेको देखियो । वस्तुतः यस मुद्दाको अभियोगपत्रमा दावी गरिएको वारदात नै झुठ्ठा र काल्पनिक देखियो । तथापि निजहरु विरुद्धको दुराशययुक्त अभियोजनको परिणामस्वरुप नौ वर्षभन्दा लामो अवधिसम्म आफू संलग्न नै नभएको कसूरमा थुनामा बस्नुपर्ने अवस्थाको सृजना हुनु निजहरुको सम्मानपूर्वक बाँचन पाउने हक र व्यक्तिगत स्वतन्त्रताको गम्भीर उल्लंघन हो । यसबाट प्रतिवादीहरुलाई अपरणीय शारीरिक एवम् मानसिक पीडा पुगेको र निजहरुको सामाजिक इज्जत प्रतिष्ठामा गम्भीर क्षति पुगेको तथ्य विवाद छैन । यस स्थितिमा राज्यको उत्तरदायित्वको सुनिश्चितताका लागि सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउन र झुठ्ठा अभियोजनबाट पीडित हुन पुगेका व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति समेत दिलाउन आवश्यक हुन्छ ।
- व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण र आधारभूत मानवअधिकारको उल्लंघनमा राज्यको उत्तरदायित्व प्रवद्र्धन गर्नका लागि समेत क्षतिपूर्ति प्राप्त गर्ने पूर्वावस्थालाई संकुचित तुल्याउन उपयुक्त नदेखिँदा

दुराशयपूर्ण अभियोजनको परिणामस्वरुप थुनामा बस्नु परेका व्यक्तिलाई समेत राज्यबाट न्यायोचित क्षतिपूर्ति दिलाउनु आवश्यक देखिन्छ । तसर्थ, यी प्रतिवादीहरुको हकमा झुठ्ठा मुद्दाका कारण थुनामा बस्नु परेको अवधिको न्यूनतम ज्यालालाई आधार लिई क्षतिपूर्ति प्रक्रिया अगाडि बढाउने सम्बन्धमा नेपालको महान्यायाधिवक्ताबाट आवश्यक पहल हुनेछ भन्ने यो इजलासले विश्वास लिएको छ ।

- अन्य देहायका विषयमा देहाय बमोजिम गर्नु भनी नेपाल राज्यका महान्यायाधिवक्तालाई लेखी पठाउनु ।

क. काल्पनिक वारदात खडा गरी यी प्रतिवादीहरुबाट लागू औषध बरामद भएको भनी झुठ्ठा व्यहोराको बरामदी मुचुल्का समेतका प्रमाण खडा गर्ने प्रस्तुत मुद्दाका अनुसन्धान अधिकारीलाई विभागीय कारवाही गर्न प्रहरी महानिरीक्षकलाई लेखी पठाउन,

ख. लागू औष्ध (नियन्त्रण) ऐन, २०३३ को दफा ११, ११क र ११ख मा लागू औषध फेला परेमा वा बरामद भएमा नष्ट गर्नुपर्ने व्यवस्था भएकोमा प्रस्तुत मुद्दामा बरामद भएको देखाउन प्रयोग भएको लागू औषध प्रहरीको साथमा कहाँबाट के कसरी प्राप्त भएको हो सो समेत छानविन गरी यस प्रक्रियाबाट झुठ्ठा दशी प्रमाण सृजना गर्ने कार्यलाई प्रवृत्तिको रुपमा दोहोरिन नदिन प्रहरी महानिरीक्षकलाई आवश्यक निर्देशन दिन र

ग. भविष्यमा निर्दोष व्यक्ति उपर झुठ्ठा मुद्दा खडा गरी अभियोजन हुन नसक्ने र भएमा झुठ्ठा अभियोजनबाट पीडित प्रतिवादीहरुले क्षतिपूर्ति पाउने अवस्थाको सुनिश्चितताको लागि आवश्यक पहल गर्न ।

४४. छत्रप्रसाद लुईटेल वि. महान्यायाधिवक्ताको कार्यालय (मुद्दा नं. ०८०-WO-११८२)

- अदालतमा दायर भएको अभियोग पत्रमा दावी संसोधनको औचित्यता देखी त्यस्तो मुद्दामा थप प्रमाण फेला परेको विश्वसनिय आधार लिई अभियोजकले त्यस्तो अभियोगपत्रमा संसोधन गर्न मनासिव देखेमा महान्यायाधीवक्ता समक्ष स्वीकृतीका लागि पेश गर्ने र महान्यायाधीवक्ताले त्यस्तो विषयमा स्वीकृती दिन कानूनसम्मत देखिएमा स्वीकृती दिन सक्ने स्पष्ट कानूनी व्यवस्था मौजुद रहेको देखियो। यसरी कानूनले स्पष्ट रुपमा व्यवस्था गरे बमोजिमको कानूनी प्रक्रिया पुरा गरी अभियोजन पक्षले मुल अभियोगपत्रमा संसोधन गरी अभियोग माग दावी परिवर्तन गराउन सक्नेनै देखिन आयो।

४५. नेपाल सरकार वि. परिवर्तित नाम १ (मुद्दा ०८०-RC-०१०२)

- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३१ ले पीडितलाई दिने क्षतिपूर्ति निर्धारण गर्दा लिइने आधारहरु तोकेको देखिन्छ। यस्ता आधारहरुमा नाबालिग सन्तानले गुमाएको अभिभावकत्वको संरक्षण पनि रहेकोले पीडितउपर भएको जबरजस्ती करणीको कसुरको परिणाम स्वरुप परिवारको संरक्षकत्व वा अभिभावकत्वसमेत गुमाउन पुगेको अवस्था देखिएकाले यस आधारमा समेत यी नाबालिग पीडितको हकमा क्षतिपूर्ति निर्धारण गर्न सकिने देखियो। ऐ. को दफा ४४ बमोजिम कसुर पीडितको हक संरक्षणको लागि नेपाल सरकारलाई सुझाव दिन महान्यायाधिवक्ताको अध्यक्षतामा पीडित संरक्षण सुझाव समिति गठन हुने र सो समितिले ऐ. को दफा ४५ ले सो समितिको काम, कर्तव्य तोकेकोमा सोको उपदफा (२) मा नेपाल सरकारले पीडित संरक्षण समितिको सुझावलाई समेत विचार गरी कसुर पीडितको सुरक्षा, हक हितको संरक्षण एवं कसुरको कारणबाट पीडितले व्यहोरको वा व्यहोर्ने क्षति प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि आवश्यकता अनुसार उद्धार, सामाजिक पुनर्स्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक र कानूनी सहायता लगायतका सेवा सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था रहेकाले जबरजस्ती करणीको कसुरबाट

अभिभावकको संरक्षकत्वसमेत गुमाएकी यी अपराध पीडित नाबालिगको लागि उद्धार, सामाजिक पुनर्स्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक र कानूनी सहायता समेतका सेवा पीडित संरक्षण समितिको सुझाव लिनुपर्ने भए सोसमेत लिई नेपाल सरकारले उपलब्ध गराउन सक्ने नै हुँदा यसतर्फ नेपाल सरकारलाई ध्यानाकर्षण गराउनु पर्ने हुन्छ।

- ऐ.ऐनको दफा ४८ मा क्षतिपूर्तिको दाबी लिनु पर्ने शीर्षकमा कुनै कसुरमा अभियोजन गर्दा प्रथम स्तरको पीडित, द्वितीयस्तरको पीडित र पारीवारिक पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दाबी लिनुपर्ने व्यवस्था रहेबाट कसुरको अभियोजन गर्दा अभियोजन कर्ताले पीडितको वर्गीकरण गरी कुनस्तरको पीडित हो भन्ने कुरा यकिन गरी तदनुरुप आवश्यक क्षतिपूर्तिको विश्लेषण गरी आवश्यक नगद तथा अन्य प्रकारको क्षतिपूर्तिको स्पष्ट मागदाबीसहित अभियोजन गर्नुपर्ने भन्ने देखिन आयो। यस सन्दर्भमा पीडितउपर भए गरेको कसुरका कारणले सृजित परिणामस्वरुप पीडित परिवारको अभिभावकत्व विहीन वा संरक्षण विहीन हुन पुग्ने अवस्था भए नभएको र राज्यको संरक्षणको आवश्यकता जरूरी भए वा नभएको भन्नेसमेत अनुसन्धान एवम विश्लेषण गरी प्रतिवादीबाट दिलाई दिनुपर्ने क्षतिपूर्तिका अलावा अपराध पीडितलाई राज्यको संरक्षण आवश्यक देखिएमा खासगरी नाबालिग पीडितको हकमा राज्यले गर्नुपर्ने आवास, खाद्य व्यवस्था, शिक्षा, स्वास्थ्य सेवा लगायतका लागि उचित प्रबन्ध गरी पीडितको सुरक्षा र संरक्षणका लागि आवश्यक व्यवस्थाका लागि नगदसहित अन्य के कस्तो प्रकारको क्षतिपूर्ति आवश्यक पर्ने हो, सो विवरण खुलाई अभियोजन गर्ने व्यवस्था हुनुपर्ने देखियो। यस विषयमा ध्यान दिई अनुसन्धान र अभियोजन गर्न गराउन महान्यायाधिवक्ताको कार्यालयलाई समेत निर्देशनात्मक आदेश दिनु पर्ने देखियो।
- यसमा माथि विभिन्न अनुच्छेदमा विवेचना भएबमोजिम अपराध पीडितको क्षतिपूर्ति लगायतका विषयका सम्बन्धमा देहायबमोजिम गर्न, गराउन यो निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छः-

क. परिवारको संरक्षकत्व विहीन हुन पुगेकी राज्यको विशेष संरक्षणको आवश्यकता देखिएकी यी नाबालिग पीडित परिवर्तित नाम "त" को लागि उद्धार, सामाजिक पुनर्स्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक र कानूनी सहायता, उचित शिक्षा र स्वास्थ्य समेतका सेवाको प्रबन्धसहित पीडित नाबालिगको हकमा विशेष संरक्षणको तत्काल आवश्यक व्यवस्था मिलाउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई यो फैसलाको प्रतिलिपिसहित लेखी पठाउनू।

ख. यी पीडितले चाहेमा तत्कालै पीडितको अस्थायी संरक्षणको समेत व्यवस्था मिलाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत यी पीडितको बसोबास रहेको सम्बन्धित स्थानीय तहका बाल कल्याण अधिकारी समेतलाई यो फैसलाको प्रतिलिपिसहित लेखी पठाउने व्यवस्था मिलाउनू।

ग. बालबालिकाउपर भएको कसुरको कारणले परिवारको संरक्षकत्व/अभिभावकत्व गुमाउन पर्ने अवस्थाका खासगरी कसुर पीडित बालबालिकाको सुरक्षा र संरक्षणका लागि आवश्यक पर्ने नगद क्षतिपूर्ति लगायत अन्य भौतिक (आवास), स्वास्थ्य, शिक्षा आदिको समेत विश्लेषण एवम् पीडितको स्तरको वर्गीकरणसमेत गरी पीडितको अस्थायी संरक्षण वा विशेष संरक्षणको आवश्यकता भए नभएको समेत खुलाई अभियोजन गर्ने प्रबन्ध गर्नू, गराउनू भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनू ।

थुनछेक आदेश/धरौट/निवेदन

१. गणेशप्रसाद कोइरालासमेत वि. श्री ५ को सरकार (ने.का.प. २०४५, अंक ५, नि.नं. ३४७४)
२. सेवक दास तत्मा वि. जिल्ला प्रशासन कार्यालय पर्सा (ने.का.प. २०४९, अंक ७, नि.नं. ४५९२)
३. मोफि युद्धिन खाँ वि. श्री ५ को सरकार (ने.का.प. २०५८, अंक ७, नि.नं. ७०१५)
४. नितुकुमारी खत्री वि. पुनरावेदन अदालत नेपालगञ्जसमेत (ने.का.प. २०६२, अंक ९, नि.नं. ७५८९)
५. ठाकुर गैरेसमेत वि. श्री ५ को सरकार, गृह मनत्रालयसमेत (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६७२)
६. झलकलाल श्रेष्ठ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंसमेत (ने.का.प. २०६५, अंक १, नि.नं. ७९१२)
७. राजीव बास्तोलासमेत वि. जिल्ला वन कार्यालय काठमाडौंसमेत (ने.का.प. २०६६, अंक ८, नि.नं. ८२०२)
८. प्रेमचन्द्र दुवेसमेत वि. पुनरावेदन अदालत हेटौडासमेत (ने.का.प. २०६७, अंक १०, नि.नं. ८४८६)
९. कमल वजगाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९३)
१०. गोविन्दबहादुर वटाला "जीवित" वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३८)
११. रामविलास राउत वि. पुनरावेदन अदालत हेटौडा (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५०)
१२. रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६५)
१३. प्रेमकाजी शाक्य वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत (ने.का.प. २०७०, अंक ९, नि.नं. ९०५३)
१४. आनन्द ग्वालासमेत वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२४)
१५. ताजश्री सिंह वि. जिल्ला प्रशासन कार्यालय ललितपुरसमेत (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२७२)
१६. सुनिता अग्रवाल वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत (ने.का.प. २०७१, अंक ११, नि.नं. ९२९५)
१७. कमल प्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०२)
१८. सरोज लामा वि. नेपाल सरकारसमेत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३०)
१९. प्रति भान्जली पराजुली वि. जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई भक्तपुर जिल्ला अदालतसमेत (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८०५)
२०. रेखाकुमारी साह वि. उच्च अदालत जनकपुरसमेत (ने.का.प २०७५, अंक ९, नि.नं १००९२)
२१. मंगल सिंह लिम्बूसमेत वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौं (ने.का.प. २०७५, अंक ९, नि.नं. १०१०४)
२२. कृष्णमाया डंगोल वि. ज्ञानबहादुर प्रजापतिसमेत (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१५६)
२३. महेन्द्र खड्का वि. नेपाल सरकारसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५३)
२४. दलबहादुर धामी वि. उच्च अदालत दिपायल समेत (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४६६)
२५. भेषराज खत्री वि. उच्च अदालत पाटन (फैसला ०७७— WF—००१४)

१. गणेशप्रसाद कोइरालासमेत वि. श्री ५ को सरकार (ने.का.प. २०४५, अंक ५, नि.नं. ३४७४)

- अ.वं. ११८ को देहाय (५) मा तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने देखिएमा धरौट वा जमानी लिनु पर्ने व्यवस्था भएको, यदी सो कसूर जरिवाना मात्र हुने रहेछ भने सो जरिवाना बापत पनि धरौट वा जमानी लिनु पर्ने हुँदा जरिवानाको धरौट वा जमानी लिन नमिल्ने भन्ने कानुन निर्माताको मनसाय भएको भन्न नमिल्ने ।

२. सेवक दास तत्मा वि. जिल्ला प्रशासन कार्यालय, पर्सा (ने.का.प. २०४९, अंक ७, नि.नं. ४५९२)

- आरोपित कसूर गरेको प्रमाण तत्काल विद्यमान भए नभएको आधारमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्ने ।
- थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तहरुले यो यस्तो अपराधजन्य कार्य गरेको भन्ने कुराको प्रतिव्यक्ति प्रमाण हुनु पर्ने यी निवेदक समेतका प्रतिवादीहरुका सम्बन्धमा केवल गोश्वारा रुपमा कसूरदार हो भन्ने मनासिब प्रमाण भएको हुँदा थुनामा राखी पूर्पक्ष गर्नु भन्ने आदेश भएको समेत अ.वं. ११८(२) नं.को मनसाय अनुकूल नदेखिने ।
- निवेदकलाई अभियोगसँग प्रत्यक्ष रुपले सम्बन्धित तत्काल प्राप्त प्रमाणहरुको अभावमा अ.वं. ११८(२) नं.अन्तर्गत थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने गरेको जिल्ला अदातलको आदेश र सो लाई सदर गरेको पुनरावेदन अदालतको आदेश समेत त्रुटिपूर्ण भई त्यस्तो त्रुटिपूर्ण आदेशको आधारमा निवेदकलाई थुनामा राख्ने गरेको गैरकानुनी देखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

३. मोफि युद्धिन खाँ वि. श्री ५ को सरकार (ने.का.प. २०५८, अंक ७, नि.नं. ७०१५)

- फौजदारी मुद्दाका अभियुक्तले अदालतवाट भएको आदेशलाई स्वीकार गरी समर्पण गरेपछि मात्र निजको सुनुवाई हुने "First Surrender then hear" भन्ने सिद्धान्तलाई कानूनले अंगीकार गरेको देखिन आउंछ । त्यस्तै अ.वं. १९४ नं. मा फैसला गर्ने अड्डाले फौजदारी मुद्दामा फैसला हुँदा कैदको सजाय पाउने कसूरदार ठहरिएकोलाई सो फैसला उपर पुनरावेदन गर्न बढीमा तीन वर्ष सम्म कैदको सजाय भएकोमा र पूर्पक्षलाई थुनामा वस्नु नपर्ने मुद्दामा भएमा वा नवसेको भएमा पुनरावेदन गर्ने म्याद सम्मलाई सो अड्डाले धरौट वा जमानीमा छाड्न सक्ने व्यवस्था भए अनुसार कानूनव्दारा व्यवस्थित सो सुविधा उपभोग गरी धरौटीमा रहन चाहने प्रतिवादी स्वयंले नै आवेदन गर्नुपर्ने व्यवस्था भएको पाइन्छ । त्यस्तै अ.वं. ६५ नं. अनुसार पूर्पक्षको लागि थुनामा वस्नु पर्ने व्यक्तिलाई वारेश मुकरर गर्ने अधिकार समेत भएको पाइँदैन ।
- मुद्दाको पूर्पक्षको सिलसिलामा कानून बमोजिम थुनामा राख्ने गरी भएको आदेश अनुसार थुनामा रहनु पर्ने अवस्था र बन्दिप्रत्यक्षीकरणको अवस्था तथा प्रकृति अलग अलग हुन्छ । बन्दिप्रत्यक्षीकरणको रिट निवेदनमा बन्दी वा थुनुवाको हकमा अन्य व्यक्तिले उजुर गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था भए जस्तै थुनछेकको आदेशको सम्बन्धमा आदेशानुसार थुनामा वस्नु पर्ने व्यक्तिको हकमा अरु कसैले उजुरी गर्न सक्ने कानूनी व्यवस्था नभएकोवाट समेत थुनामा वस्नु पर्ने व्यक्तिले नै थुनछेकको आदेश उपर उजुर गर्नुपर्ने कुरा अझ पुष्ट्याई हुन आउँछ ।
- मातहत अदालतले फौजदारी मुद्दामा प्रमाणको मूल्यांकन गरी प्रतिवादीलाई थुनामा राख्ने गरी गरेको आदेश कार्यान्वयन नभई सो आदेश बेरीतको भएको भनि अ.वं. १७ नं. बमोजिम पुनरावेदन सुन्ने अदालतमा जोसुकैले निवेदन गर्न पाउँछ भन्नु स्पष्टतः कानून विपरीत हुनुका साथै कानून व्याख्या सम्बन्धी सिद्धान्त

तथा विधायिकी मनसाय समेतको प्रतिकूल हुन जान्छ । यसर्थ मातहतको अदालतबाट थुनामा राख्ने गरी भएको आदेश कार्यान्वयन भएपछि मात्र चित्त नबुझ्ने व्यक्तिले सो आदेश उपर पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सक्ने वा अ.वं. १२१ नं. को अवस्थामा पुनरावेदन सुन्ने अदालतबाट जाँचबुझ गर्न सकिने हुँदा पुनरावेदन अदालत, नेपालगंगबाट प्रतिवादी दिनवा भन्ने अहमुद्दिन खाँलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको मिति २०५५।८।११ को आदेशलाई पालना गरेर थुनामा बस्नुपर्ने व्यक्ति आफै नआई निज प्रतिवादीको हकमा निजको दाजु मोफी युद्दिन खाँले उक्त आदेश वेरीतको भएकोले बदर गरी पाउँ भनि दिएको निवेदन हेर्न नमिल्ने ।

४. नितुकुमारी खत्री वि. पुनरावेदन अदालत नेपालगञ्जसमेत (ने.का.प. २०६२, अंक ९, नि.नं. ७५८९)

- मुद्दाको कामकारवाही भन्नाले मुद्दालाई अंग पुऱ्याउन वा निरुपणयोग्य बनाउने रोहमा मुद्दा हेर्ने अधिकारीबाट आवश्यकता अनुसार गरिने आदेश, अपनाइने कार्यविधि वा प्रक्रियालाई नै बुझ्नुपर्ने ।
- मुद्दाको कामकारवाई सच्याउने निहुँमा मुद्दाको निष्कर्षलाई नै प्रभावित गर्ने वा असर पुऱ्याउने ढंगले अ.वं. १७ नं. को प्रयोग हुनु वाञ्छनीय नहुने ।
- अ.वं. १७ नं. बमोजिम परेको निवेदनमा पुनरावेदन सुन्ने अदालतले मातहत अदालतको विचाराधीन मुद्दाको प्रत्यक्ष असर पर्ने गरी मुद्दाको तथ्यभित्र प्रवेश गरी उक्त अदालतबाट भएको आदेश सदर वा बदर गर्ने गरी आदेश गर्न नमिल्ने ।
- अ.वं. १७ नं.को अधिकारक्षेत्र ज्यादै सीमित क्षेत्र हो जस्ले मुद्दाको कामकारवाईमा वेरीत भएमा वा म्याद नाघेको देखिएमा त्यस्तो कारवाईलाई बदर गरी कानून बमोजिम गर्न लगाउनसम्म सक्ने तर मातहत अदालत वा अड्डाको विचाराधीन मुद्दामा प्रत्यक्ष वा परोक्ष असर पुऱ्याउने गरी पुनरावेदन तहबाट आदेश गर्न नमिल्ने ।
- तायदाती माग गर्ने आदेश बदर गर्दा वादीको अंश पाउने हक नै निरर्थक हुने र अंश मुद्दा नै निष्प्रयोजित हुने हुँदा पुनरावेदन अदालतबाट भएको आदेशले जिल्ला अदालतमा बिचाराधीन अंश मुद्दालाई प्रत्यक्ष असर पार्ने ।

५. ठाकुर गैरेसमेत वि. श्री ५ को सरकार, गृह मनत्रालयसमेत (ने.का.प. २०६३, अंक ३, नि.नं. ७६७२)

- सम्वन्धित अधिकारीले कानून बमोजिम आदेश गरी थुनामा राखेको मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी चलि रहेको मुद्दालाई असर पर्ने गरी रिटक्षेत्रवाट हेर्न नमिल्ने भएपनि चलाइएको मुद्दा कानून अनुरुपको हो, होइन, कानूनको अख्तियारी अनुरुप थुनामा राखिएको हो, होइन ? थुनामा राख्दा कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको छ छैन ? थुनामा राख्दा अनिवार्य रुपमा पालन गर्नुपर्ने आधारभूत कानूनी प्रक्रियाको अवलम्वन गरिएको छ छैन ? जस्ता कानूनी तथा सैद्दान्तिक दृष्टिकोणले कुनै व्यक्तिलाई थुनामा राखिएको कार्यको न्यायिक परीक्षण रिटक्षेत्रवाट गर्न मिल्ने ।
- थुनामा राखिएको कार्य गैरकानूनी देखिन आउँछ भने अन्य प्रश्नहरु तर्फ विचार नगरी त्यस्तो गैरकानूनी थुनावाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने ।
- अ.वं. ११८ को देहाय (५) मा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा भन्ने उल्लिखित वाक्य संरचनावाट नै धरौट वा जमानत लिन सक्ने अधिकार निःशर्त र निरपेक्ष रहेको नभई सशर्त र सापेक्षिक रहेको मान्नु पर्ने ।

- यस्तो विश्वास गर्न सक्ने आधार आदेश गर्ने अधिकारीको आत्मगत सन्तुष्टीको विषय मात्र नभई आदेशवाट असर पर्ने पक्षले आदेश अध्ययन गर्दा समेत वुझ्न र सन्तुष्ट हुन सक्ने गरी वोलिएको आदेश (Speaking Order) को रुपमा रहनु आवश्यक हुने ।
- आधार र कारण सहितको आदेश एवं निर्णयनै निष्पक्ष स्वतन्त्र एवं अपेक्षित न्यायको सिद्धान्तको प्रमुख शर्त हो भन्नेमा दुईमत नरहने ।
- कानूनी एवं तथ्यगत आधार र कारण नखुलेको आदेशलाई कानून अनुरुपको आदेशको संज्ञा दिन नमिल्ने ।
- विपक्षीवाट रिट निवेदकहरुसंग रु.५०० । वरावरको नगद वा जेथा धरौटी माग गर्ने गरी भएको आदेश नै गैरकानूनी देखिएकोले उक्त आदेश कार्यान्वयनको सिलसिलामा धरौटी दिन नसकेको भनी निजहरुलाई थुनामा राख्र पठाइएको कार्य समेत गैरकानूनी हुने ।

६. झलकलाल श्रेष्ठ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत (ने.का.प. २०६५, अंक १, नि.नं. ७९१२)

- भ्रष्ट्राचार सम्बन्धी कसूरको अनुसन्धानको क्रममा त्यस्तो आरोपमा कारवाई चलाएको व्यक्ति फरार भै बेपत्ता हुन सक्दछ भन्ने मनासिव कारण भएमा वा विगो हानी नोक्सानी भएको देखिएमा त्यस्तो व्यक्तिसँग धरौट वा जमानत माग्न सकिने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधानको आशय सम्बन्धित व्यक्तिलाई थुनामा नै राख्ने नभै यथासम्भव थुनामा नराख्ने भन्ने देखिदा त्यस्तो सुविधायुक्त प्रावधान मुद्दाको अनुसन्धान, अभियोजन वा सुनुवाई मध्ये कुनै पनि चरणमा र अनुसन्धान अधिकारी, अभियोक्ता वा न्यायिक अधिकारी मध्ये जो सुकैलाई पनि प्रयोग गर्न दिँदा त्यसले कसैलाई व्यक्तिगत हानी नोक्सानी पुऱ्याउने नदेखिने ।
- कसूरको प्रकृति, त्यसको गम्भिरता र त्यसको विभिन्न चरणमा अवलम्वन गरिने कार्यविधि समेतलाई दृष्टिगत गरी कानून निर्माताले त्यस्तो अधिकार कसलाई सुम्पन उपयुक्त देख्दछ, त्यसै आधारमा अधिकार प्रदान गरिने हुँदा त्यसलाई अन्यथा भन्न नमिल्ने ।
- धरौटी वा जमानत माग्ने जस्तो सुविधाको विषयलाई समेत प्रचलित कानूनको अधिनमा राखिएको अवस्थामा धरौट वा जमानत नदिएको कारणबाट थुनामा राख्र पर्दा प्रचलित कानूनको पालना गर्नु नपर्ने गरी निरपेक्ष रुपमा त्यसको अर्थ लगाउनु न्यायोचित हुँदैन । त्यसमाथि पनि ऐनको दफा १६ ले अभियुक्तलाई थुनामा राख्ने गरी आयोगलाई प्रदान गरेको अधिकारको प्रयोगलाई समेत न्यायिक अनुमतिको विषय बनाएको स्थितिमा यथासम्भव व्यक्तिको वैयक्तिक स्वतन्त्रता नखोसियोस् भनी धरौटी वा जमानत माग्ने वैकल्पिक उपायको अवलम्बनका क्रममा उत्पन्न भएको थुनाको अवस्थालाई झनै कडा र निरपेक्ष रुपमा रहेको भनी मान्न र सम्झन मिल्दैन । त्यस्तो थुनाको विषय स्वतः न्यायिक परीक्षणको विषय बन्ने ।
- व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरणको विषयलाई न्यायिक परीक्षण बिना प्रयोगमा ल्याउन नहुने कुरालाई अन्यथा सोच्नु र अन्यथा व्याख्या गर्नु हाम्रो संवैधानिक व्यवस्था, गर्दै आएको अभ्यास, व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता र कानूनी राज्यको अवधारणा र त्यसको मूल्य मान्यता समेतको प्रतिकूल हुन जाने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधान अन्तर्गत धरौटी वा जमानत दिन नसकेको वा नदिएको कारणबाट थुनामा राख्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (३) ले तोकेको समयाबधि (वाटाको म्याद वाहेक चौविस घण्टा) भित्र सम्बन्धित

मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र त्यस्तो अधिकारीको आदेश बमोजिम गर्नुपर्ने हुन्छ । यदि त्यसो नगर्ने हो भने त्यस्तो थुनाका सम्बन्धमा कहिल्यै पनि न्यायिक परीक्षण नहुने र अनन्तकाल सम्म थुनामा नै रहनु पर्ने अवस्थाको सिर्जना हुन जान्छ, जुन विधिकर्ताको मनसाय हुनै सक्दैन र त्यस्तो स्वेच्छाचारितालाई संविधानले प्रश्रय दिएको पनि छैन । यसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधानलाई निरपेक्ष रुपमा नभै संविधान, उक्त ऐनका अन्य प्रावधान र प्रचलित नेपाल कानून समेतको सापेक्षतामा हेर्नु पर्ने र सो प्रावधान अन्तर्गत धरौटी वा जमानत नदिएको कारणबाट थुनामा राख्नु पर्दा संविधानको धारा २४(३) को प्रक्रिया अवलम्वन गर्नुपर्ने ।

७. राजीव बास्तोलासमेत वि. जिल्ला वन कार्यालय, काठमाडौंसमेत (ने.का.प. २०६६, अंक ८, नि.नं. ८२०२)

- कुनै अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नको लागि तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको वा कसूरदार हो भन्ने विश्वास गर्न सक्ने मनासिब आधार भएको हुनुपर्ने भन्ने थुनछेकसम्बन्धी आदेशको पूर्वशर्तका रुपमा रहेको कानूनी व्यवस्थाबाटै वस्तुनिष्ठ र प्रमाणित आधारबेगर कसैलाई पनि आरोप लाग्नासाथ थुनामा राख्नुपर्ने वा मिल्ने अवस्था नदेखिने ।
- कसूरको प्रकृति र तत्काल प्राप्त प्रमाणको प्रार्चुयत्ता जस्ता आधारबाट धरौट वा जमानत लिने, तारेखमा राख्ने अन्य विकल्प प्रयोग भैसकेपछि अन्तिम उपायका रुपमा थुनामा समेत राख्न सकिने गरी भए गरिएको कानूनी व्यवस्थाहरूलाई अन्यथा भन्न नमिल्ने ।
- पुर्पक्षको लागि थुनामा राख्ने विषयले कसैलाई पनि पूर्ण वा अन्तिम रुपमा कसूरदारको रुपमा चित्रण गरेको हुँदैन । त्यो एउटा पूर्वावस्थासम्म हो । यस्तो तर्क गदै जाने हो भने अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहने अवधिलाई पनि गैरकानूनी भन्नुपर्ने ।
- थुनछेकलाई निषेध गर्ने हो भने कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया नै सञ्चालन गर्न सकिँदैन । त्यसरी नै शंकित आरोपित समाजमा खुल्ला रुपमा हिड्न सक्ने भै समाजले नै असुरक्षित महसूस गर्नुपर्ने तथा प्रमाण नष्ट गर्न सक्ने उच्च सम्भावना रहन जानुका साथै कतिपय अवस्थामा त्यस्ता अभियुक्तहरूको जीउ ज्यान नै खतरामा पर्न सक्ने ।
- समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालतसमक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अवस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने ।

८. प्रेमचन्द्र दुवेसमेत वि. पुनरावेदन अदालत हेटौडासमेत (ने.का.प. २०६७, अंक १०, नि.नं. ८४८६)

- एउटै अदालतबाट भएको आदेशलाई नयाँ घटनाक्रम विकास भएर थप तथ्य सिर्जना नभएसम्म सोही अदालत र समान अधिकारक्षेत्र भएको इजलासले बदर गर्नसक्ने अवस्था नहुने ।
- समान इजलासले गरेको प्रक्रियागत आदेश अर्को इजलासले मान्नु नपर्ने वा पहिलेको आफ्नो आदेश आफैले वा समानस्तरको अर्को इजलासले बदर गरी अर्को आदेश गर्दै जाने अधिकार सो अदालत वा इजलासलाई प्राप्त नहुने र त्यसो गरेमा सो कानूनविपरीतको र न्यायिक अनुशासनविपरीतको कार्य भै त्यस्तो आदेश न्याय प्रशासन ऐन, २०४८ को दफा ८, १७ र १९ समेतको विपरीत हुने ।
- अ.वं. १७ नं. अन्तर्गतको सुनुवाई गर्दा तल्लो निकाय वा अदालतबाट भएको आदेश वा निर्णयलाई

सच्याउने र तथ्य एवं प्रमाणको जाँच गर्नसक्ने पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी इन्साफ गर्ने जस्तो गरी बोल्न नमिल्ने ।

९. कमल वजगाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९३)

- समुचित सुनुवाईको मौका नदिई कानूनले कसूर घोषित नगरेको आरोपमा सबूद प्रमाणको अभावमा मुद्दा हेर्ने अधिकारीको लहडमा पूर्वाग्रहका साथ कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नसकिने ।
- सक्षम अदालत वा न्यायिक निकायले दिएको आदेश वा निर्णयउपर पक्षले नै नचाहेमा वा हक गुमाएको स्थितिमा बाहेक पुनरावेदकीय क्षेत्राधिकारमा पहुँचको कानूनी प्रावधान स्वच्छ सुनुवाइको आधारभूत नियम मानिने ।
- तत्काल प्राप्त प्रमाणका आधारमा आरोपित कसूर गरेको देखिन आएको अवस्थामा मात्र थुनामा राखी मुद्दाको कारवाही गर्नुपर्ने भएवाट हातहतियार खरखजाना मुद्दाको अभियोग लाग्ने वित्तिकै अभियुक्तलाई थुनामै राखी कारवाही गर्ने भन्ने अर्थ लाग्न नसक्ने ।
- मुद्दा हेर्ने अधिकारीले थुनछेकको क्रममा न्यायिक मन वा विवेक प्रयोग गरी थुनामा राख्न वा थुनामुक्त समेत गर्नसक्ने ।
- आरोप लाग्ने वित्तिकै थुनामा राख्ने पर्ने व्यवस्था हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २४क ले गरेको नभई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राख्ने वा नराख्ने निर्णयकर्ताले न्यायिक मन प्रयोग गरी निक्र्यौल हुनसक्ने ।

१०. गोविन्दबहादुर वटाला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३८)

- एउटा व्यक्तिलाई निजको घरबाट लगेर अन्यत्र कतै कुटपिट र हत्या गरेको छ भने त्यो एउटै वारदातको निरन्तरमा गरिएको कार्य हुन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको कानूनी व्यवस्था हेर्दा अपहरण गरिएको वा बन्धक बनाइएको व्यक्तिको हत्या गरिएको छ भने त्यो हत्याको कसूरमा परिणत हुने र ज्यान सम्बन्धीको महल आकर्षित हुने देखिन्छ । यस्तोमा नियतका साथै कार्यको परिणाम र परिणामको अपेक्षा (Result of action and expectation of the result) अत्यन्त महत्वपूर्ण तत्वहरू हन् । यसअनुसार एउटै परिणामको अपेक्षा गरिएको र एउटै परिणाम निष्कने गरी गरिएको कार्य वा कार्यहरू प्रारम्भदेखि अन्तसम्म एउटै वारदातको विभिन्न चरणमा गरिए तापनि तिनलाई अलग—अलग वारदातको रुपमा (Part–Part) नभई परिणाममूलक एउटै कार्यको समग्रतामा सम्पन्न गरिएको एउटै वारदात मान्नु पर्ने ।
- क्रमबद्ध रुपमा भएका घटनाहरूको एउटै वारदातउपर ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भइसकेपछि कर्तव्य मुद्दा दायर भएपछि ३ वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र बन्धकतर्फ पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन मुलुकी ऐन अ.वं. ७३ नं. ले नमिल्ने ।
- अभियोग लागिसकेको व्यक्तिले र अभियोग दायर गर्ने पक्षले दायर भएको अभियोगमा हुने न्यायिक निर्णयको सम्मान र पालना गर्नुपर्ने हुन्छ । ठहरे ज्यान सम्बन्धीको १३(३) नं. अनुसार सर्वस्वसहित

जन्मकैदको सजाय होस् अन्यथा अभियुक्तउपर अर्कै मुद्दा चलाउने भन्न नमिल्ने ।

- एउटा मुख्य वारदातलाई लिएर एक पटक अभियोग लगाइसकेपछि सोसँग सम्बन्धित सहायक घटनाहरूको आधारमा पटकपटक गरी दोस्रो वा तेस्रो मुद्दा चलाउन नमिल्ने ।
- कर्तव्य ज्यान मुद्दामा लागेको कैद भुक्तान गरिसकेपछि कर्तव्य ज्यान मुद्दामा दिएकै जाहेरी दरखास्तमा अपहरण भन्ने शब्द परेको आधारमा पुनः शरीर अपहरणतर्फ मुद्दा दायर गर्नु र त्यसमा पुर्पक्षका लागि थुनामा राख्रेलगायतका कामकारवाहीहरू अदालती बन्दोबस्तको ७३ नं. र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) समेतको विपरीत हुने ।

११. रामविलास राउत वि. पुनरावेदन अदालत हेटौडा (ने.का.प. २०६८, अंक ७, नि.नं. ८६५०)

- असाधारण उपचार छनौट वा सुविधाको कुरा नभई मौलिक तथा कानूनी हकको गम्भीर उल्लंघन भएको अवस्थाको कुरा हो । असाधारण उपचार अवलम्बन गर्न विशेष अवस्था र परिस्थिति उत्पन्न भएको हुनुपर्दछ । कानूनको ठाडो उल्लंघन, मौलिक अधिकारको प्रत्यक्ष अपहरण र मानव अधिकारको उपहास भएको देखिएमा साधारण अधिकारक्षेत्र उपभोग गरिसकेको अवस्थामा पनि कुनै पनि बन्दी असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्न सक्दछ । यस्तो अवस्थामा अदालतले आफ्नो न्यायिक भूमिका निभाउनु पर्ने ।
- तल्लो अदालतले थुनछेकलाई लिएको तत्काल प्राप्त प्रमाणका आधार पुनरावेदन अदालत समेतले मनासिव मानेको अवस्थामा सर्वोच्च अदालतले ती आदेशहरू प्रतिकूल बन्दीप्रत्यक्षीकरण जारी गर्दा न्यायिक संयम र मर्यादाको उल्लंघन हुन पुग्ने ।
- कुनै पनि व्यक्तिलाई अधिकारक्षेत्रात्मक त्रुटि गरी कानूनले अधिकार नै नदिइएको व्यक्ति वा निकायले थुनामा राखेको अवस्था, कानूनद्वारा निर्धारित प्रक्रियाप्रतिकूल थुनामा राखिएको अवस्था र प्राकृतिक न्याय सिद्धान्त प्राङ्न्याय एवं दोहोरो खतराको सिद्धान्त जस्ता न्यायका आधारभूत मान्यताप्रतिकूल थुनामा राखिएको अवस्थामा अदालतले न्यायिक हिरासतमा रहेको अवस्थामा समेत बन्दीप्रत्यक्षीकरण जारी गर्न सक्ने । तर, तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी अधिकारप्राप्त अधिकारीले राखेको न्यायिक हिरासतका हकमा बन्दीप्रत्यक्षीकरण जारी गर्दा मुद्दाको निर्णय हुन बांकी नै रहेबाट न्यायिक हस्तक्षेप त हुन पुग्दैन भन्ने कुरामा सतकर्ता अपनाउनु पर्ने ।

१२. रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६५)

- साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने समेत असाधारण क्षेत्राधिकारको मकसद हुन नसक्ने ।
- नियमित वा सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार होइन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार पनि होइन । यसरी असाधारण क्षेत्राधिकारलाई साधारण क्षेत्राधिकारको पुनरावदेकीय क्षेत्राधिकारको रुपमा लिने हो भने साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार बीचको अन्तर नै मेटिन पुग्दछ र साधारण क्षेत्राधिकारको औचित्य नै समाप्त हुन जाने ।
- बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्यको खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

- आफू उपर लगाइएको अभियोग र आफूसँग धरौट माग गरिएको अ.वं. ११८ नं. को कानूनी व्यवस्था असंवैधानिक छ भनी चुनौती दिन नसकेको अवस्थामा उक्त कानून बमोजिम धरौट माग गरेको र माग गरेको धरौटी दिन नसकेको कारणबाट थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी मातहत अदालतबाट भएको आदेश असंवैधानिक तथा गैरकानूनी रहेको भन्ने देखिन नआउने ।
- मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरोपण भई टुंगो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने हुन्छ । तसर्थ क्षेत्राधिकारसम्पन्न अदालतबाट सामान्य कानूनी व्यवस्था अन्तर्गत निवेदकसँग माग भएको धरौटीको रकम कानूनसम्मत् रहेको भनी पुनरावेदन अदालतबाट समेत सदर भई धरौटीको अंकसम्बन्धी विवाद निरोपण भइसकेको देखिएको अवस्थामा यस अदालतले विवादको तथ्यभित्र प्रवेश गरी धरौटीको अंक पुनरावलोकन गर्न नमिल्ने ।

१३. प्रेमकाजी शाक्य वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत (ने.का.प. २०७०, अंक ९, नि.नं. ९०५३)

- अ.वं. १७ नं. को व्यवस्था कार्यविधि सम्बन्धी विषय हो । कार्यविधि कानून अन्तर्गतको कानूनी व्यवस्थाबाट कसैको हक अधिकारमा असर पर्ने गरी मूलभूत विषयमा कुनै आदेश गर्न नमिल्ने ।
- मानो छुट्टिएको मिति अंश मुद्दामा सारवान् विषय भई अंशियारहरूको लागि निणार्यक विषयवस्तु हो । सो मितिलाई परिवर्तन गर्दा अंश सम्पत्तिको मात्रामा मात्र होइन कतिपय सम्पत्तिमा अंश पाउने र कतिपय सम्पत्तिमा अंश नपाउने अवस्थासमेत हुने अवस्था भएकोले मानो छुट्टिएको मिति अंश मुद्दामा सारवानरूपमा प्रयोग हुने विषय हुने ।
- अ.वं. १७ नं. को रोहमा परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको अर्थात कार्यविधि कानूनको प्रयोगमा स्पष्ट त्रुटि भएको अवस्थामा मात्र अ.वं. १७ नं. प्रयोग गरी त्यसमा उपयुक्त आदेश गर्नुपर्दछ । न्यायिक मनको प्रयोग गरी निर्धारण गरिएको सो मितिलाई अ.वं. १७ नं. को रोहमा परिवर्तन गर्न नहुने र परिवर्तन गर्नुअघि फैसला गर्दा पर्ने स्पष्ट प्रभावलाई माथिल्लो अदालतले सदैव ध्यान राख्नुपर्ने ।

१४. आनन्द ग्वालासमेत वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२४)

- रिट निवेदकहरू भारतीय नागरिक रहेको भन्ने आधारमा निजहरूलाई अ.वं. ११८ को देहाय ३ नं.बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।५।२ मा आदेश भएको देखिए तापनि अ.वं. ११८ को देहाय ३ नं. को कानूनी व्यवस्थामा "नेपालमा स्थायी बसोबास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ" भन्ने रहेको छ । रिट निवेदकहरू नेपालमा स्थायी बसोबास नभएका भारतीय नागरिकहरू भए पनि निजहरूउपर लगाइएको चोरीको अभियोग दावीमा निजहरू चोरीको पटके कसूरदार हुन् भन्ने नदेखिँने ।
- कानूनी व्यवस्थाअनुसार पहिलो पटक साधारण चोरी गर्नेउपर चोरीको १२ नं. बमोजिमको अभियोग दावी

भएको मुद्दामा अ.वं. ११८(३) को कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखिँदैन । यस्तो अवस्थामा रहेको अभियुक्तको सम्बन्धमा मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा अ.वं. ११८ को देहाय ५ नं. समेतलाई विचार गरी कानून बमोजिम गर्नुपर्ने ।

- थुनामा राख्ने अख्तियारी भएकै भए पनि कुनै पनि व्यक्तिलाई पुर्पक्षको लागि नै किन नहोस् थुनामा राख्दा कानूनसङ्गत आधार र कारण हुनैपर्छ । कानूनको जथाभावी प्रयोगले न्यायलाई पराजित गर्छ भन्नेतर्फ सचेत रही न्यायकर्ताले न्यायिक विवेक पुऱ्याएर कार्य गर्नुपर्ने ।

१५. ताजश्री सिंह वि. जिल्ला प्रशासन कार्यालय ललितपुरसमेत (ने.का.प. २०७१, अंक १०, नि.नं. ९२७२)

- निवेदक प्रतिवादीलाई पक्राउ गर्ने र हातहतियार तथा आखेटोपहार बरामद गर्ने कार्य सम्पन्न भएपछि पनि पटकपटक फरकफरक मुद्दाहरूमा एकबाट छुटी जाने देखेमा अर्को मुद्दामा अनुसन्धानको लागि भनी म्याद थप गर्दै थुनामा राखिराख्ने मानसिकता पाल्नु प्रचलित सारवान् कानून, कार्यविधि कानून र त्यसका मान्य सिद्धान्तहरूको समेत प्रत्यक्ष उलङ्घन भएको देखिन आउने ।
- निवेदक प्रतिवादीलाई पक्राउ गरिसकेपछि सोही मितिबाटै उल्लिखित मुद्दामा कानूनले निर्धारण गरेको कार्यविधि अपनाई अनुसन्धान गरिसक्नुपर्नेमा सो बमोजिम नगरी शरीर बन्धक तथा अपहरणसमेत मुद्दाबाट सफाइ पाएपछि पुनः वन्यजन्तु आखेटोपहार लगायतका मुद्दाहरूमा अनुसन्धानको लागि भनी मिति २०७१ ।२ ।२७ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम थुनामा राख्ने गरेको आदेश कार्यविधिसम्बन्धी मान्य सिद्धान्तसमेत विपरीत भई रिट निवेदकलाई थुनामै राखिराख्नु पर्छ भन्ने प्रवृत भावना पूर्वाग्रहबाट ग्रसित भई गैरकानूनीरूपमा थुनामै राखिराखेको कार्य संविधान प्रदत्त स्वतन्त्रताको हक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा सोको मान्य सिद्धान्तसमेतको प्रतिकूल हुन गएको देखिएकाले निवेदक महेशबहादुर सिंहलाई तुरून्त थुना मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

१६. सुनिता अग्रवाल वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत (ने.का.प. २०७१, अंक ११, नि.नं. ९२९५)

- कार्यविधिगत व्यवस्थाले तल्लो तहबाट भएको आदेशका सन्दर्भमा सारवान् विषयवस्तुलाई तलमाथि हुने गरी आदेश जारी गर्नु मिल्दैन । अंश मुद्दाको सन्दर्भमा मानो छुट्टिएको मिति निर्धारण गर्ने विषय कार्यविधिगत विषय नभई सारवान् विषय हो भन्ने प्रष्टरूपमा देखिन आउने ।
- मानो छुट्टिएको मितिको निर्धारणबाट अंशियारहरूबीचमा कतिपय सम्पत्तिमा अंश लाग्ने र कतिपय सम्पत्तिमा अंशबन्डा नलाग्ने हुनसक्दछ । यस्तो सारवान् प्रकृतिको विषयमा माथिल्लो तहको अदालतले आदेश गर्दा कानूनको स्पष्ट उल्लङ्घन भएको अवस्थामा मात्र आदेश दिन सक्ने हो । अ.वं. १७ नं. को व्यवस्थाले कार्यविधिगत त्रुटि भएको अवस्थामा उक्त त्रुटि सच्याउन आदेश दिन सक्ने ।
- न्यायिक मन प्रयोग गरिएको सारवान् प्रकृतिको आदेशमा पुनरावेदनको रोहबाट माथिल्लो तहको अदालतबाट Correction हुन सक्ने नै भएबाट केवल कार्यविधिगत त्रुटि सच्याउने प्रयोजनका लागि व्यवस्था भएको मुलुकी ऐन, अ.वं. १७ नं. को व्यवस्थालाई सोहीरूपमा लिनु र बुझ्नुपर्ने ।

१७. कमल प्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०७१, अंक १२, नि.नं. ९३०२)

- मुलुकी ऐन, अ.वं. ११८(३) को व्यवस्थालाई उपेक्षा गरेर स्वदेशी नागरिक वा नेपालमा स्थायी बसोवास भएका व्यक्ति र विदेशी वा नेपालमा स्थायी बसोवास नभएका व्यक्तिका हकमा समान व्यवस्था अनिवार्य गर्न नमिल्ने भएबाट नै स्थायी बसोवास नभएको व्यक्तिको हकमा कानून र फैसला कार्यान्वयनको प्रभावकारिताको लागि "तर्कसङ्गत वर्गीकरण" र "फरक व्यवहार" को सिद्धान्तको आधारमा गरिएको व्यवस्था हुँदा स्थायी बसोवास भएको र नभएको दुई भिन्न हैसियतमा रहेका व्यक्तिलाई पनि एकसमान अवस्थाका मानी समान व्यवहार गरिनुपर्ने भन्ने जिकिर तर्कसङ्गत नदेखिने ।
- स्वच्छ सुनुवाइमा कुनै पक्षपाति प्रावधान नगरी नागरिक र व्यक्तिबीच विभेद नगरिएको तर थुनामा राख्ने वैध आधारहरूलाई स्वीकार गरिएको भए पनि आरोपित कसूरदारको नेपालमा स्थायी बसोवास नभएको कारण अदालतले खोजेको बखत त्यस्तो आरोपित व्यक्ति अदालतमा उपस्थित हुने कुराको निश्चितता नभएको कारणबाट नै औचित्यताको आधारमा दुई भिन्न हैसियतका व्यक्तिहरूबीच गरिने न्यायिक प्रक्रियाको कार्यविधिमा विधायिकाले गरेको व्यवस्थालाई संवैधानिक कसीको दायरामा ल्याई अवैध कानून भनी बदर गर्दै जानु पनि न्यायिक दृष्टिले उचित मान्न नसकिने ।
- फौजदारी अभियोग लागेको व्यक्ति मुद्दा पुर्पक्षको सिलसिलामा अदालतले खोजेको बखत निज उपस्थित हुनसक्छ वा सक्तैन भन्ने कुराको निक्र्यौल गर्ने एवम् मुद्दा पुर्पक्ष गर्दा प्रयोग हुने कार्यविधि अवलम्बन गर्ने कुरामा गहनतम विशेष जिम्मेवारीका साथ स्वविवेकीय अधिकार विधायिकाले न्यायिक निकायलाई प्रदान गरेको अवस्थामा जमानत वा धरौटीमा रिहाई गर्ने भन्ने कुरा अभियोग लागेको व्यक्तिको विशेष अधिकारको रूपमा नभई न्यायिक निकायले खोजेका बखत उपस्थित हुने सर्तमा त्यस्ता व्यक्तिलाई प्रदान गर्न सकिने सुविधा हुँदा सुविधालाई अधिकारको पर्यायवाची अर्थमा लिन नमिल्ने ।
- अभियोग लागेको व्यक्ति राज्यको क्षेत्राधिकारबाट भागी जाने वा फैसला आदेश कार्यान्वयन गर्न असुविधा हुने सम्भावना भएबाट फैसला कार्यान्वयनको प्रभावकारिताको लागि राज्यले लिएको नीतिगत व्यवस्थाबमोजिम व्यवस्था गरेको विधायिकी कानूनको औचित्यमा प्रवेश गर्न मिल्ने अवस्था नहुँदा दुई भिन्न हैसियतका व्यक्तिहरूबीच धरौटी तथा थुनाका विकल्पमा फरक नभई एकरूपता हुनुपर्ने भन्ने मागका विषयमा कानून परिमार्जनको सिलसिलामा विधायिकाले कानून बनाई नियमन गर्न नसक्ने हुँदा निवेदकले कानून बदर माग गरेको अ.वं. ११८ को देहाय ३ को व्यवस्था तत्काल बदर गरिरहनु नपर्ने ।

१८. सरोज लामा वि. नेपाल सरकारसमेत (ने.का.प. २०७३, अंक १, नि.नं. ९५३०)

- हातहतियार खरखजाना मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको अवधिमध्ये मिति २०६९ ।३ ।१८ देखि २०६९ ।७ ।३ सम्मको अवधि कैद लगत ठेक्दा गणना गरेको देखिएन । फैसलाबमोजिम कैद ठेक्दा थुनामा बसेको अवधिसमेत त्यसमा समायोजन गरिनु पर्दछ । निवेदकलाई हातहतियार खरखजाना मुद्दामा पुर्पक्षको लागि थुनामा राखिएको अवधिलाई डाँका उद्योग मुद्दामा लागेको कैद ठेकिँदा सो थुनामा बसेको अवधि समायोजन भएको देखिएन । एउटै व्यक्ति विरूद्ध एउटै वारदातबाट दुई छुट्टाछुट्टै न्यायिक र अर्धन्यायिक निकायमा मुद्दा चली सजाय भएकोमा ती दुईमध्ये कुनै मुद्दाबाट भएको कैदको लगत ठेक्दा तीमध्ये जुनसुकै मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको रहेछ भने पनि सो थुनामा बसेको अवधिसमेत

समायोजन गरिनु पर्दछ । निवेदकलाई डाँका उद्योग मुद्दाबाट कैद ठेकिँदा हातहतियार मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको अवधि समायोजन नगरेको देखिँदा उक्त ठेकिएको कैद लगत त्रुटिपूर्ण भएको देखियो । यसर्थ काठमाडौं जिल्ला अदालतबाट डाँका उद्योग मुद्दामा भएको फैसलाको तपसिल खण्डमा उल्लेख गरेबमोजिम मिति २०६९।३।१८ देखि मिति २०६९।१०।२१ सम्मको करिब ७ महिना ४ दिन बढी कैदमा बस्नु पर्नेगरी भएको कैद हिसाब एवम् ठेकिएको कैद लगतसमेत त्रुटिपूर्ण रहेको देखिन आउने ।

- निवेदक उपर एउटै वारदातमा भएको दुई छुट्टाछुट्टै घटनालाई आधार बनाई डाँका उद्योग र हातहतियार खरखजाना मुद्दा दायर भएको हो । कानून बमोजिम डाँका उद्योग मुद्दा जिल्ला अदालतमा र हातहतियार खरखजानाको मुद्दा जिल्ला प्रशासन कार्यालयमा दायर हुनुपर्ने भएकोले सो अनुरूप फरकफरक निकायमा मुद्दा दायर भई फैसला भएको अवस्था हो । एउटै वारदात भए तापनि दुई विषयको मुद्दा हेरिने निकाय जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालय फरक दुई निकाय भएकाले ती दुई फरक निकायमा कानून बमोजिम मुद्दा परेकोसम्म हो । डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मागिएको धरौटी बुझाए तापनि निवेदकले तारेखमा रही मुद्दाको पुर्पक्ष गरेको अवस्था नभई हातहतियार खरखजाना मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएबाट थुनामा नै रहेको देखिन्छ । ती दुवै मुद्दा एकै वारदातबाट सिर्जित भएको अवस्था रहेको हुँदा उक्त अवधिमा हातहतियार खरखजाना मुद्दामा थुनामा बस्नुपरेको अवस्थालाई डाँका उद्योग मुद्दामा समेत थुनामा नै रहेको मान्नु पर्ने ।

१९. प्रति भान्जली पराजुली वि. जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई, भक्तपुर जिल्ला अदालतसमेत (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८०५)

- नागरिक अधिकार एवं मानव अधिकारको संरक्षण गर्न न्यायपालिका सक्षम र स्वतन्त्र हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ । स्वतन्त्र न्यायपालिकालाई कानूनी शासन र लोकतन्त्रको आधारशीलाको रूपमा लिइन्छ । समग्र न्यायप्रणाली मानव अधिकार, कानूनी शासन, न्यायका विश्वव्यापी मूल्य र मान्यतामा आधारित रहेको हुन्छ । निष्पक्ष, सहज, प्रभावकारी र छिटो छरितो, गुणस्तरीय न्याय जस्ता पक्षहरू न्यायालयप्रतिको जनविश्वास अभिवृद्धि गर्ने एवं न्यायिक स्वतन्त्रता तथा स्वतन्त्र र सक्षम न्याय प्रणालीका आधारभूत तत्व हुन् । न्यायपालिकाको प्रमुख कार्य नागरिक एवं मानव अधिकारको रक्षा गर्दै विवादित विषयमा संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम निष्पक्षरूपमा न्याय निरूपण गर्नु र कानूनको शासनको प्रत्याभूति गर्नु नै हुने ।
- अदालतमा दर्ता भई पेश हुन आएका मुद्दा एवं निवेदनमा सुनुवाई गरी संविधान, कानून एवं न्यायका मान्य सिद्धान्तबमोजिम आदेश वा फैसला गर्नु न्यायाधीशको न्यायिक कार्य एवं जिम्मेवारी हो । मुद्दाको कुनै पक्षले आफूले चाहेबमोजिम आदेश वा फैसला इजलासबाट नभएकै आधारमा अदालत र न्यायाधीशलाई विपक्षी बनाई रिट निवेदन दिने र अदालतले पनि त्यस्तो निवेदनलाई दर्ता गरी इजलासमा पेश गरी न्यायाधीशलाई मुद्दाको पक्षको रूपमा प्रतिउत्तर वा लिखित जवाफ दिनुपर्ने वा मुद्दा खेप्नुपर्ने अवस्था आउनु न्यायिक स्वतन्त्रताको मर्म र मान्यताविपरीत हुने ।
- न्यायाधीशले सम्पादन गरेको न्यायिक कार्यको सम्बन्धमा नेपालको संविधान एवं न्याय परिषद् ऐन एवं अन्य प्रचलित कानूनअनुसार माथिल्लो तहको अदालतमा पुनरावेदन लाग्ने एवं न्याय परिषद्ले अनुशासनमा

कारवाही गर्नेबाहेक न्यायाधीशउपर निजले गरेको न्यायिक कार्यको सम्बन्धमा कुनै अड्डा अदालतमा उजुरी वा मुद्दा दायर गर्ने कार्य स्वतन्त्र न्यायपालिकाको सिद्धान्त, अवधारणा, विश्वव्यापी मान्यता एवं मर्मको समेत प्रतिकूल हुने हुँदा न्यायाधीशले गरेको न्यायिक कार्यको सम्बन्धमा निजउपर विपक्षी बनाई कुनै अड्डा अदालतमा उजुरी, निवेदन वा मुद्दा दायर गर्न मिल्ने देखिन नआउने ।

- अदालतमा अभियोगपत्र दायर भई थुनछेकको प्रयोजनको लागि भएको आदेशमा चित्त नबुझेको अवस्थामा वैकल्पिक उपचारको रूपमा रहेको मुलुकी ऐन अ.वं. १७ नं. को कानूनी मार्ग अवलम्बन गरी माथिल्लो अदालतमा निवेदन दिनसक्ने उपचारको मार्ग निवेदकसँग रहेकोमा सो उपचारको अवलम्बन नगरी आदेश गर्ने न्यायाधीश एवं अदालतसमेतलाई विपक्षी बनाई यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत अदालत प्रवेश गर्नु र रिट दर्ता गर्ने अधिकारीले समेत यस्तो गम्भीर विषयमा उदासिन रही निवेदन दर्ता गर्नु रिट विधिशास्त्रीय मान्यता, स्वतन्त्र न्यायपालिकाको मर्म एवं नेपालको संविधानको धारा १३३(२) एवं मुलुकी ऐन अ.वं. १७ नं.समेतको प्रतिकूल रहेको देखिने ।

२०. रेखाकुमारी साह वि. उच्च अदालत जनकपुरसमेत (ने.का.प २०७५, अंक ९, नि.नं १००९२)

- जिल्ला अदालतले अन्तिम निर्णय नसुनाउँदै अ.ब. १७ नं. बमोजिम परेको निवेदनका आधारमा पुनरावेदन सुन्ने अदालतले शुरु मुद्दा हेर्ने अदालतको न्याय सम्पादनको काममा प्रत्यक्ष प्रभाव पर्ने गरी आदेश गर्दा शुरु जिल्ला अदालतको अन्तिम निर्णय गर्न पाउने क्षेत्राधिकार प्रत्यक्ष प्रभाव पर्न जाने ।

२१. मंगल सिंह लिम्बूसमेत वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंसमेत (ने.का.प. २०७५, अंक ९, नि.नं. १०१०४)

- भन्सार कार्यालयले अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्ने भन्ने कानूनी व्यवस्थाको अर्थ मनासिब आधार र कानूनविना कसैलाई पनि पक्राउ गर्ने र थुनामा राखी अनुसन्धान गर्न पाउने भन्ने कदापि होइन । आरोपित व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने अवस्थाको विद्यमानता भएको स्थितिमा वा कानूनले थुनामै राख्नुपर्ने व्यवस्था गरेमा मात्र थुनामा राखी अनुसन्धान तहकिकात गर्नुपर्ने हुन्छ । अन्यथा थुनामा राख्नु अन्तिम विकल्पको रूपमा प्रयोग गर्नुपर्ने ।

२२. कृष्णमाया डंगोल वि. ज्ञानबहादुर प्रजापतिसमेत (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१५६)

- पुनरावेदन सुन्ने अदालतबाट मुलुकी ऐन, अ.वं. १७ नं. बमोजिमको निवेदनमा आदेश हुँदा सो आदेशले तलको अदालतमा चलिरहेको मुद्दामा के कस्तो असर पर्छ भन्ने विषयमा सचेत रही आदेश गर्नु पर्ने ।
- अ.वं. १७ नं. को निवेदनको रोहमा हुने आदेशबाट कुनै पक्षको हक स्थापित हुने नभई तल्लो अदालतमा मुद्दाको कारबाही हुँदा म्याद नाघेको वा रीत बेरीतसम्म हेरिने हो । यस प्रकृतिको सीमित अधिकार अ.वं. १७ नं. बमोजिमको निवेदनमा रहने हुनाले तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतसँग भएको न्यायिक अधिकारमा हस्तक्षेप गर्न मिल्ने उक्त कानूनी व्यवस्थाको अवधारणा नहुने ।

२३. महेन्द्र खड्का वि. नेपाल सरकारसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५३)

- कुनै पनि नागरिकलाई पटकपटक बन्दी बनाई धरौटी माग भएकोमा धरौटी दाखिला भएपछि पनि निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हुने ।

२४. दलबहादुर धामी वि. उच्च अदालत दिपायल समेत (ने.का.प. २०७७, अंक ३, नि.नं. १०४६६)

- सजायसम्बन्धी व्यवस्था कसूर गर्दाको उमेर (Date of Commission) अनुसार निर्धारण गरिने र सोबमोजिमको सजाय छुटको सुविधा पाउने व्यवस्था भए तापनि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को कानूनी व्यवस्थालाई हेर्दा, सजाय स्थगनको सुविधाको निर्णय गर्दा कसूरको प्रकृति, कसूर गर्दाको परिस्थिति, परिपक्वता र लिङ्ग मात्र नभई सजाय ठहर भएको बालबालिकाको उमेर पनि हेर्नुपर्ने ।
- निवेदकलाई अदालतले सजाय स्थगन गरी अभिभावकको जिम्मा लगाउने वा नलगाउने अदालतको स्वविवेकीय अधिकार (Discretionary Power) हो । १८ वर्षभन्दा माथिको उमेरको व्यक्तिलाई कानूनले वयस्क मानेको छ र एक वयस्क व्यक्तिलाई सामान्यतया अभिभावकको जिम्मा लगाउनु पर्ने भन्ने हुँदैन । तसर्थ बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सजाय स्थगनको सुविधाको प्रयोग हाल साबालकले गर्न पाउँछ भन्न मिल्ने अवस्था नदेखिने ।

२५. भेषराज खत्री वि. उच्च अदालत पाटन (फैसला ०७७—WF—००१४)

- स्वच्छ सुनुवाईको सिद्धान्तको अनुशरण गरी नेपालको संविधानको धारा १८ को उपधारा (१), धारा २० को उपधारा (२), (८), (९) र (१०), धारा १२६ को उपधारा (१) मा रहेका प्रावधान तथा न्यायका मान्य सिद्धान्त र प्रचलन अनुकूल हुने गरी सुनुवाई प्रक्रिया व्यवस्थित हुनु वाञ्छनीय देखिएकाले नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम आवश्यक र उपयुक्त आदेशको रुपमा यस अदालतको प्रशासन/मुद्दा व्यवस्थापन तथा मातहतका सबै अदालतहरुका नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी हुने ठहर्छः

क. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम दायर हुन आएका निवेदनका सन्दर्भमा सुनुवाई गर्दा तल्लो अदालतबाट भएको आदेश/निर्णय फरक पर्न सक्ने देखिएमा उल्लिखित निवेदन/प्रतिवेदन उपर सुनुवाई गर्ने अदालतले सुनुवाईको लागि प्रत्यर्थी (अवस्थानुसार वादी वा प्रतिवादी) पक्षलाई सुनुवाईमा उपस्थित हुन सूचना दिई प्रतिवादीको अवसर प्रदान गरेर मात्र मातहतका अदालतबाट भएका आदेशमा कानून बमोजिम परिवर्तन गर्ने गर्नु र यसरी सूचना दिँदा सो निवेदन सम्बन्धी मुद्दा दायर रहेको अदालत मार्फत जनाउ दिने गर्नु भनी मातहतका सबै अदालतहरुका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ ।

ख. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम दायर हुन आएका निवेदन/प्रतिवेदनका सन्दर्भमा सुनुवाई गर्दा अपनाउने कार्यविधि कानूनद्धारा निर्धारण गर्नु वाञ्छनीय देखिएकाले सबै तहका अदालत सम्बन्धी नियमावलीहरुमा आवश्यक प्रक्रियागत प्रावधान समावेश गर्न नियमावलीहरुमा आवश्यक संशोधनका लागि मसौदा—प्रस्ताव तयार गरी यथाशिघ्र यस सर्वोच्च अदालतको पूर्ण बैठकमा विचारार्थ पेश गर्नु भनी यस अदालतका मुख्य रजिष्ट्रारको नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ ।

ग. मुद्दाको प्रकृति, रिट निवेदक भेषराज खत्री सरहका प्रतिवादीबाट धरौट लिई तारिखमा राख्ने गरी आदेश भएको स्थिति, मुद्दा दायर भएको दुई वर्ष नाघिसकेको अवस्था समेतका समग्र पक्षमा विचार गर्दा निवेदक उपर चलेको ०७६—CB—०५७२ को बैंकिङ्ग कसूर मुद्दा छिटो छरितो रुपमा किनारा हुन आवश्यक देखिएको हुँदा उक्त मुद्दालाई विशेष प्राथमिकताका साथ अग्राधिकार दिई यथाशिघ्र किनारा गर्नु भनी प्रत्यर्थी मध्येको उच्च अदालत पाटनका नाउँम निर्देशनात्मक आदेश जारी गरिएको छ ।

सजाय निर्धारण

१. शान्ति वि.क. वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ६, नि.नं. ७३९९)
२. नेपाल सरकार वि. कारी सदा मुसहर समेत (ने.का.प. २०६३ अंक ८ नि.नं. ७७५२)
३. नेपाल सरकार वि. गोविन्द बहादुर कार्की (ने.का.प. २०६५, अंक ११, नि.नं. ८०३९).
४. अच्यूतप्रसाद खरेल वि. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरबार (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१३८)
५. दुर्गा उप्रेती वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१)
६. नेपाल सरकार वि. डविन गुरुङ्ग (ने.का.प. २०६७, अंक ३, नि.नं. ८३३०)
७. ज्योति लम्साल पौडेल वि. नेपाल सरकारसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०७)
८. संजीव लामा वि. कारागार कार्यालय डिल्लीबजारसमेत (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३५)
९. पुण्यप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६९, अंक ७, नि.नं. ८८५४)
१०. नेपाल सरकार वि. युवराज शर्मासमेत (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६)
११. नेपाल सरकार वि. शान्ती वली सार्की (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४७)
१२. अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९८७)
१३. नेपाल सरकार वि. शेरबहादुर बस्नेत (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३६)
१४. समिर खाँनसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४५)
१५. नेपाल सरकार वि. ओङ्गेन लामासमेत (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४९)
१६. मुन्ना प्रजा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७१४)
१७. रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६५)
१८. रेणुदेवी कहार वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १०, नि.नं. ९८९५)
१९. रामलाल चमार वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ९, नि.नं. १०१००)
२०. भीमबहादुर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९८)
२१. नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालयसमेत वि. लक्ष्मण ज्ञवाली (ने.का.प. २०७७, अंक १, नि.नं. १०४१९)
२२. शिवबहादुर दनुवार वि. मैतवीर दनुवारसमेत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४४०)
२३. अजय शंकर झा वि. ललितपुर जिल्ला अदालत (ने.का.प. २०७७, अंक ४, नि.नं. १०४८८)
२४. नेपाल सरकार वि. विन्देश्वरप्रसाद केशरीसमेत (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१७)
२५. नेपाल सरकार वि. राजेन्द्र गोपाल राजभण्डारीसमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५८३)
२६. हरिकृष्ण भुजेल वि. उच्च अदालत तुल्सीपुर, नेपालगंज इजलाससमेत (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९९)
२७. प्रदिप पराजुली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७००)
२८. मिलन लामा वि. उच्च अदालत पाटनसमेत (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६३)
२९. महेन्द्र पासी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (मुद्दा नं. ०८१-WF-०००७)

१. शान्ति वि.क. वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ६, नि.नं. ७३९९)

- दण्डको निर्धारणमा दण्डको प्रकृति र दण्डको हद दुवैको निर्धारण हुनुपर्ने हुन्छ । कुनै पनि देशले आफ्नो फौजदारी न्याय प्रशासनको खाका तयार गर्दा दण्डको उद्देश्य प्रति स्पष्ट हुनुको साथै दण्ड निर्धारण नीति स्पष्ट हुनु अत्यावश्यक पर्दछ । सजाय तोक्ने मापक निश्चित हुनु न्यायिक दृष्टिले वाच्छनीय मात्र नभएर संवैधानिक आवश्यकता पनि हो । समान स्थितिका अपराधीलाई समान अपराधको लागि बेग्लाबेग्लै किसिमले फरक सजाय तोक्नु संवैधानिक नहुने।
- राष्ट्रको दण्ड नीतिको अभावमा न्यायपालिकाले नै विद्यमान दण्ड तोक्ने उपलव्ध विकल्पहरू र सजायको हदको चयन गर्दा समान अवस्थाका अपराधीहरूलाई समान प्रकृतिको दण्ड र समकक्षको हद तोक्ने दिशामा समान न्यायिक समझदारी वनाउनु पर्ने आवश्यकता देखिन आएको छ । तजवीजको प्रयोगलाई मार्गदर्शनद्वारा व्यवस्थित गर्नुपर्ने ।
- अ.वं. १८८ नं. मा प्रयोग भएको भवितव्य हो कि भन्न हुने सम्मको शंका भएको अवस्थाको वारदात र अपराध गरेको अवस्थालाई विचार गरेर सजाय घटाउन सकिने व्यवस्था गरिएको देखिन आउछ । भवितव्यको शंका वस्तुनिष्ठ भन्दा आत्मनिष्ठ प्रकृतिको विषय हुँदा त्यसको प्रयोगमा आधार र कारण सामान्यतः खुल्न सक्ने स्थिति नहुँदा यो कम विचारणीय पक्ष देखिन्छ । अपराध गरेको अवस्था नै एउटा यस्तो पक्ष देखिन्छ जसभित्र अपराधको गाम्भीर्यता निर्धारण, सजायको मात्रा तथा मापदण्ड निश्चित गर्ने एउटा आधारको रूपमा लिई त्यसको स्वरूपलाई निश्चितता प्रदान गर्न सकिने ।
- शुरु र पुनरावेदन अदालतले अ.वं. १८८ नं. को प्रयोग गरी सजाय कम गर्नुपर्ने राय व्यक्त गरेकोमा एकातर्फ प्रतिवादीले अपराध स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुर्याएको अवस्था देखिन्छ भने अर्कोतर्फ इवी अदावत सहितको सुनियोजित हत्याको प्रस्तुत वारदात भन्ने देखिदैन । परपुरुषसँगको यौन सम्बन्धबाट गर्भ रहन गएकोमा निजले लैजान नमान्दा चिन्ताग्रस्त अवस्था रहेको, लोग्नेको घरका र माइतकाले हेला गरी सहारा नपाएको अवस्था, ग्रामिण समाजकी कच्चा उमेरकी स्वास्नीमानिसले परपुरुषको भनाइ र बहकावमा लागि सामाजिक लान्छनावाट बचन जन्मेको बालकको हत्या गरेको स्थिति र अवस्था देखिन्छ । त्यसैले यस्तो स्थितिमा भएको वारदातको प्रकृति र स्वरूपलाई विचार गर्दा सजाय घटाउन सिफारिस भई आएको रायलाई वेमनासिव भन्न नमिल्ने ।
- फौजदारी मुद्दामा सजाय घटाउन र दण्ड निर्धारण गर्नु पर्दा निम्नलिखित अवस्था र स्थितिलाई विचार गर्नु पर्ने यस मुद्दामा व्याख्या गरिएको छ ।
  (क) मार्नेसम्मको मनसाय राखी इवी अदावत लिई पूर्व योजना बनाई हत्या भएको छ, छैन ?
  (ख) क्रुरता र यातनापूर्वकको हत्या,
  (ग) अपराधको प्रकृति र मात्रा,
  (घ) अपराध गर्ने व्यक्तिको उद्देश्य र सामाजिक पृष्ठभूमि,
  (ङ) अपराध हुनु पर्ने परिस्थिति,
  (च) अपराध गर्ने व्यक्तिको उमेर,
  (छ) अपराध गर्ने व्यक्तिको शारीरिक, मानसिक, आर्थिक र पारिवारिक स्थिति,
  (ज) पीडित पक्षको राय वा भावना,
  (झ) पीडित पक्ष वा समाजलाई हुन गएको हानि नोक्सानी,

(ञ) अपराधीको विगतको आपराधिक प्रवृत्ति,
(ट) अदालतमा साँचो कुरा गरी न्यायिक प्रक्रियालाई सहयोग गरे नगरेको,
(ठ) कसूर गरेमा पश्चातापको भाव आए नआएको,
(ड) सुध्रेर भविष्यमा अपराध नगर्ने वाचा गरे नरेको,
(ढ) कसैको वहकाव वा दवावमा अपराध गरे वा नगरेको,
(ण) जस्तै मुद्दाको तथ्यगत अवस्थाबाट देखिने अन्य उपयुक्त कारणहरू ।

२. श्री ५ को सरकार वि. कारी सदा मुसहर (ने.का.प. २०६३, अंक ८, नि.नं. ७७५२)

- हदैसम्म सजाय गर्दा वा हदैसम्म सजाय नगरी आधा वा कम सजाय गर्दा किन हदैसम्म सजाय गरेको वा किन हदैसम्म सजाय नगरी आधा वा कम सजाय गरिएको हो त्यसलाई पुष्टि गर्ने आधार र कारणले समर्थन गर्नु पर्ने ।
- अ.वं. १८८ नं. बमोजिम सजाय घटाउँदा वा नघटाई हदैसम्मको सजाय तोक्दा किन हदैसम्मको सजाय गर्न परेको हो, कारण विनाको परम्परागत कैद तोक्ने वा घटाउने प्राणालीको अन्त्य गरी अपराध गर्दाको परिस्थिति, तयारी षडयन्त्र, योजना, अभियुक्तको आपराधिक अभिलेख, अपराध गर्दाको बखतको अभियुक्तको सजगता, अपराध गरी सकेपछिको अभियुक्तको कृयाकलाप, अभियुक्तको आपराधिक गिरोहसँग संलग्नता एवं साँठगाँठ, अपराध संगठित अपराध हो, होइन कतिको निर्ममतापूर्वक अपराध भएको हो, अपराध गर्दा प्रयोग गरिएको हात हतियार, साधन एवं उपकरण अभियुक्तको उमेर, चरित्र, पीडितलाई पुगको क्षति, पीडितको परिवारलाई पुगेको क्षति, क्षति अपुरणीय हो कि आदि विभिन्न कुराहरूलाई ध्यानमा राखेर अभियुक्तले अव पुनः अपराध गर्ने आँट र गल्ती नदोहर्याउने भनी अपराध माफिकको उचित कैद सजाय तोक्नुपर्ने ।
- Guilty mind ले गर्ने ज्यान सम्बन्धी महलको १३ नं. को अपराध ठहर गरी Innocent mind ले गर्ने ज्यान सम्बन्धी महलको १४ नं. को अपराधमा हुने कैद सजाय भन्दापनि कम सजाय गर्न मिल्ला नमिल्ला र त्यस्तो रायलाई कसरी पुष्टि गर्न सकिएला ? कसरी पुष्टि गर्न मिल्ला ? विचार गर्नु पर्छ । Guilty mind ले गर्ने ज्यान सम्बन्धी महलको १३ नं. को अपराध ठहर गरी Innocent Mind ले गरेको अपराधमा १४ नं. ले हुने कैद सजाय भन्दा पनि कम कैद सजाय तोक्ने अ.वं. १८८ को मनसाय र उद्देश्य हो होइन, अ.वं. १८८ नं. बमोजिम कैद सजाय घटाउने राय व्यक्त गर्ने पुनरावेदन एवं जिल्ला अदालतले अ.वं. १८८ नं. प्रयोग गर्नु अगाडि सद्विवेक लगाई सोच्नुपर्ने ।
- अ.वं. १८८ नं. ले सजाय घटाउने चाहिँ अपवाद र अ.वं. १८८ नं. प्रयोग नगर्ने चाहिँ च्गभि हुने ऐनको मनसाय स्पष्ट हुँदाहुँदै ज्यान सम्बन्धीको १३ नं. को कसूर कार्य गरी ऐन विपरित जवान २०—२२ बर्षको अभियुक्त भएको आधारमा पनि २० वर्षको कारण देखाई अ.वं. १८८ नं. प्रयोग गरी सजाय घटाउने र ६५—७० बर्षको व्यक्ति अभियुक्त भए पनि अपराधी वृद्ध भएको भनी अ.वं. १८८ नं. ले सजाय घटाउने हालको प्रचलन ऐन विपरित भएको स्पष्ट छ । अ.वं. १८८ नं. प्रयोग गर्न अगाडि कमसेकम अ.वं. १८८ नं. मा के लेखिएको छ र कस्तो अवस्थामा मात्र अ.वं. १८८ नं. ले सजाय घटाउने राय लेख्ने अधिकार दिएको छ । अदालतले ऐन हर्नै पर्छ र ऐनले दिएको भन्दा बढि अधिकार अदालत जस्तो निकायले प्रयोग गर्न नमिल्ने ।
- अपराध गर्दाको अवस्था हेर्दा परिस्थितिवश मात्र अपराध गरेको भन्ने देखिएको अवस्थामा ज्यान सम्बन्धी

महलको १३ नं. र १४ नं. को अपराधमा के फरक छ यसको महत्व बुझी कारण सहित Innocent mind तर Actus Reus बाट मात्र ज्यान मर्न गएकोमा हाम्रो कानून ज्यान सम्बन्धी महलको १४ नं. को सजायको व्यवस्थालाई पनि ध्यानमा राखी अ.वं. १८८ नं. प्रयोग गर्न सकिने ऐनको मनसाय हो । पुनरावेदन अदालतले माथिका कुनै कुरा पनि विचार नगरी प्रतिवादीहरूलाई हचुवाको भरमा सजाय घटाई १० बर्ष सजाय गर्ने राय व्यक्त गरेको देखियो जुन कानून विपरित हुने ।

- योजनावद्ध तरिकाले घातक हतियार जम्मा गरी १ भन्दा बढी व्यक्तिहरूको संलग्नतामा भाला जस्तो जोखिमी हतियार प्रयोग गरी भएको वारदातलाई कसरी Innocent mind ले गरेको हत्या मान्ने ? यस्तोमा ज्यान सम्बन्धीको १४ नं. को परिस्थितीको विद्यमानता रहेको भनी पुनरावेदन अदालतले लिएको आधार ठीक मान्न सकिएन । यदि प्रमाणबाट ज्यान सम्बन्धीको १४ नं. को अवस्थाको वारदात देखिन्छ भने स्वतन्त्र न्यायपालिकाले निडर भएर १४ नं. को कसूर नै कायम गरी सोही अनुसार सजाय गर्न सक्नु पर्दछ । अ.वं. १८८ नं. को हवाला दिई सजाय घटाउने होइन ।
- अदालतबाट भएको कानून बमोजिमको फैसला प्रति सर्मपण गर्नुको सट्टा भागि हिडी वेपत्ते ठेगानाबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १०(४) को सहुलियत लिन पाइन्छ की ? भनी लाग्नै नसक्ने १०(४) अन्तर्गत अरु व्यक्ति उठाई अरुबाट निवेदन पठाउने निवेदकहरूको सन्दर्भमा अ.वं. १८८ नं. का आधारमा सजाय घटाउनु भनेको अ.वं. १८८ नं. को व्यापक दुरूपयोग गर्नु हो र अदालतले त्यस्तो कहिल्यै पनि गर्नु नहुने ।

३. गोविन्द बहादुर कार्की वि. नेपाल सरकार (ने.का.प २०६५, अंक ११, नि.न ८०३९)

- Due Process पूरा र पालन गरी पुर्पक्ष गरिएको अभियुक्तको मुख हेरेर अ.वं. १८८ नं. प्रयोग गर्ने नभई सजाय घटाउँदा विभिन्न कुराहरू विचार गर्नु पर्ने ।
- अ.वं. १८८ नं. प्रयोग गरी सजाय घटाउने राय व्यक्त गर्ने सामान्य नियम नभई यसको प्रयोग अपवाद हुने ।
- अ.वं. १८८ नं को प्रयोग गरी सजाय घटाउदा अदालतले देहायका कुरा र अवस्थाहरू विचार पुऱ्याउनु पर्नेः
  (क) ज्यान मर्न गएको कारण, अवस्था र परिस्थिति
  (ख) अपराधको तयारी योजना तथा अभियुक्त र पीडितका बीच पूर्व रिसइवी, सम्बन्ध
  (ग) अपराधमा संलग्न अभियुक्तहरूको संख्या
  (घ) प्रयोग गरिएको हतियार
  (ङ) मर्नेको शरीरमा देखिएको घाउचोट
  (च) ज्यान मारिएको ठाउँ अवस्था घटनास्थल र समय
  (छ) अभियुक्तको चरित्र तथा आपराधिक रेकर्ड
- उपरोक्त कुराहरूको अतिरिक्त देहायका कुराहरूलाई समेत अदालतले विचार पुऱ्याउनु पर्नेः
  (क) मर्नेको आपराधिक रेकर्ड
  (ख) मर्नेको आश्रीत परिवार
  (ग) मर्नेको घरको परिवारको हैसियत

(घ) मर्नेको समग्र आर्थिक अवस्था

- सजाय घटाउनु पर्ने कारण र आधार चित्तमा के कसरी लाग्यो सो कुरा रायमा लेखिएमा मात्र माथिल्लो अदालतमा विचार गरिन सक्ने ।
- सेना र प्रहरी जस्तो राष्ट्र र नागरिकको सुरक्षा गर्न हतियार सहित प्रदान गरेर राज्यले जिम्मेवारी प्रदान गरेको मानिसले मादक पदार्थ सेवन गरेर आफ्नो ओहदा पोशाक र पदको आडमा सरकारी कार्यको प्रयोगको लागि प्राप्त हतियार प्रयोग गरी एक सामान्य निशस्त्र नागरिकको हत्या गरेको जघन्य अपराधमा कैद सजायमा Leniency देखाउन पर्ने कुनै कारण नहुने ।

४. अच्यूतप्रसाद खरेल वि. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार (ने.का.प. २०६६, अंक ५, नि.नं. ८१३८)

- महिलाविरुद्धको हिंसालाई दण्डनीय बनाएको र त्यसलाई सम्बन्धित कानूनले पनि दण्डनीय नै बनाएको अवस्थामा सजायको मात्राका आधारमा मात्र संविधान प्रतिकूल भन्ने संज्ञा दिँदै जाने हो भने के कुन कसूरका लागि के कति सजाय गर्ने भन्ने निश्चित मापदण्ड नै बन्न नसक्ने अवस्था उत्पन्न हुन जाने ।
- दण्डनीय कानूनअन्तर्गत अमुक कसूरका लागि कम सजायको व्यवस्था गरिएको भन्ने मात्र आधारमा त्यस्तो कानूनी व्यवस्थालाई विभेदजन्य कानूनी व्यवस्थाका रुपमा वा महिला हिंसालाई प्रोत्साहित गर्ने कानूनी व्यवस्थाका रुपमा व्याख्या गर्न नमिल्ने ।
- कानूनी व्यवस्था संविधानसँग बाझिएको भन्ने कुरा कसैको मनोगत बुझाइमा निर्भर रहने विषय होइन, त्यसका वस्तुनिष्ठ आधारहरू हुनुपर्ने ।
- के कस्तो कार्यलाई कसूर मान्ने, के कस्तो कसूरका लागि के कति सजायको व्यवस्था गर्ने, मुलुकमा के कस्तो दण्ड प्रणाली कायम गर्ने भन्ने जस्ता विषयहरू विधायिकी प्रज्ञा (Legislative wisdom) भित्रका विषय हुन्, त्यसमा प्रभाव पर्ने अदालती कार्य उपयुक्त नमानिने ।

५. दुर्गा उप्रेती वि. (नेपाल सरकार ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१)

- संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत्त योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुन संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक—पृथक व्यक्तिको फरक—फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ । तसर्थ, प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नुपर्ने ।
- बिगोबमोजिम जरीवाना भन्नाले प्रत्येक व्यक्तिलाई बिगोबमोजिम नै जरीवाना गर्नुपर्छ भन्ने कानूनको अर्थ गर्न नमिल्ने ।
- कृत्रिम लेटर प्याडमा नक्कली सरकारी छाप दस्तखत बनाउने कार्य, स्वीकृति नै प्राप्त नगरी विदेशी विनिमयको कारोवार गर्ने कार्य र बैंकलाई झुक्यानमा पारी ठग्ने— तीन पृथक कानूनद्वारा व्यवस्थित तीन स्वतन्त्र कसूर भएकाले समान प्रतिवादी भए भन्दैमा दोहोरो खतराको सिद्धान्त आकर्षित नहुने ।

६. नेपाल सरकार वि. डविन गुरुङ्ग (ने.का.प. २०६७, अंक ३, नि.नं. ८३३०)

- कुनै एउटा तथ्यमा सावित भए पनि त्यसबाट निजउपरको सम्पूर्ण अभियोगको पुष्टि नहुने ।

- समग्र परिस्थिति र घटनाक्रमलाई सूक्ष्मरुपमा विश्लेषण नगरी केवल साक्षीकै आधारमा मात्र कसैउपर कसूर कायम गरी सजाय गर्नु न्यायसंगत नहुने ।
- विरोधाभाषपूर्ण र अस्पष्ट बयानलाई अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा साक्षी बयानको रुपमा ग्रहण गरी निजउपर कसूर कायम गर्ने अकाट्य र एकमात्र प्रमाणको रुपमा ग्रहण गर्न नसकिने ।
- वारदात हुँदाका वखत चश्मदिद गवाहको रुपमा रहेका व्यक्तिले मौकामा र अदालतमा उपस्थित भई बकपत्र गर्दा आफूले प्रत्यक्षरुपमा घटना देखी घटनाको यथार्थ व्यहोरा खुलाइरहेको स्थितिमा अदालतले त्यस्ता चश्मदिद व्यक्तिको मौकाको कागज र अदालतसमक्ष गरेको बकपत्रको व्यहोराको सत्यताउपर शंका गर्न नपर्ने ।
- फौजदारी मुद्दामा चश्मदिद व्यक्तिहरूको भनाई कसूर कायम गर्ने एउटा निर्णायक प्रमाण भएकाले यस्तो व्यक्तिको भनाई वारदातको प्रकृति र अन्य प्रमाणबाट समर्थित भएको छ भने अदालतले त्यस्तो प्रत्यक्ष साक्षीको कथनलाई अनदेखा गरी न्यायिक निष्कर्ष निकाल्नु न्यायसंगत नहुने ।
- हत्याको कसूर प्रमाणित भए पनि पूर्व रिसइवीको स्थिति, वारदातको प्रकृति, पूर्व आपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरुप, कसूरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमि लगायतका कुराहरू विचार गरी कसूर र सजायबीचको समानुपातिकता (Proportionality of Punishment) स्थापित गर्नु नै न्यायपूर्ण हुने ।

७. ज्योति लम्साल पौडेल वि. नेपाल सरकारसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०७)

- समाजमा कतै कुनै अपराध हुन गएमा अपराध गर्ने व्यक्तिउपर अनुसन्धान गरी मुद्दा चलाई अभियुक्तलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउनु पर्ने सरकारको संवैधानिक कर्तव्य हुने हुँदा यस्तो जवाफदेहीबाट सरकार पन्छिन नसक्ने ।
- अपराधमा अनुसन्धान र अभियोजनमा कमी अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरवाही, गल्ती, बद्रियत आदि कुनैको पनि स्थान हुन हुँदैन । यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनपर्ने ।
- महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जबरजस्ती करणी गर्नु कानूनविपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ । यस्तो नैतिकताविपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने ।
- राज्यले पीडित महिलाको सहयोगको लागि आवश्यक स्रोत र साधनअनुसार प्रत्येक जिल्लामा पीडित महिलाको लागि एक Counseling Centre को क्रमशः व्यवस्था गर्दै जानुपर्ने ।
- अपराध अनुसन्धान गर्ने छुट्टै प्रहरी संगठनको गठन नगरी वर्तमान प्रहरी संगठनबाट नै अनुसन्धान हुने हो भने प्रहरीको पहिलो ध्यान शान्ति कायम गर्नेतर्फ जाने हुँदा अपराध अनुसन्धान सन्तोषजनक नहुन सक्छ । यसले गर्दा सबूद प्रमाण लोप हुने मात्र होइन अपराध अनुसन्धान प्रहरीको Priority मा पर्दैन । त्यसैले वर्तमान व्यवस्थामा सुधार गरी अपराध अनुसन्धानका सम्बन्धमा छुट्टै प्रहरी संगठनको गठन हुनपर्ने ।
- बलात्कार पीडितलाई न्याय दिलाउन योजनाबद्ध तरिकाले क्रमशः प्रत्येक जिल्लाका अस्पतालमा आवश्यक प्रविधि, प्रयोगशाला र विज्ञको व्यवस्था तुरुन्त गर्नुपर्ने । यसको लागि बजेटको अभाव, विज्ञको अभाव, कर्मचारीको अभाव भन्ने कुरा Excuse हुन नसक्ने ।

- प्रत्येक जिल्ला अदालतले जबरजस्ती करणी मुद्दामा पीडित र पीडितलाई Accompany गर्ने व्यक्ति, वादी एवं पीडितका साक्षी एवं प्रतिवादी पक्षको लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने ।

८. संजीव लामा वि. कारागार कार्यालय, डिल्लीबजारसमेत (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३५)

- वेग्ला—वेग्लै वारदात भई चलेका वेग्ला—वेग्लै मुद्दामा अघिल्लो मुद्दामा पुर्पक्षका लागि थुनामा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद, जरीवाना असूल गर्ने प्रयोजनका लागि गणना गर्न नमिल्ने ।
- म्याद थपको क्रममा वा अभियोगपत्र साथ पेश गरिएको अवस्थामा वाहेक अन्य अवस्थामा अदालतमा उपस्थित भई बयान गरेपछि मात्र निजउपर लागेको मुद्दामा निजको उपस्थिति रहेको मान्नुपर्ने ।
- थुनामा बसिरहेको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दा र ज्यान मार्ने उद्योग तथा हातहतियार खरखजाना मुद्दा बेग्ला—बेग्लै वारदातका भएको र वेग्ला—वेग्लै वारदात भई चलेका वेग्ला—वेग्लै मुद्दामा अघिल्लो मुद्दामा पुर्पक्षका लागि थुनामा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद असूल गर्ने प्रयोजनका लागि गणना गर्न कानूनतः नमिल्ने ।

९. पुण्यप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६९, अंक ७, नि.नं. ८८५४)

- मुलुकी ऐन दण्ड सजायको ११क नं. को देहाय २ कानूनी व्यवस्था पहिलो पटक तीन वर्षभन्दा कम कैदको सजाय हुने कसूर गर्ने व्यक्तिको हकमा कसूरदार ठहर भए पनि अपराधको प्रकृतिको आधारमा अड्डाले कैदमा राख्न मनासिव नठहऱ्याई फैसला गरेको अवस्थामा मात्र आकर्षित हुने ।
- दण्ड तोक्दा वा निर्धारण गर्दा राज्यले दण्डको प्रयोग स्वच्छन्दतापूर्वक गर्ने नभई राज्यको सक्षम निकाय विधायिकाले वैधानिक रुपमा बनाएको कानूनले स्पष्ट रुपमा अपराध भनी परिभाषित गरी निषेध गरेको मानवीय कार्य कसैले गरेमा स्वच्छ सुनुवाइको कार्यविधिहरूलाई परिपालना गरी सक्षम निकाय वा अदालतले मात्र दण्ड निर्धारण गर्न सक्दछ । दण्ड स्वभावैले पीडायुक्त हुने, दण्ड निर्धारण गरिएको व्यक्तिको इच्छाविपरीत राज्यको शक्तिद्वारा तोकिने र कार्यान्वयन हुने भएकोले यसको स्पष्ट सैद्धान्तिक आधार हुनुपर्ने ।
- फौजदारी कानूनले किटानी गरेका प्रमुख दण्ड (Fundamental Penalty) वा अपराधको प्रकृतिअनुसार मुख्य दण्डसँगै अन्य प्रकारका दण्ड पनि दिने भनी कानूनले तोकेको अतिरिक्त दण्ड (Additional Penalty) तथा प्रमुख दण्डको विकल्पको रुपमा प्रमुख दण्डलाई खारेज नगरी सशर्त रुपमा निलम्बन गरी यसको विकल्पमा सहज खालका दण्ड तोक्ने वैकल्पिक दण्ड (Alternative Penalty) सम्बन्धी दृष्टिकोणहरू दण्ड प्रणालीमा आत्मसात गर्नुपर्ने ।
- अपराधको प्रकृति, अवस्था, असर र गम्भीरता जस्ता दण्ड निर्धारणका विविध तत्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसूरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (reformative Theory) अवलम्बन गरी न्यायकर्ताले उपयुक्त दण्ड निर्धारण गर्न सक्ने गरी भएको कानूनी व्यवस्थालाई संविधानविपरीत भन्न नसकिने ।

१०. नेपाल सरकार वि. युवराज शर्मासमेत (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६)

- सरकार वादी फौजदारी मुद्दाको आधारभूत र मूल दावी भनेको अभियोगपत्र वा आरोपपत्रमा लिइएको दावी

नै हो । त्यसैका आधारमा नै अदालतबाट अभियोग दावीअनुसार सजाय हुने वा नहुने भनी ठहर हुने ।

- प्राईभेट कम्पनीको शेयर किनवेच संस्थापकहरूसँग सम्बन्धित नातेदार, साथीभाइ वा चिनेजानेका व्यक्तिबीच गोप्य र अनौपचारिक तवरबाट हुनसक्ने अवस्थालाई इन्कार गर्न सकिँदैन । शेयर किनबेचका लागि सम्बन्धित नियमनकारी निकायको पूर्व अनुमति नचाहिने हुँदा सम्बन्धित कम्पनी र कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेखवाट प्रतिवादीको नाममा उक्त कम्पनीको शेयर स्वामित्व नदेखिएको भन्ने आधारले मात्र विवाद पर्नु अगावै स्वतन्त्र रूपमा प्रतिवादीले आधिकारिक निकायमा पेश गरेको विवरण अन्यथा हो भन्न नमिल्ने ।
- गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने ।
- आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ । त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने ।
- फौजदारी मुद्दामा अदालतले अभियोग दावी लिइएको भन्दा बढी प्रतिवादीलाई सजाय हुने गरी निर्णय दिन मिल्दैन । त्यसो गरिनु न्यायका मान्य सिद्धान्तअनुरूप पनि हुदैन । तथापि माग दावी लिइएको सजायको दायराभित्रै रही मिसिल संलग्न सबूदप्रमाणको वस्तुनिष्ट मूल्याङ्कनका आधारमा न्यायिक निष्कर्षमा पुग्ने अधिकार अदालतमा अन्तर्निहित रहेको हुन्छ । अभियोग पत्रमा लिइएको मूल दावीको सीमाभित्र रही मिसिल संलग्न तथ्यप्रमाणको मूल्याङ्कन र विश्लेषण गरी प्रतिवादीको आयस्रोत, सम्पत्ति तथा खर्चको समुचित निष्कर्ष निकालिनु प्रचलित कानून र स्थापित न्यायिक सिद्धान्त अनुरूप नै हुने ।

११. नेपाल सरकार वि. शान्ती वली सार्कीसमेत (ने.का.प. २०७०, अंक १, नि.नं. ८९४७)

- मिसिल संलग्न प्रमाणबाट कुनै पनि अपराधमा प्रतिवादीले सो अपराध गर्नमा निर्वाह गरेको भूमिका र निजको संलग्नतासमेतलाई विचार गरी अदालतले कानूनले दिएको तजविजी अधिकारको प्रयोग गरी कसूर कायम गर्ने र सजाय निर्धारण हुने ।
- सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई अपराध वोध गराउनु हो, बदला लिनु होइन । सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई भविष्यमा आफूलाई सुधार्ने अवसर दिनु हो, निजलाई समाप्त नै गरिदिने होइन । कसूरको प्रकृति र अपराध गर्नेको प्रवृत्ति तथा अवस्थाका आधारमा सजायको हद तोकिने हो । न्यायकर्ताले सजायको तल्लो हद तोक्दैमा कानूनको उल्लंघन नै भएको मान्न नमिल्ने ।
- फौजदारी मुद्दामा दण्ड निर्धारण गर्दा विधायिकी कानूनले तोकिएको सीमाभित्र रही कसूरको प्रकृति र अपराधमा रहेको दोषको मात्राअनुसार सजाय निर्धारण गरिन्छ । यो विशुद्ध न्यायिक स्वविवेकको विषय पनि हुने ।

१२. अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९८७)

- फौजदारी कानून उल्लङ्घनको मात्रा र परिमाण अनुसार दण्ड सजाय निर्धारणमा भिन्नता रहने कुरा

अस्वाभाविक हुँदैन । दण्ड नीति कसूरको मात्रानुसार सजायमा भिन्नता हुने सिद्धान्तकै जगमा खडा भएको हुन्छ । कसूरमा रहेको संलग्नता वा भूमिका विचार नगरी आरोप लगाएकै भरमा सबैलाई समान प्रकृतिको सजाय गर्नुपर्दछ भन्ने मान्यता न्यायिक विवेकमा आधारित नभई यान्त्रिक हुन जाने ।

- एकै प्रकृतिको कसूरमा कुनै हैसियतका आधारमा सजायमा विभेद गरिन्छ भने त्यस्तो दण्डनीति विभेदकारी हुने ।
- वर्गीकरण (Classification) गरिएकै कारणले मात्र कुनै पनि कानून भेदभावयुक्त भन्न मिल्दैन । तर, त्यसरी वर्गीकरण गर्ने आधार र कारण वस्तुनिष्ठ, बोधगम्य, तर्कसम्मत् र न्यायोचित् भने हुनैपर्दछ । विवादित प्रतिबन्धात्मक वाक्यांशले बोझबाहक साधनको प्रकृतिको आधारमा जफत गर्ने र नगर्ने सम्बन्धमा केही विभेद खडा गरेको देखिन्छ । तर, सो विभेदमा त्यसरी विभेद गर्नुपर्ने विवेकसम्मत् भिन्नता Intelligible differentia_ , तर्कसम्मतता (Rationality) र कानूनसम्मत् उद्देश्य (Lawful objective) राखेको छ, छैन भन्ने कुरा हेरिनुपर्ने ।
- जफत हुने भनी कानूनले परिकल्पना गरेका बोझबाहकको सम्भावित मूल्याङ्कन बराबर नै जफत नहुने साधनका हकमा थप सजाय हुने व्यवस्था भएकै देखिँदा वन ऐन, २०४९ को दफा ६६ समानताको विपरीत तथा संविधानसँग बाझिएको नदेखिने ।

१३. नेपाल सरकार वि. शेरबहादुर बस्नेत (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३६)

- वस्तुतः सजाय निर्धारण दण्डको सिद्धान्तमा आधारित प्रक्रिया र विधि हो । गम्भीर प्रकृतिका अपराध गरेबापत सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा कानूनले तोकेको सजाय तोक्दा कसूरदारलाई चर्को पर्ने अवस्था भएमा यस्तो अधिकारको प्रयोग गर्न सकिने भए पनि कैद सजाय निर्धारणको विधि न्यायोचित हुन जरूरी हुने ।
- सजायको उद्देश्य कसूरदारलाई दण्डित गर्ने, त्यस्तो कसूर गर्नबाट अरूलाई निरूत्साहित गर्नु र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटोतर्फ लाग्न प्रेरित गर्नु हो । तजबिजी अधिकारको प्रयोग गर्दा दण्डसम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन नमिल्ने ।
- तजविजी अधिकारको प्रयोग गरी कसूरदारलाई विधायिकी मनसाय विपरित हुने गरी अति हलुको, निरर्थक र निष्प्रभावी प्रकृतिको वा अति चर्को सजाय तोक्ने हो भने सजायले आफ्नो उद्देश्य र तात्पर्य गुमाउने ।
- नाम मात्रको सजाय गर्ने हो भने सजाय सजाय नै हुँदैन । अति चर्को सजाय गर्ने हो भने कसूर र सजायको अनुपात नमिली उद्देश्य पराजीत हुन्छ । यसले न्यायलाई परास्त गर्छ । अपराधको न्यूनीकरण, अपराधीमा दण्डको अनुभूति तथा पीडितलाई राहत महसुस गराउने दायित्वसमेत सजाय निर्धारणसँग सन्निहित हुने ।
- कसूर गर्दाको परिस्थितिको मात्र आधारमा कसूरलाई क्षम्य वा कम गम्भीर बनाउने कोसिस गर्ने हो भने आपराधिकताले बढावा पाउने वा अपराध बोध नहुने तथा सजायको प्रभाव नपर्ने भई कसूरको पुनरावृत्तिको पनि सम्भावना हुन्छ । कसूरको मात्रा र कसूरदार उपर तोकिएको सजायको असरको वाञ्छनीयता बीचको सामञ्जस्यतालाई विवेकसङ्गत रूपमा विचार गरेर मात्रै अ.व. १८८ नं. नम्बरको प्रयोग गर्नुपर्ने ।
- यो व्यवस्थाको अति वा विकृत उपयोग भएमा कानूनले निर्धारित सजायको प्रयोजन नै निरर्थक हुन सक्ने हुनाले अति कठोर वा उदारता होइन, उपयुक्त र पर्याप्त सजाय तोक्ने हिसाबले हेर्न जरूरी छ । जुन हदसम्म सजाय तोक्न पर्ने हुन्छ त्यो नै पर्याप्तता हो र जुन जति मात्रामा सजाय गरे पनि सजायको उद्देश्य

हासिल हुने हो त्यो नै उपयुक्त सजाय मान्नुपर्ने ।

१४. समिर खाँन वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४५)

- एउटै अभियोगपत्रबाट चलेको मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई कैद सजाय भएकोमा ऐनले नै कैद सजाय खाप्ने व्यवस्था नगरेसम्म कैद सजाय खाप्न मिल्ने अवस्था नरहने ।
- दुई वा सो भन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबै भन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ । अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन । धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने ।
- एउटै अभियोगपत्रबाट तीन कलममा निवेदकहरूलाई कैद सजाय भएकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद गर्ने नै तीन कलमको सबै भन्दा ठूलो कैद सजाय भएको हुँदा सोही ऐनबाट हुने सजाय मात्र हुनुपर्ने र अरू ऐनको खत खाप्न मिल्ने अवस्था रहेन । तसर्थ, १३ महिना ननाघ्ने गरी कैद ठेक्नुपर्नेमा नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिमको १३ महिना, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिमको ६ महिना र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिमको १ वर्ष कैद अवधि जोडी २ वर्ष ७ महिना कैद ठेक्ने कार्य कानूनसम्मत नदेखिने ।

१५. नेपाल सरकार वि. ओङ्ग्रेन लामासमेत (ने.का.प. २०७२, अंक २, नि.नं. ९३४९)

- प्रतिवादीलाई पटकमा सजाय गर्न त्यस्तो अपराध भई अदालतबाट सजाय पाइसकेको हुनपर्ने अनिवार्य सर्तको रहेको देखिन्छ । एकै व्यक्तिउपर फरक वारदातमा एकै अदालतमा फरकफरक अभियोग दायर भई एकैदिन फैसला भएको अवस्थामा कुन वारदातको अभियोगमा पटक कायम गर्ने हो भन्ने कुरा कानूनले स्पष्ट गर्न सकेको पनि पाइँदैन भने सबै वारदातको कसूरमा सजाय थप गरी सजाय गर्न पनि मिल्ने देखिँदैन ।
- पटक कायम गरी सजाय गर्न एकपटक उक्त ऐन अन्तर्गतको अपराधमा सजाय पाइसकेको भन्ने स्पष्ट कानूनी व्यवस्था गरी रहेकामा यी प्रतिवादीहरूलाई भिन्नभिन्न वारदातमा भिन्नभिन्न सजायको मागदावी लिई अभियोग दायर भई सबै अभियोगमा एकै पटक फैसला भएकै आधारमा पटक कायम गरी सजाय गर्न मिल्ने नदेखिने ।

१६. मुन्ना प्रजा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ११, नि.नं. ९७१४)

- कुनै कसूरमा एकभन्दा बढी प्रतिवादीहरूलाई तत्सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भएपनि कानूनले निर्णयकर्तालाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको विष्लेषण गरी वारदातमा व्यक्तिपिच्छे प्रतिवादीको संलग्नता, भूमिका जस्ता विषयहरू पहिचान गरी वारदात घटाउन नेतृत्व लिएको, सहायकको भूमिकामा रहेको, आफैं प्रहार गरेको, गौंडा कुरेको, सुराकीको भूमिका निर्वाह गरेको, लाभ लिने कार्यमा सहभागी भए नभएको, हातहतियारको बन्दोबस्त आदि गरे नगरेको लगायतका थुप्रै विषयहरूका आधारमा अमुक कसूर घटाउनमा कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसूरको मात्राअनुसार सजाय निर्धारण हुने हुँदा एउटै किसिमको अभियोगदाबी भएका सबै प्रतिवादीहरूलाई समान सजाय हुनुपर्छ भनी मान्न नमिल्ने ।

- फौजदारी कानूनको उल्लङ्घनका लागि सजाय निर्धारण गर्दा विभिन्न सिद्धान्त र अवधारणाहरूको प्रयोग हुँदै आएको पाइन्छ । Mitigating factors भन्नाले कुनै व्यक्तिलाई अदालतले कसूरदार ठहऱ्याएपछि निजलाई कम सजाय गर्न लिने आधारहरूलाई बुझिन्छ भने Aggravating factors भन्नाले कसूरको गम्भीरता बढाउने र अधिकतम सजाय गर्ने आधारहरूलाई बुझिन्छ । Mitigating factors का लागि जो विरूद्ध अपराध भएको छ । उसैको उक्साहटको कारण अपराध घटाउन कसूरदार प्रेरित भएको अवस्था, कसूरदारको मानसिक अवस्था, उमेर, उक्त अपराध घटाउन कसूरदारको अत्यन्त कम भूमिका, कसूरदारको पूर्व आपराधिक रेकर्डको अभाव, अपराध घटाउन पीडितको संलग्नतासमेत रहेको अवस्था, अपराध गर्दाको अवस्था र परिस्थिति आदिको आधारमा विधायिकाले न्यूनतम सजाय गर्ने गरी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्ता (Judge) लाई तत्सम्बन्धी विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन् । जबकी Aggragating factors पटके अपराधी, पीडितलाई पुगेको क्षतिको गम्भीरता, कसूर घटाउन कसूरदारको नेतृत्वपूर्ण भूमिका, सामाजिकुरूपमा अत्यन्त निकृष्ठ र अनैतिक मानिने कसूर, पदको आडमा गरिने कसूर र कुरूर तथा यातनापूर्ण तवरले गरिएको अपराध, अपराधमा घातक हतियारको प्रयोग आदि जस्ता आधारमा विधायिकाले अधिकतम सजाय गर्ने भनी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्तालाई तत्सम्बन्धमा विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्, हाम्रो प्रचलित नेपाली फौजदारी कानूनमा पनि कसूरदारलाई कुनै कसूरका लागि दायित्व वहन गराउनेसम्बन्धी विभिन्न सिद्धान्तहरूको व्यवस्था भएको पाइने ।
- कतिपय कसूरका लागि सजाय निर्धारणमा न्यायाधीशलाई विवेक प्रयोग गर्न कुनै स्थान नै दिइएको पाइँदैन भने कतिपय कसूरका लागि कसूरको मात्राअनुसार सजाय निर्धारण गर्ने गरी विवेक प्रयोग गर्ने अधिकार न्यायाधीशलाई प्रदान गरिएको पनि पाइन्छ । के कस्तो अवस्थामा Aggragating factors अपनाउने र के कस्तो अवस्थामा Mitigating factors अनुशरण गर्ने भनी हामी कहाँ छुट्टै कानून नभएपनि विभिन्न कानूनमा एउटै कसूरका लागि सजायको न्यूनतम र अधिकतम हदको सजायसम्बन्धी व्यवस्थालाई सोहीरूपमा बुझ्न सकिने ।
- मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. को व्यवस्थालाई Mitigating factors को अनुसरणका लागि विधायिकाले न्यायाधीशलाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको रूपमा बुझ्न सकिन्छ । Mitigating factors को अनुशरण गर्दा कुनै कसूरमा संलग्न व्यक्तिलाई माथि उल्लिखित विभिन्न आधारमा कम सजाय निर्धारण गर्ने हो भने त्यही कसूरका लागि Aggragating factors अनुशरण गर्ने माथि उल्लिखित आधारहरू देखिन आएमा सजायको मात्रा बढाउने हो । यसबाट Mitigating वा Aggravating factors सजाय निर्धारणमा न्यायाधीशलाई प्राप्त विवेकाधिकारसित सम्बन्धित छ भन्ने बुझिन आउने ।
- कसूरको मात्राअनुसार सजाय हुने भन्ने कुरा कुनै न कुनैरूपमा Mitigating वा Aggravating factors सित सम्बन्धित विषय हो । कसूरको मात्रा भनेको तथ्य र प्रमाणबाट कुनै कसूर घटाउन कुनै व्यक्तिको के कस्तो संलग्नता र भूमिका छ भन्ने कुरा निर्धारण गर्ने हो । कुनै वारदातमा मुख्य भई भूमिका निर्वाह गर्ने, सहयोगसम्म गर्ने, लाभ लिने, योजना बनाउने, वातावरण तयार गरिदिने आदि विभिन्न भूमिकाहरूका लागि कानूनले छुट्टाछुट्टै भार तय गरेको अवस्थामा एउटै कसूरमा एकभन्दा धेरै कसूरदारहरूको संलग्नता रहेको परिप्रेक्ष्यमा तीमध्ये प्रत्येक कसूरदारको उक्त वारदात घटाउन के कस्तो र के कति भार पर्छ त्यही

कसूरको मात्रा हुन आउने ।

१७. रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६५)

- विधायिकाले सजायको न्युनतम र अधिकतम हद तोकेकोमा न्यायकर्ताले कसूर गर्दाको समय परिस्थिति, सोबाट पीडितलाई पर्न गएको क्षति तथा सामाजिक प्रभाव, पीडितको शारीरिक मानसिक अवस्था, कसूरदारको उमेर तथा अवस्था, कसूरको मात्रा तथा गाम्भिर्यता जस्ता कुरालाई मनन गरी आफ्नो विवेकले उचित देखेको सजाय तोक्न सक्ने नै देखिन्छ । यदि यसो गर्न नसक्ने हो भने कानूनले यसरी न्यूनतम र अधिकतम सजायको सिमा तोक्नुको कुनै औचित्य रहँदैन । केही गरी यस्तो स्वविवेकिय अधिकारको प्रयोग उचित आधार कारणबिना न्यायिक मनको प्रयोग नगरी दुरूपयोग भएको देखिएमा पुनरावेदनको रोहमा हेर्न सक्ने नै हुन्छ । सुरूले स्वविवेकाधिकार प्रयोग गरेको पुनरावेदनको रोहमा समेत सदर भई सोउपर पुनरावेदन नै लाग्न नसक्ने अवस्थामा भने मुद्दा दोहऱ्याई हेर्दा सोलाई हेरी अन्यथा भन्न सकिने नदेखिने ।
- उद्योग कसूरको एक अपूर्ण क्रिया भएपनि यसलाई पनि कानूनले आपराधिकीकरण गरेको अवस्थामा यो अन्य पूर्ण अपराध जस्तै छुट्टै अस्तित्वको अपराध नै हुने हुन्छ । कस्तो मानव क्रियालाई अपराधीकरण गर्ने र त्यस्तो क्रिया भएको के कस्तो अवस्थामा के कति सजाय गर्ने भनी निर्धारण गर्ने अधिकार केवल विधायिकालाई मात्र हुन्छ । अपराधीकरण गरी सो अपराधका लागि स्पष्टरूपमा तोकेको सजाय मात्र उक्त अपराधका लागि कसूरदारले बेहोर्नुपर्ने आपराधिक दायित्व हुन जान्छ । कुनै अपराधको लागि यो सजाय भनी विधायिकाले नतोकेको अवस्थामा न्यायकर्ताले मनोगत अर्थ गरी कसूरदारलाई मर्का पर्ने गरी सो कसूरसँग सम्बन्ध राख्ने अर्को कसूरको सजायसमेत थप हुने भन्न नमिल्ने ।
- त्यसैले जबरजस्ती करणीको र जबरजस्ती करणीको उद्योगको कसूर दुई पृथकपृथक कसूर भई दण्ड सजायको पनि पृथकपृथक व्यवस्था भएको पाइन्छ । जबरजस्ती करणीको महलको ३(क) नं. को कानूनी व्यवस्थामा उल्लेख भएको थप सजाय केवल जबरजस्ती करणी गर्नेलाई मात्र हुने भनी स्पष्टरूपमा उल्लेख भएकोबाट र जबरजस्ती करणीको उद्योगलाई सजायको व्यवस्था गरेको ऐ. ५ नं. मा र अन्य कानूनी व्यवस्थामा समेत उद्योग गर्नेलाई यो यस्तो अवस्थामा थप सजाय गर्ने भनी कुनै सर्तात्मक प्रबन्ध (Conditional provision) राखेको नपाइएबाट जबरजस्ती करणीको उद्योगको मात्र कसूरमा सो ३(क) नं.अनुसार अपाङ्गसमेतलाई जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजायसमेत थप गरी कैद सजाय गर्न मिल्ने नदेखिने ।

१८. रेणुदेवी कहार वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक १०, नि.नं. ९८९५)

- कुनै श्रृङ्खलाबद्ध वारदात भएको अवस्थामा कुनै एउटा कसूरमा सजाय ठहर गर्दैमा अन्य ऐनको प्रयोजन पूरा हुँदैन । प्रत्येक ऐनअनुसारको कसूर ठहर हुन्छ वा हुँदैन भनी अदालतले अभियोग दाबीअनुसारका सबै प्रश्नको निरूपण गर्नुपर्दछ । ठूलो सजाय हुने खत वा कसूर ठहर हुँदैमा अन्य कसूरका सम्बन्धमा सजाय ठहर गर्नबाट पन्छिन नमिल्ने ।
- मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को व्यवस्था सजाय ठहर भइसकेपछि कैद ठेक्ने सम्बन्धमा अपनाउने विधि सम्बन्धित हुनसक्ने कैदको हद कायम गर्ने सम्मको व्यवस्था हो । ज्यान र अपहरण गरी दुवै कसूर ठहर गरिएको कारणबाट दण्ड सजायका महलको ४१ नं. विपरीत हुँदैन । ठहर भएको कैद असुल गर्ने (कैद ठेक्ने) सन्दर्भमा भने उक्त ४१ नं. मा रहेको प्रावधानको अनुशरण गरिनुपर्ने ।

१९. रामलाल चमार वि. नेपाल सरकार (ने.का.प. २०७५, अंक ९, नि.नं. १०१००)

- कसूरदारलाई सजाय गरी अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्ने फौजदारी न्यायको उद्देश्य हो । कसूरदारलाई आउदो समयमा अपराधिक कार्य गर्नबाट हतोत्साह गर्ने र आफ्नो कार्य प्रति पश्चातापको सिर्जना गर्नु, कसूरको मात्रा अनुसार सजाय गर्नु दण्डप्रणालीको महत्वपूर्ण उद्देश्य हो । कसूरदारलाई सजाय तोक्दा दण्ड गरे जस्तो मात्र पनि देखिनु हुँदैन । कसूरको मात्रा र गाम्भीर्य अनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको वातावरण सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने ।
- मुलुकी ऐन, कुटपिटको महलको ६ नं. मा दामासाहीले सजाय गर्नुपर्ने भन्ने व्यवस्था रहेको पनि देखिँदैन । जब कानूनले दामासाहीले सजाय हुन्छ भनी स्पष्ट नगरेको अवस्थामा प्रस्तुत वारदातको घटनाक्रम, प्रतिवादीहरूको संख्या तथा पीडितउपर परेको घा खतसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीहरूलाई जनही सजाय गर्दा नै फौजदारी न्यायको उद्देश्य तथा कुटपिटको महलको ६ नं. को कानूनी व्यवस्थाको मक्सद पूरा हुने ।

२०. भीमबहादुर नेपाली वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक २, नि.नं. १०१९८)

- न्यायिक वा अर्धन्यायिक अधिकारीले स्वविवेकाधिकारको प्रयोग गर्दा न्यायिक मनको प्रयोगका साथ गर्नुपर्छ । न्यायिक मन न्यायकर्तामा हुनुपर्ने न्यायिक दक्षता मात्र हैन, नैतिक चेतना पनि हो । यसले न्यायिक स्वविवेकलाई उचित र न्यायपूर्ण बनाउन निर्देशित गर्दछ । यसले उचित अनुचित, ठीक बेठीकको अन्तरलाई दृष्टिगत गरी सही ढंगले कानूनको पालना, प्रयोग र प्रचलन गर्न पनि अभिप्रेरित गर्दछ, गरिनु पर्ने ।
- कसूरदार ठहर गर्दा मात्र हैन, सजाय निर्धारण गर्दासमेत न्यायकर्ताले न्यायिक मनको प्रयोग न्यायोचितरूपमा गर्नुपर्छ । ऐनले दिएको तजबिजी अधिकारको प्रयोग गर्दा कसूरदारहरू पटके अपराधी भए नभएको, संगठित आपराधिक समूहमा रहे नरहेको, नाबालक वा वृद्ध वा असक्त आदिलाई प्रयोग गरे नगरेकोसमेतका अपराध गर्दाको अवस्थामा प्रयोग भएका साधन, प्रक्रिया र पद्धतिका अतिरिक्त दशीको प्रकृति मात्रासमेतलाई मध्यनजर राख्नु पर्ने ।

२१. नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालयसमेत वि. लक्ष्मण ज्ञवाली (ने.का.प. २०७७, अंक १, नि.नं. १०४१९)

- हद तोकिएको अवस्थामा उपल्लो हदको जरिवाना गर्दा सो हदभित्रको जरिवाना गर्नु पर्नाको पर्याप्त स्पष्ट आधार र कारण खोल्नु पर्ने । उपल्लो हदको सजाय नगरी कम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिएमा अधिकतम सजाय गर्नु न्यायको दृष्टिकोणले मनासिब नमानिने ।

२२. शिवबहादुर दनुवार वि. मैतवीर दनुवारसमेत (ने.का.प. २०७७, अंक २, नि.नं. १०४४०)

- सजाय प्रतिवादीले गरेको कसूरबापत बेहोर्नु पर्ने व्यक्तिगत दायित्व हो । जहाँ कानूनले दामासाही हुने भनी स्पष्ट उल्लेख गरेको छ सो अवस्थामा बाहेक सजाय गर्दा जनही सजाय नै निर्धारण गर्नुपर्ने ।

२३. अजय शंकर झा वि. ललितपुर जिल्ला अदालत (ने.का.प. २०७७, अंक ४, नि.नं. १०४८८)

- उपचारको हक जीवन्त हुन्छ । तर, बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन हुने स्थिति आउँदछ । यसर्थ कोभिड–१९ को सन्त्रासबाट बृहद् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ ।

यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन । त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने ।

- कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनीहरूलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसूरको मात्रा अनुरूप गल्ती अनुभूत गर्न सजाय भोग्नसम्म पठाइएको हुने ।
- कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनमा कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिको कारण सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानून बमोजिमको उपयुक्त विकल्प खोज्नु पर्ने ।

२४. नेपाल सरकार वि. विन्देश्वरप्रसाद केशरीसमेत (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१७)

- ठगीको महलअन्तर्गतको कसूर सरकार वादी भई चल्ने मुद्दासमेत हुँदा उक्त महल अन्तर्गत सरकारले अभियोगपत्र दायर गरेको स्थितिमा सो ठगीको महलको १ नं. अनुसार मुद्दा चलाउन मिल्दैन , बैंकिङ (कसूर र सजाय) ऐन, २०६४ अन्तर्गत मुद्दा चलाउनु पर्छ भनी मुद्दानै खारेज गर्न नमिल्ने ।
- अपाराधको मात्रा अनुसार सजायको निर्धारण गर्नुपर्दछ । ठुलो अपराध गर्ने र तुलनात्मक रुपमा सानु अपराध गर्ने अपराधीलाई एउटै सजाय गर्नु न्यायसंगत हुँदैन । त्यसकारण सजाय निर्धारण गर्दा अपराधको गम्भीर्य, अपराध गर्दाको परिस्थिति र प्रचलित कानूनी व्यवस्था हेर्नुपर्ने ।

२५. नेपाल सरकार वि. राजेन्द्र गोपाल राजभण्डारीसमेत (ने.का.प. २०७७, अंक १०, नि.नं. १०५८३)

- अपराधको गम्भीरता र सजायको मात्राबीच सामजस्यता र तादात्म्यता न्यायोचित र हपेक्षित हुन्छ । कसूर गर्दाको अवस्था र अपराधमा आरोपितको संलग्नता र भूमिकासमेतलाई दृष्टिगत गरी सजायको मात्रा निर्धारण गर्दा नै न्यायको मकसद पूरा हुन जान्छ । यो मान्यतालाई नजर अन्दाज गरी कसूर स्थापित हुँदैमा कानून बमोजिमको अधिकतम हदको सजाय गर्दा न्यायको मकसद गर्न गई अन्यायपूर्ण अवस्थाको सिर्जना हुने खतरा रहने ।

२६. हरिकृष्ण भुजेल वि. उच्च अदालत तुल्सीपुर, नेपालगंज इजलाससमेत (ने.का.प. २०७८, अंक ७, नि.नं. १०६९९)

- कसूरदार एउटै वारदातमा संलग्न रहेको तर निजलाई भिन्नभिन्न कानून लाग्ने अवस्था देखिएकोले सो कसूर एउटै कसूर मान्नुपर्ने । यस्तो वारदातमा सबै सजाय एकैसाथ भुक्तान गरिने हुन्छ । तर यसरी सजाय गर्दा पनि कसूरदारका कसूरजन्य कार्यको समग्रता (Total Criminality) लाई भने अदालतले सदा विचार गर्नुपर्ने ।
- कसूरदारको कसूरमध्ये अधिकतम हदको सजाय भइसकेकोमा सोमा गाभ्ने गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने । समग्रताको सिद्धान्तलाई सजाय गर्ने क्रममा न्यायालयले सधैं मनन गर्नुपर्ने ।
- अदालतको काम बढी सजाय गर्ने नभई उपयुक्त सजाय गर्ने हो । यो अङ्क गणितीय हिसाब जस्तो नभई विवेक र सावधानीबमोजिम सजाय तोक्ने र पुनरावलोकन गर्ने कुरालाई न्यायकर्ताले दृष्टिगत गर्नु आवश्यक देखिने ।

२७. प्रदिप पराजुली वि. नेपाल सरकार (ने.का.प. २०७८, अंक ७, नि.नं. १०७००)

- मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ को व्यवस्थामा कसूरको गम्भीरता घटाउने अवस्थाहरू देखिन्छ । कुनै पनि कसूरमा कसूरदार देखिँदादेखिँदै पनि उक्त व्यवस्थामा उल्लेख भएका अवस्था तथा परिस्थितिहरू विद्यमान भएमा न्यायकर्ताले आफ्नो स्वविवेकको अधिकार प्रयोग गरी सजाय निर्धारण गर्दाको बखत सो कुरालाई आधार मान्न सक्ने ।
- गर्भवती महिलालाई घाँटीमा सलले कसी मारी लतार्दै लगी पुलबाट नदीमा फाल्ने जस्तो क्रूर अमानवीय अपराध गर्ने प्रवृत्तिको हकमा कसूरको गाम्भीर्य घटाउने मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ को प्रावधान आकर्षित नहुने ।

२८. मिलन लामा वि. उच्च अदालत पाटनसमेत (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६३)

- फौजदारी कसूरमा कसूरदारलाई सजाय कार्यान्वयन गर्दा कसूर गर्दाको समयमा प्रचलित कानूनभन्दा सजाय कार्यान्वयनको समयमा घटी सजाय हुने गरी कानूनी व्यवस्था भएको अवस्थामा घटी सजाय नै कार्यान्वयन गर्नुपर्ने।
- प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं । को उक्त प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्थाअनुसार कसूर गर्दाको समय र अवस्थाबमोजिम तोकिएका खासखास अवस्थाहरूमा मात्र एकपछि अर्को (Concurently) कैद भुक्तान गर्नुपर्ने भन्ने देखिने ।
- कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात् गरिएको पाइने । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा कसूर कायम भई कैद सजाय भोगिरहेकाको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसूर कायम भई सोबापत सजाय गर्दा साथ साथै एकैपटक (कोन्कुर्-एन्त्ली) भुक्तान हुने भन्ने र कुनै कसूरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ । ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसूरमा सजाय भोग्नुअघि अर्को कसूरबापत सजाय भएको अवस्था भनी बुझ्नुपर्ने । अन्यथा विधायिकाले ऐ ।ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन । तसर्थ ऐ । ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको उद्देश्यको अन्तरनिहित उद्देश्य पराजित हुने ।

२९. महेन्द्र पासी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (मुद्दा नं. ०८१-WF-०००७)

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम कैदकट्टाको कारवाही प्रक्रियामा सो ऐनबमोजिम जारी "फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ (तेस्रो संशोधन, २०८१ द्वारा संशोधित) को नियम ५ को उपनियम (१) को देहाय (घ१) र ऐजन नियमावलीको अनुसूची रक." ले पीडितको सहमति अनिवार्य गरेकोमा माथिका प्रकरणहरूमा गरिएको संवैधानिक तथा कानूनी

व्यवस्थाको विवेचना समेतका आधारमा उक्त व्यवस्था अपराध पीडित संरक्षण ऐन, २०७५ को व्यवस्था तथा सोको मर्म र भावनाअनुकूल समेत नदेखिएकाले उक्त कानूनी व्यवस्था आजैका मितिदेखि लागू हुने गरी निष्क्रिय घोषित गरिएको छ।

- साथै, यस अदालतको पूर्ण इजलासबाट निवेदक भारती शेर्पा विरुद्ध राष्ट्रपतिको कार्यालयसमेत (नेकाप २०८१, अङ्क ५. नि.नं. ११२७७) भएको उत्प्रेषण समेतको रिट निवेदनमा कैदकट्टीको प्रक्रियामा पीडितको सहमति अनिवार्य रुपमा आवश्यक पर्ने गरी मिति २०८०।०७।१६ मा भएको आदेश (फैसला) को प्रकरण ३७ को परमादेश जारी गरिएको विषयको देहाय (ग) मा, "कैदकट्टी गर्ने/ कम गर्ने, छोट्याउने वा मिनाहा दिने जस्ता प्रक्रियामा पीडित पक्षको सहमति/मन्जुरी लिने प्रक्रियालाई... कानूनमा (ऐन वा नियमावलीमा) आवश्यक र उचित व्यवस्था मिलाउनू भन्ने अंश माथि विवेचित संवैधानिक तथा कानूनी व्यवस्थाअनुकूल नदेखिएकाले आदेशको उक्त अंशसम्म आजैका मितिदेखि लागू हुने गरी बदर घोषित (prospective overruling) गरिएको छ।
- अब उप्रान्त, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७, बमोजिम कैदकट्टी गर्ने विषय वा नेपालको संविधानको धारा २७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम सजायमा माफी, मुलतबी, परिवर्तन वा कमी गर्ने विषयमा निर्णय गर्दासमेत संविधान तथा कानूनप्रदत्त स्वविवेकीय अधिकारको दुरुपयोग गरी स्वेच्छाचारी ढङ्गले निर्णय हुन नसक्ने र कानूनबमोजिम निश्चित मापदण्डमा आधारित भई न्यायोचित र पारदर्शी ढङ्गले मात्र निर्णय गर्न अत्यन्त आवश्यक भएकाले सो सम्बन्धमा देहायबमोजिम गर्नू, गराउनू भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरिएको छः-
  - (क) नेपालको संविधानको धारा २७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम गरिने सजाय माफी, मुलतबी, परिवर्तन वा कमी गरिने विषय र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम कैदकट्टा गरिने सम्बन्धी विषयको प्रकृति, उद्देश्य र प्रक्रियासमेत अलग-अलग भएको तथा कैदकट्टा सम्बन्धी विषय संविधानबमोजिम राष्ट्रपतिमा निहित विशेषाधिकारको प्रयोग गरी गरिनुपर्ने विषय नभई कैद सजाय कार्यान्वयन सम्बन्धी नीति अन्तर्गत कैद सजायमा छुट दिने विषयसम्म देखिएकाले उक्त विषयलाई माफीको विषय वा प्रक्रियासँग अलग गरी सो विषयलाई राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने विद्यमान कानूनी अवस्थामा संशोधन गरी उक्त विषय नेपाल सरकारकै निर्णयबाट अन्तिम हुने गरी आवश्यक र उपयुक्त कानूनी प्रबन्ध गर्नु, गराउनू ।
  - (ख) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम कैदकट्टा गर्ने प्रयोजनका लागि कसूरदारको चालचलनमा सुधार आए नआएको विषयमा आवधिक मूल्याकन गर्न प्रत्येकवर्ष ६।६ महिनाको अन्तरालमा कम्तीमा दुईपटक कैदीहरूको आचरणको मूल्याङ्कन गर्ने र कुनै कैफियत भए सोसमेत जनाई कैदीको आचरण मूल्याङ्कन सम्बन्धी अभिलेख अनिवार्य रुपमा राखे एवम् सो अभिलेखबाट कुनै पनि कैदी निरन्तर कारागारमा रही आचरणमा सुधार आएको देखिएमा मात्र कैदकट्टीको सुविधा प्रदान गर्नका लागि सिफारिस गर्न सकिने गरी आवश्यक कानूनी प्रबन्ध गर्नु, गराउनू।
  - (ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम माफी, मुलतवी सम्बन्धी प्रक्रिया

वा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम कैदकट्टी गर्ने वा मुद्दा फिर्ता लगायतका नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुनुपर्ने कसूरदारलाई सुविधा दिने विषयमा गृह मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष निर्णयको प्रस्ताव पेस गर्नुपूर्व त्यसरी सजाय माफी, मुलतबी गर्न लागिएको वा कैदकट्टी गर्न लागिएको कसूरदारको मुद्दा वा अभियोगको प्रकृति, फैसला गर्ने निकाय, ठहरेको सजाय, कैद सजाय भोगेको र बाँकी अवधि तथा माफी, मुलतवी वा कैदकट्टी गर्न सिफारिस गर्नु पर्नाको कारण समेतको विवरण खुलाई महान्यायाधिवक्ताको कार्यालयमा पठाउने। उक्त कार्यालयले सो सम्बन्धमा पीडित वा सर्वसाधारण जोसुकैले तोकिएको समयभित्र भौतिक रुपमा स्वयम् उपस्थित भई वा विद्युतीय वा अन्य उपयुक्त माध्यमद्वारा आफ्नो राय, प्रतिक्रिया वा धारणा व्यक्त गर्न सक्ने गरी उपयुक्त पद्धतिको निर्माण गरी कार्यालयको वेबसाइटमा वा सार्वजनिक सञ्चार माध्यममा सूचना वा विवरण सार्वजनिक गर्ने एवम् प्रस्ताववमोजिम कसूरदारको सजायमा माफी, मुलतवी वा कैदकट्टा हुनु पर्ने, नपर्ने सम्बन्धमा प्राप्त पीडित वा सरोकारवालाको धारणा समेतलाई विचार गरी सो सम्बन्धमा आफ्नो रायसहित गृह मन्त्रालयमा प्रतिवेदन पेस गर्ने र सोउपर माफी, मुलतवी सम्बन्धी विषय भए राष्ट्रपतिको कार्यालयबाट र कैदकट्टी सम्बन्धी विषय भए नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय हुँदा पीडितको धारणा सम्बन्धमा प्राप्त प्रतिवेदन समेतलाई विचार गरी उपयुक्त निर्णय गर्नुपर्ने गरी आवश्यक कानूनी प्रबन्ध गर्नु, गराउनू।

(घ) फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ मिति २०७६।०१।२३ मा लागू भएको देखिँदा सो पूर्वको वारदातमा प्रचलित कानूनबमोजिम सजाय ठहर भएका कैदीहरूको हकमा तत्काल प्रचलनमा रहेको कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) बमोजिम तोकेको अवधि भुक्तान भएको र आचरणमा सुधार आएको देखिएमा सोही नियमावलीको प्रावधान बमोजिम कैद छोट्याउने सिफारिस गर्न सकिने सम्बन्धमा विपक्षी कारागार व्यवस्थापन विभागले कारागार कार्यालयहरूलाई आवश्यक परिपत्र गर्नु, गराउनु।

कार्यविधि सम्बन्धी

१. पुष्पा महर्जन वि. काठमाडौं नगर पञ्चायतसमेत (ने.का.प २०४३, अंक ४, नि.नं. २६८०)
२. कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प.२०६६, अंक ५, नि.नं. ८१३९)
३. ब्रम्हानन्द झा वि. अजयानन्द झासमेत (ने.का.प.२०६७, अंक ८, नि.नं. ८४४९)
४. श्रृजना लिम्बू वि. पिताम्बर लिम्बूसमेत (ने.का.प.२०७०, अंक ११, नि.नं.९०७६)
५. हिमेशकृष्ण खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३०)
६. राजमान शाक्य वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४४४)
७. रूपक भण्डारी वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प.२०७२, अंक १२, नि.नं.९५१७)
८. माधवराज घिमिरे वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प.२०७३, अंक ६, नि.नं.९६१०)
९. मोतीबहादुर प्रसाई वि. सुनसरी जिल्ला अदालतसमेत (ने.का.प.२०७४, अंक २, नि.नं.९७५६)
१०. निमेश लाखे वि. ललितपुर जिल्ला अदालतसमेत (ने.का.प.२०७४, अंक २, नि.नं. ९७६८)
११. ईश्वर बोगटी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७७४)
१२. रुविना (विना) सिंह डंगोल वि. नेपाल सरकारसमेत (ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४२)
१३. मालपोत अधिकृत वि. मीनबहादुर अर्यालसमेत (ने.का.प.२०७४, अंक ९, नि.नं.९८६९)
१४. रामेश्वर नायक वि. विशेश्वर नायकसमेत (ने.का.प.२०७४, अंक १२, नि.नं.९९१५)
१५. प्रकाश जंग राणा वि. गीतारानी हमाल (ने.का.प.२०७५, अंक १, नि.नं.९९२३)
१६. अमरनाथ अमात्य वि. सुब्बा पुलामी मगर (ने.का.प. २०७५, अंक १, नि.नं. ९९२७)
१७. असर्फी महतो केवट वि.जिल्ला प्रहरी कार्यालय, पर्सासमेत (ने.का.प.२०७५, अंक १, नि.नं.९९३७)
१८. शारदा पाण्डे वि. नेपाल सरकारसमेत (ने.का.प. २०७५, अंक ५, नि.नं. १००२०)
१९. विष्णुमाया मुरी मगर वि. उच्च अदालत पाटन, ललितपुरसमेत (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७२)
२०. चित्रप्रसाद पौडेल वि. उच्च अदालत पाटन, हेटौडा इजलाससमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७५)
२१. कल्पित पराजुलीसमेत वि. नेपाल सरकारसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२३३)
२२. सुशिला थाम्सुहाङ वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२३५)
२३. खुलबहादुर कुवँर वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०)
२४. नेपाल सरकार वि. साहेब महतोसमेत (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२०)
२५. गाण्डिव काफ्ले वि. उच्च अदालत पाटन समेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९११)
२६. नेटु हाउजिङ प्रा.लि. वि. मानवीय बचत तथा ऋण सहकारी संस्था लि. (मुद्दा नं. ०८०-RE-०३४९)
२७. लि छेन वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७८)
२८. बज्रसिं लामा वि नेपाल सरकार (ने.का.प.२०८०, अंक २, नि.नं. ११३८८)
२९. ओम साई आयल स्टोर वि. नेपाल आयल निगम लि.समेत (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०५२)
३०. गंगाराम पासीसमेत वि. ज्ञानमूर्ति कुर्मी (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६७)
३१. अङ्गकुस भगत वि. जिल्ला सरकारी वकील कार्यालय, मोरङसमेत (ने.का.प. २०८१, अक ११, नि.नं. ११३६५)
३२. विष्णुप्रसाद ढुंगानासमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत (मुद्दा नं. ०८०-WF-००५२)

१. पुष्पा महर्जन वि. काठमाडौं नगर पञ्चायतसमेत (ने.का.प २०४३, अंक ४, नि.नं. २६८०)

- हकदैया नै नभएको कुरामा प्रतिवाद गर्ने मौका नदिएकोले प्राकृतिक न्याय सिद्धान्तको विपरीत भयो भन्न सकिने अवस्था नदेखिने ।

२. कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प.२०६६, अंक ५, नि.नं. ८१३९)

- प्रत्येक अपराधका आ—आफ्नै चरित्र हुन्छन् र एउटै ऐनअन्तर्गतका कसूर हुँदैमा सबै समान हैसियत र अवस्थाका हुँदैनन् । तिनीहरू मध्ये कुनै कम गम्भीर अपराध मानिन सक्छन् भने कुनै अत्यन्त गम्भीर प्रकृतिका पनि हुन सक्छन् । अपराधको गम्भीरताका आधारमा त्यसमा संलग्न व्यक्तिलाई पनि फरक—फरक व्यवहार र फरक—फरक सजायको व्यवस्था गर्न नसकिने भन्न नहुने ।
- मुद्दा हेर्ने न्यायाधीश वा अधिकारी समक्ष पेश भएका तथ्य एवं प्रमाणहरूको मूल्याङ्कन एवं न्यायिक मनको प्रयोग गरी निष्कर्षमा पुग्ने प्रक्रिया नै वास्तवमा स्वच्छ सुनुवाइको प्रक्रिया हो । त्यस्तो प्रक्रियामा प्रमाणहरूको मूल्याङ्कन र न्यायिक मन र न्यायिक विवेकको प्रयोग गर्न पाउने न्यायिक निकायको अधिकारलाई कुण्ठित तुल्याउने वित्तिकै त्यहाँ न्याय संभव हुँदैन, त्यस्तो अवस्थामा मुद्दा हेर्ने अधिकारीले दिने नि.न. न्यायिक नि.न. भै यान्त्रिक निर्णय हुन जाने ।
- अभियुक्तलाई मुद्दा चलाएपछि थुनामा राखेरै कारवाही गर्नुपर्ने र त्यसको न्यायपूर्ण विकल्प मुद्दा हेर्ने अधिकारीले खोज्नै नपाउने हो भने अभियोगपत्रका साथ अभियुक्तलाई अदालतसमक्ष पेश गर्ने, अभियुक्तलाई सफाइको मौका दिने, कानून व्यवसायीहरूद्वारा बहस गरिने र त्यस क्रममा असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराई निजकोसमेत प्रतिनिधित्व सुनिश्चित गरिने लगायतका स्वच्छ सुनुवाइका प्रक्रियाहरू अवलम्वन गर्नुको औचित्य नरहने।
- कुनै कानूनको गम्भीर प्रकृतिका अपराधहरूको नियन्त्रण र त्यस्ता अपराधबाट पीडित बनेका पक्षहरूको संरक्षण र पुनस्थापनको उद्देश्य हुन सक्दछ, तथापि त्यस्ता कानून न्याय र न्यायका मान्य सिद्धान्त विपरीत जान नहुने ।
- असाधारण अधिकारको प्रयोग सम्बन्धमा अदालतले सावधानी र होसियारी वर्तनु पर्ने हुन्छ । कानूनको न्यायिक पुनरावलोकन गरी त्यसलाई बदर घोषित गर्दा उत्पन्न हुनसक्ने परिणामहरूलाई अदालतले गम्भीरताका साथ लेखाजोखा गर्नुपर्ने ।

३. ब्रम्हानन्द झा वि. अजयानन्द झासमेत (ने.का.प.२०६७, अंक ८, नि.नं. ८४४९)

- फैसलाको ठहर खण्डमा एउटा निष्कर्षमा पुगी सकेपछि सो ठहरको भावनाअनुकूल तपसील खण्डमा बोल्न सकिएन भने त्यहाँ न्यायको मनसाय दिशाभ्रमित हुन जाने ।
- फिराद दावी एवं प्रतिउत्तर जिकिर हेरी तथ्यको बिवेचना गरी ठहर निष्कर्षमा पुगिसकेको कुरामा फैसलाको ठहर खण्डमा असर नपर्ने गरी ठहर खण्डको भावनाअनुकूल गरिने संशोधन आदेश फैसलाको एक अभिन्न अंगको रूपमा मानिने कानूनी व्यवस्था रहेको र संशोधनको व्यहोरा फैसलाकै रूपमा कार्यान्वयनसमेत गर्नुपर्ने ।
- पुनरावेदन तहको अदालतले कुनै आदेश गर्न तल्लो अदालत वा निकायमा मुद्दा विचाराधीन अवस्थामा रहनुपर्ने र त्यस्तो विचाराधीन अवस्थाको मुद्दामा भएको कुनै कामकारवाही म्यादविहीन वा वेरीतको भन्ने देखिनुपर्ने ।

- पुनरावेदन तहबाट तल्लो अदालतले गरेको फैसलाको वा त्यस्तो फैसलामा भएको संशोधनको विषयलाई हेरी जाँची त्यस्तो फैसला वा संशोधन मिले नमिलेको भन्ने हदसम्म बोली हस्तक्षेप गर्ने अधिकारसमेत रहेको भनी फैसलाको मूलभूत उद्देश्यलाई भ्रमित पार्ने गरी परीवर्तन गर्ने अधिकार रहेको मान्न नसकिने ।
- फैसलामा भएको लेखाई वा टाइपको भूल यति नै अवधिभित्र सच्याउनु पर्छ भनी कानूनद्वारा समय सीमा किटान नगरिएको अवस्था हुँदा त्यस्तो फैसला कार्यान्वयन हुनु पूर्व अर्थात् ऐनद्वारा तोकिएको कार्यान्वयनको अवधि व्यतीत नहुँदै जुनसुकै अवस्थामा पनि भूल सुधार गर्न सकिने ।
- ऐनमा यो यति समयावधिभित्र फैसला संशोधनका लागि जानुपर्ने भनी उल्लेख नभएको अवस्थामा न्यायको फराकिलो दायरालाई संकुचित पार्ने गरी यति समयावधिभित्र संशोधनका लागि जानु अनिवार्य हुने भनी अनुमानका भरमा निष्कर्ष निकाल्न नमिल्ने ।
- ठहर खण्डमा बोलिएको व्यहोरालाई कार्यान्वयनमा सरल र सहज बनाउने उद्देश्यले गरिएको संशोधन फैसलाकै एक अभिन्न अंगको रूपमा रहे बसेको अवस्थामा सो संशोधन आदेशलाई अ.वं.१७ नं.को सीमित कानूनी व्यवस्थाको परिधिभित्र रहेको भनी न्याय प्रशासन ऐन, २०४८ को दफा १६ अन्तर्गत हेरिने अन्तरकालीन आदेशको समकक्षमा राखी सोउपर निवेदन लिई अन्तिम फैसलामा तात्विक असर पर्ने गरी जिल्ला अदालतको आदेश बदर गरेको पुनरावेदन अदालतको आदेशमा अधिकारक्षेत्रात्मक त्रुटिसमेत देखिने ।

४. श्रृजना लिम्बू वि. पिताम्बर लिम्बूसमेत (ने.का.प.२०७०, अंक ११, नि.नं. ९०७६)

- मुलुकी ऐन, अ.वं. १९३ नं. ले प्रदान गरेको पुनरावेदन गर्न पाउने कानूनी हकलाई अनुचित बन्देज लगाउने गरी साधिकार निकाय अदालतले कागज गराएको त्यस्तो कार्यलाई कानून बमोजिमको कार्य भन्न नमिल्ने ।
- फैसला भएको मितिमा कुनै पक्षले फैसला सुनी पाएको कागज गरेको छ भने त्यो मितिबाट पुनरावेदन गर्ने म्याद शुरू हुन्छ । त्यसमा सम्बन्धित पक्षले पुनरावेदन गर्दछ वा गर्दैन भन्ने कुनै कुराले अर्थबोध राख्दैन । तर फैसला सुनिपाएको कागज गर्दा गराउँदा सम्बन्धित अदालतले कानूनको म्यादभित्र पुनरावेदन गर्नेछु भनी कागज गराउनुपर्नेमा सोविपरीत पुनरावेदन गर्ने छैन भनी शर्त उल्लेख गरी कागज गराउनु पुनरावेदन गर्न पाउने हकलाई अनुचित बन्देज लगाउनु हो ।
- कानूनले दिएको पुनरावेदन गर्ने हकलाई कानून बमोजिम पुनरावेदन गर्नेछु भनी कागज गराउनुपर्नेमा सो विपरीत पुनरावेदन गर्ने छैन भनी अदालतले कागज गराउँदैमा कुनै पनि व्यक्तिको पुनरावेदन गर्ने हक त्यसरी गराइएको कागजले हनन् गर्न नसक्ने ।

५. हिमेशकृष्ण खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प.२०७१, अंक ३, नि.नं. ९१३०)

- अदालती बन्दोवस्तको २०८ नं. को उक्त व्यवस्थाबाट आरोपित व्यक्तिलाई प्रतिवाद गर्न आफ्नो हकमा प्रमाण प्रस्तुत गर्नबाट रोकिएको नभै उक्त व्यवस्थाले प्रतिवाद नगर्ने पक्षहरूका सन्दर्भमा मात्र पुनरावेदन नलाग्ने भनी व्यवस्था गरेको देखिने ।
- प्रतिवाद नगर्ने पक्षको सन्दर्भमासमेत न्यायिक निष्कर्षमा पुग्नुपर्ने अवस्थामा वादी पक्षबाट प्रस्तुत भएका प्रमाणहरू एवम् मुद्दाको निर्णय गर्नुपर्ने विषयको सम्बन्धमा बुझ्नुपर्ने प्रमाणको मूल्याङ्कन एवम् परीक्षण

गर्नुपर्ने नै हुन्छ तर स्वेच्छाले प्रतिवाद नै नगरी बस्ने पक्षको सम्बन्धमा निजको नाउँमा जारी भएको समाह्वान इतलायनामा रीत पूर्वकको भए नभएको हेरी न्याय निरूपण गर्नुपर्ने भएपनि जुन पक्षले स्वेच्छाले प्रतिवाद नगरी बसेको छ त्यस्तो पक्षलाई पुनरावेदन गर्ने अवसर प्रदान गर्नैपर्ने कुरालाई कार्यविधिगत न्यायिक प्रक्रियाको दृष्टिले समुचित मान्न नसकने ।

- अदालती बन्दोवस्तको २०८ नं. अनुसार पुनरावेदन नलाग्ने व्यवस्था स्वेच्छाले प्रतिवाद नगर्ने पक्षहरूको सम्बन्धमा भएको र त्यसबाट मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझ्नुपर्ने भन्ने नभै सम्बन्धित प्रमाणहरूको मूल्याङ्कनबाट न्याय निरूपण गर्नुपर्ने कुरामा स्वच्छ सुनुवाइ हुनुपर्ने कुरामासमेत बाधा पुगेको नदेखिनाले कार्यविधिगत कानूनलाई व्यवस्थित गर्न भएको उक्त व्यवस्थालाई बदर गर्न पर्ने भनी परेको निवेदन दावी अनुसार उत्प्रेषण आदेशसहितको रिट जारी गरी रहन नपर्ने ।

६. राजमान शाक्य वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७२, अंक ७, नि.नं. ९४४४)

- मुलुकी ऐन अ.वं. ११ नं. ले म्यादमा उल्लिखित व्यक्ति भेट भएन वा चिन्न सकिएन वा निजको घरद्वार पनि फेला परेन भने त्यस्तो म्याद तामेल गर्न हुँदैन भनी निषेधात्मक व्यवस्था गरेको देखिँदैन । घरद्वार उल्लेख भएको तर तामेलदारले त्यस्तो पत्ता पाउन नसकेकामा त्यस्तो म्याद तामेल नगरी त्यसै फर्काएर ल्याउने कुरा नहुने ।
- ऐनले बेरीतपूर्वक म्याद तामेल भएको सम्बन्धमा हदम्यादको व्यवस्था गरि दिएको अवस्थामा उक्त २०८ नं. को बेवास्ता गरी रिट जारी गर्नु उपयुक्त हुँदैन । अ.वं. २०८ नं. एक बाध्यात्मक व्यवस्था हो । निवेदकका नाममा अदालतले आफ्नो क्षमताले भ्याएसम्म म्याद तामेल गर्न खोजेको तर निवेदकको घरद्वार पत्ता १७१ नलागेकाले निवेदक बसेको वडा कार्यालयमा म्याद बुझाएर आफ्नो दायित्वलाई कानून बमोजिम पूरा गरेको कार्यबाट निवेदक सुनवाइको मौकाबाट वञ्चित भएको भनी मान्न र प्रस्तुत विवादमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्न नमिल्ने ।

७. रूपक भण्डारी वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प.२०७२, अंक १२, नि.नं.९५१७)

- नागरिकता प्रमाणपत्रको वतन जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ वा स्थानीय स्वायत्त शासन ऐन, २०५५ वा नागरिकता ऐनलगायतका त्यस्तै अन्य ऐन नियमबमोजिमको प्रमाणित लिखत र कामकारवाहीबाट परिवर्तन नभएसम्म गा.वि.स.को एकतर्फी सिफारिसको कुनै अर्थ छैन । यो अदालतले सिफारिस होइन कानून बमोजिमको लिखत प्रमाणको अभिलेख खोज्छ । बालुवा गा.वि.स. वडा नं. ६ मा रहेको निवेदकको घर यथावतै रहेको अवस्थामा सोबाहेक कदाचित निवेदकको अन्यत्र पनि वतन रहेको देखिँदैमा पुख्यौंली थलोको वतन अमान्य हुने भन्न नमिल्ने ।
- म्याद तामेल गर्न अदालतको तामेलदार सम्बन्धित वतनमा गएको समयमा गा.वि.स. सचिव फेला नपरेमा के तामेलदार फर्केर आउने गम्भीर प्रश्न छ । मुद्दाको प्रशस्त चाप रहेको समयमा एउटै कामको लागि अदालत र अदालतको कर्मचारीले पटकपटक श्रम समय र जनताको धनको खर्च गर्नु र ढिलो न्याय अन्याय भन्ने न्यायको मान्य सिद्धान्तलाई अनदेखा गरी फर्की आउनु झन अन्यायपूर्ण हुने ।
- विवादित म्याद तामेली हुँदा गा.वि.स.हरूमा निर्वाचित वा मनोनित गा.वि.स. अध्यक्षलगायत सदस्यसमेतका पदाधिकारी कायम देखिँदैनन् । गा.वि.स.का अध्यक्ष र सदस्यहरू कायम रहेका अवस्थामा तहसिलदारको काम निक्कै सहज हुन्छ । उसले सहजरूपमा सम्बन्धित पदाधिकारी फेला पारी म्याद तामेल गर्न सक्छ ।

तर ती कायम नरहेका अवस्थामा सचिवउपर अत्यधिक कामको भार बढ्ने र निज भेट नहुने अवस्था प्रायः आइरहन्छ । सचिव भनेको गा.वि.स.को प्रशासकीय देखि सबै काम गर्ने पदाधिकारी हो । उसको एउटा मात्रै काम हुँदैन । यस स्थितिमा सचिव भेट नभए तामेलदार फर्की आउनु पर्ने भनी भन्दा कानूनको भूमिका र कार्य न्यायको सहयोगी नभै न्यायको विरोधी हुन पुग्छ । म्याद तामेली नै अवरूद्ध हुने गरी अ.वं. ११० नं. को म्याद तामेलीलाई सतही र प्राविधिक हिसाबले मात्र हेर्नु उपयुक्त नहुने ।

८. माधवराज घिमिरे वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प.२०७३, अंक ६, नि.नं.९६१०)

- कुनै पनि व्यक्तिको वतन कुन स्थानलाई मान्ने भन्नेसम्बन्धमा व्यक्तिको वतन निजको जन्म, घर जग्गा रहेको स्थान, कुनै उद्योग व्यवसाय गर्दा रहे बसेको स्थान आदि फरक फरक रहन सक्दछ । वतन स्थायी वा अस्थायी हुन सक्छ, व्यक्तिको वतन निज तत्काल बसोबास गरेको स्थानका आधारमा पनि निर्धारण गरिने विषय हुने ।
- कुनैपनि व्यक्तिको वतन कायम हुन निज बसोबास गर्ने गरेको घर निजको नामको हो होइन भन्ने कुराले निर्धारित गर्ने नभई निजको बसोबासले निर्धारण गर्ने हुन्छ । निवेदकको तत्कालको वतन सहकारीको माइन्युट र निवेदन व्यहोरासमेतबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ पुष्टि भएको हुँदा आफ्नो वतन सर्लाहीमा म्याद जारी नभएको त्रुटिपूर्ण भन्ने निवेदन दाबी औचित्यपूर्ण मान्न नमिल्ने ।
- तामेली म्याद स्रेस्तेदारसमक्ष पेश भई स्रेस्तेदारले प्रतिवादीको अर्को वतन छ, छैन सो सम्बन्धमा खुलाई पठाउन जिल्ला सरकारी वकील कार्यालयलाई लेखी पठाई खुली आएको वतनमा पुनः म्याद जारी गर्ने भनी आदेश गरेको तर उक्त तामेली म्याद बदर गरेको भने देखिन्न । एकपटक रितपूर्वक तामेल भई आएको तामेली म्याद बदर नगरेसम्म सो म्यादको कानूनी अस्तित्व रही रहने र सोही म्यादका आधारमा म्यादवालालाई सुनुवाइको मौका प्रदान भएको भनी मान्नुपर्ने ।
- प्रतिवादीको वतनमा एकपटक रीतपूर्वक म्याद तामेल भई तामेली म्याद मिसिल संलग्न भएकोमा उक्त म्याद बदर नगरी अर्को वतन भए खुलाउन स्रेस्तेदारले आदेश गरी अघि रितपूर्वक म्याद तामेल भएको वतन नै खुली आएको अवस्थामा पछिल्लो तामेली म्याद मिसिल संलग्न नहुँदैमा अघिल्लो तामेली म्याद अन्यथा नहुने हुँदा म्यादवालाले सुनुवाईको मौका नपाएको भन्न मिल्ने नदेखिने ।
- निवेदकले ठगी मुद्दामा निजका नाममा तामेल भएको सुरू म्याद नै गुजारी अदालतमा हाजिर नभई बसेका प्रतिवादीको नाममा अ.वं. २०८ नं. को कानूनी व्यवस्थाअनुरूप पुनरावेदन म्याद जारी गर्नु नपर्ने हुँदा सोही आधारमा ठगी मुद्दामा प्रतिवादी रहेका यी निवेदकका नाममा पुनरावेदन म्याद नदिएको कार्यलाई कानून प्रतिकूल मान्न नमिल्ने ।

९. मोतीबहादुर प्रसाई वि. सुनसरी जिल्ला अदालतसमेत (ने.का.प.२०७४, अंक २, नि.नं.९७५६)

- जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क(१)(ख) मा अ.वं.११० नं. बमोजिमको तोकिएका प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गराउन सकिने व्यवस्था गरेको छ । उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको समाचारपत्रमा सार्वजनिक सूचना जारी गरिसकेपछि पनि निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था रहँदैन । सार्वजनिक सूचना जारी गर्नुको उदेश्य सम्बन्धित सबैले सूचना थाहा पाएको हुन्छ भन्ने अनुमान गर्नु हो । मुलुकी ऐन, अ.वं.११० नं. बमोजिमको प्रक्रियाबाट म्याद तामेल हुन नसकेको अवस्थामा सार्वजनिक सूचना

जारी गरेर प्रतिवादीको नामको म्याद तामेल गर्न नमिल्ने भन्ने हो भने कतिपय अवस्थामा प्रतिवादीका नाममा सूचना म्यादतामेल गर्न नसकिने अवस्था आईपर्छ । यसबाट अदालतमा विचाराधीन रहेका मुद्दामा अनन्तकालसम्म म्यादतामेल हुन नसकी न्यायनिरूपण गर्नेकार्य असम्भव हुन गई अन्तत यसबाट सम्पूर्ण न्यायिक प्रक्रिया नै अन्योलग्रस्त हुन जाने ।

१०. निमेश लाखे वि. ललितपुर जिल्ला अदालतसमेत (ने.का.प.२०७४, अंक २, नि.नं. ९७६८)

- अदालतले मुद्दाको कारवाहीको क्रममा माग गरेको धरौट राखी मुद्दाको कारवाहीमा रही रहेको अवस्थामा सो मुद्दामा भएको फैसला आफूलाई जानकारी नै नभएको भन्ने भनाइ तर्कसङ्गत देखिन नआउने ।
- म्याद तामेलीको उद्देश्य भनेको सम्बन्धित व्यक्तिलाई निज विरूद्ध हुन लागेको कामकारवाही बारे जानकारी गराई आफ्नो प्रतिरक्षा गर्ने मौका प्रदान गर्नु हो । जसले व्यक्तिको स्वच्छ सुनुवाइको अधिकारलाई सुनिश्चित गर्दछ । अदालती कारवाहीमा म्याद तामेल प्रक्रियालाई सरल, सहज तथा वास्तविक बनाउनका लागि कानूनमा नै व्यवस्था गरेको पाइन्छ । म्याद तामेली जस्तो प्रक्रियागत कुरामा कुनै यान्त्रिक नियम लागू भयो भएन भन्ने कुरा भन्दापनि सम्बन्धित व्यक्तिले त्यस्तो सूचना यथासमयमा प्राप्त गर्ने कुरा महत्वपूर्ण हुन आउने ।
- फैसला बमोजिम असुल गर्न कसिएको दण्ड सजाय असुल नभएसम्म सो फैसलाले सार्थकता पाउँदैन । कार्यान्वयन हुन नसकेको फैसलाको वास्तविक महत्व पनि नरहने ।
- बन्दीप्रत्यक्षीकरणको मुद्दा बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने मागको आधारमा चल्ने हो । बन्दीप्रत्यक्षीकरणको मुख्य उद्देश्य गैरकानूनी थुनामा रहेको बन्दीलाई सो गैरकानूनी थुनाबाट मुक्त गर्नु हो । बन्दी थुनामा नरहेको वा कानून बमोजिम नै थुनामा रहेको वा थुनाबाट छुटिसकेको अवस्थामा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन । बन्दीप्रत्यक्षीकरणको मुद्दामा प्रथमदृष्टिमै थुनामा रहेको देखिएमा बन्दीलाई थुनामा राख्नुको कानूनसम्मत आधार र अवस्था नदेखिएको अवस्थामा बन्दीलाई थुनामुक्त गराउन आदेश जारी हुन सक्ने ।

११. ईश्वर बोगटी वि. नेपाल सरकार (ने.का.प. २०७४, अंक ३, नि.नं. ९७७४)

- असहाय पक्षलाई कानून व्यवसायी उपलब्ध गराई स्वच्छ सुनुवाइको मौका नदिएको भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा फौजदारी मुद्दामा सुनुवाइको मौका नदिई एकतर्फी रूपमा निर्णयमा पुग्ने कार्यलाई कानूनसम्मत भएको कार्य मान्न मिल्दैन । प्रत्येक व्यक्तिले आफू विरूद्ध लागेको अभियोगमा सफाई दिने अवसर पाउने हक व्यक्तिको नैसर्गिक अधिकारको विषय हो । अभियोग लागेको व्यक्तिलाई सुनुवाइको मौका नदिई गरेको कुनै निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
- आफ्नो विरूद्धमा लगाइएको अभियोगको विरूद्धमा प्रतिरक्षा गर्नका लागि पक्षले रोजेको कानून व्यवसायी राख्न पाउने र त्यस्तो कानून व्यवसायी राख्न नसक्ने असक्षम र असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु राज्यको कर्तव्य हुन आउने ।
- सुनुवाइको मौका दिइसकेपछि आरोपित व्यक्तिले दिएको जवाफ र अन्य सम्बद्ध तथ्य वा प्रमाणको मूल्याङ्कन गरी कानूनद्वारा निर्दिष्ट सीमाभित्र रही सजाय तोक्नु अख्तियारवालाको दायित्व र कर्तव्य हो । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट बहस पैरवी गर्नका लागि पुनरावेदन अदालत, सुर्खेतले कानून व्यवसायीको व्यवस्था गर्ने कार्य नगरी सुनुवाइको मौकाबाट वञ्चित गरी निर्णयमा पुगेको कार्यलाई

प्राकृतिक न्यायको सिद्धान्त एवं संवैधानिक व्यवस्थासमेतको अनुकूल कार्य मान्न नमिल्ने ।

- आफ्नै आमालाई कुटपिट गर्दा लडी बेहोस भएपछि घरमा गई डोरी खोजी ल्याई झुन्ड्याउने कार्यलाई मनसायरहित कार्य भन्न मिलेन । मार्नेसम्मको मनसाय नभएको भए आफूले प्रहार गरेको मुक्काको कारण बेहोस भई भुइँमा लडेपछि होसमा ल्याउने प्रयास गर्न सक्ने थिए । त्यसो नगरी उल्टै डोरीको पासो लगाई झुन्ड्याई मारेको अवस्थामा मनसाय नभई तत्काल उठेको रिस थाम्न नसकी आवेशप्रेरित हत्या हुन गएको भन्न नसकिने ।

१२. रुविना (विना) सिंह डंगोल वि. नेपाल सरकारसमेत (ने.का.प.२०७४, अंक ७, नि.नं.९८४२)

- म्याद भन्नाले कुनै कामको लागि सम्बन्धित निकायमा प्रवेश गर्न पाउने कानूनले तोकेको समय हो । कानूनले यस्तो समयको निर्धारण व्यक्तिले सम्बन्धित निकायमा आउन गर्नुपर्ने तयारीमा लाग्ने समय, आउँदा लाग्ने समय, व्यक्तिको दैनिक जीवनमा अपर्झट आइपर्ने समस्या र सो कुरामा लाग्ने समयावधिकोसमेत अनुमान तथा विचार गरी निर्धारण गरिदिएको हुन्छ । कुनै पनि व्यक्ति सम्बन्धित कामको लागि सम्बन्धित निकायमा प्रवेश गर्न सहजै समय व्यवस्थापन गरी आउन सकोस् र अत्यधिक विलम्ब गरी कार्य नै प्रभावित हुने गरी पनि नआओस् भन्ने उद्देश्यले म्यादको व्यवस्था गरिएको हुने ।
- म्याद सार्वजनिक र व्यक्तिगत हितअनुकूल हुने गरी कानूनले नै निश्चितरूपमा समयावधि किटान गरी निर्धारण गरिदिएको हुन्छ र यसको व्याख्या पनि सोही आधारमा गरिनु पर्ने ।
- कानूनले निर्णय भएको मितिदेखि गणना हुने गरी म्यादको व्यवस्था गरेपनि सो निर्णय भएको थाहा नपाउने परिस्थिति भएमा उक्त म्यादको कानूनी व्यवस्था नै निष्प्रयोजित बन्न पुग्दछ । यस्तो अवस्थामा या त निर्णय भएको जानकारी सम्बन्धित पक्षलाई सम्बन्धित निकायले सोही दिन सक्नुपर्दछ या त सम्बन्धित पक्षले सो निर्णय सम्बन्धमा थाहा जानकारी पाएको मितिबाट मात्र लागू हुने गरी म्यादको गणना गर्नुपर्दछ । अन्यथा निर्णय भएको जानकारी सोही दिन पाउन नसक्ने व्यक्ति म्यादको कारण मात्र अन्यायमा पर्न जाने ।
- कानून बमोजिम भएको निर्णय वा आदेश भएको मितिले भन्ने व्यवस्थालाई सोको जानकारी पाएको मितिले भनी बुझ्नु र व्याख्या गर्नु नै न्यायोचित हुने ।

१३. मालपोत अधिकृत वि. मीनबहादुर अर्यालसमेत (ने.का.प.२०७४, अंक ९, नि.नं.९८६९)

- पूर्व निर्णय विपरीत हुने गरी त्यही विवादित विषयमा अर्को निर्णय गर्दा निर्णय अन्तिमताको सिद्धान्त विपरीत हुन जान्छ । पूर्व निर्णय रद्द वा बदर नभई यथावत कायम रहेको अवस्थामा सोही विवादित विषयमा अर्को निर्णय गर्न सम्बन्धित निकाय बन्धनकारी हुने हुँदा पूर्व निर्णयको कानूनी अस्तित्वको प्रतिकूल हुने गरी सोही निकायले अर्को निर्णय गर्न नमिल्ने ।
- सुनुवाइको मौका नदिई एक पक्षीयरूपमा गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको सिद्धान्तविपरीत भई बदर भागी हुने हुन्छ । अरू कसैको हक, भोग र स्वामित्वको जग्गा तथा सम्पत्ति अन्य कुनै निकाय वा संस्थाले आफैंले निर्णय गरी हक र स्वामित्व परिवर्तन गर्ने गरेको निर्णय तथा पत्राचार एवं सोसँग सम्बन्धित काम कारवाही प्राकृतिक न्यायको सिद्धान्तकोसमेत प्रतिकूल (Contrary to the Principle of Natural justice) हुने ।
- निवेदकलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकलाई प्रतिवाद गर्ने सुनुवाइको मौका दिनुपर्नेमा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल निवेदकलाई बुझ्दै नबुझी गरेको निर्णय कायम रहन सक्ने अवस्था नरहने ।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनाधिकार निर्देशन दिँदै जाने र सो निर्देशनको आधारमा मालपोत कार्यालयले कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनको आडमा सो निर्देशन कार्यान्वयन गर्ने हेतुले निर्णय गर्दै जाने हो भने मालपोत कार्यालयले जग्गा दर्ता गर्ने र दर्ता बदर गर्न सक्ने गरी कानूनले दिएको अधिकारको सही प्रयोग र पालना गरेको मान्न नसकिने ।

१४. रामेश्वर नायक वि. विशेश्वर नायकसमेत (ने.का.प.२०७४, अंक १२, नि.नं.९९१५)

- सारवान् कानूनलाई कार्यविधि कानूनले डोऱ्याउने हो । कार्यविधि कानून र सारवान् कानून दुवैको प्रयोगमा पक्षले आफ्नो सहभागिताबाट चुक्नु हुँदैन । सारवान् कानून र कार्यविधि कानून एकको अभावमा अर्काको अस्तित्व नरहने हुँदा अदालतले कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी सारवान् कानूनलाई मात्र हेरी मुद्दाको कारबाही किनारा गर्न नमिल्ने ।
- कार्यविधि प्राविधिक कुरा हो भनी मुद्दामा गुज्रेको तारिखलाई अनदेखा गर्ने हो भने यसले मुद्दाको काम कारबाहीमा गम्भीर असर पर्ने ।

१५. प्रकाश जंग राणा वि. गीतारानी हमाल (ने.का.प.२०७५, अंक १, नि.नं.९९२३)

- दुई पक्षबीच हकबेहकको विवाद जुन समयमा उत्पन्न हुन्छ मुद्दा गर्नुपर्ने कारण सोही समयमा सृजना भएको मान्नु पर्ने हुन्छ । यसरी मुद्दा गर्नुपर्ने कारण सृजना हुनासाथ उपचार खोज्ने हदम्याद पनि सुरू हुने ।
- हदम्यादसम्बन्धी कानूनलाई विश्रामको कानून, शान्तिको कानून पनि भनिन्छ । यसको उद्देश्य कानूनद्वारा निर्धारित समय व्यतित भएपछि मुद्दा चल्न सक्दैन भनी सुनिश्चित गराउनु हो । ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्देश्य रहने हुन्छ । कुनै पनि व्यक्तिका कानून प्रदत्त हक अधिकार हनन भएमा त्यसको प्रचलनको लागि निर्धारित हदम्यादभित्रै अदालतसमक्ष उपस्थित हुनुपर्ने अनिवार्य सर्त हो । पक्षको अनुकूलता हेरी हदम्याद विस्तार वा संकुचन हुन नसक्ने ।
- मिसिल प्रमाणबाट पुष्टि भएको वास्तविक तथ्यलाई अमान्य गरी हदम्याद कायम गराउने उद्देश्यले खिचोला भएको भनी वादी आफैंले देखाएको काल्पनिक घटनाक्रमलाई हदम्याद कायम हुने मिति कायम गरी अदालतसमक्ष आउन पाउने हो भने हदम्याद सधैं असीमित हुने हुन्छ । जसबाट हदम्यादसम्बन्धी विधायिकी कानूनको परिपालना नहुने भई न्यायिक प्रक्रिया नै अनिश्चित हुन जाने ।

१६. अमरनाथ अमात्य वि. सुब्बा पुलामी मगर (ने.का.प. २०७५, अंक १, नि.नं. ९९२७)

- सामान्यतः चिकित्सकबाट भएको कार्य सम्पादन (Performance) Standard of care भन्दा निम्नस्तरको कार्य/ व्यवहार हो अथवा घटनाको कारण यही हो भनी विशेषज्ञ (Expert) ले पहिचान गर्नसक्ने प्रकृतिको हुने भएकोले यस सम्बन्धमा विशेषज्ञको कथन महत्वपूर्ण मानिने ।

१७. असर्फी महतो केवट वि. जिल्ला प्रहरी कार्यालय, पर्सासमेत (ने.का.प.२०७५, अंक १, नि.नं.९९३७)

- कसैको जाहेरी नपरेको अवस्थामा प्रहरी कार्यालयले आफैंले वा अन्य कुनै स्रोतबाट त्यस्तो सूचना पाएमा पनि त्यस्तो सूचना वा जानकारीका आधारमा सम्बन्धित प्रहरी कार्यालयले कानूनअनुसार अनुसन्धानको कारबाही अगाडि बढाउनुपर्ने कानूनी कर्तव्य हुन्छ । त्यसैले प्रहरी कार्यालयले कानूनअनुसारको हदम्यादभित्रको नभएको वा अन्य कानूनी सीमाभित्रको नदेखिएको अवस्थामा बाहेक कुनै पनि वहानामा अपराधका सम्बन्धमा प्राप्त हुन आएका सूचना वा जानकारीलाई बेवास्ता गर्न नमिल्ने ।

- हुलाक एक सरकारी कार्यालय भएको र हुलाकबाट पठाएको कुरा सम्बन्धित ठाउँमा पुग्ने सम्बन्धमा पठाउनेले कुनै निश्चितता गर्न नसक्ने भएको तथा सोमा पठाउनेको नियन्त्रण नहुने भएको हुँदासमेत हदम्यादभित्र हुलाकमार्फत पठाएको देखिएमा सोलाई हदम्यादभित्रैको मान्नु पर्ने हुन्छ । यसमा पनि वारदात भएको मितिले सो हुलाकमार्फत पठाएको मितिसम्मलाई जाहेरी दरखास्त दर्ता गर्ने प्रयोजनका लागि हदम्यादको हिसाब गर्नुपर्ने ।
- कुनै प्रहरी कार्यालयले जाहेरी सूचनाको आधारमा कारबाही अगाडि बढाएन भने यसबाट कुनै व्यक्तिको जीउ ज्यान र हकहितमा त असर पर्ने नै हुन्छ तर यसभन्दा पनि अझ महत्वपूर्ण यसबाट समाजमा शान्ति सुरक्षा अमन चयन कायम राख्नुपर्ने प्रमुख दायित्वबाट राज्य नै विमुख भएको देखिन आउँछ । यस्तो राज्य तथा यसका निकायले दायित्व निर्वाह नगरेको विषयलाई लिएर सम्बन्धित व्यक्ति अदालतमा आएकोमा अदालतले विलम्ब गरी रिट दायर गर्न ल्याएको भनी अर्थ गर्दा राज्य र यसका निकायहरूले आफ्नो कर्तव्यबाट उन्मुक्ति पाई राज्यको अकर्मण्यता बढी समाज अराजक बन्न पुग्ने ।
- अधिकार पाउनेभन्दा पनि अझ बढी कसैको दायित्व वा कर्तव्य पालनासँग जोडिएका विषयहरूमा विलम्ब जस्ता प्राविधिक कुराहरूका आधारमा रिट खारेज गर्दा नकारात्मक परिणाम निस्कने हुन्छ । विलम्बको सिद्धान्तलाई हदम्याद जस्तो कठोर सिद्धान्तको रूपमा हेरिनु पनि नहुने ।
- आफ्नो हकहित अधिकारको प्रचलनका लागि लामो समयसम्म बेवास्ता गरी बसेको अवस्थामा मात्र विलम्बको सिद्धान्त लागू हुने हुन्छ । तर आफ्नो हकहित र अधिकारको लागि प्रयत्नशील रही उपाय अपनाइरहेको अवस्थामा समय तत्वलाई मात्र प्रधानता दिई विलम्बको सिद्धान्त लागू नहुने ।

१८. शारदा पाण्डे वि. नेपाल सरकारसमेत (ने.का.प. २०७५, अंक ५, नि.नं. १००२०)

- संविधान र प्रचलित कानून बमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ । सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानून बमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने ।
- कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने ।

१९. विष्णुमाया मुरी मगर वि. उच्च अदालत पाटन, ललितपुरसमेत (ने.का.प. २०७५, अंक ८, नि.नं. १००७२)

- जिल्ला अदालतले पक्षबाट पेश भएको प्रमाणहरूको सत्यता र त्यसको प्रमाणिक हैसियत के कस्तो हो भन्नेबारेमा कानून र तथ्यको आधारमा विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने हुन्छ । पक्षले पेश गरेको प्रमाणको सत्यता जाँच्न र त्यसले मुद्दाको विवादको विषयमा राख्ने महत्व एवं प्रमाणबारेमा मुद्दा हेर्ने अदालतले निष्कर्ष ननिकाल्दै माथिल्लो अदालतबाट सुरू अदालतले प्रमाण बुझ्ने रोहमा गरेको आदेशलाई औचित्य नरहेको भनी तल्लो अदालतको प्रमाण बुझ्ने कार्यमा हस्तक्षेप गरी उच्च अदालतबाट भएको आदेश कानूनसम्मत् देखिन नआउने ।

२०. चित्रप्रसाद पौडेल वि. उच्च अदालत पाटन, हेटौडा इजलाससमेत (ने.का.प. २०७६, अंक १, नि.नं. १०१७५)

- नगरपालिका वा वडामा म्याद तामेल गर्ने प्रक्रिया अन्तिम प्रक्रिया हो । अन्य कुनै पनि स्रोतबाट सम्बन्धित

मानिस फेला नपरेमा मात्र यो प्रक्रिया अनुसार म्याद तामेल गर्नु पर्ने हुन्छ । म्याद तामेलको उद्देश्य नै व्यक्तिलाई सुनुवाइको मौका दिनु हो, आफ्नो कुरा राख्न वा आफ्नो बचाउ गर्न दिनु हो तर यो अवसर प्रदान नगरी केवल प्रक्रिया मात्र पूरा गर्ने गरी तामेल गरिएको म्यादले मान्यता पाउन सक्दैन । त्यसरी भएको तामेली म्यादलाई रीतपूर्वक तामेल भएको म्याद भनी मान्न नमिल्ने हुँदा त्यसबाट सम्बन्धित व्यक्तिले सुनुवाइको अवसर प्राप्त गरेको मान्न नसकिने ।

- कुनै व्यक्तिको बसोबासको ठेगाना निर्धारण गर्नु पर्दा निजले त्यस प्रयोजनको लागि कुनै ठेगाना दिएको रहेछ भने सोही ठेगाना र त्यसरी ठेगाना दिएको रहेनछ भने नेपालभित्र निजले स्थायी रूपमा बसोबास गरेको ठाउँलाई निजको बसोबासको ठेगाना मान्नुपर्दछ र सोही वतनमा म्याद जारी गरी तामेल गराउनु पर्ने ।

२१. कल्पित पराजुलीसमेत वि. नेपाल सरकारसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२३३)

- अदालतबाट जारी भएका म्याद एवं आदेश सबैले पालना गर्नुपर्ने हुन्छ । म्याद जारी भई तामेल भएपछि कानून बमोजिम गठित निकाय तथा यसका पदाधिकारीहरूले आदेशको पालना गरी न्याय सम्पादन एवं विवादको सहज निकास निकाल्न अदालतलाई सहयोग पुऱ्याउनु यिनको कर्तव्य हुने ।

२२. सुशिला थाम्सुहाङ वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२३५)

- प्रतिवादीले कसूर गर्दाको अवस्था, परिस्थिति, वारदातमा निजको भूमिका र कसूरबाट निजलाई हुन गएको वा प्राप्त भएको फाइदा र पीडित वा जाहेरवालाहरूलाई पर्न गएको क्षतिका साथै प्रतिवादीको आर्थिक हैसियतलाई समेत ध्यानमा राखेर कानूनी आधारहरूसँग मेल खाने गरी अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने वा विवेकसम्मत ढङ्गले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्नुपर्ने ।

२३. खुलबहादुर कुवँर वि. जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेत (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०)

- मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्ति उपर घोर अन्याय भएको देखिएको अवस्थामा रिट क्षेत्रबाट त्यस्ता निर्णयउपर न्यायिक परीक्षण गर्न सकिने ।
- व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसूर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने ।
- निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणाम स्वरूप अनाहकमा कैदमा बस्नुपरेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनु पर्ने ।

२४. नेपाल सरकार वि. साहेब महतोसमेत (ने.का.प. २०७७, अंक १, नि.नं. १०४२०)

- गम्भीर प्रकृतिको सजाय हुने मुद्दामा कुनै कारणबाट सम्बन्धित प्रतिवादी उपस्थित हुन नआएको स्थितिमा पनि निजको प्रतिवाद गर्नेसम्बन्धी स्वच्छ सुनुवाइ (Fair trial) को अधिकार सुरक्षित हुन सकोस भन्ने अभिप्रायले न्याय प्रशासन ऐन, २०७३ को दफा १०(४) मा प्रावधान व्यवस्थित गरिएको देखिन्छ । स्वच्छ सुनुवाइको

मान्यता अनुसार यो प्रावधान ऐनमा समावेश भएको हो र यसलाई नेपालको संविधानको धारा २०(९) को सापेक्षतामा पनि हेर्न सकिन्छ । तसर्थ प्रतिवादीकी आमाले मुद्दामा अनुपस्थित रहेको छोराको हकमा भनी पेश गरेको निवेदन बेहोरालाई समेत हेरी, सोलाई समेत जानकारीमा लिई न्याय निरूपण गर्नु पर्ने ।

२५. गाण्डिव काफ्ले वि. उच्च अदालत पाटन समेत (ने.का.प. २०७९, अंक ७, नि.नं. १०९११)

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (४) ले फैसला थाहा पाएको मितिले कहिले प्रारम्भ हुने हो भन्ने सम्बन्धमा व्यवस्था गरेको छ । फैसला थाहा पाउने सम्बन्धमा यस दफाको अन्य प्रावधानमा जे सुकै लेखिएको भए तापनि फैसला भएको एक वर्षको अवधि नाघेपछि पक्षले स्वतः थाहा पाएको मानिने व्यवस्था छ । यो अवधि निर्णय सुनाएको वा फैसला प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुने हो ? होइन ? त्यसबारे कानूनमा स्पष्ट छैन । कानूनमा फैसला भएको मितिले एक वर्ष पछि स्वतः थाहा पाएको मानिने भन्ने व्यहोराले पक्षको पुनरावेदन गर्ने म्याद निर्णय सुनाएको वा फैसलाको प्रमाणिकरणा भएको मितिदेखि नभै फैसलाको पूर्णलेख तयार भै प्रकाणिकरण भएको दिनबाट एक वर्ष व्यतित भएपछि नै प्रारम्भ हुने देखिन्छ । पक्षले फैसलाको पूर्ण लेख तयार भएपछि मात्र नक्कल पाउने अवस्था हुने हँदा फैसलाको पूर्ण लेख तयार हुनु अघि निर्णय भएको दिनलाई फैसला भएको अवस्था मान्न सक्ने स्थिति देखिन आउँदैन । ऐनको दफा १३४(३) बमोजिम निर्णय हुँदाको दिन नै फैसलाको पूर्ण लेखको प्रति संलग्न राखी पक्ष वा प्रतिनिधिलाई म्याद सहित जानकारी नदिएको वा पक्ष वा प्रतिनिधिले फैसलाको नक्कल उतारेर जानकारी प्राप्त नगरेमा फैसला भएको मितिले एक वर्षपछि स्वतः थाहा पाएको मानिने भनी कानूनले अनुमान गरेको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४) को प्रावधानलाई उक्त दफाका अन्य प्रावधानहरुले निस्तेज गर्न सक्दैन । पक्षले पुनरावेदन गर्ने म्याद कहिलेबाट प्रारम्भ हुन्छ भन्ने सम्बन्धमा ऐनको दफा १३४(४) को प्रावधान नै पक्षको हितको सन्दर्भमा सर्वोत्तम प्रावधान हो । उक्त प्रावधान अनुसार निवेदक प्रतिवादी भएको बैंकिङ्ग कसूर मुद्दाको फैसला मिति २०७६।७।५ मा प्रमाणित भएकोले पक्षले मिति २०७७।७।४ सम्ममा विधिवत रुपमा थाहा जानकारी नपाएमा सो अवधिपछि स्वतः थाहा पाएको मानिने र सोको भोलिपल्ट अर्थात मिति २९७७।७।५ गतेदेखि ऐनको दफा १३४(१) बमोजिम पुनरावेदन गर्ने म्याद प्रारम्भ हुने हुँदा यी निवेदकले मिति २०७६।७।५ मा प्रमाणिकरण भएको फैसलाको नक्कल वर्ष दिनपछि मिति २०७७।७।१८ गते कानून व्यवसायी मार्फत नक्कल लिएर थाहा पाएको भनी मिति २०७७।८।३ मा दर्ताको लागि पेश गरेको पुनरावेदन पत्र ऐनको दफा १३४(४) ले व्यवस्था गरेको म्याद भित्र नै रहेको देखिन आउँछ ।
- मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १३४(४) ले फैसला भएको मितिले एक वर्षपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने हुँदा यस कानूनी व्यवस्था बमोजिम पक्षले वर्ष दिनभित्र नक्कल सारेको वा निजको वारेस वा कानून व्यवसायीले नक्कल उतारेको कार्यलाई पक्षले स्वीकारेको अवस्थामा बाहेक एक वर्षभित्र पक्षले रितपूर्वक थाहा जानकारी नपाएमा सो एक वर्ष अवधि व्यतित भएका दिनदेखि सोही संहिताको दफा १३४(१) मा उल्लेखित व्यवस्था बमोजिम स्वतः थाहा पाएको मानिने भन्ने आधारमा म्याद गणना गरी पुनरावेदन गर्ने म्याद कायम गर्नुपर्ने देखिन आउँदा प्रस्तुत मुद्दामा निवेदकले मिति २०७६।७।५ मा प्रमाणिकरण भएको फैसला सोही ऐनको दफा १३४(१) र (४) ले व्यवस्था गरेको एक वर्ष मिति २०७७।७।४ गतेको अवधिपछि स्वतः थाहा पाएको भनी सो म्यादभित्रै दायर गर्न ल्याएको

पुनरावेदन पत्रलाई यस अदालतको सहरजिष्ट्रारबाट मिति २०७७।८।३ मा गरिदिएको दरपीठलाई कानून सम्मत मान्न मिल्ने नदेखिँदा उक्त दरपीठ आदेशलाई उत्प्रेषणको आदेशद्धारा बदर गरिदिएको छ ।

२६. नेटु हाउजिङ प्रा.लि. वि. मानवीय बचत तथा ऋण सहकारी संस्था लि. (मुद्दा नं. ०८०-RE-०३४९)

- म्यादको सम्बन्धमा कानूनले स्पष्ट प्रावधान गरेको छ भने त्यसलाई नै अनुशरण गर्नुपर्ने तर कानूनमा द्विविधा देखिन्छ भने त्यसलाई सामञ्जस्यपूर्ण र व्यवहारउपयोगी हुने गरी व्याख्या गरिनुपर्ने। कानूनी प्रावधानहरू एकआपसमा विरोधाभाषपूर्ण नभई एकआपसमा परिपूरक रहन्छन् भन्ने विधिशास्त्रीय मान्यता रहेकोमा कुनै पनि कानूनी प्रावधान विधायिकाले त्यत्तिकै राखेको हुँदैन, ती सबै प्रावधानहरु कार्यान्वयन हुन सक्ने मान्यताले नै निर्माण गरिएका हुने। एउटा कानूनी प्रावधानलाई अर्को कानूनी प्रावधानले निस्तेज गर्न पनि नसक्ने। त्यसैअनुरुप कानूनको व्याख्या पनि कानूनी प्रावधानहरु बीचमा तादाम्यता रहने गरी सामञ्जस्यपूर्ण व्याख्या गर्नुपर्ने।
- मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिन पाउने कुराले मुद्दामा भएको फैसला चित्त नबुझेको विषयमा माथिल्लो तहबाट उपचार प्राप्त गर्ने अवसर प्रदान गर्ने। यसका लागि दिइने निवेदनका लागि फैसलामा ग्रहण गरिएका आधारहरूबारे जानकारी प्राप्त हुनुपर्ने। कार्यविधिगत कानूनी पक्षका लागि व्यवहारमै उपयोगी र कार्यान्वयन गर्न सकिने हुनुपर्ने। मुद्दा दोहोन्याई हेर्नको लागि दिइने निवेदनका खातिर फैसलाको पूर्णलेख बिनाको जानकारीको कुनै प्रयोजन नै नहुने।
- फैसलाको नक्कल सारेको मितिलाई मात्र आधार मानी सोही मितिलाई उक्त फैसला भएको थाहा पाएको मिति मानिने भनी व्याख्या गर्दा नक्कल सारेको मितिको आधारमा जहिलेसुकै पनि मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन पेश गर्न सकिने भई असीमित म्याद कायम हुन जान्छ, जुन व्याख्या म्याद सम्बन्धी विधिशास्त्रीय मान्यताकै बर्खिलाप तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (३) को कानूनी व्यवस्थामा प्रतिविम्बित विधायिकी मनसायविपरीत समेत हुनजाने।
- न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) बमोजिम मुद्दा दोहोऱ्याई हेर्नको लागि पेश हुनआएका निवेदन, देवानी प्रकृतिको मुद्दाका हकमा उच्च अदालतबाट फैसला प्रमाणीकरण भएको छ महिना सम्ममा फैसलाको नक्कल लिएको मितिले पैतालीस दिनको म्यादभित्र तथा फौजदारी प्रकृतिको मुद्दाका हकमा उच्च अदालतबाट फैसला प्रमाणीकरण भएको एक वर्ष सम्ममा फैसलाको नक्कल लिएको मितिले पैतालीस दिनको म्यादभित्र दर्ता गरिँदा न्यायोचित हुने देखिने।

२७. लि छेन वि. काठमाडौं जिल्ला अदालतसमेत (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७८)

- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) र (२) अन्तर्गत सोही संहिताको दफा ३४ को उपदफा (१) बमोजिम जबरजस्ती करणीको उद्योगमा मुद्दा दायर भएकोमा सो नठहरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ को यौन दुर्व्यवहारको मुद्दामा परिणत गर्दा वा मुद्दा चल्ने हुँदा पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ को बाध्यात्मक प्रक्रिया अवलम्बन गर्नुपर्ने ।
- जबरजस्ती करणीको उद्योगसम्बन्धी कसूर ठहर्ने नदेखिई मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको यौन दुर्व्यवहार गर्न नहुने कसूरसम्बन्धी मुद्दामा महिलाको उमेर १८ वर्षभन्दा बढी भएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र अनुसूची-२ अन्तर्गत नपरी अनुसूची-४ अन्तर्गत पर्ने देखिँदा सम्बन्धित जिल्ला अदालतले सो सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता,

२०७४ को दफा ४२ बमोजिम मुद्दामा आदेश गरी सम्बन्धित सरोकारवाला व्यक्तिलाई सूचना दिनुपर्ने ।

२८. बज्रसिं लामा वि. नेपाल सरकार (ने.का.प. २०८०, अंक २, नि.नं. ११३८८)

- शंकारहित प्रमाणबाट प्रतिवादीको कसूर प्रमाणित गर्ने जिम्मेवारी वादी पक्ष, (नेपाल सरकार) मा हुने फौजदारी कसूरको हकमा प्रतिवादी फरार रहेमा वा आफैंले म्याद सूचना बुझेरसमेत आफ्नो पक्ष राख्न अदालतमा उपस्थित नभएको अवस्थामा एकपक्षीय सुनुवाइको आधारमा फैसला हुँदा कतिपय निर्णायक प्रमाण लुकेर बसेको वा गम्भीर कानूनी त्रुटिको विद्यमानताका बिच फैसला भएकोसमेत हुन सक्ने। यस्तो अवस्थामा निर्दोष व्यक्ति दोषी प्रमाणित भएर बसेको स्थितिलाई सुधार्ने अवसर प्रतिवादीको पुनरावेदनबाट प्राप्त हुने।
- प्राकृतिक न्यायको सिद्धान्त एउटा महत्त्वपूर्ण पक्ष निष्पक्ष सुनुवाइ हो। सामान्यतया कानूनले प्रस्ट प्रतिबन्ध लगाएको बाहेक, फौजदारी कानूनमा आफू विरूद्धको फैसलामा कम्तीमा एक तह पुनरावेदनलाई निष्पक्ष सुनुवाइको प्राकृतिक न्यायको सिद्धान्तकै अभिन्न अङ्गको रूपमा मान्नुपर्ने । फौजदारी कसूर ठहर भएको मुद्दाको कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता समाप्त भइरहेको अवस्थामा त्यस्तो प्रतिवादीको फैसलाप्रतिका गुनासा, असन्तुष्टि र सुरु सुनुवाइमा नदेखिएका वा नभेटिएका वा गम्भीरतापूर्वक ध्यान नदिइएका तथ्य, प्रमाण, कानून र स्थापित नजिरमध्ये कुनै वा सबै हेरियोस् भनिएको न्यायका प्रतिको याचनालाई कानूनले निषेध गरेको अवस्थामा बाहेक अदालतले इन्कार गर्न नमिल्ने ।
- सुरू कारबाहीमा समेत सहभागी नभई आफू विरूद्धको आरोपको प्रतिवाद नगरी वा फरार अभियुक्तको रूपमा रहेका प्रतिवादीले आफू विरूद्धको फैसलालाई चुनौती दिई त्यसमा सुधारको जिकिर गर्दा उक्त फैसलामा तोकिएबमोजिम कैद वा जरिवाना जे छ सो भुक्तान गर्ने प्रक्रियामा सहभागी भएको हुनुपर्ने अपेक्षा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(१) र (२) को समाह्वानसरहको सूचनाको उद्देश्यबाट प्रस्ट हुन्छ । ऐजन संहिताको दफा १३२ (१) र (२) बमोजिमको समाह्वानसरहको सूचना प्राप्त गरी सोबमोजिम समर्पण गर्न आउने प्रतिवादीले कैद सजायमा बस्नुपर्ने फैसला भएको रहेछ भने कारागारबाट र जरिवाना मात्र भएको हकमा सोबमोजिमको धरौटी वा कानूनबमोजिमको प्रक्रिया पूरा गरी ऐजन संहिताको दफा १३४(१) र १३४(४) को समयसीमाभित्र फैसलामा चित्त नुबझेमा पुनरावेदन गर्न सक्ने अन्तरनिहित अर्थ उल्लिखित कानूनी प्रावधानहरूमा रहेको मान्नुपर्ने।

२९. ओम साई आयल स्टोर वि. नेपाल आयल निगम लि.समेत (ने.का.प. २०८०, अंक ३, नि.नं. ११०५२)

- प्राकृतिक न्यायको सिद्धान्तलाई ढुङ्गामा कुँदिएको अक्षर जस्तो जड नियमका रूपमा लिन मिल्दैन । अपितु मुद्दाको तथ्य र विषयवस्तुबाट यसको यकिन गर्नुपर्ने । यसको सीमा र अपवादहरूसमेत रहेको हुन्छ । खासगरी नियमनकारी निर्णय (regulatory decision) गर्दा नियमले तोकेको प्रक्रिया पालना गरेको छ भने त्यसले प्राकृतिक न्यायको सिद्धान्तको उद्देश्य पूरा गरेको मानिने । कुनै खास अवस्थामा लिखित स्पष्टीकरण नसोधिएकै कारण प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भनी अर्थ गर्न नमिल्ने । विधायिकी कानूनले कतिपय अवस्थामा छुट्टै सुनुवाइको मौका दिइरहनु नपर्ने गरी व्यवस्था गर्न सक्ने तर्फसमेत हेक्का राख्नु आवश्यक हुने ।

३०. गंगाराम पासीसमेत वि. ज्ञानमूर्ति कुर्मी (ने.का.प. २०८०, अंक ४, नि.नं. ११०६७)

- अदालतबाट फैसला भई अन्तिम भई बसेको फैसलालाई चुनौती दिई कुनै पक्ष अदालतमा नआएसम्म अर्को कुनै मुद्दामा त्यस्तो अन्तिम भई बसेको फैसलालाई अन्यथा गर्ने गरी आदेश वा फैसला गर्न नपाइने । पछिल्लो आदेश वा फैसलाले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
- फैसला कार्यान्वयन गर्ने निकाय वा अधिकारीलाई फैसलाभन्दा फरक ढङ्गले कार्यान्वयन गर्ने अधिकार र छुट नहुने । नयाँ घटनाक्रम विकास भएर थप तथ्य सिर्जना नभएसम्म चुनौती नदिइएको फैसला कुनै पनि बाटोबाट बदर गर्न नसकिने ।

३१. अङ्कुस भगत वि. जिल्ला सरकारी वकील कार्यालय, मोरङसमेत (ने.का.प. २०८१, अंक ११, नि.नं. ११३६५)

- दोहोरो खतराको सिद्धान्तसम्बन्धी व्यवस्था स्पष्ट नै देखिने तर यसमा केही प्रश्नहरू नउठ्ने होइनन् । मुद्दाको विषयवस्तु मूल रूपमा एउटै छ, तर नामकरण भने अर्कै गरिएको छ भने के गर्ने, मुद्दाको विषयवस्तु फरक छ तर नामकरण भने एउटै गरिएको छ; मुद्दा त चलाइयो तर विवादको स्वच्छ सुनुवाइ गरी न्याय निरूपण गर्न नभई अभियुक्तलाई भविष्यमा देशभित्र वा बाहिर चल्न सक्ने वास्तविक मुद्दाहरूबाट ढाक्ने वा छोप्ने (shielding the offeder) को लागि चलाइएको रहेछ; कसुर गम्भीर छ तर पहिला सामान्य कसुर मानी मुद्दा चलाइयो, स्वतन्त्र र निष्पक्ष अदालतबाट मुद्दा चलाइएको पनि रहेनछ भने के गर्ने भन्ने आदि प्रश्नहरू पनि उठ्ने । युरोपेली मानव अधिकार महासन्धिअन्तर्गतको प्रोटोकलमा नयाँ तथ्य फेला परेमा वा पहिले गरिएको कारबाहीमा सारभूत रूपमा त्रुटि भई मुद्दाको परिणाममा नै असर पर्ने स्थितिमा पुनः मुद्दा चलाउन रोक लगाइएको छैन । त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम सन्धिको धारा २० ले दोहोरो खतराको सिद्धान्त (Ne bis in idem) बारे व्यवस्था गर्दै यदि अदालतको क्षेत्राधिकारबाट ढाक्ने वा छोप्ने उद्देश्यले पहिले मुद्दा चलाइएको वा पहिले कानूनको उचित प्रक्रियाअन्तर्गत स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दा नचलाइएको अवस्था रहेछ भने पछि मुद्दा चलाउन बाधा नपर्ने ।
- वारदातको श्रृङ्खला एउटै भए पनि त्यस्तो श्रृङ्खलाअन्तर्गत भएका कार्यहरू फरकफरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्ने । यस्तो अवस्थामा कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा नपर्ने । त्यसो गर्न दोहोरो खतराको सिद्धान्तले नरोक्ने । तर यस्तो लगातार कसुर भइरहेको अवस्थामा अलगअलग कानूनअन्तर्गत एउटै निकायमा मुद्दा चलाउने वा अलगअलग निकायमा मुद्दा चलाउने भन्ने विषयमा भने सम्बन्धित कानूनी व्यवस्थाको रोहमा हेरिनुपर्ने ।

३२. विष्णुप्रसाद ढुंगानासमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत (मुद्दा नं. ०८०-WF-००५२)

- विचाराधीन मुद्दा र फैसला कार्यान्वयनको चरणमा समेत प्रतिवादी र पीडितले मिलापत्र गर्न सक्ने तथा मिलापत्र भएपछि त्यस्तो मुद्दामा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ भनी कानूनमा नै प्रस्टरूपमा उल्लेख भइसकेको स्थितिमा मुद्दा र जुनसुकै अवस्था भन्ने शब्दावलीले अन्तिम फैसला भएपछि फैसला कार्यान्वयनको अवस्थाको मुद्दालाई जनाउछ वा जनाउदैन भनी व्याख्या गरिरहनु नपर्ने।
- फैसला कार्यान्वयनको क्रममा मिलापत्र भएमा फैसलाबमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुने व्यवस्था रहेकोमा मिलापत्रसम्बन्धी यस्तो व्यवस्थालाई कानुनको रौं चिरा केलाई कार्यान्वयन हुनबाट पञ्छाउनु न्यायपूर्ण नहुने र न्यायमा सहज पहुँचको दृष्टिले उपयुक्त पनि नहुने।